# संविधानसभा

## राज्यको शासकीय स्वरूप निर्धारण समिति

## अवधारणापत्र एवं व्याख्यात्मक टिप्पणी सहितको

## प्रारम्भिक मस्यौदा

# प्रतिवेदन



संविधानसभा
राज्यको शासकीय स्वरूप निर्धारण समिति
सिंहदरबार, काठमाण्डौं, नेपाल

टेलीफोन नं. ९७७-१-४२००१३४, ९७७-१-४२००४३२
फ्याक्स नं. : ९७७-१-४२०००५३
इमेल : rssn@can.gov.np
URL: can.gov.np

# संविधानसभा
## राज्यको शासकीय स्वरूप निर्धारण समिति
## अवधारणापत्र एवं व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा
## प्रतिवेदन




संविधान सभा
राज्यको शासकीय स्वरूप निर्धारण समिति
सिंहदरबार, काठमाण्डौ, नेपाल
टेलिफोन नं.: ९७७-१-४२००१३४,९७७-१-४२००३४४
फ्याक्स नं. : ९७७-१-४२०००५३
इमेल : rssn_samiti@can.gov.np
URL : www.can.gov.np

# संविधानसभा
# राज्यको शासकीय स्वरूप निर्धारण समिति

अवधारणापत्र एवं व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा

## प्रतिवेदन

संविधान सभा सचिवालय
सिंहदरवार, काठमाण्डौं, नेपाल

# संविधानसभा

## ❖ राज्यको शासकीय स्वरूप निर्धारण समिति ❖

**सभापति**

मा० श्री शम्भुहजरा दुसाध

सदस्यहरू

| क्र.सं. | सदस्यको नाम |
|---|---|
| १ | मा० श्री अजयकुमार द्विवेदी |
| २ | मा० श्री अलाउद्दीन अन्सारी |
| ३ | मा० श्री अशोक कुमार रोकाय क्षेत्री* |
| ४ | मा० श्री ओमप्रकाश यादव (रूपन्देही-६) |
| ५ | मा० श्री कुमारी मुक्तान |
| ६ | मा० श्री केशव राई |
| ७ | मा० श्री कृष्णप्रसाद सापकोटा |
| ८ | मा० श्री गणेशबहादुर खड्का |
| ९ | मा० श्री गिरिराजमणी पोखरेल |
| १० | मा० श्री गोविन्द नेपाली |
| ११ | मा० श्री घनश्याम यादव अहिर |
| १२ | मा० श्री चन्दन साह |
| १३ | मा० श्री जिपछिरिङ लामा शेर्पा |
| १४ | मा० श्री टेकेन्द्र प्रसाद भट्ट |
| १५ | मा० श्री टोपबहादुर रायमाझी |
| १६ | मा० श्री तेजबहादुर मिजार |
| १७ | मा० श्री दुर्गादेवी महतो |
| १८ | मा० श्री दुर्गीदेवी (पासवान) |
| १९ | मा० श्री नगेन्द्रबहादुर धिमाल |
| २० | मा० श्री नरेन्द्रबहादुर कुँवर |
| २१ | मा० श्री नरेश भण्डारी |
| २२ | मा० श्री पम्फा भुसाल |

| क्र.सं. | सदस्यको नाम |
|---|---|
| २३ | मा० श्री पार्वती (थापा) श्रेष्ठ ◆ |
| २४ | मा० श्री पुष्पा भुसाल |
| २५ | मा० श्री पृथ्वी सुब्बा गुरूङ्ग |
| २६ | मा० श्री प्रकाशशरण महत |
| २७ | मा० श्री प्रदीप गिरि |
| २८ | मा० श्री प्रदुमनप्रसाद चौहान |
| २९ | मा० श्री बुद्धिराम गुरूङ |
| ३० | मा० श्री यदुवंश झा |
| ३१ | मा० श्री यशोदा गुरूङ्ग (सुवेदी) |
| ३२ | मा० श्री रत्न गुरूङ्ग |
| ३३ | मा० श्री लक्ष्मण महतो |
| ३४ | मा० श्री विष्णुप्रसाद पौडेल |
| ३५ | मा० श्री वृजेश कुमार गुप्ता |
| ३६ | मा० श्री श्याम सुन्दर गुप्ता* |
| ३७ | मा० श्री शुसिला कन्दङवा |
| ३८ | मा० श्री सत्यलाल मूल |
| ३९ | मा० श्री सन्तकुमार थारू |
| ४० | मा० श्री सरोजकुमार यादव |
| ४१ | मा० श्री सलमा खातुन मिकरानी ◆ |
| ४२ | मा० श्री सीता गुरूङ |
| ४३ | मा० श्री सोनाम छेजुङ्ग लामा |
| ४४ | मा० श्री हसिना मियाँ |

**सचिव**

श्री मुकुन्द शर्मा

गठन मिति : २०६५/०८/३०

सभापति निर्वाचन मिति: २०६५/०९/२९

* ०६५/९/२६ देखि

◆ ०६५/९/२६ सम्म

# संविधानसभा
## राज्यको शासकीय स्वरुप निर्धारण समिति
## संविधानसभा, राज्यको शासकीय स्वरुप निर्धारण समितिका पदाधिकारी र कर्मचारी नामावली

**संविधानसभा**

सम्माननीय अध्यक्ष
श्री सुवासचन्द्र नेम्वाङ्ग

माननीय उपाध्यक्ष
श्री पूर्णकुमारी सुवेदी

**संविधानसभा सचिवालय**

कार्यवाहक महासचिव
श्री मनोहरप्रसाद भट्टराई

सचिवालय सचिव
श्री कृष्णप्रसाद पाण्डे

**समिति सचिवालय**

| | | |
|---|---|---|
| १ | सचिव श्री मुकुन्द शर्मा | |
| २ | उप सचिव श्री जीवराज बुढाथोकी | मिति २०६६।९।६ देखि कार्यरत |
| ३ | उप सचिव श्री यादवराज पोखरेल | सर्वोच्च अदालतबाट काज |
| ४ | उप सचिव श्री इन्दिरा दाहाल | कानुन तथा न्याय मन्त्रालयबाट काज |
| ५ | शाखा अधिकृत श्री शान्ता आचार्य | मिति २०६६।०९।६ सम्म कार्यरत |
| ६ | शाखा अधिकृत श्री दिवस आचार्य | सामान्य प्रशासन मन्त्रालयबाट काज |
| ७ | नायब सुब्बा श्री उदयकुमार भण्डारी | |
| ८ | कम्प्युटर अपरेटर श्री रामप्रसाद पन्थी | मिति २०६६।३।१६ सम्म कार्यरत |
| ९ | कम्प्युटर अपरेटर श्री हरिभक्त महतारा | प्र.म. तथा मं.प.को कार्यालयबाट काज |
| १० | खरिदार श्री रामवन्धु शर्मा | मिति २०६६।५।१८ सम्म कार्यरत |
| ११ | कार्यालय सहयोगी श्री भीमबहादुर भुजेल | |
| १२ | कार्यालय सहयोगी श्री इन्द्रबहादुर खड्गी | |

## मन्तव्य

**सम्माननीय अध्यक्षज्यू,**

आफ्ना लागि आफैले तर्जुमा गरेको संविधान नै सम्पूर्ण नेपालीको आस्था एवं भरोसाको धरोहरको रुपमा रही मुलुक सञ्चालन गर्ने वैधानिक दस्तावेजका रुपमा रहन सकोस भन्ने आमनेपाली दिदीवहिनी तथा दाजुभाईहरुको चाहनालाई मूर्तरुप दिन संविधानसभा क्रियाशील रही आएको छ । सम्पन्न गर्नु पर्ने काम कारवाहीमा सवैको अपनत्व प्राप्त गर्ने कार्यलाई सहजीकरण गर्न र प्रत्येक अवधारणा र सिद्धान्तहरुको गहन अध्ययन र विश्लेषणका साथ मुलुकको आवश्यकता र औचित्य सहित सबै नेपालीको चाहना अनुरुपको संविधान तर्जुमा गर्ने कार्यमा ञयततक(गउ ब्उउचयबअज का माध्यमबाट सहभागितामूलक संविधान तर्जुमा गर्न संविधानसभाले विभिन्न समितिहरु गठन गरी क्रियाशील समितिहरुमध्येको **राज्यको शासकीय स्वरूप निर्धारण समिति** पनि एक हो । नियमावली बमोजिम शासन प्रणालीको प्रकृति र स्वरूप, निर्वाचन प्रणाली, विभिन्न तहमा कार्यकारिणी अंगको ढाँचा, विभिन्न तहमा कार्यकारिणी अधिकारको बाँडफाँड, विभिन्न तहका सरकारबीचको अन्तरसम्बन्ध, सरकारी सेवाको गठन र सञ्चालन विधि, सुशासनका आधारहरूसहित समितिको कार्यक्षेत्रसँग सम्बन्धित अन्य आवश्यक कुराहरूका सम्बन्धमा अवधारणा र व्याख्यात्मक टिप्पणीसहितको प्रारम्भिक मस्यौदा तयार गर्नु समितिको कार्यक्षेत्र निर्दिष्ट गरिएको छ ।

आफ्नो कार्यसम्पादन गर्ने क्रममा समितिले सर्वप्रथम कार्यक्षेत्रको विस्तृतीकरण र कार्यतालिका निर्माण गरी विशेषज्ञ सेवा आवश्यक पर्ने क्षेत्रको पहिचान समेत गरेको थियो । संविधान तर्जुमा प्रक्रियामा विभिन्न क्षेत्रबाट प्राप्त हुने सुझावको विशिष्ट महत्व हुने कुरालाई आत्मसात गर्दै समितिले विभिन्न तरिकाबाट सुझाव संकलन गर्ने प्रयास गरेको थियो । सर्वप्रथम, विभिन्न सञ्चार माध्यमहरूमा सूचना प्रकाशित गरी, गराई समितिको कार्यक्षेत्रभित्रका विषयवस्तुहरूमा आ-आफ्नो राय सुझाव उपलब्ध गराइदिन स्वदेश एवं विदेशमा बस्ने जनसमुदाय, राजनैतिक दल, नागरिक समाज तथा संघसंस्थाहरूलाई आह्वान गरिएकोमा इमेल, टेलिफोन, चिठ्ठी पत्र र अनुरोध मार्फत सुझावहरू प्राप्त भएका थिए । यसैगरी संस्थागत रूपमा राय सुझाव उपलब्ध गराइदिन संवैधानिक अङ्गहरू तथा नेपाल सरकारका सबै मन्त्रालयहरूलाई अनुरोध गरिएकोमा केही मन्त्रालय एवं संवैधानिक अंगहरूबाट मात्र सुझाव प्राप्त भएका थिए । यसका अतिरिक्त कार्यतालिका अनुरूप समितिको कार्यक्षेत्रभित्रका विषयवस्तुका सम्बन्धमा विभिन्न ६४ वटा प्रश्नावलीको माध्यमबाट मुलुकभरका सबै क्षेत्र र समुदायहरूसँग प्रत्यक्ष रूपमा संविधानसभाका माननीय सदस्य र कर्मचारी सम्मिलित टोलीहरू पुगी सुझाव संकलन गरिएको थियो । यस क्रममा समिति समक्ष ५७,२०० जनाको सुझावहरू प्राप्त हुन आएको थियो ।

यसैगरी कतिपय विषयवस्तुका सम्बन्धमा विषयसँग सम्बन्धित विज्ञ, विशेषज्ञ एवं ज्ञाताहरूलाई समिति बैठकमा आमन्त्रित गरी अन्तरकृयासमेत गरिएको थियो । यसरी समितिमा विभिन्न माध्यमबाट प्राप्त राय सुझाव, संवैधानिक कानुन तथा राजनीतिशास्त्रसँग सम्बन्धित विभिन्न पुस्तक एवं अध्ययन सामाग्रीहरू, विभिन्न सञ्चार माध्यममा समय समयमा प्रकाशित लेख रचना लगायत समिति बैठकमा माननीय सदस्यहरू लगायत आमन्त्रित महानुभावहरूबाट व्यक्त विभिन्न धारणाहरूलाई छलफलको मुख्य आधार बनाइएको थियो । विशेष गरी हाल विश्वमा प्रचलनमा रहेका विविध सिद्धान्तहरू, हाम्रो मुलुकमा अवलम्बन गरिएको विगतको अभ्यास, विभिन्न मुलुकहरूले अपनाउँदै आएका प्रणालीहरू, विभिन्न राजनैतिक दलहरूका तर्फबाट विभिन्न समयमा व्यक्त धारणा तथा विषयवस्तु सम्बन्धी नवीनतम मान्यताहरूलाई अध्ययन एवं विश्लेषण गर्दै अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरिएको कुरा यस सम्माननीत सदनमा अनुरोध गर्न चाहन्छु ।

**सम्माननीय अध्यक्षज्यू,**

समितिले प्रतिवेदन तयार गर्ने क्रममा ७७ वटा वैठक बसी १८३ घण्टा ५५ मिनेट खास कार्यमा व्यतित गरेको थियो भने यस क्रममा **शासकीय स्वरूप** र **निर्वाचन प्रणाली, सरकारी सेवाको सञ्चालन, गठन तथा सुशासन** सम्बन्धी दुईवटा उपसमिति गठन भई समितिको कार्यक्षेत्रलाई सहजीकरण गर्ने प्रयास गरिएको थियो । दुवै उपसमितिले १९/१९ वटा वैठकहरू बसी क्रमसः ३१ घन्टा ४५ मिनेट र ३१ घण्टा १० मिनेट खास कार्यमा व्यक्तित गरी आफूलाई सुम्पिएको जिम्मेवारी पूरा गर्न प्रयत्नशील रहे तापनि कार्यसम्पादनमा केही जटिलता देखिएकाले सम्पन्न भएका काम कारवाहीका लागि समितिको बैठकले उपसमितिलाई धन्यवाद दिदै बाँकी कार्य समितिले नै सम्पन्न गर्ने निर्णय गरेको व्यहोरा समेत यहाँ उल्लेख गर्नु सान्दर्भिक ठानेको छु ।

**सम्माननीय अध्यक्षज्यू,**

राज्य सञ्चालनको मुख्य आधारशीलामध्येको शासकीय स्वरूप र निर्वाचन प्रणालीलाई सर्वसम्मत तुल्याउन सबै दलको सदासयता र समितिका माननीय सदस्यहरूसमेतको अनवरत, अविचलीत प्रयासका कारण समिति अत्यन्त क्रियाशील एवं जीवन्त छलफलमा केन्द्रीत रहेको थियो । समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सर्वसम्मति कायम गर्न समितिले औपचारिक एवं अनौपचारिक रूपमा अथक प्रयास गर्नुका साथै तीन ठुला दलका उपल्लो तहका नेताहरूसँग समेत पटकपटक छलफल कार्यक्रमको आयोजना गरेको थियो । यसबाट सरकारी सेवाको गठन र सञ्चालन विधि, सुशासनका आधार लगायत प्रादेशिक तथा स्थानीय सरकारको गठन र स्थानीय तहको निर्वाचन प्रणालीका सम्बन्धमा भने सर्वसम्मतरूपमा एकमात्र अवधारणापत्र तयार गर्न समिति सफल भएको छ । यद्यपि पछिल्लो समयमा राजनैतिक दलहरूका वीच बढ्दै गएको तिक्तता, राजनैतिक दलहरूको आ-आफ्नै मान्यता र अडानका कारण मुलुकको शासकीय स्वरूप खास गरी संघीय सरकारको गठन तथा संघीय र प्रादेशिक तहको निर्वाचन प्रणालीका सम्बन्धमा सर्वसम्मत रूपमा समितिको अवधारणा तय गर्न समिति असफल रहन गयो । परिणाम स्वरूप प्रस्तुत रूपमा अवधारणापत्र र प्रारम्भिक मस्यौदा संविधानसभामा पेश गर्नु पर्ने वाध्यात्मक परिस्थिति सिर्जना भयो ।

संघीय तहको शासन प्रणाली र संघीय एवं प्रादेशिक तहको निर्वाचन प्रणालीका सम्बन्धमा अन्तिम सहमति कायम गर्न समितिले अपनाएका विविध प्रयास समेत सफल हुन नसकेपछि नियमावलीको नियम ७८ बमोजिमको प्रक्रिया अवलम्बन गर्ने क्रममा समितिमा (१) सहमतीय राष्ट्रपति प्रणाली र वहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली, (२) संवैधानिक राष्ट्रपति सहित कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली र मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली र (३) व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतिय शासन प्रणाली र मिश्रित निर्वाचन प्रणाली सम्बन्धी तीनवटा प्रस्तावहरू प्राप्त हुन आएका थिए । नियमावलीको नियम ७८ बमोजिमको प्रकृया अवलम्बन गर्दा प्राप्त तीनवटै प्रस्तावको नतिजा समेत अनपेक्षित र अझै समस्या थप्ने रूपमा देखा परेको व्यहोरा यस सम्माननीत सदनमा अनुरोध गर्दै माननीय प्रदीप गिरिकोतर्फबाट फरक मतको रूपमा चौथो धारणा समेत समितिमा प्राप्त भएको व्यहोरा अनुरोध गर्दछु ।

नियम ७८ बमोजिम निर्णयार्थ प्रस्तुत हुदां समितिको बैठकमा उपस्थिति ३९ माननीय सदस्यहरूमध्ये उल्लेखित प्रस्तावहरूमध्ये पहिलो प्रस्तावको पक्षमा १८ र विपक्षमा २० मत, दोश्रो प्रस्तावको पक्षमा १६, विपक्षमा २१ र तटस्थ १ र तेश्रो प्रस्तावको पक्षमा ३, विपक्षमा ३१ र तटस्थ ४ मात्र मत प्राप्त भई समितिको वैठकमा उपस्थित सदस्यको बहुमतको निर्णय समितिको निर्णय हुने नियमावलीको प्रावधान समेत कार्यान्वयनमा आउन सकेन । परिणामस्वरूप समितिको बैठकमा केही असहज परिस्थिति समेत सिर्जना हुन पुगी सोही दिन बसेको दोस्रो वैठकले समितिमा प्रतिनिधित्व गर्ने सबै दलका प्रतिनिधिहरू सम्मिलित एक कार्यदल गठन गरी देखिएको समस्या निराकण गर्ने प्रयासको फलस्वरूप २०६६ साल पुस २८ गतेका दिन बसेको समितिको बैठकको निर्णयानुसार प्राप्त तीन वटै प्रस्ताव बमोजिमको अवधारणापत्र र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा संविधान सभामा पेश गर्ने निर्णयानुसार यो प्रतिवेदन पेश गर्न गइरहेको व्यहोरा अनुरोध गर्दछु ।

**सम्माननीय अध्यक्षज्यू,**

उपरोक्तानुसार कार्यक्षेत्रभित्रका सम्पूर्ण विषयवस्तुहरूमा सर्वसम्मतरूपमा समितिको एकल धारणा कायम गरी अवधारणापत्र र प्रारम्भिक मस्यौदा संविधानसभामा पेश गर्ने चाहनालाई मूर्तरूप दिन १२ वटा .अनौपचारिक वैठकहरू बसी तीन ठूला दलका उपल्लो तहका नेताहरूसँग समेत समस्या र समाधानका उपाय सहित सहमति कायम गर्ने प्रयास गरिएको थियो । यद्यपि सहमतिको दस्तावेजका रूपमा संविधान तर्जुमा गर्नु पर्ने आमजनताको चाहना, अन्तरिम संविधानको प्रावधान र सबै सदस्यहरूको धारणालाई मूर्तरूप दिन समितिको अथक प्रयास सफल हुन नसकेको व्यहोरा सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु ।

उपरोक्त सम्पूर्ण प्रयासका वावजूद एकल धारणा तयार गर्न असमर्थ भई नियम ७८ बमोजिम निर्णयार्थ जानु पर्ने वाध्यता र विवशतालाई आत्मसात गर्दा देखिएको समस्या निराकरणमा समेत समितिमा प्रतिनिधित्व गर्ने सबैदलका प्रतिनिधिहरूरहेको सहमति कार्यदल गठन गरी ६ वटा बैठकमा छलफल गरी सम्माननीय अध्यक्षज्यूसँग समेत भएको परामर्शका आधारमा आज यस स्वरूपमा समितिको प्रतिवेदन पेश गर्न पाउँदा समिति र स्वयं आफूलाई किञ्चितमात्रामा भएपनि खुशी लागेको व्यहोरा अनुरोध गर्दछु ।

**सम्माननीय अध्यक्षज्यू,**

समितिको कार्यक्षेत्रभित्रका विषयवस्तुमा विविध सुझाव दिनु हुने मुलुकभित्र र बाहिरका विभिन्न संघसंस्थाहरू, नागरिक समाज, विभिन्न सञ्चारमाध्यम र तिनका प्रतिनिधिहरू, स्वदेश र विदेशमा बस्ने नेपाली दिदीवहिनी तथा दाजुभाईहरूसहित आवश्यकता अनुसारको भौतिक पूर्वाधार लगायतका अन्य सहयोग जुटाइदिने अन्तर्राष्ट्रिय एवं राष्ट्रिय संघ संस्थाहरूलाई समेत धन्यवाद दिन चाहन्छु ।

समितिको कार्य सम्पादनमा विविध प्रकारले सहयोग पुऱ्याई दिनु भएकोमा संविधानसभाका सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यूसहित समितिमा स्वयं उपस्थित भएर वा अन्य विभिन्न माध्यमबाट राय सुझाव उपलब्ध गराई दिनु हुने विभिन्न राजनैतिक दलका नेताज्यूहरू सहित विज्ञ विशेषज्ञहरूमा आभार व्यक्त गर्दछु । यसैगरी समितिमा सक्रिय एवं जीवन्त रूपमा क्रियाशील रही प्रतिवेदन तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने समितिका माननीय सदस्यहरूप्रति विशेष आभार व्यक्त गर्दै समितिको कार्य सञ्चालनमा विभिन्न प्रकारले सहयोग उपलब्ध गराई दिनु भएकोमा संविधानसभाका कार्यवाहक महासचिव एवं सचिवलाई धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, समितिका हरेक बैठकमा सक्रियतापूर्वक सहभागि भई समितिको कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने समिति सचिव लगायत सम्पूर्ण कर्मचारीहरूको अमूल्य सहयोगबाट अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा सहितको यो प्रतिवेदन संविधानसभामा प्रस्तुत गर्न सकिएको तथ्यलाई मनन गरी समिति सचिवालयका सम्पूर्ण कर्मचारीको योगदानको उच्च मूल्यांकन गर्दै आफ्नो र समितिको तर्फबाट समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

**सम्माननीय अध्यक्षज्यू,**

सम्माननीय अध्यक्षज्यूको अनुमतिले उपरोक्त मन्तव्यसहित राज्यको शासकीय स्वरूप निर्धारण समितिको कार्यक्षेत्रभित्रको विषयवस्तुका सम्बन्धमा अवधारणा र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन यस सम्मानित सदनमा पेश गर्दछु ।

**धन्यवाद !**

शम्भुहजारा दुसाध
सभापति

**७ माघ २०६६**

# संविधानसभा
# राज्यको शासकीय स्वरुप निर्धारण समिति

संविधानसभा सचिवालय, सिंहदरबार, काठमाडौं, नेपाल ।


मिति : २ माघ २०६६

प. सं. :

च. नं. :

विषय : अवधारणापत्र एवं व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धमा ।

सम्माननीय अध्यक्षज्यू,
संविधानसभा ।

संविधानसभा, राज्यको शासकीय स्वरुप निर्धारण समितिको आज बसेको बैठकले समितिको कार्यक्षेत्र अन्तर्गतका विषयवस्तुका सम्बन्धमा अवधारणापत्र र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा संविधानसभा नियमावलीको नियम ७३ बमोजिम सर्वसम्मतिले पारित गरी संविधानसभामा पेश गर्ने प्रयोजनका लागि सम्माननीय अध्यक्षज्यू समक्ष पेश गर्ने निर्णय भएको व्यहोरा अनुरोध गर्दछौं ।

अवधारणापत्र सहित प्रारम्भिक मस्यौदामा नियम ७३ बमोजिम हस्ताक्षर गर्ने सदस्यहरु

| क्र.सं. | नाम | दस्तखत |
|---|---|---|
| १ | सभापति मा० श्री शम्भुहजरा दुसाध | |
| २ | मा० श्री अजयकुमार द्विवेदी | |
| ३ | मा० श्री अलाउद्दीन अन्सारी | |
| ४ | मा० श्री अशोक कुमार रोकाय क्षेत्री | |
| ५ | मा० श्री ओमप्रकाश यादव (रुपन्देही-६) | |
| ६ | मा० श्री कुमारी मुक्तान | |

क्रमशः

# संविधानसभा

# राज्यको शासकीय स्वरुप निर्धारण समिति

संविधानसभा सचिवालय, सिंहदरवार, काठमाडौं, नेपाल ।

प. सं. :
च. नं. :

| | | |
|---|---|---|
| ७ | मा० श्री केशव राई | |
| ८ | मा० श्री कृष्णप्रसाद सापकोटा | |
| ९ | मा० श्री गणेशबहादुर खड्का | |
| १० | मा० श्री गिरिराजमणी पोखरेल | |
| ११ | मा० श्री गोविन्द नेपाली | |
| १२ | मा० श्री घनश्याम यादव अहिर | |
| १३ | मा० श्री चन्दन साह | chandan sah |
| १४ | मा० श्री जिपछिरिङ लामा शेर्पा | |
| १५ | मा० श्री टेकेन्द्र प्रसाद भट्ट | |
| १६ | मा० श्री टोपबहादुर रायमाझी | |
| १७ | मा० श्री तेजबहादुर मिजार | |

क्रमशः

# संविधानसभा
## राज्यको शासकीय स्वरुप निर्धारण समिति
संविधानसभा सचिवालय, सिंहदरबार, काठमाडौं, नेपाल ।


प. सं. :
च. नं. :

| | | |
|---|---|---|
| १८ | मा० श्री दुर्गादेवी महतो | |
| १९ | मा० श्री दुर्गीदेवी (पासवान) | |
| २० | मा० श्री नगेन्द्रबहादुर धिमाल | |
| २१ | मा० श्री नरेन्द्रबहादुर कुँवर | |
| २२ | मा० श्री नरेश भण्डारी | |
| २३ | मा० श्री पम्फा भुसाल | |
| २४ | मा० श्री पुष्पा भुसाल | |
| २५ | मा० श्री पृथ्वी सुब्बा गुरुङ | |
| २६ | मा० श्री प्रकाशशरण महत | |
| २७ | मा० श्री प्रदीप गिरी | |
| २८ | मा० श्री प्रदुमनप्रसाद चौहान | |

क्रमशः


फोन : ४२००३४४, ४२००१३४, फ्याक्स : ४२०००५३ URL: http//www.can.gov.np, E-mail: rssn_samiti@can.gov.np

प. सं. :
च. नं. :

| | | |
|---|---|---|
| २९ | मा० श्री बुद्धिराम गुरुङ्ग | |
| ३० | मा० श्री यदुवंश झा | |
| ३१ | मा० श्री यशोदा गुरुङ्ग (सुवेदी) | |
| ३२ | मा० श्री रत्न गुरुङ्ग | |
| ३३ | मा० श्री लक्ष्मण महतो * | |
| ३४ | मा० श्री विष्णुप्रसाद पौडेल | |
| ३५ | मा० श्री वृजेश कुमार गुप्ता | |
| ३६ | मा० श्री श्याम सुन्दर गुप्ता | |
| ३७ | मा० श्री शुसिला कन्दङ्वा | |
| ३८ | मा० श्री सत्यलाल मूल | |

* अस्वस्थताका कारण अस्पताल भर्ना भई दस्तखत गर्न असमर्थ भएका कारण ल्याप्चे हस्ताक्षर भएको ।

क्रमशः

# संविधानसभा
# राज्यको शासकीय स्वरुप निर्धारण समिति

संविधानसभा सचिवालय, सिंहदरबार, काठमाडौं, नेपाल ।

प. स
च. न

| | | |
|---|---|---|
| ३९ | मा० श्री सन्तकुमार थारु | (हस्ताक्षर) |
| ४० | मा० श्री सरोजकुमार यादव | |
| ४१ | मा० श्री सीता गुरुङ | (हस्ताक्षर) |
| ४२ | मा० श्री सोनाम छेजुङ लामा | |
| ४३ | मा० श्री हसिना मियाँ | |

# प्रारम्भिक मस्यौदा खण्ड

# संविधानको प्रारम्भिक मस्यौदा र व्याख्यात्मक टिप्पणी

## समितिको बैठकमा १८ मत प्राप्त अवधारणाका आधारमा तयार पारिएको संविधानको प्रारम्भिक मस्यौदा

### संघीय कार्यकारिणी

| क्र.सं. | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भागमा रहने | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १. | संघीय कार्यकारिणी अधिकारको प्रयोग | (१) यो संविधान र अन्य कानुनको अधीनमा रही नेपालको संघीय कार्यकारिणी अधिकार राष्ट्रपतिमा निहित रहनेछ ।<br>(२) यो संविधान र अन्य कानुनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन मन्त्रिपरिषदको सहयोगमा राष्ट्रपतिले गर्नेछ ।<br>(३) नेपालको संघीय कार्यकारिणी कार्यहरू नेपाल सरकारका नाममा हुनेछन् ।<br>(४) नेपालको संघीय कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित संघीय सूचि र साझा सूचिमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।<br>(५) उपधारा (३) बमोजिम नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण कानुनद्वारा व्यवस्था भए बमोजिम हुनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपति जनताबाट प्रत्यक्ष निर्वाचित भएकाले कार्यकारिणी अधिकार राष्ट्रपतिमा निहित रहने संवैधानिक व्यवस्था गरिएको हो । तथापि राष्ट्रपति स्वेच्छाचारी हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै एकातिर राष्ट्रपतिका जिम्मेवारीहरु राष्ट्राध्यक्ष र सरकारप्रमुखका रुपमा विभाजन गरिएको छ भने अर्कातिर सामूहिक नेतृत्वको पद्धति अवलम्बन गर्ने संवैधानिक व्यवस्था गरिएको छ । नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन मन्त्रिपरिषदको सहयोगमा राष्ट्रपतिले गर्ने व्यवस्था राखिएको छ । नेपालको संघीय कार्यकारिणी कार्यहरू नेपाल सरकारका नाममा हुनेछन् । संघीय सूचि र साझा सूचीमा उल्लेखित विषयवस्तुमा सिमित रहने गरी कार्यकारिणी अधिकारको बाँडफाँड गरिएको छ । |
| २. | राष्ट्रपति | (१) नेपालमा एकजना राष्ट्रपति रहनेछ ।<br>(२) राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष र सरकारप्रमुख हुनेछ ।<br>(३) नेपाली सेनाको परमाधिपति हुनेछ ।<br>(३) राष्ट्रपति नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीक हुनेछ ।<br>(४) राष्ट्रपतिले नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि यो संविधानको संरक्षण र पालना गर्नेछ ।<br>(५) राष्ट्रपति आफ्नो कर्तव्यपालनको सिलसिलामा नेपाल, | संघीय कार्यकारिणी सम्बन्धी भागमा | देश जनताको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था तर्फ उन्मुख भएको अवस्थामा मुलुकको राष्ट्राध्यक्ष र सरकारप्रमुखको रूपमा राष्ट्रपति रहनु आवश्यक ठानी यस्तो व्यवस्था गरिएको हो । राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीकको रूपमा एउटा संस्था आवश्यक पर्ने भएको हुनाले यसको लागि राष्ट्रपति नै उपयुक्त हुने देखिएकोले यस्तो व्यवस्था गरिएकोछ । यसैगरी नेपाली सेनाको परमाधिपति समेत हुने राष्ट्रपति मुलुकको सर्वोच्च पद भएको हुनाले नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको संरक्षण र पालना गर्ने दायित्व पनि उसैलाई प्रदान |

| | | | | |
|---|---|---|---|---|
| | | नेपाली जनता, संघीय व्यवस्थापिका र आफ्नो दलप्रति उत्तरदायी हुनेछ । | | गरिनु उपयुक्त ठानिएको छ । राष्ट्रपति आफ्नो कार्यसम्पादनको सिलसिलामा कोही कसैप्रति उत्तरदायी नहुने हो भने उ निरंकुश हुने सम्भावना रहने हुँदा राष्ट्रपति नेपाली जनता, संघीय व्यवस्थापिका र आफ्नो दल प्रति समेत उत्तरदायी हुने व्यवस्था गरिएकोछ । |
| ३. | राष्ट्रपतिको निर्वाचन | (१) वालिग मताधिकारको आधारमा प्रत्यक्ष मतदानबाट राष्ट्रपतिको निर्वाचन पाँच वर्षको लागि गरिनेछ ।<br>तर एउटै व्यक्ति दुईपटक भन्दा बढी राष्ट्रपति हुन पाउने छैन ।<br>(२) राष्ट्रपतिको निर्वाचनमा सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी मुलुकभर मतदान भएको कूल सदर मतको पूर्ण वहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ ।<br>(३) पहिलो मतदानमा यदि कुनै उम्मेदवारले पूर्ण वहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू वीच दोश्रो चरणको मतदानमा प्रतिस्पर्धा हुनेछ ।<br>तर सबैभन्दा बढी मत प्राप्त गर्ने कुनै उम्मेदवारले दोश्रो चरणको मतदानको उम्मेदवारीबाट नाम फिर्ता लिएमा बाँकी सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच प्रतिस्पर्धा हुनेछ ।<br>(४) पहिलो मतगणना सम्पन्न भएको मितिले १५ दिन भित्र दोश्रो चरणको मतदान सम्पन्न गर्नु पर्नेछ ।<br>(५) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा वहाल रहेको व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ ।<br>(६) यस संविधानमा उल्लेख भए बाहेक राष्ट्रपतिको निर्वाचन सम्बन्धी अन्य व्यवस्थाहरू ऐनद्वारा व्यवस्थित गरिनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | मुलुकको सर्वोच्च कार्यकारी पदमा आसिन व्यक्ति जनताको प्रत्यक्ष निर्वाचनबाट निर्वाचित भएमा उ प्रत्यक्ष रूपमा जनता प्रति उत्तरदायी हुने भएकोले वालिग मताधिकारको आधारमा निर्वाचित हुने व्यवस्था गरिएको हो । यस्तो निर्वाचनमा कुनै उम्मेदवारले पूर्ण बहुमत हासिल गर्न नसकेमा दुईचरण निर्वाचन प्रणालीको प्रयोग गरी मत परिणाम सार्वजनिक भएको १५ दिन भित्र सवैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूका लागि दोश्रो चरणको मतदान सम्पन्न हुनेछ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार राष्ट्रपतिको निर्वाचन गरिने हो भने मत प्रतिशतका आधारमा निर्वाचित उम्मेदवार भन्दा अन्य उम्मेदवारहरूले हासिल गरेको मत कम हुन सक्ने र यसबाट सदैव अल्पमतको व्यक्तिले सर्वोच्च कार्यकारी पद ग्रहण गर्न सक्ने सम्भावना हुने भएकोले केही खर्चिलो पद्धति भए तापनि दुईचरण निर्वाचन प्रणाली नै उपयुक्त विकल्प ठानिएको हो । राष्ट्रपतिको निर्वाचन सम्बन्धी सम्पूर्ण व्यवस्था संविधानमा नै उल्लेख गर्नु उपयुक्त नहुने भएकोले यस सम्बन्धी अन्य व्यवस्थाहरू गर्नका ऐन निर्माण गरिनेछ ।<br>यसैगरी विभिन्न मुलुकहरूको अभ्यास हेर्ने हो भने राष्ट्रपतिको पदावधिका सम्बन्धमा मुलुक अनुसार ४ देखि ७ वर्षको अवधि राखिएको पाइन्छ । यस्तो पदावधि ज्यादै छोटो र ज्यादै लामो राख्नु उपयुक्त नदेखिएकोले हाम्रो मुलुकमा यस्तो पदावधि ५ वर्ष राखिएको छ । |
| ४ | राष्ट्रपतिको | (१) राष्ट्रपतिले राष्ट्राध्यक्षका हैसियतले देहायका कार्यहरू | संघीय कार्यकारिणी | राष्ट्रपतिको अधिकार एवं कार्यहरु अन्तर्गत राष्ट्रपतिले |

| | | | | |
|---|---|---|---|---|
| | अधिकार एवं कार्यहरू | गर्नेछ :<br>(क) विधेयकमा स्वीकृति प्रदान गर्ने ।<br>(ख) विभिन्न न्यायिक, अर्धन्यायिक तथा प्रशासनिक निकाय वा पदाधिकारीहरूको निर्णय बमोजिम भएका दण्ड जरिवाना माफी, मुल्तबी, मिनाहा गर्ने,<br>(ग) राष्ट्रको तर्फबाट प्रदान गरिने उपाधि, सम्मान, मानपदवी तथा पुरस्कारहरू प्रदान गर्ने,<br>(घ) विदेशी राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने ।<br>(२) राष्ट्रपतिले देहायका कार्यहरू गर्दा मन्त्रिपरिषदबाट निर्णय गराउनु पर्नेछ :<br>(क) देशको दैनिक प्रशासन सञ्चालन गर्ने,<br>(ख) मन्त्रीहरूको कार्यविभाजन गर्ने, कार्यसम्पादन नियमावली र निर्देशिका बनाउने,<br>(ग) दैनिक शासन प्रशासनसँग सम्बन्धित शान्ति, सुरक्षा र व्यवस्था कायम गर्ने,<br>(घ) दैनिक प्रशासन सञ्चालन गर्ने पदाधिकारीहरूको नियुक्ति र मनोनयन गर्ने,<br>(ङ) सेना परिचालन, युद्ध र शान्तिको घोषणा गर्ने, संकटकालि घोषणा गर्ने,<br>(च) व्यवस्थापिका समक्ष नीति, योजना, कार्यक्रम र बजेट प्रस्तुत गर्ने,<br>(छ) अध्यादेश जारी गर्ने,<br>(च) सरकार सञ्चालनमा आइपर्ने समस्याहरू व्यवस्थापन गर्ने ।<br><br>(३) राष्ट्रपतिले देहायका कार्यहरू गर्दा व्यवस्थापिकाबाट अनुमोदन गराउनु पर्नेछ : | सम्बन्धी भागमा | राष्ट्राध्यक्षका हैसियतले गर्नसक्ने कार्यहरु, मन्त्रिपरिषदबाट निर्णय गराई गर्ने कार्यहरु र व्यवस्थापिकाबाट अनुमोदन गराउनु पर्ने कार्यहरु गरी तीनप्रकारमा वर्गिकरण गरिएकोछ । जसअनुसार विधेयकमा स्वीकृति प्रदान गर्ने, विभिन्न न्यायिक, अर्धन्यायिक तथा प्रशासनिक निकाय वा पदाधिकारीहरूको निर्णय बमोजिम भएका दण्ड जरिवाना माफी, मुल्तबी, मिनाहा गर्ने, राष्ट्रको तर्फबाट प्रदान गरिने उपाधि, सम्मान, मानपदवी तथा पुरस्कारहरू प्रदान गर्ने, विदेशी राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने जस्ता कार्यहरुलाई पहिलो वर्गमा राखिएको छ । यसैगरी देशको दैनिक प्रशासन सञ्चालन गर्ने, मन्त्रीहरूको कार्यविभाजन गर्ने, कार्यसम्पादन नियमावली र निर्देशिका बनाउने, दैनिक शासन प्रशासनसँग सम्बन्धित शान्ति, सुरक्षा र व्यवस्था कायम गर्ने, दैनिक प्रशासन सञ्चालन गर्ने पदाधिकारीहरूको नियुक्ति र मनोनयन गर्ने, सेना परिचालन, युद्ध र शान्तिको घोषणा गर्ने, संकटकालि घोषणा गर्ने, व्यवस्थापिका समक्ष नीति, योजना, कार्यक्रम र बजेट प्रस्तुत गर्ने, अध्यादेश जारी गर्ने तथा सरकार सञ्चालनमा आइपर्ने समस्याहरू व्यवस्थापन गर्ने जस्ता कार्यहरु गर्दा मन्त्रिपरिषदको निर्णय आवश्यक पर्ने र व्यवस्थापिकाबाट अनुमोदन गराउनु पर्ने कार्यहरुमा राज्यका हरेक निकायको कार्यकारी अधिकार प्रयोग गर्ने पदाधिकारी तथा सदस्यहरूको नियुक्ति, राजदूत, विशेष प्रतिनिधि, प्रधान न्यायाधीश तथा न्यायाधीशहरू र गभर्नरको नियुक्ति गर्ने, बैदेशिक सम्बन्ध विस्तार गर्ने तथा राष्ट्रका तर्फबाट गरिने सन्धि सम्झौताहरू गर्ने, वार्षिक नीति, योजना, कार्यक्रम र बजेट पास गर्ने र आकस्मिक कार्यक्रम र वजेट माग गर्ने जस्ता कार्यहरुलाई उल्लेख गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (क) राज्यका हरेक निकायको कार्यकारी अधिकार प्रयोग गर्ने पदाधिकारी तथा सदस्यहरूको नियुक्ति,<br>(ख) राजदूत, विशेष प्रतिनिधि, प्रधान न्यायाधीश तथा न्यायाधीशहरू र गभर्नरको नियुक्ति गर्ने,<br>(ग) वैदेशिक सम्बन्ध विस्तार गर्ने तथा राष्ट्रका तर्फबाट गरिने सन्धि सम्झौताहरू गर्ने,<br>(घ) वार्षिक नीति, योजना, कार्यक्रम र बजेट पास गर्ने,<br>(ङ) आकस्मिक कार्यक्रम र वजेट माग गर्ने । | | |
| ५. | उपराष्ट्रपति को निर्वाचन | (१) राष्ट्रपतिको उम्मेदवारले आफ्नो मनोनयन पत्र दर्ता गर्दाकै अवस्थामा आफूभन्दा अलग राष्ट्रियता, क्षेत्र र लिङ्गको एकजना व्यक्तिलाई उपराष्ट्रपतिको रूपमा प्रस्तावित गर्नुपर्नेछ ।<br>(२) राष्ट्रपतिको उम्मेदवार मध्ये जुन उम्मेदवार विजयी हुन्छ सोही उम्मेदवारले प्रस्तावित गरेको व्यक्तिलाई उप राष्ट्रपति घोषित गरिनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | उपराष्ट्रपति पदको लागि मतदाताले छुट्टै मतदान नगरी राष्ट्रपति स्वयंले प्रस्ताव गरेको व्यक्तिलाई नै उप राष्ट्रपति बनाइने हो भने कार्य सम्पादनका क्रममा दुई पदाधिकारीहरू वीच समन्वय कायम हुन सक्ने हुनाले यस्तो व्यवस्था गरिएको छ । |
| ६. | राष्ट्रपति र उपराष्ट्रपति को योग्यता | देहायको योग्यता पुगेको कुनै पनि व्यक्ति राष्ट्रपति वा उप राष्ट्रपति पदको लागि उम्मेदवार बन्न सक्नेछ :<br>(क) वंशजको नाताले नेपाली नागरिक,<br>(ख) ३५ वर्ष उमेर पूरा भएको,<br>(ग) संघीय व्यवस्थापिकाको सदस्य हुन योग्यता पुगेको,<br>(घ) अन्य कुनै कानुनले अयोग्य नभएको । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपति र उप राष्ट्रपति जस्तो सर्वोच्च पदमा निर्वाचित हुने व्यक्तिको योग्यता संविधानमा नै उल्लेख गर्नु उपयुक्त हुने भएकोले यस सम्बन्धी व्यवस्था गरिएको छ । |
| ७. | राष्ट्रपति पदमुक्त हुने अवस्था | (१) देहायको अवस्थामा राष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :<br>(क) मृत्यु भएमा, वा<br>(ख) पदावधि समाप्त भएमा, वा<br>(ग) लिखित राजिनामा दिएमा, वा<br>(घ) प्रत्याह्वान गरिएमा, वा<br>(ङ) खराब आचरण एवं राष्ट्रपतिले संविधानको गम्भीर | संघीय कार्यकारिणी सम्बन्धी भागमा | एकपटक निर्वाचित राष्ट्रपति पदावधि समाप्त भएमा, लिखित राजिनामा दिएमा र मृत्यु भएमा पदमुक्त हुने सामान्य प्रावधान अन्तर्गत पर्दछ । यस बाहेक जसले निर्वाचित गरेको हो उनीहरूले नै अर्थात सम्पूर्ण मतदाताहरू मध्ये हरेक प्रदेशका कम्तीमा पनि दशप्रतिशत मतदाताहरूले फिर्ता बोलाउनका लागि प्रस्ताव राख्न सक्ने गरी प्रत्याह्वानको व्यवस्था संविधानमा गरिएको हो । दलीय व्यवस्थामा दलीय |

| | | | | |
|---|---|---|---|---|
| | | उल्लंघन गरेको कारण राष्ट्रपति आफ्नो पदीय जिम्मेवारी पूरा गर्न योग्य छैन भनी व्यवस्थापिकाका कूल सदस्यहरू मध्ये एक चौथाई सदस्यहरूले निज विरूद्ध राखेको महाभियोगको प्रस्ताव व्यवस्थापिकाका कूल सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा ।<br>(२) ३ वर्ष ६ महिना पदावधि समाप्त नहुँदै उपधारा (१) बमोजिम राष्ट्रपति पदमुक्त भएमा उपराष्ट्रपतिले ६ महिना भित्र अर्को राष्ट्रपतिको निर्वाचन हुने गरी निर्वाचनको तिथि तोक्नेछ ।<br>(३) ३ वर्ष ६ महिना पदावधि समाप्त गरी उपधारा (१) बमोजिम राष्ट्रपति पदमुक्त भएमा बाँकी अवधिको लागि उपराष्ट्रपतिले राष्ट्रपतिको रूपमा कार्यसम्पादन गर्नेछ । | | अनुशासनको पनि उत्तिकै महत्व हुने हुँदा जुन दलको तर्फबाट राष्ट्रपति निर्वाचित भएको हो सोही दलले पनि फिर्ता बोलाउनका लागि प्रस्ताव राख्न सक्ने गरी प्रत्याह्वानको प्रावधान राखिएको छ । यसबाट जनप्रतिनिधिलाई आफूलाई निर्वाचित गर्ने निर्वाचकहरू प्रति प्रत्यक्ष रूपमा उत्तरदायी बनाउन र दलीय अनुशासनमा राख्न सकिने हुन्छ । यसैगरी खराब आचरण संविधानको गम्भीर उल्लंघन गरेको कारण निज पदीय जिम्मेवारी पूरा गर्न योग्य छैन भन्ने लागेमा व्यवस्थापिकाबाट महाभियोगको माध्यमद्वारा पदमुक्त गर्न सकिने अन्तर्राष्ट्रिय रूपमा प्रचलित व्यवस्था समेत गर्न आवश्यक देखिएकोले यसलाई समेत राष्ट्रपति पदमुक्त हुने व्यवस्था अन्तर्गत राखिएको छ ।<br>राष्ट्रपति पदमुक्त भएमा राष्ट्रपतिको पदावधि समाप्त भए अनुसार अर्को निर्वाचन गर्ने वा उपराष्ट्रपतिले नै राष्ट्रपतिको रूपमा बाँकी अवधि कार्य गर्ने भन्ने व्यवस्था गरिएको छ। यस अनुसार राष्ट्रपति ३ वर्ष ६ महिनाको पदावधि समाप्त नहुँदै पदमुक्त भएको अवस्थामा ६ महिना भित्र अर्को राष्ट्रपतिको निर्वाचन हुने गरी उपराष्ट्रपतिले निर्वाचनको तिथि घोषणा गर्नुपर्ने र सो अवधि भुक्तान गरिसकेपछि राष्ट्रपति पदमुक्त भएको अवस्थामा भने बाँकी अवधिको लागि उपराष्ट्रपतिले राष्ट्रपतिको रूपमा कार्यसम्पादन गर्ने व्यवस्था गरिएको छ |
| ८ | प्रत्याह्वान सम्बन्धी व्यवस्था | (१) जुन दलबाट राष्ट्रपति निर्वाचित भएको हो सो दलको केन्द्रीय कार्यकारिणी निकायको कम्तीमा पनि दुई तिहाई सदस्यहरूले निजलाई पदबाट फिर्ता बोलाउने निर्णय गरी व्यवस्थापिका समक्ष प्रस्ताव पेश गर्न सक्नेछ ।<br>(२) निर्वाचन आयोगले तयार गरेको पछिल्लो मतदाता नामावली बमोजिम तत्काल कायम रहेका मतदाताहरू मध्ये हरेक प्रदेशबाट कम्तीमा दश प्रतिशत | संघीय कार्यकारिणी सम्बन्धी भागमा | कुनै निर्वाचित पदाधिकारीलाई आफूलाई निर्वाचित गर्ने मतदाताहरूप्रति पनि उत्तरदायी बनाई राख्नका लागि प्रत्याह्वान सम्बन्धी व्यवस्था ज्यादा लोकतान्त्रिक व्यवस्था हो । जसले निर्वाचित गरेको हो उसैले प्रत्याह्वान पनि गर्न पाउनु पर्छ भन्ने मान्यता अनुरूप सम्पूर्ण मतदालतको दश प्रतिशत मतदाताले राष्ट्रपतिलाई प्रत्याह्वान गर्नुपर्ने आवश्यकता महसुस गरेमा हस्ताक्षर संकलन गरी यो |

| | | | | |
|---|---|---|---|---|
| | | मतदाताहरूले राष्ट्रपतिलाई पदबाट फिर्ता बोलाउन आवश्यक छ भनी कानुनमा व्यवस्था भए बमोजिम हस्ताक्षर गरी निर्वाचन आयोगमा प्रस्ताव पेश गर्न सक्नेछन् ।<br>(३) निर्वाचन आयोगले उपधारा (२) बमोजिम पेश हुन आएको प्रस्तावका सम्बन्धमा दुई महिनाभित्र जाँचबुझ समाप्त गरी सो प्रस्तावका सम्बन्धमा आयोग सन्तुष्ट भएमा जाँचबुझ समाप्त भएको मितिले ७ दिन भित्र सो प्रस्ताव व्यवस्थापिका समक्ष पठाउनु पर्नेछ ।<br>(४) उपधारा (१) र (३) बमोजिम प्राप्त हुन आएको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा व्यवस्थापिकाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतबाट सो प्रस्ताव पारित भएमा राष्ट्रपति पदमुक्त भएको मानिनेछ । | | प्रकृयालाई शुरू गर्न सकिने व्यवस्था गरिएको छ । यसका अतिरिक्त जुन दलको तर्फबाट निर्वाचित भएको हो सो दलले पनि उसलाई प्रत्याह्वानका लागि पहल गर्न सक्ने व्यवस्था समेत गरी यस सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार भने जनप्रतिनिधिमूलक संस्था अर्थात व्यवस्थापिकालाई प्रदान गरिएको छ । |
| ९ | उप राष्ट्रपति पदमुक्त हुने अवस्था | (१) देहायको अवस्थामा उप राष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :<br>(क) मृत्यु भएमा, वा<br>(ख) पदावधि समाप्त भएमा, वा<br>(ग) लिखित राजिनामा दिएमा, वा<br>(घ) खराब आचरण एवं उपराष्ट्रपतिले संविधानको गम्भीर उल्लंघन गरेको कारण उपराष्ट्रपति आफ्नो पदीय जिम्मेवारी पूरा गर्न सक्षम छैन भनी व्यवस्थापिकाका कूल सदस्यहरू मध्ये एक चौथाई सदस्यहरूले निज विरूद्ध राखेको महाभियोगको प्रस्ताव व्यवस्थापिकाका कूल सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा ।<br>(ङ) जुन दलबाट उपराष्ट्रपति निर्वाचित भएको हो सो दलको केन्द्रीय कार्यकारिणी निकायको कम्तीमा पनि दुई तिहाई सदस्यहरूले निजलाई पदबाट फिर्ता बोलाउने निर्णय गरी व्यवस्थापिका समक्ष पेश | संघीय कार्यकारिणी सम्बन्धी भागमा | के कस्तो अवस्थामा उपराष्ट्रपतिको पद रिक्त हुनेछ भन्ने व्यवस्था गर्नु आवश्यक देखिएकोले यस्तो व्यवस्था गरिएको हो । उपराष्ट्रपतिलाई मतदाताले प्रत्यक्ष रूपमा मतदान गर्ने व्यवस्था नभएकोले निजको हकमा जनताको माग बमोजिम प्रत्याह्वान सम्बन्धी व्यवस्था नराखिएको हो । सो बाहेक अन्य व्यवस्थाहरू राष्ट्रपति सरहकै रहेका छन् । |

| | | | | |
|---|---|---|---|---|
| | | गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा व्यवस्थापिकाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतबाट सो प्रस्ताव पारित भएमा राष्ट्रपति पदमुक्त भएको मानिनेछ । | | |
| १० | शपथ | (१) राष्ट्रपतिले व्यवस्थापिकाको अध्यक्ष समक्ष अनुसूची ... को ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।<br>(२) उप राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि राष्ट्रपति समक्ष अनुसूची ...को ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।<br>(३) राष्ट्रपति तथा उप राष्ट्रपति निर्वाचित भएको ३० दिन भित्र पद तथा गोपनियताको शपथ नलिएमा राष्ट्रपति तथा उप राष्ट्रपतिको पद स्वत:निष्कृय भएको मानिनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | निर्वाचित राष्ट्रपति र उप राष्ट्रपतिले आफ्नो कार्यभार ग्रहण गर्नुभन्दा अगाडि पद तथा गोपनियताको शपथ लिने व्यवस्था गर्नु पर्ने भएकोले यस्तो व्यवस्था गरिएको हो । निर्वाचित राष्ट्रपति वा उप राष्ट्रपतिले शपथ नलिई बसेमा मुलुकमा संवैधानिक संकट आउन सक्ने देखिएकाले एउटा निश्चित अवधि भित्र शपथ नलिएमा उसको पद स्वत: निष्कृय भई अर्को निर्वाचन गर्नुपर्ने संवैधानिक व्यवस्था गर्नु उपयुक्त देखिएकोले यो व्यवस्था गरिएको छ । |
| ११ | पारिश्रमिक र अन्य सुविधाहरू | राष्ट्रपति तथा उप राष्ट्रपतिको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारित भए बमोजिम हुनेछ । यस्तो ऐन नबनेसम्मको लागि नेपाल सरकारले तोके बमोजिम हुनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपति तथा उप राष्ट्रपतिको पारिश्रामिक तथा अन्य सुविधाहरू ऐनद्वारा निर्धारित गरिनु उचित देखिएकोले यो व्यवस्था गरिएको छ । |
| १२ | मन्त्रिपरिषद को गठन | (१) राष्ट्रपतिले निजको अध्यक्षतामा तत्काल कायम रहेको व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने दलहरूले पाएको सिट संख्याको अनुपातमा व्यवस्थापिकाका सदस्यहरू मध्येबाट समानुपातिक एवं समावेशी सिद्धान्तका आधारमा मन्त्रिपरिषदको गठन गर्नेछ ।<br>तर संघीय व्यवस्थापिकाको कूल सदस्य संख्याको ५ प्रतिशत भन्दा कम सदस्य भएको राजनैतिक दलको तर्फबाट मन्त्री नियुक्त गर्न राष्ट्रपति वाध्य हुने छैन ।<br>(२) उपधारा (१) बमोजिम राष्ट्रपतिले मन्त्रीहरू नियुक्त गर्दा सम्बन्धित संसदीय दलको नेतासँग परामर्श गर्नेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | जित्नेले सबै लिने (winner takes all) सिद्धान्त बमोजिम जो निर्वाचनमा विजयी हुन्छ राज्यसत्तामा उसैको मात्र पहुँच हुने व्यवस्थाले गर्दा मुलुकमा सहमतीको राजनीति भन्दा पनि प्रतिस्पर्धाको राजनीति हावी हुने सम्भावना रहन्छ । सरकारमा पुग्ने दल वा व्यक्ति बाहेक अन्य सबै शक्तिहरू उसलाई असफल पार्ने प्रयासमा लाग्ने गर्दछन् । यसले गर्दा राजनीतिमा अस्वस्थ प्रतिस्पर्धा बढ्न गई सदैव मुठभेडको अवस्थामा मुलुक रहन पुग्दछ र मुलुक प्रगतिको दिशातर्फ अगाडि बढ्न सक्दैन । तसर्थ अहिलेको मुलुकको अवस्थालाई मध्यनजर गर्दै सहमतीय शासन प्रणालीको अंगिकार गर्नु आवश्यक ठानी व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूको प्रतिनिधित्वको अनुपातमा मन्त्रिपरिषदको गठन हुनु आवश्यक ठानिएको हो । |

| | | | | |
|---|---|---|---|---|
| १३. | मन्त्रिपरिषद को संख्या | राष्ट्रपतिले मन्त्रिपरिषदमा व्यवस्थापिकाको कूल सदस्य संख्याको दश प्रतिशतमा नबढाई मन्त्रीहरूको नियुक्ति गर्न सक्नेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | हाम्रो जस्तो मुलुकले ज्यादै ठूलो संख्याको कार्यकारिणीलाई थेग्न नसक्ने हुँदा यसलाई संविधानमा नै उल्लेख गर्नु आवश्यक ठानिएको हो । |
| १४. | मन्त्री पदमुक्त हुने अवस्था | (१) देहायको अवस्थामा कुनै मन्त्री आफ्नो पदबाट मुक्त हुनेछ :<br>(क) निजको मृत्यु भएमा, वा<br>(ख) राष्ट्रपति समक्ष लिखित राजिनामा दिएमा, वा<br>(ग) निज संघीय व्यवस्थापिकाको सदस्य नरहेमा, वा<br>(घ) सम्बन्धित दलले फिर्ता बोलाएमा, वा<br>(ङ) राष्ट्रपतिले निजलाई पदमुक्त गरियोस् भनी राखेको प्रस्ताव व्यवस्थापिकाको वहुमतबाट पारित भएमा, वा<br>(च) व्यवस्थापिकाको कूल सदस्य संख्याको एक चौथाई सदस्यहरूले निज विरूद्ध राखेको अविश्वासको प्रस्ताव कूल सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा, वा<br>(छ) जुन दलको सिफारिसमा मन्त्री भएको हो राष्ट्रपतिले सो दलको सम्मतिमा निजलाई पदमुक्त गरेमा ।<br>**स्पष्टीकरण:** यस धाराको प्रयोजनका लागि मन्त्री भन्नाले राज्यमन्त्री र सहायक मन्त्रीहरूलाई समेत जनाउनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | मन्त्रीहरू पदमुक्त हुने व्यवस्था संविधानमा उल्लेख गर्नु आवश्यक हुन्छ । सामान्यतया, मृत्यु तथा राजिनामाबाट पदरिक्त हुने बाहेक यस संविधानमा कुनै एउटा मन्त्रीका हकमा समेत व्यवस्थापिकाका सदस्यहरूले अविश्वासको प्रस्ताव पारित गरी हटाउन सक्ने व्यवस्था समेत गरिएको छ । यस्तै राष्ट्रपतिले कुनै मन्त्रीलाई हटाउन आवश्यक ठानेमा सम्बन्धित दलको सम्मतिमा हटाउन सक्ने, जुन दलको तर्फबाट मन्त्री नियुक्त भएको हो सो दलले फिर्ता बोलाएमा र राष्ट्रपतिले कुनै मन्त्रीलाई हटाउन आवश्यक ठानी व्यवस्थापिका समक्ष प्रस्ताव राखेमा व्यवस्थापिकाको बहुमतले सो प्रस्ताव पारित गरेमा मन्त्री पदमुक्त हुने व्यवस्था समेत गरिएको छ । यसबाट कुनै मन्त्रीलाई राष्ट्रपति, व्यवस्थापिका र सम्बन्धित दलप्रति समेत उत्तरदायी बनाउन मद्दत पुग्नेछ । यसै गरी व्यवस्थापिकाको सदस्य नभएको व्यक्ति मन्त्री हुन नसक्ने व्यवस्था गरिएको अवस्थामा कुनै कारणबश कुनै मन्त्रीको व्यवस्थापिकाको सदस्यता कायम नरहेको अवस्थामा समेत उ स्वतः पदमुक्त हुने व्यवस्था गरिएको हो । |
| १५ | मन्त्रिपरिषद को निर्णय प्रकृया | मन्त्रिपरिषदमा प्रस्तुत गरिएका विषयहरू सहमति निर्णय गरिनेछ ।<br>तर कुनै विषयमा सहमति कायम हुन नसकेमा वहुमतबाट निर्णय गरिनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | सहमतीय आधारमा मन्त्रिपरिषदको गठन गरिने हुनाले निर्णय प्रकृयामा पनि राष्ट्रपति वा ठूलो दलले एकलौटी गर्न नसकोस् भन्ने उद्देश्यले मन्त्रिपरिषदको सर्वसम्मतीबाट निर्णय गरिने व्यवस्था राखिएको हो । तर सर्वसम्मती कायम गर्न सम्भव |

| | | | | |
|---|---|---|---|---|
| | | | | नभएको अवस्थामा भने कम्तीमा पनि बहुमतबाट निर्णयमा पुग्नु उपयुक्त हुने देखि यस्तो व्यवस्था गरिएको हो । |
| १६ | मन्त्रीहरूको उत्तरदायित्व | मन्त्रीहरू आफ्नो विभागीय कार्यका लागि व्यक्तिगत रूपमा राष्ट्रपतिप्रति र सामूहिक रूपमा राष्ट्रपति र व्यवस्थापिकाप्रति जवाफदेही हुनेछन् । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | लोकतान्त्रिक व्यवस्थामा उत्तरदायित्वको प्रश्न महत्वपूर्ण रूपमा उठ्ने हुँदा मन्त्रीहरूलाई कर्तव्य पालनको सिलसिलामा कुनै पदाधिकारी वा निकायप्रति उत्तरदायी बनाउनु आवश्यक हुन्छ । अन्यथा उ स्वच्छन्द र स्वविवेकीय रूपमा कार्य गर्न थाल्दछ । तसर्थ मन्त्रीहरू आफ्नो विभागीय कार्यका लागि राष्ट्रपति र व्यवस्थापिका प्रति उत्तरदायी हुने व्यवस्था गरिएको हो । |
| १७ | सहायक मन्त्री | राष्ट्रपतिले धारा १३ मा उल्लेखित अधिकतम संख्यामा नबढ्ने गरी आवश्यकता अनुसार सहायक मन्त्री नियुक्त गर्न सक्नेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | आवश्यकता अनुसार मन्त्रिपरिषदमा सहायक मन्त्रीको व्यवस्था गर्नु आवश्यक ठानिएको हो । |
| १८ | पारिश्रमिक तथा अन्य सुविधाहरू | मन्त्री तथा सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण हुनेछ । सो बमोजिम ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | मन्त्री तथा सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा व्यवस्थित गर्नु आवश्यक देखिएकोले यस्तो व्यवस्था गरिएको हो । |
| १९ | शपथ | मन्त्री तथा सहायक मन्त्रीहरूले आफ्नो कार्यभार सम्हाल्न अघि राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो कार्यभार सम्हाल्नु अघि पद तथा गोपनियताको शपथ लिनु पर्ने मान्यता अनुरूप यस्तो व्यवस्था गरिएको हो । |
| २० | नेपाल सरकारको कार्य सञ्चालन | (१) नेपाल सरकारबाट स्वीकृत नियमावली बमोजिम नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन हुनेछ ।<br>(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भए नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | सरकारको कार्य विभाजन र कार्यसम्पादनका लागि आवश्यकता अनुसार नियमावली बनाउने अधिकार मन्त्रिपरिषदमा रहनु उचित हुने र यस्तो नियमावली विशुद्ध रूपमा कार्यकारिणीको क्षेत्राधिकार भित्रको विषय भएकोले यस्तो नियमावली अनुसार भएको कार्यलाई न्यायिक निरुपणको विषयवस्तु बनाइनु उपयुक्त नदेखिएकोले यस सम्बन्धमा अदालतमा प्रश्न उठाउन नसकिने व्यवस्था गरिएको हो । |

**समितिको बैठकमा १६ मत प्राप्त अवधारणाका आधारमा तयार पारिएको संविधानको प्रारम्भिक मस्यौदा :**

संघीय कार्यकारिणी

| | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भागमा रहने | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १ | राष्ट्रपति | (१) नेपालमा एकजना राष्ट्रपति रहनेछ ।<br>(२) राष्ट्रपति मुलुकको राष्ट्राध्यक्ष हुनेछ र सोही हैसियतमा यस संविधान र प्रचलित कानून बमोजिम निजले आफ्नो कार्य सम्पादन गर्नेछ ।<br>(३) राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुनेछ ।<br>(४) राष्ट्रपति नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीकको रूपमा रहनेछ । नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | नेपालको राष्ट्राध्यक्षको रूपमा संवैधानिक राष्ट्रपतिको व्यवस्था गरिएको छ । राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुने तथा उ नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीकको रूपमा रहनेछ । नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको संरक्षक र पालनकर्ताको भूमिका निर्वाह गर्ने कुरा राष्ट्रपतिको कर्तव्यको रूपमा राखिएको छ । |
| २ | राष्ट्रपतिको निर्वाचन | (१) राष्ट्रपतिको निर्वाचन संघीय व्यवस्थापिकाका दुवै सदनका सदस्यहरू तथा प्रादेशिक व्यवस्थापिकाका सम्पूर्ण सदस्यहरू मतदाता रहेको निर्वाचक मण्डलबाट कानुनमा व्यवस्था भएबमोजिम एक व्यक्ति एक मतका आधारमा हुनेछ ।<br>(२) निर्वाचनका वखत तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको वहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुनेछ ।<br>(३) उपधारा (२) बमोजिम कुनै उम्मेदवारले पूर्ण वहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू वीच दोश्रो चरणको मतदान हुनेछ ।<br>(४) दोश्रो चरणको मतदानमा कूल सदर मतको ५० प्रतिशत भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित भएको मानिनेछ ।<br>तर दोश्रो चरणको निर्वाचनमा दुई उम्मेदवारहरू वीच मत बराबर भएमा गोलाप्रथाद्वारा विजयी उम्मेदवारको घोषणा गरिनेछ ।<br>(५) राष्ट्रपतिको निर्वाचन सम्बन्धी अन्य कार्यविधि ऐनद्वारा | संघीय कार्यकारिणी सम्बन्धी भागमा | संवैधानिक राष्ट्रपतिको निर्वाचन प्रत्यक्ष रूपमा गर्नु उपयुक्त हुदैन । संघीय व्यवस्थापिका तथा प्रादेशिक व्यवस्थापिकाका सदस्यहरू रहेको निर्वाचक मण्डलले राष्ट्रपतिको निर्वाचन गर्ने व्यवस्था गरिएको छ । यसका लागि वहुमतीय निर्वाचन प्रणालीको प्रयोग गरिनेछ र पहिलो चरणको मतदानमा पूर्ण वहुमत प्राप्त हुन नसकेमा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू वीच दोश्रो चरणको मतदान गरिने व्यवस्था गरिएको छ । तर दोश्रो चरणको मतदानमा भने सदर मत मध्ये सवैभन्दा बढी मत ल्याउने उम्मेदवार विजयी हुने र मत बराबर भएमा गोलाप्रथाद्वारा विजयी उम्मेदवारको घोषणा गरिने व्यवस्था गरिएको छ । राष्ट्रपतिको निर्वाचन सम्बन्धी सम्पूर्ण व्यवस्था संविधानमा गर्नु सान्दर्भिक नहुने भएकोले यस सम्बन्धी अन्य कार्यविधिका लागि ऐन बनाउनु पर्ने व्यवस्था उल्लेख गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | निर्धारित हुनेछ । | | |
| ३ | राष्ट्रपतिको पदावधि | (१) राष्ट्रपतिको पदावधि ५ वर्षको हुनेछ ।<br>तर दुई कार्यकाल राष्ट्रपति भइसकेको व्यक्ति तेश्रो पटकको निर्वाचनमा उम्मेदवार हुनसक्ने छैन ।<br>(२) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा बहाल रहेको कुनै व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपतिको कार्यकाल ५ वर्षको हुने र दुईपटक राष्ट्रपति भई सकेको व्यक्ति पुनः सो पदका लागि अयोग्य हुने व्यवस्था गरिएको छ । एउटा प्रभावशाली व्यक्तिले मात्र लगातार मुलुकको सर्वोच्च पदमा रही रहन नसकोस् भनी यस्तो व्यवस्था गरिएको छ । यसैगरी राष्ट्रपति जस्तो सर्वोच्च पदमा आसिन भइसकेको व्यक्ति अन्य कुनै पदमा रही रहँदा सो पदको मर्यादा र प्रतिष्ठा कायम रहन नसक्ने हुनाले अरू कुनै पदमा रहेको व्यक्ति राष्ट्रपति पदमा निर्वाचित हुने वित्तिकै निजको साविकको पद स्वतः रिक्त हुने व्यवस्था गरिएको छ । |
| ४ | राष्ट्रपतिको योग्यता | राष्ट्रपति हुनको लागि कुनै पनि व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :-<br>(क) संघीय व्यवस्थापिकाको सदस्य हुन योग्य भएको,<br>(ख) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपतिको लागि आवश्यक पर्ने योग्यता संविधानमा नै उल्लेख हुनु आवश्यक ठानी यस्तो व्यवस्था गरिएको छ । |
| ५ | राष्ट्रपति पदमुक्त हुने अवस्था | देहायको अवस्थामा राष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) निजले उपराष्ट्रपति समक्ष राजिनामा दिएमा,<br>(ख) निजले संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा संघीय व्यवस्थापिकाको दुवै सदन र प्रादेशिक व्यवस्थापिकाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा एक तिहाई सदस्यहरूले निजको विरूद्ध राखेको महाभियोगको प्रस्ताव दुई तिहाई बहुमतबाट पारित भएमा,<br>(ग) निजको मृत्यु भएमा, वा<br>(घ) निजको पदावधि समाप्त भएमा । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपतिलाई पदमुक्त गर्ने विभिन्न व्यवस्थाहरू संविधानमा गर्नु आवश्यक ठानी यस्तो व्यवस्था गरिएको छ । जस अनुसार राजिनामा दिएमा, मृत्यु भएमा र पदावधि समाप्त भएमा उसको पद रिक्त हुने तथा यस बाहेक महाभियोगको प्रस्ताव पारित भएमा पनि राष्ट्रपति पदमुक्त हुने व्यवस्था गरिएको छ । |
| ६. | राष्ट्रपतिको काम कर्तव्य र अधिकार | (१) राष्ट्रपतिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(क) संघीय व्यवस्थापिकाको अधिवेशन आह्वान र अन्त्य गर्ने,<br>(ख) संघीय व्यवस्थापिकाले पारित गरेका विधेयकमा स्वीकृति प्रदान गर्ने,<br>(ग) संविधान तथा कानुन बमोजिम विभिन्न पदाधिकारीहरूको | संघीय कार्यकारिणी सम्बन्धी भागमा | नेपालको राष्ट्रपति संवैधानिक राष्ट्रपतिको रूपमा रहने हुँदा केही निश्चित कार्यकारिणी कार्यहरू राष्ट्रपतिले सम्पन्न गर्नेछ । तर अन्य कुनै पदाधिकारी तथा निकायको सिफारिसमा र राष्ट्रपतिको स्वविवेकमा गरिने भनी संविधान तथा कानुनमा उल्लेख गरिएका कार्यहरू बाहेक अन्य सबै |

| | | | | |
|---|---|---|---|---|
| | | नियुक्ति गर्ने,<br>(घ) विदेशी राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने,<br>(ङ) नेपालको तर्फबाट पुरस्कार, मानपदवी, अलंकार र पदकहरू प्रदान गर्ने ।<br>(च) नेपाल भरका सम्पूर्ण न्यायिक एवं अर्धन्यायिक एवं प्रशासनिक निकाय वा पदाधिकारीहरूबाट कानुन बमोजिम पाएको सजायलाई माफी, मुल्तवी र कम गर्ने ।<br>(२) यस संविधान र प्रचलित कानुन बमोजिम राष्ट्रपतिले आफ्नो अधिकारको प्रयोग गर्दा सामान्यतया: मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट गर्नेछ । यस्तो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ ।<br>(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो संविधान र अन्य कानुन बमोजिम अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने कार्यहरू गर्दा मन्त्रिपरिषदको सल्लाह र सम्मति आवश्यक पर्नेछैन ।<br>(४) उपधारा (१) बमोजिम राष्ट्रपतिको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणिकरण कानूनद्वारा व्यवस्था भएबमोजिम हुनेछ । | | कार्यहरू गर्दा मन्त्रिपरिषदको सल्लाह र सम्मतिमा मात्र गर्न सक्ने व्यवस्था गरिएको छ । यस्तो सल्लाह र सम्मति प्रधानमन्त्रीले राष्ट्रपति समक्ष पेश गर्नेछ । |
| ७ | राष्ट्रपतिको शपथ | (१) राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची .... को ढाँचामा प्रधान न्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।<br>(२) आफू निर्वाचित भएको ३० दिनभित्र पद तथा गोपनियताको शपथ नलिएमा राष्ट्रपतिको पद स्वत: निष्कृय भएको मानिनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपतिले आफ्नो कार्यभार ग्रहण गर्नु भन्दा पहिले पद तथा गोपनियताको शपथ लिनुपर्ने मान्यता अनुरूप यस सम्बन्धी व्यवस्था गरिएको छ । निर्वाचित राष्ट्रपतिले निर्वाचन पश्चात शपथ नलिई बसेमा मुलुकमा संवैधानिक संकट आउन सक्ने देखिएकाले एउटा निश्चित अवधि भित्र शपथ नलिएमा उसको पद स्वत: निष्कृय भई अर्को निर्वाचन गर्नुपर्ने व्यवस्था गरिएको छ । |
| ८ | उपराष्ट्रपति | (१) नेपालमा एकजना उपराष्ट्रपति रहनेछ ।<br>(२) राष्ट्रपतिको अनुपस्थितिमा वा पदावधि समाप्त भएकोमा वाहेक अन्य तरिकाबाट राष्ट्रपति पदमुक्त भएमा अर्को | संघीय कार्यकारिणी सम्बन्धी | राष्ट्रपतिको अनुपस्थितिमा वा पदावधि समाप्त भएकोमा वाहेक अन्य तरिकाबाट राष्ट्रपति पदमुक्त भएमा अर्को राष्ट्रपति निर्वाचित भई कार्यभार नसम्हालेसम्मका लागि |

| | | | | |
|---|---|---|---|---|
| | | राष्ट्रपति निर्वाचित भई कार्यभार नसम्हालेसम्मका लागि राष्ट्रपतिबाट गरिने कार्यहरू उपराष्ट्रपतिबाट सम्पादन गरिनेछ ।<br>(३) राष्ट्रपति र उप राष्ट्रपति दुवै पदमा एकै लिङ्गको व्यक्ति निर्वाचित हुने गरी निर्वाचन गरिने छैन ।<br>(४) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा बहाल रहेको कुनै व्यक्ति उपराष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ । | भागमा | राष्ट्रपतिबाट गरिने कार्यहरू सम्पादन गर्नका लागि उप राष्ट्रपतिको पद आवश्यक देखिएको छ । तर राष्ट्रपति र उपराष्ट्रपति दुवै पदमा एउटै लिङ्गको व्यक्ति हुन नसक्ने व्यवस्था गरी लैंगिक सन्तुलन कायम गर्न खोजिएको छ । राष्ट्रपति सरह नै उपराष्ट्रपति पदमा निर्वाचित भएको व्यक्ति पनि अन्य कुनै पदका लागि योग्य नहुने व्यवस्था गरिएकोछ । |
| ९ | उपराष्ट्रपति पदमुक्त हुने अवस्था | देहायको अवस्थामा उपराष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष राजिनामा दिएमा,<br>(ख) निजले संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा व्यवस्थापिकाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा दुई तिहाई बहुमतबाट निजको विरूद्ध महाभियोगको प्रस्ताव पारित भएमा, वा<br>(ग) निजको मृत्यु भएमा । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपतिलाई झै समान आधारमा उप राष्ट्रपति पनि पदमुक्त हुने व्यवस्था गरिएको छ । |
| १० | उपराष्ट्रपति सम्बन्धी अन्य व्यवस्था | उपराष्ट्रपतिको योग्यता, निर्वाचन प्रक्रिया तथा पदावधिसम्बन्धी व्यवस्था राष्ट्रपतिको सरह हुनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | उपराष्ट्रपतिको योग्यता, निर्वाचन प्रक्रिया तथा पदावधि सम्बन्धी व्यवस्थाहरू राष्ट्रपतिकै सरह हुने व्यवस्था गरिएको छ । |
| ११ | उपराष्ट्रपतिको शपथ | (१) उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची .. को ढाँचामा राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।<br>(२) आफू निर्वाचित भएको ३० दिन भित्र पद तथा गोपनियताको शपथ नलिएमा उपराष्ट्रपतिको पद स्वतः निष्कृय भएको मानिनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | उपराष्ट्रपतिले आफ्नो कार्यभार ग्रहण गर्नु भन्दा पहिले पद तथा गोपनियताको शपथ लिनुपर्ने मान्यता अनुरूप यस सम्बन्धी व्यवस्था गरिएको छ । निर्वाचित उपराष्ट्रपतिले निर्वाचन पश्चात शपथ नलिई बसेमा मुलुकमा संवैधानिक संकट आउन सक्ने देखिएकाले एउटा निश्चित अवधि भित्र शपथ नलिएमा उसको पद स्वतः निष्कृय भई अर्को निर्वाचन गर्नुपर्ने व्यवस्था गरिएको छ । |
| १२ | राष्ट्रपति र उपराष्ट्रपतिको | राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा ऐनद्वारा निर्धारण भए बमोजिम हुनेछ र त्यस्तो ऐन नबनेसम्म नेपाल | संघीय | राष्ट्रपति तथा उपराष्ट्रपतिको पारिश्रामिक तथा अन्य सुविधाहरू ऐनद्वारा निर्धारित गरिनु उचित देखिएकोले यो |

| | | | | |
|---|---|---|---|---|
| | पारिश्रमिक तथा सुविधा | सरकारले निर्धारण गरे बमोजिम हुनेछ । | कार्यकारिणी सम्बन्धी भागमा | व्यवस्था गरिएको छ । |
| १३ | राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय | (१) राष्ट्रपति र उपराष्ट्रपतिको कार्यलाई सहयोग पुऱ्याउनको लागि छुट्टाछुट्टै कार्यालय रहनेछ ।<br>(२) उपधारा (१) बमोजिमको कार्यालयको काम कारबाही सञ्चालन गर्न आवश्यक कर्मचारी तथा व्यवस्थापन सम्बन्धी अन्य कुराहरू नेपाल सरकारले व्यवस्था गर्नेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपति र उपराष्ट्रपतिको कार्यलाई सहयोग पुऱ्याउनको लागि छुट्टाछुट्टै कार्यालय रहने र कार्यालयको काम कारबाही सञ्चालन गर्न आवश्यक कर्मचारी तथा व्यवस्थापन सम्बन्धी अन्य कुराहरूको व्यवस्था नेपाल सरकारले गर्नुपर्ने व्यवस्था गरिएको छ । |
| १४ | कार्यकारिणी अधिकार | (१) नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानून बमोजिम राष्ट्रपति र मन्त्रिपरिषद्मा निहित हुनेछ ।<br>(२) यो संविधान र अन्य कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्उपर हुनेछ ।<br>(३) राष्ट्रपतिको नाममा यो संविधान र अन्य कानुन बमोजिम हुनुपर्ने काम बाहेक अरू सबै संघीय कार्यकारिणी कामहरू नेपाल सरकारको नाममा हुनेछ ।<br>(४) नेपालको संघीय कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित संघीय सूचि र साझा सूचिमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।<br>(५) उपधारा (३) बमोजिम नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण कानूनद्वारा व्यवस्था भएबमोजिम हुनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपतिलाई संवैधानिक राष्ट्रप्रमुखको रूपमा राखिएकोले संघीय नेपालको कार्यकारिणी कार्यहरू राष्ट्रपति र मन्त्रिपरिषदमा निहित रहने व्यवस्था गरिएको छ । राष्ट्रपतिको नाममा हुने बाहेकका सम्पूर्ण कार्यकारिणी कार्यहरू नेपाल सरकारको नाममा हुने र देशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने जिम्मेवारी मन्त्रिपरिषदको हुने व्यवस्था गरिएको छ । संघीय सूचि र साझा सूचीमा उल्लेखित विषयवस्तुमा सिमित रहने गरी कार्यकारिणी अधिकारको बाँडफाँड गरिएको छ । |
| १५ | मन्त्रिपरिषद्को गठन | (१) राष्ट्रपतिले व्यवस्थापिकाको तल्लो सदनमा वहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री पदमा नियुक्त गरी निजकै अध्यक्षतामा मन्त्रिपरिषदको गठन गर्नेछ ।<br>(२) मन्त्रिपरिषद्मा प्रधानमन्त्रीका अतिरिक्त आवश्यकता अनुसार उप-प्रधानमन्त्री र अन्य मन्त्रिहरू रहने छन् ।<br>**स्पष्टीकरण** : यस धाराको प्रयोजनका लागि “मन्त्री” भन्नाले | संघीय कार्यकारिणी सम्बन्धी भागमा | मुलतः संविधानमा संसदीय शासन प्रणालीलाई अवलम्बन गरिएको हुनाले सोही बमोजिम व्यवस्थापिकाको तल्लो सदनमा वहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने व्यवस्था गरिएको छ । यसैगरी व्यवस्थापिकाको सदस्य भएको व्यक्ति मात्र उपप्रधानमन्त्री तथा मन्त्री पदमा नियुक्त हुने र प्रधानमन्त्री तथा मन्त्रीहरू |

| | | | | |
|---|---|---|---|---|
| | | मन्त्रालयको छुट्टै कार्यभार सम्हाल्ने राज्य मन्त्रि समेतलाई जनाउनेछ ।<br>(३) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा व्यवस्थापिकाका सदस्यहरू मध्येबाट समानुपातिक समावेशी सिद्धान्त बमोजिम उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू नियुक्त गर्नेछ ।<br>(४) प्रधानमन्त्री र अन्य मन्त्रिहरू व्यवस्थापिका-संसदप्रति सामूहिकरूपमा उत्तरदायी हुनेछन् र मन्त्रिहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र व्यवस्थापिका-संसदप्रति उत्तरदायी हुनेछन् ।<br>(५) देहायका अवस्थामा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, वा<br>(ख) धारा ... बमोजिम निजको विरूद्ध अविश्वासको प्रस्ताव पारित भएमा, वा<br>(ग) निज व्यवस्थापिकाको तल्लो सदनको सदस्य नरहेमा, वा<br>(घ) निजको मृत्यु भएमा ।<br>(६) उप-प्रधानमन्त्री वा अन्य मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :-<br>(क) निजले प्रधानमन्त्री समक्ष लिखित राजीनामा दिएमा, वा<br>(ख) प्रधानमन्त्रीले निजलाई पद मुक्त गरेमा, वा<br>(ग) उपधारा (५) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएमा, वा<br>(घ) निजको मृत्यु भएमा ।<br>(७) उपधारा (५) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएपनि अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्नेछ ।<br>तर प्रधानमन्त्रीको मृत्यु भएमा नयाँ प्रधानमन्त्रीको चयन नभएसम्मको लागि उप-प्रधानमन्त्री वा वरिष्ठतम मन्त्रिले प्रधानमन्त्रीको रूपमा कार्य सञ्चालन गर्नेछ । | | व्यवस्थापिका प्रति उत्तरदायी हुने व्यवस्था गरिएको हो ।<br><br>यसैगरी व्यवस्थापिकाको समर्थन रहेसम्म प्रधानमन्त्री पदमा वहाल रहने व्यवस्था गरिएको छ भने उप प्रधानमन्त्री तथा मन्त्रीहरू भने प्रधानमन्त्रीको इच्छा अनुसारको अवधिसम्म पदमा रहन सक्ने व्यवस्था गरिएको छ । प्रधानमन्त्री पदमुक्त भएमा मन्त्रिपरिषद विघटन हुने र अर्को मन्त्रिपरिषद गठन नभएसम्मका लागि सोही मन्त्रिपरिषदले कार्य गर्ने व्यवस्था गरी प्रधानमन्त्रीको मृत्यु भएको अवस्थामा भने अर्को व्यवस्था नभए सम्म उप प्रधानमन्त्री वा वरिष्ठतम मन्त्रीले प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्ने व्यवस्था गरिएको छ । |
| १६ | राज्यमन्त्री र सहायकमन्त्री | (१) प्रधानमन्त्रीले व्यवस्थापिकाको सदस्य मध्येबाट समानुपातिक समावेशी सिद्धान्त बमोजिम राज्यमन्त्री नियुक्त गर्न सक्नेछ । | संघीय | प्रधानमन्त्रीले आवश्यकता अनुसार समानुपातिक समावेशी सिद्धान्त बमोजिम राज्यमन्त्री तथा सहायक मन्त्रीहरू नियुक्त |

| | | | | |
|---|---|---|---|---|
| | | (२) प्रधानमन्त्रीले कुनै मन्त्रिलाई निजको कार्यभार सञ्चालनमा सहायता गर्न व्यवस्थापिकाको सदस्य मध्येबाट समानुपातिक समावेशी सिद्धान्तबमोजिम सहायकमन्त्री नियुक्त गर्न सक्नेछ ।<br>(३) उपधारा (१) र (२) बमोजिम राज्यमन्त्री र सहायकमन्त्रीहरू धारा १८ तोकिएको संख्यामा नबढ्ने गरी नियुक्त गरिनेछ । | कार्यकारिणी सम्बन्धी भागमा | गर्नसक्ने व्यवस्था गरिएको छ । |
| १७ | व्यवस्थापिकाको सदस्य नभएको व्यक्ति मन्त्री हुने | (१) धारा १५ र १६ मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापिकाको सदस्य नभएको कुनै व्यक्तिलाई प्रधानमन्त्रीले मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्रीमा नियुक्त गर्न सक्नेछ ।<br>तर यस्तो मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्रीले शपथग्रहण गरेको मितिले ६ महिना भित्र व्यवस्थापिकाको सदस्यता प्राप्त गर्नुपर्नेछ । यस अवधि भित्र सदस्यता प्राप्त गर्न नसकेमा व्यवस्थापिकाको तल्लो सदनको सो कार्यकाल भरी निज मन्त्री पदमा पुनः नियुक्तिका लागि योग्य मानिने छैन ।<br>(२) पछिल्लो पटक सम्पन्न संघीय व्यवस्थापिकाको आम निर्वाचनमा पराजित भएको व्यक्तिलाई उपधारा (१) बमोजिम मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्री पदमा नियुक्त गरिने छैन । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | सामान्यतया संसदीय व्यवस्थामा प्रधानमन्त्रीले व्यवस्थापिकाका सदस्यहरू मध्येबाट नै मन्त्रीहरूको नियुक्ति गर्ने गर्दछ । तर कहिले काँही व्यवस्थापिकाको सदस्य नभएको व्यक्तिलाई पनि मन्त्री बनाउनु पर्ने आवश्यकता महसुस भएमा प्रधानमन्त्रीले त्यस्तो व्यक्तिलाई पनि मन्त्रीपदमा नियुक्त गर्न सक्ने अधिकार प्रदान गरिएको छ । तर यसरी नियुक्त मन्त्रीहरूले नियुक्ति भएको ६ महिना भित्र अनिवार्य रूपमा व्यवस्थापिकाको सदस्यता हासिल गर्नु पर्ने व्यवस्था गरिएको छ । यसैगरी ६ महिना भित्र सदस्यता प्राप्त गर्न नसकेको व्यक्तिलाई केही दिनका लागि पदमुक्त गरी पुनः सोही पदमा नियुक्त गर्न नदिनका लागि एकपटक मन्त्री नियुक्त भई ६ महिना भित्र व्यवस्थापिकाको सदस्यता प्राप्त गर्न नसक्ने व्यक्तिलाई अर्को आम निर्वाचन पूर्व पुनः मन्त्री बनाउन नसकिने व्यवस्था गरिएको छ । |
| १८ | मन्त्रिपरिषदको अधिकतम संख्या | यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रिपरिषदमा प्रधानमन्त्रीले २५ जनामा नबढाई मन्त्रीहरूको नियुक्ति गर्नेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | हाम्रो जस्तो मुलुकमा मन्त्रिपरिषदमा रहने अधिकतम संख्या नतोकिने हो भने अस्वाभाविक रूपमा मन्त्रिपरिषदको गठन हुनजाने सम्भावनालाई मध्यनजर गर्दै संविधानमा नै मन्त्रिपरिषदको अधिकतम संख्या निर्धारण गरिएको छ । |
| १९ | पारिश्रमिक तथा अन्य सुविधाहरू | प्रधानमन्त्री, उप-प्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण हुनेछ । सो बमोजिम ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | प्रधानमन्त्री, उप प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री जस्ता पदाधिकारीहरूको पारिश्रमिक निर्धारण व्यवस्थापिका निर्मित ऐनद्वारा हुने व्यवस्था गर्नु उपयुक्त देखिएकोले यो व्यवस्था गरिएको छ । |
| २० | शपथ | प्रधानमन्त्रीले राष्ट्रपति समक्ष र उप-प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष आफ्नो पद र | संघीय कार्यकारिणी | प्रधानमन्त्री, उप प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री जस्ता पदाधिकारीहरूले आफ्नो कार्यभार ग्रहण गर्नु |

| | | | | |
|---|---|---|---|---|
| | | गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ । | सम्बन्धी भागमा | भन्दा पहिले पद तथा गोपनियताको शपथ लिनुपर्ने मान्यता अनुरूप यस सम्बन्धी व्यवस्था गरिएको छ । |
| २१ | नेपाल सरकारको कार्य सञ्चालन | (१) नेपाल सरकारबाट स्वीकृत नियमावली बमोजिम नेपाल सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।<br>(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन सकिने छैन । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | सरकारको कार्य विभाजन र कार्यसम्पादनका लागि आवश्यकता अनुसार नियमावली बनाउने अधिकार मन्त्रिपरिषदमा रहनु उचित हुने र यस्तो नियमावली विशुद्ध रूपमा कार्यकारिणीको क्षेत्राधिकार भित्रको विषय भएकोले यस्तो नियमावली अनुसार भएको कार्यलाई न्यायिक निरुपणको विषय वस्तु बनाइनु उपयुक्त नदेखिएकोले यस सम्बन्धमा अदालतमा प्रश्न उठाउन नसकिने व्यवस्था गरिएको हो । |
| २२ | अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था | (१) प्रधानमन्त्री माथि विश्वास छैन भनी संघीय व्यवस्थापिकाको तल्लो सदनका कूल सदस्यहरू मध्ये एक चौथाई सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी राखेको अविश्वासको प्रस्ताव सदनको कूल सदस्य संख्याको वहुमतले पारित भएमा प्रधानमन्त्री पदमुक्त भएको मानिनेछ ।<br>(२) यस्तो अविश्वासको प्रस्ताव प्रधानमन्त्री नियुक्त भएपछि पहिलो एक वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको अर्को एक वर्ष भित्र राख्न पाइने छैन ।<br>(३) यस धारा बमोजिम राखिएको अविश्वासको प्रस्तावमा प्रस्ताव पारित भएमा गठन हुने मन्त्रिपरिषदको अध्यक्षता गर्ने प्रधानमन्त्रीको नाम समेत प्रस्तावित हुनुपर्नेछ । | व्यवस्थापिका सम्बन्धी भागमा | संसदीय व्यवस्था अपनाएको हाम्रो मुलुकमा विगतमा सरकारको स्थायित्व हुन नसकेको वास्तविकता तर्फ दृष्टिगत गर्दै यो संविधानमा अविश्वासको प्रस्तावका सम्बन्धमा केही भिन्न व्यवस्था गरिएको छ । प्रधानमन्त्री सदनको विश्वास रहेसम्म पदमा रहन सक्ने भए तापनि वारम्वार अविश्वासको प्रस्ताव आउने गर्नाले सरकारको स्थायित्वमाथि नै खतरा पुग्न सक्ने भएकाले यसलाई निरूत्साहित गर्न प्रधानमन्त्री नियुक्त भएको पहिलो एकवर्षसम्म अविश्वासको प्रस्ताव राख्न नपाइने व्यवस्था गरिएको छ । यसै गरी अविश्वासको प्रस्ताव राख्दाकै अवस्थामा सो प्रस्ताव पारित भएमा गठन गरिने मन्त्रिपरिषदको नेतृत्व गर्ने भावी प्रधानमन्त्रीको नाम समेत प्रस्तावित गर्नुपर्ने व्यवस्था गरिएको छ । यसबाट व्यवस्थापिकाका सदस्यहरू सरकार ढाल्नमा मात्र सकृय नरही निजहरूबाट रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह हुन जाने सम्भावना देखिएकोले यस्तो व्यवस्था गरिएको छ । |
| २३ | प्रधानमन्त्रीको नियुक्ति सम्बन्धी विशेष | (१) संघीय व्यवस्थापिकाको तल्लो सदनमा कुनै दलले स्पष्ट वहुमत प्राप्त गर्न नसकेको अवस्थामा राष्ट्रपतिले दुई वा दुईभन्दा बढी दलहरूको समर्थनबाट संघीय व्यवस्थापिकाको | संघीय कार्यकारिणी सम्बन्धी | व्यवस्थापिकाको तल्लो सदनमा कुनै पनि दलको स्पष्ट वहुमत नरहेको अवस्थामा प्रधानमन्त्री नियुक्त हुने विभिन्न सम्भावनाहरूलाई व्यवस्था गर्न आवश्यक भएकोले यस्तो |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्था | तल्लो सदनका सदस्यहरूको वहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नेछ ।<br>(२) उपधारा (१) बमोजिम कुनै सदस्यले संघीय व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरूको वहुमत प्राप्त गर्न नसक्ने अवस्था भएमा राष्ट्रपतिले सो सदनमा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्रीको पदमा नियुक्त गर्नेछ ।<br>(३) उपधारा (१) वा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले आफू नियुक्त भएको ३० दिनभित्र संघीय व्यवस्थापिकाको तल्लो सदनबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ ।<br>(४) उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (३) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले संघीय व्यवस्थापिकाको तल्लो सदनलाई भंग गरी ६ महिना भित्र अर्को निर्वाचन हुने मिति तोक्नेछ । | भागमा | व्यवस्था गरिएको छ । कुनै पनि दलको वहुमत प्राप्त हुन नसकेमा दुई वा दुई भन्दा बढी दलहरूको संयुक्त सरकार गठन हुने र सो पनि हुन नसकेमा सबै भन्दा ठूलो दलको संसदीय दलको नेता प्रधानमन्त्री हुने व्यवस्था गरिएको छ । तर यसरी नियुक्त प्रधानमन्त्रीले पनि आफू प्रति सदनको विश्वास रहेको प्रमाणित गर्नुपर्नेछ । कुनै अवस्थामा व्यवस्थापिकाको तल्लो सदनले सरकार गठन गर्न नसक्ने अवस्था भएमा यस्तो सदनलाई कायम राख्नु औचित्यहिन हुने भएकोले यसलाई भंग गरी अर्को आम निर्वाचनको मिति तोक्नु पर्ने व्यवस्था गरिएको छ । |
| २४ | राष्ट्रपतिलाई सूचना दिने र राष्ट्रपतिले सुझाव दिन सक्ने | (१) देहायका विषयहरूमा प्रधानमन्त्रीले राष्ट्रपतिलाई जानकारी गराउनेछ :-<br>(क) नेपालको शासन व्यवस्था सम्बन्धी मन्त्रिपरिषदका निर्णयहरू,<br>(ख) व्यवस्थापिकामा पेश गरिने विधेयकहरू,<br>(ग) खण्ड (क) र (ख) मा उल्लेखित विषयहरूसँग सम्बन्धित राष्ट्रपतिले जानकारी मागेका अन्य कुराहरू र<br>(घ) देशको समसामयिक परिस्थिति र शान्ति सुरक्षा, राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक र वैदेशिक सम्बन्धका कुराहरू ।<br>(२) राष्ट्रपतिले राष्ट्रिय महत्वका विषयहरूमा मन्त्रिपरिषदलाई सुझाव वा प्रोत्साहन दिन सक्नेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | संवैधानिक राष्ट्रपतिलाई नेपालको शासन व्यवस्था सम्बन्धी मन्त्रिपरिषदका निर्णयहरू, व्यवस्थापिकामा पेश गरिने विधेयकहरू तथा देशको समसामयिक परिस्थिति र शान्ति सुरक्षा, राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक र वैदेशिक सम्बन्धका कुराहरू जस्ता विषयमा प्रधानमन्त्रीले जानकारी गराउनु पर्ने व्यवस्था गरिएको छ । यसबाट सरकार प्रमुख र राष्ट्रप्रमुखका बीचमा समन्वय कायम गर्नमा मद्दत मिल्नेछ । यसै गरी राष्ट्रिय महत्वका कतिपय विषयहरूमा राष्ट्रपतिले आवश्यकत सुझाव वा प्रोत्साहन दिन सक्ने व्यवस्था समेत गरिएको छ । |

**समितिको बैठकमा ३ मत प्राप्त अवधारणाका आधारमा तयार पारिएको संविधानको प्रारम्भिक मस्यौदाः**

यस अन्तर्गत पहिलो मस्यौदासँग राष्ट्रपतिको निर्वाचन, कार्यकारिणी अधिकार र मन्त्रिपरिषदको गठन सम्बन्धमा मात्र आधारभूत रूपमा भिन्नता रहेको तथा हुँदा सो व्यवस्थाका सम्बन्धमा मात्र अलग व्यवस्था गर्नु पर्ने देखिएकोले माथि उल्लेखित मस्यौदा भन्दा फरक व्यवस्थाहरू मात्र उल्लेख गरी मस्यौदा तयार गरिएको छ ।

| क्र. सं. | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भागमा रहने | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १ | राष्ट्रपति | (१) नेपालमा एकजना राष्ट्रपति रहनेछ । राष्ट्रपति राष्ट्रप्रमुख र सरकार प्रमुख दुवै हुनेछ ।<br>(२) राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुनेछ ।<br>(३) राष्ट्रपति नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीक हुनेछ ।<br>(४) राष्ट्रपतिले नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि यो संविधानको संरक्षण र पालना गर्नेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | नेपालमा राष्ट्रप्रमुख र सरकार प्रमुखको रूपमा राष्ट्रपतिलाई राख्नु उपयुक्त हुने देखिन्छ । यसबाट दोहोरो शक्तिकेन्द्र हुने संभावना रहँदैन । राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुने तथा उ नेपालका राष्ट्रियत एवं नेपाली जनताको एकताको प्रतीकको रूपमा रहनेछ । नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको संरक्षक र पालनकर्ताको भूमिका निभाउनु पर्ने दायित्व राष्ट्रपतिलाई प्रदान गरिएको छ । |
| २ | राष्ट्रपतिको अधिकार एवं कार्यहरू | यो संविधान र कानुनको अधीनमा रही राष्ट्रपतिले राष्ट्रप्रमुख र सरकारप्रमुखको हैसियतले देहाय बमोजिमका कार्यहरू गर्नेछ :<br>(क) विधेयकमा स्वीकृति प्रदान गर्ने वा विधेयकलाई पुनर्विचारका लागि व्यवस्थापिका समक्ष फिर्ता पठाउने ।<br>(ख) व्यवस्थापिका दुवै सदनको बैठकको आह्वान र अन्त्य गर्ने,<br>(ग) संविधान र कानुन बमोजिम विभिन्न पदाधिकारीहरूको नियुक्ति गर्ने,<br>(घ) संविधान र कानून बमोजिम राष्ट्रिय जनमत संग्रहको घोषणा गर्ने,<br>(ङ) विदेशी राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाण पत्र ग्रहण गर्ने,<br>च) नेपाली राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूको नियुक्ति गर्ने, | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपतिले राष्ट्रप्रमुख र सरकारप्रमुखको हैसियतले गर्ने कार्यहरू संविधानमा नै उल्लेख गर्नु पर्ने आवश्यकता महसुस गरी यी कार्यहरू उल्लेख गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | छ) विभिन्न न्यायिक, अर्ध न्यायिक एवं प्रशासकीय निकाय वा पदाधिकारीहरूबाट पाएको सजाय माफी, मुल्तवी दिने तथा घटाउने,<br>ज) राष्ट्रको तर्फबाट प्रदान गरिने पुरस्कार, मानपदवी, उपाधी एवं सम्मान प्रदान गर्ने | | |
| ३ | राष्ट्रपतिको निर्वाचन | (१) प्रत्येक आम निर्वाचन पश्चात वा राष्ट्रपतिको पदरिक्त भएको अवस्थामा निर्वाचन आयोगबाट निर्वाचन परिणाम घोषणा भएको वा पदरिक्त भएको ३० दिन भित्र संघीय व्यवस्थापिकाको तल्लो सदनका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले आफूहरू मध्येबाट राष्ट्रपतिको निर्वाचन गर्नेछ ।<br>(२) पहिलो पटकको मतदानमा कुनै उम्मेदवारले दुई तिहाई बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बीच दोश्रो चरणको मतदान हुनेछ ।<br>(३) दोश्रो चरणको मतदानमा समेत कुनै उम्मेदवारले दुई तिहाई बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिको रूपमा निर्वाचित भएको मानिनेछ ।<br>(४) उपधारा (३) बमोजिम निर्वाचित भएको राष्ट्रपतिले व्यवस्थापिकाको तल्लो सदनमा निर्वाचित राजनैतिक दलहरूले पाएको सिट संख्याको अनुपातमा मन्त्रिपरिषदको गठन गरी ६ महिनाभित्र अर्को आम निर्वाचन हुने गरी निर्वाचनको तिथि घोषणा गर्नुपर्नेछ ।<br>तर यस्तो मन्त्रिपरिषदमा व्यवस्थापिकाको तल्लो सदनमा तीन प्रतिशत भन्दा कम सदस्यसंख्या भएको राजनैतिक दललाई समावेश गर्न राष्ट्रपति वाध्य हुनेछैन ।<br>(५) दुई पटक राष्ट्रपति भइसकेको व्यक्ति अर्को कार्यकालका लागि राष्ट्रपतिको उम्मेदवार हुन योग्य मानिने छैन ।<br>(६) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि पदमा | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रप्रमुख र सरकारप्रमुख दुवैको जिम्मेवारी वहन गर्ने राष्ट्रपतिको निर्वाचन व्यवस्थापिकाको तल्लो सदनबाट हुनु उचित भएकोले यस्तो व्यवस्था गरिएको छ । कार्यकारी राष्ट्रपति भएको हुनाले दुई तिहाई बहुमत प्राप्त गर्ने व्यवस्थापिकाको तल्लो सदनको सदस्य मात्र निर्वाचित हुने व्यवस्था गरिएको छ । अन्यथा दोश्रो चरणको मतदान हुने र दोश्रो पटक पनि कसैले दुई तिहाई बहुमत प्राप्त गर्न नसकेमा सबै भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई राष्ट्रपतिको रूपमा निर्वाचित भएको घोषणा गरिने व्यवस्था गरिएको छ । यसरी बढी मत प्राप्त गरी निर्वाचित भएको राष्ट्रपतिले आमनिर्वाचनमा राजनैतिक दलहरूले पाएको सिटसंख्याको अनुपातमा मन्त्रिपरिषदको गठन गरी ६ महिना भित्र अर्को आम निर्वाचन हुने गरी निर्वाचनको तिथि समेत घोषणा गर्नु पर्ने व्यवस्था गरिएको छ । दुई पटक सर्वोच्च कार्यकारी पदमा आसिन भइसकेको व्यक्ति पुनः सो पदका लागि उम्मेदवार बन्नमा नै अयोग्य हुने व्यवस्था गरिएको छ । निर्वाचन सम्बन्धी अन्य कार्यविधि सम्बन्धित सदनले निर्धारित गर्ने व्यवस्था समेत उल्लेख गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | बहाल रहेको कुनै व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ र निज कुनै राजनैतिक दलको साधारण सदस्य समेत रहने छैन ।<br>(७) राष्ट्रपतिको निर्वाचन सम्बन्धी कार्यविधि सम्बन्धित सदनले निर्धारण गर्नेछ । | | |
| ४ | कार्यकारिणी अधिकार | (१) नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानून बमोजिम राष्ट्रपतिमा निहित हुनेछ ।<br>(२) यो संविधान र अन्य कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन मन्त्रिपरिषद्का अन्य सदस्यहरूको सहयोगमा राष्ट्रपतिले गर्नेछ ।<br>(३) संघीय नेपालको कार्यकारिणी कामहरू नेपाल सरकारको नाममा हुनेछ ।<br>(४) नेपालको संघीय कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित संघीय सूचि र साझा सूचिमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।<br>(५) उपधारा (३) बमोजिम नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण राष्ट्रपतिबाट जारी भएको नियमावली बमोजिम हुनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | संघीय नेपालको कार्यकारिणी अधिकार राष्ट्रप्रमुख र सरकारप्रमुख भएको नाताले राष्ट्रपतिले प्रयोग गर्ने व्यवस्था गरिएको छ । तर नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्दा राष्ट्रपतिले मन्त्रिपरिषदका अन्य सदस्यहरूको सहयोग लिने सक्नेछ । संघीय सूचि र साझा सूचीमा उल्लेखित विषयवस्तुमा सिमित रहने गरी कार्यकारिणी अधिकारको बाँडफाँड गरिएको छ र नेपालको कार्यकायरणी कार्यहरू नेपाल सरकारको नाममा हुनेछ । |
| ५ | मन्त्रिपरिषद्को गठन | (१) मन्त्रिपरिषदमा राष्ट्रपति, उपराष्ट्रपति, तथा अन्य मन्त्रीहरू रहनेछन् । मन्त्रिपरिषदको अध्यक्षता राष्ट्रपतिले गर्नेछ ।<br>(२) राष्ट्रपतिले व्यवस्थापिकाका सदस्यहरू मध्येबाट उप राष्ट्रपति तथा अन्य मन्त्रीहरूको नियुक्ति गरी कार्य विभाजन समेत गर्नेछ ।<br>तर मन्त्रिपरिषदमा संघीय व्यवस्थापिकाको कूल सदस्य संख्याको पन्ध्र प्रतिशत भन्दा बढी सदस्य रहने छैनन् ।<br>(३) उप राष्ट्रपति तथा मन्त्रीहरू राष्ट्रपतिको इच्छा अनुसारको | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपति, उप राष्ट्रपति, तथा अन्य मन्त्रीहरू रहेको मन्त्रिपरिषदको गठन हुने र यसको अध्यक्षता राष्ट्रपतिले गर्ने व्यवस्था गरिएको छ । राष्ट्रपतिले उपराष्ट्रपति तथा अन्य मन्त्रीहरूको नियुक्ति गरी कार्यविभाजन समेत गर्नसक्ने व्यवस्था गरिएको छ । यसरी नियुक्त उपराष्ट्रपति र अन्य मन्त्रीहरू राष्ट्रपतिको इच्छा अनुसारको अवधिसम्म मात्र पदमा वहाल रहन सक्नेछन् र कुनै मन्त्री विशेषका विरूद्धमा व्यवस्थापिकाबाट अविश्वासको प्रस्ताव पारित हुनसक्ने व्यवस्था गरी यस्तो अविश्वासको प्रस्ताव पारित भएको |

| | | | | |
|---|---|---|---|---|
| | | अवधि सम्म पदमा वहाल रहनेछन् ।<br>(४) कुनै मन्त्री विशेषका विरूद्धमा धारा .... बमोजिम व्यवस्थापिकाको तल्लो सदनले अविश्वासको प्रस्ताव पारित गरेमा राष्ट्रपतिले त्यस्तो मन्त्रीलाई पदमुक्त गर्नेछ । | | मन्त्रीलाई पदमुक्त गरिनु पर्ने व्यवस्था गरिएको छ । |
| ६ | राष्ट्रपति पदमुक्त हुने अवस्था | राष्ट्रपति देहायको अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछ :<br>(क) लिखित राजिनामा दिएमा, वा<br>(ख) निजको मृत्यु भएमा, वा<br>(ग) संविधानको गम्भीर उल्लंघन, खराव आचरण तथा पदीय दायित्व पूरा गर्न असमर्थ भएको कारणबाट व्यवस्थापिकाको तल्लो सदनको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई वहुमतबाट निज विरूद्ध महाभियोगको प्रस्ताव पारित भएमा । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | राष्ट्रपतिलाई महाभियोगको प्रस्ताव पारित गरी हटाउन सक्ने व्यवस्था गरिएको छ । महाभियोग लगाउने आधारहरू भने संविधानको गम्भिर उल्लंघन, खराव आचरण तथा पदीय दायित्व पूरा गर्न असमर्थ हुनुलाई उल्लेख गरिएको छ । यस बाहेक राजिनामा वा मृत्युको कारणबाट उ पदमुक्त हुनेछ । |
| ७ | अविश्वासको प्रस्ताव | (१) व्यवस्थापिकाको तल्लो सदनको कूल सदस्य संख्याको वहुमतले मन्त्रिपरिषद वा कुनै मन्त्री विशेषका विरूद्ध अविश्वासको प्रस्ताव पारित गरेमा राष्ट्रपतिले मन्त्रिपरिषदको पुनर्गठन गर्नेछ ।<br>(२) व्यवस्थापिकाको तल्लो सदनको कूल सदस्य संख्याको वहुमतले राष्ट्रपति विरूद्ध अविश्वासको प्रस्ताव पारित गरेमा राष्ट्रपति, उपराष्ट्रपति र अन्य मन्त्रीहरूले राजिनामा दिनु पर्नेछ ।<br>तर एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एकवर्ष भित्र सोही मन्त्रिपरिषद वा राष्ट्रपति विरूद्ध अर्को अविश्वासको प्रस्ताव राख्न पाइने छैन । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | यसैगरी व्यवस्थापिकाको तल्लो सदनको वहुमतबाट राष्ट्रपतिबाहेक बाँकी मन्त्रिपरिषदका विरूद्धमा अविश्वासको प्रस्ताव पारित गरेमा राष्ट्रपतिले मन्त्रिपरिषदको पुनर्गठन गर्नुपर्ने व्यवस्था गरिएको छ । यसबाट कुनै अवस्थामा राष्ट्रपतिलाई यथावत कायम राखी उसको मन्त्रिपरिषदलाई मात्र व्यवस्थापिकाप्रति उत्तरदायी बनाउन सकिन्छ । तर यदि कुनै अवस्थामा राष्ट्रपतिले सदनको विश्वास गुमाउन पुगेको अवस्थामा भने राष्ट्रपतिकै विरूद्धमा पनि अविश्वासको प्रस्ताव पारित गर्नसक्ने व्यवस्था पनि गरिएको छ । यसरी अविश्वासको प्रस्ताव पारित भएमा राष्ट्रपति लगायत उसको मन्त्रिपरिषदका सबै सदस्यले राजिनामा दिनुपर्ने व्यवस्था गरिएको छ । |

## प्रादेशिक कार्यकारिणी

| क्र. सं. | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भागमा रहने | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १. | प्रादेशिक कार्यकारिणी अधिकारको प्रयोग | (१) यो संविधान र अन्य कानुनको अधीनमा रही प्रत्येक प्रदेशको कार्यकारिणी अधिकार सम्बन्धित प्रदेशको मन्त्रीपरिषदमा निहित रहनेछ ।<br>तर संकटकालिन अवस्था वा केन्द्रीय शासन लागू भएको अवस्थामा प्रादेशिक कार्यकारी निकाय कायम नरहेमा प्रदेशप्रमुखले कार्यकारिणी अधिकारको प्रयोग गर्नेछ ।<br>(२) यो संविधान र अन्य कानुनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रादेशिक मन्त्रिपरिषदमा रहनेछ ।<br>(३) प्रदेशको कार्यकारिणी कार्यहरू प्रादेशिक सरकारका नाममा हुनेछन् ।<br>(४) प्रादेशिक कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित प्रादेशिक सूचि र साझा सूचिमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।<br>तर साझा सूचीमा उल्लेखित विषयवस्तुका सम्बन्धमा कार्यकारिणी अधिकारको प्रयोग गर्दा संघीय सरकारसँगको समन्वयमा गरिनेछ ।<br>(५) उपधारा (३) बमोजिम प्रादेशिक सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण प्रादेशिक कानुनद्वारा व्यवस्था भए बमोजिम हुनेछ । | प्रादेशिक कार्यकारिणी सम्बन्धी भागमा | मुलुक संघीय संरचनामा गएको अवस्थामा कार्यकारिणी अधिकारलाई पनि सोही बमोजिम बाँडफाँड गरिनु उपयुक्त हुने भएकोले संविधानद्वारा निर्धारित सूचि बमोजिमको विषयवस्तुका सम्बन्धमा प्रादेशिक कार्यकारिणी अधिकारको प्रयोग प्रादेशिक मन्त्रिपरिषदमा निहित रहने व्यवस्था गरिएको छ । तर विभिन्न कारणबश कुनै समयमा संकटकालिन अवस्था घोषणा भएको वा केन्द्रीय शासन लागू भएको अवस्थामा भने प्रादेशिक सरकार विघटन पनि हुन सक्ने भएकोले यस्तो अवस्थामा भने कार्यकारिणी अधिकारको प्रयोग प्रदेशप्रमुखले गर्न सक्ने व्यवस्था गरिएको हो । यसैगरी प्रदेश र संघ दुवै क्षेत्राधिकारमा रहने साझा सूचिमा उल्लेखित विषयवस्तुका सम्बन्धमा कार्यकारिणी अधिकारको प्रयोग गर्दा भने प्रदेशले संघीय सरकारसँगको समन्वयमा गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ । सामान्यतया प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन प्रादेशिक मन्त्रिपरिषदले गर्ने र यस्तो कार्यकारिणी कार्य प्रादेशिक सरकारका नाममा हुने व्यवस्था गरिएको छ । |
| २. | प्रदेशप्रमुख | (१) प्रत्येक प्रदेशमा केन्द्रीय सरकारको प्रतिनिधिको रूपमा | प्रादेशिक | संघीय संरचनामा गएको अवस्थामा प्रदेशको कार्यकारिणी |

| | | | | |
|---|---|---|---|---|
| | सम्बन्धी व्यवस्था | "प्रदेशप्रमुख" रहनेछ ।<br>(२) राष्ट्रपतिले सम्बन्धित प्रदेशको मुख्यमन्त्रीसँग परामर्श गरी सो प्रदेशको प्रदेश प्रमुखको नियुक्ति गर्नेछ ।<br>तर यो संविधान जारी भएपछि एकपटकलाई प्रदेशप्रमुख नियुक्ति गर्दा यस्तो परामर्श आवश्यक पर्नेछैन ।<br>(३) प्रदेशप्रमुखको पदावधि ५ वर्षको हुनेछ ।<br>तर राष्ट्रपतिले आवश्यक ठानेमा सो पदावधि समाप्त हुनुभन्दा अगावै निजलाई पदमुक्त गर्न सक्नेछ ।<br>(४) कुनै व्यक्ति लगातार दुई पटकभन्दा बढी प्रदेशप्रमुख हुनेछैन । | कार्यकारिणी सम्बन्धी भागमा | अधिकार प्रयोग प्रदेशकै मन्त्रिपरिषदले गर्दछ तापनि त्यहाँ संघीय सरकारसँग समन्वय कायम राख्नका लागि र संकटकालिन अवस्थामा मन्त्रिपरिषद रहन नसक्ने हुँदा संघीय सरकारको प्रतिनिधिको रूपमा प्रदेशप्रमुख रहने संवैधानिक व्यवस्था गरिएको छ । तर प्रदेशप्रमुखको नियुक्ति गर्दा भने राष्ट्रपतिले सम्बन्धित प्रदेशको मुख्यमन्त्रीसँग परामर्श गर्नुपर्ने व्यवस्था पनि उल्लेख गरिएको छ । यसबाट प्रदेशप्रमुखलाई पनि सम्बन्धित प्रदेशमा कार्य गर्नका लागि सहज वातावरण हुनेछ । तर पहिलो पटक प्रदेशप्रमुख नियुक्ति गर्दा प्रादेशिक व्यवस्थापिकाको निर्वाचन सम्पन्न भई मुख्यमन्त्री नियुक्ति भई सकेको अवस्था नहुने हुँदा यस्तो परामर्श आवश्यक नपर्ने व्यवस्था राखिएको छ ।<br>प्रदेश प्रमुखको पदावधि सामान्यतया ५ वर्षको हुने भएतापनि राष्ट्रपतिले आवश्यक ठानेमा सो अगावै पनि निजलाई पदमुक्त गर्नसक्ने व्यवस्था गरी सो पदलाई संघीय कार्यकारिणीको वास्तविक प्रतिनिधिको रूपमा रहने व्यवस्था गरिएको छ । एउटै प्रदेशमा एकै व्यक्ति लगातार दुई कार्यकालभन्दा बढी रहन नसक्ने व्यवस्था समेत गरिएको छ । |
| ३ | प्रदेशप्रमुखको योग्यता | देहाय बमोजिमको योग्यता भएको व्यक्ति प्रदेशप्रमुखको पदमा नियुक्त हुनसक्नेछ :<br>(क) ३५ वर्ष उमेर पूरा भएको,<br>(ख) संघीय व्यवस्थापिकाको सदस्य हुन योग्य । | प्रादेशिक कार्यकारिणी सम्बन्धी भागमा | प्रदेशप्रमुखको पदमा नियुक्त हुने व्यक्तिको योग्यता संविधानमानै स्पष्ट गर्नु आवश्यक भएकोले संघीय व्यवस्थापिकाको सदस्य हुन योग्य ३५ वर्ष उमेर पूरा भएको व्यक्ति मात्र सो पदमा नियुक्त हुनसक्ने व्यवस्था गरिएको छ । |
| ४. | प्रदेशप्रमुख पदमुक्त हुने अवस्था | (१) देहायको अवस्थामा प्रदेश प्रमुख आफ्नो पदबाट मुक्त हुनेछ :<br>(क) मृत्यु भएमा,<br>(ख) निजले दिएको लिखित राजिनामा राष्ट्रपतिबाट स्वीकृत भएमा, | प्रादेशिक कार्यकारिणी सम्बन्धी भागमा | मृत्यु भएमा वा लिखित राजिनामा स्वीकृत भएमा वा पदावधि समाप्त भएमा वा राष्ट्रपतिले हटाएमा प्रदेशप्रमुख पदमुक्त हुने व्यवस्था गरिएको छ । यदि कुनै एक प्रदेशमा प्रदेशप्रमुखको पद रिक्त भएमा कुनै निश्चित अवधिसम्मका लागि अर्को प्रदेशको प्रदेशप्रमुखलाई सो प्रदेशको समेत |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) पदावधि समाप्त भएमा वा सो अगावै राष्ट्रपतिले निजलाई पदमुक्त गरेमा ।<br>(२) कुनै प्रदेशको प्रदेशप्रमुखको पद रिक्त भएको अवस्थामा प्रदेशप्रमुखको नियुक्ति नभएसम्मको लागि राष्ट्रपतिले अर्को कुनै प्रदेशको प्रदेश प्रमुखलाई कामकाज गर्ने गरी तोक्न सक्नेछ । | | कामकाज गर्नसक्ने गरी तोक्ने अधिकार राष्ट्रपतिलाई प्रदान गरिएको छ । |
| ५. | प्रदेशप्रमुखको काम कर्तव्य र अधिकार | (१) प्रदेशप्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(क) प्रादेशिक व्यवस्थापिकाको अधिवेशन आह्वान र अन्त्य गर्ने ।<br>(ख) प्रादेशिक व्यवस्थापिकाले पारित गरेका विधेयकमा स्वीकृति प्रदान गर्ने ।<br>(ग) संविधान तथा कानुन बमोजिम नियुक्ति गर्नुपर्ने सम्बन्धित प्रदेशका विभिन्न पदाधिकारीहरूको नियुक्ति गर्ने ।<br>(घ) प्रादेशिक तहको पुरस्कार, मानपदवी, अलंकार र पदकहरू प्रदान गर्ने ।<br>(ङ) प्रादेशिक एवं मातहतका अदालतहरूबाट प्रादेशिक कानुन अन्तर्गत पाएका सजायलाई माफी, मुल्तवी र सजाय कम गर्ने ।<br>(२) यस संविधान र प्रचलित कानुन बमोजिम प्रदेशप्रमुखले आफ्नो अधिकारको प्रयोग गर्दा सामान्यतयाः प्रादेशिक मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट गर्नेछ । यस्तो सल्लाह र सम्मति मुख्यमन्त्री मार्फत पेश हुनेछ ।<br>(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधान र कानुन बमोजिम अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने कार्यहरू गर्दा प्रादेशिक मन्त्रिपरिषदको | प्रादेशिक कार्यकारिणी सम्बन्धी भागमा | प्रदेशप्रमुखले सामान्यतया कार्यकारिणी अधिकारको प्रयोग गर्दैन । तर केही निश्चित अवस्थामा उसको नामबाट केही कार्यकारिणी कार्यहरू सम्पन्न हुने व्यवस्था गरिएको छ । तर कुनै अन्य पदाधिकारी तथा निकायको सिफारिसमा गर्ने कार्य भनी संविधान वा कानुनमा उल्लेख भएको अवस्थामा बाहेक प्रदेशप्रमुखले कार्यकारिणी कार्यहरू प्रादेशिक मन्त्रिपरिषदको सल्लाह र सम्मतिमा गर्नसक्ने व्यवस्था गरिएको छ । यस्तो सल्लाह र सम्मति मुख्यमन्त्री मार्फत पेश हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | | सल्लाह र सम्मति आवश्यक पर्नेछैन । | | |
| ६. | प्रदेशप्रमुखको शपथ | प्रदेशप्रमुखले राष्ट्रपति समक्ष अनुसूची ... मा तोकिएको ढाँचामा आफ्नो पद तथा गोपनियताको शपथ लिनेछ । | प्रादेशिक कार्यकारिणी सम्बन्धी भागमा | कार्यभार सम्हाल्नु अघि कुनै पनि पदाधिकारीले शपथग्रहण गर्नुपर्ने मान्यता अनुरूप प्रदेशप्रमुखले राष्ट्रपति समक्ष पद तथा गोपनियताको शपथ लिनुपर्ने व्यवस्था गरिएको छ । |
| ७. | प्रादेशिक मन्त्रिपरिषदको गठन | (१) संविधानको धारा ८ बमोजिम मुख्यमन्त्रीको नियुक्ति हुनेछ र निजको अध्यक्षतामा प्रादेशिक मन्त्रिपरिषदको गठन हुनेछ ।<br>(२) मन्त्रिपरिषदमा आवश्यकता अनुसार उप मुख्यमन्त्री र अन्य मन्त्रीहरू रहने छन् ।<br>**स्पष्टीकरण:** यस धाराको प्रयोजनका लागि मन्त्री भन्नाले मन्त्रालयको छुट्टै कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ ।<br>(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुख्यमन्त्रीका अतिरिक्त मन्त्रिपरिषदमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको कूल सदस्य संख्याको वीस प्रतिशत भन्दा बढी मन्त्रीहरू नियुक्ति गरिने छैनन् ।<br>(४) मुख्यमन्त्रीले मन्त्रीहरू नियुक्ति गर्दा प्रादेशिक व्यवस्थापिकाको सदस्यहरू मध्येबाट समानुपातिक एवं समावेशी सिद्धान्त बमोजिम नियुक्त गर्नुपर्नेछ ।<br>(५) मुख्यमन्त्री र मन्त्रीहरू प्रादेशिक व्यवस्थापिकाप्रति सामूहिक रूपमा उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा मुख्यमन्त्री र प्रादेशिक व्यवस्थापिका प्रति उत्तरदायी हुनेछन् ।<br>(६) देहायको अवस्थामा मुख्यमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ :<br>(क) निजको मृत्यु भएमा, वा | प्रादेशिक कार्यकारिणी सम्बन्धी भागमा | प्रादेशिक मन्त्रिपरिषदको अध्यक्षता मुख्यमन्त्रीले गर्ने र आवश्यकता अनुसार समानुपातिक एवं समावेशी सिद्धान्त बमोजिम उप मुख्यमन्त्री र अन्य मन्त्रीहरू रहनसक्ने व्यवस्था गरिएको छ । व्यवस्थापिकाको सदस्य भएको व्यक्तिमात्र उपमुख्यमन्त्री तथा मन्त्री पदमा नियुक्त हुने र मुख्यमन्त्री तथा मन्त्रीहरू व्यवस्थापिका प्रति उत्तरदायी हुने व्यवस्था गरिएको छ । यसैगरी आफूखुशी रूपमा मन्त्रीहरू नियुक्त गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न प्रादेशिक मन्त्रिपरिषदमा रहने सदस्यको अधिकतम संख्या समेत निर्धारण गरिएको छ ।<br><br>यसैगरी व्यवस्थापिकाको समर्थन रहेसम्म मुख्यमन्त्री पदमा वहाल रहने व्यवस्था गरिएको छ भने उप मुख्यमन्त्री तथा मन्त्रीहरू भने प्रधानमन्त्रीको इच्छा अनुसारको अवधिसम्म पदमा रहन सक्ने व्यवस्था गरिएको छ । मुख्यमन्त्री पदमुक्त भएमा मन्त्रिपरिषद विघटन हुने र अर्को मन्त्रिपरिषद गठन नभएसम्मका लागि सोही मन्त्रिपरिषदले कार्य गर्ने व्यवस्था गरी मुख्यमन्त्रीको मृत्यु भएको अवस्थामा भने अर्को व्यवस्था नभए सम्म उप मुख्यमन्त्री वा वरिष्ठतम मन्त्रीले मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्ने व्यवस्था गरिएको छ । यसबाहेक राजिनामा दिएमा, मृत्यु भएमा, व्यवस्थापिकाको सदस्य नरहेमा समेत मुख्यमन्त्री तथा अन्य मन्त्रीहरू पदमुक्त |

| | | | | |
|---|---|---|---|---|
| | | (ख) प्रदेश प्रमुख समक्ष लिखित राजिनामा दिएमा, वा<br>(ग) निज प्रादेशिक व्यवस्थापिकाको सदस्य नरहेमा, वा<br>(घ) निज प्रति व्यवस्थापिकाको विश्वास छैन भनी प्रादेशिक व्यवस्थापिकाको कूल सदस्य संख्याको एकचौथाई सदस्यले राखेको अविश्वासको प्रस्ताव कूल सदस्य संख्याको वहुमतबाट पारित भएमा ।<br>(७) उप मुख्यमन्त्री, मन्त्री तथा राज्यमन्त्री देहायको अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :<br>(क) निजको मृत्यु भएमा, वा<br>(ख) निजले मुख्यमन्त्री समक्ष लिखित राजिनामा दिएमा, वा<br>(ग) उपधारा (६) बमोजिम मुख्यमन्त्री आफ्नो पदबाट मुक्त भएमा, वा<br>(घ) मुख्यमन्त्रीले निजलाई पदमुक्त गरेमा ।<br>(८) उपधारा (६) बमोजिम मुख्यमन्त्री आफ्नो पदबाट मुक्त भएपनि अर्को मन्त्रिपरिषदको गठन नभएसम्म सोही मन्त्रिपरिषदले कार्य सञ्चालन गरी रहनेछ ।<br>तर मुख्यमन्त्रीको मृत्यु भएको अवस्थामा भने नयाँ मुख्यमन्त्रीको नियुक्ति नभएसम्मको लागि उपमुख्यमन्त्री वा वरिष्ठतम मन्त्रीले मुख्यमन्त्रीको रूपमा कार्यसञ्चालन गर्नेछ । | | हुने व्यवस्था गरिएको छ । |
| ८. | मुख्यमन्त्रीको नियुक्ति सम्बन्धी व्यवस्था | (१) सम्बन्धित प्रदेशको प्रदेशप्रमुखले प्रादेशिक व्यवस्थापिकाबाट निर्वाचित देहायमा उल्लेख गरे बमोजिमको व्यक्तिलाई प्रदेशको मुख्यमन्त्रीको पदमा नियुक्ति गर्नेछ : | प्रादेशिक कार्यकारिणी सम्बन्धी भागमा | विभिन्न अवस्थामा मुख्यमन्त्रीको निर्वाचन तथा नियुक्ति के कसरी हुने भन्ने व्यवस्था गर्न आवश्यक भएकोले यससम्बन्धी व्यवस्था गरिएको हो । यसका लागि सर्वप्रमथ सवै दलहरूको सर्वसम्मतिको प्रयास गरिने र सो हुन नसकेमा मात्र |

| | | | | |
|---|---|---|---|---|
| | | (क) प्रादेशिक व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने दलहरूको सर्वसम्मतीबाट प्रस्तावित व्यवस्थापिकाको सदस्य<br>(ख) खण्ड (क) बमोजिम सर्वसम्मती कायम हुन नसकेमा प्रादेशिक व्यवस्थापिकामा बहुमत प्राप्त दलको नेता<br>(ग) प्रादेशिक व्यवस्थापिकामा कुनै एउटा दलको बहुमत प्राप्त नभएको अवस्थामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा निर्वाचित प्रादेशिक व्यवस्थापिकाको सदस्य<br>(२) व्यवस्थापिकाबाट कुनैपनि व्यक्ति मुख्यमन्त्रीको रूपमा निर्वाचित हुन नसकेमा प्रादेशिक व्यवस्थापिकामा रहेको सबैभन्दा ठूलो दलको नेतालाई प्रदेशप्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्नेछ ।<br>तर यसरी नियुक्त मुख्यमन्त्रीले आफू नियुक्त भएको ३० दिनभित्र प्रादेशिक व्यवस्थापिकाको विश्वासको मत प्राप्त गर्नुपर्नेछ । | | व्यवस्थापिकामा बहुमत प्राप्त दलको नेतालाई मुख्यमन्त्री पदमा नियुक्त गरिने व्यवस्था गरिएको छ । उक्त दुवै प्रकृयाद्वारा मुख्यमन्त्री नियुक्त हुन नसकेको अवस्थामा भने दुई वा बढी दलहरूको समर्थन लिएको व्यवस्थापिकाको सदस्य र सो पनि सम्भव नभएको अवस्थामा भने सबैभन्दा ठूलो दलको संसदीय दलको नेता मुख्यमन्त्रीको रूपमा निर्वाचित हुने व्यवस्था गरिएको छ । तर यसरी नियुक्त मुख्यमन्त्रीले आफू नियुक्त भएको ३० दिनभित्र व्यवस्थापिकाको विश्वास आफूप्रति छ भन्ने कुरा प्रमाणित गनुपर्ने व्यवस्था गरिएको छ । |
| ९ | राज्यमन्त्री र सहायक मन्त्री | मुख्यमन्त्रीले धारा ७ को उपधारा (३) र (४) को सार्वभौमिकतामा प्रतिकूल असर नपर्ने गरी आवश्यकता अनुसार राज्यमन्त्री र सहायक मन्त्रीको नियुक्ति गर्न सक्नेछ । | प्रादेशिक कार्यकारिणी सम्बन्धी भागमा | मुख्यमन्त्रीले धारा ७ मा तोकिएको मन्त्रिपरिषदको अधिकतम संख्यामा नबढ्ने गरी प्रादेशिक व्यवस्थापिकाका सदस्यहरू मध्येबाट आवश्यकता अनुसार राज्यमन्त्री तथा सहायकमन्त्रीको नियुक्ति गर्नसक्ने व्यवस्था गरिएको छ । |
| १० | पारिश्रमिक तथा अन्य सुविधाहरू | प्रदेशप्रमुख, मुख्यमन्त्री, उपमुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण हुनेछ । सो बमोजिम ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ । | प्रादेशिक कार्यकारिणी सम्बन्धी भागमा | मुख्यमन्त्री, उप मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री जस्ता पदाधिकारीहरूको पारिश्रमिक निर्धारण व्यवस्थापिका निर्मित ऐनद्वारा हुने व्यवस्था गर्नु उपयुक्त देखिएकोले यो व्यवस्था गरिएको छ । |
| ११ | शपथ | मुख्यमन्त्रीले प्रदेश प्रमुख समक्ष र उप मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीले मुख्यमन्त्री समक्ष आफ्नो पद र गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ । | प्रादेशिक कार्यकारिणी सम्बन्धी | मुख्यमन्त्री, उप मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री जस्ता पदाधिकारीहरूले आफ्नो कार्यभार ग्रहण गर्नु भन्दा पहिले पद तथा गोपनियताको शपथ लिनुपर्ने मान्यता |

| | | | | |
|---|---|---|---|---|
| | | | भागमा | अनुरूप यस सम्बन्धी व्यवस्था गरिएको छ । |
| १२ | प्रादेशिक सरकारको कार्य सञ्चालन | (१) प्रादेशिक सरकारबाट स्वीकृत नियमावली बमोजिम प्रादेशिक सरकारको कार्य विभाजन र कार्यसम्पादन हुनेछ ।<br>(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भए नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन । | प्रादेशिक कार्यकारिणी सम्बन्धी भागमा | सरकारको कार्य विभाजन र कार्यसम्पादनका लागि आवश्यकता अनुसार नियमावली बनाउने अधिकार मन्त्रिपरिषदमा रहनु उचित हुने र यस्तो नियमावली विशुद्ध रूपमा कार्यकारिणीको क्षेत्राधिकार भित्रको विषय भएकोले यस्तो नियमावली अनुसार भएको कार्यलाई न्यायिक निरुपणको विषयवस्तु बनाइनु उपयुक्त नदेखिएकोले यस सम्बन्धमा अदालतमा प्रश्न उठाउन नसकिने व्यवस्था गरिएको हो । |

## स्थानीय कार्यकारिणी

| क्र. सं. | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भागमा रहने | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १ | स्थानीय कार्यकारिणी अधिकारको प्रयोग | (१) यो संविधान र अन्य कानुनको अधीनमा रही प्रत्येक स्थानीय तहको कार्यकारिणी अधिकार सम्बन्धित स्थानीय सरकारको कार्यकारिणीमा निहित रहनेछ ।<br>(२) यो संविधान र अन्य कानुनको अधीनमा रही स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा स्थानीय सरकारको कार्यकारिणी अंगमा रहनेछ ।<br>(३) स्थानीय कार्यकारिणी कार्यहरू स्थानीय सरकारका नाममा हुनेछन् ।<br>(४) स्थानीय कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित स्थानीय सूचिमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।<br>तर साझा सूचीमा उल्लेखित विषय वस्तुका सम्बन्धमा कार्यकारिणी अधिकारको प्रयोग गर्दा संघीय सरकार र प्रादेशिक सरकारसँगको समन्वयमा गरिनेछ । | स्थानीय कार्यकारिणी सम्बन्धी भागमा | मुलुक संघीय संरचनामा गएको अवस्थामा कार्यकारिणी अधिकारलाई पनि सोही बमोजिम बाँडफाँड गरिनु उपयुक्त हुने भएकोले संविधानद्वारा निर्धारित सूचि बमोजिमको विषयवस्तुका सम्बन्धमा स्थानीय कार्यकारिणी अधिकारको प्रयोग स्थानीय सरकारको कार्यकारिणी अंगमा निहित रहने व्यवस्था गरिएको छ । यसैगरी साझा सूचिमा उल्लेखित विषयवस्तुका सम्बन्धमा कार्यकारिणी अधिकारको प्रयोग गर्दा भने स्थानीय सरकारले संघीय र प्रादेशिक सरकारसँगको समन्वयमा गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ । सामान्यतया स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन स्थानीय सरकारको कार्यकारिणी अंगले गर्ने र यस्तो कार्यकारिणी कार्य स्थानीय सरकारका नाममा हुने व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (५) उपधारा (३) बमोजिम स्थानीय सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण कानुनद्वारा व्यवस्था भए बमोजिम हुनेछ । | | |
| २ | स्थानीय सरकारको कार्यकारी प्रमुख र उप प्रमुख सम्बन्धी व्यवस्था | (१) प्रत्येक स्थानीय सरकारमा कार्यकारिणी प्रमुखको रूपमा एकजना अध्यक्ष रहनेछ ।<br>(२) अध्यक्षलाई उसको कार्य सम्पादनमा सघाउ पुऱ्याउन एवं अध्यक्षको अनुपस्थितिमा कार्य गर्न एकजना उपाध्यक्ष रहनेछ ।<br>(३) अध्यक्ष तथा उपाध्यक्षको पदावधि ५ वर्षको हुनेछ ।<br>(४) कुनै स्थानीय सरकारमा दुई पटक अध्यक्ष भइसकेको व्यक्ति तेश्रोपटकको लागि सो पदमा उम्मेदवार हुन योग्य मानिने छैन । | स्थानीय कार्यकारिणी सम्बन्धी भागमा | स्थानीय सरकारको कार्यकारी प्रमुख र उप प्रमुखको रूपमा अध्यक्ष र उपाध्यक्ष रहने व्यवस्था गरिएको छ र निजहरू ५ वर्षसम्म पदमा वहाल रहनेछन् । दुई पटक अध्यक्ष भइसकेको व्यक्ति पुनः तेश्रोपटकको निर्वाचनमा उम्मेदवारीका लागि नै अयोग्य हुने व्यवस्था गरिएको छ । |
| ३ | अध्यक्ष र उपाध्यक्षको निर्वाचन सम्बन्धी व्यवस्था | (१) अध्यक्ष र उपाध्यक्षको निर्वाचन वालिग मताधिकारको आधारमा सम्बन्धित स्थानीय क्षेत्र भित्रका मतदाताहरूद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका आधारमा कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।<br>(२) एकै राजनैतिक दल वा समूहले अध्यक्ष र उपाध्यक्ष दुवै पदको लागि उम्मेदवार उठाएमा कुनै एकपदमा अलग लिङ्ग, जातियता वा क्षेत्रको व्यक्तिलाई उम्मेदवार बनाउनु पर्नेछ । | स्थानीय कार्यकारिणी सम्बन्धी भागमा | अध्यक्षको निर्वाचन प्रत्यक्ष रूपमा हुन उपयुक्त देखी यस सम्बन्धी निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ । जस अनुसार सम्बन्धित स्थानीय क्षेत्र भित्रका मतदाताले कानुनमा व्यवस्था भए बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम अध्यक्षको निर्वाचन गर्ने व्यवस्था गरिएको छ । कुनै राजनैतिक दल वा समूहले अध्यक्ष र उपाध्यक्ष दुवै पदमा उम्मेदवार उठाएमा कुनै एक पदमा अल लिङ्ग, जातियता र क्षेत्रको व्यक्तिलाई उम्मेदवारलाई बनाउनु पर्ने व्यवस्था गरी लैंगिक, जातिय र क्षेत्रीय सन्तुलन कायम हुने व्यवस्था गरिएको छ । |
| ४. | अध्यक्ष र उपाध्यक्ष पदमुक्त हुने अवस्था | (१) देहायको अवस्थामा अध्यक्ष र उपाध्यक्ष आफ्नो पदबाट मुक्त हुनेछ :<br>(क) मृत्यु भएमा, वा<br>(ख) निजले लिखित राजिनामा दिएमा, वा | स्थानीय कार्यकारिणी सम्बन्धी भागमा | मृत्यु भएमा वा राजिनामा दिएमा वा पदावधि समाप्त भएमा बाहेक स्थानीय तहको व्यवस्थापिकीय अंगमा तत्काल कायम रहेका सदस्यहरू मध्ये एक तिहाई सदस्यहरूले राखेको महाभियोगको प्रस्ताव दुई तिहाई वहुमतबाट पारित भएमा अध्यक्ष र उपाध्यक्ष पदमुक्त हुने व्यवस्था गरिएको छ । तर यस्तो महाभियोगको प्रस्ताव निर्वाचन पश्चातको पहिलो वर्ष |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) पदावधि समाप्त भएमा, वा<br>(घ) स्थानीय तहको व्यवस्थापिकीय अंगका तत्काल कायम रहेका सदस्यहरू मध्ये एक तिहाई सदस्यहरूले राखेको महाभियोगको प्रस्ताव दुईतिहाई सदस्यबाट पारित भएमा । तर यस्तो प्रस्ताव कार्य प्रारम्भ गरेको एक वर्ष भित्र र कार्यावधि समाप्त हुन एकवर्ष बाँकी रहेको अवस्थामा तथा महाभियोगको प्रस्ताव असफल भएको एकवर्ष अवधि व्यतित नभई अर्को महाभियोगको प्रस्ताव राख्न पाइने छैन ।<br>(२) उपधारा (१) बमोजिम अध्यक्षको पदरिक्त भएमा ६ महिना भित्र अध्यक्षको निर्वाचन सम्पन्न गरिनेछ ।<br>(३) उपधारा (१) बमोजिम अध्यक्ष पद रिक्त भई अर्को निर्वाचन नभएसम्म वा ४ वर्षको पदावधि समाप्त गरी अध्यक्ष पदमुक्त भएको अवस्थामा बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्षको रूपमा कार्यसम्पादन गर्नेछ । | | र अर्को निर्वाचन हुनु एकवर्ष पूर्व राख्न नपाइने व्यवस्था गरिएको छ । यसैगरी एकपटक महाभियोगको प्रस्ताव असफल भएपछि सो को एकवर्ष भित्र अर्को प्रस्ताव राख्न नपाइने व्यवस्था समेत गरिएको छ । यसबाट बारम्बार महाभियोगको प्रस्ताव आउने र सरकारलाई अस्थिर बनाई कार्य गर्न नदिने प्रवृत्तिलाई निरूत्साहित तुल्याउने छ । अध्यक्षको पदरिक्त भएको अवस्थामा अवस्था अनुसार अर्को निर्वाचन हुने वा उपाध्यक्षले बाँकी अवधिको लागि कार्यसम्पादन गर्नसक्ने दुई वटा प्रावधान राखिएको छ । |
| ५ | स्थानीय सरकारको कार्यकारिणी अङ्गको गठन | (१) प्रत्येक स्थानीय सरकारको कार्यकारिणी अङ्गमा आवश्यकता अनुसार अध्यक्ष र उपाध्यक्ष सहित महानगरको हकमा ५ देखि ११ जना, उपमहानगर र नगरको हकमा ५ देखि ९ जना सम्म र गाउँको हकमा ५ देखि ७ जनासम्म सदस्यहरू रहनेछन् ।<br>(२) अध्यक्षले सम्बन्धित स्थानीय तहको व्यवस्थापिकीय अंगमा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूको सिटसंख्याको आधारमा सो अंगका सदस्यहरू मध्येबाट समानुपातिक र समावेशी सिद्धान्त बमोजिम सदस्यहरूको मनोनयन गरी कार्य विभाजनसमेत गर्नेछ ।<br>तर अर्को राजनैतिक दलको तर्फबाट सदस्य मनोनयन गर्दा सो दलको व्यवस्थापिकीय अंगमा रहेको नेताको परामर्श लिनु पर्नेछ ।<br>(३) अध्यक्षले स्थानीय सरकारमा सहभागि दलहरुको सहमतिमा | स्थानीय कार्यकारिणी सम्बन्धी भागमा | स्थानीय सरकारको कार्यकारिणी अंगमा आवश्यकता अनुसार अध्यक्ष र उपाध्यक्ष सहित कम्तीमा ५ जना देखि बढीमा ११ जनासम्म सदस्यहरू रहने व्यवस्था गरिएको छ । अध्यक्षले स्थानीय तहको व्यवस्थापिकीय अंगमा प्रतिनिधित्व गर्ने राजनैतिक दलको सिटसंख्याको अनुपातमा समावेशी र समानुपातिक सिद्धान्त बमोजिम सदस्यहरूको मनोनयन गरी कार्यविभाजन गर्नसक्ने व्यवस्था गरिएको छ । तर अर्को राजनैतिक दलको तर्फबाट सदस्य मनोनयन गर्दा सो दलको व्यवस्थापिकीय अंगमा रहेको नेताको परामर्श लिनु पर्नेछ । यसका साथै अध्यक्षले स्थानीय सरकारमा सहभागि दलहरुको सहमतिमा आवश्यकता अनुसार कार्यकारिणी अङ्गको हेरफेर एवं पुनर्गठन समेत गर्नसक्ने व्यवस्था गरिएको छ । यसरी अध्यक्षले अन्य दलहरूसँग समेत समन्वय राखी कार्य गर्नु पर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | आवश्यकता अनुसार कार्यकारिणी अङ्गको हेरफेर एवं पुनर्गठन समेत गर्नसक्नेछ । | | व्यवस्था गरिएको छ । |
| ६ | स्थानीय सरकारको कार्य सञ्चालन | स्थानीय सरकारबाट स्वीकृत नियमावली बमोजिम स्थानीय सरकारको कार्य विभाजन र कार्यसम्पादन हुनेछ । | स्थानीय कार्यकारिणी सम्बन्धी भागमा | सरकारको कार्यविभाजन र कार्यसम्पादनका लागि आवश्यकता अनुसार नियमावली बनाउने अधिकार सम्बन्धित तहको सरकारमा रहने व्यवस्था गरिएको छ । यस्तो नियमावली बनाउने कुरा सम्बन्धित तहको कार्यकारिणीको क्षेत्राधिकार भित्रको विषय भएकोले यस्तो व्यवस्था गरिएको हो । |
| ६ | स्थानीय सरकारको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्थाहरू | यस भागमा लेखिए देखि बाहेक स्थानीय सरकारको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्थाहरू यस संविधानको अधीनमा रही संघीय व्यवस्थापिकाले बनाएको ऐनद्वारा व्यवस्था गरिए बमोजिम हुनेछ । | स्थानीय कार्यकारिणी सम्बन्धी भागमा | यस संविधानमा उल्लेख गरिए बाहेक स्थानीय तहको कार्यकारिणीका सम्बन्धमा अन्य आवश्यक व्यवस्थाहरू गर्नका लागि यस सम्बन्धी ऐन निर्माण हुने र सोही ऐनले गरेको व्यवस्था बमोजिम हुने व्यवस्था गर्नु उपयुक्त ठानी यो व्यवस्था गरिएको छ । |

## विभिन्न तहका सरकारहरू वीच अन्तरसम्बन्ध

| | | | | |
|---|---|---|---|---|
| १ | संघीय र प्रादेशिक सरकार वीचको विवाद समाधान संयन्त्र | (१) संघीय सरकार र एक वा एकभन्दा बढी प्रादेशिक सरकार तथा दुई वा दुई भन्दा बढी प्रादेशिक सरकार वीच यस संविधान र कानुन बमोजिम प्राप्त कार्यकारिणी अधिकारको प्रयोगका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा यस्तो विवाद समाधानका लागि राष्ट्रपति/प्रधानमन्त्रीले देहाय बमोजिम एक समिति गठन गर्नेछ :-<br>(क) राष्ट्रपति/प्रधानमन्त्री वा निजले तोकेको उपराष्ट्रपति/उपप्रधानमन्त्री वा मन्त्रिपरिषदको सदस्य -अध्यक्ष<br>(ख) राष्ट्रपति/प्रधानमन्त्रीले तोकेका संघीय मन्त्रिपरिषदका सदस्यहरू मध्येबाट दुईजना - सदस्य<br>(ग) विवादसँग सम्बन्धित प्रादेशिक सरकारका | संघीय कार्यकारिणी सम्बन्धी भागमा | संघीय सरकार, प्रादेशिक सरकारहरूका वीचमा तथा दुई वा दुई भन्दा बढी प्रादेशिक सरकारहरूका वीचमा कार्यकारिणी काम कारवाहीका क्रममा कुनै विवाद उत्पन्न भएमा यस्तो विवाद समाधानका लागि राष्ट्रपति / प्रधानमन्त्रीले निज वा निजले तोकेको उपराष्ट्रपति / उपप्रधानमन्त्री वा संघीय मन्त्रिपरिषदको कुनै सदस्यको अध्यक्षतामा संघीय मन्त्रिपरिषदका तोकिएका दुई जना सदस्यहरू, सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा महान्यायाधिवक्ता समेत रहेको एक विवाद समाधान संयन्त्र निर्माण गर्नसक्ने व्यवस्था संविधानमा नै उल्लेख गर्नु उपयुक्त देखी यो व्यवस्था गरिएको छ । यस्तो संयन्त्रले सहमतिका आधारमा विवाद समाधान गर्ने र सहमति कायम हुन नसकेमा सो विषयलाई अन्तिम रूपमा निरुपण गर्नका लागि राष्ट्रपति / प्रधानमन्त्रीले संविधान वा |

| | | | | |
|---|---|---|---|---|
| | | मुख्य मन्त्री - सदस्य<br>(घ) महान्यायाधिवक्ता - सदस्य<br>(२) उपधारा (१) बमोजिम गठन भएको समितिले सहमतिका आधारमा विवादको समाधान गर्नेछ ।<br>(३) उपधारा (२) बमोजिम विवादको समाधान हुन नसकेमा सोको अन्तिम निरुपणका लागि राष्ट्रपति/प्रधानमन्त्रीले समितिमा अन्तिम निर्णय भएको मितिले ३० दिनभित्र यो संविधान वा प्रचलित कानुन बमोजिम अधिकारप्राप्त अदालत / निकायमा पठाउनेछ ।<br>(४) यो धारा बमोजिम गठन भएको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ । | | कानुन बमोजिम अधिकार प्राप्त अदालतमा पठाउन लगाउने व्यवस्था संविधानमा गरिनेछ । यसबाट विवाद समाधानको अन्तिम उपाय संविधान तथा कानुन बमोजिम अदालतबाट खोजिने संवैधानिक व्यवस्था रहनेछ । |
| २ | संघीय, प्रादेशिक र स्थानीय सरकारहरू वीचको विवाद समाधान संयन्त्र | (१) दुई वा दुईभन्दा बढी स्थानीय सरकार वा एक वा एकभन्दा बढी स्थानीय सरकार र एक वा एकभन्दा बढी प्रादेशिक सरकार वा एक वा एकभन्दा बढी स्थानीय सरकार, एक वा एकभन्दा बढी प्रादेशिक सरकार र संघीय सरकार वीच यस संविधान र कानुन बमोजिमप्राप्त कार्यकारिणी अधिकारको प्रयोगका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा यस्तो विवाद समाधानका लागि राष्ट्रपति/प्रधानमन्त्रीले देहाय बमोजिम एक समिति गठन गर्नेछ :-<br>(क) राष्ट्रपति/प्रधानमन्त्री वा निजले तोकेको उपराष्ट्रपति/उपप्रधानमन्त्री वा मन्त्रिपरिषदको सदस्य -अध्यक्ष<br>(ख) राष्ट्रपति/प्रधानमन्त्रीले तोकेका संघीय मन्त्रिपरिषदका सदस्यहरू मध्येबाट दुईजना - सदस्य<br>(ग) विवादसँग सम्बन्धित प्रादेशिक सरकारका मुख्य मन्त्री - सदस्य<br>(घ) विवादसँग सम्बन्धित स्थानीय सरकारका अध्यक्ष - सदस्य | संघीय कार्यकारिणी सम्बन्धी भागमा | संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारहरूका वीचमा तथा दुई वा दुई भन्दा बढी प्रादेशिक सरकार एवं दुई वा दुईभन्दा बढी स्थानीय सरकारहरूका वीचमा कार्यकारिणी काम कारवाहीका क्रममा कुनै विवाद उत्पन्न भएमा यस्तो विवाद समाधानका लागि राष्ट्रपति / प्रधानमन्त्रीले निज वा निजले तोकेको उपराष्ट्रपति / उपप्रधानमन्त्री वा संघीय मन्त्रिपरिषदको कुनै सदस्यको अध्यक्षतामा संघीय मन्त्रिपरिषदका तोकिएका मन्त्रीहरू, सम्बन्धित प्रदेशको मुख्यमन्त्री, सम्बन्धित स्थानीय सरकारको अध्यक्ष तथा महान्यायाधिवक्ता समेत रहेको एक विवाद समाधान संयन्त्र निर्माण गर्नसक्ने व्यवस्था संविधानमा नै उल्लेख गर्नु उपयुक्त देखी यो व्यवस्था गरिएको छ । यस्तो संयन्त्रले सहमतिका आधारमा विवाद समाधान गर्ने र सहमति कायम हुन नसकेमा सो विषयलाई अन्तिम रूपमा निरुपण गर्नका लागि राष्ट्रपति / प्रधानमन्त्रीले संविधान वा कानुन बमोजिम अधिकार प्राप्त अदालतमा पठाउन लगाउने व्यवस्था संविधानमा गरिनेछ । यसबाट विवाद समाधानको अन्तिम उपाय संविधान तथा कानुन बमोजिम अदालतबाट खोजिने |

| | | | | |
|---|---|---|---|---|
| | | (ङ) महान्यायाधिवक्ता - सदस्य<br>(२) उपधारा (१) बमोजिम गठन भएको समितिले सहमतिका आधारमा विवादको समाधान गर्नेछ ।<br>(३) उपधारा (२) बमोजिम विवादको समाधान हुन नसकेमा सो को अन्तिम निरुपणका लागि राष्ट्रपति/प्रधानमन्त्रीले समितिमा अन्तिम निर्णय भएको मितिले ३० दिनभित्र यो संविधान वा प्रचलित कानुन बमोजिम अधिकारप्राप्त अदालत/निकायमा पठाउनेछ ।<br>(४) यो धारा बमोजिम गठन भएको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ । | | संवैधानिक व्यवस्था रहनेछ । |
| ३ | विभिन्न तहका सरकारहरू वीच समन्वय कायम गर्न विभिन्न निकायहरू गठन गरिने | कार्यकारिणी अधिकारको प्रयोगका सम्बन्धमा विभिन्न तहका सरकारहरू वीच समन्वय कायम गर्नका लागि ऐनद्वारा आवश्यक निकायहरूको स्थापना गर्न सकिनेछ । | संघीय कार्यकारिणी सम्बन्धी भागमा | कार्यकारिणी अधिकारको प्रयोगका सम्बन्धमा विभिन्न तहका सरकारहरू वीच समन्वय कायम गर्नका लागि कानुनमा व्यवस्था भए बमोजिम आवश्यक निकायहरूको स्थापना गर्न सकिने व्यवस्था गरिएको छ । |

## सुशासन र सरकारी सेवाको गठन सम्बन्धमा

| | | | | |
|---|---|---|---|---|
| १ | सुशासन | विधिको शासन, स्वतन्त्र र सक्षम न्यायपालिका, जवाफदेहीता, पारदर्शिता, सहभागिता, बालिग मताधिकार, आवधिक निर्वाचन, राजनैतिक हस्तक्षेप मुक्त प्रशासन, अनुगम इकाई, योजना मुल्यांकन, विभिन्न आयोग, भ्रष्टाचार निवारण, जन सर्वोच्चता, समानुपातिक समावेशीता, सार्वजनिक सुनुवाई मार्फत सुशासनको सुनिश्चितता गर्दै, | प्रस्तावनामा | प्रस्तावना जुनसुकै संविधान वा ऐनको ऐना जसले आफूभित्र समेटिएका विषय वस्तुलाई छर्लंग पार्ने मान्यताले गर्दा अति महत्वपूर्ण भागको रूपमा रहने गर्छ भने सुशासनले सार्वभौम जनताको हक, इच्छा र आकांक्षालाई सेवाग्राहीको माध्यमबाट परिपूर्ति गर्दै लैजाने एउटा शसक्त मान्यताप्राप्त सिद्धान्त हो । त्यसैले यसको भावना, उद्धेश्य र प्रयोग प्रस्तावनामा झल्किनु पर्छ भन्ने मान्यताले गर्दा समावेश गर्नु पर्ने भएको । |
| २ | सुशासन | विश्वव्यापिरूपमा मान्यता प्राप्त मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र सर्वोच्चता, शक्ति सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय, समानता, समानुपातिक समावेसी सहभागिता, सक्षम र स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, सूचनाको अधिकार, स्वतन्त्र प्रेश, पारदर्शीता, जवाफदेहिता, उत्तरदायित्व, राजनैतिक हस्तक्षेप मुक्त प्रशासन, योजना मुल्यांकन संयन्त्र, सार्वजनिक सुनुवाई, नागरिक बडापत्र, निश्पक्षता, बिभिन्न आयोगहरूको गठन, प्रशासन यन्त्रलाई प्रशासन र सुव्यवस्था निर्धारण गर्ने स्वतन्त्रतासहित स्वच्छ र सक्षम प्रशासन यन्त्रको अनुशरण गरी भ्रष्टाचार र दण्डहिनताको अन्त्य गर्दै सुशासन कायम गर्ने । | राज्यको दायित्व अन्तर्गतको धारामा | सुशासन मुलुकको विकासको आधारशीला भएकोले यसले जनइच्छा र आकांक्षाको प्रतिनिधित्व गरी आदर्श समाज र आदर्श शासन प्रणालीको आधारलाई समेटेको हुन्छ । यसले मुलुकको सामाजिक, प्रशासनिक पक्षलाई सर्वोपरि ठानेको हुन्छ । प्रशासन सेवा प्रदायक भएर पनि बढी सम्बन्धित देखिन्छ । तसर्थ सरकारले यी सवै पक्षलाई एकैपटक सफलता प्राप्त गर्न नसक्ने भएकोले राज्यको आवश्यकताअनुसार श्रोत र साधनको उपलब्धतासँगै अधिकार प्राप्ति हुन सक्ने हुँदा राज्यको दायित्व भित्र पर्ने विषय भएकोले सवोश गर्न उपयुक्त भएको । |
| ३ | सार्वजनिक प्रशासन | १. **<u>सार्वजनिक प्रशासनका आधारभूत मार्गदर्शक सिद्धान्त</u>** सार्वजनिक प्रशासनका आधारभूत मार्गदर्शक सिद्धान्तहरू देहाय बमोजिम हुनेछन :-<br>(क) उच्चस्तरीय व्यावसायिक नैतिकता प्रदर्शन गर्ने,<br>(ख) पारदर्शी, मितव्ययी, सार्वजनिक हित एवं प्रभावकारी तवरले श्रोत परिचालन गर्ने,<br>(ग) विकासमुखी प्रशासन संचालन गर्ने,<br>(घ) विना राजनीतिक हस्तक्षेप, स्वतन्त्रता, स्वच्छता, समन्यायिक एवं विनापूर्वाग्रही तवरले सेवा प्रवाह गर्ने,<br>(ङ) जवाफदेही एवं उत्तरदायी प्रशासन सञ्चालन गर्ने, | सरकारी सेवाको गठनसँग सम्बन्धित धारामा | विभिन्न मुलुकहरूका संविधानमा सार्वजनिक प्रशासनका सम्बन्धमा विविध खालका व्यवस्था प्रचलनमा रहेकोमा हाम्रो संविधानले पनि सार्वजनिक प्रशासनको विषयलाई उजागर गर्नुपर्ने भएकोले सार्वजनिक प्रशासनका आधारभूत मार्गदर्शन सिद्धान्तहरू जसले सार्वजनिक प्रशासनका विविध खाले भावनालाई व्याख्या र विश्लेषण गर्न सहज बनाउने हुदा संविधानमा नै उल्लेख गर्नु परेको हो ।<br><br>हालको निजामती सेवा अन्तर्गगतको ट्रेड युनियनको विश्लेषण गर्दा अबको सरकारी सेवामा एकमात्र आधिकारीक |

| | | | | |
|---|---|---|---|---|
| | | (च) नीति निर्माणमा सर्वसाधारणको सहभागिता हुने,<br>(छ) प्रशासन यन्त्रमा नागरिकको सहज पहुँच एवं सहज सेवा प्रवाह हुने,<br>(ज) श्रोत साधनको उचित प्रबन्ध, निरन्तर वृत्ति विकासको अवसर हुने,<br>(झ) समानुपातिक समावेशी सिद्धान्त एवं आधारभूत योग्यता र दक्षताको आधारमा कर्मचारीको नियुक्ति गर्ने, साथै महिला, दलित, आदिवासी/जनजाति, पिछडिएको क्षेत्र, मधेशी, मुस्लिम, अपांगलगायत पछाडि पारिएको वर्ग र समुदायका लागि मानव विकास सुचकांकको आधारमा क्षतिपूर्तिको व्यवस्था गर्ने,<br>(ञ) कार्य सम्पादनमा आधारित र सुरक्षाको प्रत्याभूतिसहित राजनीतिक हस्तक्षेप मुक्त प्रशासनको ग्यारेन्टी गर्ने,<br>(ट) सरकारी सेवामा एकमात्र आधिकारीक ट्रेड युनियन मार्फत उचित र मर्यादित श्रम अभ्यासको अबसर प्रदान गर्ने । | | ट्रेड युनियन मार्फत उचित र मर्यादित श्रम अभ्यास गर्नुपर्ने आवश्यकता सर्वत्र महसुस भएको र अन्य देशहरूको व्यवस्थाको समेत अध्ययन गर्दा एकमात्र आधिकारिक ट्रेड युनियनको व्यवस्था गर्न उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| ४ | सरकारी सेवाको गठन र संचालन | **सरकारी सेवाको गठनः** (१) नेपाल सरकारले मुलुकको सरकारी सेवाको सञ्चालन गर्न देहाय बमोजिमका सार्वजनिक सेवाहरूको गठन र सञ्चालन गर्नेछ :-<br>• निजामती (नागरिक) सेवा,<br>• न्याय सेवा,<br>• संसद सेवा,<br>• स्वास्थ सेवा,<br>• शिक्षा सेवा,<br>• नेपाली सेना,<br>• सशस्त्र तथा नेपाल प्रहरी सेवा<br>• संस्थान सेवा<br>**स्पष्टीकरण**: **"सार्वजनिक सेवा" भन्नाले** नेपाल सरकारले उपलब्ध गराउने शान्ति सुरक्षालगायत सवै प्रकारका सेवा प्रवाहलाई प्रभावकारी रूपले उपलब्ध गराउने सम्बन्धमा स्थापना भएका संयन्त्रहरू सार्वजनिक सेवा मानिनेछन् ।<br>(२) संघिय, प्रादेशिक र स्थानीय सरकारले राज्यको प्रशासन संचालन गर्न आवश्कतानुसार बिभिन्न सरकारी सेवाहरूको गठन र संचालन गर्न सक्नेछन् ।<br>(३) उपधारा (१) बमोजिमका सेवाका शर्तहरू सेवाको प्रकृती अनुरूप छुट्टाछुट्टै कानूनद्वारा निर्धारण गरिएबमोजिम हुनेछन् ।<br>(४) सरकारी सेवाहरू संघिय ढाचा अनुरूप केन्द्र, प्रदेश र स्थानीय तीन तहमा रहने छन् ।<br>(५) सरकारी सेवा आयोगहरू केन्द्र र प्रदेशमा रहने गरी र प्रादेशिक तहबाट स्थानीय तहको समेत कार्य गर्नेगरी स्थापना हुनेछन् ।<br>(६) कुनै एक प्रादेशिक सेवा आयोगले तोकिए बमोजिम एकभन्दा बढी प्रदेशको सेवा आयोगको समेत काम गर्न सक्नेछ । | सरकारी सेवाको गठनसंग सम्बन्धित धारामा<br><br>लोकसेवा आयोगसंग सम्बन्धित भागमा | वर्तमान परिप्रेक्ष्यमा निजामती सेवालाई **नागरिक/निजामती** सेवा नामाकरण गर्नुपर्ने भएको, कर्मचारी प्रशासन भित्र विभिन्न सेवा, समूहहरू छरिएर रहेको अवस्थाले गर्दा र अन्य सरकारी सेवाका विषयमा समेत एक रूपता कायम गर्न सरकारी सेवाको स्वरूपमा नै परिवर्तन गर्नेगरी एकिकृत रूपमा सार्वजनिक सेवा नामाकरण गरी त्यस भित्र विभिन्न समूह र उपसमुह रहने गरी एउटै छाता संगठनको रूपमा ( निजामती सेवा, संसद सेवा, स्वास्थ्य सेवा, प्रहरी सेवा, शैनिक सेवा, शिक्षा सेवा, गुप्तचर सेवा वा अन्य सरकारी निकायमा रहने सस्थान सेवाहरूको) व्यवस्था गर्न उपयुक्त देखिएकोले सम्पूर्ण सरकारी सेवालाई "सार्वजनिक सेवा" नामाकरण गर्ने, सबै सार्वजनिक सेवालाई एकैछाता सेवाको रूपमा सार्वजनिक सेवा बनाई बिभिन्न सेवाको प्रकृती अनुरूप छुट्टा छुट्टै कानून तर्जुमा गर्नुपर्ने भएकोले ।<br><br>संघीय ढाचा अनुरूप शासन प्रणाली अपनाउन सोहि बमोजिमको सार्वजनिक सेवा अबलम्बन गर्नको लागि उक्त सेवालाई केन्द्र, प्रदेश र स्थानीय तीन तहमा रहने गरी विकेन्द्रीत गर्न । सरकारी सेवा आयोग केन्द्र र प्रदेशमा रहने र प्रादेशिक तहबाट नै स्थानिय तहको समेत काम गर्ने गरी तोक्न । कुनै प्रादेशिक सरकारी सेवा आयोगले प्रशासनिक तथा भौगोलिक सुगमताका आधारमा संयुक्त रूपमा दई वा सो भन्दा बढी प्रदेशको काम गर्न सक्ने गरी व्यवस्था गर्न । कर्मचारीको नियुक्ति गर्दा सम्बन्धित प्रदेश वा स्थानीय क्षेत्रका वासिन्दालाई प्राथमिकता दिदा अपनत्व हुने र सेवा बढी प्रभावकारी हुने भएकोले सोही बमोजिम गर्ने व्यवस्था मिलाउन । |

| | | | | |
|---|---|---|---|---|
| ५ | निर्वाचन क्षेत्र निर्धारण आयोग | **निर्वाचन क्षेत्र निर्धारण आयोग :** (१) संघीय तथा प्रादेशिक व्यवस्थापिकाको आवधिक निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न मन्त्रिपरिषद्को सिफरिसमा राष्ट्रप्रमुखले एक निर्वाचनक्षेत्र निर्धारण आयोगको गठन गर्न सक्नेछ । जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहने छन् :-<br>(क) सर्वेच्च अदातलको सेवा निवृत्त न्यायाधिश अध्यक्ष<br>(ख) भूगोलविद सदस्य<br>(ग) समाजशास्त्री, मानवशास्त्री सदस्य<br>(घ) प्रशासनविद सदस्य<br>(ङ) नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत सचिव<br>(२) निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति नेपाल सरकारले गर्नेछ ।<br>(३) निर्वाचन क्षेत्र निर्धारण आयोगको कार्यावधि सो आयोग गठन गर्दाका बखत तोके बमोजिम हुनेछ ।<br>(४) उपधारा (१) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी देहाय बमोजिमको योग्यता नभई कुनैपनि व्यक्ति निर्वाचन क्षेत्र निर्धारण आयोगको सदस्यको पदमा नियुक्त हुन योग्य हुनेछैन :-<br>(क) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तीमा स्नातकोतर उपाधि हासिल गरेको,<br>(ख) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको,<br>(ग) उच्च नैतिक चरित्र कायम भएको ।<br>(५) देहायका अवस्थामा निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) राष्ट्र प्रमुखससमक्ष लिखित राजीनामा दिएमा, | विविध सम्बन्धी भागमा | राज्यको पुनर्संरचना एवं संघात्मक शासन व्यवस्था अवलम्वनसंगसंगै संघीय, प्रान्तीय र स्थानीय विधायिकको अपरिहार्यता भएकोले सो अनुरूप निर्वाचन सम्बन्धी कार्य सम्पन्न गर्न निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने भएकोले राजनैतिक प्रभावबाट मुक्त भई स्वतन्त्र रूपमा स्वतन्त्र निकायबाट निर्वाचन क्षेत्र निर्धारण गर्न संवैधानिक आयोगको आवश्यकता पर्न गएकोले सोही बमोजिमको व्यवस्था गर्न उपयुक्त भएको ।<br><br>व्यवस्थापिका संसदको सदस्य संख्या निर्धारण गर्ने क्रममा व्यवस्थापिकीय अंगको स्वरूप निर्धारण समितिको अवधारणा पत्र तथा प्रारम्भिक मस्यौदामा प्रत्येक निर्वाचन क्षेत्रबाट एक सदस्य निर्वाचित भई आउने उल्लेख भएको साथै निर्वाचन प्रणाली समेत निर्क्यौल नभई सकेकोले गर्दा निर्वाचन क्षेत्रको विभाजन कसरी गरिने भन्ने उल्लेख भैनसकेकोले कुन प्रदेशबाट कति सदस्य निर्वाचित हुने भन्ने कुरा पनि संविधानमा नै निर्क्यौल गरी सोही बमोजिम निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्वाचन क्षेत्रको निर्धारण गर्नु उपयुक्त देखिने हुँदा सदस्य संख्या निर्धारण गरिने धारामा कुन प्रदेशबाट कति जना निर्वाचित भई आउने भन्ने प्रावधान राख्ने सम्बन्धमा व्यवस्था गरेपछि संविधानको सोही धारा यहाँ उल्लेख गर्नु उपयुक्त हुन्छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (ख) निजको मृत्यु भएमा,<br>(ग) प्रतिवेदन बुझाएमा ।<br>(६) निर्वाचन क्षेत्र निर्धारण आयोगले यस धारा बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा त्यस्तो निर्वाचन क्षेत्रको जनसंख्या र सदस्य संख्याबीचको अनुपात यथासम्भव समान हुने गरी निर्वाचन क्षेत्र निर्धारण गर्नेछ ।<br>(७) उपधारा (६) बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा सो क्षेत्रको जनसंख्याको घनत्व, भौगोलिक बिशिष्टता, प्रशासनिक एबं यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान दिनु पर्नेछ ।<br>(८) निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा निर्वाचन क्षेत्र निर्धारण गरिएको र पुनरावलोकन गरिएको विषयमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन ।<br>(९) निर्वाचन क्षेत्र निर्धारण आयोगले आफूले सम्पादन गरेको कामको प्रतिवेदन राष्ट्र प्रमुख समक्ष बुझाउनेछ ।<br>(१०) राष्ट्र प्रमुखले उपधारा (९) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रिपरिषद् समक्ष पठाउनेछ र मन्त्रिपरिषद्ले प्रतिवेदन कार्यान्वयनका लागि निर्वाचन आयोग तथा अन्य सम्बद्ध निकायमा पठाउने छ ।<br>(११) निर्वाचन क्षेत्र निर्धारण आयोगले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।<br>(१२) निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक तथा सुविधा क्रमशः निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त सरह हुनेछ ।<br>(१३) निर्वाचन क्षेत्र निर्धारण आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ । | | |
| ६ | निर्वाचन क्षेत्र | <u>**निर्वाचन क्षेत्र पुनरावलोकन**</u> (१) संघिय तथा प्रादेशिक | विविध | समयको अन्तरालसगै जनसंख्याको घटबढ , प्रशासनिक एवं |

| | | | | |
|---|---|---|---|---|
| | पुनरावलोकन | व्यवस्थापिकाको आवधिक निर्वाचन गर्ने प्रयोजनको लागि धारा .... बमोजिम गठन भएको आयोगले निर्वाचन क्षेत्र निर्धारण गर्नेछ ।<br>(२) उपधारा (१) बमोजिमको आयोगले हरेक बीस बर्षमा निर्वाचन क्षेत्रको आवधिक पुनराबलोकन गर्नेछ । | सम्बन्धी भागमा | यातायातको सुगमता र भौगोलिक विशिष्टताको आधार र कारणबाट निर्वाचन क्षेत्रमा पर्न जाने प्रभावको मूल्यांकन समेत गरी हरेक दुई जनगणनाको आधारमा निर्वाचन क्षेत्रको पुनरावलोकन गर्न उपयुक्त हुने हुदा हरेक निश्चित समयमा पुनरावलोकन गर्ने प्रावधान राख्न उपयुक्त भएकोले । |
| ७ | स्थानीय व्यवस्थापिकाको निर्वाचन | **स्थानीय व्यवस्थपिकाको निर्वाचनः** (१) स्थानीय सरकार अन्तरगतका निकायलाई विभिन्न इलाकामा वर्गीकरण गरी समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी बहुसदस्यीय निर्वाचन प्रणालीका आधारमा प्रत्यक्षरूपमा निर्वाचित सत्तरी प्रतिशत सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम निर्वाचित हुनेछन् ।<br>(२) प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका वर्ग र समुदायहरूको प्रतिनिधित्वलाई सुनिश्चित गर्न तीस प्रतिशत सदस्यहरू सम्पूर्ण स्थानीय इलाकालाई एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिने गरी कानूनमा व्यवस्था भएबमोजिम सूची समानुपातिक निर्वाचन प्रणालीका आधारमा निर्वाचित हुनेछन् । | स्थानीय व्यवस्थापिकाका निर्वाचन सम्बन्धी भागमा | स्थानीय तहको व्यवस्थापिकाको निर्वाचनमा समावेशी, समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने भएकोले,<br>प्रत्यक्ष निर्वाचन प्रणालीबाट समानान्तर निर्वाचन प्रणाली अन्तर्गत समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने भएको तथा प्रत्यक्ष निर्वाचन प्रणालीबाट पनि छुट्न गएका वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न केही प्रतिशत सिट सुरक्षित गर्न उपयुक्त देखिएकोले । |
| ८. | प्रादेशिक व्यवस्थापिकाको निर्वाचन | **समितिको बैठकमा १८ मत प्राप्त निर्वाचन प्रणाली**<br>**प्रादेशिक व्यवस्थापिकाको निर्वाचनः** (१) प्रादेशिक व्यवस्थापिकाका नब्बे प्रतिशत सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br>(२) उपधारा (१) बमोजिमका सदस्यहरू एक निर्वाचन क्षेत्रबाट एकभन्दा बढी सदस्यहरू पनि निर्वाचित हुन सक्नेछन् ।<br>(३) उपदफा (१) बमोजिमका सदस्यहरूले समानुपातिक समावेसी सिद्धान्तको आधारमा उम्मेदवार उठाउनु पर्नेछ ।<br>(४) उपधारा (१) बमोजिमका सदस्यहरूको संख्या निर्धारण निर्वाचन क्षेत्रको जनसंख्या, भूगोल, आर्थिक सामाजिक विशेषताका अधारमा हुनेछ ।<br>(५) मतदाताले उम्मेदवारको संख्याको आधारमा मतदान | प्रादेशिक व्यवस्थापिकाको निर्वाचन सम्बन्धी भागमा | प्रादेशिक व्यवस्थापिकाका बढीभन्दा बढी समानुपातिक हुने गरी र प्रत्यक्ष रूपमा जनताबाट निर्वाचित भई प्रतिनिधित्व गर्न सक्षम हुने सिद्धान्तको आधारमा वहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अपनाउन तथा विशेषज्ञ, अल्पसंख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदायमध्येबाट प्रतिनिधित्व सुनिश्चित गर्न यस प्रकारको प्रणाली अवलम्बन गर्न उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | गर्नु पर्नेछ ।<br>(६) राष्ट्रिय जीवनको विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका विशेषज्ञ तथा अल्पसंख्यक, सीमान्तकृत एवं लोपोन्मुख समुदायमध्येबाट दश प्रतिशत सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम दलले प्राप्त गरेको मत प्रतिशतको अनुपातमा प्रदेशप्रमुखले दलको सिफारिसमा मनोनयन गर्नेछ । | | |
| | | **समितिको बैठकमा १६ मत प्राप्त निर्वाचन प्रणाली**<br><u>**प्रादेशिक व्यवस्थापिकाको निर्वाचन**</u> (१) प्रादेशिक व्यवस्थापिकाका सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br>(२) उपधारा (१) बमोजिम पचास प्रतिशत सदस्यहरू महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य वर्ग र समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित हुने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br>(३) उपधारा (१) बमोजिम पचास प्रतिशत सदस्यहरू सिङ्गो प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य समुदायबाट सूची प्रणालीको आधारमा समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br>तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित राजनीतिक दलले खसेको मतको तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।<br>(४) उपधारा (२) को निर्वाचन परिणामको अमिल्दो अनुपातवापत क्षतिपूर्ति हुने गरी उपधारा (३) बमोजिमको निर्वाचनबाट सदस्यहरू निर्वाचित हुनेछन् । | | प्रादेशिक व्यवस्थापिकाका सदस्यहरूको निर्वाचनमा जनमतको कदर गर्दै समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य वर्ग र समुदायबाट उम्मेदवारी सुनिश्चित गर्दै सबैको प्रतिनिधित्व हुने सिद्धान्तका आधारमा क्षतिपूर्तिसमेतको व्यवस्था गर्ने गरी र निश्चित प्रतिशत मत प्राप्त गर्ने दललाई मात्र मान्यता दिने गरी व्यवस्था गर्न उपयुक्त हुने भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | **समितिको बैठकमा ३ मत प्राप्त निर्वाचन प्रणाली**<br>१. **प्रादेशिक व्यवस्थापिकाको तल्लो सदनको निर्वाचन:** : प्रादेशिक व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरू कानूनमा व्यवस्था भए बमोजिम महिला, आदिवासी जनजाती, दलित, मधेशी तथा अन्य समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br><br>२. **प्रादेशिक व्यवस्थापिकाको माथिल्लो सदनको निर्वाचन:**<br>(१) प्रादेशिक व्यवस्थापिकाको माथिल्लो सदनका सदस्यहरू निर्वाचन सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br>तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित राजनीतिक दलले खसेको मतको तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।<br>(२) उपधारा (१) बमोजिमका सदस्यहरू प्रत्येक राजनीतिकदलले तल्लो सदनमा प्राप्त गरेको मतको आधारमा कानूनमा व्यवस्था भएबमोजिम निर्वाचित हुनेछन् । | | प्रादेशिक व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरू बहुमतीय प्रणाली अनुरूप नै निर्वाचित हुने प्रणाली अवलम्बन गर्दै महिला, आदिवासी जनजाती, दलित, मधेशी तथा अन्य समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित गर्न उपयुक्त हुने भएकोले ।<br><br>प्रादेशिक व्यवस्थापिकाको माथिल्लो सदनको निर्वाचनलाई बढी सरल र कम खर्चिलो हुने गरी तल्लो सदनमा प्राप्त गरेको मतलाई नै आधिकारीक मानी सोको आधारमा माथिल्लो सदनको निर्वाचन गर्ने व्यवस्था गर्न । |

| | | | | |
|---|---|---|---|---|
| ९ | संघीय/ केन्द्रीय व्यवस्थापिका को निर्वाचन | **समितिको बैठकमा १८ मत प्राप्त निर्वाचन प्रणाली**<br>**केन्द्रीय व्यवस्थापिकाको निर्वाचन** (१) केन्द्रीय व्यवस्थापिकाका सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br>(२) उपधारा (१) बमोजिमका सदस्यहरू एक निर्वाचन क्षेत्रबाट एकभन्दा बढी सदस्यहरू पनि निर्वाचित हुन सक्नेछन् ।<br>(३) उपधारा (१) बमोजिमका सदस्यहरूले समानुपातिक समावेसी सिद्धान्तको आधारमा उम्मेदवार उठाउनु पर्नेछ ।<br>(४) उपधारा (१) बमोजिमका सदस्यहरूको सीट निर्धारण निर्वाचन क्षेत्रको जनसंख्या, भूगोल, आर्थिक सामाजिक विशेषताका अधारमा गर्नुपर्नेछ ।<br>(५) मतदाताले उम्मेदवारको संख्याको आधारमा मतदान गर्नु पर्नेछ । | संघीय/ केन्द्रीय व्यवस्थापिका को निर्वाचन सम्बन्धी भागमा | केन्द्रीय व्यवस्थापिकामा बढीभन्दा बढी प्रतिनिधित्व सुनिश्चित गर्न र प्रत्यक्ष रूपमा जनताबाट चुनिएर प्रतिनिधित्व गर्न सक्षम हुने सिद्धान्तको आधारमा वहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अपनाउन यस प्रकारको प्रणाली अवलम्बन गर्न उपयुक्त भएकोले । |
| | | **समितिको बैठकमा १६ मत प्राप्त निर्वाचन प्रणाली**<br>१. **केन्द्रीय व्यवस्थापिकाको तल्लो सदनको निर्वाचन:** (१) केन्द्रीय व्यवस्थापिकाका तल्लो सदनका सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br>(२) उपधारा (१) बमोजिम पचास प्रतिशत सदस्यहरू महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य वर्ग र समुदायबाट समानुपातिक समावेसी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित हुने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br>(३) उपधारा (१) बमोजिमका पचास प्रतिशत सदस्यहरू सिङ्गो मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दलले प्राप्त | | केन्द्रीय व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरूको निर्वाचनमा जनमतको कदर गरी महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य वर्ग र समुदायबाट समानुपातिक सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित गर्दै सबैको प्रतिनिधित्व सुनिश्चित गर्ने सिद्धान्तको आधारमा क्षतिपूर्तिसमेतको व्यवस्था गर्ने गरी र निश्चित प्रतिशत मत प्राप्त गर्ने दललाई मान्यता दिने गरी व्यवस्था गर्न मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली अनुरूप सूचीमा समावेश भएको उम्मेदवारको नाम परिवर्तन गर्न नपाइने व्यवस्थासहितको सूची प्रणाली अवलम्बन गर्ने निर्वाचन प्रणाली अवलम्बन गर्न उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | गरेको मतको आधारमा महिला, आदिवासी/जनजाति, दलित, मधेसी तथा अन्य वर्ग र समुदायबाट कानूनमा व्यवस्था भएबमोजिम सूची प्रणालीको आधारमा समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br><br>तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित राजनीतिक दलले खसेको मतको तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।<br><br>(४) उपधारा (२) को निर्वाचन परिणामको अमिल्दो अनुपातवापत क्षतिपूर्ति हुने गरी उपधारा (३) बमोजिमको निर्वाचनबाट सदस्यहरू निर्वाचित हुनेछन् ।<br><br>२. **<u>केन्द्रीय व्यवस्थापिकाको माथिल्लो सदनको निर्वाचन</u>:** केन्द्रीय व्यवस्थापिकाको माथिल्लो सदनका पैसट्ठी सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम देहायको निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् :<br><br>(क) प्रत्येक प्रादेशिक व्यवस्थापिकाबाट बराबरी सख्यामा प्रतिनिधित्व हुने गरी पैतालीस जना सदस्यहरू,<br><br>(ख) प्रत्येक प्रदेशभित्रका स्थानीय सरकार प्रमुखहरूको निर्णायक मण्डलबाट एक जनाका दरले प्रतिनिधित्व हुने गरी पन्ध्र जना सदस्यहरू,<br><br>(ग) खण्ड (क) र (ख) बमोजिमका निर्वाचनमा महिला, आदिवासी/जनजाति, दलित, मधेसी र अन्य वर्ग र समुदायको समानुपातिक समावेसी प्रतिनिधित्व हुनु पर्नेछ ।<br><br>(घ) राष्ट्रिय जीवनको विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त विशेषज्ञ, अल्पसंख्यक तथा सीमान्तकृत समुदायमध्येबाट प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले मनोनित गरेका पाच जना सदस्यहरू । | | केन्द्रीय व्यवस्थापिकाको माथिल्लो सदनका सदस्यहरू निर्वाचित हुने पद्धति सकेसम्म महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा वर्ग र अन्य समुदायबाट समानुपातिक सिद्धान्तका आधारमा उम्मेदवारी, भौगोलिक क्षेत्रको प्रतिनिधित्वसहित विज्ञहरूको समेत प्रतिनिधित्व सुनिश्चित हुने गरी विशिष्ट व्यक्तित्व एवं अन्य निर्वाचनबाट छुट्न गएका अल्पसंख्यक एवं सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने पद्धति अवलम्बन गर्न उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | **समितिको बैठकमा ३ मत प्राप्त निर्वाचन प्रणाली**<br>१. **<u>केन्द्रीय व्यवस्थापिकाको तल्लो सदनको निर्वाचन</u> :** केन्द्रीय व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरू कानूनमा व्यवस्था भए बमोजिम महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित गरी पहिलो हुने निर्वाचत हुने निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br>२. **<u>केन्द्रीय व्यवस्थापिकाको माथिल्लो सदनको निर्वाचन</u>** : (१) केन्द्रीय व्यवस्थापिकाको माथिल्लो सदनका सदस्यहरूको कानूनमा व्यवस्था भए बमोजिम समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछ ।<br>तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित राजनीतिक दलले खसेको मतको तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।<br>(२) उपधारा (१) बमोजिमका सदस्यहरू प्रत्येक राजनीतिक दलले तल्लो सदनमा प्राप्त गरेको मतको आधारमा निर्वाचित हुनेछन् । | | केन्द्रीय व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरू बहुमतीय निर्वाचन प्रणाली अनुरूप नै निर्वाचित हुने प्रणाली अवलम्बन गर्दै महिला, आदिवासी जनजाती, दलित, मधेशी तथा अन्य समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित गर्न उपयुक्त हुने भएकोले ।<br><br>समानुपातिक निर्वाचन प्रणालीमा प्रत्यक्ष निर्वाचन प्रणालीमा भन्दा बढी प्रतिनिधित्व सुनिश्चित हुने, दलगत रूपमा पनि समानुपातिक हुने, देशभरिको प्रतिनिधित्वको रूपमा दलमात्र रोज्न सक्ने, सरल, विविधतापूर्ण समाजमा सबैको प्रतिनिधित्व हुने भएकाले प्रत्यक्ष निर्वाचनमा दलहरूले प्राप्त गरेको मतका आधारमा निर्वाचित हुनेगरी सो प्रणाली अवलम्बन गर्दै दुई सदनात्मक केन्द्रीय व्यवस्थापिका अबलम्बन गर्ने निर्वाचन प्रणाली निर्धारण गर्न उपयुक्त हुने भएकाले । |

# विषय सूची


| विषय | | पेज |
|---|---|---|
| | **भाग – १** | |
| | **प्रारम्भिक** | |
| १.१ | समितिको गठन | १ |
| १.२ | समितिको कार्यक्षेत्र | १ |
| १.३ | समितिको उद्देश्य | १ |
| १.४ | अवधारणा पत्र तयारी विधि | १ |
| १.५ | समितिको सीमा | ५ |
| | **भाग – २** | |
| | **शासन प्रणाली** | |
| २.१ | सैद्धान्तिक अवधारणा | ६ |
| २.२ | विभिन्न मुलुकहरूमा प्रचलित शासन प्रणालीको स्वरुप | १८ |
| २.३ | नेपालको ऐतिहासिक विकासक्रम | २७ |
| २.४ | विभिन्न राजनैतिक दलहरुको धारणा | ३२ |
| २.५ | समितिको अवधारणा | ४७ |
| | **भाग – ३** | |
| | **निर्वाचन प्रणाली** | |
| ३.१ | परिचय | ५९ |
| ३.२ | निर्वाचन प्रणाली | ६० |
| ३.३ | निर्वाचन प्रणालीका प्रकार | ६१ |
| ३.४ | विभिन्न दलहरुको चुनावी घोषणापत्रमा उल्लेखित निर्वाचन सम्बन्धी अवधारणा | ६८ |
| ३.५ | विभिन्न दलद्वारा संवैधानिक समितिमा पेश भएका निर्वाचन सम्बन्धी अवधारणा | ६९ |
| ३.६ | नेपालका विगतका संवैधानिक प्रावधानहरु | ७७ |
| ३.७ | विभिन्न तहका निर्वाचन | ७९ |
| ३.८ | निर्वाचन प्रणाली निर्धारण | ८० |
| ३.९ | समितिको अवधारणा | ८२ |
| ३.१० | मतदाताको उमेर निर्धारण | ८५ |
| ३.११ | निर्वाचन क्षेत्र निर्धारण | ८५ |
| ३.१२ | निर्वाचन सम्बन्धी विवाद र समाधानको संयन्त्र | ८५ |
| | **भाग – ४** | |
| | **सरकारी सेवाको गठन र सञ्चालन विधि एवं सुशासनका आधार** | |
| ४.१ | सार्वजनिक प्रशासनको परिचय | ८७ |
| ४.२ | सार्वजनिक प्रशासनका सिद्धान्त | ८८ |
| ४.३ | नयाँ सार्वजनिक प्रशासन | ८९ |
| ४.४ | व्यवस्थापनका मूलभूत तत्वहरु | ९० |
| ४.५ | मार्गदर्शक (Guidelines) सिद्धान्तहरु | ९० |
| ४.६ | विभिन्न मुलुकका प्रशासन सम्बन्धी व्यवस्था | ९१ |
| ४.७ | सुशासन | ९४ |
| ४.८ | नेपालमा सार्वजनिक प्रशासन (निजामती प्रशासन) | १०० |
| ४.९ | प्रशासन र सुशासन सम्बन्धी विभिन्न दलका घोषणापत्र | १०२ |
| ४.१० | प्रशासन र सुशासनका सम्बन्धमा विभिन्न दलका अवधारणा | १०३ |
| ४.११ | सम्वैधानिक व्यवस्था | १०४ |
| ४.१२ | समितिको अवधारणा | १०४ |
| | **भाग – ५** | १०८ |
| | **फरक मत** | |
| अनुसूची १-१८ | | ११५ |

# भाग –१
# प्रारम्भिक

## १.१ समितिको गठन

नेपाली जनताको चाहना अनुरूप जनताकै प्रत्यक्ष सहभागितामा राम्रो र हाम्रो संविधान निर्माण हुन सकोस् भन्ने चाहनालाई मूर्त रूप दिन संविधानसभा गठन भई कार्यरत रहेको अवस्था छ । संविधान तर्जुमा प्रक्रियामा प्रारम्भदेखि नै जनप्रतिनिधिहरूको प्रत्यक्ष सहभागिता रही संविधानमा अधिकाधिक मात्रामा जनचाहना प्रतिविम्बित हुन सकोस् भन्ने अभिप्रायले Bottom Up Approach लाई अंगिकार गर्दै संविधानसभा नियमावली, २०६५ बमोजिम संवैधानिक समिति, दसवटा विषयगत समितिहरू र तीन प्रक्रियागत समितिहरू गठन भएका छन् । यी समितिहरूमध्ये विषयगत समितिहरूलाई आ-आफ्नो कार्यक्षेत्रभित्रका विषयवस्तुका सम्बन्धमा अवधारणापत्र तयार पारी सोही अवधारणापत्रको आधारमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा समेत तयार गरी संविधानसभामा पेश गर्नुपर्ने जिम्मेवारी प्रदान गरिएको छ । जस अनुरूप राज्यको शासन प्रणालीको स्वरूपलगायतका समितिको कार्यक्षेत्रमा उल्लेखित विषयहरूका सम्बन्धमा अवधारणापत्र र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा तयार पार्नका लागि संविधानसभा नियमावली, २०६५ को नियम ६६ बमोजिम यस **राज्यको शासकीय स्वरूप निर्धारण समिति**को गठन भएको छ ।

## १.२ समितिको कार्यक्षेत्र

- शासन प्रणालीको प्रकृति र स्वरूप,
- निर्वाचन प्रणाली,
- विभिन्न तहमा कार्यकारिणी अङ्गको ढाँचा,
- विभिन्न तहमा कार्यकारिणी अधिकारको बाँडफाँड,
- विभिन्न तहका सरकारबीचको अन्तरसम्बन्ध,
- सरकारी सेवाको गठन र सञ्चालन विधि,
- सुशासनका आधारहरू,
- समितिको कार्यक्षेत्रसँग सम्बन्धित अन्य आवश्यक कुराहरू ।

## १.३ समितिको उद्देश्य

आफ्नो कार्यक्षेत्र भित्रको विषयमा व्यापक छलफल गरी संविधानको प्रारम्भिक मस्यौदा तयार पार्नका लागि आधारपत्रको रूपमा समितिको निश्चित आधारपत्रको रूपमा अवधारणा तयार पारी सोका आधारमा आफ्नो कार्यक्षेत्र अन्तर्गत व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा तयार गर्नु समितिको मुलभूत उद्देश्य रहेको छ ।

## १.४ अवधारणापत्र तयारी विधि

समितिद्वारा आफूलाई प्राप्त जिम्मेवारी पूरा गर्ने क्रममा देहायका कार्यविधिहरू अवलम्बन गरिएको छ :-

**१.४.१ कार्यक्षेत्रको विस्तृतीकरण र कार्यतालिका निर्माण :** यस समितिको गठन पश्चात संविधानसभा नियमावलीले निर्दिष्ट गरेको कार्यतालिका अन्तर्गत यस समितिलाई तोकिएको कार्यक्षेत्रलाई विस्तृतीकरण गर्नु पर्ने आवश्यकता महसुस गरिएकोले यस समितिको मिति २०६५।९।८ र १० गते बसेको बैठकले समितिको कार्यक्षेत्रको विस्तृतीकरण गरी सो अनुरूप समितिले कार्य सम्पन्न गर्ने समयसीमालाई योजनावद्ध रूपमा अगाडि बढाउन समितिको कार्यतालिका समेत निर्माण गरेको थियो । कार्यक्षेत्रको विस्तृतीकरण अनुसूची १ र कार्यतालिका अनुसूची २ मा समावेश गरिएको छ ।

**१.४.२ विशेषज्ञ सेवा आवश्यक पर्ने क्षेत्रको पहिचान :** कार्यसम्पादनको सन्दर्भमा विशेषज्ञ सेवा आवश्यक पर्ने क्षेत्र समेतको पहिचान गरी सो लगायत कार्यक्षेत्रको विस्तृतीकरण र कार्यतालिकालाई माननीय सभापतिबाट संविधानसभाका सम्माननीय अध्यक्षज्यू समक्ष पेश गरिएको थियो । विशेषज्ञ सेवा आवश्यक पर्ने क्षेत्र पहिचान सम्बन्धी विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।

**१.४.३ समिति सभापतिहरूको बैठक :** सबै समितिको कार्यक्षेत्रको विस्तृतीकरण एवं कार्यतालिका र विशेषज्ञ आवश्यक पर्ने क्षेत्र पहिचान सम्बन्धी विषयका सम्बन्धमा थप स्पष्टता गर्नुपर्ने वा दोहोरापन हटाउनु पर्ने वा एकरूपता कायम गर्नुपर्ने सम्बन्धमा नियम ८८ बमोजिमको बैठकमा छलफल भई पारित भएबमोजिम अन्तिम रूप दिइएको कार्यतालिका, कार्यक्षेत्रको विस्तृतीकरण र विशेषज्ञ आवश्यक पर्ने क्षेत्र सम्बन्धी विवरण अनुसूची १ र २ मा नै मिलाइएको छ ।

**१.४.४ विषय विज्ञहरूसँग छलफल एवं अन्तरक्रिया :** समितिको कार्यक्षेत्र भित्रका विषय वस्तुहरूमाथि समितिमा छलफल प्रारम्भ गर्नु पूर्व समितिका सम्पूर्ण सदस्यहरूलाई सैद्धान्तिक पक्षका सम्बन्धमा बढी भन्दा बढी जानकारी प्राप्त हुन सकोस् भन्ने उद्देश्यले निम्न विषयमा विभिन्न मितिमा बसेको समितिको बैठकमा विषय विज्ञहरूसँग छलफल एवं अन्तरकृया कार्यक्रमहरू आयोजना गरिएको थियो । छलफल एवं अन्तरक्रियामा आमन्त्रित विभिन्न व्यक्तित्वहरूको नामावाली अनुसूची ४ मा समावेश गरिएको छ ।

- संवैधानिक कानून एवं राजनीतिशास्त्र सम्बन्धी विषय
- निर्वाचन प्रणाली सम्बन्धी विषय
- सुशासन एवं प्रशासन सम्बन्धी विषय
- समावेशीकरण एवं दुर्गम क्षेत्र सम्बन्धी विषय

**१.४.५ सुझाव संकलन :** संविधान तर्जुमामा बढी भन्दा बढी जनताको सहभागिताबाट अपनत्व र हाम्रो संविधानको भावना जागृत हुने भएकोले विभिन्न माध्यमबाट जनताको राय सुझाव संकलन गर्नु अत्यावश्यक देखियो । अतः संविधानसभा नियमावलीको परिधिभित्र रही देहायका प्रक्रिया अवलम्वन गरी समितिले राय सुझाव संकलन गरेको थियो ।

- पहिलो चरणमा समितिको निर्णयबमोजिम रेडियो, टेलिभिजन तथा छापालगायतका विभिन्न सञ्चार माध्यमहरूमा सूचना प्रकाशित गरी गराई समितिको कार्यक्षेत्रभित्रका विषयवस्तुहरूमा आ-आफ्नो राय सुझाव उपलब्ध गराइदिन स्वदेश एवं विदेशमा बस्ने जनसमुदाय, राजनैतिक दल, नागरिक समाज तथा संघसंस्थाहरूलाई आह्वान गरिएको थियो । अनुरोधपत्रको नमूना अनुसूची ५ मा समावेश गरिएको छ ।
- संस्थागत रूपमा राय सुझाव उपलब्ध गराइ दिन संवैधानिक अङ्गहरू तथा नेपाल सरकारका सबै मन्त्रालयहरूलाई अनुरोध गरी पत्र पठाइएको थियो । अनुरोधपत्रको नमूना अनुसूची ६ मा समावेश गरिएको छ ।
- संविधानसभाका सम्पूर्ण माननीय सदस्यहरू (मन्त्रिपरिषदका सदस्य र संविधानसभाका अध्यक्ष तथा उपाध्यक्ष बाहेक) लगायत कर्मचारीहरू समेतको संलग्नतामा विभिन्न ४० वटा टोली मार्फत ७५ जिल्लाका विभिन्न स्थानमा कार्यक्रमहरूको आयोजना गरी जनताहरूबाट राय सुझाव संकलन गरिएको थियो ।
- जनताको राय सुझाव संकलनका लागि संविधानसभाका सदस्यहरू जिल्ला भ्रमणमा जानु पूर्व समितिले प्रश्नावली निर्माण उपसमिति गठन गरी प्रश्नावली निर्माणमा व्यापक एवं विस्तृत छलफल गरिएको थियो । उपसमितिको नामावली र प्रश्नावलीको नमूना क्रमशः अनुसूची ७ र ८ मा समावेश गरिएको छ ।

- समितिको प्रश्नावली सहित अन्य विभिन्न माध्यमबाट जनताबाट प्राप्त राय सुझाव ५७,२०० थान अध्ययन, विश्लेषण गर्ने जिम्मेवारी समितिका स्वयं सदस्यले ग्रहण गरी सात दिनको अध्ययनबाट प्राप्त राय सुझावको संश्लेषिकरण गरिएको थियो । राय सुझाव अध्ययन एवं विश्लेषण गर्ने कार्यमा संलग्न सदस्य एवं कर्मचारीहरूको विवरण क्रमशः अनुसूची ९ मा समावेश गरिएको छ ।
- प्राप्त प्रश्नावलीको अध्ययन एवं विश्लेषणबाट प्रत्येक सदस्यले तयार पारेको निष्कर्षलाई सम्पादन गरी एकिकृत स्वरूप प्रदान गर्नका लागि राय सुझाव सम्पादन उपसमिति गठन गरिएको थियो । सो समितिले सम्पूर्ण सदस्यहरूले अलग अलग रूपमा तयार पारेको विवरणलाई सम्पादन गरी एकिकृत स्वरूप प्रदान गरेको थियो । उपसमितिको नामावली र उपसमितिको निचोडलाई क्रमशः अनुसूची १० र ११ मा समावेश गरिएको छ ।

**१.४.६ अवधारणा तयारी उप समितिहरूको गठन :** यस समितिको कार्यक्षेत्रभित्रको विषयमा समितिको तर्फबाट तयार पारिने अवधारणापत्रको प्रारम्भिक लेखन गरी समितिमा पेश गर्ने उद्देश्यले सम्पूर्ण विषयवस्तुलाई समेट्ने गरी निम्न उपसमिति गठन गरिएको थियो । उपसमितिमा रहनु भएका सदस्यहरूको नामावली अनुसूची १२ र १३ मा समावेश गरिएको छ ।

- शासन प्रणालीको प्रकृति र स्वरूप, विभिन्न तहमा कार्यकारिणी अंगको ढाँचा र अधिकारको बाँडफाँड एवं विभिन्न तहका सरकारवीचको अन्तरसम्बन्ध सम्बन्धी अवधारणापत्र तयारी उपसमिति
- निर्वाचन प्रणाली, सरकारी सेवाको गठन र सञ्चालन विधि तथा सुशासनका आधार सम्बन्धी अवधारणापत्र तयारी उपसमिति

**१.४.७ उप समितिमा विषयवस्तु माथिको छलफल :** अवधारणापत्र तयारी गर्न गठित दुई उप समितिहरू मध्ये आफ्नो कार्य सम्पादन गर्ने क्रममा विषयवस्तुमाथि छलफल गरी आफ्नो धारणा बनाउने क्रममा **शासकीय स्वरूप सम्बन्धी उपसमिति** र **निर्वाचन प्रणाली सम्बन्धी उपसमिति**ले जम्मा १९/१९ वटा बैठक सञ्चालन गरी खास कार्यमा क्रमशः ३१ घण्टा ४५ मिनेट र ३१ घण्टा १० मिनेट व्यतित भएको थियो । यस सम्बन्धी विस्तृत विवरण अनुसूची १४ र १५ मा दिइएको छ ।

**१.४.८ समितिको अवधारणा :** दुवै उपसमितिले आफूलाई तोकिएको विषयमा समितिको विभिन्न मितिमा बसेको बैठकमा उपसमितिको बैठकका छलफलको प्रक्रिया, पारित प्रावधान र समायावधिका सम्बन्धमा जानकारी गराउँदै छलफल जारी राख्ने प्रक्रिया अनुरूप कार्यसञ्चालन गरिएको थियो । सो क्रममा उपसमितिले पारित गरिसकेका प्रावधानमाथि समितिको बैठकमा छलफल हुँदा लाग्न सक्ने समयावधि र समितिको कार्यक्षेत्रभित्रका जटिल र महत्वपूर्ण बुँदाहरू उपसमितिले मात्र टुंग्याउन व्यवहारिक रूपमा असहज देखिएकाले उपसमितिले सम्पन्न गरेका निर्णय सहितको सम्पूर्ण कार्यका लागि उपसमितिलाई धन्यवाद दिँदै बाँकी कार्य समिति आफैले सम्पन्न गर्ने निर्णय भई समिति कृयाशिल रहेको थियो ।

समितिको अवधारणा तय गर्ने क्रममा भएको छलफलमा स्थानीय तह र प्रादेशिक तहको कार्यकारिणी अंगको ढाँचा, स्थानीय तहको निर्वाचन प्रणाली, निर्वाचन क्षेत्र निर्धारण आयोग, सरकारी सेवाको गठन तथा सञ्चालन र सुशासनका सम्बन्धमा सर्वसर्वम्मति कायम गरी सो बमोजिम अवधारणा पत्र एवं प्रारम्भिक मस्यौदा तयार गरिएको थियो । उल्लेखित विषयवस्तुहरू बाहेक संघीय तहको शासकीय स्वरूप तथा संघीय एवं प्रादेशिक

व्यवस्थापिकाको निर्वाचन प्रणालीका सम्बन्धमा भने समितिको वैठकमा मतैक्यता हुन सकेन । परिणामस्वरूप निम्न तीन बटा प्रस्तावहरू समिति समक्ष प्राप्त हुन आएका थिए :-

(१) सहमतीय राष्ट्रपति प्रणाली र वहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली,
(२) संवैधानिक राष्ट्रपति सहित कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली र मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली,
(३) व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतिय शासन प्रणाली र मिश्रित निर्वाचन प्रणाली

उल्लेखित तीनवटा प्रस्तावहरू नियमावलीको नियम ७८ बमोजिम मिति २०६६ मङ्सिर १६ गतेको समितिको बैठकमा निर्णयार्थ पेश हुँदा पहिलो प्रस्तावको पक्षमा १८, विपक्षमा २० र १ मत तटस्थ रहेको थियो । यसैगरी दोश्रो प्रस्तावको पक्षमा १६, विपक्षमा २१ र तटस्थ १ मत रहेको र तेश्रो प्रस्तावको पक्षमा ३, विपक्षमा ३१ र तटस्थ ४ मत रहेको थियो । मत विभाजन हुँदा पक्ष, विपक्ष र तटस्थमा रहने माननीय सदस्यहरूको नामावली सहितको विवरण अनुसूची १६ मा समावेश गरिएको छ । समिति समक्ष उल्लेखित प्रस्तावहरू निर्णयार्थ प्रस्तुत हुँदा केही माननीय सदस्यहरूले आफ्नो फरक मत रहेको कुरा जानकारी गराउनु भएको थियो । माननीय सदस्यहरूबाट प्राप्त फरक मतहरू यसै प्रतिवेदनमा समावेश गरिएको छ ।

**१.४.९ समितिको वैठक सम्बन्धमा :** समितिले आफूलाई सुम्पिएको जिम्मेवारी वहन गर्ने क्रममा कूल ७७ वटा बैठक बसी जम्मा १८५ घण्टा ५५ मिनेट खास कार्यमा व्यतित गरेको थियो । बैठक सम्बन्धी विस्तृत विवरण अनुसूची १७ मा समावेश गरिएको छ ।

**१.४.१० सहमति निर्माण कार्यदलको गठन :** समितिको बैठकमा नियमावली ७८ बमोजिमको कार्यविधि सम्पन्न भए तापनि समितिको कार्यलाई अगाडि बढाउन परेको समस्या निराकरण गरी समिति सचिवालयलाई स्पष्ट रूपमा निर्देशित गर्नका लागि समितिमा रहेका सम्पूर्ण राजनैतिक दलका एक एक जना माननीय सदस्यहरू रहेका सहमति निर्माण कार्यदलको गठन गरिएको थियो । सो कार्यदललाई समितिमा सम्माननीय अध्यक्षसँग समेत परामर्श गरी कुनै पनि प्रस्तावले वहुमत प्राप्त गर्न नसकेको अवस्थामा के कसरी समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा तयार गर्ने भन्ने सम्बन्धमा निकास निकाल्ने जिम्मेवारी सुम्पिइएको थियो । सो कार्यदलले विभिन्न मितिमा बैठकहरू वसी सम्माननीय अध्यक्षसँग समेत छलफल परामर्श गरी समितिमा निर्णयार्थ प्रस्तुत भएका सम्पूर्ण प्रस्तावहरूलाई प्राप्त मतका आधारमा पहिलो, दोश्रो र तेश्रो क्रममा उल्लेख गर्दै अवधारणा पत्र तथा प्रारम्भिक मस्यौदा तयार गर्न सचिवालयलाई निर्देशन गर्नुपर्ने सहमति कायम गरेको थियो । यस कार्यदलमा रहनु भएका माननीय सदस्यहरूको नामावली एवं वैठक संख्या अनुसूची १८ मा समावेश गरिएको छ ।

**१.४.११ अवधारणापत्र तथा व्याख्यात्मक टिप्पणी सहितको संविधानको प्रारम्भिक मस्यौदा पारित एवं संविधानसभामा पेश :** समितिको बैठकमा प्रस्तुत अवधारणापत्र एवं व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदामाथि समितिमा विस्तृत रूपमा छलफल भई मिति २०६६ माघ २ गते बसेको बैठकले संविधानसभाको वैठकमा पेश गर्ने निर्णय भएबमोजिम यो अवधारणापत्र र व्याख्यात्मक टिप्पणी सहितको संविधानको प्रारम्भिक मस्यौदा संविधानसभामा पेश गरिएको छ ।

## १.५ समितिको सीमा

अवधारणापत्र र सो का आधारमा व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा तयार पार्ने क्रममा समिति समक्ष आइपरेका देहायमा उल्लेखित विभिन्न प्रकारका सीमाका वावजुद समितिले आफूलाई तोकिएको जिम्मेवारी सम्पन्न गर्न सफल भएको छ ।

- संविधानसभाको कार्यावधि दुई वर्ष तोकिएको पृष्ठभूमिमा विषयवस्तुको गाम्भिर्यताका दृष्टिले यस समितिले पाएको कार्यावधि भित्र प्रस्तुत अवधारणा तयार पारी व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा तयार पार्नु आफैंमा चुनौतिपूर्ण रहेतापनि विभिन्न समयमा संविधानसभाद्वारा परिमार्जित कार्यतालिकाबमोजिम प्रस्तुत अध्ययनलाई पूर्णता दिन सकिएको छ ।
- नेपाली जनताबाट प्राप्त राय सुझावहरूको संश्लेषण एवं विश्लेषणका लागि बैज्ञानिक रूपमा मान्यता प्राप्त विधिहरूको प्रयोग गरिनु पर्नेमा समय, लागत र विभिन्न राजनैतिक दलहरूका वीचमा भएका छलफल र कुनै पनि प्रकारका सुझावहरूलाई मान्यता र आत्मसात गर्ने सहमतिका कारणले आमजनताका सुझावहरूलाई संख्यात्मक रूपमा भन्दा पनि प्रवृत्ति (Trend) का रूपमा ग्रहण गरी समितिबाट प्रस्तुत विकल्पहरूका अतिरिक्त जनताबाट दिइएका थप राय सुझावलाई विशेष रूपमा अध्ययन एवं विश्लेषण गरिएको छ ।
- नविन कार्य र खासै अनुभव नभएको अवस्थामा जातीय एवं भौगोलिक विविधताका वीच देखापरेका र भविष्यमा देखापर्नसक्ने विविध समस्यालाई सम्बोधन गर्न आवश्यक पर्ने प्रविधि र प्रयोगजन्य अनुभव सहित सन्दर्भ सामाग्रीहरूको अभावका वावजुद उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गरी कार्य सम्पन्न गर्न सकिएको छ ।
- विगतमा हामीले भोगेका सबै किसिमका पीडाको एकमात्र अचुक औषधि अव बन्ने संविधान मात्र हो भन्ने आम नागरिकको बुझाई रहेको सन्दर्भमा संविधान एउटा कार्यविधि नभएर मार्गनिर्देशक सिद्धान्तहरूको सँगालो हो भनी आम जनसमुदायलाई बुझाउन नसक्नु र सबैको चाहना र भावना देशको मूल कानूनमा नै समावेश होस् भन्ने मूलभूत आकांक्षा व्याप्त रहेको अवस्थामा प्रस्तुत रूपमा यो अवधारणापत्र तयार पार्न सकिएको छ ।
- राजनैतिक दलहरूका निर्वाचन घोषणपत्र तथा विभिन्न दलबाट प्राप्त अवधारणाका कतिपय विषयवस्तुमा देखिएको विविधतापूर्ण प्रावधान एवं तात्कालिक घटना परिस्थितिका कारण छलफलका क्रममा सहमतीमा पुग्न देखापरेको जटिलताका वाबजुद दलहरूको पारस्परिक सामञ्जस्यता एवं सौहार्दताका कारण समितिले सर्वसम्मत रूपमा आफ्नो अवधारणा तय गर्न सकेको छ ।

# भाग –२
# शासन प्रणाली

## २.१ सैद्धान्तिक अवधारणा

### विषय प्रवेश

विश्वका अधिकांस प्रजातान्त्रिक मुलुकहरूमा प्रायशः राज्यका तीनवटा अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले स्वतन्त्र रूपमा कार्य सञ्चालन गर्ने गर्दछन् । मन्टेस्क्यूले १८ औं शताब्दीमा राज्य शक्तिको सम्पूर्ण अधिकार एक व्यक्ति वा निकायमा सीमित रहन गयो भने त्यो व्यक्ति वा निकाय निरंकुश हुन जान्छ भन्ने मान्यताका कारण शक्ति पृथकीकरणको सिद्धान्तको विकास गरेका थिए । शक्ति पृथकीकरणको सिद्धान्तले राज्यका तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका एक अर्काबाट स्वतन्त्र रहेका हुन्छन् भन्ने मान्यता राख्दछ । यद्यपि यी अङ्गहरूबीच शक्तिको बाँडफाँड निरपेक्ष रूपमा नभई एक अङ्गले एउटा निश्चित दायराभित्र अर्को अङ्गलाई नियन्त्रण गरी सन्तुलन कायम गरिराखेको हुन्छ । यसलाई नियन्त्रण र सन्तुलनको सिद्धान्त पनि भनिन्छ । परम्परागत रूपमा राज्यका यिनै तीन अङ्गहरूलाई राज्य शक्तिको प्रयोगका सम्बन्धमा सम्पूर्ण अधिकार एवं जिम्मेवारी दिइएको पाइन्छ । तर अहिलेको समयमा विभिन्न मुलुकहरूको संवैधानिक व्यवस्था हेर्दा यी तीन अङ्गहरूबाहेक पनि महालेखा परीक्षक, लोकसेवा आयोग, अम्बुड्सम्यान (अख्तियार दुरूपयोग अनुसन्धान आयोग) जस्ता स्वतन्त्र हैसियतका विभिन्न संस्थाहरूको परिकल्पना पनि गरिएको पाइन्छ ।

### कार्यपालिका वा कार्यकारिणी

कार्यपालिका वा कार्यकारिणी भनेको कानूनको कार्यान्वयन गर्ने राज्यको अङ्ग हो । आजको प्रजातान्त्रिक राज्य व्यवस्थामा राज्य शक्तिको श्रोत जनतालाई मानिने र जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जनप्रतिनिधिहरूद्वारा गरिने हुँदा जनप्रतिनिधिहरूद्वारा निर्मित कानूनलाई प्रशासित गर्ने निकाय नै कार्यकारिणी हो । राज्यका तीन अङ्गमध्ये कानून निर्माण गर्ने कार्य व्यवस्थापिकाले, कानून लागू गराउने अर्थात राज्यको प्रशासन सञ्चालन गर्ने कार्य कार्यपालिकाले र कानूनको उल्लंघन भएको अवस्थामा उल्लंघनकर्तालाई सजाय गर्ने र कानूनको अन्तिम व्याख्या गर्ने कार्य न्यायपालिकाले गर्दछ । राजनीतिशास्त्र तथा संवैधानिक कानूनमा राज्यको दैनिक प्रशासन एवं व्यवस्थापनका कार्य सञ्चालन गर्ने जिम्मेवारी कार्यपालिकाको हो भनी उल्लेख भएको पाइन्छ । यसकारण राज्य सञ्चालनमा विशेष गरी कार्यपालिकाले अहं भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले सामान्य अर्थमा कार्यपालिकालाई नै 'सरकार' (Government) भन्ने पनि गरिन्छ । यी तीनै अङ्गहरूको काम, कर्तव्य र अधिकारको स्पष्ट व्यवस्था सम्बन्धित मुलुकको संविधानले नै गरिदिएको हुन्छ । यद्यपि संसारभरी नै सर्वस्वीकृत एउटा मान्यता के छ भने व्यवस्थापिका र न्यायपालिकालाई संविधानद्वारा प्रदत्त गरिए बाहेकका अन्य सम्पूर्ण अधिकारहरू कार्यकारिणी अधिकार हुन् । कार्यकारिणी भन्ने शब्दले सरकारको त्यस्तो निकायलाई जनाउँछ, जसको कार्य कानूनको कार्यान्वयन गर्नु वा कानूनलाई प्रभावकारी रूपमा लागू गराउनु हो । यो एक केन्द्रबिन्दू हो, जसको वरिपरि देशको वास्तविक प्रशासन सञ्चालित भएको हुन्छ र यसभित्र प्रशासनमा संलग्न समस्त अधिकारीहरू समेत समावेश भएका हुन्छन् । समष्टिगत रूपमा कार्यकारिणी भन्नाले कानूनको शासनको परिधिभित्र रही राज्यको इच्छा कार्यान्वयनसँग सम्बन्धित समस्त निकायहरूलाई जनाउँछ ।

कार्यकारिणी शब्दलाई व्यापक र संकुचित गरी दुई अर्थमा हेर्न सकिन्छ । व्यापक अर्थमा कार्यकारिणी भन्नाले मन्त्रिपरिषद, निजामती सेवा, प्रहरी तथा सैन्य शक्तिलाई समेत जनाउँछ भने संकुचित अर्थमा यसले कार्यकारिणी अङ्गको सर्वोच्च निकाय अर्थात मन्त्रिपरिषद्लाई मात्र जनाउँछ । कार्यकारिणी अधिकार त्यस्तो अधिकार हो जसले कानूनको कार्यान्वयन गर्दछ र राज्यको इच्छा लागू गर्दछ । कार्यकारिणीले गर्ने कार्यहरूलाई कार्यपालिकीय कार्य भन्ने गरिन्छ

र आधुनिक राज्यमा कार्यकारिणीले मूलभूत रूपमा कुटनैतिक, प्रशासनिक, सेना सम्बन्धी, न्यायिक र विधायिकी कार्यहरू गर्दछ । प्रशासनिक कार्य अन्तर्गत कार्यकारिणीले कानूनको कार्यान्वयन र प्रशासनको सञ्चालन गर्ने, कर्मचारीहरूको नियुक्ति, पदोन्नति, बर्खास्ती जस्ता कार्यहरू गर्दछ भने सेना सम्बन्धी कार्य अन्तर्गत सेनाहरूको संगठन र बन्दोबस्त, युद्धको सञ्चालन आदि कुराहरू पर्दछन् । त्यसैगरी कार्यकारिणीका न्यायिक कार्यहरू क्षमादान, दण्डसजायको माफी, मुल्तवी आदि हुन् भने सामान्यतया कार्यकारिणीले विधेयकहरूको मस्यौदा सदनमा प्रस्तुत गरी कानून बनाउने कार्यमा विधायिकालाई सहयोग गर्ने र प्रत्यायोजित विधायन जस्तो विधायिकी कार्य समेत गर्ने गर्दछ । कार्यपालिका भन्नाले सामान्य अर्थमा कार्यकारिणी अधिकारको प्रयोग गर्ने राज्य प्रमुख वा सरकार प्रमुख तथा तिनका मन्त्रीहरूलाई बुझिन्छ भने यसका अतिरिक्त निजामती सेवा, स्थानीय पदाधिकारीहरू, प्रहरी, सेना इत्यादि निकायहरू समेत व्यापक अर्थमा कार्यपालिकीय स्वरूप अन्तरगत नै पर्दछन् ।

**कार्यकारिणीको स्वरूप**

कार्यपालिकाले प्रयोग गर्ने यस्तो अधिकारलाई कार्यकारिणी अधिकार भनिन्छ । राज्यको इच्छा कार्यकारिणी अधिकार मार्फत व्यक्त हुन्छ । यसरी वर्तमान आधुनिक राज्यमा कार्यकारिणी अङ्गहरूको निर्णायक शक्ति एवं भूमिका रहने हुनाले मुलुकको कार्यकारिणी अङ्गको स्वरूप तथा प्रकृति कस्तो हुने भन्ने कुरा संविधान निर्माणका क्रममा महत्वपूर्ण हुन जान्छ । खासगरी निम्नलिखित दुई कारणले गर्दा कार्यपालिकाको प्रकृति र स्वरूपलाई महत्वपूर्ण मानिएको हो :

- मुलुकको प्रभावकारी सञ्चालनका लागि कार्यपालिका माथि अधिक निर्भरता
- कार्यकारिणी अधिकारको प्रयोगलाई उत्तरदायीमूलक बनाइनु पर्ने आवश्यकता

कार्यकारिणी अधिकारको प्रयोग गर्ने परिप्रेक्षमा वर्तमान विश्वमा विभिन्न प्रकारका कार्यकारिणी अर्थात सरकारका स्वरूपहरू प्रचलनमा रहेका छन् । कुनै मुलुकमा कार्यकारिणी अधिकारको प्रयोग राष्ट्र प्रमुखले गर्दछ भने कुनै मुलुकमा यस्तो अधिकार प्रयोग गर्ने सम्बन्धमा सरकार प्रमुखको भूमिका प्रमुख हुने गर्दछ । कतै कार्यकारिणी अधिकारलाई राष्ट्र प्रमुख र सरकार प्रमुख दुवैले प्रयोग गर्ने गरी संवैधानिक व्यवस्था गरिएको पाइन्छ । कुनै मलुकमा सरकार प्रमुख र राष्ट्र प्रमुख दुवैको जिम्मेवारी एकै व्यक्तिले पाएको हुन्छ भने कुनै मुलुकमा यी दुई जिम्मेवारी अलग अलग व्यक्तिहरूमा बाडिएको हुन्छ । यसरी प्रजातान्त्रिक प्रणाली अवलम्बन गर्ने मुलुकहरूमा शासन प्रणालीका विभिन्न प्रकारका प्रकृति र स्वरूपहरू प्रचलनमा रहेको पाइन्छ । शासन प्रणालीका विभिन्न स्वरूपलाई संवैधानिक कानून एवं राजनीति शास्त्रका ज्ञाताहरूले सामान्यतया संसदीय शासन प्रणाली (Parliamentry System of Government), राष्ट्रपतीय शासन प्रणाली (Presidential System of Government) र मिश्रित शासन प्रणाली (Mexed or Semi-Presidential System of Government) गरी तीन प्रकारमा वर्गीकरण गर्ने गरेको पाइन्छ । यद्यपि यी तीन वर्गीकरणभन्दा बाहेकका अन्य केही शासन प्रणालीका स्वरूपहरू संसारमा प्रचलित छन् ।

**संसदीय शासन प्रणाली (Parliamentary System of Government)**

राज्यका अन्य अङ्गहरूको तुलनामा व्यवस्थापिका अर्थात संसद प्रधान रहने प्रणालीलाई संसदीय शासन प्रणाली (Parliamentary System of Government) भनिन्छ । संसदीय शासन प्रणालीमा कार्यपालिका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यवस्थापिकाको समर्थनमाथि निर्भर रहन्छ र यस्तो समर्थन र विरोध विश्वास एवं अविश्वासको प्रस्ताव मार्फत व्यक्त हुन्छ । यस प्रकारको शासन पद्धतिमा सामान्यतया राष्ट्र प्रमुख (Head of the State) र सरकार प्रमुख (Head of the Government) अलग अलग व्यक्ति हुन्छन् । यद्यपि कतै कतै एउटै व्यक्तिलाई पनि दुवै जिम्मेवारी दिइएको पाइन्छ । जस्तो दक्षिण अफ्रिकामा संसदबाट चुनिएको व्यक्ति राष्ट्रप्रमुख

हुन्छ र उसैले सरकारप्रमुखको रूपमा पनि कार्य गर्दछ । तर राष्ट्रप्रमुखमा निर्वाचित भइसकेपछि भने उसले संसद सदस्यबाट राजिनामा दिनुपर्दछ । यस्तै प्रणाली वोत्सवाना, मार्शल द्वीप र नाउरू जस्ता देशहरूमा रहेको पाइन्छ ।

मुलुकको सम्पूर्ण कार्यकारी अधिकार खासगरी सरकारप्रमुख अर्थात प्रधानमन्त्रीमा निहित रहेको हुन्छ र राष्ट्रप्रमुख नाम मात्रको अर्थात Figurehead मात्र हुन्छ । हाल संसदीय शासन प्रणाली अवलम्बन गर्ने विभिन्न मुलुकहरूमध्ये कुनैमा राष्ट्रप्रमुखको रूपमा राजा (सम्बैधानिक वा सेरेमोनियल) रहेका छन् भने कतिपय मुलुकहरूमा राष्ट्रपति रहने व्यवस्था गरिएको पाइन्छ । उदाहरणका लागि बेलायतलगायतका कतिपय युरोपेली मुलुकहरू एवं जापानले राजा सहितको संसदीय व्यवस्था अपनाएका छन् जहाँ राजाको भूमिका शासन सञ्चालनका सन्दर्भमा अत्यन्त न्यून रहेको हामी पाउँछौं । यसका अतिरिक्त भारतलगायतका कतिपय मुलुकहरूमा राष्ट्रपतिलाई राष्ट्रप्रमुखको जिम्मेवारी दिइएको भए तापनि सम्बैधानिक राजतन्त्र सरह कै भूमिकामा सीमित गरिएको पाइन्छ ।

अहिले विश्वका करीव ६६ वटा देशहरूले पूर्ण रूपको संसदीय शासन प्रणालीको अवलम्बन गरेका छन् । अधिकांश संवैधानिक राजतन्त्र भएका मुलुकहरूमा यस्तो प्रणाली अपनाइएको पाइन्छ । संसदीय कार्यकारिणीको उत्पत्ति र विकास वेलायतबाट भएको हुँदा लण्डन स्थित वेलायतको संसद भवन वेस्टमिनिस्टरको नामबाट नै यसलाई वेस्टमिनिस्टर मोडल (Westminister Model) को शासन प्रणाली भन्ने गरिन्छ । बेलायतलाई नै संसदीय व्यवस्थाको जननी पनि भन्ने गरिन्छ ।

**विशेषताहरू**

संसदीय शासन प्रणालीमा सरकारप्रमुखको रूपमा प्रधानमन्त्री रहेको हुन्छ जो वास्तविक रूपमा कार्यकारी प्रमुख मानिन्छ । यस्तो शासन प्रणाली अवलम्बन गर्ने वहुसंख्यक मुलुकहरूमा सरकारप्रमुख र राष्ट्रप्रमुख एउटै व्यक्ति हुदैन । राष्ट्रप्रमुखको रूपमा या त राष्ट्रपति हुन्छ या बंशानुगत रूपमा शासन गर्दै आएको राजतन्त्र । वास्तविक रूपमा प्रधानमन्त्री नै कार्यकारी प्रमुख हुने भएतापनि प्रायसः कार्यकारिणी अधिकारको प्रयोग राष्ट्रप्रमुखको नामबाट हुने गर्दछ । उदाहरणको लागि बेलायतमा कार्यकारी अधिकारको प्रयोग राजा/रानीको नामबाट हुने गर्दछ भने भारतमा राष्ट्रपतिको नामबाट हुने गर्दछ । यसैगरी प्रायशः नेपाल अधिराज्यको संविधान, २०४७ ले कार्यकारी अधिकार राजा र मन्त्रिपरिषद्‌मा निहित रहने व्यवस्था गरेको थियो तर पनि राजाले यस्तो अधिकारको प्रयोग अधिकांशतः मन्त्रिपरिषद्‌को सिफारिसमा गर्ने गर्दथे ।

राष्ट्रप्रमुख प्रतिकात्मक स्वरूपको (Figurehead) मात्र हुने हुनाले ऊ सम्पूर्ण जनताको एकताको प्रतिकको रूपमा रहेको हुन्छ । कुनै राजनीतिक दलको सदस्य नरहने र उसले प्रत्यक्ष अप्रत्यक्ष रूपमा कार्यकारी अधिकारको प्रयोग नगर्ने हुनाले विभिन्न भाषा, धर्म, क्षेत्र, जातजातिका जनताको लागि सर्वस्वीकृत व्यक्तित्वको रूपमा रहेको हुन्छ । संवैधानिक राजतन्त्र रहेका मुलुकहरूमा King can do no wrong अर्थात राजाले गल्ती नै गर्दैनन् भन्नुको तात्पर्य पनि यही नै हो ।

संसदीय शासन प्रणालीमा प्रधानमन्त्री संसदमा बहुमत प्राप्त व्यक्ति हुने हुनाले संसदको नेता पनि प्रधानमन्त्री नै हुन्छ । राष्ट्रपतीय पद्धतिमा जस्तो यस पद्धतिमा स्पष्ट रूपमा शक्तिको पृथकीकरण भएको हुदैन । यस्तो पद्धतिमा विधायिकी र कार्यपालिकीय शक्ति (Power) को फ्यूजन (Fusion) भएको हुन्छ । धेरैजसो अवस्थामा संसदमा बहुमत प्राप्त राजनैतिक दलको नेता नै प्रधानमन्त्रीको रूपमा कार्यकारीको प्रमुख समेत हुने हुँदा व्यवस्थापिका र कार्यपालिकाबीचको सम्बन्ध परस्परमा अन्योन्याश्रित हुन्छ ।

प्रधानमन्त्रीलाई मन्त्रिपरिषद्को नेता मानिन्छ । उसले व्यवस्थापिकाका सदस्यहरूमध्येबाट अन्य मन्त्रीहरूको चयन गर्दछ । व्यवस्थापिकाबाट चुनिएर आउने हुनाले प्रधानमन्त्रीलगायत मन्त्रिमण्डलका सम्पूर्ण सदस्यहरू आफ्नो नीति, कार्यक्रम तथा काम कारवाहीका सम्बन्धमा प्रत्यक्ष रूपमा व्यवस्थापिकाप्रति उत्तरदायी हुन्छन् । सबै मन्त्रीहरू व्यक्तिगत रूपमा प्रधानमन्त्री प्रति समेत उत्तरदायी रहन्छन् र सामुहिक जिम्मेवारीको सिद्धान्त अंगिकार गरिएको हुन्छ । मन्त्रिपरिषद्को निर्णयमा फरक मत राख्ने अधिकार कुनै पनि मन्त्रीलाई हुँदैन । यस्तो अवस्थामा उसका सामु दुइवटा विकल्पहरू मात्र रहन्छन् - या त चुपचाप सामुहिक निर्णयमा सहमति जनाउनु या मन्त्रिमण्डलबाट राजिनामा दिनु ।

संसदको विश्वास प्राप्त भएसम्ममात्र प्रधानमन्त्री आफ्नो पदमा कायम रहन्छ । संसदले अविश्वासको प्रस्ताव पारित गरी प्रधानमन्त्रीलाई पदबाट हटाउन सक्दछ । यसरी प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएपछि राष्ट्रप्रमुखले संसदको विश्वास प्राप्त अर्को कुनै सदस्यलाई सरकार बनाउन आग्रह गर्दछ वा संसदको विघटन गरी अर्को आम निर्वाचनको घोषणा गर्दछ । यसको विपरित संसदका सदस्यहरूले अनावश्यक रूपमा सरकारलाई काम गर्न नदिने स्थिति भएमा वा सरकारको नीति तथा कार्यक्रम पारित नगरेमा सरकारप्रमुखले संसदको विघटन गरी ताजा जनादेशका लागि निर्वाचनको माध्यमद्वारा जनता समक्ष जान सक्दछ । संसदका सदस्यहरूमा दलीय अनुशासन कायम राख्नका लागि पनि सरकारप्रमुखलाई यस्तो अनुशासनको छडी प्रदान गरिएको हुन्छ । यस्तो अभ्यासका कारण सरकारको स्थायित्वको सम्भावना बढी हुन्छ ।

संसदीय प्रणाली अवलम्बन गरेका बेलायतका अधिकांश पूर्व औपनिवेशिक मुलुकहरू (Commonwealth Countries) ले यस्तै मोडल अपनाएको पाइन्छ । संसदमा बहुमत पाएको दलले निश्चित अवधिको लागि सरकार बनाउछ भने दोश्रो ठूलो दललगायत अन्य दलहरू विपक्षमा रहन्छन् । संसदमा हुने छलफलहरू प्रतिद्वन्दात्मक (Adversarial) प्रकृतिको हुन्छ र समितिहरू भन्दा सदनको पूर्ण बैठक (Plenary Session) बढी प्रभावकारी मानिन्छ । यसको विपरित स्पेन तथा जर्मनी जस्ता मुलुकहरूले Westminister Model भन्दा केही भिन्न प्रकारको संसदीय पद्धतिको अवलम्बन गरेका छन् जसलाई पश्चिम युरोपेली संसदीय ढाँचा पनि भनिन्छ । ती मुलुकहरूमा Plenary Chamber को तुलनामा समितिहरू बढी महत्वपूर्ण मानिन्छन् र संसदमा हुने छलफलहरू प्रतिद्वन्दात्मक भन्दा पनि सहमतीय स्वरूपका हुने गर्दछन् ।

**सवल पक्षहरू**

संसदीय शासन प्रणालीको प्रमुख गुण भनेको सरकारले प्रभावकारी रूपमा विना अवरोध कार्य गर्न सक्नु नै हो । संसदमा बहुमत प्राप्त दलको वा गठवन्धन (Coalition) को नेता नै सरकार प्रमुख हुने हुनाले संसदका बहुमत सदस्य उसको पक्षमा हुन्छन् । फेरी यस्तो व्यवस्थामा दलको अनुशासन एकदमै कडा हुन्छ र संसदीय दलको ह्वीप सदस्यहरूको लागि वाध्यकारी हुन्छ । यस्तो अवस्थामा सरकारले ल्याएका नीति तथा कार्यक्रमलगायत विधेयकहरू सजिलैसँग व्यवस्थापिकाबाट पारित हुने गर्दछ र सरकारले आफूले चाहेको काम कारवाही विना अवरोध गर्न सक्दछ । त्यसैले भनिन्छ कि यदि तिमी सरकारको काम कारवाही छिटो छरितो होस् भन्ने चाहन्छौ भने त्यसको उचित समाधान भनेको संसदीय व्यवस्था नै हो ।

राष्ट्रप्रमुख र सरकारप्रमुख एकै व्यक्ति नरहने र राष्ट्रप्रमुख Figurehead को रूपमा मात्र रहने हुनाले उसको स्थान देशमा सम्मानित रहेको हुन्छ । खासगरी विविधतायुक्त समाज (Heterogeneous Society) मा विभिन्न जातजाति, वर्ण, भाषा, धर्म, समुदाय, क्षेत्र, विचारधारा इत्यादिका सम्पूर्ण जनताको राष्ट्रिय एकताको प्रतिकको रूपमा एउटा सर्वसम्मत व्यक्तित्व आवश्यक हुन्छ । कुनैपनि मुलुकमा सम्पूर्ण जनतालाई एकताको सुत्रमा आवद्ध राखी राष्ट्रिय

एकता कायम नराख्ने हो भने त्यस्तो मुलुक विखण्डनतर्फ लम्कन सक्दछ । सरकारप्रमुख र राष्ट्रप्रमुख एकैव्यक्ति रहने हो भने कार्यकारीप्रमुखको रूपमा कार्य गर्ने व्यक्ति सम्पूर्ण जनताको एकताको प्रतिक र सर्वस्वीकृत व्यक्तित्वको रूपमा नरहन पनि सक्दछ ।

यसैगरी मुलुकको कार्यकारी शक्ति ग्रहण गर्ने व्यक्ति धेरैजसो मुलधारको राजनैतिक शक्तिको प्रतिनिधित्व गर्ने खालको हुन्छ । मुलुकको शासन व्यवस्थालाई सहभागितामूलक बनाउनका लागि संवैधानिक राष्ट्रप्रमुखको रूपमा अल्पसंख्यक समुदायको व्यक्तिलाई निर्वाचित गराउने हो भने सबै वर्ग, समूदाय, तह र तप्काका जनताको शासन व्यवस्थामा सहभागितालाई सुनिश्चित गराउन सक्ने सम्भावना रहन्छ । भावनात्मक रूपमा राष्ट्रलाई एकतावद्ध राख्नकालागि समेत यस्तो पद्धति सकारात्मक प्रयास हुन सक्दछ । कार्यकारिणी शक्ति विनाको राष्ट्रप्रमुख विविधतायुक्त विशेषता भएको मुलुकका लागि उपयुक्त पद्धति हो र यस्तो प्रकारको व्यवस्था संसदीय शासन प्रणालीमा नै हुन सक्दछ भनिन्छ ।

निर्वाचनका समयमा जनताले कुनै एउटा व्यक्तिलाई नभएर घोषणापत्र एवं कार्यक्रमका आधारमा कुनै राजनैतिक दललाई रोज्ने गर्दछन् । यस्तो प्रकारको व्यवस्थामा राज्यको शासकीय शक्ति एकै व्यक्ति वा निकायमा केन्द्रीत नभई विभिन्न निकायमा छरिएर रहेको हुन्छ । राष्ट्रपतीय प्रणालीमा जस्तो एकै व्यक्ति मात्र सर्वेसर्वा हुने गरी संसदीय व्यवस्थाको सरकारप्रमुखमा सम्पूर्ण अधिकार रहेको हुदैन । यसले गर्दा एउटा व्यक्ति निरंकुश बन्ने सम्भावना पनि कम रहन्छ र स्वभाविक तथा नियमित रूपमा सत्ताको हस्तान्तरण हुने गर्दछ ।

संसदीय शासन प्रणालीमा सरकार प्रत्यक्ष रूपमा संसदप्रति उत्तरदायी हुने हुनाले उसको गतिविधि तथा कार्यशैलीका सम्बन्धमा संसदमा नियमित रूपमा छलफल हुने गर्दछ । संसदको अधिवेशन नबसेको अवस्थामा समेत समितिहरू मार्फत यसले नियमित रूपमा आफ्नो सकृयता कायमै राखेको हुन्छ । यसबाट सरकार गैर जिम्मेवार हुने कम सम्भावना रहन्छ र अनियमितता तथा भ्रष्ट्राचार रोक्न केही हदसम्म भएपनि सजिलो हुन्छ । विश्व बैंकको एक अध्ययन प्रतिवेदन अनुसार प्रजातन्त्र, राजनैतिक स्थिरता, स्वतन्त्र प्रेसका साथसाथै संसदीय शासन प्रणाली पनि भ्रष्ट्राचार कम गर्न मद्दत पुऱ्याउने एउटा कारक तत्वको रूपमा मानिएको देखिन्छ ।

**दुर्वल पक्षहरू**

संसदमा वहुमत प्राप्त दलको संसदीय दलको नेता नै कार्यकारी प्रमुख हुने भएकोले संसदीय व्यवस्थामा व्यवस्थापिका र कार्यपालिकाबीच वास्तविक रूपमा शक्तिको पृथकीकरण हुँदैन । सरकार प्रमुखले संसदका हरेक निर्णयलाई प्रभाव पार्न सक्ने हैसियत राख्दछ । यसैगरी संसदले पनि जहिलेसुकै अविश्वासको प्रस्तावद्वारा सरकारलाई हटाउन सक्ने भएकोले कार्यपालिका पनि संसदको अनावश्यक प्रभावमा पर्न सक्छ र प्रभावकारी रूपमा कार्य गर्न नसक्ने हुन्छ ।

सरकार प्रमुख जनताको लोकप्रिय मतबाट चुनिएको व्यक्ति नभई संसदबाट निर्वाचित व्यक्ति हुने हुनाले सरकार सामान्यतया राजनैतिक दलको प्रभावमा रहेको हुन्छ । एउटा दलले वहुमत पाएको अवस्थामा सरकार सञ्चालन गर्ने दलमात्र सत्तामा रहने र अन्य दल विपक्षमा रहने हुँदा सरकारमा रहेको पार्टीले भन्दा विपक्षीहरूले पाएको मत बढी हुन जान्छ र समग्रमा भन्दा अल्पमतले शासन गरिरहेको हुन्छ र सबै दल वा जनताको समानुपातिक रूपमा सरकारमा प्रतिनिधित्व रहेको हुदैन ।

एउटै पार्टीले संसदमा बहुमत नल्याएको अवस्थामा अधिकांश समय संसदीय जोड घटाउमा दिनु पर्ने हुनाले सरकारप्रमुख प्रभावकारी रूपमा सरकार सञ्चालन गर्न असमर्थ हुन्छ । यसको अर्थ संसदीय व्यवस्थामा संसदको सामान्य वहुमतबाट सरकारको आयु निर्धारण हुने हुनाले Hung Parliament भएको अवस्थामा सरकार अस्थिर हुन्छ ।

बेलायतमा जस्तो शक्तिशाली प्रधानमन्त्री रहने वा जापानको जस्तो पार्टी पद्धतिको दबदबा रहने खालका केही संसदीय व्यवस्था अपनाएका मुलुकहरूको उदाहरणलाई अपवाद मान्ने हो भने अस्थीर समीकरण, साना दलहरूको लालसा, अविश्वासको प्रस्ताव, यसको पक्ष वा विपक्षमा मत लिनका लागि अपनाइने साम, दाम, दण्ड, भेदको प्रचुरता इत्यादि कारणले गर्दा स्थीर र प्रभावकारी सरकार गठन गर्न यो पद्धति असफल हुन्छ भनी आलोचना गर्नेहरूको तर्कलाई मद्दत पुग्दछ । यस क्रममा आलोचकहरूले इजरायल, इटाली, क्यानाडा, चौथो फ्रान्सेली गणतन्त्र र वेइमर (Weimar) जर्मनीलाई उदाहरणको रूपमा लिने गर्दछन् । यस्तो अस्थीरताको कारक तत्वको रूपमा समानुपातिक निर्वाचन प्रणाली, राजनैतिक संस्कार, दलहरूको अपरिपक्व व्यवहार इत्यादिलाई लिन सकिन्छ । हाम्रो जस्तो ज्यादा राजनैतिक ध्रुविकरण हुने एवं अति राजनैतिक सोच रहेको समाज (over politicized society) मा पनि यस्तो अस्थिरता रहने संभावना ज्यादा हुन्छ । मुलुकको निर्वाचन पद्धतिले पनि संसदीय व्यवस्थामा सरकारको स्थिरताको सन्दर्भमा महत्वपूर्ण प्रभाव पार्न सक्ने देखिन्छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन पद्धतिको विकल्पको रूपमा समानुपातिक वा मिश्रित प्रकारको निर्वाचन पद्धति अपनाएको स्थितिमा व्यवस्थापिकामा कुनै एकदलको मात्र बहुमत रहने सम्भावना ज्यादै कम हुन्छ र तुलनात्मक रूपले सरकारको स्थिरता कायम राख्न ठूलो चुनौति हुने देखिन्छ ।

संसदीय व्यवस्थामा सामान्यतया आवधिक रूपमा निर्वाचन हुने भन्ने व्यवस्था भए तापनि सरकार प्रमुखले आफूलाई अनुकूल लागेको अवस्थामा जहिले पनि संसद विघटन गरी मध्यावधि निर्वाचनमा जान सक्छ । संसद विघटनको यो हतियार संसदमा अनुशासन कायम राख्ने एउटा अचुक उपाय भएतापनि यसको स्वेच्छाचारी प्रयोग भएमा मुलुकले एकजना व्यक्तिको राजनैतिक हठका कारण अनावश्यक रूपमा निर्वाचनलाई व्यहोर्नु पर्ने हुन्छ ।

## राष्ट्रपतीय शासन प्रणाली (Presidential System of Government)

व्यवस्थापिका अर्थात संसदप्रधान रहने प्रणालीलाई संसदीय शासन प्रणाली भनिए जस्तै कार्यकारिणीप्रधान रहने प्रणालीलाई राष्ट्रपतीय शासन प्रणाली (Presidential System of Government) भनिन्छ । यस्तो व्यवस्थामा सरकारप्रमुख र राष्ट्रप्रमुख एउटै व्यक्ति हुने गर्दछ र ऊ जनताको प्रत्यक्ष मतबाट निर्वाचित भएको हुन्छ । कुनै देशमा भने जनताले सोझै राष्ट्रपतिलाई मत नदिए पनि सोही प्रयोजनका लागि निर्वाचकमण्डललाई निर्वाचित गर्ने खालको निर्वाचन पद्धति अपनाइने गरेको पाइन्छ । यसरी निर्वाचित निर्वाचकमण्डलको राष्ट्रिय विधायिकासँग कुनै सम्बन्ध हुदैन । यस खालको निर्वाचन पद्धति अमेरिकाको राष्ट्रपतिको निर्वाचनमा अवलम्बन गरिएको पाइन्छ । राष्ट्रप्रमुख व्यवस्थापिका प्रति प्रत्यक्ष रूपमा उत्तरदायी हुदैन र ऊ संसदको सदस्य पनि हुदैन । कार्यपालिका र व्यवस्थापिकाले विशेष अवस्थामा बाहेक परस्परमा स्वतन्त्र रूपमा कार्य गर्दछन् । सामान्य अवस्थामा एक अङ्गमाथि अर्को अङ्गको नियन्त्रण रहेको हुदैन । यस्तो प्रणालीमा मुलुकको सम्पूर्ण कार्यकारी शक्ति राष्ट्रप्रमुखमा नै रहेको हुन्छ ऊ संसदीय व्यवस्थाको जस्तो प्रतिकात्मक स्वरूपको मात्र हुँदैन ।

अहिले विश्वका करीव ५५ वटा देशहरूले पूर्ण रूपको राष्ट्रपतीय शासन प्रणालीको अवलम्बन गरेका छन् । संयुक्त राज्य अमेरिका तथा मेक्सिको, अर्जेन्टिना, ब्राजिल, कोस्टारिका, कोलम्बियालगायतका अमेरिकी महादेशका अधिकांश मुलुकहरूले यस पद्धतिको अबलम्बन गरेको पाइन्छ । त्यसैले पनि राजनीति शास्त्रीहरूले अमेरिकालाई 'राष्ट्रपतीय पद्धतिको महादेश' (Continent of Presidentialism) भन्ने गरेको पाइन्छ । यसबाहेक इन्डोनेशिया, फिलिपिन्स, माल्दिभ्स, लाइवेरिया, घाना, रूवाण्डा, तुर्कमेनिस्तानलगायतका विभिन्न मुलुकहरूमा पनि प्रधानमन्त्री विनाकै राष्ट्रपतीय पद्धति अवलम्बन गरिएको पाइन्छ ।

**विशेषताहरू**

राष्ट्रप्रमुख एउटा निश्चित पदावधिको लागि निर्वाचित हुने हुनाले विशेष अवस्थामा बाहेक उसले पूरा अवधिसम्म सरकारको सञ्चालन गर्दछ । व्यवस्थापिकाबाट महाभियोगका माध्यमबाट उसलाई हटाउन सकिन्छ । यसैगरी राष्ट्रपतिले पनि सामान्यता संसदलाई विघटन गर्न नसक्ने हुँदा दुवै निकायले पूरा अवधि आफ्नो कार्य सञ्चालन गर्न सक्दछन् ।

जनताबाट प्रत्यक्ष रूपमा निर्वाचित व्यक्ति भएको हुँदा राष्ट्रप्रमुख विशेष अवस्थामा बाहेक विधायिकाको नियन्त्रणबाट पूर्ण रूपमा स्वतन्त्र हुन्छ । यसैकारणले गर्दा उसले आफूले चाहे अनुसारको सरकार गठन गर्न सक्दछ । सामान्यतया, सबै कार्यकारी अधिकार राष्ट्रप्रमुखमा निहित रहने हुँदा मन्त्रिमण्डलका सदस्यहरूको भूमिका खाली एउटा सल्लाहकारको जस्तो मात्रै हुन्छ । यसरी नियुक्त गरिएका मन्त्रीहरू विधायिकाको सदस्य हुदैनन् र उनीहरू संसदप्रति जवाफदेही पनि हुदैनन् । वास्तविक रूपमा शक्ति पृथकीकरणको सिद्धान्तको प्रयोग यस पद्धतिमा भएको पाइन्छ ।

कार्यकारीप्रमुख भएको नाताले राज्य सञ्चालनका क्रममा राष्ट्र प्रमुखले सेना, प्रहरी, नागरिक प्रशासनलगायतका महत्वपूर्ण अङ्गहरूलाई सञ्चालन एवं निर्देशन दिने हैसियत राख्दछ र यी निकायहरू राष्ट्रप्रमुखको मातहतमा रहन्छन् ।

कार्यकारिणीका खासखास कार्यहरूलाई संसदद्वारा अनुमोदन गर्नुपर्ने गरी राष्ट्रपतिको शक्तिलाई केही सीमित भने गरिएको हुन्छ । जस्तै संयुक्तराज्य अमेरिकामा राष्ट्रपतिले गरेका महत्वपूर्ण संघीय नियुक्तिहरूमा सिनेटको अनुमोदन आवश्यक छ भने वैदेशिक सन्धिसम्झौताहरू लागू हुनुपूर्व कंग्रेसको दुई तिहाइ वहुमतद्वारा स्वीकृत हुनु आवश्यक छ । अमेरिकी संविधानले गरेको यस्तो सन्तुलित व्यवस्थाका कारण राष्ट्रपतिलाई वलियो बनाउनको साथै केही हदसम्म नियन्त्रित समेत गरेको छ । अमेरिकामा सामान्यतया विधेयक सरकारले प्रस्तुत गर्दैन । विधायिकाले नै यसका लागि आवश्यक पहल गर्दछ ।

**सवल पक्षहरू**

राष्ट्रपतीय पद्धतिमा राष्ट्र प्रमुख र विधायिकाको निर्वाचन एक अर्काबाट पूर्ण रूपमा स्वतन्त्र रहने र दुई निकायले समानान्तर रूपमा आ-आफ्नो कार्यक्षेत्रमा स्वतन्त्र रूपले कार्य सञ्चालन गर्न सक्ने हुनाले वास्तविक रूपमा शक्तिको पृथकीकरण भएको हुन्छ । संसदीय व्यवस्थामा जस्तो एउटा अङ्गले अर्को अङ्गलाई सजिलै समाप्त पार्ने हैसियत राख्दैन । यसरी शक्तिको पृथकीकरणका साथसाथै यस पद्धतिमा नियन्त्रण र सन्तुलनको अवस्था समेत बढी प्रभावकारी हुन्छ ।

राष्ट्रपतीय पद्धतिमा राष्ट्रप्रमुख जनताको प्रत्यक्ष र लोकप्रिय मतद्वारा निर्वाचित हुने हुनाले ऊ प्रत्यक्ष रूपमा जनताप्रति उत्तरदायी हुन्छ । हुन त जनताबाट चुनिएर आएका संसदका सदस्यहरूले चुनेको प्रतिनिधिले पनि अप्रत्यक्ष रूपमा जनताकै प्रतिनिधित्व गरिरहेको हुन्छ तापनि जनताको प्रत्यक्ष मतद्वारा अधिकांश जनताको समर्थनमा विजयी हुने हुनाले संसदबाट चुनिएको प्रधानमन्त्री भन्दा प्रत्यक्ष चुनिएको राष्ट्रपति बढी प्रजातान्त्रिक प्रक्रियाबाट आएको मानिन्छ र ऊ बढी शक्तिशाली पनि हुन्छ । कार्यकारी अधिकार सम्पन्न राष्ट्रप्रमुख र विधायिकाका सदस्यहरूको अलग अलग निर्वाचन हुने हुनाले मतदातालाई अलग अलग छनौटको अवसर रहन्छ । जस्तो कि अमेरिकामा डेमोक्रेटिक दलको बहुमत रहेको कंग्रेस र रिपब्लिकन दलको राष्ट्रपतिको छनौट जनताले गर्दछन् भने त्यस्तो अवस्थामा रिपब्लिकनको वैदेशिक नीति र डेमोक्रेटिक दलको आन्तरिक नीतिले जनताद्वारा मान्यता पाएको मानिन्छ ।

संसदीय व्यवस्थामा सरकारले आफ्नो प्रत्येक नीति तथा कार्यक्रममा संसदको समर्थनको अपेक्षा गर्नुपर्ने भएकाले यस व्यवस्थामा भन्दा राष्ट्रपतीय व्यवस्थामा सरकारले प्रभावकारी रूपमा

कार्य गर्न सक्दछ । सरकारलाई आफ्ना हरेक काम कारवाहीमा व्यवस्थापिकाको अनुमोदन आवश्यक पर्दैन र व्यवस्थापिकाबाट आफ्नो कार्यक्रम असफल हुने हो कि भन्ने डर उसलाई रहँदैन । यद्यपि केही महत्वपूर्ण काम कारवाहीमा भने सरकार विधायिकाप्रति भर पर्नु पर्ने हुन्छ । यसका अतिरिक्त एउटा मात्र शक्ति केन्द्र रहने हुनाले यस प्रणाली भएका मुलुकहरूमा सरकारको काम कारवाही शीघ्रातिशीघ्र हुने गर्दछ ।

संसदले अविश्वासको प्रस्तावको माध्यमद्वारा सरकारलाई सजिलैसँग हटाउन नसक्ने हुनाले यस व्यवस्थामा सरकार संसदीय व्यवस्थाको तुलनामा स्थिर रहन्छ । यसकारणले गर्दा नै विभिन्न मुलुकहरूमा यस्तो पद्धतिको अनुशरण गरिएको पाइन्छ । खासगरी विभिन्न समस्याहरूले ग्रस्त मुलुकहरूमा एउटा स्थीर सरकार बन्न सकेन भने त्यहाँ राजनैतिक स्थिरता पनि रहन नसक्ने हुनाले यस्तो पद्धतिलाई अवलम्बन गर्ने गरिन्छ ।

यस प्रणालीमा राष्ट्रप्रमुख निरंकुश हुने सम्भावना बढी हुन्छ भनी आलोचना गरिने भए तापनि संघीय संरचना भएको मुलुकमा भन्दा एकात्मक शासन संरचना भएको मुलुकमा चाहिँ यो सम्भावना बढी रहन्छ । संघीय संरचना भएको मुलुकमा एकभन्दा बढी राज्य वा प्रान्तहरू रहने र उनीहरू धेरै हदसम्म स्वशाशित इकाइहरू हुने हुँदा सर्वसत्तावाद उन्मुख हुने केन्द्रलाई नियन्त्रणमा राख्न सहज हुन्छ । किनकि प्रदेशहरूको सहयोग विना केन्द्रले मात्र एकलौटी रूपमा अधिकारको प्रयोग गर्न सक्दैन ।

**दुर्वल पक्षहरू**

राष्ट्रपतीय प्रणालीका पक्षधरहरूले यसको सबैभन्दा ठूलो गुणको रूपमा स्थिर सरकार दिन सक्षम भनी भन्ने गरे तापनि अर्को पक्षले भने यसैलाई यो प्रणालीको सबैभन्दा ठूलो अवगुणको रूपमा चित्रण गर्ने गरेको पाइन्छ । राष्ट्रप्रमुखलाई सजिलैसँग पदबाट मुक्त गर्न नमिल्ने हुनाले ऊ आफ्नो पदावधि समाप्त नभएसम्मका लागि कार्य गर्न स्वच्छन्द हुन्छ र ऊ कसैको नियन्त्रणमा रहदैन । संसदमा रहेका विपक्षी दलहरूलगायत आफ्नै दलभित्रका विपक्षीहरूलाई पनि क्रमशः पन्छाउदै सत्तामा आफ्नो एकल प्रभुत्व जमाउने सम्भावना प्रवल रहन्छ । एउटा लोकप्रिय राजनेता एकपटक राष्ट्रप्रमुखको रूपमा निर्वाचित भइसकेपछि शक्ति सञ्चय गर्दै क्रमशः एउटा सर्वसत्तावादी व्यक्तिको रूपमा उदय हुने संभावना ज्यादा हुन्छ । अझ त्यसमा पनि निर्वाचनका क्रममा प्रयोग हुने पैसा र शक्तिका कारण एकपटक राज्यसत्तामा आसिन भएपछि पुनः सत्तामा पुग्न सजिलो हुन्छ भन्ने मान्यता रहेका र राजनैतिक संस्कार समेत नबसेका मुलुकहरूमा त यस्तो सम्भावना एकदमै बढी हुने कतिपय मुलुकहरूका उदाहरणबाट देखिएका छन् ।

दोश्रो विश्वयुद्धपछि संसदीय व्यवस्था अपनाएका तेश्रो विश्वका दुई तिहाइ भन्दा बढी मुलुकहरूले संक्रमणकाललाई सफलतापूर्वक प्रजातन्त्रमा परिणत गर्न सफल भए भने राष्ट्रपतीय पद्धति अंगिकार गरेका धेरैजसो मुलुकहरूमा सैनिक विद्रोह वा संवैधानिक दुर्घटना नभई यस्तो संक्रमणकाल प्रजातान्त्रिक पद्धतिमा रूपान्तरण हुनसकेको पाइदैन । कतिपय अफ्रिकी मुलुकहरूको उदाहरणलाई हामी यस सन्दर्भमा लिन सक्दछौं । संसदीय व्यवस्थाको प्रधानमन्त्री संसदमा बहुमत दलको व्यक्ति भए पनि उसले स्वेच्छाचारी ढंगले कार्य गर्न थाल्यो भने आगामी निर्वाचनमा हुने सम्भावित पराजयको डरले उसकै दलबाट पनि विरोध हुन थाल्दछ र आफ्नै दलले समेत उसलाई स्वेच्छाचारी हुनबाट रोक्दछ तर यसको विपरित राष्ट्रपतीय पद्धतिमा भने एकपटक निर्वाचित भइसकेको राष्ट्रप्रमुखलाई दलले फिर्ता बोलाउन नसक्ने हुँदा ऊ दलीय अनुशासनभन्दा माथि रहन जान्छ ।

यसैगरी राष्ट्रपतीय पद्धतिमा व्यवस्थापिका र कार्यपालिकाले एकअर्काबाट स्वतन्त्र रही कार्य गर्ने र प्रत्यक्ष रूपमा एक अर्काप्रति उत्तरदायी नहुने हुँदा दुई अङ्गबीच शक्ति संघर्ष चर्कने सम्भावना पनि उत्तिकै रहन्छ । यस्तो अवस्था खासगरी एउटा दलको राष्ट्रप्रमुख र अर्को दलको बहुमत

रहेको व्यवस्थापिका भएको वेलामा देखा पर्दछ । एउटा अङ्गले अर्को अङ्गलाई समाप्त गर्न नसक्ने हुनाले कहिले काँही महत्वपूर्ण कार्य गर्दा आपसी सहमती कायम हुन नसकेमा परस्परमा सम्वादहिनता (Deadlock) को स्थिति उत्पन्न गर्न नसक्ने अवस्थामा सिर्जना हुन सक्दछ ।

राष्ट्रपतीय पद्धतिमा एउटा व्यक्तिबाट अर्को व्यक्तिमा सहज रूपमा नेतृत्व हस्तान्तरण हुन गाह्रो भएको देखिन्छ । जिम्बाबे तथा माल्दिप्सलगायतका मुलुकहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

**मिश्रित शासन प्रणाली (Mixed System of Government)**

राष्ट्रप्रमुख र सरकारप्रमुख दुबैले मुलुकको कार्यकारिणी अधिकार प्रयोग गर्ने पद्धति अवलम्बन गरेका मुलुकहरूको शासन व्यवस्थालाई सामान्यतया मिश्रित शासन प्रणाली भन्ने गरिन्छ । यस्तो शासन पद्धति अंगाल्ने मुलुकहरूमा सामान्यतया प्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रप्रमुख र संसदको वहुमत प्राप्त व्यक्ति सरकारप्रमुख हुने गर्दछ । राष्ट्रप्रमुख प्रत्यक्ष रूपमा निर्वाचित हुने भएकाले स्वभाविक रूपमा सरकारप्रमुखको तुलनामा राष्ट्रप्रमुखको पद महत्वपूर्ण मानिन्छ । त्यसैले पनि यस पद्धतिलाई राजनीति शास्त्रीहरूले Semi-Presidential System भन्ने गरेको हामी पाउँछौं । फ्रान्समा पाँचौ गणतन्त्र[१] (The Fifth French Republic, 1958) स्थापना भएपछि त्यहाँ यस प्रकारको पद्धतिको शुरूवात भएको पाइन्छ । यद्यपि वेइमर (Weimar) जर्मनी[२]ले पनि Semi-Presidential System अपनाएको हामी पाउँछौं । जुन शासन प्रणाली पछि गएर हिटलरको उदय भएपछि समाप्त भएको थियो । चौथो फ्रान्सेली गणतन्त्र[३] (The Fourth French Republic,1946) ले राजनैतिक स्थिरता दिन नसके पछि तत्कालीन संविधानका मस्यौदाकारहरूले अमेरिकाको राष्ट्रपतीय पद्धति र वेलायतको संसदीय पद्धति दुवैका गुणहरूलाई समेटी बीचको बाटो अवलम्बन गर्दै नयाँ खालको राजनैतिक प्रयोग गर्न खोजको पाइन्छ । हाल फ्रान्स बाहेक श्रीलंका, फिनल्याण्ड, पोर्चुगल, पेरू, रोमानिया, रूस, मंगोलिया, ताइवान, युक्रेनलगायत विश्वका करीव ४१ वटा मुलुकहरूले यस प्रकारको मिश्रित पद्धतिको अंगिकार गरेका छन् ।

यस पद्धतिमा राष्ट्रप्रमुख र व्यवस्थापिकाको निर्वाचन स्वतन्त्र रूपमा अलग अलग हुन्छ । कार्यकारिणीको दुईवटा शक्तिमध्ये एउटा शक्ति अर्थात राष्ट्रप्रमुखको चयन र पदमुक्तिमा सामान्यतया व्यवस्थापिकाको कुनै भूमिका रहदैन भने अर्को शक्ति सरकारप्रमुखको चयन र पदमुक्तिमा व्यवस्थापिकाको समर्थनमा निर्भर गर्दछ । यद्यपि सरकारप्रमुखको चयनका सम्बन्धमा राष्ट्रप्रमुखको प्रमुख भूमिका रहने व्यवस्था पनि कतिपय मुलुकहरूमा पाइन्छ ।

---

१ फ्रान्सको पाँचौ गणतन्त्रको संविधान चौथो गणतन्त्रको संविधानलाई परिवर्तन गरी १९५८ अक्टोबर ५ मा लागू भएको हो । फ्रान्सको औपनिवेशिक राष्ट्र अल्जेरिया लगायतले आफूलाई स्वतन्त्र घोषित गरेको र ती मुलुकबाट समेत संसदमा प्रतिनिधित्व रहने व्यवस्था भएको हुँदा संवैधानिक संकट आएको र चौथो गणतन्त्रको अवधिमा मुलकमा स्थिर सरकार बन्न नसकेको कारण चाल्स देगाँलको समयमा फ्रान्सले मिश्रित शासन प्रणाली सहितको शासन व्यवस्थाको अर्को प्रयोग शुरू गऱ्यो । फ्रान्सले छोटो अवधिमा धेरै प्रकारका राजनैतिक प्रणालीहरूको प्रयोग गरेको हुँदा यसलाई 'राजनीतिशास्त्रको प्रयोगशाला' भन्ने गरिन्छ । यसभन्दा पहिले फ्रान्समा संसदीय शासन प्रणाली रहेको थियो र यसै संविधानद्वारा मिश्रित शासन प्रणाली अवलम्वन गरिएको थियो ।

२ प्रथम विश्वयुद्धको समाप्ति पश्चात मुलुकलाई गणतन्त्रात्मक दिशातर्फ उन्मुख गर्नका लागि जर्मनीले वेइमर भन्ने शहरमा नयाँ संविधानलाई अंगिकार गऱ्यो । जर्मनीको सन् १९१९ देखि १९३३ सम्मको अवधिलाई वेइमर गणतन्त्रको नामले चिनिन्छ । द्वितीय विश्वयुद्धसम्म यो संविधान अस्तित्वमा भएतापनि १९३३ मा हिटलरको नाजी पार्टीले सत्तामा कब्जा जमाएपछि वेइमर संविधानले अंगिकार गरेको उदार प्रजातान्त्रिक व्यवस्था भताभुंग भएको थियो । सन् १९१९-१९३३ को अवधिमा जर्मनीमा अहिलेको फ्रान्सको जस्तो मिश्रित प्रकारको शासन व्यवस्था रहेको पाइन्छ । हाल जर्मनीमा संसदीय शासन प्रणाली रहेको छ ।

३ सन् १९४६-१९५६ को अवधिलाई फ्रान्समा चौथो गणतन्त्रको अवधि मानिन्छ । फ्रान्सले चौथो गणतन्त्रको संविधान दोश्रो विश्वयुद्धको समाप्ति पछि १३ अक्टोवर १९४६ मा अंगिकार गरेको थियो । संसदीय शासन प्रणाली अंगालेको यस अवधिमा मुलुकमा स्थिर सरकार गठन हुन नसकेपछि संसदीय व्यवस्थाकै विकल्प खोज्नका लागि १९५६ मा संविधान नै परिवर्तन गरिएको थियो ।

विभिन्न मुलुकको संवैधानिक अभ्यासका आधारमा यस्तो मिश्रित पद्धतिलाई पनि दुई प्रकारमा विभाजन गर्ने गरिएको पाइन्छ । प्रधानमन्त्री हटाउने सम्बन्धी स्वविवेकीय अधिकार राष्ट्रपतिलाई नभएको र व्यवस्थापिकाले अविश्वासको प्रस्तावको माध्यमद्वारा प्रधानमन्त्रीलाई हटाउन सक्ने एउटा व्यवस्था जसलाई प्रधानमन्त्री-राष्ट्रपतीय (Premier-Presidential) व्यवस्था भन्ने गरिन्छ । यसको विपरित प्रधानमन्त्रीलाई राष्ट्रपतिले स्वविवेकीय अधिकारका माध्यमद्वारा हटाउने सक्ने र व्यवस्थापिकाले अविश्वासको प्रस्तावको माध्यमद्वारा प्रधानमन्त्रीलाई हटाउन नसक्ने अर्को व्यवस्थालाई भने राष्ट्रपति-संसदीय (President-Parliamentary) व्यवस्था भन्ने गरिन्छ । पहिलो खालको व्यवस्था अपनाउने मुलुकहरूमा फ्रान्स, श्रीलंका, पोर्चुगल, रोमानिया, पोल्याण्डलगायतका मुलुकहरू रहेकाछन् भने पछिल्लो व्यवस्था अपनाउने मुलुकहरूमा पेरू, रूस, ताइवान, जर्जियालगायतका मुलुकहरू रहेका छन् । यद्यपि राष्ट्रप्रमुख प्रत्यक्ष रूपमा निर्वाचित हुने र द्वैध कार्यकारिणीको स्वरूप हुने कारणले गर्दा यी दुवै व्यवस्थालाई विस्तृत रूपमा भन्दा Semi-Presidential व्यवस्था नै भन्ने गरिन्छ ।

प्रधानमन्त्री-राष्ट्रपतीय व्यवस्थामा हेर्दा व्यवस्थापिका र राष्ट्रप्रमुख दुवै जनताबाट प्रत्यक्ष रूपमा निर्वाचित हुन्छन् । राष्ट्रप्रमुखले मन्त्रिमण्डलको नियुक्ति गर्दछ र दुबै अङ्गबीच कार्यगत र तहगत सम्बन्ध त रहेको हुन्छ तर उत्तरदायित्वको हिसावले भने मन्त्रिपरिषद् राष्ट्रप्रमुखप्रति नभई व्यवस्थापिका प्रति उत्तरदायी रहन्छ र व्यवस्थापिकाले उसलाई हटाउन सक्दछ । यस्तो प्रणाली अपनाउने मुलुकहरू संसदीय व्यवस्था तर्फ बढी नजिक देखिन्छन् तर फरक के छ भने यी मुलुकहरूको राष्ट्रपति प्रतिकारात्मक स्वरूपको (Figurehead) मात्र नभई प्रत्यक्ष रूपमा निर्वाचित र मुलुक अनुसार व्यवस्थापिका भङ्ग गर्न सक्ने, व्यवस्थापिकाले पारित गरेको विधेयकमाथि भिटो प्रयोग गर्न सक्ने, व्यवस्थापिकामा कसैको वहुमत हुन नसकेको अवस्थामा प्रधानमन्त्रीको नियुक्ति गर्नसक्नेमध्ये एक वा बढी अधिकार प्रयोग गर्न सक्ने शक्ति भएको राष्ट्रपति हुन्छ ।

यसैगरी राष्ट्रपति-संसदीय व्यवस्थामा व्यवस्थापिका र राष्ट्रप्रमुख दुवै जनताबाट प्रत्यक्ष रूपमा निर्वाचित हुन्छन् । मन्त्रिपरिषद् भने राष्ट्रप्रमुख र व्यवस्थापिका दुबैप्रति समान रूपमा उत्तरदायी रहेको हुन्छ । तर यस्तो पद्धति रहेका केही मुलुकहरूमा भने व्यवस्थापिकाले मन्त्रिपरिषद्लाई अविश्वासको प्रस्तावद्वारा हटाउन नसक्ने संवैधानिक प्रावधान रहेको पाइन्छ । जस्तो कि रूस, जर्जिया, ताइवान जस्ता मुलुकको व्यवस्थापिकालाई सरकारमाथि अविश्वासको प्रस्ताव राख्न रोक लगाइएको छ ।

द्वैध प्रकृतिको कार्यकारिणी हुने भएकाले राष्ट्रप्रमुख र सरकारप्रमुखकाबीचमा कार्यकारी शक्तिको बाँडफाँड कसरी हुने भन्ने कुरामा विभिन्न देशहरूको आ-आफ्नै प्रचलन रहेको पाइन्छ । राष्ट्रप्रमुखमा निर्वाचित व्यक्ति र व्यवस्थापिकाका वहुमत सदस्यहरू एउटै दलको भएको अवस्थामा यो व्यवस्थाको सञ्चालन सहज रूपमा हुन्छ । यसको विपरित राष्ट्रप्रमुखको दलको भन्दा अर्को दलका सदस्यहरू बढी भएको व्यवस्थापिका भएको स्थितिमा भने राष्ट्रप्रमुख र सरकारप्रमुख अलग अलग दलको हुने भएकोले एक आपसमा सन्तुलन र नियन्त्रण (Check & Balance) कायम हुन त सक्ला तर शक्ति संघर्ष चर्कने र सहज रूपमा सरकार सञ्चालन हुन गाह्रो पर्दछ । यस्तो अवस्थालाई सहकार्य (Cohabitation) को अवस्थाको रूपमा चित्रित गरिन्छ । Cohabitation को अवस्थामा राष्ट्रप्रमुख र सरकारप्रमुखको व्यक्तित्वका आधारमा दुईबीचको आपसी सम्बन्ध चल्ने गर्दछ । एकदमै सुझबुझपूर्ण रूपमा चल्न सक्ने राजनैतिक व्यक्तित्व नभएमा यस्तो व्यवस्थाका गुणभन्दा दुर्गुणहरू बढी देखिन सक्दछन् । फेरी Coalition Culture को विकास भई नसकेको देशहरूमा त यस्तो Cohabitation को अवस्था सहज नहुन सक्दछ । फ्रान्समा सन् ८० को दशकमा यस्तो अवस्था आएको थियो ।

पछिल्लो समयमा प्रजातान्त्रिक पद्धति अपनाएका विभिन्न मुलुकहरूले कुनै न कुनै रूपमा Semi-Presidential System को अंगिकार गरेको पाइन्छ । अहिले प्रजातान्त्रिक पद्धति अपनाएका

पूर्व साम्यवादी १४ वटा मुलुकहरूमध्ये १२ वटा मुलुकहरूले यस्तो पद्धतिलाई अपनाएका छन् भने अल्वानिया र मोल्दोभाले मात्र संसदीय पद्धतिको अनुसरण गरेका छन् । यसैगरी सन् १९८० पश्चात नव प्रजातान्त्रिक मुलुक बनेका १२ वटामध्ये ७ वटा अफ्रिकन मुलुकहरूले यो पद्धतिको अवलम्बन गरेको पाइन्छ ।

**प्रधानमन्त्रीय शासन प्रणाली (Primeministerial System of Government)**

संवैधानिक कानून तथा राजनीति शास्त्रका सन्दर्भ सामाग्रीहरूमा यस प्रकारको कुनै निश्चित खालको शासन पद्धतिको वारेमा चर्चा गरिएको नपाइए तापनि हाम्रो मुलुकको सन्दर्भमा प्रधानमन्त्रीय शासन पद्धतिको वारेमा समेत चर्चा हुने गरेको पाईंदा यस सम्बन्धमा समेत केही विवेचना गर्नु सान्दर्भिक देखिन आउँछ ।

प्रधानमन्त्रीय शासन पद्धति भन्नाले कस्तो प्रकारको शासन पद्धति हो भन्ने सम्बन्धमा कहिँ कतै स्पष्ट खालका धारणाहरू व्यक्त भएको नपाइए तापनि यसलाई राष्ट्रपतीय शासन प्रणालीको केही पक्षहरूलाई सुधार गर्न खोजिएको पद्धतिको रूपमा लिन सकिन्छ ।

यस प्रकारको शासन व्यवस्थामा प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष रूपमा गरिन्छ । मुलुकको कार्यकारिणी अधिकार प्रधानमन्त्रीमा नै निहित रहेको हुन्छ । राष्ट्रप्रमुखको रूपमा राष्ट्रपतिको व्यवस्था हुने र ऊ प्रत्यक्ष रूपमा निर्वाचित व्यक्ति नभई निर्वाचक मण्डलद्वारा अप्रत्यक्ष रूपमा निर्वाचित हुन्छ । उसको भूमिका संसदीय व्यवस्था कै राष्ट्रप्रमुखको सरह सेरेमोनियल वा संवैधानिक रूपको मात्र हुन्छ । यद्यपि संविधानद्वारा नै केही अधिकारहरू राष्ट्रप्रमुखलाई प्रदान गर्न सकिन्छ । यस्तो प्रकारको शासन पद्धति अहिलेको समकालीन विश्वमा प्रचलनमा रहेको पाइन्न । केही समय इजरायलले यस्तो प्रकारको प्रत्यक्ष रूपमा निर्वाचित हुने प्रधानमन्त्रीको व्यवस्था सहितको शासन पद्धति अपनाएको भए तापनि करीव छ वर्ष पहिले नै उसले पनि यो व्यवस्थालाई परित्याग गरिसकेको छ ।

हाम्रो मुलुकको सन्दर्भमा, संसदीय शासन प्रणाली अवलम्बन गर्दा देखिएको अस्थिर सरकारको विकल्पको रूपमा यो प्रणालीको आवश्यकता महसुश भएको देखिन्छ । यदि प्रधानमन्त्री प्रत्यक्ष रूपमा निर्वाचित हुने हो भने ऊ सोझै जनता प्रति उत्तरदायी हुने हुँदा तुलनात्मक रूपमा शक्तिशाली हुने र संसदले वारम्वार अविश्वासको प्रस्तावको माध्यमद्वारा उसलाई हटाउन नसक्ने हुन्छ । यसले गर्दा राजनैतिक स्थिरता कायम गर्नमा मद्दत पुग्न सक्दछ । मन्त्रीहरूको नियुक्ति गर्दा संसदका सदस्य हुनु पर्ने वा नपर्ने भन्ने सम्बन्धमा कुनै स्पष्टता पाइदैन । यदि संसदका सदस्यहरूमध्येबाट मन्त्रिमण्डलको सदस्य नियुक्ति हुने हो भने यो संसदीय व्यवस्थाको नजिकको व्यवस्था हुन पुग्दछ भने संसदको सदस्य भन्दा बाहेकका व्यक्तिहरूलाई नियुक्ति गरिने हो भने यो व्यवस्था राष्ट्रपतीय व्यवस्थाको नजिकको व्यवस्था हुन पुग्दछ ।

यस प्रणाली अवलम्बन गर्ने हो भने प्रधानमन्त्रीको उत्तरदायित्व तथा उसलाई हटाउने सम्बन्धमा के कस्तो व्यवस्था हुनु पर्दछ भन्ने कुरा गम्भीर छलफलको विषय हुनसक्दछ । प्रत्यक्ष रूपमा निर्वाचित प्रधानमन्त्रीलाई संसदले अविश्वासको प्रस्तावको माध्यमद्वारा सामान्य वहुमतले नै हटाउन सक्ने हो भने त्यो सैद्धान्तिक रूपमा उपयुक्त हुदैन । यस्तै खालको व्यवस्था अवलम्बन गरेको कारण इजरायलमा यो प्रणाली सफल हुन नसकेको मानिन्छ । सामान्य वहुमतद्वारा नै संसदले हटाउन सक्ने हो भने यो पद्धति संसदीय व्यवस्था भन्दा के कति रूपमा भिन्न छ भन्ने प्रश्न पनि उठ्न सक्दछ । अन्यथा, यसको विकल्पको रूपमा राष्ट्रपतीय पद्धतिको जस्तो महाभियोगको माध्यमद्वारा उसलाई हटाउने व्यवस्था गर्न सकिन्छ ।

यस्तो व्यवस्था अपनाइने हो भने यसका कारण उत्पन्न हुनसक्ने केही कमजोरीहरू हटाउने सम्बन्धमा गम्भिरतापूर्वक अध्ययन हुनु आवश्यक देखिन्छ । जस्तो कि जुन राजनैतिक दलको प्रधानमन्त्री निर्वाचित भएको छ सोही दलको वहुमत संसदमा भएको अवस्थामा त यस्तो व्यवस्था सञ्चालनका दृष्टिले तुलनात्मक रूपमा सहज हुन सक्दछ तर यसको विपरित Hung Parliament वा प्रधानमन्त्रीको दलको विपक्षी दल संसदमा वहुमतमा रहेको अवस्थामा भने

शक्ति संघर्षको अवस्था चर्कन सक्दछ र सरकारले अपेक्षित रूपमा काम गर्न सक्दैन । प्रधानमन्त्रीलाई अविश्वासको प्रस्तावबाट हटाउन नसक्ने भएपछि ऊ प्रत्यक्ष रूपमा संसदप्रति उत्तरदायी पनि हुँदैन र उत्तरदायित्व निर्वाह गर्नु नपर्ने अवस्थामा निरंकुशताको सम्भावना यहाँपनि हुन सक्छ । दलको तर्फबाट निर्वाचित प्रधानमन्त्रीले दलको नीति, कार्यक्रम र भावना विपरित आप"ेखुशी कार्य गर्न थाल्यो भने उसलाई फिर्ता बोलाउन सक्ने अवस्था पनि नरहने हुँदा दलीय व्यवस्था नै कमजोर पनि हुनसक्छ ।

प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्ने प्रणाली सम्वैधानिक राष्ट्रप्रमुखको परिकल्पना बाहेकका अन्य प्रावधानबाट राष्ट्रपतीय प्रणालीकै अर्को रूप मान्न सकिन्छ । राष्ट्रप्रमुखको रूपमा राष्ट्रपति वा अरू कुनै नामको पदाधिकारी रहँदा शासनको केन्द्रविन्दु एउटै व्यक्तिमा नरहने हुनाले राष्ट्रपतीय प्रणालीमा जस्तो प्रधानमन्त्री निरंकुश हुन नसक्ने एवं नियन्त्रण र सन्तुलनको सम्भावना कायम हुन सक्दछ भन्ने तर्क यस प्रणालीका पक्षपातिहरूको रहेको पाइन्छ । यद्यपि राष्ट्रप्रमुखलाई संविधानद्वारा कति अधिकार प्रदान गरिने भन्ने कुराले यसमा विशेष महत्व राख्दछ । यसो गर्ने हो भने प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री माथि नै अविश्वास गरी उसलाई नियन्त्रण गर्न राष्ट्रपति आवश्यक परेको त होइन भन्ने एउटा तर्क उत्पन्न हुनसक्छ ।

यो व्यवस्थामा विगतको संवैधानिक राजतन्त्रको वा अहिले कै राष्ट्रपतिलाई दिए सरहकै केही निश्चित प्रकारका अधिकारहरू राष्ट्रप्रमुखलाई प्रदान गर्न सकिने हुन्छ । तर राष्ट्रप्रमुखले स्वविवेकीय रूपमा त्यस्तो अधिकारको प्रयोग गर्न नसक्ने हुँदा प्रधानमन्त्रीले स्वेच्छाचारी रूपमा कार्य गर्न थालेमा उसलाई राष्ट्रपतिले नियन्त्रण गर्छ भन्नु संवैधानिक प्रावधानलाई उपेक्षा गर्नुजस्तो हुनजान्छ । यस्तो प्रधानमन्त्रीलाई संसदको सामान्य वहुमतले हटाउन नसकिने तथा जटिल राजनैतिक समीकरणका कारण महाभियोगबाट हटाउने सम्भावना पनि कम रहने हुँदा प्रधानमन्त्रीको स्वेच्छाचारितामा अंकूश लगाउने व्यवस्थाको पहिचान गर्नु आवश्यक हुन जान्छ ।

**सहमतीय शासन प्रणाली (Consensual System of Government)**

यस प्रकारको शासन पद्धति पनि संवैधानिक कानून तथा राजनीति शास्त्रका पुस्तक तथा अध्ययन सामाग्रीहरूमा उल्लेख भएको पाइँदैन । यद्यपि मुलुकको शासन प्रणालीमा सम्पूर्ण जनताको बढी भन्दा बढी सहभागिता गराउने खालको व्यवस्था अवलम्बन गरिएको अवस्थामा त्यसलाई सहमतीय शासन प्रणाली भनी मान्ने गरिन्छ । विविधतायुक्त समाज रहेको मुलुकमा सवै जाति, भाषा, धर्म, संस्कृति, विचार इत्यादिलाई समेटी शासन प्रणालीमा सवैको समानुपातिक रूपमा प्रतिनिधित्व गराउन सकेको अवस्थामा समाजमा कसैले पनि शोषित एवं शासित भएको अनुभव गर्नु नपर्ने र सामाजिक सद्भाव एवं भाइचारा कायम राख्न त्यसबाट सहयोग पुग्ने भएकोले सवैको सहमतीमा मुलकको शासन व्यवस्था संचालित हुनुपर्दछ भन्ने भावनाबाट यस्तो प्रकारको शासन पद्धतिको आवश्यकता महसुस भएको देखिन्छ ।

यद्यपि यस प्रकारको शासन पद्धतिको प्रयोग कुन कुन मुलुकमा के कसरी गर्ने गरिएको छ भन्ने कुरा विस्तृत अध्ययनको विषय रहेको देखिन्छ । कसै कसैले स्वीट्जरल्याण्डको शासन प्रणालीलाई यस्तो प्रकारको शासन प्रणाली हो भनी अर्थ लगाउने गरेका छन् भने कसैले हाम्रै मुलुकमा अन्तरिम संविधान, २०६३ जारी भई तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सरकारमा सहभागि भएपछि संविधानसभाको निर्वाचन हुनुपूर्वको अवस्थालाई समेत सहमतीय शासन प्रणालीको नमूनाको रूपमा लिने गरेको पाइन्छ । तर पनि स्वीट्जरल्याण्डको कार्यपालिकामा संसदले सहमतीय रूपमा निर्वाचित गरेका व्यक्तिहरू रहने हुँदा त्यहाँको व्यवस्था कुनै न कुनै रूपमा संसदीय व्यवस्थाकै एउटा स्वरूप हो भन्न सकिन्छ ।

अन्तरिम संविधानले गरेको यस सम्बन्धी हालको प्रावधानमा पनि राजनैतिक सहमतीको आधारमा सरकार गठन गर्ने कुरालाई पहिलो प्राथमिकतामा राखिएको पाइन्छ । यदि सहमती कायम हुन नसकेको खण्डमा मात्र संविधानसभामा निर्वाचनका माध्यमद्वारा सरकार निर्माण गर्ने विकल्पलाई राखिएको छ । यस हिसावले हेर्ने हो भने यो शासन प्रणाली करिव करिव संसदीय शासन प्रणालीसँगै मिल्दोजुल्दो प्रणालीको रूपमा रहेको पाइन्छ । संसदमा प्रतिनिधित्व गर्ने दलहरूमध्ये एउटा निश्चित संख्या भन्दा बढी संख्यामा प्रतिनिधित्व गर्ने दलहरूलाई सरकारमा सामेल हुने मौका प्रदान गर्ने व्यवस्था संविधानमा हुनसक्दछ । त्यसमा पनि सबैभन्दा ठूलो दलको प्रधानमन्त्री, दोश्रो ठूलो दलको उप प्रधानमन्त्री गर्दै क्रमशः सम्बन्धित दलको प्रतिनिधित्वको अनुपातमा मन्त्रिमण्डलमा सहभागि हुने व्यवस्था हुन सक्दछ ।

यस्तो अवस्थामा संसदमा विपक्षी दलको अस्तित्व रहदैन र सरकारको काम कारवाही स्वेच्छाचारी ढंगबाट हुन गएको अवस्थामा नियन्त्रण र सन्तुलन कायम कसरी गर्ने भन्ने कुरामा भने ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । धेरैवटा दलहरूको प्रतिनिधित्व व्यवस्थापिकामा हुने अवस्थामा व्यवस्थापनका हिसावले समेत यो व्यवस्था त्यति सहज नहुन सक्दछ र धेरैवटा दलको सहमतीमा सरकार सञ्चालन गर्नु पर्ने हुनाले समन्वय मिलाउन पनि ज्यादै गाह्रो हुनजान्छ । यद्यपि संक्रमणकालको उचित व्यवस्थापनका लागि र एउटा उपयुक्त खालको पद्धति कायम हुन नसकेसम्मका लागि अर्थात कम्तीमा पनि दश वा वीस वर्षसम्मका लागि यसप्रकारको शासन व्यवस्था अवलम्बन गरी आपसी सहमतीद्वारा शासन सञ्चालन गर्न सकेमा संक्रमणकालको उचित व्यवस्थापन गर्न सकिने सकारात्मक सम्भावना भने प्रचुर रहन्छ भन्ने मत यस प्रणालीका पक्षधरहरूको रहेको छ ।

### अन्य शासन प्रणालीहरू

माथि उल्लेखित शासन पद्धतिहरूका अतिरिक्त संसारका केही मुलुकहरूले केही आफ्नै प्रकारका विशेषता भएका शासकीय स्वरूपलाई अवलम्बन गरेको पाइन्छ । साउदी अरेविया, वहराइन, भुटान, ब्रुनाई, संयुक्त अरब इमिरेट्स जस्ता मुलुकहरूमा राजतन्त्रात्मक (सकृय वा निरकुंश) व्यवस्था रहेको पाइन्छ भने चीन, क्युबा, उत्तर कोरिया तथा भियतनाम जस्ता मुलकहरूमा एउटा मात्र पार्टी (साम्यवादी) को सरकारले शासन गर्दै आएको छ । यस्तै म्यान्मार, लिविया जस्ता सैनिक कार्यकारिणी रहेका देश तथा भ्याटिकन सिटी एवं इरान (केही हदसम्म) जस्ता धार्मिक राज्यहरू पनि अस्तित्वमा रहेका पाइन्छन् । तर यस्ता प्रकारका शासन पद्धतिहरूमा सबै खालका विचार तथा दलहरू अटाउन नसक्ने भएका कारण हाम्रो आगामी संविधान निर्माणका क्रममा यस्ता पद्धतिहरूका सम्बन्धमा खासै छलफल हुनसक्ने सम्भावना नरहँदा ज्यादा चर्चा गर्नु सान्दर्भिक देखिदैन ।

## २.२ विभिन्न मुलुकहरुमा प्रचलित शासन प्रणालीको स्वरूप

### बेलायत

संसदीय व्यवस्थाको प्रचलन बेलायतबाट भएकोले यसलाई हामी संसदीय व्यवस्थाको जननीको रूपमा लिने गर्दछौं । राजा वा रानी र मन्त्रिपरिषद्को संयुक्त स्वरूपलाई कार्यकारिणीको रूपमा लिइन्छ । राष्ट्रप्रमुखको रूपमा राजा वा रानी रहेका हुन्छन् भने प्रधानमन्त्री सरकारप्रमुख हुन्छ । सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद (Cabinet) मा निहित रहेको हुँदा प्रधानमन्त्री नै वास्तविक रूपमा कार्यकारीप्रमुख मानिन्छन् र राष्ट्रप्रमुख संवैधानिक राष्ट्रप्रमुखको रूपमा रहेको हुन्छ । वेलायतमा लिखित संविधान

नभए तापनि त्यहाँको संवैधानिक परम्परा अनुसार राजा वा रानीले गर्ने समस्त कार्यहरू प्रधानमन्त्री वा मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा गरिन्छन् । वास्तविक रूपमा निर्णय लिने र त्यसको कार्यान्वयन गर्ने कार्य मन्त्रिपरिषदले गर्दछ भने राजा वा रानीलाई त्यसबारेमा जानकारी गराइन्छ । राजा वा रानीमा खासगरी जानकारी पाउने (Right to be Consulted), प्रोत्साहन दिने (Right to Encourage) र सचेत गराउने (Right to Warn) जस्ता अधिकारहरू मात्र रहेका हुन्छन् ।

संसदको तल्लो सदन अर्थात House of Commons मा बहुमत प्राप्त राजनैतिक दलको नेतालाई राजा वा रानीले प्रधानमन्त्री पदमा नियुक्त गर्दछन् र प्रधानमन्त्रीले संसदका सदस्यहरूमध्येबाट मन्त्रिमण्डलको गठन गर्दछ । मन्त्रीहरू, संसदका सचिवहरू, कमनवेल्थमा रहने गभर्नरहरू, उच्च अदालतका न्यायाधिशहरू आदि महत्वपूर्ण नियुक्तिहरू प्रधानमन्त्रीकै सिफारिसमा हुने गर्दछन् । प्रधानमन्त्रीले मन्त्रिपरिषद्को अध्यक्षता गर्दछ र मन्त्रिपरिषद् बैठकको कार्यसूची प्रधानमन्त्रीद्वारा तय हुन्छ । सामान्यतया मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्रीको विचार वा प्रस्ताव नै मान्य हुने गर्दछ । मन्त्रिपरिषद् निर्णयको सामूहिक जिम्मेवारी मन्त्रिपरिषद्का सबै सदस्यहरूले लिनु पर्दछ । यदि कुनै मन्त्रिपरिषद्को सदस्य मन्त्रिपरिषद्को निर्णयसँग असहमत हुन्छ भने उसले आफ्नो पदबाट राजिनामा दिनु पर्दछ वा प्रधानमन्त्रीले नै उसलाई हटाउन सक्छ ।

प्रधानमन्त्री सरकारको प्रमुख हुनका साथसाथै आफ्नो दलको नेता समेत हुने हुँदा दलको चुनावी घोषणा पत्र तयार गर्ने, दलको वैठकहरूलाई संवोधन गर्ने र आफ्नो घोषणापत्रलाई अघि सारेर जनतासँग मत माग्ने र जनताले वहुमतद्वारा जिताएमा जनस्वीकृत उक्त घोषणापत्रलाई प्रधानमन्त्रीको हैसियतले कार्यान्वयन गर्ने उसको कर्तव्य हुन्छ । प्रधानमन्त्रीले आवश्यक ठानेमा संसदको तल्लो सदनलाई भङ्ग गरी मध्यावधि निर्वाचनका लागि राजा वा रानी समक्ष सिफारिस गर्न सक्दछ । प्रधानमन्त्रीले संसदको तल्लो सदनको अधिवेशनको समयावधि तय गर्दछ र अधिवेशन कहिले शुरू भई कहिले अन्त्य हुने र कति समय सरकारी मामिलामा र कति समय गैर सरकारी विधेयकहरूमा लगाउने भन्ने कुराको निरोपण गर्दछ । संसदमा हुने शाही संवोधनको मस्यौदा प्रधानमन्त्रीद्वारा तयार गरिन्छ । कुन मन्त्रीले संसदसमक्ष विधेयक प्रस्तुत गर्ने र सरकारको तर्फबाट कुन मन्त्रीलाई जवाफ दिन लगाउने भन्ने कुरा प्रधानमन्त्रीले निर्धारण गर्दछ । सरकारी नीति सम्बन्धी महत्वपूर्ण विषयहरूमा छलफल गर्न कति समय दिने भन्ने कुराको निर्णय पनि प्रधानमन्त्रीले नै गर्दछ । यदि कुनै विधेयकले दुई वा सो भन्दा बढी विभागलाई असर गर्ने रहेछ भने ती दुई मन्त्रालयबीचको विवादलाई प्रधानमन्त्रीले समाधान गर्दछ । देशको शासन व्यवस्थाको सम्पूर्ण जिम्मेवारी प्रधानमन्त्रीमा रहन्छ । समस्त मन्त्रालय र विभागहरूको कार्यमा समन्वय कायम गर्नु तथा देशको शासन व्यवस्थाको सञ्चालन, नियन्त्रण र रेखदेख गर्नु प्रधानमन्त्रीको कर्तव्य हो । देशको प्रतिरक्षा, परराष्ट्र एवं सामरिक नीतिको प्रमुख निर्धारक प्रधानमन्त्री नै हुन्छ ।

**अमेरिका**

राष्ट्रपतीय शासन प्रणालीलाई अबलम्बन गर्ने मुलुकहरूमध्ये संयुक्त राज्य अमेरिका एक प्रमुख मुलुक हो । त्यहाँको राष्ट्रपति जनताले वालिग मताधिकारको आधारमा चुनेका निर्वाचक मण्डलहरूद्वारा चार वर्षका लागि निर्वाचित हुने गर्दछ र दुई पटक भन्दा बढी

कुनै एक व्यक्ति सो पदमा कार्यरत रहन सक्दैन । अमेरिकी राष्ट्रपतिले राष्ट्रप्रमुख तथा सरकारप्रमुख दुबैको भूमिका निर्वाह गर्दछ । कार्यकारिणी अधिकार पूर्ण रूपमा राष्ट्रपतिमा निहित रहेको हुन्छ । अमेरिकाको राष्ट्रपतिले देशको कार्यपालिकाको नेतृत्व गर्नुका अतिरिक्त देशको सशस्त्र सेना तथा निजामती सेवाको प्रमुखको हैसियतमा कार्य गर्दछ । उसले देशको वैदेशिक मामिला सञ्चालन तथा सरकारी विधेयक प्रस्तुत गर्ने कार्य समेत सरकारप्रमुखको हैसियतले सम्पन्न गर्दछ । राष्ट्रपति एकपटक निर्वाचित भएपछि खराब आचरणका आधारमा महाभियोगको माध्यमबाट वर्खास्त नभएसम्म आफ्नो पदमा वहाल रहन्छ । संसदले उसलाई संसदीय व्यवस्थाको प्रधानमन्त्रीलाई जस्तो सामान्य रूपले हटाउन सक्दैन । राष्ट्रपतिले मन्त्रिमण्डलको गठन विधायिकाका सदस्यहरू भन्दा बाहिरका व्यक्तिमध्येबाट गर्दछ । यसरी नियुक्त मन्त्रीहरू राष्ट्रपतिप्रति नै जवाफदेही हुन्छन् र उनीहरू संसदको बैठकमा भाग लिने गर्दैनन् ।

अमेरिकी राष्ट्रपतिको कार्यकारिणी अधिकार संविधानद्वारा निर्देशित छ । मुलुकका कानून इमान्दारीपूर्वक कार्यान्वयन भएका छन् वा छैनन् भनी हेर्नु उसको कर्तव्य रहेको पाइन्छ । उसले अमेरिकी संविधानको संरक्षण र रक्षा गर्ने र त्यसलाई जोगाइराख्ने कुराको शपथ लिएको हुन्छ । राष्ट्रपति नै देशको प्रशासनको प्रमुख निर्देशक पनि हो । सम्पूर्ण विभागका प्रमुखहरूलाई राष्ट्रपतिले निर्देशन दिन्छ । महत्वपूर्ण पदहरूमा नियुक्ति पनि उसले नै गर्दछ तर यस्ता नियुक्तिहरूको उपयुक्तताको परिक्षण सिनेटले गर्दछ । अमेरिकी राष्ट्रपति अमेरिकी जल, थल र वायु सेनाको पनि प्रमुख हुन्छ । देशको प्रतिरक्षा नीतिको निर्माता हुनुको अतिरिक्त सेनाका सर्वोच्च पदहरूको नियुक्ति पनि राष्ट्रपतिबाटै हुने गर्दछ । उसले युद्धको घोषणा गर्न सक्दछ तर त्यसो गर्नुपूर्व कंग्रेसको सहमति लिनु आवश्यक छ । यद्यपि कतिपय अवस्थामा विधायिकाले स्पष्ट रूपमा युद्धको घोषणा नगरे तापनि राष्ट्रपतिले आफ्नो अधिकारको प्रयोग गरेर यस्तो कार्यसमेत गर्नसक्दछ । यसका अतिरिक्त प्रशासन यन्त्रको सुचारू रूपले सञ्चालन र कानूनको कार्यान्वयन गर्न गराउन राष्ट्रपतिले आवश्यक आदेश एवं निर्देशन जारी गर्न सक्दछ ।

अमेरिकी राष्ट्रपतिले राजदुतको नियुक्ति गर्ने र विदेशी राजदुतहरूद्वारा प्रस्तुत ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने गर्दछ । अमेरिकी विदेश नीतिको सञ्चालन राष्ट्रपतिले राजदुतहरू वा विशेष प्रतिनिधिहरू मार्फत गर्दछ । विदेशी सरकार वा देशहरूसँग सन्धि सम्झौता गर्ने अधिकार राष्ट्रपतिलाई छ, तर त्यस्ता सन्धिसम्झौताहरू सिनेटको दुई तिहाई बहुमतद्वारा अनुमोदित हुनुपर्दछ । सामान्यतया यस्ता सन्धिसम्झौताहरू सिनेटबाट अस्वीकृत हुँदैनन् । कुनै नयाँ राज्य वा कुनै देशको सरकारलाई मान्यता दिने नदिने पूर्ण अधिकार राष्ट्रपतिलाई हुन्छ । अमेरिकी राष्ट्रपतिलाई कुनै अदालतद्वारा गरिएको दण्ड सजायलाई माफी, मुल्तवी वा घटाउने अधिकार छ तर कुनै महाभियोग लागेको व्यक्तिलाई राष्ट्रपतिले माफी दिन भने सक्दैन र कुनै अपराधमा अदालतद्वारा दोषी प्रमाणित भएको व्यक्तिलाई महान्यायाधिवक्ताको सिफारिसमा मात्र क्षमादान दिन सक्दछ । साथै संघीय कानून उल्लंघन गरेवापत सजायभागी भएको व्यक्तिले मात्र क्षमादान पाउन सक्दछ । कुनै राज्यको कानून उल्लंघन गरेवापत दोषि प्रमाणित भएको व्यक्तिलाई भने राष्ट्रपतिले माफि दिन सक्दैन ।

अमेरिकी संविधान शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित भएकाले विधायिका र राष्ट्रपति आ-आफ्नो कामको सन्दर्भमा विल्कुलै अलग र स्वतन्त्र भएपनि राष्ट्रपतिको

विधायिकी भूमिका पनि महत्वपूर्ण मानिन्छ । यद्यपि अमेरिकी राष्ट्रपतिले कांग्रसको विशेष अधिवेशन बोलाउनु परेमा बाहेक अन्य नियमित अधिवेशनको आह्वान गर्दैन र उसले कंग्रेसको अधिवेशन स्थगित गर्ने, लम्ब्याउने वा कंग्रेसलाई भङ्ग गर्ने अधिकार राख्दैन । साथै कंग्रेस समक्ष कुनै पनि विधेयक राष्ट्रपतिद्वारा प्रस्तुत हुँदैनन् र कंग्रेसको बैठकमा भाग लिने वा त्यसको कार्यसञ्चालन गर्नमा राष्ट्रपतिले कुनै भूमिका निर्वाह गर्दैन । यद्यपि हरेक अधिवेशनको शुरूमा राष्ट्रपतिले कंग्रेसलाई सन्देश पठाउँछ । यस्तो सन्देशमा राष्ट्रपतिले आफ्ना नीति तथा कार्यक्रमको बारेमा उल्लेख गर्दछ र त्यसै अनुकूलका विधेयक पारित हुने अपेक्षा गर्दछ । यस्तो सन्देश माथि विस्तृत रूपमा छलफल गरी सोही सन्देशको भावनाबाट अभिप्रेरित भई विधेयक समितिले कंग्रेस समक्ष विधेयकहरू प्रस्तुत गर्ने गर्दछ । सामान्यतया राष्ट्रपतिको सन्देशलाई अवज्ञा गर्न मिल्दैन । कंग्रेसद्वारा निर्मित कानूनहरूमा रहेका बाधा अड्काउ फुकाउन राष्ट्रपतिले आवश्यक आदेश जारी गर्न सक्दछ । विधायिकी शक्तिका सन्दर्भमा अमेरिकी राष्ट्रपतिले सस्पेन्सन भिटो र पकेट भिटो गरी दुई प्रकारका भिटो प्रयोग गर्ने अधिकार राख्दछ ।

**फ्रान्स**

फ्रान्समा राष्ट्रपतिलाई राष्ट्रप्रमुखका रूपमा राखिएको छ तर ऊ बेलायतको जस्तो नाम मात्रको प्रमुख भने होइन । राष्ट्रपतिको निर्वाचन प्रत्यक्ष रूपमा बालिग मताधिकारको आधारमा हुने गर्दछ । संसदको गठन र राष्ट्रपतिको निर्वाचनकाबीच परस्परमा कुनै अन्तरसम्बन्ध हुदैन । राष्ट्रपतिले महाभियोग बाहेक अरू अवस्थामा संसदको सामना गर्नुपर्दैन र संसदप्रति उसले कुनै उत्तरदायित्व निर्वाह गर्नु पनि पर्दैन । यसको विपरित मुलुकको दैनिक शासनको अभिभारा लिएको मन्त्रिपरिषद्ले भने संसदको विश्वासको मत प्राप्त गर्नसक्नु पर्दछ । मन्त्रीहरू संसदको सदस्य नभए तापनि आफ्नो प्रस्तावका सम्बन्धमा संसदीय कारवाहीमा भाग लिने गर्दछन् । त्यहाँ कार्यकारिणी अधिकारलाई राष्ट्रपति र प्रधानमन्त्री अर्थात मन्त्रिपरिषद्काबीचमा बाँडिएको छ । प्रधानमन्त्री संसदको बहुमत पाएर नियुक्ति हुने गर्दछ भने उसलाई संसदले अविश्वासको प्रस्ताव मार्फत पदबाट हटाउन सक्दछ । फ्रान्सको उदाहरण हेर्ने हो भने सामान्यतया बैदेशिक नीतिको जिम्मेवारी राष्ट्रपतिमा रहन्छ भने आन्तरिक नीतिको जिम्मेवारी भने प्रधानमन्त्रीमा रहेको पाइन्छ । संविधानमा नै यस प्रकारले जिम्मेवारी बाँडफाँड भएको नपाइए तापनि प्रचलन र परम्पराका आधारमा यस्तो प्रकारको शासन व्यवस्था चल्दै आएको छ ।

संविधानबमोजिम फ्रान्सका राष्ट्रपतिले प्रधानमन्त्रीलगायत विभिन्न महत्वपूर्ण पदहरूमा नियुक्ति गर्ने, क्याबिनेट बैठकको अध्यक्षता गर्ने, सन्धि सम्झौता गर्ने, सशस्त्र सेनाको नेतृत्व गर्ने, राष्ट्रिय सभा (National Assembly) लाई भङ्ग गर्न सक्ने, विधेयकमा स्वीकृति दिने, माफी दिने तथा राजदुतहरूको नियुक्ति गर्ने तथा राजदुतहरूबाट ओहदाको प्रमाणपत्र बुझ्ने जस्ता अधिकारहरूको प्रयोग गर्दछन् । तर राष्ट्रपतिबाट हुने कतिपय कार्यहरूमा प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीहरूको समेत हस्ताक्षर (Countersign) आवश्यक पर्ने व्यवस्था संविधानले गरेको छ । राष्ट्रपति देशको दैनिक प्रशासन भन्दा पृथक रहन्छ भने सरकारको सञ्चालन प्रधानमन्त्रीले गर्दछ । प्रधानमन्त्रीबाट हुने कार्यहरूमा सम्बन्धित मन्त्रीको हस्ताक्षर (Countersign) आवश्यक पर्दछ ।

फ्रान्सको राष्ट्रपतिले संसदीय कारवाहीमा भाग लिने गर्दैन । उसले संसदबाट पारित विधेयकलाई अस्वीकार गर्न पाउँदैन तापनि जनमत संग्रहका लागि आदेश जारी गर्न भने सक्दछ । आवश्यकता अनुसार संकटकालको घोषणा गर्न वा संसदलाई भङ्ग समेत गर्न सक्ने हुँदा त्यहाँको राष्ट्रपतिको स्थिति संसदीय पद्धतिको प्रधानमन्त्री र राष्ट्रपतीय पद्धतिको राष्ट्रपति दुवैको जस्तो हुनगएको पाइन्छ ।

फ्रान्सका मन्त्रीहरू विधायिकाको सदस्य बन्न नसक्ने गरेर एकातिर सरकारका अङ्गहरूबीच व्यक्तिगत पृथकता कायम गर्न खोजिएको पाइन्छ भने अर्कोतिर विधायिका प्रतिको जवाफदेहीता कायम गराउन खोजेर नियन्त्रण राख्न खोजेका पनि पाइन्छ । त्यहाँ राष्ट्रपतीय र संसदीय दुबै प्रणालीका विशेषताहरूलाई समावेश गरिएकाले त्यहाँको शक्ति पृथकीकरण र नियन्त्रण एवं सन्तुलनको स्थिति विलक्षण एवं जटिल बन्न गएको पाइन्छ ।

**दक्षिण अफ्रिका**

दक्षिण अफ्रिकामा राष्ट्रिय कार्यकारिणीको प्रमुख राष्ट्रपतिलाई मानिन्छ । राष्ट्रपतिले संविधानको पालना, संरक्षण र सम्बर्द्धन गर्नुपर्ने र उसलाई राष्ट्रिय एकताको प्रतिक मानिनेछ भन्ने व्यवस्था संविधानले गरेको छ । त्यहाँको राष्ट्रपतिले दोहोरो भूमिका निर्वाह गरिरहेको हुन्छ । एकातिर उसले राष्ट्र प्रमुखको रूपमा संसदीय व्यवस्थाको राष्ट्रपतिको जस्तो भूमिका निर्वाह गर्दछ भने अर्कोतिर प्रधानमन्त्री जस्तो कार्यकारी प्रमुखको रूपमा समेत कार्य गर्दछ । कार्यकारी प्रमुखको रूपमा कार्य गर्न उसको सहयोगिको रूपमा मन्त्रिमण्डल रहेको हुन्छ । कार्यकारी प्रमुखको रूपमा राष्ट्रपतिले संविधान र कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक राष्ट्रिय कानूनको कार्यान्वयन गर्ने, राष्ट्रको नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने, राष्ट्रका विभिन्न मन्त्रालय, विभाग र प्रशासनिक निकायहरूबीचको काम कारवाहीमा समन्वयात्मक भूमिका निर्वाह गर्ने, विधेयकहरू तयार पारी संसद समक्ष पेश गर्ने र संविधान र कानूनबमोजिमका अन्य कार्यकारी काम गर्ने गर्दछ भने राष्ट्रप्रमुखको रूपमा उसले विधेयकमा स्वीकृति प्रदान गर्ने वा विधेयकलाई पुनर्विचारका लागि संसद समक्ष फिर्ता गर्ने वा संवैधानिकता परीक्षणका लागि संवैधानिक अदालतमा पठाउने, संसदको साधारण तथा विशेष अधिवेशनको आह्वान गर्ने, महत्वपूर्ण नियुक्तिहरू गर्ने, जाँचबुझ समितिहरू गठन गर्ने, आवश्यकता अनुसार जनमत संग्रहको आह्वान गर्ने, राजदुत तथा प्रतिनिधिहरूको नियुक्ति र विदेशी राजदुतहरूको ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने, माफी दिने वा सजाय घटाउने तथा उपाधि सम्मान इत्यादि प्रदान गर्ने कार्य समेत गर्दछ ।

संसदको निर्वाचन पश्चात बसेको संसदको पहिलो बैठकले चुनेको व्यक्ति राष्ट्रप्रमुख हुन्छ र ऊ नै सरकारप्रमुख समेत हुने गर्दछ । राष्ट्रपतिको निर्वाचनका लागि बसेको संसदको बैठकको अध्यक्षता संवैधानिक अदालतको अध्यक्ष वा उसले तोकेको न्यायाधिशले गर्ने प्रावधान रहेकोछ । संसदको महिला वा पुरूष सदस्य राष्ट्रपतिको रूपमा निर्वाचित हुन सक्दछ तर राष्ट्रपतिको रूपमा निर्वाचित भइसकेपछि भने उसले संसद सदस्यबाट राजिनामा दिनुपर्दछ । संसदबाट अर्को राष्ट्रपति निर्वाचित नभएसम्मका लागि राष्ट्रपति आफ्नो पदमा वहाल रहन्छ र एकजना व्यक्तिले बढीमा दुई पटकसम्मका लागि राष्ट्रपतिको रूपमा कार्य गर्न सक्दछ । संसदको दुई तिहाई बहुमतले संविधानको

गम्भीर उल्लंघन वा खराव आचरण वा पदीय कार्य गर्न असमर्थ भएको आधारमा महाभियोगको प्रस्ताव पारित गरी राष्ट्रपतिलाई पदमुक्त गर्न सक्ने संवैधानिक व्यवस्था रहेको छ ।

राष्ट्रपति (जो क्याविनेटको प्रमुख पनि हो) ले संसद (राष्ट्रिय सभा - तल्लो सदन) को सदस्यलाई उप राष्ट्रपतिको रूपमा नियुक्त गर्न सक्दछ । संसदका सदस्यमध्येबाट नै अन्य मन्त्रीहरूको नियुक्ति गर्नु पर्ने व्यवस्था संविधानले गरेको भए तापनि संसदको सदस्य बाहेकका अन्य दुईजना व्यक्तिलाई भने राष्ट्रपतिले मन्त्रीको रूपमा नियुक्त गर्न सक्दछ । संसदमा सरकार तर्फबाट नेतृत्वदायी कार्य गर्नका लागि राष्ट्रपतिले मन्त्रिमण्डलको एकजना सदस्यलाई प्रमुखको रूपमा तोक्नुपर्ने व्यवस्था संविधानले गरेको पाइन्छ । राष्ट्रपतिले तोकिदिएको कार्यप्रति उप राष्ट्रपति र मन्त्रीहरू नै जिम्मेवार हुन्छन् र उनीहरू आफूले सम्पादन गरेको कार्यप्रति सामूहिक र व्यक्तिगत रूपमा संसदप्रति उत्तरदायी हुन्छन् । यदि संसदले राष्ट्रपति बाहेक मन्त्रिमण्डलका विरूद्धमामात्र अविश्वासको प्रस्ताव पारित गरेमा राष्ट्रपतिले मन्त्रिमण्डलको पुनर्गठन गर्नु पर्नेछ । यसैगरी संसदले राष्ट्रपतिका विरूद्धमा अविश्वासको प्रस्ताव पारित गऱ्यो भने राष्ट्रपति तथा मन्त्रिमण्डलका सबै सदस्यहरूले राजिनामा दिनु पर्ने व्यवस्था संविधानमा गरिएको पाइन्छ । यसरी यहाँको संविधानले राष्ट्रपति पदमुक्त हुने सम्बन्धमा दुईथरी व्यवस्था गरेको देखिन्छ ।

यसरी हेर्दा दक्षिण अफ्रिकामा संसद प्रधान रहने व्यवस्थालाई नै अंगिकार गरिएको पाइन्छ । यद्यपि राष्ट्रप्रमुख र सरकारप्रमुख अलग अलग व्यक्ति रहने खालको अन्य संसदीय पद्धति अपनाउने मुलुकहरूको भन्दा भिन्न व्यवस्था त्यहाँ रहेको पाइन्छ ।

**इजरायल**

इजरायल पनि संसदीय प्रणाली अपनाउने देशहरूमध्येको एउटा देश हो । यहाँ राष्ट्रप्रमुखको रूपमा राष्ट्रपति र कार्यकारिणी अधिकारसम्पन्न प्रधानमन्त्री सरकार प्रमुखको रूपमा रहेका छन् । राष्ट्रपति अन्य संसदीय व्यवस्था अपनाउने मुलुकहरूमा जस्तै नाम मात्रको राष्ट्रप्रमुखको रूपमा रहन्छ । राष्ट्रपतिले संसदबाट पारित विधेयकमा स्वीकृति दिने, विधायिकामा प्रतिनिधित्व गर्ने दलहरूसँगको परामर्शमा नेसेट (विधायिका) को कुनै सदस्यलाई सरकार गठनका लागि आमन्त्रण गर्ने, सिफारिस समितिको सिफारिसमा सर्वोच्च न्यायालयका न्यायाधिशहरूको नियुक्ति गर्ने, प्रधानमन्त्रीको सिफारिसमा नेसेटलाई भङ्ग गरी मध्यावधि निर्वाचनको घोषणा गर्ने, राजदुतको नियुक्ति गर्ने र विदेशी राजदुतको ओहोदाको प्रमाण पत्र ग्रहण गर्ने, गभर्नर तथा अन्य प्रशासनिक प्रमुखहरूको नियुक्ति गर्ने, माफी दिने जस्ता कार्यकारिणी अधिकारहरूको प्रयोग गर्दछ । इजरायलमा उप राष्ट्रपतिको व्यवस्था गरिएको छैन । यदि कुनै कारणवश राष्ट्रपतिले कार्य गर्न असक्षम भएमा नेसेटको सभामुखले कार्यवाहक राष्ट्रप्रमुखको रूपमा कार्य सञ्चालन गर्दछ ।

इजरायली प्रधानमन्त्री सबैभन्दा शक्तिशाली राजनैतिक पद हो । कार्यकारी अधिकारको प्रयोग सम्पूर्ण रूपमा त्यहाँको प्रधानमन्त्रीले गर्दछ । सरकारप्रमुखको रूपमा रहने प्रधानमन्त्री प्रत्यक्ष रूपमा संसदप्रति उत्तरदायी रहन्छ र नेसेटको विश्वास कायम

रहेसम्म आफ्नो पदमा वहाल रहन्छ । संसदका सदस्यहरूमध्येबाट प्रधानमन्त्रीले मन्त्रिमण्डलको गठन गर्दछ । इजरायलमा समानुपातिक रूपमा संसदको निर्वाचन हुने व्यवस्थाले गर्दा धेरैवटा राजनैतिक दलहरूले संसदमा प्रतिनिधित्व गर्दछन् । तसर्थ धेरैजसो अवस्थामा त्यहाँ राजनैतिक गठवन्धनहरूबीचको मिलिजुली सरकार बन्ने गर्दछ । युद्धग्रस्त मुलुक भएकोले पनि हुनसक्छ त्यहाँको प्रधानमन्त्रीलाई बढी शक्तिशाली बनाउने र धेरै अस्थीर सरकारको सम्भावनालाई कम गर्ने उद्देश्यले प्रधानमन्त्री संसदबाट निर्वाचित हुने व्यवस्थालाई परित्याग गरी सन् १९९६ मा प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्ने व्यवस्थालाई अंगिकार गरेको पाइन्छ ।

प्रधानमन्त्री पदको प्रत्यक्ष निर्वाचनमा पछिल्लो पटकको संसदमा कम्तीमा दश जना सदस्य भएको दल वा कम्तीमा दश जना सदस्यहरू भएको गठवन्धन दलहरूले नाम प्रस्तावित गरेको व्यक्ति वा कम्तीमा पचासहजार मतदाताले प्रस्तावित गरेको व्यक्ति प्रधानमन्त्री पदको लागि उम्मेदवार हुन सक्ने व्यवस्था गरिएको थियो । प्रधानमन्त्री प्रत्यक्ष रूपमा निर्वाचित भए तापनि उसले संसदबाटै सरकारको गठन गर्नुपर्ने वाध्यता रहेको थियो । यसले गर्दा प्रधानमन्त्री संसदप्रति नै प्रत्यक्ष रूपमा उत्तरदायी रहेको थियो । कूल मन्त्रीहरूको कम्तीमा आधा संख्या संसदका सदस्यहरूमध्येबाट नियुक्ति गर्नुपर्ने तथा कम्तीमा आठ र बढीमा अठार जना रहेको मन्त्रिमण्डल गठन गर्नुपर्ने व्यवस्था गरिएको थियो । प्रधानमन्त्रीले नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय पाएको अवस्थामा संसदको वहुमतले प्रधानमन्त्रीलाई पदबाट हटाउन सक्ने र कुनै अभियोग नलगाई पदबाट हटाउनु परेमा संसदका एक तिहाई सदस्यले राखेको प्रस्तावमा संसदको दुई तिहाई सदस्यहरूको बहुमत आवश्यक पर्ने व्यवस्था अवलम्बन गरिएको थियो ।

यसका अतिरिक्त संसदले साधारण वहुमतद्वारा अविश्वासको प्रस्ताव पारित गरी वा प्रधानमन्त्रीले पेश गरेको वजेट असफल पारेर पनि सरकार अर्थात प्रधानमन्त्रीलाई पदमुक्त गर्न सक्ने तर यसबाट संसद स्वयंको पनि पदावधि समाप्त हुने व्यवस्था त्यहाँ रहेको थियो । यस्तै प्रधानमन्त्रीलाई पनि संसद भङ्ग गर्न सक्ने अधिकार रहेतापनि संसद भंग गरेको खण्डमा संसदको साथसाथै स्वयं प्रधानमन्त्रीको समेत निर्वाचन हुनु आवश्यक थियो । यसरी प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष रूपमा हुने भए तापनि प्रधानमन्त्री र संसद परस्परमा अभिन्न रूपमा राखिएकाले प्रधानमन्त्रीको निर्वाचन र संसदको लागि हुने निर्वाचन एकैपटक हुने व्यवस्था त्यहाँ गरिएको थियो । अमेरिकामा जस्तो कंग्रेसको र राष्ट्रपतिको निर्वाचनकाबीच कुनै सम्बन्ध नहुने व्यवस्था इजरायलमा अपनाइएको थिएन । यसले गर्दा कुनै एउटाको पदावधि जुनसुकै कारणबाट समाप्त भएको स्थितिमा दुवैको निर्वाचन गर्नुपर्ने वाध्यात्मक व्यवस्था तत्कालमा अवलम्बन गरिएको पाइन्छ ।

यो व्यवस्था अन्तर्गत त्यहाँ दुईपटक प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन सम्पन्न भएको थियो । तर जुन अस्थिरताका कारण यस्तो व्यवस्थालाई अवलम्बन गर्नु परेको थियो सो कुराको समाधान हुन नसेको र सरकार सञ्चालनमा समेत थप जटिलता देखिन थालेकोले सन् २००३ देखि पुनः पुरानै व्यवस्था अर्थात संसदबाटै प्रधानमन्त्री निर्वाचित हुने संसदीय पद्धतिलाई नै अवलम्बन गरेको हामी पाउँछौं ।

## फिनल्याण्ड

फिनल्याण्डको संविधानले कार्यकारिणी अधिकारको प्रयोग राष्ट्रपति र सरकारले गर्न सक्नेछ र सरकारको सदस्यले संसदको विश्वास हासिल गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ। प्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रपतिको व्यवस्था भए तापनि व्यवहारमा फिनल्याण्डको शासन पद्धति संसदीय प्रकारको रहेको पाइन्छ। राष्ट्रपतिले स्वविवेकमा प्रयोग गर्नसक्ने थोरै अधिकारमात्र संविधानले तोकिदिएको र सो बाहेकका अन्य अधिकारको प्रयोग राष्ट्रपतिले सरकारको सिफारिसमा मात्र गर्न सक्ने व्यवस्था रहेको छ। राष्ट्रपतिले प्रधानमन्त्री र अन्य मन्त्रीहरूको नियुक्ति र उनीहरूको राजिनामाको स्वीकृति, माफीलगायतका प्रचलित कानूनले राष्ट्रपतिले प्रयोग गर्न सक्ने भनी निर्दिष्ट गरिदिएका अधिकारहरू, प्रधानमन्त्रीको सिफारिमा मध्यावधि निर्वाचनको घोषणा जस्ता कार्यहरू सरकारको सिफारिस विना पनि गर्न सक्दछ। सरकारको तर्फबाट हुने सिफारिसहरू सम्बन्धित मन्त्रीले राष्ट्रपति समक्ष प्रस्तुत गर्दछ।

राष्ट्रपतिको निर्वाचन प्रत्यक्ष रूपमा वहुमतीय प्रणालीको आधारमा हुने गर्दछ। राष्ट्रपतिको उम्मेदवार हुनका लागि संसदको पछिल्लो निर्वाचनमा कम्तीमा एउटा मात्र सिटमा भएपनि प्रतिनिधित्व गराउन सफल दलको वा वीसहजार मतदाताले मनोनयन गरेको व्यक्ति हुनु अनिवार्य हुन्छ। प्रथम चरणको निर्वाचनमा कुनै पनि सदस्यले बहुमत हासिल गर्न नसकेमा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच निर्वाचन हुने र बढी मत ल्याउने उम्मेदवार विजयी हुन्छ। राष्ट्रपतिको पदावधि छ वर्षको हुन्छ र एउटै व्यक्ति दुई पटक भन्दा बढी राष्ट्रपति पदको लागि योग्य मानिदैन।

संसदले चुनेको व्यक्तिलाई राष्ट्रपतिले प्रधानमन्त्रीको रूपमा नियुक्ति गर्दछ र प्रधानमन्त्रीको सिफारिसमा अन्य मन्त्रीहरू नियुक्त हुन्छन्। यसरी प्रधानमन्त्री चुनिनु भन्दा अगाडि संसदमा प्रतिनिधित्व गर्ने समूह (दल) हरूबीच भावी राजनैतिक कार्यक्रम र सरकारको गठनका सम्बन्धमा वार्ता (Negotiation) हुने गर्दछ। यस्ता वार्ताहरू पश्चात राष्ट्रपतिले सभामुखलगायत संसदीय समूहहरूसँगको सर सल्लाहमा प्रधानमन्त्रीको मनोनयनका सम्बन्धमा संसदलाई सूचना दिनेछ र संसदका आधा भन्दा बढी सदस्यहरूले खुल्ला रूपमा समर्थन गरी चुनेको व्यक्ति नै प्रधानमन्त्री पदमा नियुक्त हुन्छ। संसदको विश्वास कायम छैन भन्ने लागेमा राष्ट्रपतिले सरकारलाई वा कुनै पनि मन्त्रीलाई पदबाट हटाउन सक्नेछ।

सरकारको नामबाट हुने निर्णयहरू मन्त्रिमण्डलको पूर्ण बैठकबाट वा सम्बन्धित मन्त्रालयबाट हुने गर्दछ। प्रधानमन्त्रीले यस्तो बैठकको अध्यक्षता गर्दछ। अत्यधिक महत्वका विषयहरू, नीति निर्देशनसँग सम्बन्धित महत्वपूर्ण विषयहरू तथा अन्य आवश्यक ठानिएका विषयहरू भने मन्त्रिमण्डलको पूर्ण बैठकमा पेश गरी निर्णय गर्ने गरिन्छ। यस्तो बैठकमा सम्बन्धित मन्त्रालयबाट र आवश्यकता अनुसार मन्त्रिमण्डलले गठन गरेका सम्बन्धित समितिहरूले प्रस्ताव लैजाने गर्दछन्। पूर्ण बैठकमा भएका निर्णयहरूका सम्बन्धमा कुनै सदस्यले लिखित रूपमा असहमती जनाएको अवस्थामा बाहेक सरकारले गरेको निर्णयमा सवै मन्त्रीहरू सामूहिक रूपमा जिम्मेवार हुने गर्दछन्।

यसरी हेर्दा फिनल्याण्डको शासन व्यवस्थाको आफ्नै प्रकारको विशेषता रहेको देखिन्छ। प्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रपतिको व्यवस्था भएतापनि शासन सञ्चालन पद्धति राष्ट्रपतीय प्रणालीको जस्तो नभई संसदीय व्यवस्थाको जस्तो देखिन्छ। संवैधानिक राष्ट्रपतिको भूमिका त्यहाँका राष्ट्रपतिले निर्वाह गर्ने गर्दछन्।

**चीन**

चीनको संविधानबमोजिम त्यहाँको शासकीय अधिकार राज्य परिषद नामक निकायमा रहनेछ । राज्य परिषद अर्थात चीनको केन्द्रीय जनसरकार राज्य शक्तिको सर्वोच्च अंग तथा मुलुकको दैनिक प्रशासन समेत सञ्चालन गर्ने अंगको रूपमा रहने व्यवस्था गरिएको पाइन्छ । राज्य परिषदमा प्रधानमन्त्री, उप प्रधानमन्त्रीहरू, काउन्सीलरहरू, विभिन्न आयोग तथा मन्त्रालय हेर्ने मन्त्रीहरू, सर्वोच्च लेखापरिक्षक एवं महासचिव रहने व्यवस्था गरिएको छ । राज्य परिषदको तर्फबाट हुने सम्पूर्ण कार्यका लागि प्रधानमन्त्री उत्तरदायी हुने र आ-आफ्नो मन्त्रालय तथा आयोगको कामका लागि सम्बन्धित मन्त्रीहरू उत्तरदायी हुने व्यवस्था संविधानमा गरिएको छ । यसरी जनवादी गणतन्त्र चीनको कार्यकारी अधिकार त्यहाँको राज्यपरिषद अर्थात मन्त्रिमण्डलमा रहने संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

यद्यपि राष्ट्र प्रमुखको रूपमा चीनमा राष्ट्रपतिलाई राखिएको छ । राष्ट्रिय जनकंग्रेस (व्यवस्थापिका) ले राष्ट्रपति र उपराष्ट्रपतिलाई निर्वाचित गर्नेछ । ३५ वर्ष उमेर पूरा गरेको र मतदान गर्ने अधिकार प्राप्त कुनै पनि चिनियाँ नागरिक राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनका लागि योग्य मानिनेछ र कुनैपनि व्यक्ति बढीमा दुई कार्यकालका लागि मात्र सो पदमा निर्वाचित हुन सक्नेछन् ।

संविधान अनुसार राष्ट्रपतिलाई राष्ट्रिय जन कंग्रेस र यसको स्थायी समिति (व्यवस्थापिका) को निर्णयबमोजिम ऐन जारी गर्ने, प्रधानमन्त्री, उप प्रधानमन्त्रीहरू, काउन्सिलरहरू, मन्त्रालय तथा आयोगका मन्त्रीहरू, महालेखा परिक्षक र राज्य परिषदको महासचिवको नियुक्ति गर्ने, राज्यको तर्फबाट उपाधि, सम्मान तथा विभुषणहरू प्रदान गर्ने, माफीको आदेश जारी गर्ने, सैनिक कानून लागू गर्ने तथा युद्धको घोषणा गर्ने जस्ता कार्यहरू गर्ने अधिकार चीनको राष्ट्रपतिलाई प्रदान गरिएको पाइन्छ । यसैगरी विदेशी कुटनैतिक प्रतिनिधिहरूको ओहोदाको प्रमाणपत्र प्राप्त गर्ने, राष्ट्रिय जन कंग्रेस र यसको स्थायी समिति (व्यवस्थापिका) को निर्णयबमोजिम विदेशी राजदुत तथा विशेष प्रतिनिधिहरूको नियुक्ति र बर्खासी तथा विदेशी राष्ट्रहरूसँग भएका सन्धि सम्झौताहरूको अनुमोदन तथा सम्मिलन गर्ने कार्यहरू समेत राष्ट्रपतिले गर्दछ । यसरी हेर्दा चीनको राष्ट्रपतिलाई उसको स्वविवेकमा गर्नसक्ने अधिकारहरू रहेको पाइदैन । तर यथार्थमा कम्युनिष्ट पार्टीको प्रमुख व्यक्ति नै राष्ट्रपति हुने र एउटा मात्र पार्टीको प्रतिनिधित्व रहेको व्यवस्थापिकाले पार्टीको निर्णयको अनुमोदन मात्र गर्ने हुनाले वास्तविक रूपमा राष्ट्रपति नै शक्तिशाली रहेको हुन्छ ।

उपराष्ट्रपतिलाई भने संविधानले स्वतन्त्र रूपमा गर्नसक्ने गरी कुनै काम कर्तव्य तोकेको पाइदैन । उसको दायित्व भनेको राष्ट्रपतिलाई सहयोग गर्ने र राष्ट्रपतिले सुम्पिदिए बमोजिमको कार्यसम्पादन गर्नेमा नै सीमित रहेको देखिन्छ । यदि तोकिएको समयावधि भित्र कुनै कारणबश राष्ट्रपतिको पद रिक्त भएको खण्डमा भने उप राष्ट्रपतिले राष्ट्रपतिको उत्तराधिकारीको रूपमा कार्य गर्दछ । यसैगरी उपराष्ट्रपतिको पदरिक्त भएको अवस्थामा चाँहि व्यवस्थापिकाले अर्को उपराष्ट्रपतिको निर्वाचन गर्दछ । यदि दुवै पद रिक्त भएको अवस्थामा व्यवस्थापिकाबाट अर्को निर्वाचनद्वारा दुबै पदपूर्ति नभए सम्मका लागि भने जन कंग्रेसको स्थायी समितिको अध्यक्षले अस्थायी रूपमा राष्ट्रपतिको रूपमा कार्य गर्दछ ।

## २.३ नेपालको ऐतिहासिक विकासक्रम

### नेपाल सरकार वैधानिक कानून, २००४

लागू हुन नसके तापनि र संविधानको नामले संबोधन नगरिएको भए तापनि नेपालको इतिहासमा पहिलो संविधानको रूपमा नेपाल सरकार बैधानिक कानून, २००४ लाई लिइने गरिन्छ । तत्कालीन अवस्थामा श्री ३ महाराजद्वारा "...प्रजालाई राजप्रणालीको हरेक अङ्गमा झन् झन् बढी मात्रामा सम्मिलित गराई मुलुक र दुनियाँको उत्तरोत्तर वृद्धि गराउने..." उद्देश्यले जारी गरिएको सो संविधानमा कार्यकारिणी सभाको नामबाट कार्यकारिणी अङ्गको व्यवस्था गरिएको थियो । सो संविधानमा नेपालको शासन अधिकार श्री ३ महाराजमा रहने कुरा उल्लेख गर्दै शासन सम्बन्धी सबै काम मौसुफबाटै वा आफ्नो अधीनका कर्मचारीहरूद्वारा सञ्चालन हुने भन्ने व्यवस्था गरिएको पाइन्छ । राष्ट्रप्रमुखको रूपमा राजाको अस्तित्व स्वीकार गरिएको भए तापनि राष्ट्र प्रमुखको कुनै भूमिका सो संविधानले निर्धारित गरेको थिएन । यो संविधानले मुलुकको सम्पूर्ण कार्यकारिणी अधिकार श्री ३ मा निहित रहने र मुलुकको शासन अधिकार सञ्चालन गर्ने काममा श्री ३ महाराजलाई मद्दत र सरसल्लाह दिनका लागि व्यवस्थापक सम्मेलन नामक व्यवस्थापिकाका सदस्यहरूमध्येबाट मंत्रिमण्डल गठन गर्न सकिने व्यवस्था गरेको थियो । सो मंत्रिमण्डलमा कम्तीमा छ जना सदस्यहरू श्री ३ ले तोक्नसक्ने र तीमध्ये कमसेकम २ जना व्यवस्थापिकाका निर्वाचित सदस्यहरू रहनु पर्ने व्यवस्था थियो । यसैगरी मंत्रिमण्डलको बैठकको अध्यक्षता श्री ३ ले गर्ने र यसका सदस्यहरू श्री ३ प्रति उत्तरदायी रहनु पर्ने व्यवस्था समेत सो संविधानमा रहेको थियो ।

मुलुकको सबै काममा रेखदेख पुऱ्याउने अभिभारा मंत्रिमण्डलमा निहित रहेको र यसक्रममा व्यवस्थापिकाको अधिकार क्षेत्र भन्दा बाहिरका विषयहरूमा मंत्रिमण्डलले विशेष ध्यान पुऱ्याउनु पर्ने संवैधानिक व्यवस्था रहेको थियो । यसैगरी सबै शासन विभागको नीति कायम गरी यसलाई आवश्यक पर्ने अन्जामी आमदानी खर्चको फाँट निरीक्षण गरी सरकारकातर्फबाट व्यवस्थापक सभामा पेश गर्ने र हरेक शासन विभागमा सहयोग र संगठन कायम गर्ने अभिभारा समेत मंत्रिमण्डलमा रहेको थियो । हरेक विभागीय मन्त्रीहरू आफूले गरेको कामका लागि मंत्रिमण्डलप्रति जवाफदेही हुनुपर्ने व्यवस्था सो संविधानमा रहेको पाइन्छ ।

उक्त संविधानले अंगालेको सो व्यवस्था हेर्दा त्यसलाई राणा प्रधानमन्त्रीहरूले आफूहरूले चलाउँदै आएको निरंकूश जहाँनिया शासन व्यवस्थालाई वैधानिकता प्रदान गर्दै केही मात्रामा जनतालाई समेत शासन व्यवस्थामा सहभागी गराइएको छ भनी देखाउने प्रयत्नका रूपमा लिन सकिन्छ । तत्कालीन संविधानले लोकतान्त्रिक मूल्य र मान्यताहरूलाई कुनै रूपमा पनि अवलम्बन गर्न नसकेको हुँदा शासन प्रणालीका हिसावले कुनै निश्चित प्रकारको लोकतान्त्रिक शासन पद्धतिको रूपमा स्थापित हुनसकेको पाईंदैन । राष्ट्रप्रमुख र सरकारप्रमुख दुवैको पद सर्वसाधारण जनताको पहुँच भन्दा टाढाको विषय थियो र यी दुवै पदहरू प्रतिस्पर्धात्मक रूपमा भन्दापनि रोलक्रमका आधारमा रीति तथा परम्पराका रूपमा राजा महाराजाहरूका उत्तराधिकारीहरूमा सर्दै जाने व्यवस्था थियो । तसर्थ उक्त संविधानमा भएको व्यवस्था अनुसरणका लागि भन्दा पनि पहिलो संविधान भएका नाताले संवैधानिक विकासक्रमको अध्ययन गर्ने प्रयोजनका लागि सन्दर्भ सामाग्रिको रूपमा लिन सकिन्छ ।

## नेपालको अन्तरिम शासन विधान, २००७

२००७ सालको क्रान्ति पश्चात दिल्ली संझौताको परिणामस्वरूप राजा त्रिभुवनले स्वदेश फर्के पछि जनताले चुनेका प्रतिनिधिहरू रहेको विधान परिषदले निर्माण गरेको विधानबमोजिम शासन सञ्चालन हुनुपर्ने भनी प्रतिवद्धता व्यक्त गरेबमोजिम अर्को संविधान निर्माण भई लागू नहुन्जेलसम्मका लागि अन्तरिम प्रकारको संविधान जारी हुनु आवश्यक ठानी यो नेपालको अन्तरिम शासन विधान मुलुकको दोश्रो र लागू भएको पहिलो संविधानको रूपमा जारी भएको थियो । यो संविधानले राज्यको कार्यकारिणी शक्ति राजा र मन्त्रिमण्डलमा निहित रहने र मन्त्रिमण्डलको सल्लाहबमोजिम राजाले सोझै वा आफ्ना कर्मचारीहरू मार्फत प्रयोग गर्नसक्ने व्यवस्था गरेको थियो । भर्खर स्वतन्त्र भएको तत्कालीन भारतको प्रभावमा बनेको यो अन्तरिम संविधानमा वेलायतको जस्तो संवैधानिक राजतन्त्र भएको शासन व्यवस्थाको परिकल्पना गरिएको पाइन्छ । राजाका कार्यहरूमा सहायता र सल्लाह दिनका लागि प्रधानमन्त्री मुख्य भएको मन्त्रिमण्डल रहने र मन्त्रिमण्डल सामूहिक रूपमा राजाप्रति नै उत्तरदायी हुने व्यवस्था यसमा पाइन्छ । मुलुकको शासन व्यवस्था सम्बन्धी मन्त्रिमण्डलका निर्णयहरू राजा समक्ष पेश गर्ने, राजाले सोधेका शासन व्यवस्था सम्बन्धी विषयमा मन्त्रिमण्डलमा छलफल गरी सूचनाहरू राजा समक्ष पेश गर्ने लगायतका जिम्मेवारीहरू प्रधानमन्त्रीमा रहने व्यवस्था यसमा गरिएको थियो । यसबाहेक अन्तरिम कालमा आवश्यक ऐन, कानूनहरू जारी गर्ने विधायिक अधिकार तथा वजेट पारित गर्ने अधिकार समेत तत्कालीन कार्यकारिणी अर्थात राजा र मन्त्रिमण्डलमा रहेको थियो । यो संविधानले माफी दिनसक्ने अधिकार राजालाई प्रदान गरेको भएतापनि राजाले मन्त्रिमण्डलको सिफारिसमा नै सो अधिकारको प्रयोग गर्दथे ।

समयमा नै संविधानसभाको निर्वाचन हुन नसक्दा यो अन्तरिम शासन विधानको आयु लम्बिदै गई करिव ८ वर्षको अवधिमा यसमा पटक पटक संशोधन हुदै क्रमशः शासन व्यवस्थामा राजाको शक्ति सुदृढ हुँदै गएको हामी पाउँछौं । प्रधानमन्त्री र मन्त्रीहरूको नियुक्ति राजाको स्वविवेकमा हुने र नेपाली सेनाको सर्वोच्च कम्याण्डर इन चिफ पनि राजा नै हुने व्यवस्था यसमा पछिल्लो समयमा भएका संशोधनहरूमा थप गरिएको थियो । यसैगरी राजालाई कानून बनाउने राजकीय एवं सम्पूर्ण अधिकार हुनेछ भन्ने कुरा समेत यसमा थप गरिएको थियो । यसरी अन्तरिम काल लम्बिदै गएको परिणामस्वरूप २००७ सालमा जनतालाई प्राप्त अधिकार क्रमशः खुम्चदै दरवार नै बलियो हुदै गएको हामी पाउँछौं ।

## नेपाल अधिराज्यको संविधान, २०१५

मुलुकको तेश्रो संविधानका रूपमा आएको यो संविधान २००७ सालको क्रान्ति मार्फत अभिव्यक्त चाहनाबमोजिम संविधानसभाको निर्वाचनबाट जनताले चुनेका प्रतिनिधिहरूले बनाएको संविधान मार्फत शासन सञ्चालन हुने भन्ने तत्कालीन राजा त्रिभुवनको प्रतिवद्धतालाई कुल्चदै उनका उत्तराधिकारी महेन्द्रले आफूमा राजकीय सत्ता र शाही विशेषाधिकार निहित रहेको कुरा उद्घोष गर्दै जारी गरेको पाइन्छ ।

संविधानको भाग ४ मा नेपाल अधिराज्यको कार्यकारिणी अधिकार राजामा निहित रहने र संविधान र कानूनमा व्यवस्था भएबमोजिम राजा आफैबाट वा मन्त्रीहरू मार्फत वा अन्य कर्मचारीहरू मार्फत प्रयोग गर्नसक्ने व्यवस्था रहेको थियो । संविधानमा राजाको स्वविवेकमा वा अन्य कुनै व्यक्तिको सिफारिसमा राजाले गर्ने भनी किटानी साथ उल्लेख भएको अवस्थामा बाहेक सबै काम प्रधानमन्त्री मार्फत पेश भएको मन्त्रिमण्डलको सिफारिसमा वा कुनै प्रश्नको

सम्बन्धमा तत्सम्बन्धी काम गर्न प्रधानमन्त्रीबाट अख्तियार पाएको मन्त्रीको सिफारिमा गर्नसक्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

राजाबाट हुने काम कारवाही मन्त्रिमण्डलको सिफारिसमा हुने र संविधानको प्रस्तावनामा संवैधानिक राजतन्त्रात्मक ढंगको सरकारको व्यवस्थाबाट राजनैतिक स्थिरता कायम गर्ने संकल्पको समेत अभिव्यक्त भए तापनि संविधानले नै श्री ५ को अधिकार भनी राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन बनाउने स्वविकेकीय अधिकार, सेनाको सर्वोच्च कमाण्डर रहने व्यवस्था, कर्मचारीको पजनी, माफि, उपाधि सम्मान र विभुषण प्रदान गर्ने अधिकारलगायतका अधिकारहरूका साथै संविधान र कानूनमा उल्लेख भए बाहेकका सम्पूर्ण राजकीय अधिकार समेत राजामा नै रहने व्यवस्था गरी संवैधानिक राजतन्त्रको अवधारणा भन्दा बढी अधिकार सहितको राजतन्त्रको परिकल्पना सो संविधानले गरेको पाइन्छ । यसैगरी सो संविधानबमोजिम मुलुकमा संकटकालिन स्थितिको घोषणा गर्ने स्वविवेकीय अधिकारका अतिरिक्त यसरी संवैधानिक यन्त्र विफल भएमा राजालाई स्वविवेकमा आवश्यक पर्ने जुनसुकै प्रकारका अधिकारहरूको प्रयोग गर्नसक्ने विशेषाधिकार समेत राजामा नै रहेको थियो । कुनै विषय राजाको स्वविवेकमा हुने हो वा मन्त्रिमण्डलको सिफारिसमा हुने हो भन्ने विवाद उत्पन्न भएमा समेत राजाले स्वविवेकीय अधिकारको प्रयोग गरी गरेको निर्णयले नै अन्तिम रूप पाउने र यस सम्बन्धमा कहिँ कतै प्रश्न उठ्न नसक्ने जस्ता स्वविवेकीय अधिकारको प्रचुरताका कारण राजाको भूमिका संवैधानिक प्रकारको भन्दा पनि सकृय राजाको जस्तो रहेको पाइन्छ ।

तत्कालीन संविधानले मुलुकको शासन प्रणालीका रूपमा वेस्टमिनिष्टर मोडलको संसदीय शासन प्रणालीलाई अंगिकार गरेको थियो । संविधानका व्यवस्थाहरूको अधीनमा रही मन्त्रिमण्डललाई नेपाल अधिराज्यको शासनको सामान्य निर्देशन तथा नियन्त्रण गर्ने अभिभारा रहने र मन्त्रिमण्डल सामुहिक रूपले प्रतिनिधि सभा प्रति उत्तरदायी हुने व्यवस्था रहेको थियो । प्रधानमन्त्री नै मन्त्रिमण्डलको मुख्य हुने र मन्त्रिमण्डलमा प्रधानमन्त्रीको सिफारिसमा अन्य मन्त्रीहरूको नियुक्ति गर्नसक्ने व्यवस्था सो संविधानले गरेको थियो । राजाको स्वविवेकमा प्रधानमन्त्री नियुक्त हुनसक्ने तर त्यो व्यक्ति राजाको विचारमा प्रतिनिधिसभामा तत्कालै अथवा अर्को आम निर्वाचन भएपछि बहुमत प्राप्त गर्नसक्ने खालको हुनुपर्ने र यस्तो व्यक्ति संसदको तल्लो सदन प्रतिनिधि सभाकै सदस्य हुनुपर्ने वाध्यात्मक व्यवस्था संविधानले गरेको थियो । संसदको विघटन गर्ने कुरामा प्रधानमन्त्रीले सिफारिस गर्न सक्ने भएपनि यस्तो सिफारिसलाई स्वीकार गर्ने वा नगर्ने अधिकार राजाको स्वविवेकीमा आधारित थियो ।

यसैगरी मन्त्रिमण्डलमा रहने सदस्यहरूको संख्या बढीमा चौध जनासम्म रहने भन्ने कुरा संविधानले नै तोकिदिएको र कम्तीमा दुई जना सदस्यहरू भने संसदको माथिल्लो सदन महासभाका सदस्यहरूमध्येबाट नियुक्त गर्नुपर्ने अनिवार्य व्यवस्था समेत रहेको पाइन्छ ।

यस्तो प्रकारको संवैधानिक व्यवस्था भए तापनि व्यवहारमा के कसरी मुलुकको शासन पद्धति सञ्चालन हुने थियो भन्ने कुराको परिक्षण लामो समयसम्म हुन सकेन । राजाको भूमिकालाई वेलायतको राजतन्त्रको जस्तो बनाउनु पर्ने चाहना तत्कालीन जन निर्वाचित प्रधानमन्त्रीको रहेको भए तापनि शासन सञ्चालनमा सकृयतापूर्वक सहभागि हुने राजाको इच्छाका कारण मुलुकको इतिहासमा दीर्घकालिन असर पर्नेगरी छोटो समयमा नै अकल्पनीय दुर्घटना व्यहोर्नु पऱ्यो । परिणामस्वरूप संसदीय शासन व्यवस्थाको अन्त्य हुन गई निरकुंश राजतन्त्रको शुरूवात हुनपुग्यो । यसबाट करीव ३० वर्षको अवधिमा शासन सञ्चालन प्रक्रियामा जनताको भूमिका न्यून भई थोपरिएको पञ्चायती व्यवस्थालाई स्वीकार गर्न जनता वाध्य हुनपऱ्यो ।

**नेपालको संविधान, २०१९**

तत्कालीन राजा महेन्द्रबाट २०१७ साल पौष १ गते तत्कालीन संसदलाई भङ्ग गरी देशमा संकटकालिन स्थितिको घोषणा गरेपछि मुलुक करीब ३० वर्षसम्म निरंकुश राजतन्त्र सहितको

शासन व्यवस्था भोग्न वाध्य भयो । यस अवधिमा राजाले थोपरेको पञ्चायती व्यवस्थालाई अझै सुदृढ पार्नका लागि २०१९ सालमा राजाले नेपालको संविधान नामक अर्को एउटा संविधान जारी गर्न पुगे । तीन पटक सम्म संशोधन गरिएको यो संविधानमा तेश्रो संशोधन पश्चात केही उदार मूल्य मान्यताहरूलाई अवलम्बन खोजिएको जस्तो देखिए तापनि सारभूत रूपमा मुलुकको शासन व्यवस्थामा जनताको सहभागिता हुनसक्ने प्रजातान्त्रिक व्यवस्थाहरूलाई स्वीकार गरिएको थिएन । प्रस्तुत संविधानमा मुलुकको शासन व्यवस्थाका सम्बन्धमा गरिएको व्यवस्थालाई देहायबमोजिम अध्ययन गर्न सकिन्छ :

नेपालको सार्वभौमसत्ता र कार्यकारिणी, व्यवस्थापिका र न्याय सम्बन्धी राज्य शक्तिको सम्पूर्ण अधिकार राजाबाटै निःसृत हुन्छन् भन्ने व्यवस्था यो संविधानले गरेको थियो । राजालाई कार्य सम्पादनमा सहायता र सल्लाह दिन एक मन्त्रिपरिषद रहने भए तापनि यसले राजाले गरेको मार्गदर्शनका अधीनमा रही मुलुकको शासनको सामान्य निर्देशन र नियन्त्रण गर्न सक्ने अवस्था रहेको थियो । प्रधानमन्त्रीलगायतका अन्य मन्त्रीहरू तत्कालीन व्यवस्थापिका अर्थात राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट राजाबाट नियुक्त हुने र राजाले आफूलाई इच्छा लागेमा मात्र राष्ट्रिय पञ्चायतको राय लिन सक्ने व्यवस्था सो संविधानमा रहेको थियो । यद्यपि २०३७ सालमा भएको तेश्रो संशोधन पश्चात यो व्यवस्थामा केही संशोधन गरी राष्ट्रिय पञ्चायतको कूल सदस्य संख्याको एक चौथाई सदस्यले सिफारिस गरेको व्यक्ति प्रधानमन्त्रीको उम्मेदवार हुनसक्ने र राष्ट्रिय पञ्चायतको कूल सदस्य संख्याको साठी प्रतिशत बहुमतले सिफारिस गरेको व्यक्तिलाई वा कसैले पनि आवश्यक संख्याको वहुमत हासिल गर्न नसकेमा राष्ट्रिय पञ्चायतले सिफारिस गरेका तीन जनामध्येका व्यक्तिबाट एकजनालाई राजाले प्रधानमन्त्रीको रूपमा नियुक्त गर्न सक्ने व्यवस्था गरिएको थियो । यस्तो संवैधानिक व्यवस्था भए तापनि राजाको इच्छाको विपरित कुनैपनि व्यक्तिलाई राष्ट्रिय पञ्चायतले सिफारिस गर्न सक्ने सम्भावना भने थिएन ।

यसै गरी प्रधानमन्त्रीलाई राजाको स्वविवेकमा हटाउन सकिने र राष्ट्रिय पञ्चायतले महाभियोगको प्रक्रियाद्वारा उसलाई हटाउनका लागि राजा समक्ष सिफारिस गर्नसक्ने व्यवस्था सो संविधानमा रहेको पाइन्छ । अन्य मन्त्रीहरू भने प्रधानमन्त्रीको सिफारिसमा राजाले नियुक्त गर्नसक्ने व्यवस्था रहेको र प्रधानमन्त्रीलगायतका अन्य सबै मन्त्रीहरू राष्ट्रिय पञ्चायत प्रति सामूहिक तथा व्यक्तिगत रूपमा आफ्नो मन्त्रालयको कामका लागि उत्तरदायी हुने व्यवस्था संविधानमा रहेको पाइन्छ ।

यो संविधानबमोजिम सेनाको परमाधिपति राजा हुने, माफी, उपाधि सम्मान र विभुषण प्रदान गर्ने अधिकार राजामा रहने, राजाले गरेको कामका सम्बन्धमा कहिँकतै प्रश्न उठ्न नसक्ने, संकटकालिन स्थितिको घोषणा गर्न सक्ने अधिकार, अवशिष्ट अधिकार र वाधा अड्काउ फुकाउने अधिकार राजामा रहने जस्ता कार्यकारिणी अधिकारहरू राजामा निहित रहने संवैधानिक व्यवस्था रहेको पाइन्छ । यसबाट यो संविधान वहाल रहेको अवस्थामा मुलकको शासन व्यवस्था निरंकुश राजतन्त्रको रूपमा रहेको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७**

निरंकुश राजतन्त्रका विरूद्ध संचालित संयुक्त जनआन्दोलनका माध्यमद्वारा तीस वर्षे निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य भएपछि तत्कालीन राजनैतिक समीकरणका आधारमा संविधान मस्यौदा आयोगको गठन गरी उसले दिएको सुझावमा आधारित रही विधायिकी अधिकार समेत

प्राप्त तत्कालीन मन्त्रिपरिषदको सिफारिसमा राजा वीरेन्द्रद्वारा जारी भएको यो संविधानले मुलुकमा तीस वर्ष अघि अपहरणमा परेको संसदीय शासन व्यवस्थालाई पुनर्स्थापित गरेको थियो ।

यो संविधानले वास्तविक राज्यशक्तिको श्रोत जनता नै हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै नेपालको सार्वभौमसत्ता जनतामा निहित रहने भन्ने स्पष्ट व्यवस्था गरी राजालाई संवैधानिक राजाको रूपमा राखेको थियो । नेपाल अधिराज्यको कार्यकारिणी अधिकार राजा र मन्त्रिपरिषदमा निहित रहने व्यवस्था गरी वेलायतको जस्तो राजा सहितको कार्यपालिका (King in Council) को सिद्धान्तलाई अवलम्बन गरिएको थियो । संविधानले नै राजाले मात्र गर्ने भनी स्पष्ट रूपमा स्वविवेकीय अधिकार प्रदान गरेको अवस्थामा बाहेक राजाबाट हुने अन्य सवै अधिकारहरूको प्रयोग मन्त्रिपरिषदको सल्लाह र सम्मतिमा मात्र हुनसक्ने व्यवस्था यो संविधानले गरेको थियो र प्रधानमन्त्री मार्फत यस्तो सल्लाह र सम्मति राजामा जाहेर हुने गर्दथ्यो ।

संसदीय शासन व्यवस्था अवलम्बन गरिएको हुनाले प्रतिनिधि सभामा वहुमत प्राप्त संसदीय दलको नेतालाई राजाले प्रधानमन्त्रीमा नियुक्त गर्ने र निजकै अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुने व्यवस्था संविधानले गरेको थियो । मन्त्रिपरिषद्का सदस्यहरू संसदका सदस्य हुनुपर्ने तर संसद सदस्य नभएको व्यक्तिलाई मन्त्री बनाइएमा ६ महिनाभित्र त्यस्तो मन्त्रीले संसदको सदस्य बन्नुपर्ने अनिवार्यता रहेको थियो । प्रधानमन्त्री र मन्त्रीहरू प्रतिनिधि सभाप्रति सामूहिक रूपमा उत्तरदायी हुने र मन्त्रीहरू मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र प्रतिनिधि सभाप्रति उत्तरदायी हुने व्यवस्था थियो । प्रधानमन्त्री सदनको विश्वास कायम रहेसम्ममात्र आफ्नो पदमा वहाल रहने र संसदले अविश्वासको प्रस्ताव मार्फत प्रधानमन्त्रीलाई हटाउन सक्ने व्यवस्था संविधानले गरेको थियो । प्रधानमन्त्रीको सिफारिसमा राजाले प्रतिनिधि सभाको विघटन गर्न सक्ने व्यवस्था संविधानले गरेको भए तापनि संविधानको यो व्यवस्था तत्कालीन अवस्थामा सर्वाधिक विवादको विषय बनेको थियो । सर्वोच्च अदालतमा यस सम्बन्धी विषयमा पटक पटक रिट निवेदन परेको र यस सम्बन्धी अदालतको निर्णय समेत विवादको विषय बनेको पाइन्छ । अदालती निर्णयद्वारा प्रधानमन्त्रीको संसद विघटन गर्ने यो अधिकारमाथि अंकुश लागेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३**

दशकौंदेखिको आफ्नो संविधान आफैले तर्जुमा गर्ने जनआकांक्षा पूरा गर्नका लागि संविधानसभाको माध्यमद्वारा नयाँ संविधान तर्जुमा नभएसम्मको अन्तरिम काललाई व्यवस्थापन गर्न राजनैतिक सहमतिका आधारमा अन्तरिम संविधान जारी भई लागू भएको छ । यो संविधानले राज्यको शासन प्रणालीमा आधारभूत रूपमा कुनै परिवर्तन नगरी गत संविधानले अंगिकार गरेको संसदीय शासन प्रणाली शैलीको शासन व्यवस्थालाई नै अंगिकार गरेको छ । यद्यपि संविधानसभाको निर्वाचन पूर्व केही समयका लागि भने सहमतीय शासन प्रणालीको नयाँ प्रयोग मुलुकले गरेको थियो । यस अवधिमा संसदमा प्रतिपक्षको स्थान रहेको थिएन भने संसदमा प्रतिनिधित्व गर्ने लगभग सबैजसो राजनैतिक दलको प्रतिनिधित्व सरकारमा रहेको अवस्था थियो । प्रधानमन्त्रीलाई संसदबाट हटाउन नसकिने र राजनैतिक सहमतीको आधारमा प्रधानमन्त्रीको चयन गरिने व्यवस्था यसमा रहेको थियो । तर संविधानसभाको निर्वाचन पश्चात भने संसदीय शासन प्रणालीकै जस्तो सदनको विश्वास रहेसम्ममात्र प्रधानमन्त्री आफ्नो पदमा वहाल रहन सक्ने गरी संविधानमा संशोधन गरिएको छ ।

## २.४ विभिन्न राजनैतिक दलहरूको धारणा

हाम्रो मुलुक अहिले संविधान निर्माणको संघारमा रहेको छ । मुलुकको भविष्यलाई सकारात्मक गोरेटो तिर लैजानका लागि अन्य विभिन्न कुराका अतिरिक्त यसको शासकीय स्वरूप कस्तो हुने हो भन्ने विषयले पनि उत्तिकै महत्व राख्दछ । विभिन्न राजनैतिक दलहरूको घोषणापत्र तथा संविधानसभाका कतिपय समितिहरूमा पेश गरेको अवधारणा हेर्ने हो भने शासकीय स्वरूपका वारेमा प्रमुख राजनैतिक दलहरूबीच मतभिन्नता रहेको देखिन्छ । संविधानसभामा प्रतिनिधित्व गर्ने विभिन्न राजनैतिक दलहरूमध्ये केही दलहरूको शासकीय स्वरूपका सम्बन्धमा संविधानसभाको निर्वाचनताका सार्वजनिक गरिएका घोषणा पत्र वा प्रतिवद्धतापत्रहरूको अध्ययन गर्दा निम्नबमोजिमको अवस्था देखिन आउँछ ।

**तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)**

तत्कालीन ने.क.पा.(माओवादी) द्वारा संविधानसभाको निर्वाचन पूर्व सार्वजनिक गरिएको प्रतिवद्धतापत्रमा मुलुकको शासन प्रणालीको वारेमा देहायबमोजिमको व्यवस्था गरिनेछ भन्ने कुरा उल्लेख भएको पाइन्छ ।

- केन्द्रमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित कार्यकारी राष्ट्रपति र व्यवस्थापिका सदस्यहरूबाट निर्वाचित प्रधानमन्त्रीको व्यवस्था हुनेछ ।
- राष्ट्रपतिले राष्ट्राध्यक्ष, सेनाप्रमुख र कार्यकारी प्रमुखको भूमिका निर्वाह गर्नेछन् र प्रधानमन्त्रीले दैनिक सरकार र प्रशासन सञ्चालनको जिम्मेवारीवहन गर्नेछन् ।
- राज्यमा गभर्नर र मुख्यमन्त्रीको व्यवस्था हुनेछ ।
- राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकाल दुई पूर्ण अविधिको निम्ती भन्दा बढी हुनेछैन ।

यद्यपि यस समितिमा भएको छलफलका क्रममा एकिकृत ने.क.पा. (माओवादी) को तर्फबाट प्रस्तुत पछिल्लो अवधारणामा प्रधानमन्त्रीविहिन राष्ट्रपतिय शासन प्रणालीको परिकल्पना गरिएको पाइन्छ । यस व्यवस्थाबमोजिम राष्ट्रप्रमुखको निर्वाचन प्रत्यक्ष रूपमा वालिग मताधिकारको आधारमा हुने भएतापनि राष्ट्रप्रमुखले मन्त्रिमण्डलको गठन भने व्यवस्थापिकाभित्रबाट नै गर्नु पर्ने हुन्छ । व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने दलहरूको सिट संख्याका आधारमा समानुपातिक समावेशी सिद्धान्तबमोजिम मन्त्रिमण्डलको गठन हुनेछ । यसरी व्यवस्थापिकामा रहेका सबै दलको प्रतिनिधित्व सरकारमा हुने भएपछि व्यवस्थापिका प्रतिपक्षविहिन हुनेछ र समग्रमा भन्दा कुनै दल विशेष मात्र नभएर सम्पूर्ण व्यवस्थापिका नै प्रतिपक्षको रूपमा रहनेछ ।

राष्ट्रप्रमुख व्यवस्थापिका प्रति उत्तरदायी रहनेछ । व्यवस्थापिकाको दुई तिहाई बहुमतले राष्ट्रप्रमुखलाई महाभियोगको प्रस्तावद्वारा पदमुक्त गर्न सक्नेछ । यसबाहेक प्रत्याह्वानको प्रक्रियाद्वारा समेत राष्ट्रप्रमुखलाई पदमुक्त गर्न सकिनेछ । राष्ट्रप्रमुखको कार्यकाल ५ वर्षको हुने र बढीमा दुई पटकका लागि मात्र कुनै व्यक्ति राष्ट्रप्रमुखको रूपमा निर्वाचित हुन सक्नेछ ।

प्रदेशको हकमा प्रदेश प्रमुख (गभर्नर) र मुख्यमन्त्रीको व्यवस्था गरिनेछ र मुख्यमन्त्री प्रादेशिक व्यवस्थापिकाबाट निर्वाचित हुनेछ ।

**नेपाली कांग्रेस**

- **राष्ट्रप्रमुखको निर्वाचन :** राष्ट्रप्रमुखको रूपमा राष्ट्रपतिको निर्वाचन केन्द्रीय संसद र प्रादेशिक संसदका सदस्यहरूबाट हुनेछ । राष्ट्राध्यक्ष नेपालीहरूको एकताको प्रतीकको रूपमा मानिनेछ । राष्ट्रपतिको काम संविधानको संरक्षण गर्ने पालना गराउने हुनेछ । राष्ट्रपति नेपाली सेनाको परमाधिपतिको रूपमा रहनेछन् । राष्ट्रपतिको अन्य काम कर्तव्य संविधानले व्यवस्था गरेबमोजिम हुनेछ । राष्ट्रपतिको अनुपस्थितिमा निजले

गर्ने कार्यका अतिरिक्त केन्द्रीय संसदको माथिल्लो सदनको अध्यक्षका रूपमा समेत कार्य गर्ने व्यवस्था गर्ने ।

- **राष्ट्रको कार्यकारी प्रमुखको व्यवस्था :** वहुदलीय प्रतिस्पर्धात्मक मान्यता अन्तर्गत संसदीय शासन प्रणाली र यसका आधारभूत सिद्धान्तलाई मुल आधार बनाउँदै केन्द्रमा कार्यकारी प्रमुख प्रधानमन्त्री हुने र प्रधानमन्त्री संसदप्रति उत्तरदायी हुनेछ । संसदलाई प्रभावकारी बनाउन संसदका समिति र संसद सदस्यलाई विशेष अधिकार र जिम्मेवारी दिने प्रवन्ध गर्ने । संसदको निरन्तरताको पक्षमा नेपाली कांग्रेस रहेको छ ।
- प्रदेशमा प्रदेश प्रमुखको व्यवस्था गरिनेछ ।
- केन्द्रीय र प्रादेशिक मन्त्रिपरिषद्को गठन समावेशी सिद्वान्तका आधारमा गरिनेछ ।

**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी)**

- पुर्ण लोकतान्त्रिक मूल्य मान्यता र आवधिक निर्वाचनमा आधारित राष्ट्रपति र प्रधानमन्त्री दुबैको व्यवस्था भएको आफ्नै मौलिक स्वरूपको शासन प्रणालीको विकास गरिनेछ ।
- शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा राज्यको केन्द्रीय संरचनाको विकास गरिनेछ ।
- प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष वालिग मताधिकारका आधारमा आम जनताबाट गरिनेछ ।
- केन्द्रीय संसदका दुवै सदनका सदस्यहरू र प्रादेशिक संसदका सदस्यहरू रहेको निर्वाचक मण्डलबाट स्पष्ट वहुमत वा पचास प्रतिशत जोड एकका आधारमा राष्ट्रपतिको निर्वाचन गरिनेछ ।
- केन्द्र, प्रदेश र स्थानीय निकायबीचको सम्बन्ध सहयोगात्मक हुनेछ ।

**मधेशी जनअधिकार फोरम नेपाल**

संविधानमा राष्ट्रपतीय शासन प्रणालीको व्यवस्था गर्ने :

(क) वहुदलीय प्रतिस्पर्धाका आधारमा जनताको प्रत्यक्ष निर्वाचनद्वारा राष्ट्रप्रमुख र सरकारप्रमुखमा राष्ट्रपतिको सम्बैधानिक व्यवस्था गर्ने

(ख) वहुदलीय प्रतिस्पर्धाका आधारमा प्रदेशका जनताको प्रत्यक्ष निर्वाचनद्वारा प्रादेशिक सरकार प्रमुख रहने ।

(ग) संघीय तथा प्रादेशिक सरकारका मन्त्रीहरू संसद तथा विधानसभाको स्वीकृतिमा सम्बन्धित सरकार प्रमुखले नियुक्त गर्ने ।

(घ) संघीय तथा प्रादेशिक सरकारका मन्त्रीहरू विधायिका संसदका सदस्य नरहने ।

(ङ) प्रदेशमा संसदको स्वीकृतिमा राष्ट्रपतिद्वारा नियुक्त राज्यपाल रहने ।

**तराई मधेश लोकतान्त्रिक पार्टी**

**संघीय कार्यपालिका**

संघीय कार्यपालिका अन्तर्गत राज्यप्रमुखको रूपमा संवैधानिक राष्ट्रपति र उपराष्ट्रपति ५ वर्षका लागि संघीय व्यवस्थापिका र प्रादेशिक व्यवस्थापिकाका सदस्यहरूबाट निर्वाचित हुनेछ । उपराष्ट्रपति संघीय व्यवस्थापिकाको माथिल्लो सदन (राज्यसभा) को पदेन अध्यक्ष हुनेछ ।

**संघीय मन्त्रिपरिषद**

नेपाल राज्यको कार्यकारिणी अधिकार संघीय मन्त्रिपरिषदमा हुनेछ । प्रधानमन्त्रीले सरकारको कार्यकारी प्रमुखको रूपमा कार्य गर्नेछन् ।

## नेपाल सद्भावना पार्टी

### संघीय कार्यपालिका

संघीय कार्यपालिका अन्तर्गत राज्यप्रमुखको रूपमा संवैधानिक राष्ट्रपति र उपराष्ट्रपति ५ वर्षका लागि संघीय व्यवस्थापिका र प्रादेशिक व्यवस्थापिकाका सदस्यहरूबाट निर्वाचित हुनेछ । उपराष्ट्रपति संघीय व्यवस्थापिकाको माथिल्लो सदन (राज्यसभा) को पदेन अध्यक्ष हुनेछ ।

### संघीय मन्त्रिपरिषद

नेपाल राज्यको कार्यकारिणी अधिकार संघीय मन्त्रिपरिषदमा हुनेछ । प्रधानमन्त्रीले सरकारको कार्यकारी प्रमुखको रूपमा कार्य गर्नेछन् ।

### संघीय मन्त्रिपरिषदको गठन प्रक्रिया

(१) जनप्रतिनिधिसभामा वहुमत प्राप्त दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री पदमा नियुक्त गर्नेछ ।

(२) जनप्रतिनिधिसभामा कुनै एक दलले स्पष्ट वहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा वहुमत प्राप्त नेतालाई प्रधानमन्त्रीको पदमा राष्ट्रपतिले नियुक्त गर्नेछ ।

(३) उक्त बमोजिम कसैले पनि वहुमत प्राप्त गर्न नसकेमा जनप्रतिनिधिसभामा तत्काल कायम रहेको दलहरूमध्ये सबैभन्दा ठूलो दलको नेतालाई प्रधानमन्त्री पदमा नियक्ति गरिनेछ । यसरी नियुक्त प्रधानमन्त्रीले ३० दिनभित्र जनप्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ ।

यद्यपि राष्ट्रपति प्रणाली र संसदीय प्रणालीको आ-आफ्नै गुण र दोष भएपनि नेपाल जस्तो विकासोन्मुख देशलाई तानाशाही व्यवस्थाबाट जोगाई पूर्ण लोकतान्त्रिक व्यवस्थामा राख्न संसदीय व्यवस्था नै देशमा कायम हुनुपर्दछ भन्ने यस पार्टीको स्पष्ट धारणा छ ।

### प्रादेशिक कार्यपालिका

प्रादेशिक कार्यपालिका अन्तर्गत प्रदेशप्रमुख र प्रदेश उपप्रमुख ५ वर्षको लागि प्रादेशिक व्यवस्थापिकाका दुवै सदनको सदस्यहरूबाट निर्वाचित हुनेछ । प्रदेश उपप्रमुख प्रादेशिक परिषदको पदेन अध्यक्ष हुनेछ । प्रदेशप्रमुखले प्रादेशिक मन्त्रिपरिषदको सिफारिसमा आफ्नो कार्य सम्पादन गर्नेछ ।

### प्रादेशिक मन्त्रिपरिषद

प्रदेशको कार्यकारिणी अधिकार प्रदेशको मन्त्रिपरिषदमा हुनेछ । प्रदेशको मुख्यमन्त्रीले **'प्रदेश सरकार प्रमुख'** को रूपमा काम गर्नेछ । प्रदेशको मुख्यमन्त्रीको नियुक्ति प्रदेश व्यवस्थापिकाको तल्लो सदनबाट हुनेछ । सो सदनको वहुमत प्राप्त नेतालाई प्रदेशप्रमुखले प्रदेशको मुख्यमन्त्रीको पदमा नियुक्त गर्नेछ ।

## नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी)

- **राष्ट्रप्रमुख :** राष्ट्रपति राष्ट्रप्रमुख र सेनाको परमाधिपति रहनेछन् र संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ । राष्ट्रपतिमा केही सन्तुलनकारी अधिकारहरूको व्यवस्था समेत गरिनेछ ।
- **राष्ट्रपतिको निर्वाचन :** प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रादेशिक व्यवस्थापिकाका सदस्यहरूले राष्ट्रपतिको निर्वाचन गर्नेछन् । राष्ट्रपतिको पदावधि छ वर्षको हुनेछ र कुनै पनि योग्य नेपाली नागरिक लगातार दुईपटकसम्म मात्र राष्ट्रपति पदमा निर्वाचित हुन पाउनेछन् ।

- **कार्यकारी प्रमुख प्रधानमन्त्री** : वालिग मताधिकारको आधारमा सिंगो देशबाट प्रत्यक्ष रूपमा निर्वाचित हुने नेपाली नागरिक प्रधानमन्त्रीको रूपमा सरकारका कार्यकारी प्रमुख हुनेछन् । कुनैपनि योग्य नेपाली नागरिक लगातार दुई पटकसम्म मात्र यस पदमा निर्वाचित हुन पाउनेछन् । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीले संसद सदस्यहरूबाट मात्र नभई बाहिरबाट समेत योग्य नेपाली नागरिकहरूलाई लिई मन्त्रिपरिषद्को गठन र सञ्चालन गर्न सक्नेछन् । निर्वाचित प्रधानमन्त्रीको कार्यकाल पाँच वर्षको हुनेछ ।

**प्रादेशिक कार्यपालिका :**

(क) प्रादेशिक प्रतिनिधिसभाको वहुमतबाट निर्वाचित प्रमुख मन्त्रीको अध्यक्षतामा प्रादेशिक मन्त्रिपरिषद रहनेछ ।

(ख) राष्ट्रपतिले प्रधानमन्त्रीको सल्लाहमा नियुक्त गरेका र केन्द्रीय प्रतिनिधिसभाबाट अनुमोदन गरिएका लोकपाल रहनेछन् ।

(ग) प्रदेशको कुनै भू-भागको सुरक्षा, सशस्त्र विद्रोह, व्यापक प्राकृतिक विपद वा चरम आर्थिक विश्रृंखलताका कारण गम्भीर संकट उत्पन्न भएमा केन्द्रीय मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले प्रादेशिक प्रतिनिधिसभा र सरकार विघटन गरी सम्बन्धित प्रदेशमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न सक्नेछन् र यस्तो संकटकालको अवस्थामा लोकपाल सम्बन्धित प्रदेशका कार्यकारी प्रमुख हुनेछन् ।

**स्थानीय निकाय :**

(क) स्थानीय निकायहरूको निर्वाचन वहुमतीय प्रणालीको आधारमा हुनेछ ।

## राष्ट्रिय प्रजातन्त्र पार्टी

- **केन्द्रीय तह** : केन्द्रमा द्वि-सदनात्मक व्यवस्थापिका रहनेछ र तल्लो सदनले प्रधानमन्त्रीको निर्वाचन गर्ने र प्रधानमन्त्री नै कार्यकारी प्रमुख रहनेछ । राष्ट्राध्यक्षको रूपमा संवैधानिक राष्ट्रपति रहनेछ ।
- **राज्य तह :** राज्यमा एक सदनात्मक व्यवस्थापिका (प्रान्तिय सभा) र मुख्यमन्त्री कार्यकारी प्रमुख रहनेछ ।
- **उपराज्य तह :** उपराज्यस्तरको व्यवस्थापिका र कार्यकारी संरचना राज्य पुनः संरचना आयोगले गर्नुपर्दछ ।
- बलियो केन्द्र रहेको संघीय संरचना नेपालको लागि उपयुक्त हुनेछ । केन्द्रले प्रान्तमा गभर्नर नियुक्त गर्नेछ । निश्चित आधारमा केन्द्रले प्रादेशिक सरकार विघटन गरी निश्चित अवधिका लागि राष्ट्रपति शासन लागू गर्ने प्रावधान राखिनेछ ।

## नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)

**कार्यपालिका :**

**(क) राष्ट्रपति :**

(१) संघीय लोकतान्त्रिक गणतन्त्रको राष्ट्रप्रमुख तथा सेनाको परमाधिपति राष्ट्रपति हुनेछ ।

(२) राष्ट्रपतिले विदेशमा राष्ट्रको प्रतिनिधित्व गर्ने ।

(३) राष्ट्रपति संविधानको संरक्षक हुनेछ र कार्यकारी प्रमुख तथा विधायिकाको राय सल्लाहबमोजिम काम गर्नेछ ।

(४) राष्ट्रपतिको निर्वाचन वालिग मताधिकारको आधारमा वहुमतीय प्रणाली अनुसार गरिनेछ ।

(५) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संसदको तल्लो सदन भङ्ग गर्नसक्नेछ ।

**(क) प्रधानमन्त्री :**

(१) संघीय सरकारको कार्यकारी प्रमुख प्रधानमन्त्री हुनेछ ।

(२) प्रधानमन्त्रीको निर्वाचन संसदको तल्लो सदनले गर्नेछ ।

(३) तल्लो सदनको वहुमत प्राप्त गर्ने व्यक्तिलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा मनोनयन गर्नेछ ।

(४) प्रधानमन्त्रीले आफ्नो मन्त्रिमण्डलका सदस्यहरूको नियुक्ति संसद भित्र वा बाहिरबाट गर्नेछ ।

(५) प्रधानमन्त्री सरकारको कुनै अन्य निकायको वा प्रान्तीय सरकारको सदस्य हुनेछैन ।

## नेपाल मजदुर किसान पार्टी

**कार्यपालिका** : कार्यपालिकाको व्यवस्था निम्नबमोजिम हुनेछ :

(१) राष्ट्रपतिको निर्वाचन जनताको प्रत्यक्ष निर्वाचनबाट हुनेछ ।

(२) राष्ट्रपतिले निर्वाचनमा ५१ प्रतिशत मत प्राप्त गरेको हुनुपर्नेछ ।

(३) राष्ट्रपतिले आफ्नो अनुकुलतामा मन्त्रिपरिषदको गठन गर्नेछ ।

(४) प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यहरू मन्त्री बन्ने छैनन् ।

(५) मन्त्रीहरू राष्ट्रपतिप्रति जिम्मेवार रहनेछन् ।

(६) राष्ट्रपति 'राष्ट्रप्रमुख', 'सरकारप्रमुख' र 'सेनाध्यक्ष' हुनेछ ।

(७) देशको भू-अखण्डतालाई आँच आउने कार्य हुने भएमा राष्ट्रपतिले सम्बन्धित प्रान्तीय सरकार र प्रान्तीय विधानसभालाई भंग गरी राष्ट्रपति शासन लागू गर्न सक्नेछ ।

**प्रान्तीय व्यवस्था :**

(१) प्रान्तीय विधानसभाले आफ्नो प्रान्तको प्रमुख मन्त्री चुन्नेछ र प्रमुख मन्त्रीले मन्त्रीहरूको चयन गर्नेछ ।

(२) केन्द्रीय सरकाबाट नियुक्त गरिएका प्रान्तीय प्रमुख अधिकारी (गभर्नर) ले केन्द्र सरकार र प्रान्तीय सरकारको वीचमा पुलको काम गर्नेछ ।

## राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल

**(क) राजसंस्था सम्बन्धी व्यवस्था :** नेपालको धार्मिक, सांस्कृतिक एवं राष्ट्रिय एकताको प्रतिकको रूपमा राजसंस्था रहनेछ ।

**(ख) राष्ट्रप्रमुख :** सम्वैधानिक राष्ट्रप्रमुखको रूपमा राजा रहने व्यवस्था गरिनेछ ।

**(ग) कार्यपालिका** :

(१) देशको कार्यकारिणी अधिकार प्रधानमन्त्री र मन्त्रिपरिषदमा निहित रहनेछ ।

(२) संसदीय प्रजातन्त्रका मान्यता अनुरूप प्रतिनिधिसभामा वहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री हुनेछन् । कुनै एकदलले स्पष्ट वहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुई भन्दा बढी दलहरूको समर्थन प्राप्त प्रतिनिधिसभाका सदस्य प्रधानमन्त्री हुनेछन् ।

(३) प्रधानमन्त्रीले आफ्नो अध्यक्षतामा मन्त्रिपरिषदको गठन गर्नेछन् ।

(४) संसदीय प्रजातन्त्रको प्रचलन अनुरूप प्रधानमन्त्री वा मन्त्रीलाई अविश्वासको प्रस्तावबाट हटाउन सकिनेछ ।

**राष्ट्रिय जनमोर्चा**

राष्ट्रको प्रमुख राष्ट्रपति हुनेछन् । राष्ट्रपतिको अवधि ५ वर्षको हुनेछ । कानूनद्वारा निर्धारित विधि अनुसार राष्ट्रपतिका विरूद्ध महाभियोग लगाउन सकिनेछ । प्रधानमन्त्री सरकारप्रमुख हुने र कार्यकारी अधिकार प्रधानमन्त्रीमा रहनेछ । संसदमा वहुमत प्राप्त गर्ने नेताको प्रधानमन्त्रीमा चयन हुनेछ । प्रधानमन्त्रीद्वारा मन्त्रिपरिषदको गठन हुनेछ र आवश्यकतानुसार उप प्रधानमन्त्री र राज्यमन्त्रीहरूको व्यवस्था हुनेछ । मन्त्रीहरू प्रधानमन्त्री र संसदप्रति उत्तरदायी हुने एवं मन्त्री हुनका लागि संसदमा निर्वाचित भएको हुनुपर्ने व्यवस्था हुनेछ । तर संसद बाहिरबाट नियुक्त गर्नुपर्दा बढीमा २ जनासम्म ६ महिनाभित्रमा कुनै निर्वाचन क्षेत्रबाट निर्वाचित भएर आउनु पर्ने व्यवस्था हुनेछ । राष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधिश, उपराष्ट्रपति र उप प्रधानमन्त्रीका पदहरूको चुनावमा वंशजको नाताले नागरिक ठहर्ने नागरिकहरूलाई मात्र उम्मेदवार बन्ने अधिकार हुनेछ ।

**राष्ट्रिय जनशक्ति पार्टी**

प्राप्त नभएको

**नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)**

प्राप्त नभएको

**संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च**

प्राप्त नभएको

**राष्ट्रिय जनमुक्ति पार्टी**

**१. व्यवस्थापिकाः**

१.१ **अध्यक्ष मण्डल** (Presidium) **:-** अध्यक्षमण्डलका अध्यक्ष राष्ट्रप्रमुख हुनेछन् । प्रतिनिधिसभाले दलित, महिला, तागाधारी, आदिवासी जनजाति, तराई मधेसी समुदायबाट १/१ जनाको प्रतिनिधित्व हुने गरी अध्यक्षमण्डलको सदस्य चयन गर्नेछ । अध्यक्षमण्डलले वर्णानुक्रम अनुसार (Alphabetical Order) आफूमध्येबाट अध्यक्षको चयन गर्नेछ ।

१.२ प्रतिनिधिसभा (House of Representatives) मा उपस्थित १% भन्दा बढी मत प्राप्त सबै राजनैतिक दलहरूलाई समानुपातिक रूपमा सहभागी गराई एक मन्त्रिमण्डलको गठन गरिने छ । मन्त्रिमण्डलको प्रमुख प्रधानमन्त्री हुनेछ ।

**२. कार्यपालिकाः**

२.१ अध्यक्षले कानूनी कागजातमा हस्ताक्षर गर्ने वा राष्ट्रप्रमुखको नामबाट गरिने कुनैपनि कानूनबमोजिमको कार्य मन्त्रिपरिषद्को सिफारिस र अध्यक्षमण्डलको स्वीकृतिमा गर्नु पर्नेछ । एकपटक अध्यक्ष भइसकेको व्यक्ति अरू जातिहरूको पालो नसकिँदासम्म पुनः अर्को पटक अध्यक्ष हुन पाउने छैनन् ।

२.२ अध्यक्षमण्डलका अध्यक्षलाई संविधानको संरक्षक मानिनेछ ।

२.३ अध्यक्षमण्डलका अध्यक्षलाई सर्वोच्च सेनापति मानिनेछ ।

२.४ राष्ट्रप्रमुखका हैसियतले अध्यक्षमण्डलका अध्यक्षको निश्चित अधिकार र कर्तव्य हुनेछ ।

२.५ मन्त्रिपरिषद्को सिफारिसमा अध्यक्षमण्डलको स्वीकृतिमा मात्र सीमित प्रयोजन र निश्चित अवधिको लागि अध्यक्षले सेना परिचालन गर्नेछ । तर राष्ट्र विप्लव वा मुलुकको स्वतन्त्रता र सार्वभौम अखण्डतामा आँच आउने अवस्थामा बाहेक नेपाली नागरिक विरूद्ध सेना परिचालन गर्न पाउने छैन ।

२.६ मन्त्रिमण्डल र अध्यक्षमण्डलको संयुक्त बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

## नेपाली जनता दल

### कार्यपालिका:

#### राष्ट्रपति

नेपालमा राष्ट्रप्रमुखको रूपमा एक राष्ट्रपति हुनेछन् र निज नेपाली राष्ट्रिय सेनाको परमाधिपति हुनेछन् ।

#### उपराष्ट्रपति

राष्ट्रपतिलाई सघाउनको लागि र राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिको कार्य गर्नको लागि एकजना उपराष्ट्रपति हुनेछन् ।

#### निर्वाचन प्रक्रिया

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन केन्द्रीय संसदका सदस्यहरू तथा संघीय संसदका सदस्यहरूको वहुमतबाट हुनेछ । (राष्ट्रपति पुरूष भए उपराष्ट्रपति महिला र राष्ट्रपति महिला भए उपराष्ट्रपति पुरूष हुनेछ) ।

#### प्रधानमन्त्री

देशको कार्यकारी प्रमुखको रूपमा प्रधानमन्त्री रहनेछ । कुनैपनि प्रधानमन्त्री एकपटक प्रधानमन्त्री निर्वाचित भएपछि निज उपर २ वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन यदि २ वर्ष अगावै अविश्वासको प्रस्ताव ल्याइएमा संसदको २/३ बहुमतद्वारा प्रस्ताव पारित हुनेछ ।

#### निर्वाचन प्रक्रिया

प्रधानमन्त्रीको निर्वाचन केन्द्रीय संसदको बहुमतको आधारमा हुनेछ र निज जहिलेपनि संसदप्रति उत्तरदायी वा संसदको विश्वास प्राप्त हुनुपर्नेछ ।

**कार्यकाल:** प्रधानमन्त्रीको कार्यकाल ५ वर्षको लागि हुनेछ ।

#### मन्त्रीहरू

प्रधानमन्त्रीले मन्त्रालयको संख्याको आधारमा मन्त्रीहरू मनोनित गर्नेछन् र त्यसरी मनोनित गरिएका मन्त्रीहरू सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेको हुनुपर्नेछ वा निजहरूको न्यूनतम शैक्षिक योग्यता स्नातक वा सो सरह हुनुपर्नेछ ।

संघीय ईकाईहरूमा संघीय विधायिकी संसदद्वारा निर्वाचित प्रमुख (मुख्यमन्त्री) को अध्यक्षतामा मन्त्रिमण्डल गठन हुनेछ ।

## नेपाल कम्युनिष्ट पार्टी (एकीकृत)

### कार्यपालिका:

#### राष्ट्राध्यक्ष

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रप्रमुख राष्ट्राध्यक्ष हुनेछ । राष्ट्राध्यक्षको निर्वाचन अप्रत्यक्ष हुनेछ । जनप्रतिनिधिसभा, जातियसभा र जातिय/प्रादेशिकसभा सदस्यहरू राष्ट्राध्यक्ष निर्वाचनको मतदाता हुनेछन् । राज्यको संकटकालीन तथा अविशिष्ट अधिकारहरू राष्ट्रपतिमा निहित हुनेछ । तर अविशिष्ट अधिकारहरूको प्रयोग मनित्रपरिषदको सल्लाह र सहमतिमा हुनेछ र त्यसको अनुमोदन जनप्रतिनिधिसभाबाट गराउनु पर्नेछ । राष्ट्राध्यक्षको पदावधि ५ वर्षको हुनेछ । एउटै व्यक्ति र जाति तथा समुदायबाट लगातार एकपटकभन्दा बढी राष्ट्राध्यक्ष हुन पाउने छैन ।

### संघीय मन्त्रिपरिषद

संघीय जनसभाको सामान्य बहुमतले सिफारिस गरेको प्रधानमन्त्रीले संघीय मन्त्रिपरिषदको गठन गर्नेछ । त्यसको प्रक्रिया र संख्या कानूनद्वारा निर्दिष्ट गरिनेछ । तर मन्त्रिपरिषद सदस्यका लागि संघीय जनसभाको सदस्य हुन अनिवार्य छैन । मन्त्रिपरिषदको कार्यकारी प्रमुख प्रधानमन्त्री हुनेछ । संघीय जनसभाको सामान्य बहुमतले सिफारिस गरेको व्यक्तिलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्नेछ । मन्त्रिपरिषदको निर्माणमा समावेशी र सहमतीय मान्यतालाई आत्मसात गरिनेछ । एउटै व्यक्ति र जाति तथा समुदायबाट लगातार दुईपटकभन्दा बढी प्रधानमन्त्री हुने छैन । संघीय मन्त्रिपरिषदमा प्रत्येक प्रदेशबाट न्यूनतम एकजना मन्त्री नियुक्त हुनु अनिवार्य हुनेछ ।

## दलित जनजाति पार्टी

प्राप्त नभएको

## नेपाः राष्ट्रिय पार्टी

### राज्यको शासकीय स्वरुप निर्धारण

- जनताको प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली अवलम्बन गरिनेछ ।
- अवशिष्ट अधिकार राष्ट्रपतिमा निहित रहनेछ ।
- राष्ट्रपतिको मातहतमा राष्ट्रपतिको सल्लाहकार समिति रहनेछ, जसले राष्ट्रपतिले गर्ने कार्यको विषयगत जिम्मेवारी लिई कार्य गर्नेछ, जस्तो परराष्ट्र, रक्षा, अर्थ आदि । यो केन्द्रीय कार्यपालिका सरह हुनेछ तर यसको आकार ठूलो नभई चुस्त दुरूस्त कार्य गर्ने खालको हुनेछ ।
- प्रान्तको प्रतिनिधिसभाबाट निर्वाचित कार्यपालिकाको प्रमुखको रूपमा प्रधानमन्त्री रहनेछ । प्रधानमन्त्रीको मातहतमा प्रान्तीय सरकार रहनेछ । यसरी ५ वटा प्रान्तमा ५ जना प्रधानमन्त्री रहेनछन् ।
- प्रादेशिक सभाप्रति उत्तरदायी मुख्यमन्त्रीको नेतृत्वमा प्रादेशिक सरकार निर्माण हुनेछ ।
- कर्मचारी प्रशासनमा प्रदेशमा प्रदेशको जातिलाई अग्राधिकार हुनेछ । त्यस्तै प्रान्त र केन्द्रको कर्मचारी प्रशासनमा छुट्टाछुट्टै कर्मचारी प्रशासनको निर्माण केन्द्रबाट प्रान्तमा प्रान्तीय मुख्य सचिवको नियुक्ति र प्रान्तबाट प्रदेशसचिवको नियुक्त गर्ने ।

## समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल

### कार्यपालिकाः

#### कार्यकारिणी अधिकार

(१) नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानूनबमोजिम मन्त्रिपरिषदमा निहित हुनेछ ।
(२) कार्यकारिणी प्रमुखको रूपमा प्रधानमन्त्री रहनेछ ।
(३) नेपालको कार्यकारिणी सम्बन्धी कामहरू नेपाल सरकारको नाममा हुनेछ ।

**राष्ट्रपति**

(१) नेपालमा एकजना राष्ट्रपति रहनेछ ।
(२) राष्ट्रपति मुलुकको सम्मानित राष्ट्राध्यक्ष हुनेछ ।
(३) राष्ट्रपति सेनाको परमाधिपति हुनेछ ।
(४) संघीय संसद र प्रादेशिक सभाको सदस्यहरू रहेको निर्वाचन मण्डलद्वारा राष्ट्रपतिको निर्वाचन गरिनेछ ।
(५) राष्ट्रपतिको पदावधि ५ वर्षको हुनेछ ।
(६) राष्ट्रपतिको उम्मेदवार हुन कम्तिमा ३५ वर्ष उमेर पुगेको हुनु पर्नेछ ।
(७) संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ ।

**उपराष्ट्रपति**

(१) नेपालमा एकजना उपराष्ट्रपति रहनेछ ।
(२) संघीय राष्ट्रिय सभाको अध्यक्ष पदेन उपराष्ट्रपति हुनेछ ।
(३) राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिले सम्हाली आएको कार्यभार उपराष्ट्रपतिले सम्हाल्नेछ ।

**मन्त्रिपरिषदको गठन**

(१) संघीय प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट बहुमतका आधारमा प्रधानमन्त्रीको निर्वाचन गर्नेछन् ।
(२) प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले मन्त्रिपरिषदको गठन गर्नेछ ।
(३) मन्त्रिपरिषद संघीय प्रतिनिधिसभाप्रति उत्तरदायी हुनेछ ।
(४) मन्त्रिपरिषदको संख्या प्रतिनिधिसभाको कुल सदस्य संख्याको बढीमा १०% सम्म हुनेछ ।
(५) संसदको सदस्य नभएको व्यक्ति मन्त्रिपरिषद्को सदस्य नियुक्त भएमा निज ६ महिनाभित्र संघीय संसदको सदस्य नभएमा स्वतः पदमुक्त हुनेछ ।
तर, संघीय संसद सदस्यको निर्वाचनमा पराजित व्यक्तिलाई मन्त्रिपरिषदमा नियुक्त गरिने छैन ।

**प्रादेशिक सरकारको गठन**

(१) नेपालको प्रत्येक प्रदेशमा प्रादेशिक सभाका सदस्यहरूको बहमतको आधारमा मुख्यमन्त्रीको निर्वाचन गरिनेछ ।
(२) मुख्यमन्त्री प्रदेशको कार्यकारी प्रमुख हुनेछ ।
(३) मुख्यमन्त्री प्रादेशिक सभाप्रति उत्तरदायी हुनेछ ।
(४) मुख्यमन्त्रीको पदावधि ५ वर्षको हुनेछ ।
(५) मुख्यमन्त्रीको सिफारिसमा गभर्नरले प्रादेशिक मन्त्रिपरिषदको गठन गर्नेछ ।

**गभर्नरको व्यवस्था**

(१) प्रत्येक प्रदेशमा १ जना गभर्नर रहनेछ ।
(२) प्रादेशिक सभाका सदस्य र स्थानीय सरकारका प्रमुख, उपप्रमुख रहेको निर्वाचकमण्डलले गभर्नरको निर्वाचन गर्नेछ ।
(३) गभर्नर प्रादेशिक सभाप्रति उत्तरदायी रहनेछ ।
(४) संघीय सरकार, प्रादेशिक सरकार वीच समन्वयको काम गभर्नरले गर्नेछ ।
(५) गभर्नर प्रदेश प्रमुखको रूपमा रहनेछ ।

**स्थानीय सरकार**

(१) प्रत्येक प्रदेशभित्रका जिल्ला, नगर र गाउँहरूका स्थानीय सरकारको गठन हुनेछ ।

(२) स्थानीय सरकारको कार्यकारिणी प्रमुख, उपप्रमुखका रूपमा जिल्लामा सभापति, उपसभापति, नगरमा मेयर, उपमेयर र गाउँमा अध्यक्ष, उपाध्यक्ष रहनेछन् ।

(३) स्थानीय सरकारको प्रमुख र उपप्रमुखको निर्वाचन सम्बन्धित तहको परिषदबाट हुनेछ ।

(४) हरेक स्थानीय तहमा एक परिषद हुनेछ । जसको निर्वाचन जातिय जनसंख्याको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने गरी सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणालीद्वारा गरिनेछ ।

## चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल

### कार्यपालिकाः

**कार्यकारिणी अधिकार**

(१) नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानूनबमोजिम मन्त्रिपरिषदमा निहित हुनेछ ।

(२) कार्यकारिणी प्रमुखको रूपमा प्रधानमन्त्री रहनेछ ।

(३) नेपालको कार्यकारिणी सम्बन्धी कामहरू नेपाल सरकारको नाममा हुनेछ ।

**राष्ट्रपति**

(१) नेपालमा एकजना राष्ट्रपति रहनेछ ।

(२) राष्ट्रपति मुलुकको सम्मानित राष्ट्राध्यक्ष हुनेछ ।

(३) राष्ट्रपति सेनाको परमाधिपति हुनेछ ।

(४) संघीय संसद र प्रादेशिक सभाको सदस्यहरू रहेको निर्वाचन मण्डलद्वारा राष्ट्रपतिको निर्वाचन गरिनेछ ।

(५) राष्ट्रपतिको पदावधि ५ वर्षको हुनेछ ।

(६) राष्ट्रपतिको उम्मेदवार हुन कम्तिमा ३५ वर्ष उमेर पुगेको हुनु पर्नेछ ।

(७) संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ ।

**उपराष्ट्रपति**

(१) नेपालमा एकजना उपराष्ट्रपति रहनेछ ।

(२) संघीय राष्ट्रिय सभाको अध्यक्ष पदेन उपराष्ट्रपति हुनेछ ।

(३) राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिले सम्हाली आएको कार्यभार उपराष्ट्रपतिले सम्हाल्नेछ ।

**मन्त्रिपरिषदको गठन**

(१) संघीय प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट बहुमतका आधारमा प्रधानमन्त्रीको निर्वाचन गर्नेछन् ।

(२) प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले मन्त्रिपरिषदको गठन गर्नेछ ।

(३) मन्त्रिपरिषद संघीय प्रतिनिधिसभाप्रति उत्तरदायी हुनेछ ।

(४) मन्त्रिपरिषदको संख्या प्रतिनिधिसभाको कुल सदस्य संख्याको बढीमा १०% सम्म हुनेछ ।

(५) संसदको सदस्य नभएको व्यक्ति मन्त्रिपरिषद्को सदस्य नियुक्त भएमा निज ६ महिनाभित्र संघीय संसदको सदस्य नभएमा स्वतः पदमुक्त हुनेछ ।
तर, संघीय संसद सदस्यको निर्वाचनमा पराजित व्यक्तिलाई मन्त्रिपरिषदमा नियुक्त गरिने छैन ।

**प्रादेशिक सरकारको गठन**

(१) नेपालको प्रत्येक प्रदेशमा प्रादेशिक सभाका सदस्यहरूको बहमतको आधारमा मुख्यमन्त्रीको निर्वाचन गरिनेछ ।

(२) मुख्यमन्त्री प्रदेशको कार्यकारी प्रमुख हुनेछ ।

(३) मुख्यमन्त्री प्रादेशिक सभाप्रति उत्तरदायी हुनेछ ।

(४) मुख्यमन्त्रीको पदावधि ५ वर्षको हुनेछ ।

(५) मुख्यमन्त्रीको सिफारिसमा गभर्नरले प्रादेशिक मन्त्रिपरिषदको गठन गर्नेछ ।

**गभर्नरको व्यवस्था**

(१) प्रत्येक प्रदेशमा १ जना गभर्नर रहनेछ ।

(२) प्रादेशिक सभाका सदस्य र स्थानीय सरकारका प्रमुख, उपप्रमुख रहेको निर्वाचकमण्डलले गभर्नरको निर्वाचन गर्नेछ ।

(३) गभर्नर प्रादेशिक सभाप्रति उत्तरदायी रहनेछ ।

(४) संघीय सरकार, प्रादेशिक सरकार वीच समन्वयको काम गभर्नरले गर्नेछ ।

**नेपाल लोकतान्त्रिक समाजवादी दल**

**शासन प्रणाली**

- जातीय सभाको बहुमतीय निर्वाचन प्रणालीबाट राष्ट्रपति - कार्यकाल ५ वर्ष
- दुई कार्यकालसम्म एक व्यक्ति
- प्रतिनिधि सभाका सदस्यहरूको बहुमतीय निर्वाचनबाट प्रधानमन्त्री
- पदावधि ५ वर्ष
- एक व्यक्ति दुई कार्यकालसम्म मात्र ।

**प्रान्तीय राज्यमा विधानसभाः**

- मुख्यमन्त्री - विधानसभाका सदस्यको बहुमतीय प्रणालीबाट - कार्यकाल ५ वर्ष
- एक व्यक्ति दुई कार्यकालसम्म मात्र ।

**नेपाल परिवार दल**

**राष्ट्रपति तथा उपराष्ट्रपति**

**राष्ट्रपति**

(क) नेपालमा एकजना राष्ट्रपति रहनेछ ।

(ख) राष्ट्रपति मुलुकको राष्ट्राध्यक्ष हुनेछ र सोही हैसियतमा यस संविधान र प्रचलित कानूनबमोजिम निजले आफ्नो कार्य सम्पादन गर्नेछ ।

(ग) संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ ।

(घ) राष्ट्रपति नेपाली जनताको एकताको प्रतिकको रूपमा रहनेछ ।

(ङ) राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुनेछ ।

**उपराष्ट्रपति**

(क) राष्ट्रपतिको निर्वाचन राष्ट्रियसभा, संघीयसंसद र प्रादेशिक व्यवस्थापिकाको संयुक्त बैठकले गर्नेछ ।

(ख) राष्ट्रियसभा, संघीयसंसद र प्रादेशिक व्यवस्थापिकामा तत्काल कायम रहको सम्पूर्ण सदस्य संख्याको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएको मानिनेछ ।

(ग) राष्ट्रपतिको निर्वाचन सम्बन्धी अन्य कार्यविधि संघीय संसदले निर्धारण गरेबमोजिम हुनेछ ।

(घ) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनैपनि राजनैतिक पदमा वहाल रहेको व्यक्ति राष्ट्रपति पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ ।

**राष्ट्रपतिको पदावधि**

(क) राष्ट्रपतिको पदावधि ५ वर्षको हुनेछ ।

(ख) कुनै एक व्यक्ति बढीमा दुई पदावधिको लागि मात्र राष्ट्रपतिको लागि निर्वाचित/उम्मेदवार हुन सक्नेछ ।

**राष्ट्रपतिको योग्यता**

(क) संघीय संसदको सदस्य हुन योग्य भएको ।

(ख) कम्तीमा ३५ वर्ष उमेर पूरा भएको ।

(ग) वंशज र जन्मसिद्ध नेपाली नागरिक हुनुपर्दछ ।

(घ) उच्च नैतिक चरित्र प्रदर्शन गरेको हुनु पर्दछ ।

(ङ) वृहत्तर हितको भावनाप्रति प्रतिवद्ध रहेको ।

(च) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उतीर्ण गरेको ।

**उपराष्ट्रपतिः**

(क) नेपालमा एकजना उपराष्ट्रपति रहनेछ ।

(ख) राष्ट्रपति पदमुक्त भई अर्को राष्ट्रपति निर्वाचन नभएसम्म वा राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरू उपराष्ट्रपतिबाट सम्पादन गरिनेछ ।

(ग) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनैपनि राजनैतिक पदमा वहाल रहेको व्यक्ति उपराष्ट्रपति पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ ।

**कार्यपालिकाः**

**कार्यकारिणी अधिकार**

(क) नेपालको कार्याकारिणी अधिकार यो संविधान र अन्य प्रचलित कानूनबमोजिम प्रधानमन्त्रीको अध्यक्षतामा गठित मन्त्रिपरिषद्मा निहित हुनेछ ।

(ख) यो संविधान र अन्य कानूनको अधिनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद् उपर हुनेछ ।

(ग) नेपालको कार्यकारिणी कामहरू नेपाल सरकारको नाममा हुनेछ ।

(घ) नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण कानूनद्वारा व्यवस्था भएबमोजिम हुनेछ ।

(च) प्रधानमन्त्री संघीय संसदप्रति जवाफदेही हुनेछ ।

**प्रधानमन्त्रीको निर्वाचन**

(क) राष्ट्रियसभा र संघीयसंसदको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतको आधारमा प्रधानमन्त्रीको निर्वाचन हुनेछ ।

(ख) प्रधानमन्त्रीको निर्वाचन सम्बन्धी अन्य कार्यविधि संघीय संसदले निर्धारण गरेबमोजिम हुनेछ ।

(ग) प्रधानमन्त्रीको एउटा पदावधि ५ वर्षको हुनेछ ।

**प्रधानमन्त्रीको योग्यता**

(क) संघीय संसदको सदस्य हुन योग्य भएको ।

(ख) कम्तीमा ३५ वर्ष उमेर पूरा भएको ।

(ग) वंशज र जन्मसिद्ध नेपाली नागरिक हुनुपर्दछ ।

(घ) उच्च नैतिक चरित्र प्रदर्शन गरेको हुनु पर्दछ ।

(ङ) वृहत्तर हितको भावनाप्रति प्रतिवद्ध रहेको ।

(च) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उतीर्ण गरेको ।

**उप-प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीहरुको नियुक्ति**

(क) प्रधानमन्त्रीले संघीय संसदको सदस्यहरूमध्येबाट सम्बन्धित राजनैतिक दलको सिफारिसमा आवश्यकता अनुसार उप-प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीहरूको नियुक्ति गर्न सक्नेछन् ।

(ख) प्रधानमन्त्रीले वृहत्तर हितको लागि संघीय संसदको सदस्य नभएको कुनै व्यक्तिलाई उप-प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीहरूको नियुक्ती गर्न सक्नेछ ।

**प्रादेशिक तहको कार्यकारिणी संरचना**

(क) हरेक प्रादेशिक तहमा केन्द्रीय सरकारको तर्फबाट एक राज्यपालको नियुक्ति र प्रादेशिक व्यवस्थापिकाको तर्फबाट एक मुख्यमन्त्रीको चयन हुनेछ ।

**राज्यपालको व्यवस्था**

(क) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा हरेक प्रादेशिक तहमा राज्यप्रमुखको रूपमा एक राज्यपालको नियुक्ति गर्नेछ ।

(ख) देहायको योग्यता भएको व्यक्ति राज्यपालको लागि अनुकूल हुनेछ ।

- संघीय संसदको सदस्य हुन योग्य भएको ।
- कम्तीमा ३५ वर्ष उमेर पूरा भएको ।
- वंशज र जन्मसिद्ध नेपाली नागरिक हुनुपर्दछ ।
- उच्च नैतिक चरित्र प्रदर्शन गरेको हुनु पर्दछ ।
- वृहत्तर हितको भावनाप्रति प्रतिवद्ध रहेको ।

(ग) राज्यपालको कार्यक्षेत्र, पदावधि, पारिश्रमिक, सुविधा, सेवाका शर्तहरू तथा पदमुक्त हुने अवस्थाहरू नेपालको कानूनमा तोकिएबमोजिम हुनेछ ।

**राज्य सरकारको गठन र सञ्चालन**

(क) नेपालको प्रत्येक राज्यमा प्रादेशिक सरकारको गठन र सञ्चालन हुनेछ ।

(ख) राज्यको कार्यकारिणी प्रमुखको रूपमा मुख्यमन्त्री रहनेछ ।

(ग) प्रादेशिक व्यवस्थापिकामा बहुमत प्राप्त दलका नेता वा बहुमत प्राप्त सदस्य मुख्यमन्त्रीमा नियुक्त हुनेछ ।

(घ) मुख्यमन्त्री प्रादेशिक व्यवस्थापिकाप्रति उत्तरदायी हुनेछ ।

(ङ) मुख्यमन्त्रीको पदावधि ५ वर्षको हुनेछ । एउटै व्यक्ति बढीमा दुई कार्यकालको लागि मुख्यमन्त्री हुन सक्नेछ ।

(च) मुख्यमन्त्री हुन उम्मेदवारी दिने व्यक्तिको न्यूनतम योग्यता:

- प्रादेशिक व्यवस्थापिकाको सदस्य भएको हुनु पर्ने ।
- कम्तीमा ३५ वर्ष उमेर पूरा भएको ।
- वंशज र जन्मसिद्ध नेपाली नागरिक हुनुपर्दछ ।
- उच्च नैतिक चरित्र प्रदर्शन गरेको हुनु पर्दछ ।
- वृहत्तर हितको भावनाप्रति प्रतिवद्ध रहेको ।

(छ) मुख्यमन्त्रीले आफ्नो कार्यभार सम्हाल्नु अघि निश्चित ढाँचामा राज्यपाल समक्ष आफ्नो पद र गोपनियताको शपथ ग्रहण लिनु पर्नेछ ।

(ज) मुख्य मन्त्रीको काम कर्तव्य र अधिकार :

- राज्य सरकारको प्रमुखको रूपमा कार्य गर्ने,
- प्रादेशिक व्यवस्थापिकाका सदस्यहरूमध्येबाट सहमतिको आधारमा राज्यस्तरको मन्त्रिपरिषदको गठन र सञ्चालन गर्ने ।
- आफ्नो मन्त्रिपरिषदका सदस्यहरूलाई राज्यपालको उपस्थितिमा पद तथा गोपनियताको शपथ ग्रहण गराउने ।
- राज्यमा संकटकाल घोषणाको सिफारिस गर्ने ।

(झ) मुख्यमन्त्री तथा उनी मातहतका अन्य मन्त्रीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू नेपालको कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

**स्थानीय सरकारको गठन र सञ्चालन**

(क) नेपालको प्रत्येक प्रादेशिक क्षेत्र अन्तर्गतका जिल्ला, नगर र गाउँहरूमा जिल्ला सरकार, नगरपालिका तथा ग्रामपालिकाको नाममा स्थानीय सरकारहरूको गठन र सञ्चालन हुनेछ ।

(ख) स्थानीय सरकारहरू नगरपालिका/ग्रामपालिका अन्तर्गत विभिन्न वडा समितिहरू पर्दछन् ।

(ग) स्थानीय सरकारहरूमध्ये जिल्लाको कार्यकारिणी प्रमुख, उप-प्रमुख तथा सदस्यहरू सम्बन्धित जिल्लासभाका प्रमुख, उप-प्रमुख तथा सदस्यहरू नै रहनेछन् ।

(घ) स्थानीय सरकारहरू नगरपालिका/ग्रामपालिकाको कार्यकारिणी प्रमुख, उप-प्रमुख तथा सदस्यहरू सम्बन्धित नगरसभा तथा गाउँसभाका प्रमुख तथा उप-प्रमुख तथा वडा अध्यक्षहरू हुनेछन् ।

(ङ) स्थानीय सरकारका सभापति, उप-सभापति तथा सदस्यहरू सम्बन्धित स्थानीयसभाप्रति उत्तरदायी रहनेछन् ।

(च) स्थानीय सरकारका सभापति, उप-सभापति तथा सदस्यहरूको पारिश्रमिक, सुविधा तथा सेवा शर्तहरू नेपालको कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

(छ) स्थानीय सरकारको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न निजामति सेवाबाट १/१ सचिवको नियुक्ति गरिनेछ ।

यसरी नेपालका केही राजनैतिक दलहरूको घोषणापत्र अध्ययन गर्दा दलहरूबीच मुलुकको भावी शासन प्रणालीका सम्बन्धमा फरक फरक धारणाहरू रहेको पाइन्छ । संविधानसभामा सबैभन्दा ठूलो दल रहेको ने.क.पा.माओवादी प्रत्यक्ष निर्वाचित शक्तिशाली राष्ट्रपति सहितको संसदबाट निर्वाचित प्रधानमन्त्री समेत रहेको मिश्रित प्रकारको शासन पद्धतिको पक्षमा रहेको देखिन्छ भने दोश्रो ठूलो दलको रूपमा रहेको नेपाली कांग्रेसको धारणा भने संसदीय ढाँचाको शासन पद्धति हुनुपर्दछ भन्ने रहेको छ । यसै गरी तेश्रो ठूलो दल ने.क.पा.एमालेले संवैधानिक राष्ट्रपति सहितको प्रत्यक्ष रूपमा निर्वाचित प्रधानमन्त्री कार्यकारी प्रमुख रहने शासन पद्धति तर्फ आफ्नो झुकाव देखाएको छ भने चौथो ठूलो दलको रूपमा रहेको मधेशी जनअधिकार फोरम नेपालको धारणा भने शक्तिशाली राष्ट्रपति सहितको राष्ट्रपतीय पद्धति अपनाइनु पर्ने भन्ने रहेको छ । यसरी वर्तमान संविधानसभामा प्रतिनिधित्व गर्ने चार ठूला दलहरूले चारै थरीको शासन पद्धतिको पक्षमा आआफ्नो अभिमत जाहेर गरेका छन् ।

संविधानसभामा प्रतिनिधित्व गर्ने अन्य विभिन्न दलहरूले उक्त चारै प्रकारका शासन पद्धतिसँग मिल्दोजुल्दो हुने गरी आफ्नो धारणा प्रष्ट पारेको पाइन्छ । तराई मधेश लोकतान्त्रिक पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, ने.क.पा. एकिकृत, राष्ट्रिय जनमोर्चा, ने.क.पा.संयुक्त इत्यादि दलहरूले संसदीय ढाँचाको शासन व्यवस्था हुनुपर्ने आफ्नो मान्यता अगाडि सारेका छन् भने ने.क.पा.मालेले संवैधानिक राष्ट्रपति सहितको प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको पक्षमा आफूलाई उभ्याएको छ । यसबाहेक नेपाली कांग्रेस भित्रैबाट केही सभासदले समेत राष्ट्रिय वहसका लागि प्रस्तुत गरेकोक आफ्नो प्रस्तावमा यस्तै खालको शासन पद्धति हुनुपर्ने भनी विचार अघि सारेका छन् । यसैगरी नेपाल मजदुर किसान पार्टी राष्ट्रपतीय पद्धतिको पक्षमा रहेको छ भने तत्कालीन जनमोर्चा नेपालले ने.क.पा.माओवादीको झै आफूलाई मिश्रित पद्धतिको पक्षपातिको रूपमा राखेको पाइन्छ । संविधानसभामा प्रतिनिधित्व गर्ने अधिकांस दलहरू भन्दा अलग राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले भने आफू अझै पनि संवैधानिक राजतन्त्र सहितको संसदीय पद्धतिकै पक्षमा दृढ रहेको कुरा आफ्नो घोषणापत्रमा उल्लेख गरेको पाइन्छ ।

## २.२ समितिको अवधारणा

### विभिन्न तहमा कार्यकारिणी अधिकारको बाँडफाँड

मुलुक संघीय संरचनामा जाने लगभग तय भइसकेको अवस्था छ । के कस्ता संघीय संरचनाहरू मुलुकको लागि उपयुक्त हुन्छ, कति तहको सरकारको व्यवस्था गर्ने, कुन तहले के कस्तो अधिकारहरूको प्रयोग गर्न सक्छ भन्ने सम्बन्धमा सूची निर्धारण गर्ने, सूचीमा उल्लेख नभएका अधिकारहरू कसले प्रयोग गर्ने भन्ने विषयहरू संविधान सभा नियमावली बमोजिम संविधान सभाको अर्को समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने भएकोले त्यस सम्बन्धमा यस समितिले विस्तृत छलफल गरेको छैन । यद्यपि विभिन्न तहमा कार्यकारिणी अधिकारको बाँडफाँडको विषय यस समिति अन्तर्गतको कार्यक्षेत्र भित्र पर्ने भएकोले यस सम्बन्धमा छलफल गरी निम्नबमोजिमको अवधारणा तय गरिएको छ ।

- यो संविधान र अन्य कानूनको अधिनमा रही संविधानले निर्धारण गरिदिएको स्थानीय सूची भित्र पर्ने विषय अन्तर्गतको कार्यकारिणी अधिकारको प्रयोग सम्बन्धित स्थानीय निकायको कार्यकारिणी अंगले गर्नेछ ।
- यो संविधान र अन्य कानूनको अधिनमा रही संविधानले निर्धारण गरिदिएको प्रादेशिक सूची भित्र पर्ने विषय अन्तर्गतको कार्यकारिणी अधिकारको प्रयोग सम्बन्धित प्रदेशको मन्त्रिपरिषदले गर्नेछ ।
- यो संविधान र अन्य कानूनको अधिनमा रही संविधानले निर्धारण गरिदिएको संघीय सूची भित्र पर्ने विषय अन्तर्गतको कार्यकारिणी अधिकारको प्रयोग संघीय मन्त्रिपरिषदले गर्नेछ ।

### विभिन्न तहमा कार्यकारिणी अङ्गको ढाँचा

मुलुकको विभिन्न तहमा कस्तो प्रकारको शासन प्रणाली अवलम्वन गर्ने तथा विभिन्न तहमा रहने कार्यकारिणी अंगहरूमा कस्तो प्रकारको ढाँचा कायम गर्ने भन्ने सम्बन्धमा सम्बन्धित उप समिति तथा समितिमा समेत व्यापक छलफल गरियो । यस सम्बन्धमा छलफल गरी अवधारणा तय गर्ने क्रममा यस सम्बन्धमा भएका सैद्धान्तिक पक्षहरू, विभिन्न मुलुकहरूमा भएका अभ्यास, विगतको हाम्रो संवैधानिक व्यवस्था तथा उपलब्ध भए सम्म संविधान सभामा प्रतिनिधित्व गर्ने विभिन्न राजनैतिक दलहरूले अघि सारेका अवधारणाहरू माथि समेत विहंगम दृष्टि दिइएको थियो ।

विभिन्न राजनैतिक दलहरूले अघि सारेको धारणा तथा विचारहरू समेतलाई दृष्टिगत गर्दै संघीय, प्रादेशिक तथा स्थानीय तहमा रहने कार्यकारिणी अंगको सम्बन्धमा निम्नबमोजिम यस समितिले आफ्नो अवधारणा तय गरेको छ ।

### संघीय तह

**समितिको बैठकमा १८ मत प्राप्त शासकीय स्वरुप :**

**राष्ट्रपति सम्बन्धी व्यवस्था :**

१. नेपालमा एक कार्यकारी राष्ट्रपति हुने छन् । राष्ट्रपति बालिगमताधिकारका आधारमा प्रत्यक्ष निर्वाचित हुनेछन् । राष्ट्रपति, राष्ट्राध्यक्ष साथ साथै सरकार प्रमुख समेत हुनेछन् ।

२. राष्ट्रपति नेपालको राष्ट्रियता, नेपाली जनताको एकताको प्रतिक हुनुका साथ साथै राष्ट्रिय सेनाको सर्वोच्च कमाण्डर हुनेछन् ।

३. देश र जनताको सर्वोच्चतम हित र समुन्नतिका लागि संविधानको संरक्षण र पालना गर्ने दायित्व राष्ट्रपतिमा निहित हुनेछ ।

४. राष्ट्रपतिको कार्यकाल पाँच बर्ष हुनेछ र दुई कार्यकालसम्म निर्वाचनमा भाग लिन सकिनेछ ।

राष्ट्रपतिको निर्वाचन दुईचरण निर्वाचन प्रणालीका आधारमा गर्ने व्यवस्था हुनेछ । राष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुनको लागि कम्तीमा पनि ३५ वर्ष उमेर पूरा भएको बंशजको नाताले नेपाली नागरिक हुनु पर्ने व्यवस्था गर्नु उपयुक्त देखिन्छ । यसबाहेक व्यवस्थापिकाको सदस्य हुन योग्य भएको व्यक्ति भनी संविधानमा उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

राष्ट्रपति आफ्नो पदबाट विभिन्न अवस्थामा पदमुक्त हुने व्यवस्था संविधानमा उल्लेख गर्नुपर्ने देखिन्छ । यस्ता व्यवस्थाहरू देहायबमोजिम हुनेछन् :

(क) मृत्यु भएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) पदबाट राजिनामा दिएमा,

(घ) प्रत्याह्वानको प्रक्रियाद्वारा

(ङ) महाभियोगको माध्यमबाट

यदि राष्ट्रपति ३ वर्ष ६ महिनाको कार्यावधि समाप्त नहुँदै पदमुक्त भएको छ भने उपराष्ट्रपतिले ६ महिना भित्र अर्को राष्ट्रपतिको निर्वाचन हुने गरी निर्वाचनको तिथि तोक्नुपर्ने व्यवस्था हुनेछ ।

**प्रत्याह्वानका सम्बन्धमा यसप्रकारको व्यवस्था गर्ने :** क) राष्ट्रपतिलाई पदमुक्त गर्न उपयुक्त छ भनी कूल मतदाताहरूमध्ये हरेक प्रदेशका कम्तीमा दश प्रतिशत मतदाताहरूले हस्ताक्षर गरी कानूनमा व्यवस्था भएबमोजिम निर्वाचन आयोग मार्फत प्रस्ताव पेश गर्नुपर्ने र आयोगले दुईमहिना भित्र छानविन सम्पन्न गरी सो प्रस्तावमा आफू सन्तुष्ट भएपछि सो प्रस्ताव व्यवस्थापिकामा पठाइने र व्यवस्थापिकामा तत्काल कायम रहेका सदस्यहरू मध्ये कम्तिमा पनि दुई तिहाई सदस्यहरू उपस्थित भई उपस्थित सदस्यको दुई तिहाई बहुमतबाट सो प्रस्ताव पारित भएमा राष्ट्रपति पदमुक्त भएको मानिनेछ ।

ख) जुन दलबाट राष्ट्रपति निर्वाचित भएको हो सो दलको केन्द्रीय कार्यकारिणी निकायको कम्तीमा पनि दुई तिहाई सदस्यहरूले निजलाई पदबाट फिर्ता बोलाउने निर्णय गरी व्यवस्थापिका समक्ष प्रस्ताव पेश गर्न सक्ने र व्यवस्थापिकामा तत्काल कायम रहेका सदस्यहरू मध्ये कम्तीमा पनि दुईतिहाई सदस्यहरू उपस्थित भई उपस्थित सदस्यको दुईतिहाई बहुमतबाट सो प्रस्ताव पारित भएमा राष्ट्रपति पदमुक्त भएको मानिनेछ ।

ग) व्यवस्थापिकाका कूल सदस्यहरू मध्ये एक चौथाई सदस्यहरूले राष्ट्रपतिलाई पदमुक्त गर्न आवश्यक छ भनी राखेको प्रस्ताव सदनको सदस्य संख्याको दुईतिहाई बहुमतबाट पारित भएमा राष्ट्रपति पदमुक्त हुनेछ ।

**महाभियोगका सम्बन्धमा यसप्रकारको व्यवस्था गर्ने :** खराब आचरण तथा राष्ट्रपतिले संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा व्यवस्थापिकाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरू मध्ये एक चौथाई सदस्यहरूले राखेको महाभियोगको प्रस्ताव सदनको दुई तिहाई वहुमतबाट पारित भएमा राष्ट्रपति पदमुक्त हुनेछ ।

**राष्ट्रपति र उपराष्ट्रपतिको शपथ एवं पारिश्रमिक सम्बन्धमा :** राष्ट्रपतिले कार्यभार सम्हाल्नु अघि अनुसूचीमा तोकिएको ढाँचामा व्यवस्थापिकाको अध्यक्ष समक्ष पद तथा गोपनियताको

शपथ लिनु पर्ने व्यवस्था हुन उपयुक्त हुन्छ भने उपराष्ट्रपतिले राष्ट्रपति समक्ष पद तथा गोपनियताको शपथ लिनु पर्ने व्यवस्था गरिनेछ । यसैगरी राष्ट्रपति र उप राष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधाका सम्बन्धमा व्यवस्थापिकाले बनाएको ऐनद्वारा निर्धारण गरिने व्यवस्था राख्न र त्यस्तो कानून नबनेसम्मका लागि नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

**राष्ट्रपतिको काम कर्तव्य र अधिकार :**

१. राज्यका तर्फबाट प्रयोग गर्ने सम्पूर्ण कार्यकारी अधिकार राष्ट्रपतिमा निहित हुनेछ जसको प्रयोग मन्त्रिपरिषको सहयोगमा राष्ट्रपतिले गर्नेछ ।

२. राष्ट्रपतिले देहायका कार्यहरू राष्ट्राध्यक्षको हैसियतमा गर्नेछ :

(क) विधेयकमा स्वीकृति प्रदान गर्ने ।

(ख) विभिन्न न्यायिक, अर्धन्यायिक तथा प्रशासनिक निकाय वा पदाधिकारीहरूको निर्णयबमोजिम भएका दण्ड जरिवाना माफी, मुल्तबी, मिनाहा गर्ने,

(ग) राष्ट्रको तर्फबाट प्रदान गरिने उपाधि, सम्मान, मानपदवी तथा पुरस्कारहरू प्रदान गर्ने,

(घ) विदेशी राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने ।

३. राष्ट्रपतिले देहायका कार्यहरू गर्दा मन्त्रिपरिषदबाट निर्णय गराउनु पर्नेछ :

(क) देशको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) मन्त्रीहरूको कार्यविभाजन गर्ने, कार्यसम्पादन नियमावली र निर्देशिका बनाउने,

(ग) दैनिक शासन प्रशासनसँग सम्बन्धित शान्ति, सुरक्षा र व्यवस्था कायम गर्ने,

(घ) दैनिक प्रशासन सञ्चालन गर्ने पदाधिकारीहरूको नियुक्ति र मनोनयन गर्ने,

(ङ) सेना परिचालन, युद्ध र शान्तिको घोषणा गर्ने, संकटकालि घोषणा गर्ने,

(च) व्यवस्थापिका समक्ष नीति, योजना, कार्यक्रम र बजेट प्रस्तुत गर्ने,

(छ) अध्यादेश जारी गर्ने,

(च) सरकार सञ्चालनमा आइपर्ने समस्याहरू व्यवस्थापन गर्ने ।

४. राष्ट्रपतिले देहायका कार्यहरू गर्दा व्यवस्थापिकाबाट अनुमोदन गराउनु पर्नेछ :

क) राज्यका हरेक निकायको कार्यकारी अधिकार प्रयोग गर्ने पदाधिकारी तथा सदस्यहरूको नियुक्ति,

ख) राजदूत, विशेष प्रतिनिधि, प्रधान न्यायाधिश तथा न्यायाधिशहरू र गभर्नरको नियुक्ति गर्ने,

(ग) बैदेशिक सम्बन्ध विस्तार गर्ने तथा राष्ट्रका तर्फबाट गरिने सन्धि सम्झौताहरू गर्ने,

(घ) वार्षिक नीति, योजना, कार्यक्रम र बजेट पास गर्ने,

(ङ) आकस्मिक कार्यक्रम र वजेट माग गर्ने ।

**उपराष्ट्रपति सम्बन्धी व्यवस्था** : नेपालमा एकजना उपराष्ट्रपति हुने र राष्ट्रपतिको अनुपस्थितिमा वा राष्ट्रपति ३ वर्ष ६ महिनाको पदावधि समाप्त गरी पदमुक्त भएमा बाँकी कार्यकालको लागि राष्ट्रपतिबाट गरिने कार्यहरू उपराष्ट्रपतिबाट सम्पादन गरिने व्यवस्था हुनु उपयुक्त हुन्छ । साथै उपराष्ट्रपति मन्त्रिपरिषदमा एक वरिष्ठ मन्त्रीको रूपमा रही राष्ट्रपतिको अनुपस्थितिमा मन्त्रिपरिषदको बैठकको अध्यक्षता समेत गर्ने व्यवस्था संविधानमा रहनु उपयुक्त हुन्छ । उपराष्ट्रपति पदमुक्त हुने सम्बन्धमा अन्य सबै व्यवस्थाहरू राष्ट्रपति सरहकै राखी उ जनताको प्रत्यक्ष मतबाट निर्वाचित नहुने हुँदा मतदाताहरूले भने प्रत्याह्वान गर्न नपाइने व्यवस्था गरिनेछ ।

**उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा** : राष्ट्रपति पदको उम्मेदवारले आफ्नो मनोनयन पत्रसाथ आफ्नो उपराष्ट्रपतिको समेत नाम प्रस्तावित गर्नुपर्नेछ र उपराष्ट्रपतिका लागि मतदाताले छुट्टै मतदान गर्नु आवश्यक हुँदैन । राष्ट्रपति निर्वाचनमा विजयी हुनासाथ उसले प्रस्ताव गरेको उपराष्ट्रपति समेत स्वतः निर्वाचित भएको मानिनेछ । यसरी नाम प्रस्ताव गर्दा राष्ट्रपति जुन लिंगको व्यक्ति हुन्छ आफूभन्दा अलग जाति/राष्ट्रियता, क्षेत्र र लिंगको व्यक्तिको नाम प्रस्तावित गर्नुपर्नेछ । यस्तो व्यवस्था लैंगिक एवं अन्य समग्र दृष्टिले उपयुक्त हुने देखिन्छ ।

**मन्त्रिपरिषद सम्बन्धी व्यवस्था** : मन्त्रिपरिषदको अध्यक्षता राष्ट्रपतिले गर्नेछ । राष्ट्रपतिले तत्काल कायम रहेको व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने दलहरूले पाएको सिट संख्याको अनुपातमा समावेशी मन्त्रिपरिषदको गठन गर्नेछ । तर संघीय व्यवस्थापिकाको कूल सदस्य संख्याको ५ प्रतिशत भन्दा कम सदस्य भएको राजनैतिक दलको तर्फबाट मन्त्री नियुक्ति गरिने छैन । मन्त्रिपरिषदमा व्यवस्थापिकीय अंगको कूल सदस्य संख्याको दश प्रतिशत भन्दा बढी सदस्य रहने छैनन् । राष्ट्रपतिले मन्त्रीहरूको नियुक्ति गर्दा सम्बन्धित संसदीय दलको नेतासँग परामर्श गर्नेछ । व्यवस्थापिकाको सदस्य नभएको व्यक्तिलाई मन्त्री बनाइने छैन । मन्त्रीहरू आफ्नो विभागीय कार्यका लागि व्यक्तिगत रूपमा राष्ट्रपतिप्रति र सामूहिक रूपमा राष्ट्रपति र व्यवस्थापिकाप्रति जवाफदेही हुनेछन् । मन्त्रिपरिषदमा प्रस्तुत गरिएका विषयहरू सकेसम्म सहमतिबाट र सहमति कायम हुन नसकेमा वहुमतबाट निर्णय गरिनेछ ।

**मन्त्रीहरु पदमुक्त हुने अवस्था** : मन्त्रीहरू देहायको अवस्थामा पदमुक्त हुनेछन् :

(क) निजको मृत्यु भएमा, वा

(ख) राष्ट्रपति समक्ष लिखित राजिनामा दिएमा, वा

(ग) निज संघीय व्यवस्थापिकाको सदस्य नरहेमा, वा

(घ) सम्बन्धित दलले फिर्ता बोलाएमा, वा

(घ) राष्ट्रपतिले निजलाई पदमुक्त गरियोस् भनी राखेको प्रस्ताव व्यवस्थापिकाको वहुमतबाट पारित भएमा, वा

(ङ) व्यवस्थापिकाको कूल सदस्य संख्याको एक चौथाई सदस्यहरूले निज विरूद्ध राखेको अविश्वासको प्रस्ताव कूल सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा, वा

(च) जुन दलको सिफारिसमा मन्त्री भएको हो राष्ट्रपतिले सो दलको सम्मतिमा निजलाई पदमुक्त गरेमा ।

मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण गरिने र ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था गरिने छ । मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूले राष्ट्रपति समक्ष पद तथा गोपनियताको शपथ लिएपछि मात्र कार्यभार ग्रहण गर्नेछन् । नेपाल सरकारबाट स्वीकृत नियमावलीबमोजिम नेपाल सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।

**समितिको बैठकमा १६ मत प्राप्त शासकीय स्वरुप :**

हाम्रो जस्तो नवस्थापित लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकका लागि विगतमा प्रयोग गरिएको संसदीय शासन प्रणाली नै उपयुक्त शासन प्रणाली हुने देखिन्छ । तर साविकमा अपनाइएको संसदीय व्यवस्थालाई यथारूपमा अनुकरण गरिने नभई विगतमा भएका कमी कमजोरीहरूलाई सुधार गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ र सोहीबमोजिम यस शासन प्रणालीमा आवश्यकता अनुसार केही सुधार समेत गरिएको छ । यस पद्धति अपनाउँदा मुलुकको संघीय शासकीय स्वरूपको अवस्था देहायबमोजिम हुने अवधारणा तय गरिएको छ ।

**राष्ट्रपति सम्बन्धी व्यवस्था :** नेपालको राष्ट्रप्रमुखको रूपमा संवैधानिक राष्ट्रपति रहनेछ र उ नेपाली सेनाको परमाधिपति हुनेछ । राष्ट्रपति नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीक हुनेछ । राष्ट्रपतिले नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि यो संविधानको संरक्षण र पालना गर्नेछ ।

संघीय व्यवस्थापिका र प्रादेशिक व्यवस्थापिकाका सदस्यहरू रहेको निर्वाचक मण्डलले राष्ट्रपतिको निर्वाचन गर्नेछ । यसका लागि संघीय व्यवस्थापिकाका दुवै सदनका र प्रादेशिक व्यवस्थापिकामा तत्काल कायम रहेका सदस्यहरूको पूर्ण वहुमत प्राप्त गरेको व्यक्ति राष्ट्रपति पदमा निर्वाचित भएको मानिनेछ । यदि कुनै उम्मेदवारले पूर्ण वहुमत प्राप्त नगरेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू वीच दोश्रो चरणको मतदान हुनेछ र दोश्रो चरणको मतदानमा खसेको कूल सदर मतको ५० प्रतिशत मत भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिको रूपमा निर्वाचित भएको मानिनेछ । यदि दोश्रो चरणको मतदानमा दुवै उम्मेदवारहरूले बराबर मत प्राप्त गरेमा गोलाप्रथाद्वारा विजयी उम्मेदवारको घोषणा गरिनेछ ।

राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिको रूपमा कार्य सम्पादन गर्नका लागि एकजना उपराष्ट्रपतिको व्यवस्था गरिनेछ र निजको निर्वाचन समेत राष्ट्रपतिको जस्तै समान आधारमा सम्पन्न हुनेछ । राष्ट्रपति र उपराष्ट्रपति दुवै पदमा एकैपटक समान लिंगको व्यक्ति हुनेगरी निर्वाचन गरिनेछैन । राष्ट्रपति र उपराष्ट्रपतिको पदावधि ५ वर्षको हुनेछ । कुनै पनि व्यक्ति दुई भन्दा बढी कार्यकालका लागि राष्ट्रपति पदको निर्वाचनमा उम्मेदवार हुन योग्य मानिने छैन । संघीय व्यवस्थापिकाको सदस्य हुन योग्य ३५ वर्ष उमेर पूरा भएको नेपाली नागरिक राष्ट्रपति र उपराष्ट्रपति पदको उम्मेदवारका लागि योग्य मानिनेछ । राष्ट्रपति वा उपराष्ट्रपतिको पदमा निर्वाचित व्यक्तिले अरू कुनै सार्वजनिक पद धारण गर्नसक्ने छैन ।

संविधान र कानून बमोजिम राष्ट्रपतिबाट गरिने सम्पूर्ण काम कारवाही मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट मात्र गरिने व्यवस्था राखिनेछ । यस्तो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत पेश हुने व्यवस्था गरिनेछ । तर संविधान र कानूनबमोजिम अन्य निकाय वा पदाधिकारीको सिफारिसमा गरिने काम कारवाही तथा संविधानमा नै राष्ट्रपतिले स्वविवेकमा गर्नसक्ने भनी उल्लेख गरिएका काम कारवाही गर्दा भने मन्त्रिपरिषदको सल्लाह र सम्मति लिन आवश्यक मानिनेछैन । सरकारलाई राष्ट्रिय महत्वका विषयमा आवश्यकता अनुसार प्रोत्साहन र सुझाव दिनसक्ने विषय, कुनै पनि दलको स्पष्ट वहुमत प्राप्त नभएको अवस्थामा प्रधानमन्त्री नियुक्त गर्ने कार्यहरू गर्नका लागि राष्ट्रपतिलाई मन्त्रिपरिषद वा अन्य कुनै निकाय वा पदाधिकारीको सल्लाह र सम्मतिको आवश्यकता पर्नेछैन तर उसले आवश्यक ठानेमा विभिन्न राजनैतिक दलका नेता वा उसले आवश्यक ठानेका व्यक्तिहरूसँग परामर्श गर्न भने सक्नेछ । राष्ट्रपतिको नामबाट हुने कार्यहरू देहायबमोजिमका हुनेछन् :

- संघीय संसदको अधिवेशन आह्वान र अन्त्य गर्ने,
- विदेशी राजदुत तथा प्रतिनिधिहरूको ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने तथा नेपाली राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूको नियुक्ति गर्ने

- संघीय संसदले पारित गरेका विधेयकमा स्वीकृति प्रदान गर्ने,
- संविधान र कानूनबमोजिम नियुक्ति गर्नुपर्ने पदाधिकारीहरूको नियुक्ति गर्ने,
- मुलुकको तर्फबाट दिइने पुरस्कार, विभूषण, मानपदवी र अलंकारहरू प्रदान गर्ने,
- कुनैपनि न्यायिक, अर्ध न्यायिक निकाय र पदाधिकारीहरूले गरेको सजायलाई माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने ।

राष्ट्रपति र उपराष्ट्रपतिलाई खराव आचरण र कार्यक्षमताको अभाव जस्तो गम्भीर अभियोगमा कानूनमा व्यवस्था भएबमोजिम व्यवस्थापिकाको दुवै सदन र प्रादेशिक व्यवस्थापिकाका तत्काल कायम रहेका कूल सदस्यहरू मध्ये एक तिहाई सदस्यले राखेको महाभियोगको प्रस्ताव तत्काल कायम रहेका सदस्यहरूको दुईतिहाई वहुमतबाट पारित गरी पदमुक्त गर्न सकिनेछ । यस बाहेक राजिनामा दिएमा वा मृत्यु भएमा वा पदावधि समाप्त भएमा राष्ट्रपति वा उपराष्ट्रपतिको पद रिक्त भएको मानिने व्यवस्था गरिनेछ ।

यसैगरी राष्ट्रपति वा उपराष्ट्रपतिले तोकिएको ढाँचामा शपथ लिएपछि मात्र उसले पदभार ग्रहण गरेको मानिने व्यवस्था गरिनेछ । राष्ट्रपति वा उपराष्ट्रपतिको पदमा निर्वाचित व्यक्तिले निर्वाचित भएको एक महिनाभित्र शपथ नलिएमा स्वतः सो पद रिक्त हुने संवैधानिक व्यवस्था गरिनेछ । उसको पारिश्रमिक तथा सेवाका शर्तहरू ऐनद्वारा निर्धारित गरिने व्यवस्था गरिनेछ । राष्ट्रपति वा उपराष्ट्रपतिको लागि छुट्टै कार्यालय स्थापना गरिने प्रावधान राखिनेछ ।

**मन्त्रिपरिषद सम्बन्धी व्यवस्था** : नेपालको कार्यकारिणी अधिकार राष्ट्रपति र मन्त्रिपरिषदमा निहित रहनेछ । मुलुकको संघीय शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा रहनेछ । राष्ट्रपतिको नाममा संविधान एवं कानूनबमोजिम हुने बाहेकका नेपालको संघीय कार्यकारिणी कामहरू नेपाल सरकारका नाममा हुनेछन् । संविधानमा नै राष्ट्रपतिले स्वविवेकमा गर्ने भनी उल्लेख भएका एवं अन्य निकाय वा पदाधिकारीको सल्लाह वा सिफारिसमा गर्ने भनी उल्लेख भए बाहेक अन्य कार्यकारिणी कार्यहरू मन्त्रिपरिषदको सल्लाह र सम्मतिमा गर्नेछ । यस्तो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत पेश गरिने व्यवस्था संविधानमा रहनेछ ।

मन्त्रिपरिषदको अध्यक्षता र कार्य विभाजन प्रधानमन्त्रीले गर्नेछ । संघीय व्यवस्थापिकाको तल्लो सदनमा वहुमत प्राप्त दलको नेता वा कुनै एक मात्र दलले वहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुई भन्दा बढी दलहरूको विश्वास प्राप्त गर्न सक्ने सदस्य वा यसरी दुई वा दुईभन्दा बढी दलहरूको समर्थन पनि प्रधानमन्त्री बन्न सक्ने अवस्था नभएमा सदनको सबैभन्दा ठूलो दलको संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीको रूपमा नियुक्त गर्नसक्ने व्यवस्था संविधानमा रहनेछ । कुनैपनि दलको स्पष्ट वहुमत नभएको अवस्थामा नियुक्त प्रधानमन्त्रीले आफू नियुक्त भएको ३० दिन भित्र सदनको विश्वास रहेको प्रमाणित गर्नुपर्ने व्यवस्था गरिनेछ ।

प्रधानमन्त्रीको सिफारिसमा एकजना उपप्रधानमन्त्री र समानुपातिक एवं समावेशी सिद्धान्तबमोजिम बढीमा २५ जनासम्म मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीहरूको नियुक्ति राष्ट्रपतिले गर्नेछ । संघीय व्यवस्थापिको सदस्य नरहेको व्यक्तिलाई उप प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री पदका लागि योग्य मानिने छैन । तर प्रधानमन्त्रीले व्यवस्थापिकाको सदस्य नभएका व्यक्तिहरूलाई बढीमा ६ महिनाको अवधिका लागि मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री पदमा नियुक्त गर्नसक्नेछ । यसरी नियुक्त मन्त्रीहरूले ६ महिना भित्र व्यवस्थापिकाको सदस्यता प्राप्त गर्न नसकेमा उनीहरू स्वतः पदमुक्त हुने र निजहरू व्यवस्थापिकाको तल्लो सदनको सो कार्यकाल भरी पुनः मन्त्री पदमा नियुक्तिको लागि योग्य मानिनेछैनन् । साथै संघीय व्यवस्थापिकाको पछिल्लो पटक सम्पन्न निर्वाचनमा पराजित भएको

व्यक्तिलाई भने यसरी नियुक्त गर्न नपाईने व्यवस्था गरिनेछ । प्रधानमन्त्री र मन्त्रीहरू सामुहिक रूपमा संघीय व्यवस्थापिका प्रति उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्नो विभागीय कार्यको लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र संघीय व्यवस्थापिकाप्रति उत्तरदायी हुनेछन् ।

प्रधानमन्त्रीको सदनको विश्वास रहेसम्ममात्र आफ्नो पदमा वहाल रहने व्यवस्था हुनेछ । निजलाई व्यवस्थापिकाको तल्लो सदनको तत्काल कायम सदस्य संख्याको वहुमतबाट कुनै पनि वखत पदमुक्त गर्न सकिने प्रावधान रहनेछ । यस्तो खालको व्यवस्था संसदीय शासन प्रणालीको मेरूदण्डको रूपमा रहेको छ । तर विगतको हाम्रो संसदीय अभ्यासलाई मध्यनजर गर्दा वारम्वारको अविश्वासको प्रस्तावले मुलुकमा कुनै पनि सरकार दीगो रूपमा चल्न नसकी समग्रमा सरकारको स्वरूप अस्थीर रहेको हामी पाउँछौं । तसर्थ अस्थीर सरकारको सम्भावनालाई कम गर्नका विगतका भन्दा केही नयाँ प्रावधानहरू संविधानमा राख्नु उपयुक्त देखिएको छ । जसअनुरूप एउटा सरकार गठन भएको एक वर्ष व्यतित नभई सो सरकार विरूद्ध अविश्वासको प्रस्ताव राख्न नपाईने र एउटा अविश्वासको प्रस्ताव असफल भएमा एकवर्ष भन्दा पहिले अर्को अविश्वासको प्रस्ताव राख्न नपाइने व्यवस्था गरिनेछ । यसैगरी अविश्वासको प्रस्ताव राख्दाकै अवस्थामा अविश्वासको प्रस्ताव पारित भएमा कसको नेतृत्वमा सरकारको गठन हुने हो सो समेत उल्लेख गरी अर्थात आगामी प्रधानमन्त्रीको नाम समेत प्रस्तावित गर्नुपर्ने गरी रचनात्मक अविश्वासको प्रस्तावको व्यवस्था गरिनेछ ।

यस बाहेक मृत्यु भएमा, लिखित राजिनामा दिएमा, संघीय व्यवस्थापिकाको तल्लो सदनको सदस्य नरहेमा प्रधानमन्त्रीको पदरिक्त हुने व्यवस्था गरिनेछ । प्रधानमन्त्रीको मृत्यु भएको अवस्थामा उप प्रधानमन्त्री वा मन्त्रिपरिषदको वरिष्ठ सदस्यले अर्को प्रधानमन्त्रीको नियुक्ति नभए सम्मका लागि प्रधानमन्त्रीको रूपमा कार्य सम्पादन गर्नेछ । तर अन्य प्रक्रियाबाट पदरिक्त भएको अवस्थामा भने अर्को प्रधानमन्त्रीको नियुक्ति नभएसम्म सोही मन्त्रिपरिषदले कार्य गर्ने व्यवस्था संविधानमा गरिनेछ ।

यसैगरी मन्त्रीहरूलाई प्रधानमन्त्रीले पदमुक्त गर्न सक्नेछ । यस्तै मृत्यु भएमा, राजिनामा दिएमा वा प्रधानमन्त्री पदमुक्त भएमा मन्त्रीको पद रिक्त हुनेछ ।

प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण गरिने र ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था गरिने छ । शपथका हकमा प्रधानमन्त्रीले राष्ट्रपति समक्ष र उप प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूले प्रधानमन्त्री समक्ष पद तथा गोपनियताको शपथ लिएपछि मात्र कार्यभार ग्रहण गर्नेछन् । नेपाल सरकारबाट स्वीकृत नियमावली बमोजिम संघीय सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।

**समितिको बैठकमा ३ मत प्राप्त शासकीय स्वरुप :**

**राष्ट्रपति सम्बन्धी व्यवस्था** : नेपालको राष्ट्राध्यक्ष र सरकारप्रमुखको रूपमा एकजना राष्ट्रपति रहनेछ । राष्ट्रपति सर्वोच्च कार्यकारी प्रमुख हुनेछ र नेपाली सेनाको परमाधिपति हुनेछ । राष्ट्रपति नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीक हुनेछ तथा राष्ट्रपतिले नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि यो संविधानको संरक्षण र पालना गर्नेछ । राष्ट्रपतिको कार्यकाल ५ वर्षको हुने र एकजना व्यक्ति दुई कार्यकालभन्दा बढी राष्ट्रपति हुन नसक्ने व्यवस्था राखिनेछ । यसबाट कुनै एकजना व्यक्ति लगातार मुलुकको सर्वोच्च पदमा आसिन हुन सक्दैन ।

प्रत्येक आम निर्वाचन पश्चात वा राष्ट्रपतिको पदरिक्त भएको अवस्थामा निर्वाचन आयोगबाट निर्वाचन परिणाम घोषणा भएको वा पदरिक्त भएको ३० दिन भित्र संघीय व्यवस्थापिकाको तल्लो सदनका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले आफूहरू मध्येबाट राष्ट्रपतिको

निर्वाचन गर्नेछ । पहिलो पटकको मतदानमा कुनै उम्मेदवारले दुई तिहाई बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बीच दोश्रो चरणको मतदान हुनेछ ।

दोश्रो चरणको मतदानमा समेत कुनै उम्मेदवारले दुई तिहाई बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिको रूपमा निर्वाचित भएको मानिनेछ । तर यसरी दुई तिहाई वहुमत नपाई निर्वाचित भएको राष्ट्रपतिले व्यवस्थापिकाको तल्लो सदनमा निर्वाचित राजनैतिक दलहरूले पाएको सिट संख्याको अनुपातमा मन्त्रिपरिषदको गठन गरी ६ महिनाभित्र अर्को आम निर्वाचन हुने गरी निर्वाचनको तिथि घोषणा गर्नुपर्नेछ । यस्तो मन्त्रिपरिषदमा व्यवस्थापिकाको तल्लो सदनमा तीन प्रतिशत भन्दा कम सदस्यसंख्या भएको राजनैतिक दललाई समावेश गर्न राष्ट्रपति वाध्य हुनेछैन ।

३५ वर्ष उमेर पूरा गरेको व्यवस्थापिकाको तल्लो सदनको सदस्य राष्ट्रपति पदको निर्वाचनमा उम्मेदवार हुनको लागि योग्य मानिनेछ । राष्ट्रपति पदमा निर्वाचित भएको व्यक्तिको व्यवस्थापिकाको सदस्य पद स्वतः रिक्त भएको मानिनेछ । साथै राष्ट्रपति पदमा निर्वाचित भएको व्यक्तिले आफू संलग्न राजनैतिक दलको साधारण सदस्यताबाट समेत राजिनामा गर्नुपर्ने व्यवस्था हुनेछ ।

राष्ट्रपति देहायको अवस्थामा पदमुक्त हुने व्यवस्था संविधानमा गरिनेछ :

(क) मृत्यु भएमा,

(ख) संघीय व्यवस्थापिकाको तल्लो सदनको निर्वाचन समाप्त भई अर्को राष्ट्रपतिको निर्वाचन सम्पन्न भएमा

(ग) पदबाट राजिनामा दिएमा,

(घ) संघीय व्यवस्थापिकाको तल्लो सदनका सम्पूर्ण सदस्यहरू मध्ये एक चौथाई सदस्यहरूले राष्ट्रपति उपर सदनको विश्वास छैन भनी राखेको प्रस्ताव कूल सदस्य संख्याको वहुमतबाट पारित भएमा,

तर एउटा सरकार गठन भएको एक वर्ष व्यतित नभई सो सरकार विरूद्ध अविश्वासको प्रस्ताव राख्न नपाईने र एउटा अविश्वासको प्रस्ताव असफल भएमा एकवर्ष भन्दा पहिले अर्को अविश्वासको प्रस्ताव राख्न नपाइने व्यवस्था गरिनेछ ।

(ङ) खराव आचरण र संविधानको गम्भीर उल्लंघन गरेको भनी संघीय व्यवस्थापिकाका दुवै सदनका कूल सदस्यहरू मध्ये एक तिहाई सदस्यहरूले राखेको महाभियोगको प्रस्ताव दुवै सदनको कूल सदस्य संख्याको दुई तिहाई वहुमतबाट पारित भएमा ।

**मन्त्रिपरिषद सम्बन्धी व्यवस्था** : नेपालको कार्यकारिणी अधिकार राष्ट्रपतिमा निहित रहनेछ । मुलुकको संघीय शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन मन्त्रिपरिषदको सहयोगमा राष्ट्रपतिले गर्नेछ । नेपालको संघीय कार्यकारिणी कामहरू नेपाल सरकारका नाममा हुनेछन् ।

मन्त्रिपरिषदको अध्यक्षता र कार्यविभाजन राष्ट्रपतिले गर्नेछ । राष्ट्रपतिले एकजना उपराष्ट्रपतिको रूपमा कार्य गर्ने वरिष्ठ मन्त्री सहित समानुपातिक समावेशी सिद्धान्तबमोजिम बढीमा संघीय व्यवस्थापिकाको कूल सदस्य संख्याको पन्ध्र प्रतिशतमा नबढाई मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीहरूको नियुक्ति गर्न सक्नेछ । संघीय व्यवस्थापिकाको सदस्य नरहेको व्यक्तिलाई मन्त्री पदका लागि योग्य मानिने छैन । तर राष्ट्रपतिले व्यवस्थापिकाको सदस्य नभएका बढीमा दुईजनासम्म व्यक्तिहरूलाई बढीमा ६ महिनाको अवधिका लागि मन्त्रीपदमा नियुक्त गर्नसक्नेछ । यसरी नियुक्त मन्त्रीहरूले ६ महिना भित्र व्यवस्थापिकाको सदस्यता प्राप्त गर्न नसकेमा उनीहरू स्वतः पदमुक्त हुने र निजहरू व्यवस्थापिकाको तल्लो सदनको सो कार्यकाल भरी पुनः मन्त्री पदमा नियुक्तिको लागि योग्य मानिने छैनन् । राष्ट्रपति र मन्त्रीहरू

सामुहिक रूपमा संघीय व्यवस्थापिका प्रति उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्नो विभागीय कार्यको लागि व्यक्तिगत रूपमा राष्ट्रपति र संघीय व्यवस्थापिकाप्रति उत्तरदायी हुनेछन् ।

वरिष्ठ मन्त्री, अन्य मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूलाई राष्ट्रपतिले पदमुक्त गर्नसक्नेछ । यस्तै राजिनामा दिएमा, मृत्यु भएमा पनि मन्त्रीको पद रिक्त हुनेछ । यसबाहेक कुनै एक मन्त्रीका विरूद्धमा सदनको विश्वास नरहेको भनी अविश्वासको प्रस्ताव राख्न सकिने र यस्तो अविश्वासको प्रस्ताव पारित भएमा पनि यस्तो मन्त्री पदमुक्त हुने व्यवस्था गरिनेछ ।

राष्ट्रपति, उपराष्ट्रपति, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण गरिने र ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था गरिने छ । शपथका हकमा राष्ट्रपतिले प्रधानन्यायाधिश समक्ष र उपराष्ट्रपति, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूले राष्ट्रपति समक्ष पद तथा गोपनियताको शपथ लिएपछि मात्र कार्यभार ग्रहण गर्नेछन् । नेपाल सरकारबाट स्वीकृत नियमावली बमोजिम संघीय सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।

**प्रादेशिक तह**

यसैगरी प्रादेशिक तहमा रहने कार्यकारी अङ्गको बारेमा भएको व्यापक छलफल पश्चात समितिले संविधानको प्रारम्भिक मस्यौदा लेखनका लागि देहायबमोजिम आफ्नो अवधारणा तय गरेको छ ।

- यो संविधान र अन्य कानूनको अधीनमा रही प्रत्येक प्रदेशको कार्यकारिणी अधिकार सम्बन्धित प्रदेशको मन्त्रीपरिषदमा निहित रहनेछ ।
- यो संविधान र अन्य कानूनका अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रादेशिक मन्त्रीपरिषदमा रहनेछ ।
- प्रदेशको कार्यकारिणी कार्यहरू प्रादेशिक सरकारका नाममा हुनेछन् ।
- प्रादेशिक कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित प्रादेशिक सूचि र साझा सूचिमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।
- प्रत्येक प्रदेशमा केन्द्रीय सरकारको प्रतिनिधिको रूपमा “प्रदेश प्रमुख” रहने व्यवस्था हुनेछ ।
- राष्ट्रप्रमुखले सम्बन्धित प्रदेशको मुख्यमन्त्रीसँग परामर्श गरी सो प्रदेशको प्रदेश प्रमुखको नियुक्ति गर्नेछ । तर पहिलो पटकको हकमा भने संक्रमणकालीन व्यवस्था अन्तर्गत यस्तो परामर्श आवश्यक नपर्ने व्यवस्था उल्लेख गर्नु पर्दछ ।
- प्रदेशप्रमुखको पदावधि सामान्यतयाः ५ वर्षको हुनेछ । तर राष्ट्रप्रमुखले आवश्यक ठानेमा सो पदावधि समाप्त हुनुभन्दा अगावै निजलाई पदमुक्त गर्न सक्नेछ ।
- ३५ वर्ष उमेर पूरा भएको प्रादेशिक व्यवस्थापिकाको सदस्य हुन योग्य वंशजको नाताले नेपाली नागरिक प्रदेश प्रमुखको रूपमा नियुक्तिका लागि योग्य मानिने व्यवस्था रहनेछ ।
- प्रदेशप्रमुखको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :
  - (क) प्रादेशिक व्यवस्थापिकाको अधिवेशन आह्वान र अन्त्य गर्ने ।
  - (ख) प्रादेशिक व्यवस्थापिकाले पारित गरेका विधेयकमा स्वीकृति प्रदान गर्ने ।
  - (ग) संविधान तथा कानूनबमोजिम नियुक्ति गर्नुपर्ने सम्बन्धित प्रदेशका विभिन्न पदाधिकारीहरूको नियुक्ति गर्ने ।
  - (घ) प्रादेशिक तहको पुरस्कार, मानपदवी, अलंकार र पदकहरू प्रदान गर्ने ।
  - (ङ) प्रादेशिक एवं मातहतका अदालतहरूबाट प्रादेशिक कानून अन्तर्गत पाएका सजायलाई माफी, मुल्तवी र सजाय कम गर्ने ।

- यस संविधान र प्रचलित कानूनबमोजिम प्रदेशप्रमुखले आफ्नो अधिकारको प्रयोग गर्दा सामान्यतया: प्रादेशिक मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट गर्नेछ । यस्तो सल्लाह र सम्मति मुख्यमन्त्री मार्फत पेश हुनेछ ।

  तर संविधान र कानूनबमोजिम अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने कार्यहरू गर्दा प्रादेशिक मन्त्रिपरिषदको सल्लाह र सम्मति आवश्यक पर्नेछैन ।

- संकटकालीन अवस्था लागेको वा केन्द्रीय शासन लागू भएको अवस्थामा प्रादेशिक कार्यकारी निकाय कायम नरहेमा भने प्रदेश प्रमुखले केन्द्रीय सरकारको प्रतिनिधिको रूपमा कार्यकारी अधिकारको प्रयोग गर्न सक्ने व्यवस्था गरिनेछ ।

- प्रदेशप्रमुखको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरू कानूनमा उल्लेख भएबमोजिम हुनेछ र कानून नबनेसम्मको लागि नेपाल सरकारले तोकेबमोजिम हुनेछ भन्ने व्यवस्था गरिनेछ ।

- प्रादेशिक तहमा कार्यकारी प्रमुखको रूपमा मुख्यमन्त्री रहनेछ ।

- सम्बन्धित प्रदेशको प्रदेशप्रमुखले प्रादेशिक व्यवस्थापिकाबाट निर्वाचित देहायमा उल्लेख गरेबमोजिमको व्यक्तिलाई प्रदेशको मुख्यमन्त्रीको पदमा नियुक्ति गर्नेछ :

  (क) प्रादेशिक व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने दलहरूको सर्वसम्मतीबाट प्रस्तावित व्यवस्थापिकाको सदस्य

  (ख) खण्ड (क) बमोजिम सर्वसम्मती कायम हुन नसकेमा प्रादेशिक व्यवस्थापिकामा वहुमत प्राप्त दलको नेता

  (ग) प्रादेशिक व्यवस्थापिकामा कुनै एउटा दलको वहुमत प्राप्त नभएको अवस्थामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा निर्वाचित प्राप्त सदस्य

- व्यवस्थापिकाबाट कुनै पनि व्यक्ति मुख्यमन्त्रीको रूपमा निर्वाचित हुन नसकेमा प्रादेशिक व्यवस्थापिकामा रहेको सबैभन्दा ठूलो दलको नेतालाई प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्नेछ । तर यसरी नियुक्त मुख्यमन्त्रीले आफू नियुक्त भएको ३० दिनभित्र प्रादेशिक व्यवस्थापिकाको विश्वासको मत प्राप्त गर्नुपर्नेछ ।

- मुख्यमन्त्रीले प्रादेशिक व्यवस्थापिकाका सदस्यहरू मध्येबाट आवश्यकता अनुसार समानुपातिक एवं समावेशी सिद्धान्तबमोजिम उप मुख्यमन्त्री वा मन्त्रीहरूको नियुक्ति गर्नसक्नेछ ।

- प्रादेशिक मन्त्रिमण्डलमा मुख्यमन्त्री लगायत प्रादेशिक व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने कूल सदस्य संख्याको वीस प्रतिशतमा नबढाई सदस्य रहन सक्ने व्यवस्था गरिनेछ ।

- मन्त्रीहरू मुख्यमन्त्रीको सिफारिसमा प्रदेशप्रमुखबाट पदमुक्त हुनेछन् । यस्तै राजिनामा दिएमा वा मुख्यमन्त्री पदमुक्त भएमा वा निजको मृत्यु भएमा पदमुक्त भएको मानिने व्यवस्था राखिनेछ ।

- मुख्यमन्त्रीले सम्बन्धित प्रदेशप्रमुख समक्ष पद तथा गोपनियताको शपथ लिनेछ । यदि कुनै कारणवश सम्बन्धित प्रदेशप्रमुखको रिक्त रहेको अवस्थामा राष्ट्रपतिले यस प्रयोजनका लागि अन्य कुनै प्रदेशको प्रदेशप्रमुख समक्ष शपथ लिनसक्ने गरी तोक्नसक्ने व्यवस्था राखिनेछ । यस बाहेक उप मुख्यमन्त्री तथा अन्य मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीहरूले मुख्यमन्त्री समक्ष पद तथा गोपनियताको शपथ लिनेछन् ।

- मुख्यमन्त्री, उपमुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण गरिने र ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था गरिने छ । प्रादेशिक सरकारबाट स्वीकृत नियमावली बमोजिम प्रादेशिक सरकारको कार्य विभाजन र कार्यसम्पादन हुने व्यवस्था उल्लेख गर्ने ।

- स्थानीय सरकारको कार्यकारी अंगमा रहने सदस्यहरू केन्द्रीय र प्रादेशिक मन्त्रीमण्डलका सदस्य जस्तै अध्यक्षद्वारा मनोनित व्यक्तिहरू नै हुनु उपयुक्त देखिन्छ । कार्यकारी अंगका सबै सदस्यहरू प्रत्यक्ष रूपमा जनताबाट नै निर्वाचित भएर आउने व्यवस्था गर्ने हो भने यस्तो निर्वाचन पद्धतिबाट सदैव समानुपातिक एवं समावेशी चरित्रको कार्यकारी अंगको गठन नहुन पनि सक्दछ । साथै सवै सदस्य निर्वाचित भएर आउने व्यवस्था गर्दा कुनै एउटै दल वा जाति वा समुदायको मानिस निर्वाचित हुने सम्भावना रहने हुँदा विकास निर्माणको काममा ज्यादा प्रभावकारी भूमिका खेल्ने स्थानीय निकायलाई स्थानीय विविधताका आधारमा सबै विचार, जात जाति एवं समुदायको प्रतिनिधित्व गराउनु उपयुक्त हुने भएकोले स्थानीय तहको कार्यकारी अंगको सदस्यको मनोनयन निम्नबमोजिम गर्ने व्यवस्था राख्ने :
    - अध्यक्षले सम्बन्धित स्थानीय तहको व्यवस्थापिकीय अंगमा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूको सिटसंख्याको आधारमा सो अंगका सदस्यहरूमध्येबाट समावेशी र समानुपातिक सिद्धान्तबमोजिम सदस्यहरूको मनोनयन गरी कार्यविभाजन गर्नेछ र आवश्यकता अनुसार स्थानीय सरकारमा सहभागि दलहरूको सहमतिमा कार्यकारिणी अंगको हेरफेर एवं पुनर्गठन समेत गर्नसक्नेछ ।
- यस भागमा लेखिए बाहेक स्थानीय निकाय सम्बन्धी अन्य व्यवस्थाहरू जस्तो शपथ, पारिश्रमिक इत्यादि यस संविधानको अधीनमा रही ऐनद्वारा व्यवस्था गरिएबमोजिम हुनेछ भन्ने प्रावधान राख्नु उपयुक्त हुने ठहर समितिले गरेको छ ।

**विभिन्न तहका सरकार वीचको अन्तरसम्बन्ध**

संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारहरूका वीचमा तथा दुई वा दुई भन्दा बढी प्रादेशिक सरकार एवं दुई वा दुई भन्दा स्थानीय सरकारहरूका वीचमा कार्यकारिणी काम कारवाहीका क्रममा कुनै विवाद उत्पन्न भएमा यस्तो विवाद समाधानका लागि राष्ट्रपति/प्रधानमन्त्रीले निजको अध्यक्षतामा संघीय मन्त्रिपरिषदका तोकिएका मन्त्रीहरू, सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा सम्बन्धित स्थानीय सरकारको अध्यक्ष र महान्यायाधिवक्ता समेत रहेको एक विवाद समाधान संयन्त्र निर्माण गर्नसक्ने व्यवस्था संविधानमा उल्लेख गर्नु उपयुक्त देखिन्छ । सो संयन्त्रले विवाद समाधान गर्न नसकेमा सो विषयलाई अन्तिम रूपमा निरूपण गर्नका लागि राष्ट्रपति/प्रधानमन्त्रीले संविधान वा कानूनबमोजिम अधिकार प्राप्त अदालत/निकायमा पठाउन लगाउने व्यवस्था संविधानमा गरिनेछ । यसबाट विवाद समाधानको अन्तिम उपाय संविधान तथा कानूनबमोजिम अदालतबाट खोजिने संवैधानिक व्यवस्था रहनेछ । यसैगरी कार्यकारिणी अधिकारको प्रयोगका सम्बन्धमा विभिन्न तहका सरकारहरू वीच समन्वय कायम गर्नका लागि कानूनमा व्यवस्था भएबमोजिम आवश्यक निकायहरूको स्थापना गर्न सकिने संवैधानिक व्यवस्था गरिनेछ ।

## भाग–३
## निर्वाचन प्रणाली

### ३.१ परिचय

निर्वाचनको माध्यमद्वारा नागरिकले आफ्नो सार्वभौम अधिकार अभिव्यक्त गर्ने भएकोले नागरिक नै संप्रभु र राज्यको निर्णायक शक्तिको रूपमा मानिन्छ । आफ्नो इच्छा र चाहनाबमोजिमको राज्य सत्ता र सरकारका विभिन्न स्वरूप तथा चरित्रको निर्धारण गर्ने महत्वपूर्ण माध्यम पनि निर्वाचन नै हो । त्यसैले निर्वाचनलाई लोकतान्त्रिक शासन पद्धतिको वैधता पुष्टि गर्ने माध्यमको रूपमा लिइन्छ । आधुनिक राज्य व्यवस्थाको अनिवार्य शर्तको रूपमा निर्वाचन रहको छ भने लोकतान्त्रिक व्यवस्थाको आधार प्रतिनिधित्वको छनोट भएकाले निर्वाचनको महत्व अझै स्पष्ट हनु पुगेकोछ । निर्वाचन लोकतान्त्रिक सरकारको स्वरूप भएको हुँदा आधुनिक राज्य व्यवस्थाको अनिवार्य शर्तको रूपमा निर्वाचनलाई लिईन्छ । त्यसैले हालका जुनसुकै क्षेत्रमा पनि निर्वाचनलाई स्वीकार गरिन्छ चाहे त्यो सरकार होस वा कुनै संघ संस्था होस त्यसैगरी कुनै राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रका निकायलाई बढी जिम्मेवार एवं उत्तरदायी बनाउने माध्यम पनि निर्वाचन नै हो ।

निर्वाचनको माध्यमबाट नागरिकले स्वतन्त्र रूपले आफ्नो प्रतिनिधिहरू चुनेर आफू उपर शासन सञ्चालन गर्ने वैधानिकता सहित आफूलाई मार्ग निर्देशन गर्ने अधिकार समेत प्रदान गर्ने हुँदा निर्वाचनलाई राज्य सञ्चालन सम्बन्धी आधुनिक अवधारणाको उपज पनि मानिन्छ । विधिको शासनलाई कार्यान्वयन गर्ने माध्यमको रूपमा पनि निर्वाचनलाई स्वीकार गरिन्छ । राजनीतिक अधिकारलाई अर्थात निर्वाचनमा सहभागि हुने अधिकारलाई संयुक्त राष्ट्रसंघको बडापत्रले मानवमा अन्तरनिहित मर्यादा, सम्मान तथा नैसर्गिक अधिकारको रूपमा लिएको छ भने मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिलाई नागरिक तथा राजनैतिक अधिकारको उपभोग गर्ने र ती अधिकारको सम्मान एवं प्रबर्धन गर्ने कुराको सुनिश्चितता समेत गरेको छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (ICCPR) ले प्रत्येक नागरिकलाई बिना भेदभाव देहायको अधिकार सुनिश्चित गरेको छ ।

- प्रत्यक्ष रूपमा वा स्वतन्त्र रूपमा छानिएका प्रतिनिधिहरू मार्फत सार्वजनिक जीवन सञ्चालनमा सहभागि हुने,
- समान मताधिकार र गोप्य मतदानबाट मतदाताको इच्छाको प्रत्याभूति गर्न पाउने,
- स्वच्छ आवधिक निर्वाचनमा मतदान गर्ने र निर्वाचित हुने,
- सार्वजनिक सेवामा पहुँच प्राप्त गर्ने ।

यस सम्बन्धमा मानव अधिकार सम्बन्धी अन्य महासन्धीहरूले पनि मतदाताको अधिकार/ राजनीतिक अधिकारलाई सुनिश्चित गरेका छन् ।

यस प्रकार निर्वाचनलाई व्यक्तिको नैसर्गिक अधिकार (Fundamental Rights) को रूपमा लिइने हुँदा हरेक देशका संविधानमा यस सम्बन्धी अधिकारको पूर्ण प्रत्याभूति गरिएको पाइन्छ ।

विद्वानहरूले निर्वाचनलाई लोकतान्त्रिक राजनीतिक निर्णयमा पुग्ने नागरिकको अभिमतलाई आधार बनाउनको लागि प्रयोग गरिने साधन भनेका छन् । हरेक लोकतान्त्रीक राष्ट्रहरूमा निर्वाचनको माध्यमबाट जनइच्छा र आकांक्षाको वैधानिक आधारमा सरकारको चयन गर्ने गरिन्छ । मुख्यगरी यस माध्यमबाट विधायिकामा (संसद) जनताको प्रतिनिधित्व हुन्छ, शासन गर्न अधिकार सम्पन्न सरकारको चयन हुन्छ । नीति नियम तर्जुमा गर्ने निकायको निर्धारण हुन्छ । निर्वाचनको माध्यमबाट सरकारलाई बढी जिम्मेवार र जनताप्रति जवाफदेही बनाउने, दलीय पद्धतिलाई बलियो बनाउने कार्य समेत सम्पन्न हुन्छ ।

स्वतन्त्र, स्वच्छ र निश्पक्ष तवरबाट सम्पन्न हुने निर्वाचनले लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण र निरन्तरताका लागि महत्वपूर्ण योगदान पुऱ्याएको हुन्छ किनकि प्रतिनिधिमुलक शासन व्यवस्थाका लागि निर्वाचन अनिवार्य मानिन्छ । सार्वजनिक विचारहरू व्यक्त गर्न सार्वजनिक विषयमा छलफल गर्ने माध्यम पनि निर्वाचन नै मानिन्छ ।

शासन व्यवस्थालाई वैधानिकता प्रदान गर्ने माध्यम मात्रै नभै नागरिक शिक्षा र चेतना स्तर उकास्ने माध्यम पनि हो निर्वाचन । यसले सामाजिक एवं राजनीतिक रूपान्तरणमा सघाउ पुऱ्याउँछ । समाजभित्रका द्वन्द्व समाधान यन्त्रको रूपमा पनि यसलाई लिइन्छ किनकि दलहरूले जनतालाई आफ्नो पक्षमा पार्ने र सामाजिक, राजनीतिक प्रतिबद्धता व्यक्त गर्ने भएकोले मतदाता आकर्षित हुने हुँदा मतदानको मियो भनेको नै मतदाता हुन् ।

हालसम्म विश्वका १९९ मुलुकहरूले निर्वाचन मार्फत विधायिका/संसदको गठन गर्ने गरेको उदाहरण पाइन्छ । हाम्रो जस्ता द्वन्द्वबाट गुज्रिएर संविधान बनाउन लागेका मुलुकहरूले संविधानमा निर्वाचनलाई स्थान दिँदा पारदर्शिता र समान बालिग मताधिकारमा विशेष जोड दिएको पाइन्छ जसले गर्दा बढी भन्दा बढी जनता निर्वाचनमा सहभागि हुन रूचाउँछन् ।

निर्वाचनले समेट्ने विषयहरू देहायबमोजिम छन् :

- राष्ट्रको सर्वोच्च पदको निर्वाचन (राष्ट्रपति, प्रधानमन्त्री)
- विधायिका वा संसदको निर्वाचन
- संघीयताः-
  - प्रदेश - प्रादेशिक विधायिका, प्रदेश प्रमुख आदि,
  - स्थानीय - कार्यकारीणीका प्रतिनिधिहरू, स्थानीय विधायिका प्रतिनिधिहरू ।

## ३.२ निर्वाचन प्रणाली

निर्वाचन प्रणाली लोकतान्त्रिक व्यवस्थाको महत्वपूर्ण मापदण्ड र राजनीतिको लोकतान्त्रिक आधार पनि मानिन्छ । निर्वाचन प्रणाली एउटा यस्तो संयन्त्र पनि हो जसले नागरिकका प्राथमिकता तथा इच्छा चाहनालाई निर्वाचनमा खसेको मतका आधारमा दलहरूले प्राप्त गर्ने स्थानमा रूपान्तरित गरिदिन्छ । अर्थात मतदानमा दल वा व्यक्तिलाई विजय गराई आफू उपर शासन गर्ने बैधानिकता प्रदान गर्दछ ।

निर्वाचन प्रणालीले निर्वाचन सम्बन्धमा अवलम्वन गरिने संवैधानिक व्यवस्था र मत पद्दती (Voting Method) लाई समेटेको हुन्छ । निर्वाचन प्रणालीको मुख्य उद्देश्य निर्वाचनको माध्यमबाट व्यक्ति वा दललाई छान्नु हो । कुनै एक प्रकारको प्रणाली अवलम्वन गर्दा कुनै व्यक्ति छान्न सकिने अवस्था रहन्थ्यो भने अर्को प्रकारको प्रणाली अपनाउँदा नछानिन पनि सक्छ ।

निर्वाचन प्रणालीले मुख्यगरी दलीय पद्दतिको विकास गठबन्धन जस्ता विषयलाई समेट्छ । यसले प्रतिनिधि निर्वाचित हुने प्रक्रिया, मतगणनाको प्रक्रिया, निर्वाचन क्षेत्र र संख्या, मतदाताको उमेर, आदि विषयलाई उजागर गरेको हुन्छ । मुलुकको भविष्य निर्वाचन प्रणालीको चयनबाट निर्धारण हुने भएकोले लोकतान्त्रिक शासन व्यवस्थामा यसलाई महत्वपूर्ण राजनैतिक एवं संस्थागत निर्णयको रूपमा लिईन्छ किनकि यसले राजनीतिक भविष्य समेत निर्धारण गर्दछ । यसले राजनीतिलाई कस्तो स्वरूपमा सञ्चालन गर्न उपयुक्त हुन्छ भन्ने विषय निर्धारण गर्न राजनीतिक दललाई मार्गदर्शन गर्दछ । त्यसैले यो प्रतिनिधि चयन गर्ने प्राविधिक विषय मात्र नभई समाज व्यवस्थापन र रूपान्तरण गर्ने महत्वपूर्ण अस्त्र पनि हो । निर्वाचन प्रणालीले राजनीतिक दिशालाई मुर्तरूप दिने हुँदा यसलाई दुरदर्शीताको रूपमा लिइन्छ किनकि राजनीतिलाई एउटा सही बाटोमा ल्याउने सशक्त माध्यम पनि हो ।

द्वन्द्वोत्तर मुलुकमा निम्न विषयलाई अवलम्वन गरी निर्वाचन प्रणाली अपनाउदा शान्ति प्रक्रियामा सहयोग पुगेकाले त्यस्ता मुलुकले यसलाई द्वन्द्व व्यवस्थापनको एक संयन्त्रको रूपमा प्रयोगमा ल्याएको समेत पाइन्छ ।

- निर्वाचन प्रणालीको किसीम,
- निर्वाचन क्षेत्र निर्धारण,
- सीमान्तकृत वर्गको लागि विशेष निर्वाचन प्रणाली,
- व्यवस्थापिका र कार्यापालिकाको निर्वाचन प्रक्रिया,
- बालिग मताधिकार,
- निर्वाचन व्यवस्थापन सम्बन्धी कानून र संयन्त्र,
- नागरिक समाजको भूमिका,
- राजनीतिक दलको भूमिका ।

निर्वाचन प्रणाली मतदाता र मुलुकको माग र आवश्यकतालाई परिपूर्ति गर्ने किसिमको भएमा माथि उल्लेख गरिए झैं शान्ति स्थापना गर्नमा महत्वपूर्ण रूपमा सघाउ पुग्दछ । निर्वाचन प्रणालीले मतदाता र दलहरूको व्यवहारमा प्रभाव पार्ने गर्छ । किनकि मतदाता र प्रतिनिधिबीच सम्बन्ध नजिकाउँछ र सुमधुर सम्बन्ध कायम रहने र अपनत्वको भावना विश्वास गर्न सहयोगात्मक भूमिका निर्वाह गर्दछ । यसले मतलाई सीटमा बदल्ने हुँदा एक व्यक्ति एक भोटको मूल्य र मान्यतालाई उजागर गर्छ, सीमान्तीकृत वर्गको समावेशीतालाई सुनिश्चित गर्छ, निर्वाचन क्षेत्रप्रति प्रतिनिधिको उत्तरदायित्व बढाउँछ त्यसैले सरकारलाई वैधानिकता दिन सफल हुन्छ । द्वन्द्वोत्तोर मुलुकले अपनाउने मात्र नभै निर्वाचन प्रणालीमा देहायका विषयहरू महत्वपूर्ण रहने भएकोले निर्वाचन प्रणाली सरकारको स्थायीत्व र सुनिश्चिता प्राप्त गर्ने कारक तत्वको रूपमा रहेको हुन्छ ।

- सभामा प्रतिनिधित्व हुने,
- प्रतिनिधिको उत्तरदायित्व बढाउने,
- स्थीर सरकार बनाउन सहयोग पुऱ्याउने,
- प्रत्येक मतदातालाई उत्तिकै महत्व दिने,
- मतदाताको व्यवहारलाई आत्मसाथ गर्ने,
- मतदातालाई सजिलो हुने प्रणाली अपनाउने,
- निर्वाचन प्रशासनलाई चुस्त र दुरूस्त बनाउने,
- सर्वस्वीकार्य बनाउने,
- विभिन्न दल र समुदायबीच सहकार्य बढाउने,
- छलफल गरी सहमतिमा पुऱ्याउने,
- परिवर्तनलाई आत्मसाथ गर्ने,
- स्थायित्वलाई बढाउने आदि ।

अर्वाचीन समयमा द्वन्द्वोत्तर मात्र नभै अन्य लोकतान्त्रिक मुलुकले समेत कतिपय सिद्धान्त एवं संगठनसमेतको पूनर्संरचना गर्ने क्रममा निर्वाचन प्रणालीलाई विशेष महत्व दिन थालेका पाइन्छ । किनकी यसको निर्धारणबाट नै समग्र शासन व्यवस्थाको प्रक्रियामा नै तात्वीक असर पर्न जान्छ । पहिलेका निर्वाचन प्रणालीका कमी कमजोरी पत्ता लगाई तीनलाई मार्ग दर्शनको रूपमा लिएर नयाँ प्रणाली र सिद्धान्त तय गर्न सजिलो हुने गर्दछ । विशेष गरी द्वन्द्वपछिको मुलुकमा शान्ति र सुव्यवस्था कायम गर्न निर्वाचन प्रणालीको महत्वपुर्ण भुमिका हुने हुँदा निर्वाचन प्रणालीलाई प्रभाव पार्ने विषयलाई समेत उजागर गर्नु आवश्यक हुन्छ । विगतका प्रणालीको लेखा जोखा, राम्रा नराम्रा पक्षको अध्ययन, सहिष्णुता र मेलमिलाप कायम राख्न समावेसीकरण, सीमान्तकृत, अल्पसंख्यक र पछि पारिएका वर्गको सहभागिता सुनिश्चित गर्न निर्वाचन प्रक्रियालाई आधार मानी निर्वाचन प्रणाली तय गरिएको पाइन्छ ।

## ३.३ निर्वाचन प्रणालीका प्रकार

विश्वका विभिन्न मुलुकमा विभिन्न निर्वाचन प्रणाली अपनाएको पाइन्छ । विशेष गरी निर्वाचन प्रणालीलाई निम्न वर्गमा विभाजन गरिएको देखिन्छ :-

- बढीमत/बहुमतीय निर्वाचन प्रणाली ।
- समानुपातिक निर्वाचन प्रणाली ।
- मिश्रित निर्वाचन प्रणाली ।
- अन्य निर्वाचन प्रणाली ।

**निर्वाचन प्रणालीका प्रकारलाई देहायको तालिकाले अझ प्रष्ट पार्छ ।**

**निर्वाचन प्रणाली**

| बढीमत/बहुमत प्रणाली | मिश्रित प्रणाली | समानुपातिक प्रतिनिधित्व प्रणाली | अन्य प्रणाली |
|---|---|---|---|
| • पहिलो हुने निर्वाचन प्रणाली<br>• एकमुष्ट मत प्रणाली<br>• वैकल्पिक मत प्रणाली<br>• दलगत एकमुष्ट प्रणाली<br>• दुई चरण प्रणाली | • समानान्तर प्रणाली<br>• मिश्रित सदस्य समानुपातिक प्रणाली | • सूची समानुपातिक प्रणाली<br>• एकल संक्रमणीय मत प्रणाली | • सिमित मत प्रणाली<br>• प्राथमिकता गणना मत प्रणाली<br>• एकल असंक्रमणीय मत प्रणाली |

### ३.३.१. बढी मत/बहुमत प्रणाली (Majority System)

यस प्रणालीमा सदर खसेको मतमध्ये बढी मत ल्याउने उम्मेदवार, दल/निर्वाचन एकाईहरू बिजयी हुन्छन् । यसमा पूर्ण बहुमत ल्याउनै पर्छ भन्ने छैन । सापेक्ष बहुमत प्रणालीको नामबाट समेत चिनिने यो प्रणाली विश्वका ९१ राष्ट्रहरूमा प्रचलनमा रहेको छ । साधारणतया यसमा एक सदस्यीय निर्वाचन क्षेत्रको प्रयोग हुने गर्दछ ।

#### ३.३.१.१ पहिलो हुने निर्वाचित हुने प्रणाली (First Past the Post System)

- यस प्रणालीमा एकल सदस्यीय निर्वाचन क्षेत्रको प्रयोग हुन्छ ।
- उम्मेदवार केन्द्रित मतदान प्रणाली भएकोले मतदाताले दल वा एकाईलाई भन्दा उम्मेदवारलाई जोड दिई मतदान गर्दछन् ।
- बहुमत ल्याउने विजयी हुन्छ ।
- दुई चरण प्रणाली ४७% राष्ट्रमा यो विधि प्रचलित छ ।

#### ३.३.१.२ एकमुष्ट मत प्रणाली (Block Vote System)

- बहुसदस्यीय निर्वाचनक्षेत्रमा बढी मतप्रणालीको प्रयोग नै एकमुष्ट मतप्रणाली हो ।

- निर्वाचन हुने संख्या जति छ मतदाताले त्यत्ति नै संख्यामा मतदान गर्न पाउँछन् र मतदाताले चाहे अनुसार घटी पनि मतदान गर्न सक्छन् ।
- बढीमत प्राप्त गर्ने विजयी हुन्छ ।
- सामान्यतया राजनीतिक दलभन्दा उम्मेदवारहरूलाई जोड दिई मतदान हुन्छ ।

३.३.१.३ **दलगत एकमुष्ट मत प्रणाली (Party Block Vote System)**

- बहुसदस्यीय निर्वाचन क्षेत्र प्रयोग गर्ने बहुमत प्रणाली हो ।
- मतदातालाई एक मात्र मत दिने अधिकार प्राप्त हुन्छ ।
- उम्मेदवारलाई भन्दा दललाई मतदान गरिन्छ ।
- बढीमत प्राप्त दलले सबै स्थान जित्छ ।

३.३.१.४ **वैकल्पिक मत प्रणाली (Alternative Vote system)**

- एकल सदस्यीय निर्वाचन क्षेत्रमा प्राथमिकता दिइएको बढीमत/बहुमत प्रणाली हो ।
- विभिन्न विकल्पहरूको प्रयोग गरी उम्मेदवारहरूलाई प्राथमिकता क्रममा मत दिन
  सकिन्छ ।
- उम्मेदवार केन्द्रीय मत प्रणाली हो ।
- बहुमत प्राप्त नहुँदा क्रमशः सबैभन्दा कम मत पाउने उम्मेदवार सूचीबाट हट्दै जान्छ ।

३.३.१.५ **दुई चरण प्रणाली (Two Round System)**

- दुई चरणमा हुने निर्वाचन प्रणाली ।
- पहिलो चरणमा कुनै पनि उम्मेदवार वा दलले निर्धारित स्तरको मतमा साधारणतया पूर्ण बहुमत (५१%+१) प्राप्त नगरेको खण्डमा सबैभन्दा बढी मत पाउने दुई उम्मेदवारहरू वीच दोस्रो चरणको निर्वाचन हुन्छ ।
- दोस्रो चरणमा पूर्ण बहुमत प्राप्त गर्ने (५०%+१) विजयी हुन्छ ।

३.३.२ **समानुपातिक प्रतिनिधित्व प्रणाली (Proportional Representation System)**

समानुपातिक प्रतिनिधित्व प्रणाली मूलतः सदर मतको हिस्सा र सोही बराबरको अनुपातमा विधायिकीय स्थानमा हुने रूपान्तरण हो । समानुपातिकतालाई दलहरूले प्राप्त गरेको मतका साथै सामाजिक, सांस्कृतिक परिवेशका सन्दर्भमा समेत हेर्ने गरिन्छ । विविधतापूर्ण समाजमा सबैको प्रतिनिधित्व गराउन यो प्रणाली अपनाइएको हुन्छ । यो मूलतः २ प्रकारको हुन्छ ।

३.३.२.१ **सूची समानुपातिक प्रणाली (List Proportional Representation System)**

- राजनीतिक दलहरूले उम्मेदवारहरूको एकीकृत सूची सिंगो निर्वाचन क्षेत्रको लागि प्रस्तुत गर्दछन् ।
- मतदाताले दल/निर्वाचन एकाईको नाममा मत दिन्छन् ।
- निर्वाचन एकाईहरूले प्राप्त मतको अनुपातमा विधायिकी निकाय/सभामा प्रतिनिधित्व प्राप्त गर्दछन् ।
- सूचीहरू बन्द, खुला तथा स्वतन्त्र हुन सक्छन् ।
- निर्वाचन दल एकाईलाई मतदान गरिन्छ र सदर मतको हिस्सा अनुसार दलले स्थान प्राप्त गर्दछन् ।

३.३.२.२ **एकल संक्रमणीय मत प्रणाली (Single Transferable Voting System)**

- यो प्राथमिकताका आधारमा मत दिने प्रणाली हो ।

- बहुसदस्यीय निर्वाचन क्षेत्रका उम्मेदवारहरूको क्रम निर्धारण गरी मतदान गरिन्छ ।
- कम मत प्राप्त गर्ने उम्मेदवारहरू क्रमशः सूचीबाट हटाइन्छ ।
- बढीमत ल्याउने र कममत ल्याउने उम्मेदवारको मतको किटान गर्ने गरिन्छ ।
- खास कोटा पार गर्ने उम्मेदवारले विजय हासिल गर्दछ ।

**३.३.३. मिश्रित प्रणाली (Mixed System)**

मिश्रीत प्रणाली बढीमत/बहुमत वा समानुपातिक र अन्य उल्लेखित प्रणालीका सकारात्मक पक्षहरूलाई एकत्रित गर्छ । विभिन्न निर्वाचन सुत्रहरू प्रयोग गरिन्छ । यसलाई मुलतः निम्न रूपमा हेर्न सकिन्छ :-

**३.३.३.१ मिश्रित सदस्य समानुपातिक प्रणाली (Mixed Member Propertionet Representing System)**

- बढीमत/बहुमत वा अन्य निर्वाचन प्रणालीहरूको प्रयोगबाट समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचित स्थान वितरण गरिन्छ ।
- बढीमत/बहुमत प्रणालीवाट प्रतिनिधित्व हुन नसकेका वा अमिल्दो अनुपात वापत क्षतिपूर्ति स्वरूप समानुपातिक प्रणाली प्रयोग गरी स्थान दिइन्छ ।
- दुई किसिमका निर्वाचन परिणामलाई जोडिन्छ र समानुपातिक प्रतिनिधित्वमा जोड दिइन्छ ।

**३.३.३२ समानान्तर प्रणाली (Parellel System)**

- बढीमत/बहुमत प्रणाली र समानुपातिक प्रतिनिधित्व दुवैको विशेषतामा जोड दिइएको हुन्छ ।
- दुई निर्वाचन प्रणालीहरू छुट्टाछुट्टै तथा फरक रहन्छन् ।
- स्थान वितरणका लागि एक अर्का प्रति निर्भर हुँदैनन् ।

**३.३.४. अन्य प्रणाली (Other System)**

बढीमत/बहुमत, समानुपातिक प्रतिनिधित्व तथा मिश्रित प्रणाली अतिरिक्त खास वर्गका विशुद्ध रूपमा नपर्ने अन्य थुप्रै निर्वाचन प्रणालीहरू प्रचलनमा छन् जसलाई निम्नानुसार हेर्न सकिन्छ :

**३.३.४.१ एकल असंक्रमणीय मत प्रणाली (Single Non-Transforable Voting System)**

- मतदाताहरूले एक बहुसदस्यीय निर्वाचन क्षेत्रमा एकल मतदान गर्दछन ।
- कूलमतको सबैभन्दा बढीमत प्राप्त गर्ने उम्मेदवारहरू विजयी घोषीत हुन्छन् ।
- उम्मेदवार केन्द्रित मतदान प्रक्रियाबाट निर्वाचित हुने गर्दछ ।

**३.३.४.२ सीमित मत प्रणाली (Limited Votiong System)**

- बहु सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग भएको बढीमत/बहुमत प्रणाली हो ।
- मतदातालाई एकभन्दा बढी निर्वाचन गर्नुपर्ने उम्मेदवारहरू विजयी घोषित हुन्छन ।
- कुल मतमा सबै भन्दा बढी मत ल्याउने उम्मेदवार विजयी ।
- उम्मेदवार केन्द्रित निर्वाचन प्रणाली ।

**३.३.४.३ प्राथमिकता गणना (Preferential Votiong)**

- एकल/बहु सदस्यीय निर्वाचन क्षेत्रमा प्राथमिकता दिने निर्वाचन प्रणाली ।
- उम्मेदवार केन्द्रित निर्वाचन प्रणाली
- यसमा मतदाताले प्राथमिकता चिन्ह लगाउन संख्या प्रयोग गर्ने गर्छन् ।
- संख्या प्रयोगलाई मुल्य निर्धारण गरी गणना गरिन्छ ।
- सबैभन्दा बढी मत ल्याउने उम्मेदवारहरू निर्वाचित भएको घोषणा गरिन्छ ।

### विभिन्न मुलुकका विधायिकाले अपनाएको निर्वाचन प्रणाली

| | अफ्रिका | अमेरिका | एसिया | पूर्वी यूरोप | पश्चिम यूरोप | ओसेनिया | मध्यपूर्व | कूल |
|---|---|---|---|---|---|---|---|---|
| पहिलो हुने निर्वाचित हुने | १५ | १७ | ५ | ० | १ | ७ | २ | ४७ |
| एकमुष्ठ मत | १ | ३ | २ | ० | ३ | २ | ४ | १५ |
| दलगत एकमुष्ट मत | ३ | ० | १ | ० | ० | ० | ० | ४ |
| बैकल्पिक मत | ० | ० | ० | ० | ३ | ० | ० | ३ |
| दुई चरण मत | ८ | ३ | ६ | १ | १ | १ | २ | २२ |
| सूची समानुपातिक | १६ | १९ | ३ | १३ | १५ | ० | ४ | ७० |
| एकल संक्रमणिय | ० | ० | ० | ० | २ | ० | ० | २ |
| मिश्रित सदस्य समानुपातिक | १ | ३ | ० | २ | २ | १ | ० | ९ |
| समानान्तर मत | ४ | ० | ८ | ७ | १ | १ | ० | २१ |
| एकल असंक्रमणीय मत | ० | ० | १ | ० | ० | २ | १ | ४ |
| परिमार्जित प्राथमिकता गणना | ० | ० | ० | ० | ० | १ | ० | १ |
| सीमित मत | ० | ० | ० | ० | १ | ० | ० | १ |
| **कूल** | ४८ | ४५ | २६ | २३ | २६ | १८ | १३ | १९९ |

### विभिन्न संघीय/संघीयता उन्मुख मुलुकले अवलम्वन गरेका निर्वाचन प्रणाली

| क्र.सं. | देशहरु | राष्ट्रिय विधायिकाका लागि अवलम्वन गरिएको निर्वाचन पद्धति | निर्वाचन पद्धति परिवार |
|---|---|---|---|
| | अर्जेन्टिना | सूची समानुपातिक | समानुपातिक |
| | अष्ट्रेलिया | वैकल्पिक मत | बहुमत |
| | अष्ट्रिया | सुची समानुपातिक | समानुपातिक |
| | इराक | सुची समानुपातिक | समानुपातिक |
| | बेल्जियम | सुची समानुपातिक | समानुपातिक |
| | बोस्निया हर्जगोभिना | सुची समानुपातिक | समानुपातिक |
| | ब्राजिल | सुची समानुपातिक | समानुपातिक |
| | क्यानाडा | पहिलो हुने निर्वाचित हुने | बढीमत/बहुमत |
| | इथिओपिया | पहिलो हुने निर्वाचित हुने | बढीमत/बहुमत |
| | जर्मनी | मिश्रित सदस्य समानुपातिक (सूची समानुपातिक र पहिलो हुने निर्वाचत हुने) | मिश्रित |
| | भारत | पहिलो हुने निर्वाचित हुने | बढीमत/बहुमत |

| | | | |
|---|---|---|---|
| | मलेसिया | पहिलो हुने निर्वाचित हुने | बढीमत/बहुमत |
| | मेक्सिको | मिश्रित सदस्य समानुपातिक (सुची समानुपातिक र पहिलो हुने निर्वाचत हुने) | मिश्रत |
| | माइक्रोनेसिया | पहिलो हुने निर्वाचित हुने | बढीमत/बहुमत |
| | नाइजेरिया | पहिलो हुने निर्वाचित हुने | बढीमत/बहुमत |
| | पाकिस्तान | मिश्रित सदस्य समानुपातिक (सुची समानुपातिक र पहिलो हुने निर्वाचित हुने) | मिश्रत |
| | पौलाउ | पहिलो हुने निर्वाचित हुने | बढीमत/बहुमत |
| | रसिया | मिश्रित सदस्य समानुपातिक (सुची समानुपातिक र पहिलो हुने निर्वाचित हुने) | मिश्रत |
| | सेन्ट किट्स एण्ड नेभिस | पहिलो हुने निर्वाचित हुने | बढीमत/बहुमत |
| | दक्षिण अफ्रिका | सुची समानुपातिक | समानुपातिक |
| | स्पेन | सुची समानुपातिक | समानुपातिक |
| | स्विट्जरल्याण्ड | सुची समानुपातिक | समानुपातिक |
| | सं.रा.अमेरिका | पहिलो हुने निर्वाचित हुने | बढीमत/बहुमत |
| | सुडान | पहिलो हुने निर्वाचित हुने | बढीमत/बहुमत |
| | भेनेजुएला | मिश्रित सदस्य समानुपातिक | मिश्रित |

**मिश्रित सदस्यीय समानुपातिक प्रणाली प्रयोग गर्ने राष्ट्रहरु**

| क्र.सं. | राष्ट्रहरु | समानुपातिक प्रतिनिधित्वको | | बढीमत/बहुमत वाअन्य प्रणालीको | | निर्वाचन प्रणाली | कुल स्थान संख्या |
|---|---|---|---|---|---|---|---|
| | | स्थान | प्रतिशत | स्थान | प्रतिशत | | |
| १. | अल्वानिया | ४० | २९% | १०० | ७१% | पहिलो हुने निर्वाचित हुने | १४० |
| २. | बोलिभिया | ६२ | ४८% | ६८ | ५२% | पहिलो हुने निर्वाचित हुने | १३० |
| ३. | जर्मनी | २९९ | ५०% | २९९ | ५०% | पहिलो हुने निर्वाचित हुने | ५९२ |
| ४. | हङ्गेरी | २१० | ५४% | १७६ | ४६% | दुई-चरण प्रणाली | ३८६ |
| ५. | इटली | १५५ | २५% | ४७५ | ७५% | पहिलो हुने निर्वाचित हुने | ६३० |
| ६. | लेसोथो | ४० | ३३% | ८० | ६७% | पहिलो हुने निर्वाचित हुने | १२० |
| ७. | मेक्सिको | २०० | ४०% | ३०० | ६०% | पहिलो हुने निर्वाचित हुने | ५०० |
| ८. | न्युजिल्याण्ड | ५५ | ४६% | ६५ | ५४% | पहिलो हुने निर्वाचित हुने | १२० |
| ९. | भेनेजुएला | ६५ | ३९% | १०० | २६१% | पहिलो हुने निर्वाचित हुने | १६५ |

**विभिन्न निर्वाचन प्रणालीका सकारात्मक र नकारात्मक पक्षहरु (Vertical)**

| क्रस | प्रणाली | सकारात्मक पक्ष | नकारात्मक पक्ष |
|---|---|---|---|
| १ | सम्पूर्ण देश एक निर्वाचन क्षेत्र भएको सूची समानुपातिक प्रणाली | दलका आधारमा समानुपातिक, दलहरूलाई सबै क्षेत्रबाट उम्मेदवार उठाउनका लागि प्रोत्साहन, यसले गर्दा बढी समानुपातिक हुने सम्भावना, मतदाताहरूका लागि सजिलो मतदाताले दललाई मात्र मत खसाले हुने । | दलको सचिवालयलाई धेरै शक्ति प्रदान गर्ने, निर्वाचित सदस्यसँग मतदाताको प्रत्यक्ष सम्बन्ध नरहने, स्वतन्त्र उम्मेदवारको अस्तित्व नहुने, भौगोलिक प्रतिनिधित्व नहुने, साना दलहरूको बाहुल्य र सरकार अस्थिर हुने सम्भावना । |
| २ | बहुसदस्यीय समानुपातिक एवं प्रत्यक्ष निर्वाचन प्रणाली | दलको सन्दर्भमा समानुपातिक सबै क्षत्रेबाट उम्मेदवार उठाउनका लागि प्रोत्साहन, स्वतन्त्र उम्मेदवार उठाउन सजिलो, सदस्य र निर्वाचन क्षेत्रबीच सम्बन्ध हुनसक्ने, बढी समानुपातिकता हुने । | दलको सचिवालयलाई बढी शक्ति दिन्छ, मतदान गर्न जटिल हुने, उम्मेदवारलाई समान रूपले महत्व दिन नसकिने, अनपेक्षित गठ बन्धनले दलगत अनुशासन कम हुने,धेरै मत खेर जाने, मतपत्र लामो हुने, मतदाताहरू विशेष गरेर अशिक्षित मतदाताहरूले बुझ्न कठिन, वर्ग सृजना हुन जाने, कम मतदान हुने, क्षेत्र निर्धारण गर्न र वर्ग समुदायको पहिचान गर्न कठिन |
| ३ | मिश्रित सदस्य समानुपातिक प्रणाली | स्वतन्त्र उम्मेद्धार हुने, बढीमत/बहुमत वा अन्य निर्वाचन प्रणालीहरूको प्रयोगबाट समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचित स्थान वितरण गरिन्छ, बढीमत/बहुमत प्रणालीवाट प्रतिनिधित्व हुन नसकेका वा अमिल्दो अनुपात वापत क्षतिपूर्ति स्वरूप समानुपातिक प्रणाली प्रयोग गरी स्थान दिइन्छ, दुई किसिमका निर्वाचन परिणामलाई जोडिन्छ र समानुपातिक प्रतिनिधित्वमा जोड दिइन्छ, कम मत खेर जाने, सजिलै सहमत हुने । | वर्ग सृजना हुने, निर्वाचन सीमा निर्धारण गर्नुपर्ने, साना दलहरूको बाहुल्य, सरकार अस्थिर हुने सम्भावना<br>रणनितिक मतदान हुने । |
| ४ | सबैभन्दा बढी मत प्राप्त गर्ने समूह वा व्यक्ति निर्वाचित हुने | परिचित प्रणाली, मतदाताले बुझ्न सक्ने, मतदाताले एक व्यक्तिलाई मात्र मत दिनुपर्ने, प्रतिनिधि चिन्न सक्ने,<br>संसदमा कुनैपनि एकदलको बहुमत हुने बढी संभावना भएकोले सरकार स्थिर हुने | बहुसंख्यक मतदाताले भोट नदिएको दलको सरकार बन्ने, यथार्थमा बहुसंख्यकको चाहनाको प्रतिनिधित्व नहुने, स्वतन्त्र सदस्यले अल्पसंख्यकको समर्थन पाउन सक्ने । |
| ५. | समानान्तर प्रणाली | मिश्रित प्रणाली, स्वतन्त्र उम्मेद्धार रहने,<br>दुई निर्वाचन प्रणालीहरू छुट्टाछुट्टै तथा फरक, वढीमत/बहुमत प्रणाली र समानुपातिक प्रतिनिधित्व दुवैको विशेषतामा जोड, स्थान वितरणका लागि एक अर्का प्रति निर्भर हुँदैनन्, कम मत खेर जाने, सजिलै सहमत हुने । | वर्ग सिजना हुने, निर्वाचन परिणम निकाल्न जटिल, निर्वाचन सीमा निर्धारण गर्नुपर्ने, साना दलहरूको बाहुल्य र सरकार अस्थिर हुने सम्भावना, रणनितिक मतदान हुने । |
| ६. | कोटा प्रणाली | समानुपातिक, स्वतन्त्र उम्मेदवार, साना दलहरूको कम बाहुल्य, सरल, जनताप्रति उत्तरदायी, मतदाताले सजिलै बुझ्ने, लैंगिक र जातीयता आदिका आधारमा बढी समानुपातिक हुने<br>मतदाताले आफ्ना प्रतिनिधिहरू चिन्ने<br>संसदमा थोरै मात्र दलको उपस्थिति हुनसक्ने र स्थिर सरकारका लागि स्पष्ट बहुमत हुने बढी संभावना । | मत खेर जाने, कोटा निर्धारण गर्न कठीन, जातिय र वर्गीय समस्या निम्त्याउन सक्ने, मतदाता दोहोरिने भएकोले यो प्रणाली जटिल हुनसक्ने, अन्तरजातिय विभाजन बढाउने हुँदा द्वन्द हुन सक्ने, जातिय सद्भाव विथोल्ने संभावना । |

**विभिन्न निर्वाचन प्रणालीका सकारात्मक र नकारात्मक पक्षहरु** (Horizantal)

| सि.नं. | विषय/निर्वाचन प्रणाली | समानुपातिक | बहुसदस्यीय समानुपातिक प्रत्यक्ष | मिश्रित सदस्य समानुपातिक | मिश्रित समानान्तर |
|---|---|---|---|---|---|
| १ | प्रतिनिधित्वको सुनिश्चितता | बढी सुनिश्चित | बढी सुनिश्चित | कम सुनिश्चित | कम सुनिश्चित |
| २ | समानुपातिकता | दलगत समानुपातिक | बढी समानुपातिक | कम समानुपातिक | कम समानुपातिक |
| ३ | भौगोलिक प्रतिनिधित्व | देशभरिको प्रतिनिधित्व | ठुलो इकाइमा सामुहिक प्रतिनिधित्व | प्रत्यक्ष प्रतिनिधित्व समेत रहन्छ | प्रत्यक्ष प्रतिनिधित्व समेत रहन्छ |
| ४ | मतदाताको छनौटको स्वतन्त्रता | दलमात्र रोज्न सक्ने | नियन्त्रित स्वतन्त्रता | व्यक्ति र दल दुवै रोज्न सक्ने | व्यक्ति र दल दुवै रोज्न सक्ने |
| ५ | सरल/जटिल | सरल | बढी जटिल | कम जटिल | कम जटिल |
| ६ | आलोचना | दलको नेतृत्व हावी रहने, साना दलको बाहुल्य, मतदाताले उम्मेदवार नचिन्ने वतन्त्र उम्मेदवारको अस्तित्व नहुने, भौगोलिक प्रतिनिधित्व नहुने, साना दलहरूको बाहुल्य र सरकार अस्थिर हुने सम्भावना । | छरपष्ट जातिगत बसोवासका कारण विवादरहित ढंगले निर्वाचन क्षेत्र र चुनिने प्रतिनिधि निर्धारण गर्न चुनौति, अनपेक्षित गठबन्धनले दलगत अनुशासन कम हुने, धेरै मत खेर जाने, मतपत्र लामो हुने, विशेष गरेर अशिक्षित मतदाताहरूले बुझ्न कठिन । | दुई खाले प्रतिनिधि, निर्वाचन परिणाम निकाल्न जटिल, कम मतदान हुने संभावना । | दुई खाले प्रतिनिधि, रणनितिक मतदान हुने |

## ३.४ विभिन्न दलहरूका चुनावी घोषणापत्रमा उल्लेखित निर्वाचन सम्बन्धी अवधारणा

### तत्कालीन नेकपा माओवादी

प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित राष्ट्रपति र व्यवस्थापिका सदस्यहरूबाट निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गरिनेछ । राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकाल दुई पूर्ण अवधिको निम्ति भन्दा बढी हुने छैन ।

### नेपाली काँग्रेस

केन्दीय र प्रादेशिक संसदको चुनाव मिश्रित निर्वाचन प्रणालीका आधारमा गरिनेछ । आदिवासी जनजाति, मधेशी, दलित, महिलालगायत विविध समूहको जनसंख्याका आधारमा समावेशी समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

- निर्वाचन प्रणालीलाई समावेशी र सहभागितामूलक बनाउने प्रयास हुनुपर्छ र संविधान निर्माण प्रक्रियालाई पनि बहुमत र अल्पमतको विभाजनद्वारा होइन, सहमतिको प्रयासद्वारा टुंगो लगाउने विधि अवलम्वन गरिनु पर्दछ ।
- राष्ट्र प्रमुखको रूपमा राष्ट्रपतिको निर्वाचन केन्द्रीय संसद र प्रादेशिक संसदका सदस्यहरूबाट हुनेछ ।

**नेकपा एमाले**

- राष्ट्रिय सभाको निर्वाचन सबै संघीय इकाइहरूबाट गरिनेछ भने प्रतिनिधिसभाको निर्वाचन मिश्रित निर्वाचन प्रणालीका आधारमा आम जनताबाट गरिनेछ ।
- प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष बालिग मताधिकारका आधारमा आम जनताबाट गरिनेछ ।
- राष्ट्र प्रमुखको निर्वाचन केन्द्रीय संसदका दुवै सदनका सदस्यहरू र प्रादेशिक संसदका सदस्यहरू रहेको निर्वाचक मण्डलबाट स्पष्ट बहुमत वा पचास प्रतिशत जोड एकका आधारमा गरिनेछ ।
- केन्द्रीय संसद, प्रादेशिक विधायिका र स्थानीय निकायहरूको निर्वाचनमा विविधता कायम गरिनेछ ।

**मधेसी जनअधिकार फोरम**

- राष्ट्रपतिको निर्वाचन वालिग मताधिकारको आधारमा, बहुदलीय प्रतिस्प्रधाबाट र सबै नेपालीले प्रत्यक्ष रूपमा राष्ट्रपतिको लागि मतदान गर्ने गरी हुनु पर्दछ ।
- उपराष्ट्रपतिको निर्वाचन संसद र प्रादेशिक विधायिका सदस्यहरूको बहुमतद्वारा हुनेछ ।
- प्रदेश सरकार अन्तरगत विधान सभाको निर्वाचन बालिग मताधिकारका आधारमा समानुपातिक निर्वाचन पद्धतिद्वारा, बहुदलीय प्रतिस्पर्धाको आधारमा हुनेछ ।

**राष्ट्रिय जनमोर्चा**

- राष्ट्रपतिको निर्वाचनको पद्धति, प्रधानमन्त्रीको चुनाव, सदनहरूका प्रतिनिधिहरूको संख्या, निर्वाचन प्रणाली आदि कानूनमा निर्धारित गरिए अनुसार हुनेछ ।

**राष्ट्रिय प्रजातन्त्र दल (रा.प्र.पा.)**

- राज्यको अग्रगामी पुर्नसंरचनाको प्रस्तावले परिकल्पना गरेको समावेशी लोकतान्त्रिक पद्धतिको सार्थकताको लागि समानुपातिक निर्वाचन प्रणालीको प्रावधान राखिनु पर्दछ ।

## ३.५ विभिन्न राजनैतिक दलहरूद्वारा संवैधानिक समितिमा पेश भएका निर्वाचन सम्बन्धी अवधारणा

**एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)**

प्राप्त नभएको

**नेपाली कांग्रेस**

केन्द्रमा दुई सदन र प्रदेशमा एक सदनात्मक संसद हुनेछ । माथिल्लो सदनमा समानुपातिक र समावेशी आधारमा सबै प्रदेश र विभिन्न बौद्धिक व्यावसायिक समूह, जातजाति, धर्म विपन्न क्षेत्र, महिला, आदिवासी, जनजाती, तराईवासी मधेशी, महिला, दलित, हिन्दु, बुद्ध, मुसलमान, अन्य समुह अल्पसंख्यक, अपाङ्ग आदि समुदायको प्रतिनिधित्व हुनेछ ।

केन्दीय र प्रादेशिक संसद्को चुनाव मिश्रित निर्वाचन प्रणालीका आधारमा गरिनेछ ।

**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**

**राष्ट्रपतिको निर्वाचन**

राष्ट्रपतिको निर्वाचन जनसभा, राष्ट्रियसभा, प्रदेशसभाका सदस्यहरू र स्थानीय सरकारका प्रमुख र उपप्रमुखहरूको निर्वाचक मण्डलबाट गरिनेछ ।

राष्ट्रपतिमा निर्वाचित हुनको लागि तत्काल कायम रहेको निर्वाचक मण्डलका सदस्यहरूको बहुमत प्राप्त गर्नु पर्नेछ ।

पहिलो चरणको निर्वाचनमा कुनै पनि उम्मेदवारले बहुमत प्राप्त नगरेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारको बीचमा पुन निर्वाचन गरिनेछ । त्यसरी भएको दोश्रो चरणको निर्वाचनमा बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपतिमा निर्वाचित भएको मानिने छ ।

**उपराष्ट्रपतिको निर्वाचन**

राष्ट्रपतिको निर्वाचनका सम्बन्धमा लागू हुने प्रावधान र योग्यता समान रूपमा उपराष्ट्रपतिको हकमा समेत लागू हुनेछ तर राष्ट्रपतिको निर्वाचनमा जुन लिंगको व्यक्ति निर्वाचित भएको हो सो लिंगको व्यक्ति उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुन सक्ने छैन ।

**व्यवस्थापिकाको निर्वाचन प्रणाली**

यो संविधान जारी भए पति समान जनसख्या र भौगोलिक अनुकुलताको आधारमा नेपाल राज्यलाई ७५ निर्वाचन क्षेत्रमा विभाजन गरिने छ । यस्तो निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणाली अनुसार निर्वाचित सदस्य ७५ जना,

सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातीक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने ७५ जना निर्वाचित गर्दा छुट्टा छुट्टै सुचिमा आधारित हुने गरी मधेशी १५ जना, दलित ९ जना, थारू सहितको आदीवासी जनजाती २४ जना, पिछडिएको क्षेत्रबाट ३ जना, मजदुरबाट ६ जना र अन्यबाट १८ जना निर्वाचित हुनेछन् । यसरी निर्वाचित गर्दा एक तिहाई महिला निर्वाचित गरिने व्यवस्था गरिने छ ।

**प्रधानमन्त्रीको निर्वाचन**

वालिग मताधिकारको आधारमा नेपाल राज्यलाई एक निर्वाचन क्षेत्र मानी प्रत्यक्ष निर्वाचनद्वारा प्रधानमन्त्रीको निर्वाचन गरिनेछ । सामान्यतया जनसभाको निर्वाचन हुने दिन एक छुट्टै मतपत्रद्वारा प्रधानमन्त्रीको निर्वाचन गरिनेछ ।

**प्रधानमन्त्रीको उम्मेदवारीको योग्यता**

- नेपालको नागरिकता प्राप्त व्यक्ति,
- २५ वर्षको उमेर पूरा भएको,
- प्रचलित कानूनले अयोग्य नभएको,
- नेपालमा कम्तीमा विगत १५ वर्षदेखि लगातार बसोबास गरेको ।

**राष्ट्रिय सभा**

**राष्ट्रियसभामा देहायबमोजिमका पचहत्तर जना सदस्य रहनेछन् ।**

(क) प्रत्येक प्रदेशबाट प्रदेशसभा र स्थानीय सरकार अर्थात नगरपालिकाको प्रमुखहरूको निर्वाचक मण्डलबाट एक संक्रमणीय निर्वाचन प्रणालीको आधारमा कम्तिमा एक महिला सहित तीनजनाको दरले ५० जना,

(ख) जनसभाका सदस्यहरूको निर्वाचक मण्डलबाट एक संक्रमणीय निर्वाचन प्रणालीको आधारमा कानूनमा व्यवस्था भएबमोजिम एकतीहाई महिला सहीत राष्ट्रिय जीवनमा ख्याती प्राप्त व्यक्तित्वहरूबाट १० जना र अल्प संख्यक जाती जनजाती मध्येबाट १५ जना ।

राष्ट्रियसभाको कार्यकाल ६ वर्षको हुनेछ तर यो संविधान प्रारम्भ भए पछि पहिलो पटकलाई सदस्यहरूको पदावधि कायम गर्दा गोला हाली एक तिहाईको दईवर्ष, एकतिहाईको चार वर्ष र एकतिहाईको ६ वर्ष कायम गरिनेछ । यसरी गोला प्रथाद्वारा कार्यकाल निर्धारण गर्दा एकल संक्रमणीय निर्वाचन प्रणाली कायम हुने गरी गरिनेछ ।

सम्पूर्ण प्रदेशलाई एक निर्वाच क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने ५० जना, यसरी ५० जना उम्मेदवार उठाउँदा र निर्वाचित गर्दा राजनैतिक दलको सुचिमा कम्तीमा एकतिहाई महिला, दलित ५ जना र मजदुरबाट ५ जना र प्रदेशको सीमान्तकृत आदिवासी जनजातिबाट ६ जनालाई कानूमा व्यवस्था भएबमोजिम प्रतिनिधित्व गराउनु पर्नेछ ।

**तत्कालीन मधेसी जन अधिकार फोरम नेपाल**

- प्रत्यक्ष निर्वाचनद्वारा राष्ट्रप्रमख र सरकार प्रमुखमा राष्ट्रपतिको सम्वैधानिक व्यवस्था गर्ने ।
- जनताको प्रत्यक्ष निर्वाचनद्वारा प्रादेशिक सरकार प्रमुख रहने ।
- निर्वाचन क्षेत्र निर्धारणको सम्बन्धमा ऐनद्वारा व्यवस्था गरिनेछ ।

**तराई मधेस लोकतान्त्रिक पार्टी**

**प्रतिनिधिसभा/लोकसभा (तल्लोसदन)**

देशमा जननिर्वाचित एउटा प्रतिनिधिसभा/लोकसभा (तल्लोसदन) हुनेछ जसको निर्वाचन बालिग मताधिकारका आधारमा हुनेछ । मतदान पछि प्रतिनिधिसभा/लोकसभा गठन मिश्रित क्षतिपूर्तिय प्रणाली (MMPR) द्वारा हुनेछ । उम्मेदवारी दिँदा राजनीतिक दलहरूले जनसंख्याको आधारमा मधेशी, आदिवासी जनजाति, दलीत, महिला, मुसलमान र अल्पसंख्यकको प्रतिनिधित्व गराउन आवश्यक हुनेछ ।

**प्रान्तीय व्यवस्थापिका**

**तल्लो सदन (विधानसभा/प्रान्तीयसभा)**: यसको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीबाट ६०% र समानुपातिक प्रणालीबाट ४०% गरी हुनेछ । समानुपातिकबाट हुने प्रतिनिधित्व प्रत्येक दलले जनसंख्याको आधारमा सबै समूह, जनजातीको प्रतिनिधित्व हुने गरी गराउनु पर्नेछ । प्रत्यक्ष निर्वाचनको लागि उम्मेदवारी दिँदा राजनीतिक दलहरूले समावेशी समानुपातिकलाई आधार बनाई दिनु पर्नेछ ।

**नेपाल सद्भावना पार्टी**

राष्ट्रपति र उपराष्ट्रपति ५ वर्षको लागि संघीय व्यवस्थापिका र प्रादेशिक व्यवस्थापिकाको सदस्यहरूबाट निर्वाचित हुनेछ ।

(१) जनप्रतिनिधिसभामा बहुमत प्राप्त दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री पदमा नियुक्त गर्नेछ ।

(२) प्रदेश प्रमुख र प्रदेश उपप्रमुख प्रादेशिक व्यवस्थापिकाको दुवै सदनको सदस्यहरूबाट निर्वाचित हुनेछ ।

(३) प्रादेशिक परिषद् ५१ सदस्यीय अप्रत्यक्ष निर्वाचनबाट स्थायी सदन हुनेछ र तल्लो सदन प्रादेशिक सभा अधिकतम २०० र कम्तीमा १०० सदयहरू रहनेछन् जसका सदस्यहरू ५०% प्रत्यक्ष निर्वाचनबाट र ५०% समानुपातिक निर्वाचनबाट हुने गरी मिश्रित निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछ ।

(४) प्रादेशिक कार्यपालिकाका उपप्रमुख ५ वर्षको लागि प्रादेशिक व्यवस्थापिकाको दुवै सदनको सदस्यहरूबाट निर्वाचित हुनेछ । प्रमुख, उपप्रमुख प्रादेशिक परिषद्का पदेन अध्यक्ष हुनेछ ।

(५) प्रदेशको मुख्यमन्त्रीको नियुक्ती प्रदेश व्यवस्थापिकाको तल्लो सदनबाट हुनेछ । सो सदनको बहुमतप्राप्त नेतालाई प्रदेश प्रमुखले प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गर्नेछ ।

(६) संघीय व्यवस्थापिका र प्रादेशिक व्यवस्थापिकाको तल्लो सदन (जनप्रतिनिधि सभा र प्रादेशिक सभा) को निर्वाचन क्षेत्र समान जनसंख्याको आधारमा हुने ।

**नेपाल कम्युनिष्ट पार्टी (माले)**

(१) राष्ट्रपतिको निर्वाचन केन्द्रका दुवै सदन र प्रादेशिक प्रतिनिधिसभाका सदस्यहरूले राष्ट्रप्रमुखको रूपमा राष्ट्रपतिको निर्वाचन गर्नेछन् ।

(२) राष्ट्रपति र उप राष्ट्रपति पदमा बढीमा २ पटकसम्म मात्र निर्वाचित हुन सक्नेछ ।

(३) संघीय प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यहरूले उपराष्ट्रपतिको निर्वाचन गर्नेछन् ।

(४) वालिग मताधिकारको आधारमा सिङ्गो देशबाट बहुमत (५०%+१) प्राप्त गरी प्रत्यक्ष रूपमा निर्वाचित हुने योग्य नेपाली नागरिक संघीय सरकारका प्रधानमन्त्रीको रूपमा कार्यकारी प्रमुख हुनेछन् ।

(५) प्रधानमन्त्री पदमा बढी २ पटकसम्म मात्र निर्वाचित हुन सक्नेछ ।

(६) प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीले केन्द्रका दुवै संघीय सदनका सदस्य मध्येबाट लिएर वा बाहिरका योग्य नेपाली नागरिकलाई लिएर अथवा दुवै संघीय सदनका सदस्यहरूबाट र सदन बाहिरका योग्य नेपाली नागरिकलाई मिलाएर केन्द्रीय मन्त्रिपरिषद्को गठन गर्न सक्नेछन् ।

(७) प्रादेशिक प्रतिनिधिसभाको बहुमतबाट निर्वाचित प्रमुख मन्त्रीको अध्यक्षतामा प्रादेशिक मन्त्रिपरिषद् रहनेछ ।

(८) स्थानीय निकायहरूको निर्वाचन बहुमतीय प्रणालीको आधारमा हुनेछ ।

(९) प्रमुख मन्त्रीको निर्वाचन प्रादेशिक प्रतिनिधिसभाको बहुमतबाट

(१०) वालिग मताधिकारको आधारमा आवधिक आमनिर्वाचनबाट निर्वाचित तल्लो सदन प्रतिनिधिसभा रहनेछ ।

(११) प्रतिनिधिसभाका सदयहरूको चुनावको लागि गरिने आम निर्वाचनमा मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्वको प्रणाली (Mixed Member Proportional Representative MMPR) अपनाइने छ ।

(१२) संघीय प्रतिनिधिसभामा १८१ जना सस्यहरू रहनेछन् । जसमध्ये ९०% बहुमतीय प्रणाली र ९१ जना समानुपातिक प्रणालीबाट निर्वाचित हुनेछन् ।

(१३) राष्ट्रियसभाका सदस्यहरूको निर्वाचन प्रतिनिधिसभा र प्रादेशिक प्रतिनिधिसभाका सदस्यहरूद्वारा एकल संक्रमणीय मतपद्धति अनुसार हुनेछ ।

(१४) प्रादेशिक प्रतिनिधिसभाको निर्वाचनमा मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्वको प्रणाली (MMPR) अपनाइने छ ।

### निर्वाचन क्षेत्र निर्धारण आयोग

संघीय प्रतिनिधिसभा एवं प्रादेशिक प्रतिनिधिसभाका सदस्यहरूको निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले एक निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्नेछ । जसमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् ।

- सर्वोच्च अदालतबाट सेवानिवृत्त न्यायाधिश -अध्यक्ष
- भूगोलविद् -सदस्य
- समाजशास्त्री वा जनसंख्याविद् -सदस्य
- प्रशासनविद् वा व्यवस्थापनविद् -सदस्य
- नेपाल सरकारको सेवा रहेको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत -सदस्य सचिव

### राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल

केन्द्रमा २ सदन रहने, तल्लो सदनले प्रधानमन्त्रीको निर्वाचन गर्ने जनप्रतिनिधि सभामा २३५ सदस्यहरू हुनेछन् । प्रत्येक जिल्लाबाट कम्तिमा एक जनाको प्रतिनिधित्व हुने गरी ७५ जना पहिलो स्थान पाउने विजय हुने व्यवस्था (First Past the post) र बाँकी १६० जना साधारणतया १,५०,०००।०० (एकलाख पचासहजार) जनसंख्याको एक प्रतिनिधि समानुपातिक निर्वाचन प्रणाली अन्तरगत प्रत्यक्ष वालिग मताधिकारको आधारमा निर्वाचित हुनेछन् ।

**राष्ट्रियसभा** : राष्ट्रियसभा १०५ सदस्यहरू हुनेछन् । राष्ट्रिय सभाका सदस्यहरू जनसंख्याको अनुपातमा विभिन्न जातिहरूको प्रतिनिधित्व हुने गरी समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम जनप्रतिनिधि सभा एवं प्रान्तीय सभाद्वारा कायम गरिनेछ । राष्ट्रियसभाको ५०% सदस्यहरू महिला हुनेछन् ।

### नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)

(१) राष्ट्रपतिको निर्वाचन वालिग मताधिकारको आधारमा बहुमतीय प्रणाली अनुसार गरिनेछ ।

(२) प्रधानमन्त्रीको निर्वाचन संसदको तल्लो सदनले गर्नेछ ।

(३) राष्ट्रपतिको निर्वाचन वालिग मताधिकारको आधारमा बहुमतीय प्रणालीको अनुसार गरिनेछ

(४) माथिल्लो सदनमा प्रत्येक प्रान्तबाट समावेशी आधारमा समान संख्यामा प्रतिनिधित्व गराइनेछ । यसो गर्दा प्रान्तभित्र रहेको स्वायत्त स्वशासित क्षेत्रहरूसमेतको प्रतिनिधित्व गराइने माथिल्लो सदनको निर्वाचन प्रणाली ऐनले व्यवस्था गरे अनुसार हुनेछ ।

(५) तल्लो सदन अर्थात जनसभाको निर्वाचन मिश्रित निर्वाचन प्रणाली अन्तरगत स्पष्ट बहुमतीय प्रणाली तथा समानुपातिक प्रणालीको आधारमा गरिनेछ । अन्य व्यवस्था निर्वाचन ऐनले व्यवस्था गरे अनुरूप हुनेछ ।

(६) प्रान्तीय कार्यपालिका तथा व्यवस्थापिकाहरूमा संघीय मूल कानूनले निर्देशित गरे अनुसारको समानुपातिक समावेशी आधारमा प्रतिनिधित्व गराइनेछ ।

(७) वहुआयामिक निर्वाचन प्रणाली अपनाउनेछ ।

(८) प्रत्यक्ष बहुमतिय प्रणाली

(९) सबै जातजाति, धर्म, लिङ्ग, वर्ग, तप्काको प्रतिनिधित्व हुने गरी समानुपातिक निर्वाचन प्रणाली

(१०) अल्पसंख्यकहरूको पहुँच सुनिश्चित गर्न Non-Territory State प्रणाली ।

(११) सीमान्तकृत तथा अन्तिम पिछडिएका तप्काहरूका लागि आरक्षित निर्वाचन क्षेत्र प्रणाली

**नेपाल मजदुर किसान पार्टी**

(१) राष्ट्रपतिको निर्वाचन जनताको प्रत्यक्ष निर्वाचनबाट हुनेछ ।

(२) राष्ट्रपतिले निर्वाचनमा ५१% मत प्राप्त गरेको हुनु पर्नेछ ।

(३) राष्ट्रपतिले आफ्नो अनुकूलतामा मन्त्रिपरिषद् गठन गर्नेछ ।

(४) प्रान्तीय विधान सभाले आफ्नो प्रान्तको प्रमुख मन्त्री चुन्नेछ

(६) प्रतिनिधिसभाको चुनाव मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व (MMPR) को आधारमा हुनेछ ।

**राष्ट्रिय प्रजातन्त्र पार्टी**

(१) समानुपातिक निर्वाचन प्रणाली ।

(२) तल्लो सदनले प्रधानमन्त्रीको निर्वाचन गर्ने प्रधानमन्त्री नै कार्यकारी प्रमुख रहने ।

**राष्ट्रिय जनमोर्चा**

(१) प्रतिनिधिसभाका लागि मिश्रित निर्वाचन प्रणालीका आधारमा कूल २४० प्रतिनिधिहरू चुनिने छन् । तिनीहरूमध्ये १२० प्रतिनिधिहरू निर्वाचन क्षेत्रहरूबाट र बाँकी १२० प्रतिनिधिहरू राजनैतिक दलहरूद्वारा समानुपातिक निर्वाचन पद्धतिबाट चुनिने व्यवस्था हुनेछ । समानुपातिक प्रणालीबाट प्रतिनिधिहरूको चुनाव गर्दा विदेशमा रहेका प्रवासी नेपलीहरूका लागि पनि बेग्लाबेग्लै देशहरूमा क्षेत्रहरूको विभाजन गरी समानुपातिक रूपमा प्रतिनिधिहरूको चुनाव गर्ने व्यवस्था गरिनेछ । तिनीहरूको संख्या ऐनमा तोकिए अनुसार हुनेछ ।

(२) राष्ट्रियसभाका लागि १२० सदस्यहरू रहने व्यवस्था गरिनेछ । त्यसको लागि प्रतिनिधिसभाका सदस्यहरूमा एकल संक्रमणीय निर्वाचन पद्धतिबाट र प्रादेशिक समितिहरूबाट २/२ जना प्रतिनिधि चुनिने र सरकारबाट मनोनित गर्दा विभिन्न पिछडिएका जातजाति, महिला, भाषाभाषी समुदाय, धार्मिक एवं अल्पसंख्यक समुदाय, मेहनतकश वर्ग, प्रबुद्ध वर्ग, व्यापारी, उद्योगपति, अपाङ्ग, पूर्व सांसद् तथा प्रवासी नेपालीहरू आदिबाट प्रतिनिधित्व हुनुपर्नेछ । सदस्यहरूको पदावधि ६ वर्षको हुने र प्रत्येक २ वर्षमा एक तिहाई सदस्यहरूको पदावधि समाप्त भएपछि नयाँ सदस्यको लागि निर्वाचन हुनु पर्ने व्यवस्था हुनेछ ।

(३) राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधिश, उपराष्ट्रपति र उप-प्रधानमन्त्रीका पदहरूको चुनावमा वंशजको नाताको नागरिक ठहर्ने नागरिकहरूलाई मात्र उम्मेदवार बन्ने अधिकार हुनेछ ।

**राष्ट्रिय जनशक्ति पार्टी**

प्राप्त नभएको

**नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)**

प्राप्त नभएको

**संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च**

प्राप्त नभएको

**राष्ट्रिय जनमुक्ति पार्टी**

१. प्रतिनिधिसभाले दलित, महिला, तागाधारी, आदिवासी, जनजाति, तराई मधेसी समुदायबाट १/१ जनाको प्रतिनिधित्व हुने गरी अध्यक्षमण्डलको सदस्य चयन गर्नेछ । अध्यक्षमण्डलले वर्णानुक्रम (Alphabetical order) अनुसार आफूहरूमध्येबाट अध्यक्षको चयन गर्नेछ ।

२. प्रतिनिधिसभा (House of Representatives) मा उपस्थित १% भन्दा बढी मत प्राप्त सबै राजनैतिक दलहरू समानुपातिक रूपमा सहभागी गराई एक मन्त्रिमण्डलको गठन गरिनेछ । मन्त्रिमण्डलका प्रमुख प्रधानमन्त्री हुनेछ ।

**नेपाली जनता दल**

(१) राष्ट्रपति उपराष्ट्रपतिको निर्वाचन केन्द्रीय संसद्का सदस्यहरू तथा संघीय संसद्का विधायिकी सदस्यहरूको वहुमतबाट हुनेछ (राष्ट्रपति पुरूष भएमा उपराष्ट्रपति महिला र राष्ट्रपति महिला भएमा उपराष्ट्रपति पुरूष नै हुनेछ) ।

(२) प्रधानमन्त्रीको निर्वाचन केन्द्रीय संसद्को वहुमतको आधारमा हुनेछ र निज जहिलेपनि संसदप्रति उत्तरदायी वा संसद्को विश्वास प्राप्त हुनुपर्नेछ ।

**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत)**

राष्ट्राध्यक्षको निर्वाचन अप्रत्यक्ष हुनेछ । जनप्रतिनिधिसभा, जातियसभा र जातीय/प्रादेशिक-सभा सदस्यहरू राष्ट्राध्यक्ष निर्वाचनको मतदाता हुनेछन् ।

**दलित जनजाति पार्टी**

प्राप्त नभएको

**नेपाः राष्ट्रिय पार्टी**

- जनताको प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित कार्यकारी राष्ट्रपतिय प्रणाली अवलम्बन गर्न ।
- प्रान्तको प्रतिनिधिसभाबाट निर्वाचित कार्यपालिकाको प्रमुखको रूपमा प्रधानमन्त्री रहनेछ ।
- निर्वाचन पद्धति मिश्रित हुनेछ ।
- विधायिकी तहहरू अप्रत्यक्ष निर्वाचन पद्धतिअनुसार हुनेछ ।

**समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल**

- संघीय संसद र प्रादेशिक सभाको सदस्यहरू रहेको निर्वाचन मण्डलद्वारा राष्ट्रपतिको निर्वाचन गरिनेछ ।
- राष्ट्रपतिको उम्मेदवार हुन कम्तिमा ३५ वर्ष उमेर पुगेको हुनुपर्नेछ ।
- संघीय राष्ट्रिय सभाको अध्यक्ष पदेन उपराष्ट्रपति हुनेछ ।
- संघीय प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट बहुमतका आधारमा प्रधानमन्त्रीको निर्वाचन गर्नेछ ।
- नेपालको प्रत्येक प्रदेशमा प्रादेशिकसभाका सदस्यहरूको वहुमतको आधारमा मुख्यमन्त्रीको निर्वाचन गरिनेछ ।
- प्रादेशिक सभाका सदस्य र स्थानीय सरकारका प्रमुख, उपप्रमुख रहेको निर्वाचन मण्डलले गभर्नरको निर्वाचन गर्नेछ ।
- स्थानीय सरकारका प्रमुख र उपप्रमुखको निर्वाचन संबन्धित तहको परिषद्बाट हुनेछ ।
- स्थानीय तहको परिषदको निर्वाचन जातिय जनसंख्याको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने गरी सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणालीद्वारा गरिनेछ ।

**चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल**

- प्रादेशिक सभाका सदस्यहरूको निर्वाचन सूचीमा आधारित पूर्ण समानुपातिक निर्वाचन प्रणालीद्वारा हुनेछ ।
- प्रादेशिकसभा सदस्यको उम्मेदवार हुन २५ वर्षको उमेर पुगेको हुनुपर्नेछ ।
- प्रादेशिक सभाको कार्यकाल ५ वर्षको हुनेछ ।
- स्थानीय सरकारको निर्वाचन सूचीमा आधारित पूर्ण समानुपातिक निर्वाचन प्रणालीद्वारा हुनेछ ।
- स्थानीय सरकारका प्रतिनिधिहरूको कार्यकाल ५ वर्षको हुनेछ ।
- संघीय संसद र प्रादेशिक सभाको सदस्यहरू रहेको निर्वाचक मण्डलद्वारा राष्ट्रपतिको निर्वाचन गरिनेछ ।
- राष्ट्रपतिको पदावधि ५ वर्षको हुनेछ ।
- राष्ट्रपतिको उम्मेदवार हुन कम्तिमा ३५ वर्ष उमेर पुगेको हुनुपर्नेछ ।
- संघीय राष्ट्रिय सभाको अध्यक्ष पदेन उपराष्ट्रपति हुनेछ ।
- संघीय प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट बहुमतका आधारमा प्रधानमन्त्रीको निर्वाचन गर्नेछ ।
- प्रादेशिक सभाका सदस्य र स्थानीय सरकारका प्रमुख, उपप्रमुख रहेको निर्वाचन मण्डलले गभर्नरको निर्वाचन गर्नेछ ।

**नेपाल लोकतान्त्रिक समाजवादी दल**

- जातिय सभाको वहुमतीय निर्वाचन प्रणालीबाट राष्ट्रपति - कार्यकाल ५ वर्ष
- प्रतिनिधि सभाका सदस्यहरूको वहुमतीय निर्वाचनबाट प्रधानमन्त्री
- पदावधि ५ वर्ष

**प्रान्तीय राज्यमा विधान सभाः**

- मुख्यमन्त्री- विधानसभाको सदस्यको वहुमतीय प्रणालीबाट - कार्यकाल - ५ वर्ष

**नेपाल परिवार दल**

- राष्ट्रपतिको निर्वाचन राष्ट्रिय सभा, संघीय संसद र प्रादेशिक व्यवस्थापिकाको संयुक्त बैठकले गर्नेछ ।
- राष्ट्रिय सभा, संघीय संसद र प्रादेशिक व्यवस्थापिकामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको वहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएको मानिनेछ ।
- राष्ट्रिय सभा र संघीय संसदको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतको आधारमा प्रधानमन्त्रीको निर्वाचित हुनेछ ।

## ३.६ नेपालका विगतका संवैधानिक प्रावधानहरू

**वैधानिक कानून, २००४**

हाम्रो देशको सन्दर्भमा अध्ययन गर्दा संवैधानिक इतिहास धेरै लामो नभए तापनि २००४ सालमा राणा प्रधानमन्त्री श्री ३ बाट जारी भएको वैधानिक कानून, २००४ लाई पहिलो संविधान मानिन्छ तथापि यो लागू भएन ।

उक्त विधानमा तल्लो सदन जसलाई राष्ट्र सभा भनिन्थ्यो र यसमा ४२ जना सदस्य निर्वाचित हुने र २८ जना श्री ३ बाट मनोनित गर्ने प्रावधान रहेको पाईन्छ । त्यसैगरी माथिल्लो सदन जसलाई भारदारी सभा भनिन्थ्यो र त्यसमा २० देखि ३० जना सदस्यहरू रहने व्यवस्था गरिएको थियो । व्यवस्थापक सम्मेलनका निर्वाचित सदस्यहरूसमेतबाट मन्त्री मण्डलमा प्रतिनिधित्व गराउने प्रावधान रहेको थियो ।

त्यसैगरी छ देखि १५ निर्वाचित सदस्य रहेको ग्राम पञ्चायत जसको प्रधानपञ्च निर्वाचित हुने, व्यवस्था, नगर पञ्चायतमा १० देखि २० सदस्यहरू निर्वाचित हुने र जिल्ला पञ्चायतको प्रधानपञ्चसमेत हुने प्रावधान रहेको पाइन्छ ।

उक्त विधानमा चुनावको छुट्टै विधि तय नगरिएको भए तापनि चुनाव गर्ने विधिमा कुनै बाधा अड्कन परेमा श्री ३ को आदेश अनुरूपको कारवाही गर्नु पर्ने प्रावधान रहेको छ । तथापि नियम बनाउँदा योग्य ठहरिएका उमेर पुगेका जनताको भोटद्वारा चुनिने प्रावधानको सम्बन्धमा भने ध्यान दिनु पर्ने व्यवस्था गरेको पाइन्छ ।

**नेपालको अन्तरिम शासन विधान, २००७**

संविधानको रूपमा जारी भएको पहिलो तर दोस्रो लिखित संविधानको रूपमा नेपालको अन्तरिम शासन विधान, २००७ लाई लिइन्छ । राणा शासन पछि राजा त्रिभुवनबाट जारी भएको र राजामा व्यापक अधिकार भएको पहिलो प्रजातान्त्रिक संविधानको रूपमा मान्यता पाएको उक्त अन्तरिम शासन विधानले पहिलो पटक निर्वाचन आयोगको व्यवस्था गरेको पाइन्छ । यसमा हरेक प्रादेशिक निर्वाचन क्षेत्रको लागि एउटै निर्वाचन नामावली रहने र त्यसमा जुनसुकै धर्म, जात, जाती लिंग आदिको भेदभाव नगरी उम्मेदवार हुन पाउने व्यवस्था, भोट दिने अधिकार, बालिग मताधिकारलाई मान्यता दिएको, मतदाताको उमेर २१ वर्ष मानिएको साथै विधानको प्रावधान लागू गर्न ऐन बनाउने व्यवस्थासमेत रहेको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५**

बेलायती सल्लाहकार एवं तुर्जमाकार सर आईभर जेनिङको सहयोगमा तयार पारिएको २०१५ सालको नेपाल अधिराज्यको संविधानमा गोप्य मतदाताबाट प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना सदस्य निर्वाचित हुने गरी १०९ वटा निर्वाचन क्षेत्र निर्धारण गरिएका थिए । जसमा भौगोलिक क्षेत्र, जनसंख्या, प्राकृतिक बनावट, प्रशासनिक हिसावले सुगमतासमेतलाई ध्यान दिएको पाइन्छ । त्यसैगरी २१ वर्ष उमेर पुगेका बालिग मताधिकारको आधारमा निर्वाचन हुने व्यवस्था, निर्वाचन आयोगको व्यवस्था, र निर्वाचन प्रक्रियाहरू कानूनमा व्यवस्था गरेबमोजिम हुने भन्ने रहेको पाइन्छ । निर्वाचन सम्बन्धी विवाद प्रधान न्यायाधिशबाट नियुक्त निर्वाचन विशेष अदालतबाट हुने व्यवस्था गरिएको थियो ।

**नेपालको संविधान, २०१९**

२०१९ को संविधानमा ११२ जना राष्ट्रिय पञ्चायतमा सदस्यहरू निर्वाचित हुने सहित श्री छ बाट मनोनित एक चौथाई सदस्य रहने व्यवस्था थियो । जसमा जिल्लालाई एक निर्वाचन क्षेत्र मानी तोकिएको आधारमा बालिग मताधिकार (२१ वर्ष उमेर पुगेका) सदस्यहरू पाँच वर्षका लागि निर्वाचित हुने प्रावधान थियो ।

प्रस्तुत संविधानले निर्वाचन सम्बन्धी कार्य गर्न निर्वाचन आयोगको व्यवस्था गरेको र सो आयोगले प्रस्तुत संविधान र कानूनमा व्यवस्था भएबमोजिम गर्ने निर्वाचन आयोगको सिफारिसमा निर्वाचन विशेष अदालतको गठन गर्ने व्यवस्थालाई समेटेको पाईन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७**

नेपालमा संसदीय प्रजातान्त्रिक व्यवस्थाको पुनस्थापना -जनआन्दोलन, २०४८ सहित २०४७ सालको नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएपछि भएको हो । यसबाट नै पञ्चायती व्यवस्थाको अन्त्य भएको र बहुदलीय शासन प्रणालीको पुनस्थापना भएकोले सार्वभौमसत्ता सम्बन्धी अधिकार जनतामा निहित थियो । उक्त संविधानले संसदमा दुई सभाको (राष्ट्रियसभा र प्रतिनिधिसभा) प्रावधान गरेको र तीनको निर्वाचन पनि फरक फरक तरिकाले गर्ने प्रावधानको गरेको थियो । प्रतिनिधि सभा तल्लो सदनमा सम्पूर्ण राष्ट्रलाई २०५ निर्वाचन क्षेत्रमा विभाजन गरी १८ वर्ष उमेर पुगेका बालिग मताधिकारको आधारमा पहिलो हुने निर्वाचित हुने बहुमतीय प्रणालीबाट अर्थात बढीमत प्रणालीबाट निर्वाचित हुने पद्धति अवलम्वन गरेको थियो त्यसैगरी राष्ट्रियसभा अर्थात माथिल्लो सदनको सम्बन्धमा भने मिश्रित प्रणाली अनुरूप (तल्लो सदनबाट एकल संक्रमणीय मतको आधारमा ३५ जना सदस्यको निर्वाचन गर्ने पाँच विकास क्षेत्रबाट तीन तीन जना सदस्यका दरले १५ जना सदस्यको निर्वाचन स्थानीय (गाउँ, नगर र जिल्ला) पदाधिकारीको निर्वाचक मण्डलबाट गरिएको र १० जना सदस्यहरू श्री छ बाट मनोनित) गर्ने प्रावधान गरिएको थियो ।

स्वच्छ र निश्पक्ष निर्वाचन गराउनको लागि निर्वाचन आयोगको व्यवस्था र निर्वाचन सम्बन्धी उजुरी कानूनले तोकेको अदालतबाट हुने प्रावधानलाई समेटिएको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३**

ऐतिहासिक जनआन्दोलन दुईबाट देशमा चलिरहेको जनयुद्धलाई समाप्त गरी शान्ति प्रक्रियाको सुरूआतको क्रममा तर्जुमा गरिएको संविधान नेपालको अन्तरिम संविधान, २०६३ हो । हुनत यो संविधान अर्को संविधान नबनेसम्मको लागि अर्थात निश्चित अवधिको लागि तर्जुमा गरिएको हो । राज्यको अग्रगामी पुनर्संरचना गर्ने लक्ष्य लिई समावेशीता र लोकतान्त्रिक मूल्य मान्यतामा प्रतिबद्ध हुँदै सार्वभौमसत्ता सम्पन्न संविधान बनाउन संविधानसभाको निर्वाचन गर्ने जिम्मेवारी भएको र निर्वाचन सफलतापूर्वक सम्पन्नसमेत भैसकेको हुँदा नयाँ संविधान तर्जुमा गर्ने क्रममा छलफल हुँदै गर्दाको अवस्थामा हामी छौं ।

विद्यमान संविधानमा निर्वाचनका सम्बन्धमा राजनैतिक सहमतिका आधारमा राष्ट्रपतिको निर्वाचन संविधानसभाबाट हुने व्यवस्था गरेको छ भने संविधनसभाको सदस्यको निर्वाचन मिश्रित निर्वाचन प्रणाली अनुरूप हुने व्यवस्था गरेको छ । जसमध्ये संविधानसभाको सदस्यको निर्वाचनका लागि निम्न प्रणाली अबलम्वन गरियो ।

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र
- समानुपातिक निर्वाचन प्रणाली ।

यस बाहेक निश्चित संख्यामा मनोनयनद्वारा सदस्यको नियुक्ती पनि गरियो । यस संविधानमा जनसंख्यालाई मुख्य आधार बनाइएको र समावेशी सिद्धान्तलाई ध्यान दिई निर्वाचन प्रणाली सम्बन्धी प्रावधान अपनाइएको छ भने मतदाताको उमेर १८ वर्षलाई कायम गरिएको छ । संविधानसभाको सदस्यको योग्यता सम्बन्धी विवादको निरोपण गर्ने अधिकार संविधानसभा अदालतलाई दिइएको छ । निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने अधिकार निर्वाचन आयोगलाई प्रदान गरिएको छ ।

यस अन्तरिम संविधान, २०६३ मा संविधानसभाको निर्वाचनको लागि मिश्रित निर्वाचन प्रणालीलाई अंगिकार गरेको सन्दर्भमा यस अन्तर्गत (१) पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत २४० स्थान र (२) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत ३३५ स्थान निर्धारित गरिएको थियो । कूल निर्वाचित स्थान ५७५ रहेको तथा २६ जनाको मनोनयन सरकारबाट हुने व्यवस्थाले कुल ६०१ सदस्यीय संविधानसभा गठन भएको अवस्था छ ।

## ३.७ विभिन्न तहका निर्वाचन

### राष्ट्रपतिको निर्वाचन

राष्ट्रपतिको निर्वाचन (प्रत्यक्ष वा अप्रत्यक्ष) प्रणाली कस्तो हुने हो भन्ने विषय अति नै महत्वपूर्ण मानिन्छ । राष्ट्रपतिको निर्वाचन प्रणालीले शासन-व्यवस्था, नीति, निर्माण र राजनीतिक स्थायित्व जस्ता विषयलाई प्रभाव पारेको हुन्छ । मुलुकले कुन किसिमका राष्ट्रपतिको भूमिका आफ्नो संविधानमा राख्न खोजेको हुन्छ त्यसै अनुरूपको निर्वाचन प्रणाली अपनाउनु पर्ने हुन्छ ।

अधिकांश मुलुकहरू जहाँ अधिकार सम्पन्न राष्ट्रपतीय प्रणालीको संविधान रहन्छ त्यस्ता मुलुकहरूमा राष्ट्रपति पदको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीबाट हुन्छ । जहाँ संसदीय प्रणाली अपनाइन्छ, त्यहाँ राष्ट्रप्रमुख/राष्ट्रपतिको निर्वाचन प्रणाली अप्रत्यक्ष किसिमको अपनाइन्छ ।

राष्ट्रपति प्रणालीमा निर्वाचित राष्ट्रपतिले लोकप्रिय जनादेश र वैधता दुवै रहेको दावी गर्दछ र त्यस्तो दावीको आधार विशेष रूपमा प्रतिनिधित्व कसरी भएको हो भन्ने आधारमा छुट्याउन सकिन्छ । स्पष्ट वहुमत प्राप्त गरेको राष्ट्रपतिमा कम बहुमतको आधारमा निर्वाचित भएका राष्ट्रपतिभन्दा ज्यादै बढी वैधानिकता र सुदृढ अवस्था रहने सम्भावना देखिन्छ । यसबाट राष्ट्रपति र विधायिकाबीचको सम्बन्धमा पनि महत्वपूर्ण प्रभाव पर्दछ । जनताको स्पष्ट बहुमतसाथ विजयी भएको राष्ट्रपतिले विधायिकामा कुनै प्रकारको द्वन्द्वलाई वैधानिकताको साथ-साथै नैतिक रूपमा पनि सामना गर्न सक्छ ।

राजनीतिकरूपमा विधायिका र कार्यपालिकाको सम्बन्ध संसदीय र राष्ट्रपतीय प्रणालीका बीचमा फरकफरक रहन्छ । अधिकार सम्पन्न राष्ट्रपतीय प्रणालीमा राष्ट्रपतिले विधायिकाको विश्वास प्राप्तगरी राख्नु आवश्यक हुँदैन । त्यस्तो राष्ट्रपतिलाई नीतिगत आधारमा मात्र पदबाट हटाउन सकिँदैन ।

सैद्धान्तिक रूपमा राष्ट्रपतिको प्रत्यक्ष निर्वाचनको लागि एक सदस्यीय निर्वाचन क्षेत्र हुने हुँदा जुनसुकै प्रणालीलाई प्रयोग गर्न सकिन्छ । जब विशेष रूपमा राष्ट्रपतिलाई राष्ट्रको कार्यकारी प्रमुखको रूपमा निर्वाचन गरिन्छ, त्यसको पूर्ण बहुमत सुनिश्चित गर्नको लागि प्रभावकारी औपचारिक वा व्यवहारिक प्राथमिकता प्रदान गर्नुपर्दछ र त्यस परिवेशमा अधिकांश मुलुकहरूमा दुई-चरण प्रणालीलाई नै प्रयोग गरेको पनि पाइन्छ । अर्थात ५०%+१ मत प्राप्त गर्न नसकेमा दोस्रो पटक निर्वाचन गर्ने गरेको पाइन्छ । तसर्थ राष्ट्रपतिको प्रत्यक्ष निर्वाचन गर्ने प्रणाली अवलम्बन गर्ने हो भने त्यस्तो राष्ट्रपतिले ५०%+१ लोकप्रिय मत प्राप्त गर्ने व्यवस्था राख्ने गरिन्छ । यसरी ५०%+१ को मान्यता राख्दा ५०%+१ आउन नसकेमा सबभन्दा बढी मत प्राप्त गर्ने दुईजनाको बीचमा दोस्रो पटक निर्वाचन गर्नु पर्ने हुँदा यो प्रणाली बढी खर्चिलो मानिन्छ ।

राष्ट्रपतिको प्रत्यक्ष वा अप्रत्यक्ष भन्ने निर्वाचनको प्रश्नको सम्बन्धमा मुख्यतः राष्ट्रपतिको अधिकार र भूमिका शासन प्रणालीसँग कुन रूपमा गाँसिएको छ, त्यस प्रसँगमा हेर्न आवश्यक हुन्छ । राष्ट्रपति राष्ट्राध्यक्ष मात्र नभै राज्य संचालनमा पनि संलग्न छ भन्ने त्यस राष्ट्रपतिको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीबाट हुन आवश्यक देखिन्छ । जस्तो संयुक्त राज्य अमेरिकामा राष्ट्रपतिको निर्वाचन विशेष किसिमको निर्वाचक मण्डलबाट हन्छ ।

राष्ट्रपतिको निर्वाचन प्रत्यक्ष बालिगमताधिकारबाट नगर्ने हो भने राष्ट्रपतिको निर्वाचनको लागि निर्वाचक मण्डल बनाउनु पर्ने हुन्छ विश्वको अनुभव र हाम्रो आवश्यकतासमेतलाई मध्यनजर गर्दा त्यस्तो निर्वाचक मण्डलमा संघीय सरकारका सदस्यहरू, प्रादेशीक संसदका सदस्यहरू तथा स्थानीय सरकारका प्रमुखहरू र उपप्रमुखहरू सहित रहने व्यवस्था गर्न पनि सकिन्छ ।

### उपराष्ट्रपतिको निर्वाचन

राष्ट्रपतिको अनुपस्थितिमा उपराष्ट्रपतिले राष्ट्रपतिले गर्ने कार्य गर्नुपर्ने हुँदा निजको निर्वाचन प्रणालीका सम्बन्धमा राष्ट्रपतिको निर्वाचन प्रणालीमा अपनाईएको प्रक्रियालाई नै अपनाउने

गरेको पनि पाइन्छ । संयुक्त राज्य अमेरिकाको प्रणाली जस्तो यो राष्ट्रपति निर्वाचित भएमा '**उपराष्ट्रपति यो हुने**' भनेर पहिले नै घोषणा गर्ने प्रचलन ।

**प्रधानमन्त्रीको निर्वाचन**

प्रधानमन्त्रीको निर्वाचन प्रणाली सम्बन्धी व्यवस्था पनि शासन प्रणालीबाट निर्धारण हुने विषय हो । शासन प्रणाली राष्ट्रपतीय प्रणाली अनुरूपको हुने वा संसदीय प्रणाली अनुरूपको हुने भन्ने गहन विषय रहेको हुन्छ । प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन हुने भए प्रधानमन्त्री र प्रतिनिधि सभाको निर्वाचन एकै समयमा दुई मतपत्र प्रणालीबाट गर्ने अवस्था पनि हुनसक्छ । किनकि एकै समयमा निर्वाचन गर्न सहज हुन्छ । प्रधानमन्त्री र विधायिकाको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रंणालीबाट हुन्छ भने दुवैको उत्तरदायित्व मतदाता प्रति रहन्छ । यदि संसदीय प्रणाली अपनाउने हो भने सोहीबमोजिम अप्रत्यक्ष निर्वाचन प्रणाली अवलम्वन गर्नु पर्ने हुन्छ ।

**केन्द्रीय विधायिकाको निर्वाचन**

केन्द्रीय विधायिकाको लागि मिश्रित निर्वाचन प्रणाली नै अपनाउने वा अन्य निर्वाचन प्रणाली अपनाउने हो छलफलको बिषय बनेको छ । केन्द्रीय विधायिकाका सदस्यको निर्वाचनका लागि पनि संविधानसभाको निर्वाचनमा अवलम्वन गरिए जस्तै निम्न दुई प्रकारका मिश्रित प्रणाली अपनाएको हाम्रो अनुभव ताजै छ ।

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र
- समानुपातिक निर्वाचन प्रणाली

उपरोक्त अनुरूपको प्रणाली अपनाउदा समावेशी सिद्धान्तलाई ध्यान दिई निर्वाचन प्रणाली सम्बन्धी प्रावधान समावेश गरिनु पर्ने हुन्छ । दुई सदनात्मक व्यवस्थापिका भए सो अनुरूप माथिल्लो सदन विभिन्न क्षेत्र, विभिन्न वर्ग, विभिन्न धर्म, विभिन्न आदिवासी-जनजाति, अल्प संख्यक, विभिन्न व्यावसाय र विभिन्न जातको प्रतिनिधित्व हुने हुँदा यसमा विशेष ध्यानदिनु पर्ने हुन्छ ।

**प्रादेशिक विधायिकाको निर्वाचन**

सामान्यतया प्रादेशिक विधायिकाको निर्वाचनमा केन्द्रीय विधायिकाको लागि अपनाईने निर्वाचन प्रणाली नै स्वीकार गरिएको हुन्छ । तथापी यसमा प्रत्येक राज्यमा अल्पसंख्यकको प्रतिनिधित्व सुनिश्चित गरी समावेसी बनाउन उनीहरूको लागि छुट्टै उम्मेदवारीको मनोनयन गरी संरक्षणको व्यवस्था गर्ने वा अन्य उपयुक्त उपाय अवलम्बन गर्ने भन्ने विषयमा छलफल गर्नु पर्ने देखिन्छ । प्रादेशिक विधायिकाको संख्या र क्षेत्र निर्धारणको विषय राजनीतिक भएको हुँदा राजनीतिक दलहरूको सहमतिका आधारमा नै निर्क्योल गरिनु पर्ने हुन्छ ।

**स्थानीय विधायिकाको निर्वाचन**

स्थानीय विधायिका अन्य भन्दा फरक प्रकृतिको हुने भएकोले निर्वाचन प्रणाली पनि केन्द्रीय विधायिका र प्रादेशिक विधायिकको लागि अपनाइने निर्वाचन प्रणाली भन्दा फरक अर्थात निर्वाचन प्रणाली अपनाएको पाइन्छ । किनकि यसमा हरेक दलको प्रतिनिधित्व हुन पर्ने र समावेसीता पनि हुने भएकोले स्थानीय क्षेत्रको विकास निर्माणको काम सहमतिकासाथ अघि बढाउन सहज हुनुका साथै काममा तिब्रता पनि आउँछ ।

## ३.८ निर्वाचन प्रणाली निर्धारण

निर्वाचन प्रणालीको छनोट एक महत्वपूर्ण राजनीतिक निर्णय हो । वास्तवमा कसरी राजनीतिलाई सञ्चालन गरिन्छ भन्ने विषय नै निर्वाचन प्रणालीको छनोटसँग गाँसिएको हुँदा यो प्राविधिक विषयमा नभएर विधायिका वा शासकीय प्रतिनिधि छान्ने संयन्त्र एवं समाजभित्र विद्यमान द्वन्द्व व्यवस्थापनको एक औजार पनि हो । विभिन्न मुलुकको अनुभवबाट यसका केही

समानतालाई आत्मसात गरिए तापनि खास निर्वाचन प्रणाली तथा यसको प्रभाव त्यस मुलुकको ऐतिहासिक, सामाजिक, सांस्कृतिक, राजनीतिक सन्दर्भ र लोकतन्त्रको परिपक्वताले निर्धारण गर्छ । कुनै मुलुकमा लोकतन्त्रको स्थायीत्व, दलगत प्रणालीको अवस्था दलको प्रभाव क्षेत्रमा सीमित वा व्यापकता, सामाजिक विविधताको अवस्था आदिलाई निर्वाचन प्रणालीले निर्धारण गरेको हुन्छ । खास निर्वाचन प्रणालीको छनोटले राष्ट्रको दूरदर्शी राजनीतिक पद्धतिलाईसमेत प्रभाव पार्दछ ।

**हाम्रो जस्तो विविधताले गर्दा विभाजित समाजमा निर्वाचन प्रणालीको ढाँचा तयार गर्दा निम्न कुरामा विचार गर्नुपर्छ :-**

विभिन्न राजनैतिक समूह पहिचानको प्रकृति, द्वन्द्व एवं विवादको प्रकृती, तथा द्वन्द्वरत पक्षहरूको अवस्थितिलाई समेत विचार गरी विविधतामा एकता कायम हुने प्रयास गरेर प्रणाली चयन गरिनु पर्ने हुन्छ ।

राज्यको प्रकृति, दल प्रणाली तथा समग्र संवैधानिक खाका सरोकारवालाहरूद्वारा सहमति तथा साझेदारीको आधारमा निर्वाचन प्रणाली चयन गर्नुपर्छ ।

निर्वाचन प्रणाली स्पष्ट र सरल हुनुपर्छ । सरलताले निर्वाचन सञ्चालनका लागि मात्र नभइ आम नागरिकले सहज रूपमा बुझ्न सक्ने कुरालाई बिशेष जोड दिन्छ । आफ्नो मतको प्रयोग कसरी हुन्छ भनी जान्ने अधिकार हरेक मतदातामा रहन्छ । मतदाताको शैक्षिकस्तर र सामाजिकीरणको स्तर राजनीतिक संस्कारको स्तरले तुलानात्मक रूपमा सरल र स्पष्ट विधि अपनाउन हाम्रो जस्तो मुलुकमा उपयुक्त हुन सक्दछ ।

निर्वाचन प्रणाली निर्धारण गर्दा विद्यमान सामाजिक सन्दर्भमा विविधतायुक्त जीवन शैलीलाई ख्याल गरिनु पर्छ भने स्थायी वा संक्रणकालीन आवश्यकतालाई समेत छुट्टयाउनु पर्छ । निर्वाचन शान्तिका लागि संक्रमणकालीन औजार पनि भएको हुँदा द्वन्द्वोत्तर मुलुकको हकमा निर्वाचन प्रक्रिया अपनाउँदा विशेष ध्यान दिनु पर्ने हुन्छ ।

विविधतायुक्त सामाजिक राजनीतिक अवस्था तथा समावेशी राज्य निर्माणमा जोड दिदैं आएका सम्पुर्ण पक्षहरूको माग तथा बढ्दो जनआकांक्षालाई पनि वेवास्ता गर्न मिल्दैन त्यसो गरेमा प्रणालीको बैधतामा प्रश्न उठ्न सक्ने सम्भाबना रहन्छ ।

तसर्थ विद्यमान राजनीतिक पृष्ठभूमिमा सर्वस्वीकार्य हुने किसिमको प्रणाली छनौट गर्नुपर्छ । मतदाताको अधिकतम सन्तुष्टिलाई ध्यान दिई हरेक मतदाताले आफ्नो मत मूल्यवान रहेको महशुस गर्न सक्ने वातावरण हुनु पर्छ ।

नेपालमा हालसम्म कायम रहेको पहिलो हुने निर्वाचित हुने प्रणालीको अधिक प्रयोगले सामान्य नागरिकहरू यस प्रणालीसँग बढी परिचित रहेको अवस्था छ । त्यसैले यो बाहेक अन्य प्रणाली अपनाउँदा मतदातालाई परिवर्तनको कारण तथा परिवर्तीत प्रणालीसँग परिचित वा साक्षार गराउने कुरालाई प्रथमिकताका साथ अघि बढाउनु पर्छ । यस्ता अभियानले प्रणाली आत्मसात गर्ने वातावरण तयार हुँदै जान्छ ।

विगतको संसदीय पद्धतिसँगै अपनाइदै आएको पहिलो हुने निर्वाचित हुने प्रणालीको विकल्पमा नयाँ प्रणाली चयन गर्दा निर्वाचन प्रणालीलाई प्रतिनिधि छान्ने संयन्त्रको रूपमा मात्र नहेरी समस्त राजनीतिक प्रणाली विकासको स्थायी कारकको रूपमा पनि हेरिनु पर्छ । निर्वाचन प्रणालीले प्रतिनिधि छान्ने उपायभन्दा माथि उठी विद्यमान द्वन्द्व निरूपणको एक औजारको रूपमा कार्य गर्ने संयन्त्र बन्न सक्नु पर्छ ।

निर्वाचन प्रणाली तत्कालका लागि पनि उपयुक्त हुनुका साथै दलीय प्रणालीलाई प्रोत्साहन गर्न सक्ने तवरबाट र गत संविधानसभाले अपनाएका र अन्य विदेशी मुलुकले स्वीकार गरेका राम्रा पक्षलाई आत्मसाथ गरेर तय गरेमा दिगो हुन सक्छ ।

## ३.९ समितिको अवधारणा

**समितिको बैठकमा १८ मत प्राप्त निर्वाचन प्रणाली**

**१. केन्द्रीय व्यवस्थापिकाको निर्वाचन**

प्रत्यक्ष निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली दुवैको गुण समावेश हुनेगरी एक निर्वाचन क्षेत्रबाट एकभन्दा बढी सदस्यहरू निर्वाचित हुने, राजनैतिक दलले निर्वाचन क्षेत्रमा कानूनद्वारा निर्धारण भएबमोजिम समानुपातिक समावेशी रूपमा उम्मेदवारहरू उठाउनु पर्ने, एक क्षेत्रबाट जतिजना सदस्यहरू निर्वाचित हुने हो मतदाताहरूले त्यति नै उम्मेदवारलाई मत दिनु पर्ने, निर्वाचन क्षेत्रको जनसंख्याको आधारमा सीट निर्धारण गर्दै एक सदनात्मक केन्द्रीय व्यवस्थापिका रहने गरी बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने ।

यस्तो निर्वाचन प्रणाली अपनाउदा समानुपातिक समावेशी प्रतिनिधित्वको ग्यारेण्टी हुने, प्रतिनिधि र निर्वाचन क्षेत्र वीचमा प्रत्यक्ष सम्बन्ध रहने, अलग अलग प्रक्रियाद्वारा निर्वाचित भन्ने आधारमा प्रतिनिधिहरूका वीचमा नै विभाजित मनस्थिति नरहने, स्वतन्त्र उम्मेदवार पनि उठ्न सक्ने र निर्वाचित हुन सक्ने र प्रत्यक्ष निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली दुवैको गुण समावेश हुने देखिएकोले वहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अपनाउन उपयुक्त हुन्छ ।

**२. प्रादेशिक व्यवस्थापिकाको निर्वाचन**

प्रत्यक्ष निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली दुवैको गुण समावेश हुनेगरी एक निर्वाचन क्षेत्रबाट एकभन्दा बढी सदस्यहरू निर्वाचित हुने, राजनैतिक दलले निर्वाचन क्षेत्रमा कानूनद्वारा निर्धारण भएबमोजिम समानुपातिक समावेशी रूपमा उम्मेदवारहरू उठाउनु पर्ने, एक क्षेत्रबाट जतिजना सदस्यहरू निर्वाचित हुने हो मतदाताहरूले त्यति नै उम्मेदवारलाई मत दिनु पर्ने, निर्वाचन क्षेत्रको जनसंख्याको आधारमा सीट निर्धारण गर्दै एक सदनात्मक केन्द्रीय व्यवस्थापिका रहने गरी बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अबलम्बन गर्ने ।

यस्तो निर्वाचन प्रणाली अपनाउदा समानुपातिक समावेशी प्रतिनिधित्वको ग्यारेण्टी हुने, प्रतिनिधि र निर्वाचन क्षेत्र वीचमा प्रत्यक्ष सम्बन्ध रहने, अलग अलग प्रक्रियाद्वारा निर्वाचित भन्ने आधारमा प्रतिनिधिहरूका वीचमा नै विभाजित मनस्थिति नरहने, स्वतन्त्र उम्मेदवार पनि उठ्न सक्ने र निर्वाचित हुन सक्ने र प्रत्यक्ष निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली दुवैको गुण समावेश हुने देखिएकोले वहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अपनाउन उपयूक्त हुन्छ । तर कूल सदस्य संख्याको १०% अल्पसंख्यक सीमान्तकृत, लोपोन्मुख एवं विज्ञहरूमध्येबाट मनोनयन हुने व्यवस्था गर्न उपयुक्त हुन्छ । यसको कार्याविधि कानूनमा व्यवस्था गरेबमोजिम हनेछ ।

## समितिको बैठकमा १६ मत प्राप्त निर्वाचन प्रणाली

### १. केन्द्रीय व्यवस्थापिकाको निर्वाचन

**(क) तल्लो सदनः** मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली (MMPR) अवलम्बन गर्ने । यस अनुसार व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरूमध्ये ५० प्रतिशत सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य वर्ग र समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित गरी समानुपातिक सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित गरी पहिलो हुने निर्वाचित हुने प्रणालीको अमिल्दो अनुपात वापत क्षतिपूर्ति हुनेगरी तथा सिंगो मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दलहरूलाई प्राप्त मतको आधारमा समानुपातिक रूपमा सूचीमा समावेश भएको उम्मेदवारको नाम परिवर्तन गर्न नपाइने व्यवस्थासहितको सूची प्रणाली अवलम्बन गरी बाँकी ५० प्रतिशत सदस्य निर्वाचित हुने ।

तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनका लागि राजनीतिक दलले न्यूनतम तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।

**(ख) माथिल्लो सदनः** प्रत्येक प्रादेशिक सभाबाट समानुपातिक समावेसी प्रतिनिधित्व हुनेगरी कानूनमा व्यवस्था भएबमोजिम ४५ जना, प्रत्येक प्रदेश भित्रका स्थानीय सरकारका प्रमुखहरूको निर्वाचक मण्डलबाट १ जनाको दरले १५ जना सहित ६० जना निर्वाचित हुने र राष्ट्रिय जीवनको विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका ख्यातिप्राप्त विज्ञ व्यक्तित्व तथा अल्पसंख्यक एवं सीमान्तकृतहरू मध्येबाट प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट ५ जना मनोनित गर्ने गरी दुई सदनात्मक प्रादेशिक व्यवस्थापिका अबलम्बन गर्ने निर्वाचन प्रणाली निर्धारण गर्न उपयुक्त हुने भएकाले उपरोक्तानुसारको निर्वाचन प्रणाली अवलम्बन गर्न उपयुक्त हुन्छ ।

२. **प्रादेशिक व्यवस्थापिकाको निर्वाचनः** मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली (MMPR) अवलम्बन गर्ने । यस अनुसार व्यवस्थापिकाका सदस्यहरूमध्ये ५० प्रतिशत कानूनमा व्यवस्था भएबमोजिम महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य वर्ग र समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित हुने गरी पहिलो हुने निर्वाचित हुने प्रणालीको अमिल्दो अनुपात वापत क्षतिपूर्ति हुनेगरी तथा सिंगो निर्वाचन क्षेत्रलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दलहरूलाई प्राप्त गरेको मतको आधारमा समानुपातिक निर्वाचन प्रणाली अनुरूप सूचीमा समावेश भएको उम्मेदवारको नाम परिवर्तन गर्न नपाइने व्यवस्थासहितको सूची प्रणाली अवलम्बन गर्न बाँकी ५० प्रतिशत सदस्य निर्वाचित हुने प्रणाली निर्धारण गरिएको ।

तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनका लागि राजनीतिक दलले न्यूनतम तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।

**समितिको बैठकमा ३ मत प्राप्त निर्वाचन प्रणाली**

१. **केन्द्रीय व्यवस्थापिकाको निर्वाचन**

**(क) तल्लो सदनः बढी मत/बहुमत प्रणाली (प्रत्यक्ष निर्वाचन प्रणाली)**

यस प्रणालीमा सदर खसेको मतमध्ये बढी मत ल्याउने उम्मेदवार, दल/निर्वाचन एकाईहरू बिजयी हुने, एक सदस्यीय निर्वाचन क्षेत्रको प्रयोग हुने, उम्मेदवार केन्द्रीत मतदान प्रणाली भएकोले मतदाताले दललाई भन्दा उम्मेदवारलाई जोड दिई मतदान गर्ने हुदा सो प्रणाली अवलम्बन गर्दै महिला, आदिवासी जनजाती, दलित, मधेशी तथा अन्य समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित गर्न उपयुक्त हुने ।

**(ख) माथिल्लो सदनः समानुपातिक निर्वाचन प्रणाली**

समानुपातिक निर्वाचन प्रणाली प्रत्यक्ष निर्वाचन प्रणालीभन्दा बढी सुनिश्चित हुने, दलगत रूपमा पनि समानुपातिक हुने, देशभरिको प्रतिनिधित्वको रूपमा दलमात्र रोज्न सक्ने, सरल, विविधतापूर्ण समाजमा सबैको प्रतिनिधित्व हुने भएकाले प्रत्यक्ष निर्वाचनमा दलहरूले प्ाप्त गरेको मतका आधारमा निर्वाचित हुनेगरी सो प्रणाली अवलम्बन गर्दै दुई सदनात्मक केन्द्रीय व्यवस्थापिका अबलम्बन गर्ने निर्वाचन प्रणाली निर्धारण गर्न उपयुक्त हुने भएकाले उपरोक्तानुसारको निर्वाचन प्रणाली अवलम्बन गर्न उपयुक्त हुन्छ ।

तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनका लागि राजनीतिक दलले न्यूनतम तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।

२. **प्रादेशिक व्यवस्थापिकाको निर्वाचन**

**(क) तल्लो सदनः प्रत्यक्ष निर्वाचन प्रणाली**

यस प्रणालीमा सदर खसेको मतमध्ये बढी मत ल्याउने उम्मेदवार, दल/निर्वाचन एकाईहरू बिजयी हुने, एक सदस्यीय निर्वाचन क्षेत्रको प्रयोग हुने, उम्मेदवार केन्द्रित मतदान प्रणाली भएकोले मतदाताले दललाई भन्दा उम्मेदवारलाई जोड दिई मतदान गर्ने हुदा सो प्रणाली अवलम्बन गर्दै महिला, आदिवासी जनजाती, दलित, मधेशी तथा अन्य समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित गर्न उपयुक्त हुने ।

**(ख) माथिल्लो सदनः समानुपातिक निर्वाचन प्रणाली**

समानुपातिक निर्वाचन प्रणाली प्रत्यक्ष निर्वाचन प्रणालीभन्दा बढी सुनिश्चित हुने, दलगत रूपमा पनि समानुपातिक हुने, प्रदेशभरिको प्रतिनिधित्वको रूपमा दलमात्र रोज्न सक्ने, सरल, विविधतापूर्ण समाजमा सबैको प्रतिनिधित्व हुने भएकाले प्रत्यक्ष निर्वाचनमा दलहरूले प्रप्त गरेको मतका आधारमा निर्वाचित हुनेगरी सो प्रणाली अवलम्बन गर्दै दुई सदनात्मक प्रादेशिक व्यवस्थापिका अबलम्बन गर्ने निर्वाचन प्रणाली निर्धारण गर्न उपयुक्त हुने भएकाले उपरोत्तानुसारको निर्वाचन प्रणाली अवलम्बन गर्न उपयुक्त हुन्छ ।

तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनका लागि राजनीतिक दलले न्यूनतम तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।

### ३. स्थानीय व्यवस्थपिकाको निर्वाचन

स्थानीय निकायको व्यवस्थापिकाको निर्वाचनमा समावेशी, समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्दै प्रत्यक्ष निर्वाचन प्रणालीबाट समानान्तर निर्वाचन प्रणाली अन्तर्गत समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न र प्रत्यक्ष निर्वाचन प्रणालीबाट पनि छुट्न गएका समुदायको लागि केही प्रतिशत सिट सुरक्षित गर्न उपयुक्त देखिएकोले, स्थानीय निकायलाई विभिन्न इलाकामा बर्गीकरण गरी समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित गरी बहुसदस्यीय निर्वाचन प्रणालीका आधारमा प्रत्यक्षरूपमा निर्वाचित हुनेगरी स्थानीय निकायको व्यवस्थापिकीय अंगका ७० प्रतिशत सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम हुने निर्वाचन प्राणाली अवलम्बन गर्न उपयुक्त हुने गरी निर्णय भएको । त्यसैगरी प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका वर्ग र समुदायहरूको प्रतिनिधित्वलाई सुनिश्चित गर्न ३० प्रतिशत सदस्यहरू सम्पूर्ण स्थानीय निकायलाई एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिनेगरी कानूनमा व्यवस्था भएबमोजिम सूची समानुपातिक निर्वाचन प्रणालीका आधारमा निर्वाचित हुने निर्वाचन प्रणाली अवलम्बन गर्न उपयुक्त हुने गरी निर्णय गरिएको ।

## ३.१० मतदाताको उमेर निर्धारण

मतदाताको अधिकारलाई मानवअधिकार र मौलिक अधिकारको रूपमा विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरू र संविधानहरूले सुनिश्चित गरिसकेका छन् । नेपालको सन्दर्भमा हेर्दा नेपाल सरकारको वैधानिक कानून, २००४, नेपालको अन्तरिम शासन विधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५, नेपालको संविधान, २०१९ ले २१ वर्षलाई बालिग भनी मताधिकारको उपयोग गर्न पाउने व्यवस्था गरेको भए तापनि नेपाल अधिराज्यको संविधान, २०४७ र नेपालको अन्तरिम संविधान, २०६३ ले भने १८ वर्षलाई बालिग मानेर मताधिकारको व्यवस्था गरेको पाइन्छ ।

बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९८९ ले १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिकाको रूपमा मान्यता दिएको र नेपालले सो महासन्धी अनुमोदन गरिसकेको सन्दर्भमा नेपाल सरकारले विभिन्न ऐन, नियमहरूमा बालिग हुने उमेर १८ वर्ष कायम हुने गरी संशोधनसमेत गरिसकेको र नयाँ बन्ने ऐन, नियममा सोहीबमोजिम परिमार्जन गर्नु पर्ने अवस्था छ ।

बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीको प्रावधानले विश्वव्यापी मान्यता पाएको सन्दर्भमा हामीले पनि १८ वर्षलाई बालिग मानी मतदाताको उमेर १८ वर्षलाई नै कायम गरेको छ । व्यवस्थापिकाको अंग निर्धारण सम्बन्धी समितिले मतदाताको उमेर १८ वर्षलाई नै निर्धारण गरिसकेको हुँदा यस समितिको अवधारणामा उल्लेख गरिएका छैन ।

## ३.११ निर्वाचन क्षेत्र निर्धारण

जनताले आफ्नो सार्वभौम अधिकार प्रयोग गरी निर्वाचनको माध्यमबाट प्रतिनिधिहरू चुन्ने भएकोले उक्त प्रतिनिधिहरू कहाँबाट र कसरी प्रतिनिधित्व हुने भन्ने सवाल निर्वाचन क्षेत्रसँग सम्बन्धित हुने भएकोले क्षेत्र निर्धारणलाई महत्वपूर्ण मानिन्छ । हरेक क्षेत्रका बालिग मतदाताले आफ्ना प्रतिनिधिलाई आ-आफ्नो क्षेत्रबाट प्रतिनिधित्व गराउने प्रयोजनको लागि व्यवस्थित रूपमा क्षेत्र तोकिएको हुन्छ ।

विभिन्न मुलुकमा आ-आफ्नो मुलुकको समय, परिस्थिति, जनसंख्या, भौगोलिक र प्राकृतिक अवस्थिति, प्रशासनिक सुगमताका सामुदायिक र सांस्कृतिक आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिएको हुन्छ ।

हाम्रो मुलुकको सन्दर्भमा हेर्दा मुलुक द्वन्द्वबाट शान्ति स्थापना तर्फ उन्मुख भएकोले विभिन्न जनजाती धार्मिक, लैंगिक, सीमान्तकृत वर्ग, भौगोलिक विविधता र प्रशासनिक रूपले सुगमता नभएको हुँदा अब बन्ने संविधानमा यी माथिका विविधताहरूलाई समेत समेटेर निर्वाचन क्षेत्र निर्धारण गर्न जनसंख्या, भौगोलिक र प्राकृतिक अवस्थिति, प्रशासनिक सुगमताका सामुदायिक र सांस्कृतिक आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने गरी व्यवस्था गरिएको छ ।

निर्वाचन क्षेत्र निर्धारण गर्दा स्थायी प्रकारको क्षेत्र निर्धारण गरिनु पर्दछ । हरेक अध्यावधिक निर्वाचनमा निर्वाचित क्षेत्र बदलिरहने प्रकितिको पनि हुनहुँदैन । सैद्धान्तिक रूपमा एकपटक भएपछि सधैका लागि स्थायी रूपको (Once for Always) हुनुपर्छ भन्ने मान्यता रहेको पाइन्छ । तथापि सधै एउटै अवस्थामा जनसंख्या नरहने हुँदा जनसंख्या कम भएको क्षेत्रको प्रतिनिधि पनि घटबढ हुँने हुँदा उक्त क्षेत्रको समानुपातिक विकासमा समेत अवरोध आउन सक्ने हुँदा सोही अनुपातमा जनसंख्या बढी भएको ठाउँबाट बढी संख्यामा प्रतिनिधित्व गराउनु पर्ने हुन्छ ।

तसर्थ निर्वाचन क्षेत्र निर्धारण गर्दा मुलुकको बदलिंदो परिस्थिति अनुरूप हरेक २० वर्षमा पुनरावलोकन भने गर्दै जानु पर्ने हुन्छ । समयको लामो अन्तरालमा जनसंख्या बसाई सराई र जनसंख्या बृद्धि आदिलाई ध्यान दिई निर्वाचन क्षेत्र पुर्ननिर्धारण गरी समयानुकुल सुधार गर्दै लगेमा स्थायीत्व र समानुपातिक प्रतिनिधित्व हुनसक्ने भएकोले सोही अनुरूप हुने गरी प्रत्येक २० वर्षमा निर्वाचन क्षेत्र पुनरावलोकन गर्ने गरी निर्णय भएको छ ।

### ३.१२ निर्वाचन सम्बन्धी विवाद र समाधानको संयन्त्र

विश्वका अधिकांश मुलुकका संविधानले निर्वाचन सम्बन्धी विवादको निरूपण गर्ने संयन्त्रको व्यवस्था गरेका हुन्छन् किनकि विवाद उठिसकेपछि त्यसको समाधान एउटै वा सोही प्रकारको संयन्त्र मार्फत समाधान गर्नु हरेक दृष्टिकोणले न्यायोचित र उपयुक्त मानिन्छ ।

संयुक्त राज्य अमेरिकामा सर्वोच्च अदालतले राष्ट्रपतिको निर्वाचन सम्बन्धी विवादको समाधान गर्ने गर्छ । छिमेकी राष्ट्र भारतको संविधानले संसदीय निर्वाचन सम्बन्धी विवादको समाधान गर्ने अधिकार उच्च न्यायालयलाई दिएको छ । अन्य कतिपय मुलुकले पनि राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा उठेका विवादको समाधान सर्वोच्च अदालतबाट र अन्यको हकमा सोभन्दा तल्लो अदालतबाट विवादको समाधान गर्ने व्यवस्था गरेको पाइन्छ ।

हाम्रो देशमा पनि सोही अनुरूप राष्ट्रपति/उपराष्ट्रपति, प्रधानमन्त्री प्रत्यक्ष निर्वाचन हुने भएमा संघीय विधायिका आदिको निर्वाचन सम्बन्धमा विवाद समाधान गर्न सर्वोच्च अदालतको न्यायाधिशलाई तोक्ने गरी कानूनमा व्यवस्था गर्ने र अन्य प्रादेशिक व्यवस्थापिका, प्रादेशिक सरकार प्रमुख र स्थानीय सरकार प्रमुख आदिको सम्बन्धमा भने प्रादेशिक उच्च अदालत तत्तत् क्षेत्रका अदालतका न्यायाधिशलाई तोक्ने गरी निर्वाचन विशेष अदालत गठन गर्ने गरी कानूनमा व्यवस्था गर्ने गरेको पाइन्छ । यसले गर्दा आर्थिक र प्रशासनिक रूपले पनि कम खर्चिलो हुने एवं सुगमताको हिसावले पनि सजिलो हुने देखिएकोले सोहीबमोजिम हुने गरी उपयुक्त हुने देखिन्छ ।

(यस सम्बन्धी विषयमा सम्बन्धित समितिमार्फत निर्णय हुन उपयुक्त देखिएको)

## भाग–४

# सरकारी सेवाको गठन र सञ्चालन विधि एवं सुशासनका आधार

### ४.१ सार्वजनिक प्रशासनको परिचय

सार्वजनिक प्रशासनले सरकारको निर्धारित नीति कार्यान्वयन गर्ने क्षमता राख्ने र सरकारी कार्यक्रमको प्रभावकारितासँग सम्बन्धित हुने भएकोले सार्वजनिक प्रशासनलाई शासनको अर्को रूप मानिन्छ, जसले राष्ट्रिय हितको लागि राजनैतिक अभ्याससमेत गर्दछ । सार्वजनिक प्रशासनले शासनका बृहत् मुद्दाहरूसँग सम्बन्ध राख्छ जस्तो नीति तर्जुमा गर्ने संयन्त्र, सूचना प्रवाहको प्रावधान, सरकारका विभिन्न निकायहरूबीचको सम्बन्ध, समुदायसँग सरकारको सम्बन्ध र अन्तर्राष्ट्रिय सम्बन्धसमेत यसका क्षेत्रहरू हुन् । यसको साथै सरकारले निजी क्षेत्र र नागरिक समाजको लागि के गर्दछ भन्ने विषयसँग पनि सार्वजनिक प्रशासन सम्बन्धित भएकोले सरकारका तीनै अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई समेत यसले समेट्ने गर्दछ ।

कुनै पनि मुलुकको सार्वजनिक प्रशासन उक्त मुलुकको राजनीतिक प्रणाली र आर्थिक नीतिबाट परिचालित हुन्छ । राजनीतिक प्रणाली बन्द वा खुल्ला अवलम्वन गरेको आधारमा त्यस मुलुकको प्रशासन प्रणाली प्रभावित भएको हुन्छ र फरक फरक रूपमा संचालित हुने गर्छ । खुला राजनीतिक प्रणालीमा प्रशासनले पनि आफ्नो भूमिकालाई बढी जिम्मेवार बनाई सेवाग्राहीप्रति उत्तरदायी र गुणस्तरीय सेवा प्रवाहमा जोड दिएको हुन्छ भने बन्द राजनीतिक प्रणालीमा प्रशासन बढी शक्तिशाली हुन गई नीति निर्माणमा आफ्नो प्रभुत्वले गर्दा राजनीतिक नेतृत्व नै ओझेलमा पर्न पनि सक्दछ । यस्तो अवस्थामा प्रशासकले राजनीतिज्ञको भूमिकासमेत निर्वाह गर्न सक्दछ ।

लोकतन्त्र अर्थात बहुदलीय व्यवस्थामा स्वच्छ, स्वतन्त्र निर्वाचनको माध्यमबाट राजनीतिक दल वा व्यक्ति चुनिने र तिनीहरूले दलको प्रतिबद्धता एवं घोषणापत्रमा उल्लेख भएका आधारमा नीति निर्माण गर्ने र प्रशासनिक संयन्त्रले उक्त नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै जाने हुँदा प्रशासनिक संयन्त्र पनि राजनीतिक जत्तिकै जिम्मेवार र उत्तरदायी रहन्छ । त्यसैगरी राजनीतिक प्रणालीले प्रशासनिक कार्य प्रणालीलाई नियन्त्रण एवं निर्देशन गरिरहेको हुन्छ ।

प्रशासक र शासक एकै व्यक्ति हुन नसक्ने वर्तमान पद्धतिको कारण राजनीति र प्रशासनलाई अलग गरिएको हो । हाम्रो देशको सन्दर्भमा भन्नु पर्दा प्रशासन संचालन गर्ने मेरूदण्डको रूपमा निजामती प्रशासनलाई लिइन्छ किनकी यसलाई **"स्थायी सरकार"**को रूपमा स्वीकार गरिएको छ । निजामती प्रशासनलाई कर्मचारीतन्त्र पनि भनिन्छ । सरकार जुनसुकै कारणले पनि फेरबदल भैरहने हुँदा जस्तोसुकै समस्याको समय होस वा आन्दोलन वा अन्तर्राष्ट्रिय संकटको समयमा पनि यसले आफ्नो निर्दिष्ट लक्ष्यलाई निरन्तरता दिइनै रहन्छ । प्राचीन चीन, रोम र फ्रान्समा धेरै पटक गणतन्त्र असफल हुँदा पनि मुलुकलाई बचाईरहन सफल भएको कारण पनि कुशल कर्मचारीतन्त्र नै मानिन्छ । त्यसैले कर्मचारीतन्त्रको सक्षमताले नै मुलुकको विकास र सुशासनमा महत्वपूर्ण भूमिका रहँदै आएको पाइन्छ ।

## ४.२ सार्वजनिक प्रशासनका सिद्धान्त

सार्वजनिक प्रशासन र व्यवस्थापनका सम्बन्धमा प्रतिपादन गरिएका सिद्धान्तमा केही अन्तर देखिए तापनि समानता पनि छन् । यस दृष्टिकोणबाट अध्ययन गर्दा कतिपय लेखकले आफ्ना धारणा दिने क्रममा हेनरी फयोलद्वारा उल्लेख गरेका प्रशासनका १४ वटा सिद्धान्तलाई नै सार्वजनिक प्रशासनको सिद्धान्तका रूपमा अंगिकार गरेको पाइन्छ । ती सिद्धान्त हुन् :-

- कार्य विभाजन,
- अधिकार र जिम्मेवारी,
- अनुशासन,
- आदेशको एकात्मकता,
- निर्देशनको एकात्मकता,
- सामुहिक चाहनाको प्रत्याभूति,
- कर्मचारीको पारिश्रमिक,
- केन्द्रीयकरण,
- अधिकार क्षेत्र,
- आदेश,
- समानता,
- कर्मचारीको स्थायित्व,
- नयाँ कार्यको थालनी र
- भावनाको एकात्मकता ।

L.D. White ले Introduction to the Study of Public Administration मा देहायबमोजिम उल्लेख गरेका छन् ।

- संगठनको सिद्धान्त
- कानूनको सिद्धान्त
- जनसम्पर्कको सिद्धान्त
- राजनीतिक निर्देशनको सिद्धान्त
- अनुसन्धानको सिद्धान्त
- प्रजातन्त्रको सिद्धान्त
- परिवर्तन कार्यकुशलताको सिद्धान्त
- विकेन्द्रीकरण र अधिकारको प्रत्यायोजनको सिद्धान्त
- समन्वयको सिद्धान्त
- प्रतिष्ठाको सिद्धान्त

  उल्लेखित बुँदाका अतिरिक्त सार्वजनिक प्रशासनको सिद्धान्तमा अधिकार प्रत्यायोजन, समन्वय, समिकरण र असमिकरण तथा केन्द्र र क्षेत्रको सम्बन्धलाई समेत समावेस गरेको पाइन्छ । प्रशासनले ओगटेको विषय वृहत र विस्तृत भएकोले यसको सिद्धान्तलाई तोकिएको बुँदामा सिमित गर्न कठिन हुन्छ । तसर्थ समय सापेक्ष नयाँ सिद्धान्त प्रतिपादन हुँदै गएकोले सार्वजनिक प्रशासनको सिद्धान्तमा पनि केही थपघट हुँदै आएका छन् ।

## ४.३ नयाँ सार्वजनिक प्रशासन

सन् १९८० को दशकमा राज्य सञ्चालनका नविनतम प्रयोगसँगै सरकारका परम्परागत कार्यशैलीमा देखा परेको परिवर्तन नै नयाँ सार्वजनिक प्रशासनको नामले स्थापित भयो । जुन देहायमा उल्लेख गरिएकोछ :-

- प्रशासनको आकार सानो पार्ने,
- सेवाको गुणस्तरीयता र प्रभावकारितामा जोड दिनु पर्ने,
- सेवाको लागत घटाउँदै जाने,
- आफ्नो दक्षता नभएको क्षेत्रमा सार्वजनिक प्रशासनले हस्तक्षेप नगर्ने,
- परम्परागत सुस्त कार्यशैलीमा सुधार गर्नु पर्ने,
- नतिजामुलक कार्य पद्धतिमा जोड दिनु पर्ने,
- उत्तरदायित्व स्पष्ट हुनुपर्ने,
- लालफीताशाही (Red Tapism) प्रशासनको पर्यायबाची हुन नहुने,
- प्रजातन्त्रको बाधकको रूपमा हुनु नहुने,
- निजी उद्यमशीलता र परिवर्तनको लागि स्वीकार गर्नु पर्ने ।

सार्वजनिक प्रशासनमा निजी क्षेत्रका राम्रा पक्षहरूलाई पनि समायोजन गरी नयाँ सार्वजनिक व्यवस्थापन गर्न निजी क्षेत्रको जस्तै व्यवस्थापन प्रविधिको प्रयोग हुनु पर्ने मान्यताले नयाँ सार्वजनिक व्यवस्थापनलाई समेटने गर्छ । नया सार्वजनिक व्यवस्थापनले राजनीतिक नेतृत्वको सक्रिय संलग्नता र निर्दिष्ट कार्यक्रमहरूको व्यवस्थापनमा संगठनात्मक स्वशासनलाई महत्वपूर्ण मान्दछ ।

नयाँ सार्वजनिक प्रशासन परम्परागत कार्यशैलिको आलोचक मात्र नभएर सरकारको भूमिका र नागरिक समाजको सम्बन्धमा आएको परिवर्तनको सूचक पनि हो । कर्मचारितन्त्रका परम्परागत कार्यशैलीको सट्टा बजारमा आधारित लचिलो व्यवस्थापन आवश्यक भएको भन्ने नवीन मान्यताले नयाँ सार्वजनिक व्यवस्थापनमा दक्षता, मितव्ययिता र प्रभावकारितालाई माध्यमको रूपमा लिएको देखिन्छ ।

त्यसैले लक्ष्य प्राप्तीका लागि आवश्यक पर्ने साधनहरूको व्यवस्थापनमा लचिलोपना, व्यवस्थापकलाई व्यवस्थापन गर्ने अधिकार, प्रशासकले व्यवस्थापकीय उत्तरदायित्व निभाउनु पर्ने अनिवार्यता, प्रशासनिक सेवाको नियमनमा भन्दा उत्पादनमा जोड, उपलब्ध सेवाको प्रयोगमा उपभोक्ताहरूका अधिकारको संरक्षण, नतिजामूलक र साझेदारीमा आधारित कार्यप्रणाली, उद्देश्यपरक व्यवहार, प्रशासनिक प्रक्रियामा मितव्ययिता, प्रभावकारिता र प्रतिस्पर्धालगायत वित्तीय अनुशासन एवं गुणस्तरीय व्यवस्थापनका उद्देश्य हासिल गर्ने महत्वपूर्ण माध्यम हो नयाँ सार्वजनिक व्यवस्थापन भनी भन्न सकिन्छ ।

## ४.४ व्यवस्थापनका मूलभूत तत्वहरू

व्यवस्थापनका मूलभूत तत्वहरू देहाबमोजिम रहेका छन् ।

- लागत न्यूनिकरण र संख्या कटौति
- संस्थागत स्वरूपको संरचना र कार्यसम्पादन-पद्धति
- बजारमा आधारित संयन्त्र
- सेवा प्रदायक र सेवा ग्राहीको कार्यक्षेत्र गथा उत्तरदायित्वको निर्धारण
- प्रशासनिक अधिकारको विकेन्द्रीकरण
- कार्य क्षमता मुलक व्यवस्थापनको प्रयोग
- गुणस्तर र उपभोक्ताप्रतिको संवेदनशीलता

समग्रमा राज्य सञ्चालनमा सरकारको तीन अंगको महत्वपूर्ण र विशिष्ट स्थान रहेको हुन्छ । सार्वभौम जनताका सम्पूर्ण आवश्यकताको परिपूर्ति गर्ने जिम्मेवारी सरकारको हुने हुँदा सरकारले सोको परिपूर्तिको लागि प्रशासनयन्त्रको निर्माण गरेको हुन्छ । बदलिंदो परिस्थितिसँगै जनचाहनामा परिवर्तन हुनु पनि स्वभाविकै हो र सोही अनुरूप सरकारले पनि आफ्नो शैलीमा परिवर्तन गर्दै लैजानु पर्ने हुन्छ । सानातिना कार्यहरूदेखि लिएर शान्ति सुरक्षा, विकास निर्माण र सुशासनको प्रत्याभूतिसमेतका विषय सरकारको कार्यक्षेत्रमा समेटिने हुँदा प्रशासन र जनताको सम्पर्क विन्दुमा सार्वजनिक प्रशासन रहेको हुन्छ ।

खासगरी सार्वजनिक प्रशासनले सरकारका परम्परावादी कार्य, राष्ट्र निर्माण सम्बन्धी कार्य, आर्थिक व्यवस्थापन सम्बन्धी कार्य, समाज कल्याण सम्बन्धी कार्य जस्ता विविध प्रकृतिका कार्यहरू गर्नु पर्ने हुन्छ । यसरी हेर्दा सरकारको कार्यक्षेत्र व्यापक र विस्तृत रहेको हुँदा सार्वजनिक प्रशासनलाई समय सापेक्ष र लोकतान्त्रिक अभ्यासलाई आत्मसाथ गर्न आफ्नो संयन्त्रको परिचालनका अलावा नागरिक समाज र निजी क्षेत्रसमेतलाई सँगै लिएर काम गर्नु पर्ने हुन्छ । सामान्यतया सार्वजनिक प्रशासनले कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकालाई समेट्ने भए तापनि मुख्य गरी देहायका विषयलाई सार्वजनिक प्रशासनमा बढी महत्व दिएर हेर्ने गरिन्छ ।

- कर्मचारी प्रशासन
- सुरक्षा निकाय
- सार्वजनिक संस्थान

## ४.५ मार्गदर्शक (Guideline) सिद्धान्तहरू

स्थायी सरकारको रूपमा रहने संयन्त्रको रूपमा सार्वजनिक प्रशासनलाई लिने गरिए तापनि लोकतान्त्रिक शासन व्यवस्था भएका सबै मुलुकमा यसको संचालन एवं व्यवस्थापन एकरूपतामा भने हुने गरेको देखिदैन तर पनि यसका केही निश्चित विषय एवं प्रक्रियाहरूलाई आधारभूत मार्गदर्शनको रूपमा लिई कार्य सञ्चालन गर्ने गरिएको अभ्यासले देखाउछ । केही सर्वमान्य सिद्धान्तहरू जसले शासकीय प्रणालीको प्रभावकारीता र स्थायित्वलाई टेवा दिएका हुन्छन् । ।वास्तवमा यिनै सिद्धान्त सार्वजनिक प्रशासनका आधारभूत मार्गदर्शनको रूपमा रहने गरेका छन् । सामाजिक, राजनैतिक एवं सांस्कृतिकलगायतका वातावरणीय अनुकुलता अनुरूप देहायका आधारभूत मार्गदर्शनहरू सार्वजनिक प्रशासनको सन्दर्भमा धेरै मुलुकले अपनाउने गरेको पाइन्छ :-

- योग्य छनोट
- निष्पक्षता
- प्रतिबद्धता
- जनसेवा
- उच्च नैतिक आचरण

## ४.६ विभिन्न मुलुकका प्रशासन सम्बन्धी व्यवस्था

संघीय राज्य व्यवस्था भएको अमेरिका, जर्मनी, स्वीट्जरल्याण्ड जस्ता कतिपय मुलुकहरूमा संघीय संविधानसँग नबाझिने गरी प्रत्येक प्रान्तीय राज्यले आ-आफैले संविधान निर्माण गरी शासन संचालन गर्न सक्ने अधिकार संघीय संविधानले प्रदान गरेको देखिन्छ । संघीय मुलुकका सबै संविधानमा कर्मचारी प्रशासन सम्बन्धी विशेष व्यवस्था देखिन्न । कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था संघ र प्रान्तले आ-आफ्नै किसिमबाट कानून बनाई प्रबन्ध गरेको देखिन्छ । संघीय राज्य व्यवस्थामा केन्दीय, प्रान्तीय र स्थानीय कार्यका सूची अनुरूपको कानूनद्वारा निर्धारण गरेको पाइन्छ । राज्यको उद्देश्य र लक्ष्य हासिल गर्न सक्षम र प्रभावकारी कर्मचारी प्रशासनको आवश्यकता पर्दछ । राज्यको प्रशासनिक प्रक्रियामा सबै सेवाग्राही प्रति स्वच्छ व्यवहारको प्रत्याभूति राज्यद्वारा हुनु पर्दछ । सेवाग्राहीलाई सक्षम, सुलभ र प्रभावकारी सेवा प्राप्तिको सुनिश्चितता लोकतान्त्रिक राज्य व्यवस्थाको मान्यता हो । लोकतान्त्रिक राज्य व्यवस्थामा कर्मचारी प्रशासन निष्पक्ष भई सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान गर्न कर्मचारीको सेवा शर्तको सुनिश्चितता संविधानमा नै गर्ने प्रचलनसमेत विकसित भएको देखिन्छ । युगाण्डालगायतका कतिपय मुलुकका संविधानमा नै कर्मचारी प्रशासनका सम्बन्धमा मनोमानी बर्खास्ती विरूद्धको संरक्षण, प्रतिवादको सुनिश्चिता, निश्पक्ष निकायद्वारा योग्यता र क्षमताका आधारमा नियुक्तिका लागि सिफारिस गर्ने व्यवस्था, सार्वजनिक प्रशासनले अवलम्बन गर्नु पर्ने प्रशासकीय मूल्य, मान्यता र सिद्धान्तहरूलाई समावेश गर्ने गरेको देखिन्छ । एकात्मक शासन प्रणालीमा भन्दा तुलनात्मकरूपमा संघात्मक शासन प्रणालीमा कर्मचारी प्रशासनको संरचना र व्यवस्थापनमा अवश्य नै केही जटिलताहरू हुन्छन् त्यसलाई कानूनले स्पष्ट सम्बोधन गर्न सक्नुपर्दछ । यसै क्रममा संघीय शासन प्रणाली अपनाएका केही मुलुकहरूको संघीय संविधानमा कर्मचारी प्रशासनका सम्बन्धमा निम्न व्यवस्थाहरू उल्लेखित गरेको पाइन्छ ।

**स्पेन**

स्पेनको संविधानले सार्वजनिक प्रशासनका सम्बन्धमा विशेष व्यवस्था गरेअनुसार संविधानको धारा १०३ मा 'सार्वजनिक प्रशासन' का केही सिद्धान्तलाई व्यवस्था गरेको पाइन्छ ।

- सार्वजनिक प्रशासन सार्वजनिक हितमा केन्द्रीत भई सेवा गर्नु पर्ने जसले वस्तुगतरूपमा कानूनी राज्यका सिद्धान्तलाई मनन गरी दक्षता, सोपान, विकेन्द्रीकरण, निक्षेपण र समन्वयको सिद्धान्तलाई आत्मसात गरी कार्य सम्पादन गर्नु पर्ने,
- प्रान्तीय राज्यको कार्यसम्पादन गर्न आवश्यक पर्ने कर्मचारी प्रशासनको संरचना, खाका र व्यवस्थापन कानूनद्वारा व्यवस्थित हुने,
- सार्वजनिक पदाधिकारीको हैसियत, निजामती सेवामा योग्यता र दक्षताका आधारमा पहुँच हुने सिद्धान्तको अवलम्बन, सार्वजनिक सेवाले सम्पादन गर्नु पर्ने कार्य सम्पादनमा राजनीतिक हस्तक्षेप विरूद्धको संरक्षण र सुरक्षाको प्रत्याभूति कानूनद्वारा व्यवस्था गरिने ।

**दक्षिण अफ्रिका**

दक्षिण अफ्रिकाको संविधानले सार्वजनिक प्रशासनका सम्बन्धमा संधिवानमा नै निश्चित अवधारणाहरूलाई संविधानको धारा १९५ मा "सार्वजनिक प्रशासन" लोकतान्त्रिक मूल्य र सिद्धान्तद्वारा संचालित हुने गरी देहायको सिद्धान्त उल्लेख गरेको पाइन्छ :-

- उच्चस्तरीय व्यवसायिक नैतिकतालाई कायम राख्ने र प्रवर्द्धन गर्ने,
- निर्पुणता, मितव्ययी र प्रभावकारी किसिमले स्रोत साधनको प्रयोगलाई प्रवर्द्धन गर्ने,
- सार्वजनिक प्रशासन विकासोन्मुख हुनु पर्ने,
- सेवाहरू निष्पक्ष, स्वच्छ, समन्यायिक र विनापूर्वाग्रही किसिमबाट संचालित हुनु पर्ने,
- जनताको आवश्यकताप्रति जवाफदेही बन्नुपर्ने र सर्वसाधारणलाई नीति निर्माणमा सहभागी हुनु प्रोत्साहित हुनु पर्ने,
- सार्वजनिक प्रशासन उत्तरदायी हुनु पर्ने,
- पारदर्शितालाई प्रश्रय दिनुपर्ने, सही सूचनामा नागरिकको पहुँचलाई बढावा दिनु पर्ने,
- असल मानव संसाधनको प्रवर्द्धन र वृत्ति विसकासको अभ्यासलाई प्रश्रय दिनु पर्ने,
- सार्वजनिक प्रशासनमा रोजगारी र कर्मचारी प्रशासनमा योग्यता, वस्तुगत, स्वच्छता र व्यापक प्रतिनिधित्वको सिद्धान्तमा आधारित मान्यतालाई अवलम्बन गर्ने गरी देहायका सिद्धान्तहरू व्यवस्था गरेको छ :-
    - सरकारको प्रत्येक तह र क्षेत्रको प्रशासनमा,
    - राज्यको अङ्गहरूमा,
    - सार्वजनिक संस्थाहरूमा ।

सार्वजनिक प्रशासनका सम्बन्धमा निर्धारण गरिएका उपरोक्त सिद्धान्तहरू विधायिकाद्वारा निर्मित कानूनले अवलम्बन गरी कर्मचारी प्रशासनमा नियुक्ति, बर्खासी र सेवाका अन्य शर्तहरू व्यवस्थित गरिनु पर्ने, प्रशासनको क्षेत्रमा विषय र प्रकृतिका आधारमा विधायिकाले अलग अलग कानून बनाई सार्वजनिक प्रशासनलाई नियमित र व्यवस्थित गर्न सक्ने सिद्धान्त संविधानमा समावेश गरिएको छ । सार्वजनिक प्रशासनका सम्बन्धमा संविधानले आत्मसात गरेका लोकतान्त्रिक मूल्य र सिद्धान्त अनुरूप सार्वजनिक प्रशासनको क्षेत्रमा अनुसन्धान, अनुगमन, मुल्यांकन गर्न एवं कर्मचारीको भर्ना, सरूवा, बढुवा र बर्खासी सम्बन्धी विषयमा उचित निर्देशन दिन, कर्मचारीको गुनासाहरू सुनी उचित उपचार प्रदान गर्न र आफूले गरेको कार्य सम्पादनको प्रतिवेदन जनप्रतिनिधिसमक्ष पेश गर्नका लागि संवैधानिक अङ्गको रूपमा लोक सेवा आयोगको व्यवस्था गरिएको छ । लोक सेवा आयोग राष्ट्रिय व्यवस्थापिका सभाप्रति जवाफदेही हुन्छ । सार्वजनिक सेवाको गठन हुने, जसको काम सरकारको कानून, नीति लागू गर्नु रहने, सेवाको स्वरूप संरचना र कार्य कानूनद्वारा स्थापित हुने, सार्वजनिक सेवामा रोजगारी र सेवाका शर्तहरू राष्ट्रिय कानूनद्वारा तय गरिने, कर्मचारीलाई निवृत्तिभरणको अधिकार सुरक्षित गरिने जो राष्ट्रिय कानूनद्वारा व्यवस्थित हुने, दलीय आधारमा कुनै पनि कर्मचारीको नियुक्ति, भर्ना, बढुवा, सरूवा, बर्खास्ती निर्धारित लोकतान्त्रिक मूल्य, मान्यता र सिद्धान्तको अधिनमा प्रान्तीय कानूनद्वारा हुने व्यवस्था गरेको पाइन्छ ।

**जर्मनी**

जर्मनी १६ वटा प्रान्तमा (Lander) विभाजित भएको संघीय राज्य हो । कर्मचारी प्रशासनका सम्बन्धमा संविधानको धारा ३३, ३४ र ३६ मा विशेष केही व्यवस्थाहरू देखिन्छन् । जसअनुसार प्रत्येक जर्मन आफ्नो योग्यता, क्षमता र व्यवसायिक दक्षता अनुसार कुनै पनि सार्वजनिक सेवाको निम्ति समानरूपमा योग्य मानिने, कुनै पनि आस्था र विश्वासका कारणबाट सार्वजनिक सेवामा अयोग्य नमानिने, सार्वजनिक सेवामा कार्यरत कर्मचारीको हैसियत, सेवा र वफादारिता कानूनद्वारा व्यवस्थित हुने सिद्धान्तलाई संविधानमा समावेश गरिएको छ । सार्वजनिक निकायमा कार्यरत कर्मचारीको कारण कुनै

तेश्रो पक्षलाई हानी नोक्सानी पुगेमा राज्यले दायित्व लिनु पर्ने व्यवस्थासमेत गरिएको छ। संविधानको धारा ३६ ले निजामती सेवाका उच्च संघीय अधिकारीको पदमा नियुक्ति गर्दा प्रान्तबाट उचित समानुपातिकताका आधारमा गरिनु पर्ने, अन्य निजामती पदमा नियुक्ति गर्दा जुन ठाउँमा सेवा गर्नु पर्ने हो त्यही प्रान्तका नागरिकहरूमध्येबाट गरिनु पर्ने सिद्धान्तलाई स्वीकार गरेको छ । यसैगरी कर्मचारीका विवादहरू हेर्ने न्यायिक निकायको रूपमा प्रशासकीय न्यायाधिकरणको संरचनालाई समेत आत्मसात गरिएको छ । जर्मनीको निजामती सेवाको संरचनामा चार किसिमका पदहरू सिर्जना गरिएका छन् । प्रत्येक पदका प्रशासकीय पद, कार्यकारिणी पद, कारिन्दा पद र सहायक कारिन्दा पद रहेका छन् । प्रत्येक पदका कर्मचारीको वृत्ति विकासका निम्ति पाँच तहको तहगत संरचना निर्धारण गरिएको छ । वृत्ति विकास योग्यता प्रणालीमा आधारित छ । निश्चित योग्यता पुगेका व्यक्तिहरूमात्र निजामती सेवामा प्रवेश गर्न सक्दछन् । संघीय तहमा कर्मचारी प्रशासनमा निजामती कर्मचारी ३८%, सार्वजनिक कामदार १५%, सार्वजनिक कर्मचारी ४७% रहेको देखिन्छ ।

**मलेसिया**

मलेसियाको संविधानमा "सार्वजनिक सेवा"का सम्बन्धमा विशेष व्यवस्थाभित्र "सार्वजनिक सेवा" रहेको र सो भित्र सैनिक बल, न्याय र कानून सेवा, संघको सामान्य सार्वजनिक सेवा, प्रहरी बल, रेलवे सेवा, संयुक्त सार्वजनिक सेवा, प्रत्येक राज्यको सार्वजनिक सेवा, शिक्षा सेवासमेत समावेश गरिएको छ । राज्यको सार्वजनिक सेवा बाहेकका अन्य सेवामा नियुक्ति, बर्खासीलगायतका सेवाका अन्य शर्तहरू संघीय कानूनद्वारा व्यवस्थित गरिने कुरा उल्लेख गरिएको छ । प्रान्तीय राज्यका सार्वजनिक सेवामा नियुक्ति र सेवाका शर्तहरू विभिन्न प्रान्तीय राज्यको आ-आफ्नै प्रान्तीय कानूनद्वारा व्यवस्थित हुने व्यवस्था गरिएको छ । प्रान्तीय राज्यको आग्रहमा संघीय कानूनद्वारा संघ र एकभन्दा बढी प्रान्तीय राज्यका निम्ति संयुक्त सेवाहरू संचालन गर्न सकिने संवैधानिक व्यवस्था छ । यसरी संयुक्त सेवाको लागि नियुक्त गरिने कर्मचारीमध्ये केही संघीय कामका निम्ति र केही प्रान्तीय राज्यका निम्ति भर्ना गरिने छन् भने कतिपय दुई वा सोभन्दा बढी प्रान्तीय राज्यका निम्ति पनि भर्ना गरिने छन् । कर्मचारीको सेवा र सुरक्षाका सम्बन्धमा सामान्यतया सुनुवाईको मौका नै नदिई पदमुक्त गर्न नसकिने, जातिगत वा कुनै पनि आधारमा कर्मचारी प्रति सेवा शर्तका विषयमा भेदभाव नगरी निष्पक्षताको व्यवस्था गरिने कुराको सुनिश्चितता गरिएको छ । सार्वजनिक सेवामा नियुक्त गरिने कर्मचारीको छनौटका लागि सिफारिस गर्न लोक सेवा आयोग, न्याय तथा कानून सेवा आयोग, शिक्षा सेवा आयोग जस्ता विभिन्न आयोगहरूको संवैधानिक व्यवस्था गरिएको छ ।

**अष्ट्रिया**

अष्ट्रियाको संविधानले 'प्रशासन' र 'सेवा संहिता'का सम्बन्धमा विशेष व्यवस्था गरेको छ । जसअनुसार संविधानले संघ र प्रान्तीय राज्यले आ-आफ्नो आवश्यकता अनुसार अस्थायी र स्थायी कर्मचारीको बन्दोबस्त गर्न सक्ने अख्तियारी प्रदान गरेको छ । अधिकारप्राप्त अधिकारीले दिएको आदेश वा निर्देशन नमान्ने कर्मचारीलाई फौज्दारी संहिताबमोजिम कारबाही हुने व्यवस्था संविधानमै उल्लिख गरिएको छ । यसै गरी संघ वा राज्य जहाँ काम गर्ने कर्मचारी भए पनि यस्तो कर्मचारीले कामको गोपनियता कायम गर्नु पर्ने कर्तव्यसमेत संविधान मै तोकिएको छ । कानूनद्वारा संघ र प्रान्तका कर्मचारीका काम, कर्तव्य र जिम्मेवारी निर्धारण गरिने कुरा संविधानमा उल्लेख गरिएको छ । सार्वजनिक कानून अन्तर्गत स्थापना भएको निकायमा कार्यरत कर्मचारीको लापर्वाहीले कसैलाई कुनै नोक्सान पुग्न गयो भने त्यसमा राज्यको दायित्व हुने र पीडितलाई क्षतिपूर्ति दिनु पर्ने कुरासमेत सुनिश्चित गरिएको छ ।

**भारत**

भारतको संविधानले प्रशासन वा न्याय सेवामा संघ र प्रान्तका लागि साझा सेवा कानूनद्वारा व्यवस्थित गर्न सकिने सिद्धान्तलाई संविधानको धारा ३१२ मा उल्लेख गरेको छ । यसरी संघ र राज्यका सार्वजनिक सेवाका पद, नियुक्ति र सेवाका शर्तसम्बन्धी व्यवस्थाका लागि विधायिकाले कानून बनाई व्यवस्थित गर्न सक्ने सिद्धान्तलाई स्वीकार गरेको देखिन्छ । भारतीय संविधानको धारा ३१५ ले संघ र प्रत्येक प्रान्तीय राज्यमा लोक सेवा आयोग गठन हुने व्यवस्था गरेको छ । दुई वा सोभन्दा बढी राज्यहरूको आपसी सहमतिबाट संयुक्तरूपमा एउटा लोक सेवा आयोगको व्यवस्था गर्न सक्ने अधिकारसमेत रहेको छ । लोक सेवा आयोगका पदाधिकारीको कार्यकाल ६ वर्ष हुने एवं खराब आचरणमा पदमुक्त गरिने व्यवस्था छ । संघ र राज्यका सेवाहरूमा नियक्तिका लागि परीक्षा संचालन गर्नु लोक सेवा आयोगको मुख्य काम, कर्तव्य रहेको छ । यसैगरी विभिन्न विषयमा परामर्श दिनु लोक सेवा आयोगको काम कर्तव्य तोकिएको छ । विधायिका निर्मित कानूनद्वारा कुनै सार्वजनिक निकाय वा कानूनद्वारा स्थापित संगठित संस्था वा स्थानीय निकायका सार्वजनिक सेवामा नियुक्तिका लागि योग्य उम्मेदवारको छनोट गर्ने भूमिका लोक सेवालाई दिन सकिने संवैधानिक व्यवस्था गरिएको छ । लोक सेवा आयोगले गरेको कामको वार्षिक प्रतिवेदन संघमा राष्ट्रपतिमार्फत संसदमा पेश गर्ने र प्रान्तीय तहमा गभर्नर मार्फत राज्य विधान सभामा पेश गर्ने व्यवस्था रहेको छ । निजामती पदमा नियुक्त भएको कर्मचारीका उपर खराब आचरण वा अनुशासनको उल्लंघनमा कारबाही गर्दा मुनासिब प्रतिवादको मौका दिनुपर्ने संवैधानिक व्यवस्था गरेको छ ।

## ४.७ सुशासन

सुशासन एउटा आदर्श शासन प्रणालीको आधार हो जुन सांस्कृतिक, सामाजिक, आर्थिक एवं राजनैतिक विकासका लागि अपरिहार्य मानिन्छ । यसले आत्मसम्मान, दिगो विकास, सामाजिक न्याय, विधिको शासन सहित राज्य संचालन गर्ने गर्छ । यसले मानव अधिकारको पूर्ण सम्मान गर्दै इमान्दार र स्वच्छ प्रशासनमा जोड दिने गर्दछ । त्यसैले सुशासनलाई राष्ट्रको समग्र विकासको आधारशिला मानिन्छ । जहाँ सुशासनको अभाव रहन्छ, त्यहाँ दिगो विकास हासिल गर्ने कार्य कठिन हुन्छ । प्रायजसो विकासोन्मुख देशहरूमा सुशासनको अभावमा कानूनको शासन स्थापित नहुनु, संस्थागत व्यवस्थाहरू कमजोर हुनु, जनउत्तरदायित्वको अभाव, विकासमा जनसहभागिता जुट्न नसकिरहेको अवस्था, राज्य संचालनलाई भ्रष्टाचारले गाँजेको हुँदा दिगो विकास हासिल गर्ने विषय अधुरो र अपुरो नै रहन पुगेको देखिन्छ ।

यथार्थमा सुशासन आदर्श समाजको परिकल्पना हो, जसमा सर्वसाधारणको इच्छा र आकांक्षाको सही प्रतिनिधित्वमा आधारित भएर विकास निर्माणको खाका तयार गरीं सफलताकासाथ कार्यान्वयन गरिन्छ । यी सबै प्रक्रियामा सर्वसाधारण जनतासमेतको नागरिक समाज एवं जनप्रतिनिधि मार्फत सक्रिय सहभागिता हुने गर्दछ । यस्तो राज्य संयन्त्र जसमा राज्यका हर क्रियाकलापमा सौहार्दता एवं सद्भावका साथ जनतालाई निर्णय गर्ने, सुसुचित हुने एवं आफ्नो अधिकारको खोजी गर्ने अवसरहरू उपलब्ध गराईन्छ । सुशासन कार्यान्वयनको लागि सरकार र प्रशासनिकसंयन्त्र जनताको सेवामा अर्थात सेवाग्राहीहरूको हितका लागि समर्पित हुनु पर्दछ ।

असल शासनले मानिसकाबीचमा लिंग, वर्ग, जातजाति, सामाजिक सम्बन्ध, धर्म र आस्थाका आधारमा कुनै किसिमको भेदभाव नगरी न्यायपूर्ण वा समान पहुँचलाई सुनिश्चित बनाउँछ भन्ने दृष्टिकोण संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) ले अघि सारेको पाइन्छ । सुशासनले वास्तविक स्वतन्त्रता र क्षमता प्राप्त गर्ने प्रक्रियालाई रेखांकित गर्दछ र गरिवीको न्यूनीकरण एवं मानव विकासमा पनि सफलता प्राप्त गर्दछ । त्यसैले सुशासनलाई भेदभाव वा

अभाव, आवश्यकता, अन्याय र डरसँगको मुक्ति वा स्वतन्त्रतालाई सुनिश्चित बनाउने योग्यताको रूपमा प्रजातन्त्रिक असल शासनको पहिचान हो भनि भन्न सकिन्छ ।

विश्व बैंकले देशमा उपलब्ध आर्थिक एवं सामाजिक संसाधनको उचित व्यवस्थापनका लागि सरकारद्वारा गरिने शक्ति प्रयोगको तरीका प्रभावकारी, जवाफदेही, जनसहभागितात्मक, पारदर्शी तथा गुणसम्पन्न शासनलाई सुशासन भनेको छ ।

यसरी सुशासनले समानता र न्यायको सिद्धान्तमा आधारित शासनको सञ्चालन गर्दछ । त्यसैले सुशासन अधिकारको न्यायोचित प्रयोगबाहेक अरू केही होइन भन्ने विचार डा. देवेन्द्रराज पाण्डेले प्रकट गरेका छन् । तर समस्या समाधान र द्वन्द्वको समाधान गर्ने दक्ष संयन्त्रको उपलब्धतालाई पनि असल शासनको आवश्यक तत्वको रूपमा लिनुपर्छ भन्ने विचार उनले प्रकट गरेका छन् । राज्यको चरित्र, सार्वजनिक नीतिको छनौट र सार्वजनिक पदाधिकारीको व्यवहारमा शासनको न्यायपूर्णता वा उपयुक्तता प्रतिविम्बित हुने कुरालाई डा. पाण्डेले "सुशासन आजको अपरिहार्य आवश्यकता हो । यो कानूनी शासनमा आधारित हुन्छ । पारदर्शिता, कानूनी राज्य, जवाफदेहिता, विकेन्द्रीकरण, जनसहभागिता जस्ता विशेषतायुक्त शासन प्रणाली नै सुशासनको रूपमा परिचित छ ।

**आधारहरू**

**विधिको शासन** : मुलुकको प्रशासन विधिमा आधारित हुनुपर्दछ भन्ने विश्वव्यापी मान्यता रहेको छ । नागरिकले आफ्ना आचरणहरू कसरी कानूनसम्मत बनाउने भन्ने अभ्यासको पूर्णतया विकास हुने अवसरहरू प्राप्त हुनु र जनइच्छालाई आत्मसात् गर्दै कानूनको निर्माण गरिने परिपाटी बस्नु पर्दछ । विधी र कानूनको आधारमा शासन संचालन हुनु, कानूनको अनभिज्ञता क्षम्य नहुनु, कानूनसम्मत बाहेक कसैलाई कुनै कारवाही नगर्नु, कानून तर्जुमा, संशोधन तथा कार्यान्वयन लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित हुनु यसका मौलिक विशेषताहरू हुन । विधिको शासन संचालन प्रक्रिया अत्यन्त प्रष्ट, विवादरहित, समानतामा आधारित, पूर्वाग्रहरहित एवं जनताको विश्वास आर्जन गर्न सक्ने हुनुपर्दछ । विधिको शासन पनि समाजको विकास कुन स्तरमा भएको छ त्यसमा निर्भर गर्दछ । यसले मानव अधिकारको सर्वोत्कृष्ट सम्मान गरेको हुनु पर्दछ ।

**सरल, सुलभ र गुणस्तरयुक्त सेवा एवं सुविधाको उपलब्धता** : लोकतान्त्रिक राज्यमा सार्वजनिक सेवामा रहेका राष्ट्रसेवकहरू जनताको सच्चा सेवकको रूपमा परिचालित हुने व्यवस्था सरकारले मिलाएको हुन्छ । जुन स्वतन्त्र र पूर्ण प्रजातन्त्रमा मात्र सम्भव हुने गर्दछ । यस्तो समाजनमा नागरिकहरूमा सेवा र सुविधाको छनौट गर्ने अधिकार (Right to Choice) र आफ्ना आवश्यकतानुसारका यथासमयमा गुणस्तरयुक्त सेवा र सुविधा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने हकसमेत विद्यमान हुने गर्दछ । राज्यले जनताको सर्वोपरी हितका लागि संयन्त्र बनाएको हुन्छ र सोको संचालन जनताको योगदानबाट सिर्जना भएको राज्यकोषबाट हुने हुँदा गुणस्तरयुत्त सेवा प्राप्त गर्न राज्यसंयन्त्रले अत्यन्त चुस्त, सक्षम र मितव्ययी संगठनको निर्माण गर्ने गर्दछ । दक्ष राष्ट्रसेवकको माध्यमबाट सेवा प्रदान गर्न यस्तो संरचनामा योजना, कार्यक्रम, लक्ष्य, कार्यप्रक्रिया, कार्य सम्पन्न अवधि, जिम्मेवार निकाय, क्षमता अभिवृद्धि जस्ता सबैपक्षलाई समेटेको हुन्छ र आवधिक अनुगमन एवं समीक्षा गरी आफ्ना सेवाग्राहीवर्गको सन्तुष्टीस्तरको मापनसमेत गर्ने गरिन्छ । सेवा प्रदान गर्नै निकायहरूलाई समयसापेक्ष गराई उपयुक्त नयाँ प्रविधि र प्रक्रियाको समावेश गर्ने गरिन्छ । राज्यको श्रोत र साधनको उपयुक्त सदुपयोगका लागि सम्बद्ध सबै पक्ष चनाखो रहने हुँदा यसमा सुधारका गुन्जायसहरू प्रशस्त हुने गर्दछन् । नयाँ कार्य प्रक्रियाको अन्वेषण र प्रयोग गरिन्छ ।

नेपालको परिप्रेक्षमा हेर्दा प्रभावकारी सेवा प्रवाहको क्षेत्रमा धेरै सुधार हुँदै आएको छ तापनि थुप्रै सुधारको खाँचो पनि खड्किएको छ । हामी जस्तो विकासोन्मुख मुलुकको रूपमा रहेको श्रीलंकाको सेवा प्रवाह गर्ने उत्कृष्ट अभ्यास (Best Practices) को एउटा उदाहरण यहां प्रस्तुत गर्न सान्दर्भिक देखिन्छ । श्रीलंकाको अध्यागमन सम्बन्धमा प्रदान गरिने सेवा अत्यन्त उल्लेखनीय देखिएको छ । यथाशीघ्र सेवा आवश्यक पर्ने समूह र सामान्य हिसाबले सेवा लिन चाहने समूहलाई दुई वर्गमा विभक्त गरिएको छ । पहिलो वर्गको सेवा राजधानी कोलम्बोमा मात्र उपलब्ध छ र जसका लागि शुल्क बढी लिने गरिन्छ । आवेदन गरेको तीन घण्टामा सेवाहरू (राहदानी प्राप्त गर्ने र भिसा दिने) प्रदान गरिन्छ । दोश्रो वर्गमा सेवाग्राहीहरूको आवेदन सम्बन्धित व्यक्तिको घरदैलोबाटै सरकारले बुझ्ने गर्दछ र सो बुझेको मितिले १५ दिनभित्र अत्यन्त न्यून शूल्कमा आफ्नै घरमा सेवाग्राही जनतालाई सेवा प्रदान गर्दछ । उपलब्ध सेवाको जनतामा सन्तुष्टिस्तर पनि उच्च पाइएको छ । यस प्रकारको सेवाको प्रत्याभुति हामीले पनि गराउनु पर्ने आवश्यकता देखिएको छ । सेवाग्राहीहरूलाई यथार्थमा मालिकको रूपमा ग्रहण गरी यी वर्गबाट गल्ती हुँदैन (Clients do not wrong) को सिद्धान्त अनुसार निरन्तर उत्कृष्ट सेवा उपलब्ध गराई रहने प्रबन्ध मिलाउने दायित्व राज्यको हुन आउँछ ।

**सहभागिताको सिद्धान्त** : मुलुकभित्र उपलब्ध श्रोत साधनमा सबै देशवासीहरूको समान हक स्थापित हुनुपर्दछ, श्रोत र साधनको वितरण सबैमा समानुपातिक हिसाबले भयो भने मुलुकको सन्तुलित विकास सम्भव हुन्छ । जुनसुकै मुलुकका नीति तथा योजनाको निर्माण तहमा सबै जाति विशेष र लैंगिक सहभागिता अपरिहार्य देखिएको छ, जसले सहभागिताद्वारा मुलुक निर्माणमा सबै पक्षको साझेदारी सहितको समुहगत एकता (Team Spirit) को विकास हुने गर्दछ । सहभागिताका आधारहरू फरक हुन सक्तछन् । सकारात्मक विभेद, आरक्ष, कुनै लिंग वा जाति वा क्षेत्रका लागि बढी उपयुक्त देखिने पदहरूको पहिचान गरी ती पदहरूमा त्यही समूहको सहभागिता निश्चित गर्ने, लक्षित समूहका लागि एवं तोकिएका समूहको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने जसले गर्दा यी समूहले प्रतिस्पर्धामा आफूलाई योग्य प्रमाणित गर्न सक्नु आदिलाई लिन सकिन्छ ।

सबै पेशागत समूह एवं सार्वजनिक पदहरूमा सहभागिताको सिद्धान्तलाई मूर्तरूप दिने प्रक्रिया एवं नीति तय गर्नु पूर्व यस्ता समूहहरूको वास्तविक अवस्थाको विश्लेषण एवं पहिचान हुनु जरूरी छ । नेपालको सन्दर्भमा अध्ययन गर्ने हो भने नेपालमा जनजाति, दलितहरूको उपस्थिति राज्य संचालन संयन्त्रमा अत्यन्त निराशाजनक छ, जसका लागि यी समूहहरूको शैक्षिक, आर्थिक, राजनैतिक, परम्परागत सोच एवं समग्रमा भन्नुपर्दा गरिवी निर्णायक तत्वको रूपमा रहेको छ ।

हाम्रो परिप्रेक्षमा अध्ययन गर्दा गरिबी निवारण, गुणस्तरयुक्त शिक्षा, लक्षित समूहलाई प्रदान गर्ने विशेष कार्यक्रम, र प्रतिस्पर्धी क्षमतामा अभिबृद्धि गरी सबै क्षेत्रमा राज्यको मूलप्रवाहबाट उत्पेक्षित रहेका समूहको सहभागितामा वृद्धि गराउने आवधिक योजना यथाशीघ्र निर्माण गर्नु पर्दछ जसका लागि विद्यमान सबै नीतिहरूको पुनरावलोकन जरूरी छ । हाल जनजातीको नाममा केही सम्पन्न जातीहरूले सुविधा उपभोग गरिराखेको यथार्थले पनि हाम्रा नीति र कार्यक्रमहरूको मेल आएको देखिदैन । राज्य संचालन प्रक्रिया आफैमा जटिल विषय हो, राज्यले मुलुकवासीहरूलाई सबै प्रकारको न्याय पद्रदान गर्ने नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयन भएन भने समस्याहरू अझ बढ्दै जाने हुँदा नीति निर्माताहरूले यस विषयमा बेलैमा गंभिर हुनु आवश्यक देखिन्छ ।

**पारदर्शिता** : प्रजातान्त्रिक मुलुकमा सबै क्रियाकलापहरू जनताका लागि गरिने हुँदा यी सबै विषयको आवश्यकताको पहिचान, नीति एवं कार्यक्रमको तर्जुमा, कार्यन्वयनका

तरिकाहरू, यसको उपादेयता कार्यान्वयनबाट प्राप्त परिणाम आदिबारे सबै जनताले निर्बाधरूपमा जानकारी पाउनु पर्ने हुन्छ र यसप्रकारको सूचना सजिलै प्राप्त गर्न सक्ने संयन्त्र निर्माण गरी जनतालाई सम्मान गर्ने दायित्व राज्य पक्षको हुने गर्दछ । सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरूको दायित्वमा खुल्ला र पारदर्शी सरकारको अनुभूति दिलाउने गरी सूचना प्रवाह गर्ने, सार्वजनिक महत्वका सूचनाहरू प्रकाशन गर्ने, राज्य संचालन प्रक्रियामा अपवाद स्वरूप अत्यन्त संवेदनशील विषय गोप्य राख्ने प्रचलनलाई सो सूचना सार्वजनिक हुँदा मुलुकलाई पर्न जाने प्रतिकूल प्रभावको पुष्ट्याई हुने प्रयाप्त आधार दिई मात्र गर्ने र यस्ता विषयहरूको न्यूनीकरण गर्दै जाने, कुनै पनि सूचनाको माग जनस्तरबाट हुने वित्तिकै उपलब्ध गराई दिने सुगम एवं सरल कार्यप्रक्रिया र कानूनी व्यवस्थाको निर्माण गर्ने जसबाट निर्वाधरूपमा सूचना प्रवाह गर्नमा सहायक सिद्ध हुन जाओस् । यस्ता सूचनाको उपलब्धता अत्यन्त न्यून मूल्यमा उपलब्ध गराउने, आवश्यकताअनुसार सार्वजनिक चासोका विषयहरूमा सार्वजनिक सुनुवाई, सार्वजनिक बहस, छलफलका माध्यमबाट सूचना प्रवाह गर्ने कार्य प्रक्रिया व्यवस्थित गर्ने, अत्यधिक सूचना प्रवाहबाट नागरिक सुसूचित भइराख्ने स्थायी संयन्त्रले निरन्तरता प्राप्त गर्नु पर्दछ ।

नेपालको सन्दर्भमा सूचनाको हकलाई संवैधानिक प्रत्याभूति दिइएको छ । नेपाली प्रेस विकसित छ, जसबाट अत्यधिक सूचना जनताले प्राप्त गरिराखेका छन् । सूचना प्रसारण एवं प्रकाशन गर्ने कानूनी व्यवस्था पनि मिलाइएको छ । सरकारी संयन्त्रहरू सम्बन्धित मन्त्रालयप्रति, मन्त्रायलका मन्त्री मन्त्रिपरिषदप्रति, मन्त्रिपरिषद संसदप्रति र संसद जनताप्रति सूचना प्रवाह गर्ने विषयमा जिम्मेवार रहने व्यवस्था रहेको छ ।

**जिम्मेवारी र जवाफदेहिता** : जनता नै प्रजातान्त्रिक मुलकका केन्द्रविन्दु हुने भएकाले सरकारद्वारा सम्पूर्ण क्रियाकलापहरूको सन्दर्भमा व्यक्तिगतरूपमा सम्बन्धित पदाधिकारी र सम्बन्धित निकायले एवं सामूहिकरूपमा सरकारले जिम्मेवारी लिनु पर्दछ, जसको प्राप्त जवाफ, कारण र स्पष्टीकरण दिन तयार हुनु पर्दछ । प्रशासनिक जवाफदेहिताको बारेमा छलफल गर्दा प्रशासकहरू प्रत्यक्षरूपमा जनताप्रति जवाफदेही हुने नभै निर्वाचित प्रतिनिधि मार्फत मात्र जवाफदेहिता बहन गर्ने देखिन्छ तापनि अमुक पदाधिकारीले सम्पादित कार्यको पूर्ण जिम्मेवारी र जवाफदेहिता लिनु पर्ने हुन्छ । राज्य सञ्चालन प्रक्रियामा खास गरी नीतिगत विषय र प्रक्रियागत विषय पर्ने र यस्ता विषयहरूमा क्रमशः प्रशासनिकस्तर र राजनीतिक स्तरबाट बढी जवाफदेहीता बहन गर्नु पर्ने सैद्धान्तिक मान्यता रहेको छ ।

जसले जिम्मेवारी पाउँछ उसैबाट अधिकारको प्रयोग हुन्छ । श्रोत र साधनको प्रयोगबाट कार्यसम्पादन हुन्छ र त्यसबाट पूँजी परिचालित हुन्छ । सामुहिक जिम्मेवारीमा सम्पादित कार्यहरूको व्यक्तिगत जफावदेहिता कम हुने गर्दछ । धेरै निकायहरू, पदाधिकारीहरूको जवाफदेहिता रहेमा नीति निर्धारण र कार्य प्रक्रियाको स्तरमा प्रभावकारीता हदैन र जवाफदेहिता ओझेलमा पर्ने हुन्छ । जवाफदेहीता एवं जिम्मेवारीपन कमजोर हुँदै जान्छ । सबै पदहरूको कार्यविवरण स्पष्ट गरिनु पर्ने जवाफदेहिताका प्रति प्रतिबद्ध, कानूनको निर्माण, प्रत्येक कार्यका लागि जिम्मेवारीको तहगत निर्धारण, जवाफदेहितालाई व्यवहारमा, सरकारी प्रतिबद्धता, एवं कार्यक्षेत्रको दोहोरोपनाको अन्त्य सहित स्पष्ट रेखांकन आदिका माध्मबाट सदृढ एवं प्रभावकारी बनाउन सकिन्छ ।

**नागरिक वडापत्रको व्यवस्था** : राज्यद्वारा सम्पादित क्रियाकलापलाई अत्यन्त पारदशी तुल्याउने सशक्त माध्यमको रूपमा नागरिक बडापत्रलाई दिइन्छ । सेवा प्रदायका लागि प्रतिबद्ध संविधानहरूकाले त्यस निकायबाट सम्पादन हुने सबै कार्यहरू, सम्बन्धित पदाधिकारीहरू, प्रक्रियागत प्रबन्ध, बडापत्रमा गरिएको प्रतिबद्धता अनुरूप सेवा उपलब्ध हुन नसकेमा उपलब्ध गराइने उपचारको व्यवस्थासमेत बडापत्रमा प्रष्ट पारिएको हुन्छ ।

सहायक कक्षको व्यवस्था, मैत्रिपूर्ण वातावरणमा सेवाग्राही प्रतिको स्वागत, अत्यन्त आत्मीयताकासाथ सेवा प्रदान जस्ता विषयहरू समेटिएको हुन्छ । प्रजातन्त्रको अत्यन्त लामो इतिहास भएका र मानव अधिकारको प्रत्याभूति उच्चस्तरमा रूपमा प्रदान गरिएका राष्ट्रमा नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयन हुन सक्दछ । उदाहरणको लागि विकसित मुलुकहरूमा चिकित्सकले रोगीको समस्याको उपयुक्त पहिचान गर्न सकेन र गलत पहिचानबाट उपचार अघि बढाईएको पाइएमा क्षतिपूर्ति दिने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन्छ भने हाम्रो परिवेशमा नागरिक बडापत्रले निर्दिष्ट गरेको व्यवस्था अनुसार सेवा प्रवाह हुन नसक्दा सम्बन्धित पदाधिकारीले कानूनसम्मत जवाफदेहिता निर्वाह गरी दण्डित हुने व्यवस्थाको अभाव छ तथापि नागरिक बडापत्रको व्यापक प्रयोग भइराखेको छ जसले गर्दासेवा प्रवाहमा सुधार हुँदै आएको छ । समग्रमा भन्नुपर्दा नागरिक बडापत्रले सेवाग्राहीलाई निश्चय नै बढी सूचना प्रदान गरी सेवा दिन सरल बनाएको छ ।

नागरिक बडापत्रको प्रयोग सम्बन्धमा श्रीलंकाको व्यवहार अति पृथक प्रकारको देखिन्छ । जहाँ प्रत्येक गाउँस्तरका जनताको असल सहयोगीको रूपमा सरकारी अधिकृतहरूको समूह कार्यरत रहने, ती अधिकृतहरू ग्रामीण क्षेत्रमा कार्यरत रहन आकर्षित हुने, अधिकृतहरूको सेवा घर दैलोमा पुऱ्याइने, साक्षर एवं शिक्षित जनसंख्याको प्रतिशत अद्यावधिक हुने आदि कारणले गर्दा नागरिक बडापत्रको तुलनामा ग्रामीणस्तरमा उपलब्ध अधिकृतबाट प्रदान गरिने सूचना, सेवा आदि बढी प्रभावकारी देखिएको छ, जसले गर्दा सेवाग्राहीहरूको सन्तुष्टिको स्तर पनि उच्च पाइएको छ ।

**गुनासाहरूको व्यवस्थापन** : काम गर्ने वातावरण, सेवाग्राही र सेवा प्रदायको स्वभाव, कार्यबोझ, प्राप्त हुने सेवा सुविधा, दण्ड पुरस्कारको व्यावहारिक र कानूनी पक्ष, अपरिपक्व नीति नियम, संगठनात्मक ढाँचा, पारदर्शिताको सीमा, सेवाको गुणस्तर, जवाफदेहिताको स्थिति आदि पक्षहरू कुन हदसम्म विकसित र सुदृढ हुन सक्छन् त्यसमा गुनासाहरूको चाप बढ्ने वा घट्ने हुन जान्छ । सेवा प्रदान गर्ने जिम्मेवारी लिएका राष्ट्रसेवक र सेवाग्राहीहरू सेवाप्रदान गर्ने र लिने वातावरण हुनुले गुनासाहरूको अन्त्य गर्छ र सेवाग्राहीहरूको गुनासाका लागि हट्दै जान्छन् ।

सेवाग्राहीहरूको गुनासो व्यवस्थापनका सन्दर्भमा संस्थागत संयन्त्र निर्माण गर्ने र निरन्तररूपमा गुनासो प्राप्त गरी त्यसको उपयुक्त, संवोधन गर्नु पर्ने हुन्छ । यसका लीग कार्य संचालनस्तरमा गुनासो व्यवस्थापनको पहुँच पुऱ्याउनु पर्ने हुन्छ । विभिन्न निकायहरूमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको हुन्छ । मित्रराष्ट्र भारतमा यो पक्षलाई अत्यन्त महत्व दिई गुनासो सुन्ने विभाग (Department of Administration Reforms and Public Grievances) खडा गरिएको छ । नेपालमा यसका लागि गुनासो पेटिका सबै निकायहरूमा गुनासो व्यवस्थापनको लागि गरिएको छ । गुनासाहरूको संकलन गर्ने, विश्लेषण पश्चात गुणस्तरयुक्त, देखिएका गुनासाहरूका सन्दर्भमा कारवाही गर्ने परिपाटी व्यववस्थित गरिँदा सेवा प्रवाहमा प्रभावकारिता आउँछ ।

**निक्षेपण** : आजको आवश्यकता भनेको सेवाग्राहीलाई सन्तुष्ट राख्नु हो । चाहे त्यो निजी क्षेत्रबाट प्रदान गर्ने सेवा होस वा सरकारी निकायबाट उपलब्ध गराईने सुविधा होस सवैमा सेवाग्राही जनताले सर्वोच्च प्राथमिकता पाउनु पर्दछ । जनतालाई सर्वोच्च प्राथमिकता व्यवहार मै प्रदान गर्न अधिकार सम्पन्न बनाई उनीहरूको क्षमतामा अभिवृद्धिसमेत गर्नु पर्ने हुन्छ । आजको आवश्यकता भनेको प्राप्त अधिकारको विकेन्द्रीकरण पनि हो, हर क्षेत्रमा जनतालाई स्वतन्त्र बनाउनु हो । आफ्नो आवश्यकताको पहिचान गर्ने, आवश्यकताको परिपूर्तिका लागि योजना र कार्यक्रम बनाउने, यी

कार्यक्रमहरू संचालनका लागि श्रोत व्यवस्थापन गर्ने, कार्यक्रम संचालन गर्ने, यी सबै कार्यका लागि प्रशासनिक, वित्तीयलगायतका सम्पूर्ण जिम्मेवारी आफै वहन गर्ने जस्ता अधिकार र कर्तव्यले अधिकारको पूर्ण निक्षेपण गर्छ । निक्षेपणको सफल कार्यान्वयनबाट सेवाग्राहीहरू प्रत्यक्ष संलग्न हुने भएकाले सुशासनले अंगिकार गरेका व्यवस्थापकीय विशेषताहरू जस्तै गुणस्तरयुक्त सेवा, जवाफदेहिता, पारदर्शिता, गुनासो व्यवस्थापन सबै व्यवस्थित एवं संवोधित हुन्छन् । सरकारले जे कार्य जनताका लागि गरिराखेका हुन्छ सो जनताले नै प्रत्यक्ष गरिराखेको हुन्छ । कमी कमजोरीहरूको सुधार पनि जनताद्वारा नै हुन्छ, कार्यक्रमको स्वामित्व जनस्तरमा रहन्छ, श्रम कार्यान्वयनको भागेदार सेवाग्राही स्वयं हुने गर्दछ । सरकारले समन्वयकर्ता, सहुलियतकर्ता, सहजकर्ता एवं प्रबर्द्धनका लागि असल सल्लाहकारको भुमिका निर्वाह गर्दछ ।

**राजनीतिज्ञ र कर्मचारीकाबीच स्पष्ट क्षेत्राधिकारको व्यवस्था** : राजनीतिज्ञलाई नीति निर्माण र योजना तर्जुमाका लागि जिम्मेवार बनाई कर्मचारी संयन्त्रले इमान्दारीताकासाथ उनीहरूको कार्यसम्पादनमा सहयोग गर्ने तथा तर्जुमा भएका नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारी रहेको हुन्छ । राज्यले यी दुवै निकायहरूकाबीच स्पष्ट सीमांकन (Bench Mark) कायम गरेर लानु पर्दछ । यी पदाधिकारीहरूकाबीचको काम, कर्तव्य र अधिकारमा लक्ष्मणरेखा कायम हुँदा कार्य सम्पादनमा स्पष्टता आउदछ, जवाफदेहिता र जिम्मेवारी किटान हुन्छ, पारदर्शितामा वृद्धि हुन्छ भने यसको अभावमा उल्लेखित सबै पक्ष नकारात्मकरूपमा प्रभावित हुने गर्दछन् । अन्यौलको सिर्जना हुन्छ अन्ततः सेवा प्रभावकारितामा ह्रास आउँदछ । यस प्रकारको कार्यक्षेत्र निर्धारण खासगरी विकसित मुलुकहरूमा भएको देखिन्छ । उदाहरणका लागि संयुक्त अधिराज्यमा राजनैतिक नेतृत्व तहमा बसेका पदाधिकारीहरूको मात्र होइन तिनीहरूका सल्लाहकारदेखि निजी सहायकसम्मको पनि क्षेत्राधिकार प्रष्ट गरिएको छ भने विकासोन्मुख मुलुकहरूमा यसको अभाव खड्कीएको छ ।

नेपालको सन्दर्भमा यस प्रकारको क्षेत्राधिकार स्पष्ट हुनु पर्दछ भन्ने सोचले गर्दा सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशीलगायतका सिद्धान्तलाई समेटन अधिकार प्रत्यायोजन सहित निजामती सेवामा नेतृत्व तहमा रहने मन्त्री, सचिव र अन्य पदाधिकारीले सुशासन (व्यबस्थापन तथा सञ्चालन) ऐन, २०६४ अन्तरगत रहेर कार्य सम्पादन गरीरहेका छन् । यसले अधिकार प्रत्यायोजनमा देखिने संकूचन र प्रत्यायोजन गर्न लाग्ने समयका कारणले पनि सरकारी काम कारवाही प्रभावित भएको अवस्थालाई हल गर्दै लगेको पाइन्छ । क्षेत्राधिकारको स्पष्टताबाट राजनीतिज्ञहरूले आफ्नो समय राष्ट्र निर्माणका विविध पक्षमा लगाउन पाउने हुन्छन् भने प्रजातान्त्रिक मुलुकहरूमा सम्बन्धित मन्त्रालयको नेतृत्व मन्त्रीमा रहने भएकोले अधिकार क्षेत्रको स्पष्टता प्रश्चात कर्मचारी संयन्त्रबाट सम्पादित कार्यहरूको अनुगमन, मूल्यांकन गर्ने निर्देशन दिने, जिम्मेवारीमा सरलता देखिन्छ । मन्त्री र कर्मचारी दुवै पक्षलाई आ-आफ्नो जवाफदेहिता एवं जिम्मेवारी बोध हुन जान्छ जुन संगठनको लक्ष्य प्राप्तिमा सहायक हो तसर्थ यी दुवैले यसको उपादेयतालाई हृदयङ्गम गरी सुशासन ऐनको भावनाअनुरूप अघि बढ्नु पर्ने हुन्छ । कर्मचारी संयन्त्रलाई प्रभावकारी परिचालनको नेतृत्व लिने माध्यमको रूपमा सुशासन (व्यबस्थापन तथा सञ्चालन) ऐनलाई स्वीकार गरी कार्यान्वयनमा ल्याइएको छ । त्यसैले राजनैतिक नेतृत्व तहका पदाधिकारीहरूका सल्लाहकारदेखि निजी सहायकलाई समेतको क्षेत्राधिकार प्रष्ट पारेमा असल शासन सञ्चालनमा थप योगदान पुग्ने देखिन्छ ।

## ४.८ नेपालमा सार्वजनिक प्रशासन (निजामती प्रशासन)

जुनसुकै मुलुकमा पनि कर्मचारीतन्त्रलाई सार्वजनिक प्रशासनको मेरूदण्डको रूपमा लिईन्छ र मुलुकको स्वीकृत राजनैतिक पद्धति, संयन्त्र र प्रणाली अनुरूप राज्यसत्ता सञ्चालन हुने गर्छ। त्यसैले कर्मचारीतन्त्र अथवा हाम्रो सन्दर्भमा निजामती कर्मचारीले राज्यको स्थायी सरकारको रूपमा मान्यता पाई कार्यरत रही आएको छ। कर्मचारीहरू दलगत पुर्वाग्रहभन्दा माथि उठेर लोकतान्त्रिक पद्धति अनुरूप सेवा प्रदायकको रूपमा कार्यरत रहन्छन् र रहनु पनि पर्दछ, जसबाट आफूलाई प्राप्त विशेषणको सार्थकता सिद्ध हुने सकोस। कर्मचारीतन्त्रले सरकारका नीति कार्यक्रम तथा प्रतिबद्धता र गोपनीयताको सपथ खाएको हुन्छ र सोही आधारमा कर्तव्य निभाएका हुन्छन्। त्यसैले भन्ने गरिन्छ प्रशासनिक व्यवसायिकताको मापदण्ड भनेको आफु कार्यरत संगठन र आफुलाई दिएको काम, कर्तव्य र जिम्मेवारी प्रतिको प्रतिबद्धता हो। जसबाट प्रशासनको व्यावसायिकतामा निखार ल्याउन सहयोग पुग्दछ।

निजामती कर्मचारीले आफ्नो व्यावसायिक भूमिका निर्वाह गर्दा इमान्दारिता, पारस्पारिक विश्वास, समभ्फदारी, जिम्मेवारीका साथ निर्वाह गरेका हुन्छन्। हाम्रो मुलुकको हालको परिवेश, संक्रमणकालीन अवस्था तथा राज्यको पुनर्संरचना एवं प्रशासनिक पुनर्संरचनालाई समेत विचार गर्दा निजामती कर्मचारीका सम्बन्धमा विशेष ध्यान दिनु पर्ने अवस्था छ। यसलाई पूर्ण व्यावसायिक, दक्ष र उत्कृष्ठ बनाउने सम्बन्धमा राजनैतिक तटस्थता, सूचना प्रवाहको सुनिश्चितता, दक्षता प्रबर्द्धन र विशिष्टीकरण, इमान्दारिता, कर्तव्यनिष्ठ, जवाफदेहिता जस्ता विषयले विशेष भूमिका निभाएका हुन्छन्। त्यसैगरी प्रशासनिक पद्धतिको लागि व्यवस्थापक पनि उत्तिकै महत्वपूर्ण मानिन्छन्। सार्वसाधारणलाई उपलब्ध गराउने सेवा छिटो छरितो र सरल ढंगबाट उपलब्ध गराउन सार्वजनिक प्रशासनको क्षेत्रमा नेपालमा पनि धेरै प्रयासहरू भैरहेका छन्।

नयाँ सार्वजनिक प्रशासनतर्फ उन्मुख हुने सन्दर्भमा उच्चस्तरीय प्रशासन सुधार आयोगको प्रतिवेदन, २०४८ र यस्तै खालका अन्य आयोगको प्रतिवेदनभन्दा केही अगाडि देखिन्छ। उक्त आयोग सहित समय समयमा गठन भएका अन्य आयोगका सुझावहरू केही कार्यन्वयन भएका र केहि हुँदै गरेका पनि छन्। नयाँ सार्वजनिक प्रशासनको अवधारणा अनुसार नेपालमा हालसम्म भएका प्रयासहरू निम्नबमोजिम छन् :-

- मन्त्रालयको संख्या कटौती,
- श्रेणीविहीन स्तरको दरबन्दी रिक्त भएमा तिनको स्थायी पूर्ति नगरी सेवा करार सम्झौता गरेर कार्य सम्पादन गराउने प्रक्रियाको थालनी,
- विशेषज्ञ सेवा करारमा ल्याउने व्यवस्था,
- प्रधानमन्त्री तथा मन्त्रीहरूले प्रशासनिक सहयोग र परामर्शको लागि सल्लाहकार राख्ने व्यवस्था,
- निजामती सेवाको दरबन्दीमा कटौती,
- विभिन्न संस्थानहरूको निजीकरण,
- मन्त्रालय तथा विभागमा कार्यसम्पादनको समीक्षा गर्नको लागि सूचकहरू परिभाषित गर्ने काम,
- प्रगतिको समिक्षा गर्ने काम,
- पदसोपानलाई घटाएर दरबन्दी कटौती,
- निजामती सेवा पुरस्कारको व्यवस्था,
- शासकीय सुधार कार्यक्रम।

नेपालमा प्रशासनलाई चुस्त र फुर्तिलो बनाउने सिलसिलामा विभिन्न प्रयास भए तापनि विभिन्न कमजोरीहरू यथावत् नै रहेका छन् । बढ्दो प्रविधि र आधुनिकीकरण सहित लोकतन्त्रको बहाली पश्चात राज्यको पुनर्संरचनालाई समेत विचार गरी नेपालको निजामती प्रशासनमा देहायका कार्यहरू गर्नु पर्ने देखिन्छ :-

- संघीय संरचना अनुरूपको व्यवस्था हुनुपर्ने, विकेन्द्रीकरणको भावना कायम गर्नु पर्ने,
- राज्यको पुनर्संरचनासँग मेलखाने प्रकारको प्रशासनिक संरचनाको विकास गर्नु पर्ने,
- राजनीतिक हस्तक्षेपबाट मुक्त भै काम गर्ने वातावरण सृजना गर्नु पर्ने,
- जनताको आकांक्षा र राज्यको कार्यसम्पादनबीचको दुरीलाई घटाउनु पर्ने,
- चुस्त, फुर्तिलो प्रशासनिक संरचना बनाउनु पर्ने,
- सेवाप्रदायकप्रति जनविश्वास बढाउनु पर्ने,
- सरकारी समन्वयमा प्रतिबद्धता, योग्यता, कुशलता, उत्तरदायित्व र पारदर्शिताको कमीलाई हटाउनु पर्ने,
- सरकारी संयन्त्र जनमुखी र कम खर्चिलो पारदर्शी बनाउने,
- वर्तमान अवस्थामा देखिएको अव्यवस्थाको अन्त्य गर्न ठोस नीति तथा कार्यक्रम तर्जुमा गरिनु पर्ने,
- कर्मचारीको क्षमता अभिबृद्धि गर्न पर्याप्त व्यवस्था गरिनु पर्ने,
- क्षेत्रगत सन्तुलन कायम गर्नु पर्ने,
- दास मनोवृत्ति हटाउनु पर्ने, समता कायम गर्नु पर्ने,
- सरकार पूर्णरूपमा जनउत्तरदायी र जिम्मेवार हुनु पर्ने,
- माथिल्लो निकायबाट तल्लोमा र प्रमुखबाट सहायकका वीचमा विश्वास गर्ने वातावरण हुनु पर्ने,
- सूचना र प्रविधिको विस्तार तथा विकास गर्नु पर्ने,
- निजी क्षेत्रको संलग्नता र सहभागितामा वृद्धि गर्नु पर्ने,
- प्रशासनिक रूपले सुगमता हुने गरी प्रशासनिक संयन्त्रको पुनर्संरचना गरिनु पर्ने, कर्मचारीहरूलाई आफ्नो र परिवारको विषयलाई लिएर वर्तमान र भविष्यमा समेत चिन्तामुक्त रहन सक्ने गरी पारिश्रमिकलगायतका अन्य सुविधाहरू अनिवार्य रूपमा उपलब्ध गराउनु पर्ने,

## ४.९ प्रशासन र सुशासन सम्बन्धी विभिन्न दलका घोषणापत्र

### नेकपा माओवादी

नयाँ लोकतान्त्रिक परिपाटी र राज्यको संघात्मक पुनर्संरचना अनुरूप प्रशासनयन्त्रको आवश्यक पुनर्संरचना गरिनेछ । प्रशासनलाई प्रक्रियामुखी भन्दा परिणाममुखी र जनउत्तरदायी, दक्ष तथा पारदर्शी बनाउने ढंगले आमुल परिवर्तन गरिनेछ ।

### नेपाली कांग्रेस

केन्द्र, प्रदेश र स्थानीय सरकारको अधिकार र कर्तव्यलाई संविधानले अलग अलग सूचीका आधारमा छुट्याई दिनेछ । केन्द्रमा कार्यपालिका प्रमुखको रूपमा प्रधानमन्त्री र प्रदेशमा प्रदेश प्रमुखको व्यवस्था गरिनेछ । केन्द्रीय र प्रादेशिक मन्त्रिपरिषद्को गठन समावेसी सिद्धान्तका आधारमा गरिनेछ । संघीय संरचनाबमोजिम केन्द्र र प्रदेशको आ-आफ्नो निजामती प्रशासन रहनेछ । लोकसेवा आयोग संरचना पनि सोहीबमोजिम हुनेछ भन्दै सुशासनका आधारहरू भनी देहायमा उल्लेख गरिएकोछ :-

| | |
|---|---|
| जनताको सर्वोच्चता | जनप्रतिनिधिमूलक शासन व्यवस्था |
| संविधानको सर्वोच्चता | विधिको शासन |
| जनताको आधारभूत मानव अधिकार | समावेशी |
| जनताको सम्प्रभुतासहितको पूर्ण लोकतन्त्र | बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली |
| नागरिक स्वतन्त्रता | मौलिक हक |
| मानव अधिकार कानूनी राज्य | राज्यको लोकतान्त्रिक पुनर्संरचना |
| जनताको सम्प्रभुता | शासनको अधिकार र वैधताको स्रोत जनताको अभिमतबाट |
| स्वतन्त्रतायुक्त संवैधानिक प्रत्याभूति | समानुपातिक सहभागिता |
| समावेशी निर्वाचन प्रणाली | सक्षम, निष्पक्ष र समावेशी प्रशासनयन्त्र |
| विकेन्द्रित अधिकार | उत्तरदायी तथा परिणाममुखी लोकतान्त्रिक शासनको अनुभूति |
| सुरक्षा र हक अधिकार तथा न्यायको पूर्ण प्रत्याभूति | शासकीय सुधार पारदर्शीता, जवाफदेहिता, विधिको शासन र सदाचार पद्धतिको प्रवर्द्धन गर्दै सुशासनयुक्त राज्य प्रणालीको निर्माणमा जोड |
| सत्य तथ्य निरूपण तथा राष्ट्रिय मेलमिलाप आयोगको व्यवस्था अनुरूप समाजमा दण्डहीनताको पुनरावृत्तिका संभावनाहरूको अन्त्य गर्दै पारस्पारिक सद्भाव र विश्वासको वातावरण निर्माण गरिने । | पुनःनिर्माण र पुनःस्थापनाको कार्यक्रमलाई विशेष प्राथमिकताका साथ अघि बढाइनेछ । राज्य सरकारको उपस्थितिको बोध हुने गरी राज्य संयन्त्र र प्रशासनलाई पुनःस्थापित र परिचालित गरिनेछ । |
| बाढी, पहिरो जस्ता प्राकृतिक विपद एवं सामाजिक द्वन्द र हिंसाबाट प्रभावित व्यक्ति र परिवारलाई आवश्यक सहयोग उपलब्ध गराईनेछ । | जीवनका आधारभूत आवश्यकतालाई ध्यानमा राख्दै शिक्षा, स्वस्थ्य र रोजगारीका अवसरहरूको बृद्धि गर्ने र गराइनेछ । |

नेकपा एमाले

**सरकारी सेवाको गठन र सञ्चालन विधि**

एकात्मक राज्य र केन्द्रिकृत शासन प्रणाली अन्तरगत विकास भएको निजामती तथा प्रहरी प्रशासन र अन्य निकायहरूलाई समेत संघात्मक शासन प्रणाली अनुकुल हुने गरी पुनर्संरचना र रूपान्तरण गरिनेछ । सबै राष्ट्रसेवक कर्मचारीहरूलाई संघीय संरचना अनुकुल हुनेगरी पेशागत दक्षता अभिवृद्धि र सुधारका अवसर दिइनेछ ।

**सुशासनका आधारहरू**

- समतामुलक समाज
- मानव अधिकार
- स्वतन्त्रता

भ्रष्टाचार समाजको विकास र अग्रगतिको बाधक रहेको तथ्यलाई हृदयंगम गरी यसका विरूद्ध प्रभावकारी संयन्त्रको विकास गरिनेछ । सुशासनको आधारका रूपमा विधिको शासन र पूर्ण पारदर्शिताको नीतिलाई आत्मसात् गरिनेछ ।

## ४.१० प्रशासन र सुशासनका सम्बन्धमा विभिन्न राजनैतिक दलका अवधारणा

**नेपाली कांग्रेस**

वर्तमान निजामती प्रशासनलाई केन्द्र, प्रदेश र स्थानीय तहमा पूर्ण वर्गीकरण गरिने । संघीय संरचनाबमोजिम केन्द्र र प्रदेशको आ-आफ्नै निजामती प्रशासन रहनेछ । लोकसेवा आयोगको संरचना पनि सोही बमोजिम हुनेछ ।

**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**

निजामती कर्मचारी तथा प्रहरी प्रशासन सम्बन्धी विशेष व्यवस्था देहायबमोजिम रहनेछः-

- नेपाल सरकारले यो संविधान जारी भए पछि केन्द्र सरकारको माताहतमा आवश्यक पर्ने, प्रत्येक प्रदेश सरकारको मातहतमा आवश्यक पर्ने कर्मचारीहरूको संख्या आँकलन गर्नेछ ।
- संख्या एकिन गरिएपछि हाल कार्यरत जनपथ प्रहरी र निजामती कर्मचारीहरूलाई केन्द्र वा प्रदेशमध्ये कुनै एक स्थान छनौट गर्न र प्रदेश छनौट गरिएको भए कुन प्रदेशमा रहने हो सो सम्बन्धमा रोज्ने अवसर दिइनेछ ।
- यसरी रोज्ने अवसर दिएको अनुमानित संख्या नपुग भएमा थप भर्ना गर्ने र बढी भएमा कानूनबमोजिम कटौटी गर्ने वा नपुग भएको प्रदेशमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।
- कर्मचारी प्रशासनमा प्रदेशमा प्रदेशको जातिलाई अग्राधिकार हुनेछ ।
- प्रान्त र केन्द्रको कर्मचारी प्रशासनमा छुट्टाछुट्टै कर्मचारी प्रशासनको निर्माण केन्द्रबाट प्रान्तमा प्रान्तीय मुख्यसचिवको नियुक्ती र प्रान्तबाट प्रदेश सचिवको नियुक्त गर्ने ।

**नेपाल परिवार दल**

स्थानीय सरकारहरूको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न निजामती सेवाबाट एक/एक सचिवको नियुक्ति गरिनेछ ।

## ४.११ संवैधानिक व्यवस्था

**नेपाल सरकारको वैधानिक कानून, २००४** : नेपाल सरकारको वैधानिक कानून, २००४ मा प्रशासन संचालन सम्बन्धमा छुट्टै व्यवस्था गरिएको नभए तापनि धारा ६ मा शासन सम्बन्धी सबै काम मौसुफबाटै वा आफ्नु अधिनका कर्मचारीहरूद्वारा संचालन हुनेछ भनिएको छ । त्यसै गरी धारा ६५(क) मा मुलुकभर सबै ठाउँमा योग्य कर्मचारी भर्ना गर्नको लागि मौसुफबाट दरखास्त परिषद खडा गर्ने विषय समावेश भएको पाईन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५** : नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ६५ मा श्री ५ को कर्मचारीको सेवाको अवधि सम्बन्धमा व्यवस्था गरिएको छ । उक्त संविधानमा यस संविधानद्वारा वा यस संविधान अनुसार वा तत्काल प्रचलित कानूनमा प्रतिकुल व्यवस्था भएकोमा बाहेक श्री ५ को कर्मचारी श्री ५ को इच्छाअनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहेन छन् भन्ने प्रावधान हेको पाइन्छ ।

**नेपालको संविधान, २०१९** : नेपालको संविधान, २०१९ को धारा ८८ मा श्री ५ को कर्मचारीको सेवा अवधि भनी उल्लेख गरेको पाइन्छ । यो संविधानद्वारा अन्यथा व्यवस्था भएकोमा बाहेक श्री ५ का कर्मचारी श्री ५ का इच्छा अनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहने छन् तर निजहरूको सेवाको शर्त कानूनद्वारा व्यवस्थित हुनेछ भन्ने व्यवस्था गरेको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७** : नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२४ मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न आवश्यक सेवाहरू गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरू ऐनद्वारा निर्धारण गरिएबमोजिम हुनेछन् भन्ने प्रावधान राखिएको छ ।

**नेपालको अन्तरिम संविधान, २०६३** : नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५३ मा नेपाल सरकारले मुलुकको प्रशासन सञ्चालन गर्न निजामती सेवा र अन्य आवश्यक सरकारी सेवाहरूको गठन गर्न सक्नेछ । यस्ता सेवाहरूको गठन, सञ्चालन सेवाका शर्तहरू ऐनद्वारा निर्धारण गरिएबमोजिम हुनेछन् भन्ने व्यवस्था गरिएको छ ।

## ४.१२ समितिको अवधारणा

**सरकारी सेवा गठन र सञ्चालन सम्बन्धमा** : सार्वजनिक प्रशासन र नयाँ सार्वजनिक प्रशासनको सिद्धान्तको आधारमा नै सार्वजनिक क्षेत्रलाई अझ विशेष गरी कर्मचारी प्रशासनलाई मितव्ययी, दक्ष, छिटो छरितो, प्रभावकारी, सेवाग्राहीमुखी, उत्तरदायी र जिम्मेवारीपूर्ण बनाउन सकिन्छ । नयाँ सार्वजनिक व्यवस्थापनसंगै सार्वजनिक क्षेत्रको पुनर्संरचना, सार्वजनिक सेवाहरूको पुनर्संरचना र सार्वजनिक सेवाहरूको वितरणमा बजारीकरणको प्रयोग गर्ने हुँदा विश्वका हरेक मुलुकले आआफ्नो मुलुकको परिस्थिति अनुरूप सुधार गर्दै अघि बढ्दै गरेको उदाहरण पाइन्छ ।

हालको हाम्रो निजामती प्रशासनलाई हेर्दा प्रशासनिक संयन्त्र कमजोर रहेको देखिन्छ किनकि मुलुक संक्रमणकालमा गुज्रिरहेको अवस्थाले गर्दा कर्मचारीतन्त्रमा व्यापक रूपमा राजनीतिकरण भएको, ऐन नियमको उल्लंघन, "**आफ्नो मान्छे**" भन्ने अवधारणाको विकास आदि समस्याहरू रहेका छन् । कर्मचारीतन्त्र भित्रको योग्य, क्षमतावान, इमान्दार र कर्तव्यनिष्ठ कर्मचारीको भूमिका गौण भएको छ । विधिको पालना नभएको अवस्थाले गर्दा सार्वजनिक प्रशासन नै नराम्ररी गाजिएको छ जसको सुधारको लागि शासकीय सुधार योजना पनि कार्यरत छ तथापि हालको राजनीतिक पद्दती र अवस्थामा समेत सुधार भै नसकेकोले गर्दा कार्य हुन नसकेकोले अब बन्ने संविधानमा यी विषयवस्तुलाई समेटेर योग्य र दक्ष व्यक्तिलाई सरकारी सेवामा सहभागी गराउने नीति अवलम्बन गर्दै जानुपर्ने हुन्छ । कर्मचारीहरूको योग्यता, क्षमता,

सच्चरित्रता तथा काम गर्ने आत्मीय भावनाको अभिवृद्धि गरी प्रशासनको कार्य प्रक्रियालाई बढी प्रभावकारी बनाएर प्रशासनलाई उद्देश्यमूलक बनाउन सकिन्छ यसले भावि नेपालमा आउन सक्ने चुनौतिको सामना गर्न सक्षम हुनेछ ।

अब बन्ने संविधानमा प्रशासनिक पुनर्संरचना गर्दा सार्वजनिक व्यवस्थापनका विषयलाई समेटेर निक्षेपण एवं नीजिकरणमा जोड दिँदै नागरिक समाजको भूमिकालाई प्रभावकारी बनाउँदै सरकारको भूमिकालाई केवल सहयोगी एवं सहजकर्ताको रूपमा विकास गर्नु पर्ने देखिन्छ । त्यसैगरी कर्मचारीतन्त्रलाई पनि सोहीबमोजिम परिचालित हुने गरी जिम्मेवार बनाउन आवश्यक हुन्छ । अन्य क्षेत्रमा जस्तै कर्मचारीतन्त्रमा पनि कम लगानी बढी प्रतिफलको सिद्धान्तलाई अपनाउनु पर्ने, अधिकारमुखी प्रशासन सेवालाई आकर्षक बनाउने र सेवाग्राहीप्रति उत्तरदायी बनाउने प्रकारको नीति अवलम्बन गरी संविधानमा नै ती विषयलाई समेट्न सकेमा बढी प्रभावकारी हुने देखिन्छ ।

कार्यप्रणाली, कार्यविधि, कार्यसमय, कार्यस्थल तथा कार्य संचालनसँग सम्बन्धित विषयमा सुधार गरी प्रणालीगत अवधारणा अनुसार कार्य सम्पादन गर्ने, कर्मचारीलाई कार्य विवरणका साथ निश्चित कार्य जिम्मेवारी दिई जवाफदेही बनाउनुपर्छ । कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन कार्यविधिमा होइन प्राप्त उपलब्धिका आधारमा गरिनुपर्दछ । कार्य सम्पादन मुल्याङ्कनलाई बस्तुगत बनाइने र प्रशासनलाई उपलब्धिमूलक बनाउन राजनैतिक नेतृत्व तथा प्रशासनिक नेतृत्वले ऐन, नियम, नीतिको अनुशरण गरी त्यसैको परिधिभित्र रहेर उद्देश्यमूलक र उपलब्धिमूलक कार्य गर्न प्रेरणा दिई प्रोत्साहित गरिनु पर्छ । प्रशासनको कार्यशैली प्रक्रियागत भन्दा परिणाममुखी, जनमुखी, प्रतिवद्ध एवं नतिजामुखी बनाउनु पर्छ ।

सेवाको कुशलता वृद्धि गर्न तथा नियमितता र गुणस्तर कायम गर्न सेवाको वस्तुगत मापदण्डहरू विकास गर्नु पर्ने, सेवा उपलब्ध गराउने तरिका र अनुगमन तथा मुल्याङ्कनको व्यवस्था गर्नु पर्दछ । उपलब्ध गराइने सेवाको उद्देश्य, सेवाको प्रकार र गुणस्तरीय, सेवा उपलब्ध गराउने प्रक्रिया, सेवा पाउनका लागि जनताले गर्नु पर्ने काम तथा सो सेवा पाउन पर्खनु पर्ने समयसमेत उल्लेख गरिएको कार्य प्रवाह वा कार्यविधि तालिका कार्यालयमा सबैले देख्ने गरी राख्नु पर्दछ । सो अनुसार काम भए नभएको अनुगमन गर्ने भरपर्दो संयन्त्रको विकास गरिनु पर्दछ । यसप्रति नागरिक समाज चनाखो बनी प्रत्येक काम कारवाहीको निगरानी गर्ने र आफूले पाउनु पर्ने सेवा सुविधा उपयुक्त रूपमा पाए नपाएको विषयमा सचेत रहनुपर्छ ।

सरकारद्वारा उपलब्ध गराइएका सेवा प्राप्त गर्ने उपभोक्ताहरूको गुनासो सुन्ने र त्यसको प्रभावकारी व्यवस्थापन गर्ने संयन्त्रको व्यवस्था, नागरिकहरूले निर्धारित गुणस्तरको सेवा यथासमयमा प्राप्त गरे नगरेको अनुगमन गर्ने उपयुक्त व्यवस्था, संभव भएका क्षेत्रमा प्रशासन र नागरिक समाजको हातेमालोका आधारमा कार्यक्रम सञ्चालन गरी सेवाग्राही वर्गलाई लाभान्वित गराईने व्यवस्था भएमा नागरिक समाज र प्रशासनको सहभागिता एवं सहकार्यमा बढी उपलब्धि हासिल गर्न सकिन्छ ।

राष्ट्र विकासको लागि मुलुकलाई कसरी निर्देशित गर्ने भन्ने कुरा सरकारमा निर्भर गर्दछ । राजनैनिक नेतृत्वको सक्षमता र दक्षताले मुलुकलाई सही गन्तव्य तर्फ डोऱ्याउने र सरकारले तर्जुमा गर्ने नीति तथा कार्यक्रमले पनि सहि रूप लिने हुदा सरकारले तर्जुमा गरेका नीति, निर्णय तथा कार्यक्रममा आवश्यक सहयोग पुऱ्याई त्यसको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी प्रशासनमा रहेको हुन्छ । त्यसैले राष्ट्रको विकास र समुन्नतिको लागि प्रशासन सक्षम, सवल, दक्ष, जनमुखी र उपलब्धिमूलक हुनु पर्ने आवश्यकता देखिन्छ । प्रशासनलाई सरकारको ऐना वा प्रतिविम्व भनिए तापनि प्रशासन हाँक्ने संयन्त्र भने सरकार नै हुने भएकोले सरकारको नीति तथा कार्यक्रम अनुरूप नै प्रशासन संचालित भएको हुनु पर्दछ ।

राज्य संचालनमा सुशासन कायम गर्नु लोकतान्त्रिक सरकारको कर्तव्य हो । सुशासन प्राप्त गर्ने जनताका सार्वभौम अधिकारलाई सुनिश्चित गर्न तथा छिटो छरितो, निष्पक्ष, गुणस्तरीय र

प्रभावकारी सेवा सुविधाहरू उपलब्ध गराउन सरकारले विभिन्न ऐन, कानून, नीति नियम, निर्देशिका, कार्यविधिहरू एवं आवश्यक संगठनहरूको व्यवस्था गरेको हुन्छ ।

सरकारी संयन्त्रका निकायहरूबाट प्रचलित ऐन कानूनहरूको पालना गरे नगरेको, सम्बन्धमा तिनको कार्यान्वयनको क्रममा देखिएका समस्याहरूको समाधान गर्न उपयुक्त उपायहरूको पहिचान गरी आवश्यक सुधारात्मक नीति तर्जुमा गर्न निर्णयकर्तालाई सतर्क गराउन र नियन्त्रण गर्न माथिका विषयका अलावा व्यवस्थापन परीक्षण अपरिहार्य रहेको हुन्छ । हाल सरकारी निकायहरूमा गरिँदै आएको व्यवस्थापन परीक्षणको माध्यमबाट सरकारी निकायहरूको संगठनात्मक संरचना, कर्मचारी प्रशासन, जनशक्ति परिचालन, मानवश्रोत विकास, नीति तथा कार्यक्रम, लक्ष्य तथा उपलब्धिहरू, भौतिक अवस्था आदिको समिक्षात्मक परीक्षण गर्नु पर्ने हुन्छ । व्यवस्थापन परीक्षणले संगठनमा देखिएका कमी कमजोरी औल्याउने र भविष्यमा यस्ता गल्ती दोहोरिन नदिन आवश्यक सुधारात्मक सुझाव दिने गरिएको पाइन्छ । अतः व्यवस्थापन परीक्षणलाई कर्मचारी व्यवस्थापन सम्बन्धी प्रशासकीय परीक्षण, सेवा प्रवाह र सेवाको स्तरीयता सम्बन्धी गुणस्तर परीक्षण र ती कार्यबाट सेवाग्राहीमा पर्ने प्रभाव सम्बन्धी सामाजिक परीक्षणको रूपमा लिइन्छ । प्रशासन सुधारको खुटकिलोको रूपमा व्यवस्थापन परीक्षणलाई लिइन्छ ।

सरकारी सेवामा निश्चित वर्ग र समुदायको मात्र वर्चश्व रहेको वर्तमान स्थितिमा परिवर्तन गरी सरकारी सेवालाई सवै वर्ग र समुदायको समान पहुच र सहभागिता सुनिश्चित गर्न नीति निर्माण एवं कार्यान्वयन तहमा सबै वर्ग, क्षेत्र र समुदायको अधिकार सुनिश्चित गर्नको लागि समानुपातिक समावेशी सिद्धान्त र आधारभूत योग्यता तथा दक्षताको आधारमा कर्मचारीको नियुक्ति गर्ने र त्यस्ता नियुक्तिमा दलित, महिला, आदिवासी/जनजाति, पिछडिएको क्षेत्र, मधेसी, मुस्लिम, अपाङ्गलगायत पछाडि पारिएको समुदायका लागि मानव विकास सुचकांकको आधारमा निश्चित अवधिसम्मको लागि कानूनद्वारा क्षतिपूर्तिको व्यवस्था गर्ने नीतिसमेत अवलम्बन गर्नु पर्ने देखिन्छ ।

निजामती सेवा ऐनले कर्मचारीहरूको व्यवसायिक हक हितका लागि Trade Union को रूपमा आफ्नो संगठन स्थापना गर्न सक्ने व्यवस्था गरेको भए तापनि हाल त्यस्ता संगठनहरू विभिन्न राजनीतिक दलहरूका भातृ संगठनका रूपमा सञ्चालन हुने गरेका भन्ने आम चर्चालाई निरूत्साहित गर्नुपर्ने अवस्था आइसकेको छ । अतः कर्मचारीतन्त्र भित्र मौलिक हकका रूपमा रहेको संघ, संगठन खोल्न पाउने अधिकारलाई सुनिश्चित गर्दै एउटा मात्र आधिकारीक Trade Union रहने व्यवस्था गर्नुका साथै कर्मचारीको हक, हित र व्यावसायिक सरोकारका मुद्दाहरूमा मात्र मर्यादित एवं अनुशासित तबरले Trade Union Rights को उपयोग गर्ने वातावरणको सुनिश्चितता गर्नु पर्ने देखिन्छ ।

सम्पुर्ण सरकारी सेवालाई "सार्वजनिक सेवा" (निजामती सेवा, संसद सेवा, न्याय सेवा, स्वास्थ सेवा, शिक्षा सेवा, नेपाली सेना, सशस्त्र तथा नेपाल प्रहरी सेवा, अन्य सेवा एवं संस्थान सेवा) नामाकरण गर्ने गरी सबै सार्वजनिक सेवालाई एकै छाता सेवाको रूपमा सार्वजनिक सेवा सञ्चालन ऐनको तर्जुमा गरी सो अन्तर्गत सेवाको प्रकृती अनुरूप छुट्टा छुट्टै कानून तर्जुमा गर्नु उपयुक्त हुने देखिन्छ ।

सरकारी सेवाहरूको गठन गर्दा संघीय, प्रादेशिक, स्थानीय तथा साझा सूचीमा उल्लेख भएका कार्य क्षेत्रका आधारमा सघीय र साझा सूचीका कामका लागि गठन हुने सेवाहरू संघीय कानून मार्फत तथा प्रादेशिक र स्थानीय सूचीका कामका लागि गठन हुने सेवाहरू प्रादेशिक कानून मार्फत संचालनको व्यवस्था गरिनु पर्दछ ।

वर्तमान परिप्रेक्षमा सरकारी सेवालाई निजामती सेवा भनिएकोमा सो नामाकरणबाट हाल राज्यले उपलव्ध गराउदै आएको सवै प्रकारको सेवाको प्रतिनिधित्व गर्न नसकेकोले र विद्यमान परिवर्तनको प्रत्याभूति सरकारी सेवाको नामबाट समेत महसुस हुने गरी हालको निजामती

सेवालाई नागरिक सेवा वा अन्य कुनै सेवा नामाकरण गरी कार्य सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ ।

सम्वैधानिक निकायको कार्य संचालनमा स्वायतता र निष्पक्षता सहित सरकारको प्रभावबाट मुक्त राख्न स्थापना हुने सम्वैधानिक निकायहरूका कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा र सेवाका अन्य शर्त तथा सुविधासमेतका लागि छुट्टै "**संवैधानिक सेवा**" को आवश्यकता महसुस गरिएकाले सो अनुरूपको व्यवस्था भावि संविधानमा रहनु उपयुक्त हुने देखिन्छ ।

सरकारी निकायबाट छिटो, छरितो सेवा प्रदान गर्न तथा सेवालाई बढी भन्दा बढी जनमुखी बनाउन र राज्यले हालसम्म बोकिरहेको आर्थिक दायित्वमा समेत केही न्यूनता ल्याउने उद्देश्यले व्यवसायिक दक्षता हासिल गरेका तथा आफ्नो क्षेत्रमा ख्याती कमाएका केही विज्ञ एवं सरकारका सेवाहरूमा प्राविधिक सहयोगीका रूपमा सरकारी सेवामा ल्याउने सरकारी सेवाका केही निश्चित पदमा कानूनमा व्यबस्था भएबमोजिम कर्मचारीहरूको नियुक्ति करारमा गर्ने व्यवस्था गर्न उपयुक्त देखिएको छ ।

संघीय ढाँचा अनुरूप शासन प्रणाली अपनाउन सोहि बमोजिमको सार्वजनिक सेवा अवलम्बन गर्नको लागि सेवालाई केन्द्र, प्रदेश र स्थानीय तीन तहमा रहने गरी विकेन्द्रीत गर्न, सार्वजनिक सेवा आयोग केन्द्र र प्रदेशमा रहने र प्रादेशिक तहबाट नै स्थानीय तहको समेत कार्य गर्ने गरी व्यवस्था गर्न र कुनै प्रादेशिक सार्वजनिक सेवा आयोगले प्रशासनिक तथा भौगोलिक सुगमताका आधारमा दुई वा सो भन्दा बढी प्रदेशसमेतको काम कारवाहीमा संलग्न रहने गरी आगामी संविधानमा उपयुक्त प्रावधान राख्नु पर्ने देखिन्छ । कुनै पनि आयोगले कर्मचारीको नियुक्ति गर्दा सम्बन्धित प्रदेश वा स्थानीय क्षेत्रका वासिन्दालाई प्राथमिकता दिने र प्रादेशिक आयोगको सदस्यहरूको नियुक्ति गर्ने संस्थाले त्यस्ता आयोगको सदस्यको नियुक्तिमा संभव भएसम्म स्थानीय वासिन्दालाई नै प्राथमिकता दिनु उपयुक्त हुने देखिन्छ ।

हाल स्थानीय निकायमा कार्यरत कर्मचारीलाई स्थानीय सरकारमा नै समायोजन गर्ने र हाल कार्यरत निजामती कर्मचारीहरूलाई संस्थाको आवश्यकता र कार्यबोझका आधारमा केन्द्रमा राख्ने र बाँकी रहेकालाई प्रदेश र स्थानीय निकायमा तोकिएको आयोगको सिफारिसमा समायोजन गर्ने गरी कानूनी व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

विभिन्न मुलुकका संविधानमा सार्वजनिक प्रशासनका सम्बन्धमा प्रचलित विविध व्यवस्था रहेकोमा हाम्रो संविधानमा पनि सार्वजनिक प्रशासनको विषयलाई उजागर गर्नुपर्ने र सार्वजनिक प्रशासनका आधारभूत मार्गदर्शन (Guideline) सिद्धान्तहरू संविधानमा नै उल्लेख गर्न उपयुक्त देखिन्छ ।

**सुशासन सम्बन्धमाः** सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा पारदर्शिता, जवाफदेहिता, उतरदायित्व, समानुपातिक समावेसी सहभागिता, भ्रष्टाचार निवारण, स्वतन्त्र न्यायपालिका, विधिको शासन, राजनैतिक हस्तक्षेपमुक्त प्रशासन, शक्ति सन्तुलनको सिद्धान्त, अनुगमन इकाई, दण्डहीनताको अन्त्य, योजना मुल्यांकन संयन्त्र, नागरिक बडापत्र, आवधिक निर्वाचन, सूचनाको अधिकार, सार्वजनिक पद धारण गरेकालाई सार्वजनिक सुनुवाई, विभिन्न आयोगको गठन, प्रशासन यन्त्रलाई कानून र व्यवस्था कायम गर्ने स्वतन्त्रतालगायतका विषयलाई समेट्नु पर्ने देखिन्छ ।

सुशासनको प्रत्याभूति सम्बन्धी ब्यवस्था संविधानको प्रस्तावना, संविधानको क्रियाशील रहने धारा ............(सम्बन्धित समिति मार्फत) सहित निर्देशक सिद्धान्तमा रहने गरी व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

# भाग–५
# फरक मत

**माननीय सदस्य प्रदीप गिरिबाट प्राप्त फरक मत**

श्री सचिवज्यू
राज्यको शासकीय स्वरूप निर्धारण समिति,
संविधानसभा, सिंहदरवार, काठमाडौं ।

विषयः **फरक मत बारे ।**

राज्यको शासकीय स्वरूप निर्धारणको हकमा यस समितिमा भएको अत्यन्त लामो विवादका बारे मैले तपाईलाई केही भनी रहनुपर्ने छैन । समितिका सदस्यका तुलनामा तपाई राष्ट्रसेवकहरूले नै संविधान लेखनको काममा नियमितता र प्रतिबद्धता देखाउनु भएको कुरो सर्वविदित नै छ । साथीहरूले सहमति गर्ने भावनात्मक प्रयास अवश्य पनि गर्नु भयो । तर प्रतिद्वन्द्वी र प्रतिस्पर्धी अडानका बीच समन्वयको विन्दु भेटिएन भनियो । तर यस्तो विन्दु साँच्चै नै नभेटिएको हो या खोज्दै नखोजिएको हो भन्ने प्रश्न त्यही पनि उठ्दछ । यस प्रश्नका क्रममा मैले आफ्ना आशंका समितिका छलफलमा मौखिक रूपमा राखिसकेको हुँ । आ-आफ्ना राजनीतिक अडान अङ्गदको खुट्टा जस्तै धसेर राख्ने हो भने रावणसमेतको केही लाग्दैन । यस्तो मनस्थितिबाट संविधान लेखिदैन । संविधान मूलतः सम्झौताको दस्तावेज हो । हाम्रा बीच मौलिक प्रश्नमा राजनैतिक मतभेद छन् । ती राजनीतिक मतभेदलाई कोर्ने, बाँट्ने र सम्याउने पद्धतिको सम्झौतापत्र संविधान हुनुपर्छ । यस्ता नभएको पृष्ठभूमिमा मेरो फरक मत दर्ता भएको हो ।
संविधानसभाको गठनको लगत्तैपछि हामी केही साथीले राज्यको शासकीय स्वरूपका विषयमा गम्भीर छलफल प्रारम्भ गरेका थियौं । साथी नरहरी आचार्यले यस समितिको बैठकमा उपस्थित भएर हामी साथीहरूको छलफलको निचोड प्रस्तुत गर्नु भएको थियो । छलफलको विस्तृत विवरण एउटा पुस्तिकाको रूपमा पनि छापिएको छ । त्यो पुस्तिका बेलैमा यस समितिमा पेश गरिसकेको हो । अहिलेलाई यसै पुस्तिकाको सान्दर्भिक अंश मेरो फरक मतका रूपमा यहाँ राखेको छु ।
राज्यको शासकीय स्वरूपको छलफलका रूपमा उठेका कुराका हकमा केही दोहोर्‍याउनु आवश्यक छ । नेकपा माओवादीले प्रस्तुत गरेको राष्ट्रपतीय प्रणालीले अधिनायकवादी शैलीको अनुमोदन गरेको छ । विश्वका धेरै मुलुकमा राष्ट्रपतीय प्रणाली छन् । तर माओवादीले जस्तो राष्ट्रपतीय प्रणाली कही छैन । संयुक्त राज्य अमेरिका राष्ट्रपतीय प्रणालीको एउटा राम्रो उदाहरण हो । तर अमेरिकाको राष्ट्रपतीय प्रणालीलाई त्यहाँको दलीय व्यवस्था, विपक्षको भूमिका, दुईवटा सदनको क्षेत्राधिकार र राज्यहरूको सापेक्ष शक्ति र सर्वोपरी सर्वोच्च अदालतको सम्वैधानिक ब्याख्याको विशेष अधिकारलाई विर्सिएर बुझ्न सकिदैन । उपर्युक्त संस्थागत प्रत्याभूतिका अनउपस्थितिमा नेकपा माओवादीको प्रस्तावले अधिनायकवाद निम्त्याउँछ भन्ने मेरो ठहर छ । २०४७ सालदेखि प्रयोगमा रहेको संसदीय व्यवस्थामा अस्थिरता र भ्रष्टाचारको स्थिति ल्याएको सत्य हो । तर त्यसको ओखति खोज्ने क्रममा अधिनायकवादी व्यवस्था कदापी स्वीकार गर्न सकिदैन । त्यसैले राष्ट्रपतीय प्रणालीका कतिपय विशेषतालाई अंगिकार गर्दै प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचनको प्रस्ताव अगाडि सारिएको छ । छलफलका क्रममा मैले गरेको तर्क र ब्याख्याको समेत हेक्का राखेर साथको लेखौट र पुस्तिकाका आधारमा मेरा फरक मत दर्ता गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

भवदीय,
प्रदीप गिरि

संविधानसभा नियमावली (२०६५) बमोजिम संविधानसभा अन्तर्गतको शासकीय स्वरूप निर्धारण समितिमा गणतान्त्रिक नेपालका निम्ति शासन प्रणाली र त्यसको स्वरूप निर्धारण गर्नुपर्ने जिम्मेवारी रहेको छ । यस अनुरूप समितिले अवधारणा तयार गर्दा र सो बमोजिम प्रारम्भिक मसौदा प्रस्ताव बनाउँदा विभिन्न मतहरू आएका छन्, जुन कुरा स्वाभाविक छ ।

राज्यको पुनःसंरचना हुँदै गर्दाको वर्तमान अवस्थामा राज्यको शासकीय स्वरूप बारे पनि विगतका अभ्यास र अनुभवलाई ध्यानमा राख्तै पुनःविचार गर्नु जरूरी देखिन्छ । यसबारे संविधानसभाको पूर्ण बैठकमा विस्तृत छलफल र देशव्यापी बहस जरूरी देख्छु ।

तसर्थ समितिले तयार गरेको अवधारणापत्रमा देहाय बमोजिमको अवधारणागत स्पष्टता सहित तदनुरूप मस्यौदा प्रस्ताव समावेश गरियोस् भनी आफ्नो मत राखेको छु ।

## अवधारणा

### १. पृष्ठभूमि

संघीय संरचनामा जाँदै गरेको नेपालका निम्ति व्यावहारिक र अन्य दृष्टिले पनि बेलायती संसदीय प्रणाली (वेस्टमिनिस्टर मोडल) उपयुक्त देखिदैन । संसदीय मूल्य र मान्यतालाई आत्मसात् गर्दै संसद्लाई उच्च महत्व दिए पनि बेलायती प्रणालीलाई अमेरिकाले मात्र हाइेन, जर्मनी, फ्रान्स र स्वीट्जरल्याण्ड जस्ता थुप्रै यूरोपेली देशहरूले समेत यथानुरूप अँगालेनन् । संसद्बाट चुनिने राष्ट्रपति नै कार्यपालिका प्रमुख भएको तर प्रधानमन्त्री नभएको अनौठो जस्तो देखिने संसदीय प्रणालीका रूपमा दक्षिण अफ्रिका यतिखेर हाम्रा अगाडि छ । स्पेनमा संवैधानिक राजा छन् तर प्रधानमन्त्री (कार्यपालिका प्रमुख) लाई राष्ट्रपति भन्ने प्रणाली पनि छ । परम्परागत वा शास्त्रीय संसदीय शासन प्रणालीको नमूना बेलायती वेष्ट मिन्स्टर ढाँचा मानिए पनि परिमार्जित र समुन्नत संसदीय प्रणालीका आ-आफ्नै मौलिकताका साथ विभिन्न मुलुकले प्रयोगमा ल्याएका छन् । त्यसैले सबैका आ-आफ्ना मौलिक प्रयोग छन् । परम्परागत संसदीय प्रणालीकै पनि सबै ठाउँमा एउटै ढाँचा रहेन ।

यी तथ्यहरूलाई ध्यानमा राख्तै नेपाली कांग्रेसका म सहित पच्चीस जना सभासद्हरूले सामूहिक रूपमा गरेको यस सम्बन्धी गृहकार्य र त्यसको विस्तृत लिखित रूपलाई गत वर्ष नै समिति समक्ष हामी सबैका तर्फबाट संयोजन गरिरहेका सभासद् नरहरि आचार्यले प्रस्तुत गरेको र माननीय सभापतिज्यूको अनुमतिद्वारा औपचारिक रूपमा नै समितिमा उपस्थित भई विस्तारमा प्रस्तुति र व्याख्या समेत गरेको प्रसङ्ग पनि यतिखेर संझाउन चाहन्छु । साथै यस बारे समितिका विगतमा भएका विविध बैठकमा राज्यको शासकीय स्वरूप र प्रणाली सम्बन्धमा मैले गर्दै आएका प्रस्तुति र व्याख्याहरू पनि समितिको औपचारिक अभिलेख सुरक्षित नै छन् । यस पृष्ठभूमिलाई स्मरण गर्दै संक्षिप्त रूपमा यस बारे सैद्धान्तिक अवधारणा प्रस्तुत गर्दछु ।

### २. प्रत्यक्ष प्रधानमन्त्री

संविधानसभाको निर्वाचनका निम्ति नेपाली कांग्रेसद्वारा प्रस्तुत घाषणा पत्र (२०६४) ले संघीय कार्यपालिका प्रमुख प्रधानमन्त्री भने पनि प्रधानमन्त्रीको निर्वाचन प्रणालीबारे कुनै किटान गरेको छैन । परम्परागत संसदीय प्रणालीका रूपमा चर्चित बेलायती वेस्टमिन्स्टर मोडलको पनि उल्लेख भएको छैन । विगतका अनुभव र आगामी चुनौतीलाई समते ध्यानमा राख्ता कांग्रेस भित्र राष्ट्रप्रमुखका रूपमा प्रादेशिक र केन्द्रीय (संघीय) संसद्द्वारा राष्ट्रपतिको निर्वाचन गर्ने र संघीय कार्यपालिका प्रमुखका रूपमा प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्ने अवधारणा विशेषगरी संविधानसभाको निर्वाचन पूर्व पनि पार्टी समक्ष औपचारिक रूपमा नै प्रस्तुत भएको विषय हो ।

निश्चय पनि हामीले प्रस्ताव गरेको प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन नयाँ प्रयोग हो । तर यो केवल नयाँ हुने रहरका लागि मात्र प्रस्ताव गरिएको भने अवश्य होइन । खासगरी २०४८ देखि २०५९ को अवधिमा हामीले वेस्टमिस्टर मोडेल अभ्यास गर्दा सिकेका पाठ र अनुभवलाई यसको

पृष्ठभूमिका रूपमा अत्यन्त गंभीरतासाथ लिएका छौं । कमजारे प्रधानमन्त्री संसद्को अप्राकृतिक एवं अपारदर्शी विघटनको श्रृखलाका कारण विगतमा नेपाली कांग्रस आफैंले पनि सरकारको काम र निरन्तरतालाई सुरक्षित गर्न सकने । राजसंस्था समाप्त हुँदैमा भोली सरकार एवं संसदीय स्थीरता भै हाल्छ भन्ने पनि होइन । यसका अतिरिक्त प्रादेशिक संरचनासहित संघीय ढाँचामा रूपान्तरित हुँदै गरेको हाम्रो मुलुकका निम्ति वारम्बार विविधता प्रतिविम्बित हुने ढाँचामा राष्ट्रपतिको निर्वाचन र मुलुकका समग्र नागरिकको सहभागितामा प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचनको व्यवस्थाबाट लोकतान्त्रिक सरकारका साथै शासकीय स्थीरताको प्रत्याभूति गर्न सकिन्छ भन्ने हाम्रो ठहर हो । साथै संघीय नेपालको भावनात्मक एकता र परिणाममुखी तथा कार्यमूलक शासनको आवश्यकताले पनि यस प्रणालीका पक्षमा व्यावहारिक र सैद्धान्तिक आधार प्रदान गरेको छ । यस माथि संविधानसभा भित्र विस्तृत छलफलको अपेक्षा समेत मैले गरेको छु ।

**३. उत्तरदायित्वको वलियो आधार**

यस सन्दर्भमा सोझै राष्ट्रपतिकै प्रत्यक्ष निर्वाचनमा किन नजाने भन्ने सवाल पनि आउने गरेको छ । निश्चय नै राष्ट्रपति प्रणालीले पनि प्रत्यक्ष प्रधानमन्त्रीसँग राखिएका धेरै अपेक्षा पूरा गर्छन् । साथै प्रत्यक्ष राष्ट्रपतिको प्रबन्धले खर्च, पदीय सम्बन्धको दोहोरोपन (प्रधानमन्त्री पनि चाहिने परिस्थिति) हटाउने छ र राष्ट्रपतिलाई ढुक्कसँग काम गर्न दिने अवस्था निर्माण हुनेछ । तर जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीलाई अवलम्बन गर्दा हाम्रो जस्तो जातीय, भाषिक, साँस्कृतिक विविधता एवं समाजिक विभेद विद्यमान भएको अवस्था र संघीय प्रणालीको अपेक्षाका सन्दर्भमा समते राष्ट्रको सर्वोच्च तहमा विविधता झल्किने संवैधानिक प्रवन्ध गर्न सकिन्न । यसको तुलनात्मक दृष्टान्तमा सजिलाका लागि अमेरिका र भारतलाई राख्न सकिन्छ । सवादुई सय वर्षको कार्यकारी राष्ट्रपति

प्रणालीको अभ्यास गर्ने अमेरिकाले पहिलो पटक काला जातीका व्यक्तिलाई राष्ट्रपति बनाउन सकेको छ । तर महिला अझै बन्न सकेका छैनन् । भारतमा भने ११ वटा राष्ट्रपतिमा ९ थरी विविधता अभिव्यक्त भएको छ । दोस्रो, विकाशील

देशहरूमा शास्त्रीय संसदीय प्रणालीको उचित प्रवन्ध गर्न नसक्ता स्थीरताका नाममा अधिनायकवादी प्रवृत्ति र सैनिक हस्तक्षेप तथा सैनिक पृष्ठमूमिका कार्यकारी राष्ट्रपतिको बाटोबाट निरंकुश तानाशाही थोपरिएका धेरै दृष्टान्तहरू भेटिन्छन् । यसबाट हामीले बेलैमा सचते हुँदै पाठ सिक्नु जरूरी छ । यस परिस्थितिमा प्रत्यक्ष प्रधानमन्त्री माथि दोहोरो निगरानी रहने छ । राष्ट्रपतिले संवैधानिक राष्ट्रप्रमुखका रूपमा संवैधानिक मूल्य र नैतिकताका आधारमा निगरानी राख्ने छन् भने संसद्ले आफ्ना समिति मार्फत र प्रत्यक्ष रूपमा नै पनि संसदीय मूल्य मान्यता र व्यवस्थापकीय प्रावधान अन्तगर्त कानुनी निगरानी गर्ने छ । वास्तवमा लोकतन्त्रमा सरकारको उत्तरदायी संरचनाका बारेमा बढी नै ध्यान दिने गरिन्छ । प्रत्यक्ष प्रधानमन्त्री एकातिर सोझै आफुलाई निर्वाचन गर्ने जनताप्रति उत्तरदायी रहन्छन् भने अर्कातिर शासन संचालन एवं आफ्ना वैयक्तिक आचरण क्रियाकलाप सहितका यावत पक्षमा संवैधानिक ढंगले संसद् प्रति उत्तरदायी हुन्छन् । यसरी आफ्नो जिम्मेवारी र प्रतिबद्धता पूरा गर्न स्वतन्त्र र समर्थ रहे पनि दोहोरो उत्तरदायित्वको संरचनाले प्रत्यक्ष प्रधानमन्त्रीलाई थप व्यवस्थित र मर्यादित गर्न सकिन्छ ।

तसर्थ हामीले राष्ट्रपति प्रणालीमा रहेका केही आधारभत् कमिलाई पूर्ति गर्ने अवसर संवैधानिक राष्ट्रपति सहितको प्रत्यक्ष प्रधानमन्त्रीले मात्र गर्न सक्ने ठम्याईमा यो प्रस्ताव गरेका हौं । हाम्रो जस्तो परम्परागत सामन्ती चिन्तन र संस्कारबाट मुक्त भइनसकेको समाजका निम्ति लोकतान्त्रिक शासनको सुरक्षित आधार उपलब्ध गराउनु पर्ने हुन्छ । साथै आर्थिक विकासका लागि कार्यकारी स्थायित्व र प्रभावकारिता पनि उत्तिकै जरूरी छ । तसर्थ प्रत्यक्ष प्रधानमन्त्री र अप्रत्यक्ष राष्ट्रपति प्रणालीका पक्षमा रहेका प्रमुख विशेषताहरू यस प्रकार छन् :

१. प्रत्यक्ष जनादेश प्राप्त र जनताप्रति सोझै उत्तरदायी कार्यपालिका प्रमुख

२. कार्यकारी स्थायीत्व र प्रभावकारिताको ठोस माध्यम

३. संघीय विविधतामा लोकतान्त्रिक राष्ट्रिय एकताको प्रतीक

४. व्यवस्थापिकाको स्वतन्त्र (कार्यपालिकाको नियन्त्रणबाट मुक्त) व्यक्तित्व

५. शक्ति पृथकीकरण र सन्तुलनको सहज प्रबन्ध

६. विविधताको व्यावहारिक प्रतिनिधित्व गर्ने राष्ट्रप्रमुखका रूपमा राष्ट्रपति

७. राष्ट्रिय भरोसा र आस्थाको वैकल्पिक केन्द्रका रूपमा राष्ट्रपतिको संस्था

निश्चय नै हामीले प्रस्तावित गरेको प्रत्यक्ष प्रधानमन्त्री र अप्रत्यक्ष राष्ट्रपति प्रणालीसँग पनि केही प्रश्नहरू रहन्छन् । संभवतः ती हुनेछन् :

१. राष्ट्रपति, संसद, प्रधानमन्त्रीका बीच शक्ति सन्तलुन कसरी गर्ने ?

२. प्रधानमन्त्रीलाई काम गर्न सजिलो पार्दै संसदीय नियन्त्रण कसरी कायम गर्ने ?

३. ससंदले असहयागे गरेमा के गर्ने ?

४. प्रधानमन्त्रीले संसदको अटेर गरे के गर्ने ?

माथिका चारै प्रश्नहरू माथि संबोधन हुने गरी वैधानिक प्रबन्ध र राजनीतिक व्यवस्थापन गर्न संविधानमा नै केही प्रावधान राख्न मिल्छ । साथै थप आवश्यकता बोध गर्दा अन्य कानूनी व्यवस्था पनि गर्न सकिन्छ । ती व्यवस्थाहरू निम्नानुसार हुन सक्छन्

१. राष्ट्रपतिको काम सामान्यतया सेरिमोनियल नै हुनेछ । तथापि, सेनाको प्रतीकात्मक परमाधिपति, व्यवस्थापिकाबाट पारित विधेयकहरूको स्वीकृति,लगायतका विषय राष्ट्रपतिको प्रमुख संवैधानिक जिम्मेवारी हुनेछ ।

२. संवैधाानिक मूल्य र मान्यताको उच्च मनोवल कायम राख्नु र संरक्षण गर्नु राष्ट्रपतिको कर्तव्य हुनेछ ।

३. प्रधानमन्त्री प्रत्यक्ष निर्वाचित भए पनि सरकार प्रमुख मात्र हुनेछन् । सरकारको नीति र कार्यक्रमहरू राष्ट्रपतिलाई जानकारी गराउनु प्रधानमन्त्रीको दायित्व हुनेछ ।

४. सरकारको नीति र कार्यक्रम तथा त्यसका लागि आवश्यक बजेट संसद्बाट अनुमोदन तथा पारित गर्नु पर्ने अनिवार्य व्यवस्था हुनेछ । सरकारका नीति, कार्यक्रमा तथा बजेट संसद्मा पारित हुन नसके संसद्को सहयोग खोज्ने र वैकल्पिक कार्यक्रमहरूसहित सहयोगका लागि सरकारले लचकताको नीति खोज्नु पर्छ ।

५. पार्टीगत आधारमा मात्र सरकारको कामलाई संसद्ले निरन्तर अवरोध गरेर संसद् र सरकारबीचको गतिरोधले निकास पाउन नसके सरकार आफै पनि जनमत संग्रहमा जान सक्ने प्रावधान राख्न सकिनेछ ।

६. संसद्ले आफ्ना समितिहरू र सदन मार्फत सरकारको समग्र एवं मन्त्रालयगत कामकारवाहीहरू जनउत्तरदायी एवं पारदर्शी भए नभएको हने र्छे तथा निरन्तर निगरानी गनर्छे ।

७. प्रधानमन्त्रीमाथि सामान्य ढंगको अविश्वास प्रस्ताव राख्ने प्रावधान नरहने भएपनि प्रधानमन्त्रीबाट गंभीर प्रकृतिको संवैधानिक विचलन र अन्य गल्ती भएमा संसद्को दुई तिहाई बहुमतले महाअभियोगद्वारा हटाउन सकिन्छ

८. संसद्लाई सत्तापक्ष र विपक्षको सनातनी खेलमा सीमित नगरी गुण र दोषका आधारमा सरकारको कामको स्वतन्त्र मूल्याकंन गर्ने अधिकार हुनेछ ।

माथि प्रस्तुत अवधारणा र औचित्यलाई ध्यानमा राख्तै निम्नानुसार प्रारम्भिक मसौदा मिलाइयोस् भन्ने आफ्नो मत राख्दछु ।

**प्रारम्भिक मस्यौदा**

**१. राष्ट्रप्रमुख**

(१) प्रादेशिक तथा संघीय संसद्ले संवैधानिक राष्ट्रप्रमुखका रूपमा राष्ट्रपतिको चयन गर्ने ।

(२) राष्ट्रिय भरोसा र आस्थाको सर्वोच्च केन्द्रका रूपमा राष्टपतिको संस्था रहने ।

(३) संघीय संसद्का दुबै सदनले महाअभियोग पारित गरेमा राष्ट्रपति पदमुक्त हुने ।

(४) उपराष्ट्रपतिको चयन र पदमुक्ति राष्ट्रपतिका लागि निर्धारित प्रक्रिया बमोजिम नै हुने ।

(५) उपराष्ट्रपतिले राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिको कार्य तथा जिम्मेवारी पुरा गर्ने र उपराष्ट्रपति संघीय संसद्मा माथिल्लो सदनको अध्यक्ष रहने व्यवस्था गर्ने ।

**२. संघीय सरकार**

संघीय **कार्यपालिका प्रमुख प्रधानमन्त्री हुने**

(१) देशव्यापी वालिग मताधिकारका आधारमा बहुमतले (५०%+)ले चुनिएको प्रधानमन्त्री ४ वर्षका लागि छानिने । थप एक कार्यकालका निम्ति उम्मेदवार हुनसक्ने ।

(२) संघीय मन्त्रिपरिषद्का मन्त्रीहरूको नियुक्ति प्रधानमन्त्रीले सामान्यतः संसद् सदस्यभन्दा बाहिरका व्यक्तिमध्येबाट ११ जनाको मन्त्रिपरिषद् गठन गर्ने ।

(३) संसद् सदस्य मन्त्री नियुक्त भएमा उनको संसद् सदस्यता स्वतः समाप्त हुने ।

(४) संघीय संसद्ले महाअभियोगको प्रस्ताव पारित गरेमा प्रधानमन्त्री पदमुक्त हुने ।

**३. प्रादेशिक सरकार**

(१) प्रादेशिक संसद् एक सदनात्मक हुने छ । यसको निर्वाचन बढी मत ल्याउनेले पद पाउने (प्रत्यक्ष) निर्वाचन र समानुपातिक दुबै गरी मिश्रित निर्वाचन प्रणालीका आधारमा हुने । यसको संख्या बढीमा पैंतालीस रहने ।

(२) प्रदेशका मुख्यमन्त्रीको चयन प्रादेशिक संसद्ले पचास भन्दा बढी प्रतिशतका आधारमा मतदानद्वारा गर्ने । प्रादेशिक संसद्मा न्यूनतम १० प्रतिशत संसदीय स्थान ल्याउने दलहरूको अनुपातिक साझेदारीमा ९ सदस्यीय मन्त्रिपरिषद्को गठन गर्ने ।

(३) मुख्यमन्त्रीलाई प्रादेशिक संसद्ले अविश्वासको प्रस्तावद्वारा हटाउन सक्ने ।

(४) अविश्वासको प्रस्तावसँगै वैकल्पिक मुख्यमन्त्रीको प्रस्ताव पनि आउनुपर्ने ।

(५) प्रादेशिक संसद्को विघटन मुख्यमन्त्रीको प्रस्तावमा ५० प्रतिशत भन्दा बढी सदस्यको समर्थन बाट हुने ।

**४. स्थानीय (गाउँ/नगरपालिका) सरकार**

(१) स्थानीय सरकारको आफ्नो कार्यक्षेत्र र अन्य तहका सरकारसँग मिलेर काम गर्नुपर्ने साझा कार्यक्षेत्रलाई संविधानले सूचीबद्ध गर्ने ।

(२) स्थानीय तहमा कार्यकारी विधायकी र न्यायिक अधिकार भएको निर्वाचित परिषद् रहने प्रावधान संविधानमा नै राखिने ।

(३) गाउँ तथा नगरपालिकाको आकार वृद्धि गरी हाल जिल्लाहरूमा कायम रहेका अधिकारहरू स्थानीय तहमा पुऱ्याउने तथा आकार र सीमाङ्कनको निर्धारण प्रदेशको जिम्मेवारीमा हुने ।

(४) स्थानीय सरकारको थप संरचना र निर्वाचन प्रणाली सम्वन्धी अन्य निर्णय प्रदेश व्यवस्थापिकाले बनाउने कानून बमोजिम हुने ।

**५. कार्यक्षेत्र, अधिकार र अन्तर्सम्बन्ध**

(१) संघीय, प्रादेशिक र स्थानीय सरकारको कार्यक्षेत्र संविधानमा नै उल्लेख गरेर छुट्याइने । उल्लेख नभएका अवशिष्ट अधिकार संघीय जिम्मेवारीमा रहने । संविधानमा संघीय र प्रादेशिक तथा प्रादेशिक र स्थानीय कार्यक्षेत्रको साझा सूची बन्ने ।

(२) राष्ट्रिय सुरक्षा, (सेना, सशस्त्र प्रहरी, जनपद प्रहरी समेत) परराष्ट्र सम्बन्ध, मुद्रा नीति, भन्सार र मूल्य अभिवृद्धिकर (भ्याट) तथा राष्ट्रिय बैङ्क, हवाइयातायात, रेल यातायत, दूरसंचार, अन्तर प्रादेशिक (राष्ट्रिय) मार्ग, जल संसाधन नीति

(३) ठूला विद्युतीय संरचना, भूमिनीति, शिक्षा नीति तथा अनुसन्धान लगायत राष्ट्रिय महत्वका नीतिगत विषयहरू संघीय जिम्मेवारीमा रहने । संचार (रेडियो, टेलिभिजन) कृषि, वन, शिक्षा, भूमि-व्यवस्थापन, स्वास्थ्य, उद्योग, संस्कृति-धर्म, खेलकूद जस्ता विषयहरू प्रदेश र स्थानीय तहमा रहने छन् । प्रदेशमा प्रादेशिक प्रहरी तथा स्थानीय सरकारका तहमा सामुदायिक प्रहरी रहने ।

(४) मुलुकको प्राकृतिक स्रोतको संरक्षण र उपयागे गर्ने जिम्मेवारी तथा अधिकार प्रायः सबै तहमा रहने । कुन कुन तहमा कसरी रहने भन्ने विषय संविधानमा नै सूत्रबद्ध गरी सुरक्षित र व्यवस्थित गरिने ।

(५) स्थानीय सरकारहरूका बीच वा स्थानीय र प्रादेशिक सरकारका बीच तथा प्रदेशहरूका बीच वा प्रदेश र संघीय सरकारका बीच प्राकृतिक स्रोत साधनको बाँडफाँड लगायत अन्य विषयमा उत्पन्नहुने विवाद निरूपणका लागि आवश्यक संयन्त्रहरूको व्यवस्था गर्ने र अन्तिम निणर्य का सम्बन्धमा राजनीतिक विवादमा संघीय संसद् र संवैधानिक विवादमा संघीय न्यायालयले टुङ्गो लगाउने ।

**६. संकटकाल**

(१) संघीय सरकारले मुलुकभर वा तोकिएको प्रदेशमा मात्रै संकटकाल लगाउने निर्णय गर्न सक्ने छ । तीन महिना भित्र संघीय संसद्का दुबै सदनको दुईतिहाई मतले अनुमोदित नगरेमा संकटकाल स्वतः हट्ने ।

(२) कुनै प्रदेशले अनुरोध वा सिफारिस गरेमा पनि संघीय सरकारको निर्णयद्वारा सम्वन्धित प्रदेशमा पनि संकटकाल लगाउन सकिने ।

(३) तोकिएको प्रदेशमा संकटकाल लागेको अवस्थामा प्रादेशिक सरकार विघटन गर्न सकिने र प्रादेशिक संसद् निलम्वनमा राखिने । तीन महिना पछि प्रादेशिक संसद्को निलम्बन हट्ने र प्रादेशिक संसद्को सिफारिस बमोजिम संघीय सरकारले प्रादेशिक संकटकाललाई निरन्तरता दिने वा हटाउनेकाम गर्ने । निलम्बन हटे पछि प्रादेशिक संसद्ले संवैधानिक प्रक्रियाद्वारा सरकार गठन गर्ने ।

**७. सरकारी सेवाको गठन, संचालन विधि र सुशासन**

(१) मानव अधिकारको सुरक्षा गर्न तथा शासन-प्रशासनलाई उत्तरदायी, पारदर्शी र स्वच्छ बनाउन संवैधाानिक निकाय वा अङ्गका रूपमा आयोगहरूको व्यवस्था गर्ने ।

(२) प्रादेशिक र संघीय तहमा निजामती प्रशासन र प्रहरी प्रशासनको अलग अलग व्यवस्था हुने ।

(३) संघीय ढाँचाको प्रारम्भसँगै कर्मचारिकहरूको नियुक्ति र पुनर्ताजगी तालिमद्वारा संघीय, प्रादेशिक र स्थानीय कर्मचारी व्यवस्थाको पुनःसंरचना गरिने ।

(४) सामाजिक, राजनीतिक र ऐतिहासिक कारणले विभेदमा पारिएका तथा राज्यका नीति निर्धारण र कार्यान्वय गर्ने तहमा पहुँच नपुगेका वा कमजोरे पहुँच रहँदै आएका र सीमान्तीकत् समुदाय एवं क्षेत्रका निम्ति ऐन र अन्य कानूनी प्रबन्धद्वारा सकारात्मक विभेद गर्न सक्ने प्रावधान संविधानमा रहने ।

(५) प्रदेश निर्माण भए पछि तत् तत् प्रदेशमा अल्पसंख्यामा पर्नेहरूका हक-अधिकार र पहिचानको सुरक्षा र सम्मान गर्न विशेष गरी महिला, दलित, यौन तथा लैङ्गिक अल्पसंख्यक र मुश्लीम लगायत अन्य अल्पसंख्यक समुदायका निम्ति आवश्यकतानुसार प्रादेशिक र संघीय (केन्द्रीय) तहमा संवैधानिक आयोगहरूको निर्माण गर्ने ।

माथिका बुँदाहरूलाई आधार बनाई संविधानको निर्धारित भाग र धाराहरूमा संवैधानिक भाषाद्वारा व्यवस्थित गर्न सकिने छ । साथै मैले प्रस्तुत गरेका विषयमा संविधानसभाको पूर्णबैठकमा विस्तारित छलफलका निम्ति अनुरोध गर्दछु ।

प्रदीप गिरि

**प्रदीप गिरि**
सदस्य

**२०६६ पुस २९**

अनुसूची-१

## कार्यक्षेत्रको विस्तृतीकरण

यस समितिले नेपालको अन्तरिम संविधान, २०६३ ले अंगिकार गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको मूल भावना सहित संविधान सभा नियमावली, २०६५ द्वारा निर्धारित कार्यक्षेत्रमा आधारित रही देहाय बमोजिम विस्तृतीकरण गरेको छ :

**१. शासन प्रणालीको प्रकृति र स्वरूप :**

- संसदीय शासन प्रणाली
- प्रधानमन्त्रीय शासन प्रणाली
- सहमतीय शासन प्रणाली
- राष्ट्रपतीय शासन प्रणाली
- मिश्रित शासन प्रणाली
- अन्य शासन प्रणाली

**२. विभिन्न निकायमा कार्यकारिणी अङ्गको ढाँचा :**

- कार्यकारिणीको संघीय, प्रादेशीक र स्थानीय स्वरूप निर्धारण
- अधिकारको बाँडफाँड

**३. विभिन्न तहमा कार्यकारिणी अधिकारको बाँडफाँड :**

- संघीय, प्रादेशिक र स्थानीय सरकारहरू बीच कार्यकारिणी अधिकारको बाँडफाँड
- अधिकार बाँडफाँडको स्रोत/आधार
  (संविधान, ऐन, कानून, निर्वाचन, तहहरूबीचको सम्झौता समझदारी आदि)

**४. विभिन्न तहका सरकारबीचको अन्तरसम्बन्ध :**

- •आर्थिक सम्बन्ध **प्रशासनिक सम्बन्ध**
  (स्रोत, साधनको बाँडफाँड, उपयोग, लगानी र व्यापार प्रवर्धन)
- शान्ति सुरक्षा
  (सुरक्षा व्यवस्था, आपराधिक क्रियाकलाप रोकथाम सम्बन्धी आपसी समझदारी)

**५. सरकारी सेवाको गठन र सञ्चालन विधि :**

- सरकारी सेवाको साङ्गठनिक स्वरूप
  (संघीय, प्रादेशिक र स्थानीय)
- अधिकारको प्रत्यायोजन, स्वविवेकीय अधिकार, त्यसको सीमा र औचित्य
- सरकारी सेवा प्रवेशको आधार ®**र लोक सेवा आयोगको संघीय, प्रादेशिक र स्थानीय ढाँचा**
- ★ **अल्पसंख्यक तथा सिमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिसंग समन्वय गरी** समानुपातिक समावेशीकृत प्रशासन, यसका आधार र औचित्य **निर्धारण गर्ने** ।

---

• मिति ०६५/१०/१४ गते बसेको नियम ७६ अनुरूपको समितिबाट प्रस्तावित शव्दावली हटाई वोल्ड गरिएको शव्दावली राखिएको ।

® मिति ०६५/१०/१४ गते बसेको नियम ७६ अनुरूपको समितिबाट प्रस्तावित वोल्ड गरिएको शव्दावली हटाईएको ।

★ मिति ०६५/१०/१४ गते बसेको नियम ७६ अनुरूपको समितिबाट वोल्ड गरिएको शव्दावली थपिएको ।

**६. सुशासनका आधार :**

✍ कानूनी शासन, पारदर्शिता, जवाफदेहीता, उत्तरदायित्व, निर्णयमा शीघ्रता (तदारूकता), मितव्ययिता, उपयोगिता, निष्पक्षता, विकेन्द्रीकरण, समानुपातिक समावेशी, भ्रष्टाचार निवारण, र सरलता

**७. निर्वाचन प्रणाली :**

✍ विभिन्न प्रकारका निर्वाचन प्रणालीको छनोट

✍ राष्ट्र प्रमुखको निर्वाचन

✍ सरकार प्रमुखको निर्वाचन

✍ संघीय, प्रादेशिक एवं स्थानीय निर्वाचन

✍ मतदाताको उमेर निर्धारण, त्यसको आधार [*]**र मतदाता परिचयपत्र सम्बन्धी व्यवस्था**

✍ निर्वाचन क्षेत्र निर्धारण**को आधार र सोको संयन्त्र**

**८. समन्वय गर्नु पर्ने अन्य समितिहरू :**

✍ आवश्यकता अनुसार सबै समितिहरूसँग समन्वय गर्नु पर्ने

**९. विज्ञ आवश्यक पर्ने क्षेत्र**

१. शासन प्रणाली सम्बन्धी

✍ संवैधानिक कानून विद

✍ राजनीति शास्त्री

२. निर्वाचन प्रणाली सम्बन्धी

३. प्रशासन सम्बन्धी

४. विकेन्द्रीकरण (स्थानीय स्वायत्त सरकार) सम्बन्धी

५. सुशासन सम्बन्धी

६. समावेशीकरण सम्बन्धी

७. दुर्गम क्षेत्र सम्बन्धी

**१०. समितिका कार्यक्षेत्रसँग सम्बन्धित अन्य कुराहरू :**

✍ अध्ययन, अध्ययन भ्रमण, अवलोकन, विशेषज्ञको राय-सुझाव र परामर्श, जनमत, अभिमत सङ्कलन र विश्लेषण आदि । यस विषयवस्तुसँग सम्बन्धित विभिन्न देशहरूमा गरिएका सफल प्रयोगहरू तथा गोष्ठी एवं सेमिनार सम्बन्धी कुराहरू ।

मिति : २०६५/९/१०

[*] मिति ०६५/१०/१४ गते बसेको नियम ७६ अनुरूपको समितिबाट वोल्ड गरिएको शव्दावली थपिएको ।

अनुसूची–२

# विस्तृत कार्ययोजना २०६५

**संविधानसभा नियमावली, २०६५ को नियम ८६ संग सम्बन्धित**

| क्र.सं | समयावधि | मुख्य चरणहरू | प्रमुख कार्यहरू | विस्तृत क्रियाकलाप |
|---|---|---|---|---|
| १ | २०६५/९/११ गतेसम्म | (क) कार्यतालिकाको तर्जुमा र विशेषज्ञ क्षेत्रको पहिचान | • कार्यसम्पादन कार्यतालिका निर्माण,<br>• विषयगत क्षेत्रको विस्तृत पहिचान,<br>• विशेषज्ञ, विज्ञ आवश्यक पर्ने क्षेत्र पहिचान,<br>• विशेषज्ञहरूको कामको विवरण TOR को पहिचान | • समिति सचिवालयले तयार गरी समितिको बैठकमा पेश गरी बैठकबाट छलफल सहित पारित,<br>• जनशक्तिका लागि आवश्यक प्रारंभिक अभिमुखीकरण कार्यक्रममा सहभागि तुल्याईने, |
| २ | ०६५/९/१२ देखि ०६५/९/१५ गतेसम्म | (क) समितिको कार्यविधि सं.अध्यक्ष समक्ष पेश गर्ने<br>(ख) सभापतिको निर्वाचन<br>(ग) प्रचार प्रसार गर्ने | • सभापतिबाट कार्यतालिका र विज्ञ आवश्यक पर्ने क्षेत्र सम्बन्धी प्रतिवेदन अध्यक्ष समक्ष प्रस्तुत<br>• सभापति चयन,<br>• नागरिक शिक्षा, तालिम तथा अभिमुखीकरण कार्यक्रमको प्रारंभ । | • समितिका सभापतिबाट कार्यव्यवस्था परामर्श समिति समक्ष प्रस्तुत ।<br>• संमाननीय अध्यक्षज्यूबाट सबै समितिका सभापतिहरूको संयुक्त बैठक आव्हान गरी कार्यतालीका र विज्ञ आवश्यक क्षेत्रलाई अन्तिम रूप दिने,<br>• कार्यक्षेत्रभित्रका विषयबस्तुहरूका सम्बन्धमा सञ्चारका माध्यमबाट प्रचार प्रसार गरी सर्वसाधारण लगायत सबैलाई सूचित गराउने ।<br>• सम्माननीय अध्यक्षबाट पुस १५ गते सभापतिको निर्वाचन हुने गरी मिति र समय तोक्ने । |
| ३ | २०६५/९/१५ देखि ०६५/९/२९ गतेसम्म | समितिको बैठक | • समितिका बैठकहरूमा कार्यक्षेत्रभित्रका विषयगत बुँदामाथि प्रारंभिक छलफल गर्ने । | • संविधान निर्माण प्रक्रियाका सम्बन्धमा विज्ञहरूबाट समितिलाई विस्तृत जानकारी गराइने,<br>• प्रत्येक दिन दिनको २:०० बजेदेखि । |
| ४ | २०६५/१०/१ देखि ०६५/११/१४ गतेसम्म | राय सुझाव संकलन | • नयां संविधानको अवधारणाको वारेमा व्यापक छलफल, विचार विर्मश गर्ने तथा नागरिक समाज, विशेषज्ञ र आम नागरिकबाट सुझाव लिने,<br>• संविधान निर्माण प्रक्रिया बारे विभिन्न संचार माध्यमहरूबाट आम जनतालाई सुसुचित गर्ने,<br>• अध्ययन अनुसन्धान गर्ने । | • देशका सबै गा.वि.स.सम्म समिति स्वयं पुगी परामर्श, छलफल र कार्यशाला गोष्ठीको आयोजना गरी राय, सुझाव संकलन गर्ने,<br>• विभिन्न प्रकारका शासन प्रणालीहरू अवलम्वन गर्ने मुलुकहरूको स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने<br>• कार्यक्षेत्रसंग सम्बन्धित विषयमा विज्ञ, विशेषज्ञहरूबाट सम्बन्धित विषयहरूको जानकारी समिति स्वयंले प्राप्त गर्ने,<br>• आफ्नो कार्यक्षेत्र सम्बन्धित विषयमा प्रश्नावली तयार गरी सुझाव संकलन गर्ने,<br>• विभिन्न सञ्चार माध्यमबाट आवश्यक सूचनाहरू प्रचार प्रसार गरी सूचना संकलन गर्न प्रयासरत रहने,<br>• समितिको नाममा सम्बन्धित राय, सुझावहरू पठाईदिन सम्बन्धित सबैलाई आह्वान गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०६५/११/१५ देखि २०६६/१/१० सम्म | अवधारणा पत्र तथा प्रारंभिक मस्यौदा तयारी | • विभिन्न निकायबाट प्राप्त रायसुझावलाई एकिकृत गरी अवधारणा पत्र तयार गर्ने,<br>• अवधारणापत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार गर्ने,<br>• प्रारंभिक मस्यौदालाई अन्तिम रूप प्रदान गर्ने । | • समितिको बैठकमा छलफल गरी तयार गर्ने ।<br>• प्रारम्भिक प्रतिवेदन माथि समितिमा व्यापक र विस्तृत छलफल गरिने ।<br>• प्रतिवेदनलाई प्राप्त सुझाव एवं अन्य अध्ययनबाट अन्तिम रूप दिइने । |
| ६ | २०६६/१/११ देखि ०६६ जेठ मसान्त सम्म | अवधारणा पत्र र प्रारम्भिक मस्यौदा माथि सभामा छलफल र पारित | • समितिको बैठकद्धारा पारित प्रतिवेदन र अवधारणापत्र संविधान सभामा पेश गर्ने<br>• संविधान सभामा अवधारणा पत्र र मस्यौदा प्रतिवेदनमाथि छलफल गरी संवैधानिक समितिलाई राय सुझाव सहितको प्रतिवेदन पठाउने । | • सम्बन्धित समितिले संविधानसभामा छलफल हुँदा उठाइएका विषयबस्तुको टिपोट गर्ने ।<br>• टिपोट एवं सुझाव संवैधानिक समितिमा पठाउने । |
| ७ | २०६६ असार देखि २०६६ भाद्र मसान्त सम्म | × | × | × |
| ८ | २०६६/६/१ गते देखि मंसिर २४ गते सम्म | संविधान सभाबाट नयां संविधानको स्वीकृत प्रारम्भिक मस्यौदामाथि राय सुझाव संकलन, | • नयां संविधानको अवधारणाको बारेमा छलफल, विचार विमर्श, नागरिक समाज, विशेषज्ञ र आम नागरिकबाट सुझाव लिने,<br>• संविधान निर्माण प्रक्रिया बारे विभिन्न संचार माध्यमहरूबाट आम जनतालाई सुसुचित गर्ने, | • देशका सबै गा.वि.स.सम्म जनमत संकलन र समन्वय समितिको कार्ययोजना अनुरूप समिति स्वयं पुगी परामर्श, छलफल र कार्यशाला गोष्ठीको आयोजना गरी सुझाव संकलन गर्ने,<br>• आफ्नो कार्यक्षेत्र सम्बन्धित विषयमा प्रश्नावली तयार गरी सुझाव संकलन गर्ने,<br>• विभिन्न सञ्चार माध्यमबाट आवश्यक सूचनाहरू प्रचार प्रसार गरी सूचना संकलन गर्ने,<br>• समितिको नाममा सूचनाहरू पठाईदिन सम्बन्धित सबैलाई आह्वान गर्ने |
| Ω ९ | *२०६६/८/२६ गते देखि पुस २३ सम्म* | *संकलित राय सुझाव समेटी परिमार्जित मस्यौदा तयार* | • *जनमत संकलन समितिबाट आफ्नो विषयसँग सम्बन्धित राय सुझाव प्राप्त गर्ने,*<br>• *रायसुझावका आधारमा पहिलो प्रारंभिक मस्यौदालाई अन्तिम परिमार्जन गर्ने,*<br>• *परिमार्जित मस्यौदा प्रतिवेदन र अवधारणापत्रलाई जनमत संकलन समितिमा पठाउने ।* | • *समितिको बैठकबाट सम्पन्न गर्ने,*<br>• *प्रतिवेदन तयारीमा जनमत संकलन तथा समन्वय समितिसंग सहकार्य गर्ने ।* |

मिति : २०६५/९/८

Ω मिति ०६५/१०/१४ गते बसेको नियम ७६ अनुरूपको समितिबाट बुँदा नं. ९ हटाईएको ।

# विशेषज्ञ सेवा आवश्यक पर्ने क्षेत्र

## Executive Part (कार्यपालिकीय पक्ष)

१. संघीय एवं राज्यको कार्यकारिणीको स्वरूप
२. Local Self Government (स्थानीय सरकार)
३. राज्यका विभिन्न तह बीचको कार्यकारिणी अधिकारको बाँडफाँड ।
४. अन्तर सम्बन्ध

## Electoral System

१. निर्वाचन प्रणालीको छनोट
२. Head of the State को निर्वाचन
३. Head of the Government को निर्वाचन
४. General Election

## Good Governance

- Concept of Limited Governance
- Accountability का कुराहरू
- सरकारी सेवाको पहिचान र तिनको सञ्चालन विधि सम्बन्धमा

मिति : २०६५/९/१०

**विज्ञहरूको नामावली र छलफलका विषयहरू**

| क्र.सं. | छलफल मिति | विज्ञको नाम, थर | छलफलको विषय |
|---|---|---|---|
| १ | २०६५/९/१७ | मा० श्री कृष्णप्रसाद सापकोटा | विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन |
| २ | २०६५/९/१८ | डा० द्वारिका ढुङ्गेल | सरकारी सेवा गठन र सञ्चालन |
| ३ | २०६५/९/२० | डा० सूर्य ढुङ्गेल | संवैधानिक कानूनको अवधारणा तथा सैदान्तिक पक्ष |
| ४ | २०६५/९/२१ | प्रा० कृष्ण हाछेथु | शासन प्रणालीको प्रकृति र स्वरूप |
| ५ | २०६५/९/२२ | प्रा० विरेन्द्र मिश्र | निर्वाचन प्रणाली |
| ६ | २०६५/९/२३ | डा० नन्दबहादुर सिंह | दुर्गम क्षेत्र र समावेशीकरण |
| ७ | २०६५/९/२४ | प्रा० डा० शान्ता थपलिया | समावेशीकरण |
| ८ | २०६५/९/२७ | श्री दमननाथ ढुङ्गाना | शासकीय स्वरूप र प्रकृति |
| ९ | २०६५/१०/२७ | प्रा० डा० लोकराज बराल | शासकीय स्वरूप र प्रकृति |
| १० | २०६५/१०/२७ | प्रा० गोपाल सिवाकोटी | शासकीय स्वरूप र प्रकृति |
| ११ | २०६५/१०/२७ | डा० चैतन्य सुब्बा | शासकीय स्वरूप र प्रकृति |
| १२ | २०६५/१०/२७ | श्री सिन्धुनाथ प्याकुरेल | शासकीय स्वरूप र प्रकृति |
| १३ | २०६५/१०/२७ | श्री दिनेश त्रिपाठी | शासकीय स्वरूप र प्रकृति |
| १४ | २०६५/१०/२७ | श्री टीकाराम भट्टराई | शासकीय स्वरूप र प्रकृति |
| १५ | २०६५/११/२ | श्री काशीराज दाहाल | शासकीय स्वरूप र प्रकृति |
| १६ | २०६५/११/२ | श्री बालकृष्ण प्रसाई | सरकारी सेवा गठन र सञ्चालन |
| १७ | २०६५/११/२ | श्री चन्द्र घिमिरे | सरकारी सेवा गठन र सञ्चालन |
| १८ | २०६५/११/२ | श्री राजुमान सिंह मल्ल | निर्वाचन प्रणाली उप समिति |
| १९ | २०६६/१/१८ | श्री भोजराज पोखरेल | निर्वाचन प्रणाली उप समिति |
| २० | २०६६/१/२० | श्री सुर्यप्रसाद श्रेष्ठ | निर्वाचन प्रणाली उप समिति |

**संविधानसभा**
**राज्यको शासकीय स्वरुप निर्धारण समितिको अनुरोध**

**अब तर्जुमा हुने संविधानमा,-**

- **सरकारको स्वरूप कस्तो हुनु पर्छ ?**

  संसदीय शासन प्रणाली/राष्ट्रपतीय शासन प्रणाली/मिश्रित शासन प्रणाली/प्रधानमन्त्रीय शासन प्रणाली/सहमतीय शासन प्रणाली वा अन्य कुनै शासन प्रणाली

- **निर्वाचन प्रणाली सम्बन्धी व्यवस्था कस्तो हुनु पर्दछ ?**
  - ❖ विभिन्न तहमा निर्वाचन प्रणाली - पहिलो हुने निर्वाचित हुने, समानुपातिक, मिश्रित वा अन्य कुनै ?
  - ❖ राष्ट्र प्रमुख/ सरकार प्रमुखको निर्वाचन कसरी गर्ने ?
  - ❖ मतदाताको उमेर निर्धारण, त्यसको आधार र मतदाता परिचयपत्र सम्बन्धी व्यवस्था के कस्तो हुनु पर्ने ? निर्वाचन क्षेत्र निर्धारण के आधारमा हुने ?
- **विभिन्न तहमा कार्यकारिणी अंगको ढाँचा के कस्तो रहनु उपयुक्त हुन्छ ?**
- **विभिन्न तहमा कार्यकारिणी अधिकारको बाँडफाँड कसरी गर्न उपयुक्त हुन्छ ?**
- **विभिन्न तहका सरकारबीचको अन्तरसम्बन्धलाई के कसरी प्रष्ट्याउन सकिन्छ ?**
- **सरकारी सेवाको गठन र सञ्चालन विधि तथा सुशासनका आधारलाई के कसरी व्यवस्थित गर्न सकिन्छ ?**

**राज्यको शासकीय स्वरूप निर्धारण समिति**को कार्यक्षेत्रसंग सम्बन्धित उपरोक्त विषय र सोसंग सम्बन्धित अन्य विषयका सम्बन्धमा आफ्नो राय सुझाव पठाई संविधान तर्जुमाको कार्यमा सहयोग पुऱ्याई दिनु हुनका लागि स्वदेश एवं विदेशमा बस्ने सम्पूर्ण नेपाली नागरिक, राजनैतिक दल, नागरिक समाज एवं संघसंस्थाहरूसँग समिति हार्दिक अनुरोध गर्दछ । आफ्ना सुझावहरू देहायको ठेगानामा वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा स्थानीय निकाय मार्फत पठाउन सकिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना :-**

राज्यको शासकीय स्वरूप निर्धारण समिति
संविधानसभा सचिवालय
सिंहदरवार, काठमाण्डौं, नेपाल
पोष्ट वक्स नं.: २००९९
टेलिफोन नं. : ९७७-१-४२००१३४,९७७-१-४२००३४४
फ्याक्स नं. : ९७७-१-४२०००५३
टोल फ्री टेलिफोन नं. : १६६०-०१-२२३४४
इमेल : rssn_samiti@can.gov.np
URL : www.can.gov.np

**संविधानसभा**
**राज्यको शासकीय स्वरुप निर्धारण समिति**

मिति : **०६५/९/१०**

नेपाल सरकारका मुख्यसचिव लगायत सवै मन्त्रालय, संवैधानिक अङ्गहरूका सचिवहरू ।

**महोदय,**

संविधानसभा, **राज्यको शासकीय स्वरूप निर्धारण समिति**को आज बसेको बैठकमा निम्नानुसारको निर्णय भएकोले आवश्यक व्यवस्थाका लागि निर्णयानुसार सादर अनुरोध गर्दछु ।

"संविधानसभाबाट तर्जुमा हुने संविधान सवै नेपालीको सहभागितामा सम्पूर्ण नेपालीको चाहना र आकांक्षालाई मूर्तरूप दिन सक्ने गरी सबैबाट अपनत्व र सबैमा अधिकारवोध गराउन सक्नु नै संविधान तर्जुमाको प्रमुख चूनौति रहेको तथ्य राज्यको शासकीय स्वरूप निर्धारण समितिले अत्यन्त महत्वका साथ आत्मसाथ गरी सो अनुरूप आफ्ना काम कारवाही अगाडि बढाउन गईरहेको व्यहोरा अवगतार्थ सवैमा हार्दिक अनुरोध गर्दछ ।

अतः समितिको कार्यक्षेत्र सम्बन्धित संविधानमा समेटिनु पर्ने विषयमा राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, संवैधानिक अङ्गहरू, नेपाल सरकारका विभिन्न मन्त्रालयहरू र सोसंग अन्तर्गतका निकायहरूमा छलफल र विचार विमर्श गरी गराई वुंदागत रूपमा मन्त्रालयगत एकिकृत राय सुझावहरू यही पुस मसान्त सम्म उपलब्ध गराई समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याई दिनु हुन नेपाल सरकारका मुख्यसचिव लगायत सबै मन्त्रालय, संवैधानिक अङ्गहरूका सचिवहरूलाई अनुरोध गर्ने ।"

***<u>राज्यको शासकीय स्वरुप निर्धारण समितिको कार्यक्षेत्र</u>***

- शासन प्रणालीको प्रकृति र स्वरूप,
- निर्वाचन प्रणाली,
- विभिन्न तहमा कार्यकारिणी अंगको ढाँचा,
- विभिन्न तहमा कार्यकारिणी अधिकारको बाँडफाँड,
- विभिन्न तहका सरकारबीचको अन्तर सम्बन्ध,
- सरकारी सेवाको गठन र सञ्चालन विधि,
- सुशासनका आधारहरू, र
- समितिको कार्यक्षेत्रसंग सम्बन्धित अन्य आवश्यक कुराहरू ।

(मुकुन्द शर्मा)
सचिव

## प्रश्नावली निर्माण उपसमिति

## संयोजक मा० श्री गणेशबहादुर खड्का

| | | |
|---|---|---|
| १ | मा० श्री नरेश भण्डारी | सदस्य |
| २ | मा० श्री लक्ष्मण महतो | सदस्य |
| ३ | मा० श्री कृष्णप्रसाद सापकोटा | सदस्य |
| ४ | मा० श्री चन्दन साह | सदस्य |
| ५ | मा० श्री अलाउद्दिन अनसारी | सदस्य |
| ट | मा० श्री यदुवंशी झा (मैथिल बाहुन) | सदस्य |
| ७ | मा० श्री सरोजकुमार यादव | सदस्य |
| ८ | मा० श्री श्याम सुन्दर गुप्ता | सदस्य |

उपसमिति गठन मिति २०६५ माघ १५ गते

अनुसूची-८

**संविधानसभा**
**राज्यको शासकीय स्वरुप निर्धारण समिति**
**जनमत संकलन प्रयोजनका लागि समितिले तयार गरेको प्रश्नावली**

**संविधानसभा**
**राज्यको शासकीय स्वरुप निर्धारण समिति**
**राय सुझाव संकलन प्रश्नावली**
२०६५




**हुलाक मार्फत सुझाव पठाउन सक्ने ठेगाना :-**

**राज्यको शासकीय स्वरुप निर्धारण समिति**
**संविधानसभा सचिवालय**
**सिंहदरवार, काठमाण्डौ, नेपाल**
**पोष्टवक्स नं.:** २००९९
**टेलिफोन नं. :** ९७७-१-४२००१३४,
९७७-१-४२००३४४
**फ्याक्स नं. :** ९७७-१-४२०००५३
**टोल फ्री टेलिफोन नं. :** १६६०-०१-२२३४४
**Email: rssn_samiti@can.gov.np**
**URL: www.can.gov.np**

**प्रश्नावली भर्ने क्रममा ध्यान दिनु पर्ने कुराहरू :-**

क) आफ्नो नाम र ठेगानालगायतको विवरण उल्लेख गर्नुहोस् । तर उल्लेख गर्न नचाहने व्यक्तिका हकमा यो अनिवार्य छैन ।

ख) प्रश्नहरू राम्रोसँग पढी दिइएका विकल्पहरूमध्ये आफूलाई उपयुक्त लागेको विकल्पमा ठीक (✓) चिन्ह लगाउनुहोस् ।

ग) कुनै पनि विकल्प उपयुक्त नलागेमा वा सो वाहेक अन्य केही सुझाव भएमा दिइएको खाली ठाउँमा लेख्न पनि सकिनेछ ।

घ) सकेसम्म सबै प्रश्नको उत्तर दिनुहोला । तर कुनै प्रश्नको उत्तर दिन इच्छा नलागेमा वा प्रश्न स्पष्ट हुन नसकेको अवस्थामा आफूलाई सुझाव दिन मन लागेको प्रश्नको मात्र पनि उत्तर दिन सकिनेछ ।

ङ) यो प्रश्नावली सुझाव संकलन गर्न आएको संविधानसभा सदस्यहरूको टोलीमा बुझाउन वा संविधानसभाको सचिवालयमा हुलाक मार्फत पठाउन वा पायक पर्ने सरकारी कार्यालय वा सुझाव पेटिका मार्फतसमेत पठाउन सकिनेछ ।

**सुझाव दिने व्यक्तिको विवरण**

नाम थर : ..........................................................................................

ठेगाना : जिल्ला ............................ न.पा./गा.वि.स..................................

वडा नं. ................ गाउँ/टोल ............................................................

लिङ्ग : महिला / पुरूष / अन्य

उमेर : .................वर्ष, पेशा : ..........................................................

**<u>शासन प्रणाली र कार्यकारिणी अङ्ग सम्बन्धी :</u>**

१. **नयाँ संविधानमा राष्ट्रपति र प्रधानमन्त्री सम्बन्धी व्यवस्था कस्तो हुनु पर्छ ?**

क) सबै अधिकार राष्ट्रपतिलाई दिने प्रधानमन्त्री नराख्ने (**राष्ट्रपतीय प्रणाली**)

ख) सबै अधिकार प्रधानमन्त्रीलाई दिने राष्ट्रपति नराख्ने (**प्रधानमन्त्रीय प्रणाली**)

ग) सबै अधिकार प्रधानमन्त्रीलाई दिने तर संवैधानिक (सीमित अधिकार भएको) राष्ट्रपति चाँहि राख्ने (**संसदीय प्रणाली**)

घ) धेरै अधिकार भएको राष्ट्रपति र थोरै अधिकार भएको प्रधानमन्त्री दुबै राख्ने (**मिश्रित प्रणाली**)

ङ) अन्य कुनै भए (खुलाउने)...... ...... .. ........... ... .......... ... ........ ... ........

२. **राष्ट्र प्रमुखलाई के नाम दिनु उपयुक्त हुन्छ ?**

क) राष्ट्रपति

ख) राष्ट्राध्यक्ष

ग) राष्ट्र प्रमुख

घ) राष्ट्रिय अभिभावक

ङ) अन्य कुनै भए (खुलाउने) ... ....... ....... ..... ........ ............. ... ......... ....

३. **राष्ट्रपतिको निर्वाचन कसरी हुनु पर्दछ ?**

क) प्रत्यक्ष निर्वाचनद्वारा

ख) संघीय व्यवस्थापिकाका सदस्यहरू भएको निर्वाचक मण्डलद्वारा

ग) संघीय र प्रादेशिक व्यवस्थापिकाका सदस्यहरू भएको निर्वाचक मण्डलद्वारा

घ) संघीय, प्रादेशिक व्यवस्थापिकाका सदस्यहरू र स्थानीय निकायका प्रतिनिधिहरूसमेतको निर्वाचक मण्डलद्वारा

ङ) अन्य कुनै भए (खुलाउने)........................ .................. ...... ....... ............

४. **प्रत्यक्ष निर्वाचन हुने भए कुन आधारमा निर्वाचित हुने व्यवस्था गर्ने ?**

क) पहिलो हुने निर्वाचित हुने

ख) सदर मतको ५०% भन्दा बढी मत ल्याउने

ग) सदर मतको दुइतिहाई भन्दा बढी मत ल्याउने

घ) अन्य कुनै भए (खुलाउने)............................... ............. ......... .......... ..

५. **उपराष्ट्रपतिको चयन कसरी गर्नु उपयुक्त हुन्छ ?**

क) राष्ट्रपतिले मनोनयन गर्न सक्ने

ख) राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सँगसँगै गर्ने

ग) राष्ट्रपतिको निर्वाचन हुनुभन्दा अगाडि नाम सिफारिस गर्ने तर छुट्टै मतदान नगर्ने (राष्ट्रपति निर्वाचित हुने वित्तिकै उसको उपराष्ट्रपति पनि स्वतः निर्वाचित हुने)

घ) अन्य कुनै भए (खुलाउने) ...... ...... ... .... ... ....... ..... .... ... ... .. .. .....

६. **उपराष्ट्रपतिको सम्बन्धमा कस्तो अधिकार हुनु उपयुक्त हुन्छ ?**

क) राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिको अधिकार मात्र प्रयोग गर्ने

ख) व्यवस्थापिकाको माथिल्लो सदनको अध्यक्षतासमेत गर्ने

ग) संविधानमा नै केही निश्चित अधिकारहरूको व्यवस्था गर्ने

घ) छुट्टै उपराष्ट्रपति नराखी व्यवस्थापिकाको माथल्लो सदनको अध्यक्षले नै राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिको रूपमा कार्य गर्ने

ङ) अन्य कुनै भए (खुलाउने) .... ... .. .... .... ..... .. .... . ... .. .. .. .. ... .....

७. **प्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रपति/उपराष्ट्रपतिलाई हटाउने सम्बन्धमा कस्तो व्यवस्था हुनु उपयुक्त हुन्छ ?**

क) संघीय व्यवस्थापिकाको सामान्य बहुमतले

ख) संघीय व्यवस्थापिकाको दुईतिहाई बहुमतले महाअभियोगद्वारा

ग) संघीय र प्रादेशिक व्यवस्थापिकाको सहमतिमा

घ) प्रत्याह्वानको प्रक्रियाद्वारा

ङ) अन्य कुनै भए (खुलाउने) ... .... .. .... .... ..... .. .... ... ... .. . . .. .. . ..... ...

८. **लैंगिक आधारमा राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था कस्तो हुनु पर्छ ?**

क) राष्ट्रपति र उपराष्ट्रपति एउटै लिंगको हुन नहुने

ख) जुनसुकै लिंगको पनि हुनसक्ने (संविधानमा केही उल्लेख नगर्ने)

ग) संविधानमा नै स्पष्ट तोकेर राख्ने

घ) अन्य कुनै भए (खुलाउने) ...... ..... ..... .... .... ...... .... .... ... ..... ...... ..........

९. **संविधानमा नै स्पष्ट तोकिने भए कस्तो व्यवस्था गर्न उपयुक्त हुन्छ ?**

क) राष्ट्रपति महिला र उपराष्ट्रपति पुरूष

ख) राष्ट्रपति पुरूष र उपराष्ट्रपति महिला

ग) दुवै पदमा महिला र पुरूष पालैपालो गरी (हरेक अवधिमा)

घ) अन्य कुनै भए (खुलाउने) .... ... .... .. .. .... ..... .... ..... ..... .. ... .... ..... ..

१०. **राष्ट्रपति वा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री को पदावधि कति राख्नु उपयुक्त हुन्छ ?**

क) चार वर्ष

ख) पाँच वर्ष

ग) छ वर्ष

घ) अन्य कुनै भए (खुलाउने)................ ........ .................................. .......

११. **एकैव्यक्ति राष्ट्रपतिको पदमा कति कार्यकालसम्म निर्वाचित हुनसक्ने व्यवस्था गर्न उपयुक्त हुन्छ ?**

क) एक कार्यकाल मात्र

ख) दुई कार्यकाल सम्म

ग) जतिसुकै कार्यकाल पनि

घ) अन्य कुनै ............................................................... ......................

१२. **राष्ट्रपति/उपराष्ट्रपति/प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको उमेर सम्बन्धमा संविधानमा कस्तो व्यवस्था हुनु उपयुक्त हन्छ ?**

क) पच्चीस वर्ष पूरा भएको हुनु पर्ने

ख) पैंतीस वर्ष पूरा भएको हुनु पर्ने

ग) पैंतालीस वर्ष पूरा भएको हुनु पर्ने

घ) अन्य कुनै ................................................................... ...................

१३. **संसदीय शासन प्रणाली अवलम्वन गरिएको खण्डमा संवैधानिक राष्ट्रपतिलाई कस्तो अधिकार प्रदान गरिनु उपयुक्त हुन्छ ?**

क) मन्त्री परिषदको सिफारिसमा सबै कार्यकारिणी कार्य राष्ट्रपतिको नाममा हुने

ख) केही निश्चित स्वविवेकीय अधिकारहरू प्रदान गर्ने (यदि स्वविवेकीय अधिकार प्रदान गर्नु पर्छ भन्ने लाग्दछ भने के कस्तो अधिकारहरू प्रदान गर्न सकिन्छ उल्लेख गर्नुहोस्) .......... ........

१४. **मिश्रित शासन प्रणाली अवलम्वन गरिएको खण्डमा राष्ट्रपति र प्रधानमन्त्रीबीच के कति अधिकार बाँडफाँड गरिनु उपयुक्त हुन्छ ?**

क) राष्ट्रपतिको अधिकार ............................................................................

ख) प्रधानमन्त्रीको अधिकार ............................................................................

**१५. (प्रधानमन्त्रीको व्यवस्था हुने भए) प्रधानमन्त्रीको चयन कसरी गर्नु उपयुक्त हुन्छ ?**

क) प्रत्यक्ष निर्वाचनद्वारा

ख) संघीय व्यवस्थापिकाको वहुमतको आधारमा

ग) संघीय र प्रादेशिक व्यवस्थापिकाका सदस्यहरू भएको निर्वाचक मण्डलद्वारा

घ) संघीय, प्रादेशिक व्यवस्थापिकाका सदस्यहरू र स्थानीय निकायका प्रतिनिधिहरूसमेतको निर्वाचक मण्डलद्वारा

ङ) अन्य कुनै भए (खुलाउने)........................ ...................................

**१६. एकै व्यक्ति प्रधानमन्त्रीको पदमा कतिवटा कार्यकालसम्म निर्वाचित हुन सक्ने व्यवस्था गर्न उपयुक्त हुन्छ ?**

क) एक कार्यकाल मात्र

ख) दुई कार्यकाल सम्म

ग) जतिसुकै कार्यकाल पनि

घ) अन्य कुनै .........................................................................

**१७. संघीय मन्त्रिमण्डलमा सदस्य संख्या तोक्ने सम्बन्धमा कस्तो व्यवस्था हुनु उपयुक्त ठान्नु हुन्छ ?**

क) व्यवस्थापिकाको कूल संख्याको १०% भन्दा बढी हुन नहुने

ख) व्यवस्थापिकाको कूल संख्याको २०% भन्दा बढी हुन नहुने

ग) यस्तो सीमा संविधानमै तोक्नु उपयुक्त नहुने /प्रधानमन्त्रीको स्वविवेकमा छाड्ने

घ) अन्य कुनै भए (खुलाउने) ...... ....... .... ...... .. ... .. . ... .. .. .. .. ... .. ...... .....

**१८. संघीय सरकारको गठन कसरी गर्न उपयुक्त हुन्छ ?**

क) संघीय व्यवस्थापिकामा बहुमत ल्याउने दल मात्र सरकारमा सहभागि हुने

ख) बहुमत भए पनि संघीय व्यवस्थापिकाको प्रतिनिधित्वको आधारमा सबै दलको समानुपातिक सहभागिता रहने सहमतीय प्रणाली

ग) कसैको बहुमत नआएको अवस्थामा दुई वा दुई भन्दा बढी दल मिलेर सरकार गठन गर्ने ।

घ) अन्य कुनै भए (खुलाउने) ... .... .. ..... .... .... ... .. ..... .. ... .. .. .. ..... .... ........

**१९. यदि संसदीय पद्धति अपनाउने हो भने संसदले सरकार उपर अविश्वासको प्रस्ताव राख्ने सम्बन्धमा कस्तो व्यवस्था हुनु उपयुक्त ?**

क) संसदले चाहेको बखत जहिले पनि राख्न पाउने

ख) कम्तीमा पनि एक वर्षको अन्तरालमा राख्न पाउने

ग) कम्तीमा पनि ट महिनाको अन्तरालमा राख्न पाउने

घ) अन्य कुनै भए (खुलाउने) .. ... .. .. .. .. .... ... .. .. .... ..... ....... .. ..... ..... ....

**२०. प्रत्यक्ष रूपमा प्रधानमन्त्री निर्वाचित हुने हो भने निजलाई हटाउने सम्बन्धमा कस्तो व्यवस्था हुनु उपयुक्त हुन्छ ?**

क) संघीय व्यवस्थापिकाको सामान्य बहुमतले

ख) संघीय व्यवस्थापिकाको दुईतिहाई बहुमतले महाअभियोगद्वारा

ग) संघीय र प्रादेशिक व्यवस्थापिकाको सहमतिमा मात्र

घ) प्रत्याह्वानको प्रक्रियाद्वारा

ङ) अन्य कुनै भए (खुलाउने) .... ... .. . ... .... ..... .. .... .... ... ... .. .. ..... .........

**२१. प्रदेश/प्रान्तमा सरकारको स्वरूप कस्तो हुनु उपयुक्त हुन्छ ?**

क) प्रादेशिक व्यवस्थापिकाद्वारा निर्वाचित व्यक्ति कार्यकारी प्रमुख हुने

ख) जनताको प्रत्यक्ष मतद्वारा निर्वाचित व्यक्ति प्रमुख हुने (अमेरीकाको गभर्नर जस्तो)

ग) संघीय सरकारको प्रतिनिधि प्रमुख (राज्यपाल) भई व्यवस्थापिकाबाट निर्वाचित मुख्यमन्त्री कार्यकारी प्रमुख हुने (भारतको जस्तो)

घ) अन्य कुनै भए (खुलाउने) ... ... ... ..... .... .... ... ...... ....... ..... .... ..........

**२२. प्रदेशको प्रमुखलाई संविधानमा के नाम दिनु उपयुक्त हुन्छ ?**

क) राज्य/प्रदेश/प्रान्त प्रमुख   ख) राज्य/प्रदेश/प्रान्त पाल

ग) गभर्नर   घ) प्रदेश प्रमुख नै नराख्ने

ङ) अन्य केही भए (खुलाउने) ........................................................... .......

**२३. (निर्वाचित हुने अवस्थामा बाहेक) प्रदेश प्रमुखको नियुक्ति कोबाट हुनु उपयुक्त हुन्छ ?**

क) संघीय सरकारको स्वविवेकमा

ख) प्रदेशको मुख्यमन्त्रीको सिफारिसमा संघीय सरकारद्वारा

ग) प्रादेशिक व्यवस्थापिकाको सिफारिसमा संघीय सरकारद्वारा

घ) अन्य केही भए (खुलाउने) .................................................. ................

**२४. प्रादेशिक सरकारको प्रमुखलाई संविधानमा के नाम दिनु उपयुक्त हुन्छ ?**

क) प्रमुखमन्त्री

ख) मुख्तियार

ग) मुख्यमन्त्री

घ) अन्य केही भए (खुलाउने) ................................................ .................

**२५. प्रदेश प्रमुखको कार्यकाल कति हुनु उपयुक्त हुन्छ ?**

क) ४ वर्ष   ख) ५ वर्ष

ग) नियुक्ति गर्नेको इच्छा अनुसार   घ) अन्य केही भए (खुलाउने) ........................

**२६. प्रादेशिक मन्त्रिमण्डलमा सदस्य संख्या तोक्ने सम्बन्धमा कस्तो व्यवस्था हुनु उपयुक्त ठान्नु हुन्छ ?**

क) व्यवस्थापिकाको कूल संख्याको १०% भन्दा बढी हुन नहुने

ख) व्यवस्थापिकाको कूल संख्याको २०% भन्दा बढी हुन नहुने

ग) यस्तो सीमा संविधानमै तोक्नु उपयुक्त नहुने (मुख्यमन्त्रीको स्वविवेकमा छाड्ने)

घ) अन्य कुनै भए (खुलाउने) .... .... ...... ..... ...... .... ...... ... .. .... .. .. .... .......

**२७. प्रादेशिक सरकारको गठन कसरी गर्न उपयुक्त हुन्छ ?**

क) प्रादेशिक व्यवस्थापिकामा बहुमत ल्याउने दल मात्र सरकारमा सहभागि हुने

ख) बहुमत भए पनि प्रादेशिक व्यवस्थापिकाको प्रतिनिधित्वको आधारमा सबै दलको समानुपातिक सहभागिता रहने

ग) कसैको बहुमत नआएको अवस्थामा दुई वा दुई भन्दा बढी दल मिलेर सरकार गठन गर्ने ।

घ) अन्य कुनै भए (खुलाउने) .. .. ... .... ..... .... .. .... ... .. ... .. .... .... .... ... ....

**२८. देशको कार्यकारिणी अङ्गलाई कति तहसम्म विस्तार गरिनु उपयुक्त ठान्नु हुन्छ ?**

क) केन्द्र (संघ) मा मात्र   ख) केन्द्र (संघ) र प्रदेशमा

ग) केन्द्र (संघ), प्रदेशमा र स्थानीय तह सम्म   घ) अन्य कुनै भए (खुलाउने) .............

**२९. स्थानीय तहमा कार्यकारिणी अङ्गको गठन कसरी हुनु उपयुक्त हुन्छ ?**

क) प्रत्यक्ष निर्वाचनद्वारा स्थानीय जनप्रतिनिधि सभा/व्यवस्थापिका गठन गरी सोही सभा/व्यवस्थापिकाले निर्वाचित गरेको व्यक्ति प्रमुख रहने

ख) प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित व्यक्ति प्रमुख रहने

ग) स्थानीय तहका विभिन्न स-साना ईकाइहरूबाट समानुपातिक आधारमा प्रतिनिधित्व गर्ने निकायले चुनेको व्यक्ति प्रमुख रहने

घ) अन्य कुनै भए (खुलाउने) ... .. .. ... .... .... ... ...  .. .. .. .... ... .. ... ...... ... ..

**३०. स्थानीय सरकारको प्रमुखलाई के नाम दिनु उपयुक्त हुन्छ ?**

क) प्रमुख   ख) अध्यक्ष

ग) मेयर   घ) अन्य कुनै भए (खुलाउने) .........................

## निर्वाचन प्रणाली :

**३१. संघीय व्यवस्थापिका-संसदको निर्वाचन कसरी हुनु पर्छ ?**

क) पहिलो हुने निर्वाचित हुने प्रणालीका आधारमा मात्र / व्यक्तिलाई चुन्ने (विगतको संसदको निर्वाचन जस्तो)

ख) समानुपातिक प्रतिनिधित्वका आधारमा मात्र / पार्टीलाई चुन्ने

ग) पहिलो हुने निर्वाचित हुने र समानुपातिक प्रणालीलाई समानान्तर रूपमा अपनाउने (संविधानसभाको निर्वाचन जस्तो) (**समानान्तर प्रणाली**)

घ) अन्य कुनै भए (खुलाउने) ..... ........ .. .... .. .... .. ... ... ... ... ... ........... ....

**३२. पहिलो हुने निर्वाचित हुने प्रणालीका आधारमा निर्वाचन अपनाउने हो भने कसरी हुनु उपयुक्त हुन्छ ?**

क) केही निश्चित निर्वाचन क्षेत्रलाई आरक्षण गरी सो क्षेत्रमा आरक्षित वर्ग र समुदायका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराउने

ख) यसरी आरक्षणको व्यवस्था नराखी जो सुकै उम्मेदवारहरूबीच प्रतिस्पर्धा हुनसक्ने

ग) अन्य कुनै भए (खुलाउने) ......... .... .. ....... ... ....... .......... ......... .........

**३३. मिश्रित निर्वाचन प्रणाली अपनाउने भए कुन प्रकारले गर्नु उपयुक्त हुन्छ ?**

क) पहिलो हुने निर्वाचित हुने र समानुपातिक प्रणालीलाई समानान्तर रूपमा अपनाउने (संविधानसभाको निर्वाचन जस्तो) (**समानान्तर प्रणाली**)

ख) दुवै प्रणालीमा पाएको मतलाई जोडेर एउटाबाट अर्कोमा क्षतिपूर्ति हुने गरी (**मिश्रित सदस्य समानुपातिक प्रणाली**)

ग) अन्य कुनै भए (खुलाउने) ....... ....... ...... .... ..... ......... ...... ................. .......

**३४. समानुपातिक निर्वाचन प्रणाली अपनाउने हो भने कुन आधारमा प्रतिनिधित्व गराउँदा उपयुक्त हुन्छ ?**

क) एकल संक्रमणीय मत प्रणाली ख) असंक्रमणीय मत प्रणाली

ग) बन्द सूची प्रणाली घ) खुल्ला सूची प्रणाली

ङ) अन्य कुनै भए (खुलाउने) ...... ...... ..... ....... .. ....... .......... .... ............

**३५. मिश्रित प्रणाली अपनाउने हो भने कोटा निर्धारण कसरी गर्न उपयुक्त हुन्छ ?**

क) प्रत्यक्ष र समानुपातिकमा बराबर संख्यामा

ख) प्रत्यक्षमा बढी र समानुपातिकमा कम संख्यामा

ग) प्रत्यक्षमा कम र समानुपातिकमा बढी संख्यामा

घ) अन्य कुनै भए (खुलाउने) ...... .... .... .... ....... .... ..... ..... ......................

**३६. नयाँ संविधानमा मतदाताको न्यूनतम उमेर कति राख्नु उपयुक्त हुन्छ ?**

क) १ट वर्ष ख) १८ वर्ष ग) २१ वर्ष घ) अन्य .............................

**३७. नयाँ संविधानमा निर्वाचन क्षेत्र निर्धारण गर्ने आधार केलाई बनाउन उपयुक्त हुन्छ ?**

क) जनसंख्या मात्र

ख) भौगोलिक क्षेत्र मात्र

ग) जनसंख्या र भौगोलिक क्षेत्रका आधारमा

घ) जातजाति, भाषा, धर्म, वर्ग वा समुदायका आधारमा

ङ) अन्य कुनै भए (खुलाउने) ........................ .........................................

**३८. निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन कसरी हुनु उपयुक्त हुन्छ ?**

क) कार्यकारी प्रमुखको स्वविवेकमा

ख) व्यवस्थापिकाको सिफारिसमा कार्यकारी प्रमुखले

ग) संवैधानिक परिषद जस्तो निकायको सिफारिसमा कार्यकारी प्रमुखले

घ) अन्य कुनै भए (खुलाउने) ........................ .........................................

**३९. प्रादेशिक व्यवस्थापिकाको निर्वाचन कसरी गर्न उपयुक्त हुन्छ ?**

क) पहिलो हुने निर्वाचित हुने प्रणालीका आधारमा मात्र/व्यक्तिलाई चुन्ने (विगतको संसदको निर्वाचन जस्तो)

ख) समानुपातिक प्रतिनिधित्वका आधारमा मात्र/पार्टीलाई चुन्ने

ग) पहिलो हुने निर्वाचित हुने र समानुपातिक प्रणालीलाई समानान्तर रूपमा अपनाउने (संविधानसभाको निर्वाचन जस्तो) (**समानान्तर प्रणाली**)

घ) अन्य कुनै भए (खुलाउने) .... ......... . ........ ... ........ ....... ..... ...............

**४०. प्रादेशिक व्यवस्थापिकाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणाली अपनाउने हो भने कसरी हुनु उपयुक्त हुन्छ ?**

क) केही निश्चित निर्वाचन क्षेत्रलाई आरक्षण गरी सो क्षेत्रमा आरक्षित वर्ग र समुदायका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराउने

ख) यसरी आरक्षणको व्यवस्था नराखी जो सुकै उम्मेदवारहरूबीच प्रतिस्पर्धा हुनसक्ने

ग) अन्य कुनै भए (खुलाउने ....... .... ..... .. ...... ........ ..... .......................

**४१. प्रादेशिक व्यवस्थापिकाको निर्वाचनमा मिश्रित प्रणाली अपनाउने हो भने कोटा निर्धारण कसरी गर्न उपयुक्त हुन्छ ?**

क) प्रत्यक्ष र समानुपातिकमा बराबर संख्यामा

ख) प्रत्यक्षमा बढी र समानुपातिकमा कम संख्यामा

ग) प्रत्यक्षमा कम र समानुपातिकमा बढी संख्यामा

घ) अन्य कुनै भए (खुलाउने) ......... .... ... ......... ..... ...... .........................

**४२. स्थानीय सरकारको निर्वाचन कसरी गर्नु उपयुक्त हुन्छ ?**

क) दलीय आधारमा हुनु पर्दछ ख) दलीय आधारमा नभई स्वतन्त्र हैसियतमा हुनु पर्दछ

ग) अन्य कुनै भए (खुलाउने) .... ... ....... ..... ..... .. ...... .... ..... .... .... ....

**४३. निर्वाचन प्रणाली सम्बन्धी अन्य केही भएमा- ............................... ...... ......**

**<u>सरकारी सेवाका सम्बन्धमा</u> :**

**४४. प्रदेश तथा स्थानीय तहमा कर्मचारीको व्यवस्थापन कसरी गर्नु उपयुक्त हुन्छ ?**

क) अहिले भएका कर्मचारीलाई नै समायोजन गर्ने

ख) सम्पूर्ण रूपमा नयाँ कर्मचारी नियुक्ति गर्ने

ग) विशेष प्रकारका सेवामा रहेका कर्मचारीलाई मात्र समायोजन गर्ने

घ) अन्य केही भए (खुलाउने) .... ..... ... ....... .. ... .. ...... ...... ... .... .... ....

**४५. हालका विभिन्न सेवामा रहेका कर्मचारी समायोजन गर्दा कसरी गर्ने ?**

क) संविधानमा नै ऐनद्वारा व्यवस्थित भएबमोजिम प्रादेशिक एवं स्थानीय सेवामा समायोजन गर्न सक्ने व्यवस्था राख्ने

ख) सबैलाई संघीय सरकार मातहतमै राख्ने

ग) निश्चित आधार तय गरी प्रदेशमा समेत हस्तान्तरण गर्ने

घ) हाल स्थानीय तहमा रहेका कर्मचारीलाई सोही स्तरमा समायोजन गर्ने

ङ) अन्य केही भए (खुलाउने) .. ...... ...... ..... ... .. ..... .. ...... ... ... .... ....

**४६. कति तहको सरकारी सेवा रहनु उपयुक्त लाग्छ ?**

क) संघ मातहतको एउटै मात्र सेवा हुनु पर्ने

ख) संघ र प्रदेशको अलग अलग सेवाहरू हुनु पर्ने

ग) संघ, प्रदेश र स्थानीय सरकारको अलग अलग सेवाहरू हुनु पर्ने

घ) केही विषयमा संघको मात्र, केही विषयमा प्रदेशको र केहीमा स्थानीय सरकारको मात्र सेवा हुनु पर्ने

ङ) अन्य केही भए (खुलाउने) .... ... .... .... .... .... ... . ..... ..... ... ... ..... ...

**४७. संघीय सरकार अन्तर्गतका निकायहरू कुन तह सम्म राख्न उपयुक्त हुन्छ ?**

क) संघमा मात्रै | ख) आवश्यकता अनुसार प्रदेशसम्म

ग) आवश्यकतानुसार स्थानीय तहसम्म नै | घ) अन्य केही भए (खुलाउने) .... ... ..

**४८. प्रादेशिक र स्थानीय सेवामा नियुक्ति गर्दा योग्यता/ग्राह्यताका सम्बन्धमा कस्तो व्यवस्था गर्न उपयुक्त हुन्छ ?**

क) जुनसुकै पदमा पनि सम्बन्धित क्षेत्रका निवासी मात्र योग्य हुने

ख) सहायक स्तर सम्म सम्बन्धित क्षेत्रको र अधिकृत कर्मचारीको हकमा देशभरीका व्यक्ति योग्य हुने

ग) जुनसुकै पदमा पनि देशभरिका व्यक्ति योग्य हुने

घ) अन्य केही भए (खुलाउने) ..........................................................................

**४९. सरकारी सेवामा समानुपातिक समावेसीका सम्बन्धमा कस्तो व्यवस्था हुनु पर्छ ?**

क) देशभर लागू हुने गरी संविधानमा नै व्यवस्था गर्ने

ख) संघीय, प्रादेशिक वा स्थानीय सरकारले आ-आफ्नै तरिकाले व्यवस्था गर्न सक्ने

ग) कानूनद्वारा व्यवस्थित भए बमोजिम हुने

घ) अन्य केही भए (खुलाउने) ..............................................................................

**५०. संघमा मात्र रहने कार्यकारिणी/प्रशासनिक संयन्त्र के के हुन सक्छन् ?**

क) ..................................................................................................................

ख) ..................................................................................................................

ग) ..................................................................................................................

घ) ..................................................................................................................

**५१. प्रदेशमा मात्र रहने कार्यकारिणी/प्रशासनिक संयन्त्र के के हुन सक्छन् ?**

क) ............................................... ख) ...................................................

ग) ............................................... घ) ...................................................

**५२. स्थानीय सरकारमा मात्र रहने कार्यकारिणी/प्रशासनिक संयन्त्र के के हुन सक्छन् ?**

क) ............................................... ख) ...................................................

ग) ............................................... घ) ...................................................

**५३. संघमा मात्र रहने कार्यकारिणी/प्रशासनिक अधिकारहरू के के हुन सक्छ ?**

क) ............................................... ख) ...................................................

ग) ............................................... घ) ...................................................

**५४. प्रदेशमा मात्र रहने कार्यकारिणी/प्रशासनिक अधिकारहरू के के हुन सक्छ ?**

क) ............................................... ख) ...................................................

ग) ............................................... घ) ...................................................

**५५. स्थानीय सरकारमा मात्र रहने कार्यकारिणी/प्रशासनिक अधिकारहरू के के हुनसक्छ ?**

क) ............................................... ख) ...................................................

ग) ............................................... घ) ...................................................

**५६. भावि संविधानमा सुशासनको प्रत्याभूतिका लागि कसलाई बढी जिम्मेवार बनाउन उपयुक्त हुन्छ ?**

क) कार्यपालिका | ख) व्यवस्थापिका

ग) न्यायपालिका | घ) नागरिक समाज

ङ) माथिका सबै | च) अन्य कुनै भए (खुलाउने) ......................

**५७. सुशासनको प्रत्याभूतिका लागि के कस्ता संवैधानिक प्रावधान एवं निकायहरू राखिनु उपयुक्त हुन्छ ?**

.........................................................................................................................................

**अन्तर सम्बन्ध :**

**५८. व्यवस्थापिका र न्यायपालिकासँगको अन्तरसम्बन्ध (सन्तुलन तथा नियन्त्रण) का सन्दर्भमा कार्यपालिकालाई के कस्तो अधिकारहरू प्रदान गर्नु उपुयक्त हुन्छ ?**

.......................................................................................................................................

**५९. प्रादेशक सरकार, संघीय सरकार र स्थानीय सरकारबीचको अन्तर सम्बन्ध (सन्तुलन तथा नियन्त्रण) का सन्दर्भमा के कस्तो अधिकारहरू कुन कुन निकायलाई प्रदान गर्नु उपयुक्त हुन्छ ?**

.......................................................................................................................................

**६०. संकटकालीन स्थिति जस्तो विशेष परिस्थिति उत्पन्न भएमा संकटकाल घोषणा गर्ने अधिकार कसमा रहनु पर्छ ?**

क) प्रादेशिक सरकारमा

ख) संघीय सरकारको स्वविवेकमा

ग) प्रादेशिक सरकारको सिफारिसमा संघीय सरकारमा

घ) अन्य केही भए (खुलाउने) .. .. ..... ........ .. ..... ...... ..... ... ... .... ...... ....

**६१. शान्ति सुरक्षा कायम गर्ने अधिकारलाई कसरी व्यवस्थित गर्नु उपयुक्त हुन्छ ?**

क) प्रदेशको प्रहरी परिचालन गरेर

ख) संघको प्रहरी मार्फत

ग) प्रदेशको प्रहरी असफल भएमा संघले हस्तक्षेप गर्ने

घ) प्रदेश सरकारको अनुरोध भएमा मात्र संघले हस्तक्षेप गर्ने

ङ) अन्य केही भए (खुलाउने) ... . .... ... .. ... .. .. .. ... . .... .... .. .. .. ... .. ... .. . ..

**६२. प्रादेशिक सरकारले स्वच्छन्दतापूर्वक कार्य गर्न थालेमा नियन्त्रणका लागि कस्तो उपाय अवलम्बन गर्न सकिन्छ ?**

क) प्रदेश भित्रबाटै नियन्त्रण र सन्तुलनको सिद्धान्त बमोजिम

ख) संघीय सरकारको प्रतिनिधि (प्रदेश प्रमुख) ले

ग) प्रदेश प्रमुखको सिफारिसमा संघीय सरकारले

घ) संघीय सरकारले आफ्नो स्वविवेकमा

ङ) अन्य केही भए (खुलाउने) .. ....... ... ..... .. ..... .... ... ...... .. ...... ...... .

**६३. प्रदेश, प्रदेश / प्रदेश, स्थानीय सरकार / स्थानीय सरकार, स्थानीय सरकारहरूबीच कुनै विवाद उत्पन्न भएमा यस्तो विवाद कसरी समाधान गर्नु उपयुक्त हुन्छ ?**

क) संघीय सरकारद्वारा

ख) विवादका पक्ष प्रदेश/स्थानीय सरकारहरूबीचको आपसी सहमतिबाट

ग) विवाद समाधानको लागि संविधानद्वारा छुट्टै निकायको व्यवस्था गर्नु पर्ने

घ) अन्य केही भए (खुलाउने) ..... ... . ..... .... ... ... ... .. ..... .. .... .. ..... ....

**६४. विभिन्न तहका (संघीय, प्रादेशिक र स्थानीय) सरकारहरूबीचको अन्तर सम्बन्धको वारेमा थप केही सुझाव भएमा,-**

.......................................................................................................

**राय सुझाव अध्ययन एवं विश्लेषण गर्ने कार्यमा संलग्न सदस्य एवं कर्मचारीहरूको विवरण**

| क्र.सं. | माननीय सदस्यको नाम | विश्लेषण गरिएका राय सुझावको संख्यात्मक विवरण |
|---|---|---|
| १ | सभापति मा० श्री शम्भुहजरा दुसाध | २९९५ |
| २ | मा० श्री अजयकुमार द्विवेदी | ० |
| ३ | मा० श्री अलाउद्दीन अन्सारी | १०४१ |
| ४ | मा० श्री अशोक कुमार रोकाय क्षेत्री | १३६४ |
| ५ | मा० श्री ओमप्रकाश यादव (रूपन्देही-६) | ० |
| ६ | मा० श्री कुमारी मुक्तान | २०३३ |
| ७ | मा० श्री केशव राई | १६२८ |
| ८ | मा० श्री कृष्णप्रसाद सापकोटा | १२२३ |
| ९ | मा० श्री गणेशबहादुर खड्का | ५१५ |
| १० | मा० श्री गिरिराजमणी पोखरेल | १८१६ |
| ११ | मा० श्री गोविन्द नेपाली | ० |
| १२ | मा० श्री घनश्याम यादव अहिर | ० |
| १३ | मा० श्री चन्दन साह | १८०३ |
| १४ | मा० श्री जिपछिरिङ लामा शेर्पा | ४९० |
| १५ | मा० श्री टेकेन्द्र प्रसाद भट्ट | १५६२ |
| १६ | मा० श्री टोपबहादुर रायमाझी | ० |
| १७ | मा० श्री तेजबहादुर मिजार | १३०१ |
| १८ | मा० श्री दुर्गादेवी महतो | ३६६ |
| १९ | मा० श्री दुर्गीदेवी (पासवान) | ० |
| २० | मा० श्री नगेन्द्रबहादुर धिमाल | १३७८ |
| २१ | मा० श्री नरेन्द्रबहादुर कुँवर | ० |
| २२ | मा० श्री नरेश भण्डारी | १३९५ |
| २३ | मा० श्री पम्फा भुसाल | १८४५ |

| | | |
|---|---|---|
| २४ | मा० श्री पुष्पा भुसाल | ४०५ |
| २५ | मा० श्री पृथ्वी सुब्बा गुरूङ्ग | १७६० |
| २६ | मा० श्री प्रकाशशरण महत | ० |
| २७ | मा० श्री प्रदीप गिरि | ० |
| २८ | मा० श्री प्रदुमनप्रसाद चौहान | १५९९ |
| २९ | मा० श्री बुद्धिराम गुरूङ | १७७९ |
| ३० | मा० श्री यदुवंश झा | १४०१ |
| ३१ | मा० श्री यशोदा गुरूङ्ग (सुवेदी) | २००७ |
| ३२ | मा० श्री रत्न गुरूङ्ग | १५२० |
| ३३ | मा० श्री लक्ष्मण महतो | ० |
| ३४ | मा० श्री विष्णुप्रसाद पौडेल | १८१७ |
| ३५ | मा० श्री वृजेश कुमार गुप्ता | १४३९ |
| ३६ | मा० श्री श्याम सुन्दर गुप्ता | ० |
| ३७ | मा० श्री शुसिला कन्दङवा | ७९६ |
| ३८ | मा० श्री सत्यलाल मूल | ० |
| ३९ | मा० श्री सन्तकुमार थारू | ७५५ |
| ४० | मा० श्री सरोजकुमार यादव | १११५ |
| ४१ | मा० श्री सीता गुरूङ | २०५२ |
| ४२ | मा० श्री सोनाम छेजुङ्ग लामा | २४१ |
| ४३ | मा० श्री हसिना मियाँ | १५२५ |
| ४४ | सचिव श्री मुकुन्द शर्मा | २७७७ |
| ४५ | उप सचिव श्री यादवराज पोखरेल | १९१७ |
| ४६ | उप सचिव श्री इन्दिरा दाहाल | २८०६ |
| ४७ | शाखा अधिकृत श्री शान्ता आचार्य | ३८३२ |
| ४८ | शाखा अधिकृत श्री दिवस आचार्य | २९०२ |
| | **जम्मा:** | **५७२००** |

## राय सुझाव सम्पादन उपसमिति

| | |
|---|---|
| संयोजक | मा० श्री यसोदा गुरूङ्ग (सुवेदी) |
| सदस्य | मा० श्री अलाउद्दिन अन्सारी |
| सदस्य | मा० श्री पृथ्वी सुब्बा गुरूङ्ग |
| सदस्य | मा० श्री प्रकाशशरण महत |
| सदस्य | मा० श्री वृजेशकुमार गुप्ता |
| स्थायी आमन्त्रित | मा० श्री कृष्णप्रसाद सापकोटा |
| स्थायी आमन्त्रित | मा० श्री नरेश भण्डारी |

**राय सुझाव सम्पादन उप समिति**
**जनमत संकलनमार्फत प्राप्त राय सुझावको निचोड**

संविधानसभाका सदस्यहरूबाट विभिन्न स्थानमा नेपाली दाजुभाई तथा दिदी बहिनीहरूसंग परामर्श गर्दा समितिले तयार गरेको प्रश्नावली र अन्य माध्यमबाट प्राप्त राय सुझाव समितिको बैठकमा अध्ययन विश्लेषण गर्दा संविधानसभामा प्रतिनिधित्व गर्ने विभिन्न दलको अवधारणामा उल्लेख भएका बुंदाहरूभन्दा फरक प्राप्त महत्वपूर्ण राय सुझाव सम्बन्धी विवरणको संक्षिप्त विवरण

| प्रश्न नं | महत्वपुर्ण बुंदाहरु |
|---|---|
| १ | **नयाँ संविधानमा राष्ट्रपति र प्रधानमन्त्री सम्बन्धी व्यवस्था कस्तो हुनुपर्छ ?** |
| | (क) ४० वटै जनमत संकलन टोलीले आम जनताहरूसँग संकलन गरेका प्रश्नावलीमा उल्लेख गरिएका बैकल्पिक छनौटमा रहेका मतहरू भन्दा भिन्न ("अन्य भए खुलाउने....." मा जनताले दिईएका नमिल्दा फरक मतहरू) राय सुझावहरू :-<br>▪ राष्ट्रपति र प्रधानमन्त्री दुबैको पद हेरी कार्य विभाजन गर्ने<br>▪ नेपालमा राष्ट्रपति नै योग्य हुन्छ, राष्ट्रपतिलाई धेरै अधिकार<br>▪ कार्यकारी राष्ट्रपति र दैनिक प्रशासन प्रधानमन्त्री<br>▪ सिमान्तकृत, लोपोन्मुख र अल्पसंख्यक जातिको प्रतिनिधि मनोनित गरिनु पर्ने<br>▪ सेरेमोनियल राजतन्त्र सहितको प्रजातन्त्र<br>▪ भारतीय राष्ट्रपति र प्रधानमन्त्री जस्तो व्यवस्था हुनु पर्ने<br>▪ भारतीय राष्ट्रपति र बेलायती महारानी सरह हुनु पर्ने<br>▪ समाजवादी गणतन्त्र नेपालको राष्ट्रपति हुने<br>▪ प्रत्यक्ष प्रणाली चुनाव पद्धतिद्धारा चुनिएको<br>▪ सेरेमोनियल राष्ट्रपति र अधिकार प्राप्त प्रधानमन्त्री<br>▪ एकल व्यक्तिमात्र केही हुदैन सबैको एक हात हुनु पर्छ । एकजनाको विचारले हुँदैन दुबैको सहमति हुनु पर्दछ ।<br>▪ धेरै अधिकार भएको राष्ट्रपति र कम अधिकार भएको प्रधानमन्त्री<br>▪ कार्यवाहक राष्ट्रपति हुनुपर्ने । राष्ट्रनायक<br>▪ दुबै चुनाव प्रक्रियाबाट हुनु पर्ने<br>▪ वेस्टमिनिष्टर मोडल बेलायतमा भएको, संसदीय प्रणाली, कम अधिकार भएको राष्ट्रपति<br>▪ प्रधानमन्त्रीय प्रणाली, राष्ट्रपतिय प्रणाली, सबै अधिकार राष्ट्रपतिलाई प्रधानमन्त्री नराख्ने<br>▪ कार्यकारी अधिकार प्रधानमन्त्रीलाई<br>▪ प्रत्यक्ष निर्वाचनद्धारा प्रधानमन्त्री चयन<br>▪ संवैधानिक अधिकार राष्ट्रपतिमा<br>▪ जनताद्धारा प्र.म.को चयन गर्नुपर्ने<br>▪ दुबैको अधिकार समान रहने संसदीय प्रणाली<br>▪ संसदीय प्रणाली<br>(ख) ४० वटै टोलीका तयार गरेका छुट्टाछुट्टै प्रतिवनमा राज्यको शासकीय स्वरूप निर्धारण समितिसँग सम्बन्धित टोलिले उल्लेख गरेका रायहरू |

| | |
|---|---|
| २ | **राष्ट्र प्रमुखलाई के नाम दिनु उपयुक्त हुन्छ ?** |
| | ■ नेपाल प्रमुख, राष्ट्रिय संरक्षक, देशको हरेक कुरालाई समेट्ने गरी नामाकरण गरेर<br>■ सम्पुर्ण अधिकार राष्ट्रपतिलाई, राष्ट्रको नोकर, राष्ट्रिय अभिभावक, जनपति<br>■ जेसुकै नाम राखेपनि देश र जनताको हित जोबाट हुन्छ त्यो नै सर्वश्रेष्ठ नाम हो<br>■ राष्ट्राध्यक्ष, राष्ट्रपति, राष्ट्रपीता, राष्ट्रसंरक्षक, राष्ट्रप्रमुख, अध्यक्ष, जनाध्यक्ष<br>■ श्री ५ महाराजाधिराज, जनप्रमुख |
| ३ | **राष्ट्रपतिको निर्वाचन कसरी हुनु पर्दछ ?** |
| | ■ राष्ट्रपतिको निर्वाचन सम्पुर्ण नेपाली (प्रत्यक्ष मतदान) बाट गर्ने, जनताद्धारा निर्वाचित हुनु पर्दछ ।<br>■ संसदको दुई तिहाइले<br>■ संघीय व्यवस्थापिकाका सदस्यहरू भएको निर्वाचन मण्डलद्धारा<br>■ सदनबाट राष्ट्रपतिको चयन |
| ४ | **प्रत्यक्ष निर्वाचन हुने भए कुन आधारमा निर्वाचित हुने व्यवस्था गर्ने ?** |
| | ■ बहुमतको आधारमा निर्वाचित गर्ने, जसरी भारतीय राष्ट्रपतिको निर्वाचन हुन्छ ।<br>■ ५० % भन्दा बढी मत ल्याउने, दुई तिहाई, समानुपनतिको आधारमा प्रत्यक्ष मतदान<br>■ धेरै मत ल्याउने, उपराष्ट्रपतिले गर्नुपर्ने का नगरेमा, पहिलो हुने निर्वाचि हुने<br>■ ८०% भन्दा बढी मत ल्याउन पर्ने, ५१% प्रतिशत भन्दा बढी मत ल्यउने<br>■ राष्ट्रपति र उपराष्ट्रपतिको चयन एउटै समयमा गर्नु पर्ने |
| ५ | **उपराष्ट्रपतिको चयन कसरी गर्नु उपयुक्त हुन्छ ?** |
| | ■ प्रत्यक्ष्य निर्वाचनद्वारा उपराष्ट्रपतिको चयन गर्ने, संघीय व्यवस्थापिका सदस्य भएको<br>■ निर्वाचनमा दलद्वारा, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सँगसँगै गर्ने<br>■ उपराष्ट्रपतिको आवश्यकता नपर्ने, संसदबाट चुनेको राष्ट्रपति<br>■ छुट्टै उपराष्ट्रपति नराख्ने, व्यवस्थापिकाको माथिल्लो सदनको अध्यक्ष कार्यवाहक बन्ने<br>■ तल्लो प्रतिनिधि सभाका विजयी सांसदद्वारा प्राप्त मतको आधारमा |
| ६ | **उपराष्ट्रपतिको सम्बन्धमा कस्तो अधिकार हुनु उपयुक्त हुन्छ ?** |
| | ■ उपराष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिको अधिकार प्रयोग गर्ने<br>■ उपराष्ट्रपनि नराख्ने, राष्ट्रपतिको अनुपस्थितिमा प्रधानमन्त्रीले कार्य गर्ने<br>■ छुट्टै उपराष्ट्रपति नराखी व्यवस्थापिकाको माथिल्लो सदनको अध्यक्षले नै राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिको काम गर्ने |

| | |
|---|---|
| ७ | **प्रत्यक्षरुपमा निर्वाचित राष्ट्रपति/उपराष्ट्रपतिलाई हटाउने सम्बन्धमा कस्तो व्यवस्था हुनु उपयुक्त हुन्छ?** |
| | ▪ राम्रो देशभक्त हुनु पर्ने<br>▪ ५ वर्ष पूरा गरेपछि मात्र संघीय व्यवस्थापिकाको दुईतिहाई बहुमतले हटाउने<br>▪ जनमत संग्रहबाट हटाउने<br>▪ राष्ट्रपतिको अवधारणा नै नहुने भएकोले अन्यथा आवश्यकता छैन<br>▪ दुवै सदनको दुईतिहाईबाट<br>▪ राष्ट्रपतिले देशको अहित हुने काम गरेमा २०% जनताद्वारा हस्ताक्षर संकलन गरी हटाउन सकिने<br>▪ राष्ट्रपतिले नराम्रो काम गरेमा जनमत संग्रहको ८५% ले हटाउने<br>▪ महाअभियोग जनसभा र राष्ट्रिय सभाको छुट्टा छुट्टै बैठकमा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुईतिहाइबाट<br>▪ महाअभियोग २५% सदस्यले राख्न पाउने<br>▪ देशद्रोही काम गर्ने वा जातीय आधारमा पक्षपाती आचरण देखिएमा सामान्य बहुमतले पनि हटाउन सक्ने<br>▪ राष्ट्रिय सभाका २५% सदस्यलाई लान पाउने |
| ८ | **लैंगिक आधारमा राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था कस्तो हुनु पर्छ ?** |
| | ▪ जुनसुकै लिंगको भएमा पालै पाले निर्वाचनबाट आउने<br>▪ राष्ट्रपति पुरूष भए उपराष्ट्रपति महिला र भाइसभर्सा<br>▪ राष्ट्रपति, उपराष्ट्रपति दलीत पनि हुन पाउने<br>▪ पिछडिएको समुदायबाट राष्ट्रपति र उपराष्ट्रपति हुन पाउनु पर्ने<br>▪ तेस्रो लिङ्गी पनि हुनु पर्ने, एकजना महिला अनिवार्य<br>▪ राष्ट्रपति पुरूष र उपराष्ट्रपति महिला हुनु पर्ने<br>▪ कम्तीमा स्नातक गरेको जुनसुकै लिंगको पनि हुन सक्ने<br>▪ संविधानमा केही पनि (लिंगसम्बन्धी) उल्लेख नगर्ने<br>▪ महिला पुरूष जात जाती र धर्म फरक फरक हुनु पर्ने<br>▪ फरक फरक क्षमता र गुणका आधारमा जोसुकै पनि हुनु पर्ने । |
| ९ | **संविधानमा नै स्पष्ट तोकिने भए कस्तो व्यवस्था गर्न उपयुक्त हुन्छ ?** |
| | ▪ जो भए पनि ठीक, संविधानमा केही उल्लेख नगर्ने, योग्यता र क्षमताको आधारमा तोकिनु पर्दछ ।<br>▪ बाहुन क्षेत्री राष्ट्रपति भए जनजाती उपराष्ट्रपति हुनु पर्ने<br>▪ पहाडिया राष्ट्रपति भए मधेशी उप राष्ट्रपति हुने तर नपुंसक लिंगी हनु नहने<br>▪ निर्वाचनका आधारमा<br>▪ सर्वसम्मतीले जो कोही पनि<br>▪ स्नातकोत्तर व्यक्ति<br>▪ योग्यताको आधारमा लिंगको आधारमा<br>▪ पुरूष मात्र हुनु पर्छ महिला हुनु हुँदैन<br>▪ महिला अनिवार्य हुनुपर्ने<br>▪ दुवैमा महिला कि दुवैमा पुरूष<br>▪ दुई वर्ष पदावधि हुनुपर्ने |

| | |
|---|---|
| १० | **राष्ट्रपति वा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री को पदावधि कति राख्नु उपयुक्त हुन्छ ?** |
| | ■ ६ महिना<br>■ १ वर्ष<br>■ २ वर्ष<br>■ ३ कार्यकाल<br>■ जतिपनि कार्यकाल<br>■ १०० वर्ष<br>■ बढीमा ३ वर्ष<br>■ ८ वर्ष<br>■ १० वर्ष<br>■ संविधानमा उल्लेख नगर्ने<br>■ प्रधानमन्त्रीको पदावधी ५ वर्ष र राष्ट्रपतिको पदावधि ६ वर्ष<br>■ जनताको हितमा काम गरून्जेल |
| ११ | **एकैव्यक्ति राष्ट्रपतिको पदमा कति कार्यकालसम्म निर्वाचित हुनसक्ने व्यवस्था गर्न उपयुक्त हुन्छ ?** |
| | ■ ३ कार्यकाल<br>■ जनताले चाहेसम्म जतिपटक पनि<br>■ १ कार्यकाल<br>■ राष्ट्रविरोधी अपराध गरे तु. निष्कासन<br>■ २ कार्यकाल<br>■ जनताले चाहेसम्म<br>■ ४५ वर्ष पूरा भएको<br>■ ७५ वर्ष ननाघेको<br>■ ४ कार्यकाल भन्दा बढी नपाईने |
| १२ | **राष्ट्रपति/उपराष्ट्रपति/प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको उमेर सम्बन्धमा संविधानमा कस्तो व्यवस्था हुनु उपयुक्त हन्छ ?** |
| | ■ २० देखि ५० वर्ष<br>■ ४७ वर्ष<br>■ उमेरको आधारमा हैन क्षमताको आधारमा<br>■ ५८ वर्ष पूरा भएको<br>■ ६० वर्ष भएको, राजनीतिमा पाको<br>■ ३० वर्ष पूरा भएको<br>■ ४५ वर्ष पूरा भएको<br>■ पि.एच.डि. गरेको<br>■ ४० वर्ष पूरा भई स्नातकोत्तर पूरा गरेको<br>■ उमेरको हदबन्दी नराख्ने |

| | |
|---|---|
| १३ | **संसदीय शासन प्रणाली अवलम्बन गरिएको खण्डमा संवैधानिक राष्ट्रपतिलाई कस्तो अधिकार प्रदान गरिनु उपयुक्त हुन्छ ?** |
| | ■ केही निश्चित स्वविवेकको अधिकार प्रयोग गर्ने<br>■ राष्ट्रपतिले देशको राष्ट्रिय सरकार वा प्रान्तीय सरकारलाई हटाउन सक्ने<br>■ स्वविवेकिय अधिकार राष्ट्रपतिलाई दिन नहुने<br>■ सदनको नेता र मन्त्रिमण्डलको प्रमुख<br>■ मिश्रीत शासन प्रणाली अवलम्बन गर्नु हुँदैन ।<br>■ संसदीय प्रणालीमा स्पष्ट बहुमत नल्याएको खण्डमा सम्पूर्ण अधिकार सम्हाल्ने<br>■ मुलुको राष्ट्रिय अखण्डता जोगाउन राष्ट्रपतिलाई संकटकाल घोषणा गरी सेना परिचालन गर्ने अधिकार प्रदान गर्ने<br>■ नेपाली सेनाको परमाधिपती राष्ट्रपति हुनु पर्ने<br>■ विषम परिस्थितिमा राष्ट्रपतिले निर्णय गर्न सक्ने<br>■ राष्ट्रको विखण्डन हुनबाट बचाउने<br>■ मन्त्रिपरिषदको सिफारिसमा केही अधिकार राष्ट्रपतिलाई दिने |
| १४ | **मिश्रित शासन प्रणाली अवलम्बन गरिएको खण्डमा राष्ट्रपति र प्रधानमन्त्रीबीच के कति अधिकार बाँडफाँड गरिनु उपयुक्त हुन्छ ?** |
| | ■ संसदले मन्त्रिपरिषद्को सिफारिसमा कानून बनाउने राष्ट्रिय एकता तथा अखण्डता सम्बन्धी अधिकार<br>■ मन्त्रिपरिषद मनोनयन गर्ने<br>■ व्यवस्थापिकालाई हेर्ने<br>■ राष्ट्रप्रमुखलाई सेनाको प्रमुख तोक्ने<br>■ देशको परिस्थिति नाजुक भएमा सम्पूर्ण अधिकार राष्ट्रपतिले प्रयोग गर्ने<br>■ प्रधानमन्त्रीले विकास योजना दिने अधिकार<br>■ राष्ट्रपतिले नै देशको शासन सन्चालन गर्ने<br>■ सम्पूर्ण अधिकार प्रधानमन्त्रीले प्रयोग गर्ने<br>■ न्यायलय र न्यायाधिश राष्ट्रपतिको हातमा तथा अन्य सबै अधिकार प्रधानमन्त्रीको माताहतमा राख्ने<br>■ राष्ट्रको सार्वभौम सत्ता एवं अखण्डता बचाइराख्ने<br>■ राष्ट्रको हरेक बैदेशिक हस्तक्षेप रोक्ने<br>■ सम्पूर्ण अधिकार राष्ट्रपतिलाई दिनु पर्ने<br>■ मन्त्रिपरिषद्ले गरेको निर्णय पारित गर्ने<br>■ दैनिक सरकार र प्रशासन सन्चालनको जिम्मेवारी निर्वाह गर्ने<br>■ सेना प्रमुख र कार्यकारी प्रमुखको भूमिका निर्वाह गर्ने<br>■ आधा अधिकार राष्ट्रपतिलाई हुनु पर्ने साथै आधा प्र.म लाई<br>■ देशको शासन प्रणालीमा कुनै गडबडी देखापर्न गएमा बाधा व्यवधान फुकाउने अधिकार राष्ट्रपतिलाई हुनु पर्ने<br>■ राष्ट्रपति सेना चलाउने प्र.म. जनता चलाउने<br>■ राष्ट्रपतिको अधिकार सीमीत<br>■ राष्ट्रध्यक्षको अधिकार दिनुपर्ने<br>■ राष्ट्रपति लाई ९०% अधिकार बाँकी प्र.म. लाई<br>■ संविधानको संरक्षण र पालना गर्ने<br>■ केन्दीय म.प.को गठन र कार्यक्रम संचालन गर्ने |

| | |
|---|---|
| | ▪ सेना प्रमुख, राजदुत, राज्यपाल, प्रधान न्यायाधिश, संवैधानिक अङ्गका प्रमुखहरू, विश्वविद्यालयका पदाधिकारीहरूको नियुक्ती गर्ने, प्र.म.को अधिकार हुनुपर्ने<br>▪ राष्ट्रपतिको निर्देशनमा सरकार र प्रशासन संचालन गर्नुपर्ने |
| १५ | **(प्रधानमन्त्रीको व्यवस्था हुने भए) प्रधानमन्त्रीको चयन कसरी गर्नु उपयुक्त हुन्छ ?** |
| | ▪ प्र.मको निर्वाचन प्रत्येक्ष<br>▪ प्र.मको निर्वाचन संसदद्धारा संघिय व्यवस्थापिकाको सिफारिसमा राष्ट्रपतिले गर्ने<br>▪ राष्ट्रपतिले मनोनयन गर्ने, संसदको बहुमतको आधारमा |
| १६ | **एकैव्यक्ति प्रधानमन्त्रीको पदमा कतिवटा कार्यकालसम्म निर्वाचित हुनसक्ने व्यवस्था गर्न उपयुक्त हुन्छ ?** |
| | ▪ सक्षम र विकाश प्रेमिलाई जतिपटक पनि निर्वाचन गर्न पाउन पर्ने<br>▪ राजनैतिक दलको विजयको आधारमा<br>▪ एक कार्यकालका लागि मात्र<br>▪ ३ कार्यकाल सम्म<br>▪ २, छ कार्यकाल सम्म<br>▪ जनताले चाहेअनुरूप<br>▪ प्र.म.को कार्य क्षमता अनुसार |
| १७ | **संघीय मन्त्रिमण्डलमा सदस्य संख्या तोक्ने सम्बन्धमा कस्तो व्यवस्था हुनु उपयुक्त ठान्नु हुन्छ ?** |
| | ▪ प.म.को स्व विवेकमा छाडने<br>▪ व्यवस्थापीका संसदको १०%भन्दा बढी हुन नहुने<br>▪ दुवै सदनको सहमतिको आधारमा<br>▪ राष्ट्रपतिको स्वविवेकको आधारमा<br>▪ २०४७ सालको संवैधानिक प्रावधान अनुसार बढीमा १० जना, बढीमा २० जना<br>▪ व्यवस्थापिकाको कुल सदस्य संख्यको छ % भन्दा बढी हुन नहुने<br>▪ राज्यसंचालनको लागि आवश्यक पर्ने न्यूनतम मन्त्रालयको किटान संविधानमै गर्ने साथै एक मन्त्रालयमा एउटामात्र मन्त्री रहने व्यवस्था गर्ने<br>▪ राष्ट्रपतिको रोहवरमा संघियसरकाले<br>▪ व्यवस्थापिकाको कुल सदस्य संख्यको ७%भन्दा बढी हुन नहुने |
| १८ | **संघीय सरकारको गठन कसरी गर्न उपयुक्त हुन्छ ?** |
| | ▪ बहुमत ल्याउने दलको अधिकार<br>▪ कुनैपनि दलले बहुमत नल्याएमा सबै दलको समानुपतिक सहभागितामा<br>▪ जनजातिको आधारमा म.प.को संख्या तोक्ने<br>▪ नेपालमा संधियता नै आवश्यक छैन<br>▪ बहुमत ल्यउने ले सरकारको नेतृत्व<br>▪ बहुमत नभए मिलिजुली सरकार<br>▪ सहमतिय प्रणाली प्रतिनिधित्वको आधारमा<br>▪ दूई वा दूई भन्दा बढी दल मिलेर<br>▪ राष्ट्रपतिले गठन गर्ने<br>▪ पूर्णा समानुपातिक आधारमा<br>▪ संघीय व्यवस्थापिकामा बहुमतपाउने राजनीतिक दलमात्र सरकारमा सहभागी हुन पाउने<br>▪ कुल सदरमतको ६०%भन्दा बढीको प्रतिनिधित्व गर्ने |

| | |
|---|---|
| १९ | **यदि संसदीय पद्धति अपनाउने हो भने संसदले सरकार उपर अविश्वासको प्रस्ताव राख्ने सम्बन्धमा कस्तो व्यवस्था हुनु उपयुक्त ?** |
| | ▪ सरकारमा रहेका व्यक्तिले स्वेच्छाचारी पूर्वक सरकार संचालन गरेमा संसदको अविश्वासको प्रश्ताव ल्याई हटाउने<br>▪ कम्ती मा ट महिनाको अवधि पछि मात्र राख्न पाउने |
| २० | **प्रत्यक्ष रुपमा प्रधानमन्त्री निर्वाचित हुने हो भने निजलाई हटाउने सम्बन्धमा कस्तो व्यवस्था हुनु उपयुक्त हुन्छ ?** |
| | ▪ संघीय प्रादेशिक व्यवस्थापिकाको सामान्य बहुमतले<br>▪ व्यवस्थापिकाले हटाउन सक्ने<br>▪ कुल सदस्य संख्यको २५%ले माग गर्ने र २/३ निर्णय गर्ने<br>▪ सामान्य बहुमतले<br>▪ जनमत संकलनद्वारा<br>▪ राष्ट्रघाती काम गरेमा<br>▪ कार्यावधिभित्र हटाउन पाइदैन<br>▪ १० वर्ष सम्म<br>▪ संघीय व्यवस्थापिकाको २ तिहाई बहुमतले महाभियोगद्वारा |
| २१ | **प्रदेश/प्रान्तमा सरकारको स्वरुप कस्तो हुनु उपयुक्त हुन्छ ?** |
| | ▪ प्रत्यक्षमद्वारा प्रान्तिय मुख्य मन्त्री<br>▪ बहुमत प्राप्त व्यक्तिलाई राष्ट्रपतिद्वारा नियुक्त गर्ने<br>▪ स्थानीय निकाय प्रतिनिधिहरूको निर्वाचक मण्डद्वारा<br>▪ प्रादेशिक व्यवस्थापिकाद्वारा निर्वाचित व्यक्ति कार्यकारी प्रमुख हुने<br>▪ जनताको प्रत्यक्ष निर्वानद्वारा निर्वाचित व्यक्ति प्रमुख हुने |
| २२ | **प्रदेशको प्रमुखलाई संविधानमा के नाम दिनु उपयुक्त हुन्छ ?** |
| | ▪ गणराज्य प्रमुख<br>▪ प्रान्तीय राज्य प्रमुख<br>▪ प्रदेश प्रमुख नै नराख्ने<br>▪ राज्य अधिकारी<br>▪ क्षेत्रीय प्रमुख<br>▪ प्रान्तपति<br>▪ मुख्य मन्त्री<br>▪ प्रमुखाधीश<br>▪ नायक<br>▪ प्रान्तपाल<br>▪ प्रान्ताध्यक्ष<br>▪ राज्यपाल<br>▪ प्रान्तीय संयोजक<br>▪ प्रादेशीक मन्त्री<br>▪ प्रदेशाध्यक्ष<br>▪ क्षेत्रपाल<br>▪ मुख्यमन्त्री<br>▪ राज्यनायक |

| | |
|---|---|
| २३ | **(निर्वाचित हुने अवस्थामा बाहेक) प्रदेश प्रमुखको नियुक्ति कोबाट हुनु उपयुक्त हुन्छ ?** |
| | ▪ संघीय सरकारबाट<br>▪ मं.प.को सिफारिसमा राष्ट्रपतिले<br>▪ प्रदेशको मुख्य मन्त्रिको सिफारिसमा संघीय सरकारद्वारा<br>▪ संघीय सरकारको सिफारिसमा राष्ट्रपतिले<br>▪ संघीय सरकारको सल्लाह अनुसार मुख्य मन्त्रीले |
| २४ | **प्रादेशिक सरकारको प्रमुखलाई संविधानमा के नाम दिनु उपयुक्त हुन्छ ?** |
| | ▪ राज्यपाल<br>▪ प्रदेश प्रमुख<br>▪ मुख्यमन्त्री<br>▪ प्रदेश मन्त्री<br>▪ चौतारिया<br>▪ प्रान्तप्रमुख<br>▪ राज्य मन्त्री |
| २५ | **प्रदेश प्रमुखको कार्यकाल कति हुनु उपयुक्त हुन्छ ?** |
| | ▪ ३ वर्ष<br>▪ १५ महिना<br>▪ १ वर्ष<br>▪ बढीमा २ वर्ष<br>▪ ५ वर्ष<br>▪ ६ वर्ष<br>▪ २ वर्षपछि |
| २६ | **प्रादेशिक मन्त्रिमण्डलमा सदस्य संख्या तोक्ने सम्बन्धमा कस्तो व्यवस्था हुनु उपयुक्त ठान्नु हुन्छ ?** |
| | ▪ बढीमा ११ जना<br>▪ जनसंख्याका आधारमा बढीमा १५%<br>▪ बढीमा ११ देखि १५<br>▪ १० देखि १५% (संसदको सदस्य संख्याको)<br>▪ बढीमा ३% (संसदको सदस्य संख्याको)<br>▪ बढीमा ५% (संसदको सदस्य संख्याको)<br>▪ सकेसम्म छोटो बनाउने आर्थिक स्थितिलाई ध्यान दिएर<br>▪ बढीमा २५ जना<br>▪ २५ देखि ३५<br>▪ प्रादेशिक सदस्य संख्याको १०%<br>▪ प्रदेशको क्षेत्रको आधारमा<br>▪ ५ जनाको<br>▪ ७ जनाको<br>▪ व्यवस्थापिकाको ५% भन्दा बढी हुन नपाईने<br>▪ व्यवस्थापिकाको १०% भन्दा बढी हुन नपाईने<br>▪ व्यवस्थापिकाको २५% भन्दा बढी हुन नपाईने |

| | |
|---|---|
| २७ | **प्रादेशिक सरकारको गठन कसरी गर्न उपयुक्त हुन्छ ?** |
| | ▪ प्रदेशसभाको बहुमतद्वारा<br>▪ आदिवासी अग्राधीकारको संवैधानिक मान्यताको ५१% र बाँकी समन्वयको आधारमा<br>▪ प्रादेशिक क्षेत्रभित्र गाउँ, नगरका निर्वाचित प्रतिनिधिबाट बहुमत प्राप्त हुनेल नेतृत्व गरी अन्य समानुपातिकमा सहभागिता<br>▪ सर्वदलीय सरकार<br>▪ बहुमत नआएमा सहमतीमा सरकार गठन गर्नु पर्ने<br>▪ प्रादेशिक व्यवस्थापिकामा बहुमत पाउने दल मात्र सरकारमा सहभागि हुन पाउने |
| २८ | **देशको कार्यकारिणी अङ्गलाई कति तहसम्म विस्तार गरिनु उपयुक्त ठान्नु हुन्छ ?** |
| | ▪ केन्द्र, प्रादेशिक क्षेत्र, जिल्ला (स्थानीय तह)<br>▪ ४ तह |
| २९ | **स्थानीय तहमा कार्यकारिणी अङ्गको गठन कसरी हुनु उपयुक्त हुन्छ ?** |
| | ▪ प्रत्यक्ष, समानुपातिक, मनोनित,<br>▪ प्रत्यक्ष निर्वाचनद्वारा स्थानीय जनप्रतिनिधिसभा व्यवस्थापिका गठन गरी सोही सभा व्यवस्थापिकाले निर्वाचित गरेको व्यक्ति प्रमुख रहने |
| ३० | **स्थानीय सरकारको प्रमुखलाई के नाम दिनु उपयुक्त हुन्छ ?** |
| | ▪ स्थानीय अभिभावक<br>▪ इलाका प्रमुख<br>▪ स्थानीय प्रान्तीय प्रमुख<br>▪ बडाहाकीम<br>▪ जनसरकार प्रमुख<br>▪ गाजस प्रमुख<br>▪ स्थानीय प्रमुख<br>▪ स्थानीय महापाल<br>▪ ग्रामपाल<br>▪ ग्रामपिता<br>▪ नगरपाल<br>▪ अध्यक्ष<br>▪ सभापति |

| | |
|---|---|
| ३१ | **संघीय व्यवस्थापिका-संसदको निर्वाचन कसरी हुनु पर्छ ?** |
| | ■ मिश्रित निर्वाचन प्रणाली र प्रत्यक्ष र समानुपातिक बराबर<br>■ यम यम पि आर<br>■ ७५% प्रत्यक्ष र २५% समानुपातिक<br>■ प्रत्येक प्रदेशको निर्वाचन क्षेत्रहरूमा पालो गरी आरक्षण हुने<br>■ १५% प्रत्यक्ष र समानुपातिक<br>■ पूर्ण समानुपातिक अवलम्वन गर्ने<br>■ आरक्षण समानुपातिक<br>■ पूर्णरूपमा जनसंख्याको आधारमा समानुपातिक<br>■ समानुपातिक ६०% र प्रत्यक्ष ४०%<br>■ समानुपातिक ५०% र प्रत्यक्ष ५०% |
| ३२ | **पहिलो हुने निर्वाचित हुने प्रणालीका आधारमा निर्वाचन अपनाउने हो भने कसरी हुनु उपयुक्त हुन्छ ?** |
| | ■ आरक्षण नराख्ने<br>■ समानान्तर प्रणाली मिश्रित प्रणाली<br>■ आरक्षण १ पटक भन्दा बढी हुन नहुने र क्रमगत रूपमा फेर्दै जाने<br>■ केही सीट आरक्षण गरी अन्य प्रत्यक्ष<br>■ ५०% महिला<br>■ भूगोल पछाडि परेका र तेस्रो लिंगिलाई पनि अवसर<br>■ पछाडि परेकालाई विशेष अधिकार दिएर उनिहरूबीच विशेष प्रतिस्पर्धा |
| ३३ | **मिश्रित निर्वाचन प्रणाली अपनाउने भए कुन प्रकारले गर्नु उपयुक्त हुन्छ ?** |
| | ■ पूर्ण समानुपातिक<br>■ विशेष अधिकार ग्यारेयण्टी |
| ३४ | **समानुपातिक निर्वाचन प्रणाली अपनाउने हो भने कुन आधारमा प्रतिनिधित्व गराउँदा उपयुक्त हुन्छ ?** |
| | ■ एकलसंक्रमणीय मत प्रणाली<br>■ खुल्ला सूची प्रणाली<br>■ बन्द सूची प्रणाली<br>■ मिश्रित समानुपातिक |
| ३५ | **मिश्रित प्रणाली अपनाउने हो भने कोटा निर्धारण कसरी गर्न उपयुक्त हुन्छ ?** |
| | ■ प्रत्यक्ष समानुपातिक ५०% र ४०% समानुपातिक<br>■ मलि, दलित, जनजाती, मस्लीमलाई पूर्ण समानुपातिक<br>■ जातीय जनसंख्याको आधारमा समानुपातिक प्रत्यक्षमा बराबरी हुने<br>■ प्रत्यक्ष र समानुपातिक बराबर संख्यामा<br>■ प्रत्यक्ष निर्वाचनमा ११२ र समानुपातिक १२३ जना हुनु पर्छ |

| | |
|---|---|
| ३६ | **नयाँ संविधानमा मतदाताको न्यूनतम उमेर कति राख्नु उपयुक्त हुन्छ ?** |
| | ▪ २५ वर्ष<br>▪ महिला भए १८ वर्ष र पुरूष भए २१ वर्ष<br>▪ १६ वर्ष<br>▪ १७ वर्ष<br>▪ १८ वर्ष<br>▪ २० वर्ष |
| ३७ | **नयाँ संविधानमा निर्वाचन क्षेत्र निर्धारण गर्ने आधार केलाई बनाउन उपयुक्त हुन्छ ?** |
| | ▪ भौगोलिक क्षेत्र अनुसार प्रान्त, जनसंख्याका आधारमा जिल्लला, गा.वि.स.<br>▪ जनसंख्या र जन जातिको भौगोलिक क्षेत्रको आधारमा<br>▪ भाषा र भौगोलिक क्षेत्रको आधारमा<br>▪ भौगोलिक र जनसंख्याको आधारमा<br>▪ हाल रहेको १४ अंचललाई २/२ अञ्चल जोडी ७ प्रान्त बनाउन उपयुक्त हुनुपर्दछ |
| ३८ | **निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन कसरी  हुनु उपयुक्त हुन्छ ?** |
| | ▪ संवैधानिक परिषद्को सिफारिसमा<br>▪ विशेषज्ञको सिफारिसका आधारमा<br>▪ कार्यकारी प्रमुखको स्वविवेकमा<br>▪ संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिद्वारा<br>▪ सबै दलको सल्लाह र जाती, धर्म, भाषा, समेटेर |
| ३९ | **प्रादेशिक व्यवस्थापिकाको निर्वाचन कसरी गर्न उपयुक्त हुन्छ ?** |
| | ▪ एम.एम.पि.आ.<br>▪ क्षतिपूर्ति सहितको समानुपातिक<br>▪ प्रत्यक्ष र समानुपातिक बराबर हुने गरी<br>▪ पूर्ण समानुपातिक<br>▪ मिश्रित<br>▪ समानुपातिक प्रतिनिधित्वको आधारमा मात्र पाट्रिलाई चुन्ने |
| ४० | **प्रादेशिक व्यवस्थापिकाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणाली अपनाउने हो भने कसरी हुनु उपयुक्त हुन्छ ?** |
| | ▪ समावेशी जनसंख्याको आधारमा<br>▪ समानुपातिक दिने<br>▪ केही निश्चित निर्वाचन क्षेत्रलाई आरक्षण गरी सो क्षेत्रमा आरक्षित वर्ग र समुदायका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराउने<br>▪ कोटा अनुसार<br>▪ पूर्ण समानुपातिक<br>▪ प्रत्यक्षमा बढी समानुपातिकमा कम<br>▪ प्रत्यक्षमा ४० र समानुपातिकमा ६० प्रतिशत<br>▪ प्रत्यक्ष कम र समानुपातिक बढी प्रतिशत |

| | |
|---|---|
| ४१ | **प्रादेशिक व्यवस्थापिकाको निर्वाचनमा मिश्रित प्रणाली अपनाउने हो भने कोटा निर्धारण कसरी गर्न उपयुक्त हुन्छ ?** |
| | ▪ दलीय आधारमा र स्वतन्त्र हैसियतमा हुनुपर्छ<br>▪ पत्यक्ष<br>▪ ५०% महिला<br>▪ सिमान्तिकृतलाई आरक्षण<br>▪ जातीय आधारमा पूर्ण समानुपातिक |
| ४२ | **स्थानीय सरकारको निर्वाचन कसरी गर्नु उपयुक्त हुन्छ ?** |
| | ▪ निर्वाचन खर्च संविधानमा लेख्नु पर्ने<br>▪ ४/४ वर्षमा आवधिक निर्वाचन<br>▪ स्थानीय निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली<br>▪ महिला र पुरूष बराबर निर्वाचिन हुने<br>▪ निर्वाचन निश्पक्ष बनाउन केन्द्र र स्वशासित क्षेत्रहरूको स्वतन्त्र निर्वाचन आयोग गठन गर्ने<br>▪ निर्वाचन गर्दा सबै क्षेत्र, बर्ग र भौगोलिक अवस्थालाई समेत मध्यनजर राखी नागरिक समाजका अगुवा र वर्गीय र पीडित जात जातीलाई अधिकार र आरक्षण तोकेर<br>▪ वर्ग, जात, धर्म, भाषा, क्षेत्र र दलबाट<br>▪ प्रतिनिधिले विकासको कार्य गर्न नसके ५१% मतदाताको सिफारिसमा<br>▪ निर्वाचन क्षेत्रको उम्मेदवारलाई वेग्लै क्षेत्रको उम्मेदवार दिनुपर्ने<br>▪ निर्वाचनको लागि लिइने मतदाताको नाम छुटेको खण्डमा मतदान गर्न दिने सम्म पनि नाम समावेश गरी मतदान गर्न पाउने व्यवस्था गर्ने ।<br>▪ उम्मेदवारको शैक्षिक योग्यताको पनि व्यवस्था हुनुपर्ने ।<br>▪ सीमान्तकृत र लोपोन्मुख जातिलाई समेट्ने । |
| ४३ | **निर्वाचन प्रणाली सम्बन्धी अन्य केही भएमा** |
| | ▪ गरिवलाई प्राथमिकता दिनु पर्ने,<br>▪ उमेरको हदबन्दी तोकी पेन्सन दिने र खाली ठाउँमा पदपुर्ति गर्ने<br>▪ नयाँ कर्मचारी नियुक्ति गर्दा बढी थुपार्ने भन्दा निवृत्तिभरण भएकालार्य खुसीसाथ विदाईदिने र नयाँ कर्मचारी नियुक्ति गर्ने आवश्यकता अनुसार थप्ने, ३०% र ७०%<br>▪ इमान्दारलाई समायोजन अन्यलाई सेवाबाट अवकास, प्रदेश तथा स्थानीय तहकालाई पहिलो प्राथमिकता दिने<br>▪ केही नयाँ केही पुराना, विशिष्ट प्रकारका सेवामा रहेकाको समायोजन<br>▪ १५ वर्ष पुगेकालाई अवकास, स्थानीय स्तरकालाई प्राथमिकता<br>▪ स्थानीय पदपूर्ति समिति गठन, जहाँ कर्मचारी त्यही समायोजन, सेवामा रहेको कर्मचारी नियक्ति गर्ने |

| | |
|---|---|
| | ■ लैंगिक तथा भौगोलिक अल्पसंख्यकहरूको आरक्षण छुट्टाउने<br>■ जातीय र क्षेत्रय आधारमा आरक्षण र समानुपातिक<br>■ १५ देखि २० वर्ष पुगेकालाई अनिवार्य अवकारस, २०५० साल भन्दा पहिलेका सबैलाई अनिवार्य रूपमा हटाउनु पर्ने ।<br>■ ३० वर्ष सेवा अवधि पुगेका र ५५ वर्ष उमेर पुगेकालाई अनिवार्य अवकास दिनु पर्ने ।<br>■ नोकरी अवधि २० वर्ष र उमेर ५० वर्ष कायम गर्ने<br>■ प्रदेशको निर्णय अनुसार<br>■ जातजाती, धर्म, बर्ण, लिंग सबै मिलाएर<br>■ हालका कर्मचारी सबैलाई अवकास दिएर<br>■ दक्ष, क्षमतावान कार्यकुशलताका आधारमा राख्ने वा हटाउन सक्ने<br>■ उमेर र सेवाको अवधि तोक्ने र अवकास दिने<br>■ संविधानसभाको चुनावबाट आएको प्रत्यक्ष्य वा समानुपातिकबाट निर्वाचित व्यक्तिहरूको सल्लाह सुझाव अनुसार आ-आफ्नो क्षेत्रको आधारमा नयाँ कर्मचारी नियुक्ति गर्ने<br>■ विशेष प्रकारका सेवामा रहेका कर्मचारीलाई मात्र समायोजन गरी अरू सबै कर्मचारी नयाँ नियक्ति गर्न सेवारत कर्मचारीको उमेर, कार्यसेवा अवधी योग्यताका आधारमा निर्धारण गर्ने, आवश्यक परेमा प्रदेश सरकारले थप गर्न पाउने ।<br>■ प्रतिशतको आधार मानेर गर्ने<br>■ हिमाल पहाड मधेशको क्षेत्रको आधार मानेर<br>■ स्थानीय स्तरमा प्रतिस्प्रधाद्वारा<br>■ भ्रष्टाचारी कर्मचारीलाई बाहेक सबैलाई समायोजन गर्ने<br>■ थप नयाँ ६०% कर्मचारी नियुक्ती गर्ने समानुपातिक आधारमा<br>■ अहिलेलाई समायोजन गर्दा नपुग भए स्थानीय तहमा नै राख्ने<br>■ रोजगार पेन्सन पाकेकालाई हैन किसानलाई दिनुपर्छ<br>■ कार्यदक्षता पुनरावलोक विधिद्वारा पुरानालाई जिम्मेवारी दिँदे दक्षता प्रदर्शन नगरेको स्थानमा नयाँलाई मौका दिनुपर्ने<br>■ न्यूनतम मापदण्डको परीक्षा लिई उतृण हुनेलाई समायोजन गर्ने र अन्यलाई लोकसेवा आयोगबाट माग गर्ने । |
| ४४ | **प्रदेश तथा स्थानीय तहमा कर्मचारीको व्यवस्थापन कसरी गर्नु उपयुक्त हुन्छ ?** |
| | ■ कर्मचारीको इच्छा अनुसार समायोजन गर्ने<br>■ निश्चित आधार तयार पारी समायोजन गर्ने<br>■ प्रदेश र स्थानीय सरकारको सहमतिले गर्ने<br>■ हाल रहेका निजामती कर्मचारीलाई विशेष सुविधा दिई संघीय सरकारमा लिने<br>■ निश्चित आधार तयार गरी प्रदेशमा समेत हस्तान्तरण गर्ने<br>■ तीन तहको व्यवस्था गर्ने<br>■ पहिलेकालाई छानी छानी केहीलाईमात्र समायोजना गर्ने<br>■ सबैलाई संघीय सरकार मातहतमा नै राख्ने |

| | |
|---|---|
| **४५** | **हालका विभिन्न सेवामा रहेका कर्मचारी समायोजन गर्दा कसरी गर्ने ?** |
| | ▪ संघ र प्रदेशको अलग अलग सेवाहरू हुनु पर्ने<br>▪ संघ माताहतको एउटामात्र सेवा हुनु पर्ने र कम्तीमा स्थानीय विशिष्टतालाई ध्यान दिनु पर्ने<br>▪ सवैको एउटैमात्र सेवा हुनु पर्छ । |
| **४६** | **कति तहको सरकारी सेवा रहनु उपयुक्त लाग्छ ?** |
| | ▪ आवश्यकता अनुसार प्रदेश सम्म<br>▪ स्थानीय इलाका स्तर सम्म सेवाहरू स्थापना गर्ने |
| **४७** | **संघीय सरकार अन्तर्गतका निकायहरू कुन तह सम्म राख्न उपयुक्त हुन्छ ?** |
| | ▪ स्थानीयलाई ग्राहयता दिने<br>▪ स्थानीय स्तरमा योग्य व्यक्ति भएमा स्थानीय स्तरकै हुनु पर्ने<br>▪ मधेशका कर्मचारी मधेशमै व्यवस्थित हुनु पर्ने<br>▪ जुनसुकै बडापत्रमा सम्बन्धित क्षेत्रको निवासीलाई प्राथमिकता हुनु पर्ने र देशको कुनै पनि भागबाट ल्याउन सकिने<br>▪ जुनसुकै पदमा पनि सम्बन्धित क्षेत्रका मात्र योग्य हुनु पर्ने |
| **४८** | **प्रादेशिक र स्थानीय सेवामा नियुक्ति गर्दा योग्यता/ग्राह्यताका सम्बन्धमा कस्तो व्यवस्था गर्न उपयुक्त हुन्छ ?** |
| | ▪ कानूनद्वारा व्यवस्थित भए बमोजिम देशमा प्रादेशिक वा स्थानीय तहसम्म हुनु पर्ने स्वतन्त्र प्रतिस्पर्धा गराइनु पर्ने<br>▪ समानुपातिक चाहिँदैन योग्यता भए पुग्छ ।<br>▪ आरक्षण गर्नु पर्दैन<br>▪ कानूनद्वारा व्यवस्थित भए बमोजिम हुनुपर्ने<br>▪ समानुपातिक समावेसीबाट नभै खुला प्रतियोगिताबाट गराउने |
| **४९** | **सरकारी सेवामा समानुपातिक समावेसीका सम्बन्धमा कस्तो व्यवस्था हुनु पर्छ ?** |
| | ▪ सुरक्षा, बैंकिङ, रक्षा, अर्थ, परराष्ट्र, मुद्रा, राज्य प्रमुख, उपराज्य प्रमुख, मन्त्रालय, विभाग, वृहद खालका योजना कार्यान्वयन गर्ने संयन्त्र सेना, प्रहरी, अर्थ बाणिज्य, भूमिसुधार, कर नीति, आर्थिक नीति, शान्ति सुरक्षा, प्राकृतिक साधन श्रोत, केन्द्रीय न्यायालय, राष्ट्रिय योजना आयोग, सीमा सुरक्षा, वैदेशिक सम्बन्ध अन्तरराज्य व्यापार भन्सार |
| **५०** | **संघमा मात्र रहने कार्यकारिणी/प्रशासनिक संयन्त्र के के हुन सक्छन् ?** |
| | ▪ संघले गर्ने भनी तोकेको जिम्मेवारी, विदेश, गृह, संचार, न्याय, रक्षा, अर्थ, शिक्षा, उद्योग, जलविद्युत, निर्माण यातायत, नागरिक उडड्यन, रेल<br>▪ प्रादेशीक संयन्त्रमा सर्वदलीय मेलमिलाप<br>▪ खाद्यान्ह, स्वास्थ्य, शिक्षा, गभर्ननर, प्रान्तीय परिषद, प्रान्तीय व्यवस्थापिका, हुलाक, प्रहरी, प्रशासनिक कार्य, योजना आयोग, प्रादेशिक पुर्वाधारको स्टक्चर निर्माण, मेलमिलाप, क्षेत्रीय कार्यालय, जिल्लाकार्यालय, शिक्षा, स्वास्थ्य, भूमिसुधार, सामाजिक सुरक्षा कार्यक्रम, जनमिलिसिया, सामान्य प्रशासन, प्राकृतिक श्रोत साधन, विद्युत, मालपोत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग |

| | |
|---|---|
| ५१ | **प्रदेशमा मात्र रहने कार्यकारिणी/प्रशासनिक संयन्त्र के के हुन सक्छन् ?** |
| | ▪ स्थानीय तीन निकायहरू : स्थानीय विकास, कृषि, सिचाई, बन, सहकारी, यातायत, खानेपानी, युवा, महिला, समाजकल्याण, न्याय, शिक्षा, कर कार्यालय, सेवा केन्द्र, स्थानीय सडक, विद्युत, प्रकृतिक श्रोत, नागरिकता, सामुदायिक वन, जडिबुटि, शिक्षा, स्थानीय कर, न्याय, जमिन, ग्यास, साना योजना, मट्टितेलको नियमित आपूर्ति, स्थास्थ्य र विकेन्द्रीकरण,<br>▪ स्थानीय कार्यबोर्ड स्थानीय संयन्त्रमा नियमानुसारका नेता चयन उपस्थास्थ्य केन्द्र<br>▪ पूर्वाधार निर्माण, प्राविधिक विकास, शान्ति सुरक्षा, सञ्चार, तालिम, आदि स्थानीय निकायको पूर्वाधार निर्माण गर्ने आम्दानी अनुसारको खर्च गर्न पापउने, स्थानीय जिल्ला जनप्रतिनिधि मुलक निकाय नगर एवं गाविसका संयन्त्र<br>▪ प्रदेश र स्थानीय निकायमा एउटै संयन्त्र<br>▪ प्राकृतिक श्रोत पहिचान र परिचालन, स्थानीय सुरक्षा संयन्त्र |
| ५२ | **स्थानीय सरकारमा मात्र रहने कार्यकारिणी/प्रशासनिक संयन्त्र के के हुन सक्छन् ?** |
| | ▪ सीमा सम्बन्धी, सन्धी सम्झौता, मृत्युदण्डको सजाय, विकास बजेटमा समानुपातिक, संकट कालिन अधिकार, सेना सम्बन्धी अधिकार र वैदेशिक नीति<br>▪ संघमा कार्यकारिणी प्रशासनिक अधिकार दिँदा हाम्रो देशमा प्राकृतिक सम्पदाहरूको अस्तीत्वलाई जोगाउने र राष्ट्र र राष्ट्रियताको हितमा काम गर्ने अधिकार दिन सकिन्छ ।<br>▪ सुरक्षा सम्बन्धी अधिकार, जलश्रोत सम्बन्धी अधिकार, शिक्षा, स्थास्थ्य सम्बन्धी अधिकार,<br>▪ राष्ट्रपतिय पद्धति, केन्द्रीय आर्थिक अधिकार संघमा रहने<br>▪ सेना, केन्द्रीय प्रहरी, सर्वोच्च अदालत, अन्तर्राष्ट्रिय व्यापार, विदेश नीति, राष्ट्र वैङ्क, मुद्रा निश्कासन,<br>▪ बाल अधिकार, महिला अधिकार, दलीत, समानुपातिक ढंगको विकास वितरण गर्ने<br>▪ मौद्रीक नीति सम्बन्धी अधिकार, शान्ति सुरक्षा, महत्वपूर्ण नीतिको अधिकार, देशको सीमा, ठूला खालका जलविद्युत आयोजना, जलश्रोत, खानी, ठूला औद्योगिक क्षेत्र सम्बन्धी अधिकार<br>▪ राष्ट्रिय सुरक्षा सम्बन्धी अधिकार, परराष्ट्र नीति, बाधा अड्चन फुकाउने, संकटकालको घोषणा<br>▪ नियम बनाउने, राष्ट्रीय सुरक्षा, मुद्रा छाप्ने, कुटनैतिक सम्बन्ध, दौत्य सम्बन्ध<br>▪ मौद्रीक नीति, वित्तीय नीति, अन्तरप्रान्तीय लोकमार्ग, ठूला सिचाई, रेल मार्ग, हुलाक, केन्द्रीय विश्वविद्यालय, वैज्ञानिक अनुसन्धान केन्द्र तथा केन्द्रीय तत्थ्याङ्क<br>▪ नागरिकता वितरण, अन्तर्राष्ट्रिय सीमा, राज्यबीचको विवाद हल गर्ने, मुद्रा निष्काशन |

| | |
|---|---|
| ५३ | **संघमा मात्र रहने कार्यकारिणी/प्रशासनिक अधिकारहरू के के हुन सक्छ ?** |
| | ■ प्रान्तीय शान्ति सुरक्षा, रक्षा, शान्ति, प्रशासनिक र न्यायिक अधिकार, सामाजिक सुरक्षा, साना सिचाई, साना जलविद्युत |
| ५४ | **प्रदेशमा मात्र रहने कार्यकारिणी/प्रशासनिक अधिकारहरू के के हुन सक्छ ?** |
| | ■ कर्मचारीको अभाव भएमा राख्नसमेत पाउने<br>■ विकास आयोजना स्थानीय तहमा छनोट गर्ने<br>■ जनतालाई सेवामुलक कार्यक्रम<br>■ जनताको जग्गाको लगत व्यवस्थापन गर्ने अधिकार<br>■ स्थानीय पूर्वाधार छनोट निर्णय गर्ने अधिकार<br>■ आवश्यक विषय विशेषज्ञ<br>■ कर्मचारी माग गर्ने, नियुक्ति गर्ने अधिकार<br>■ स्थानीय तहका कार्यलयहरू सञ्चालन गर्ने सम्बन्धी अधिकार<br>■ स्थानीय श्रोत साधनको परिचालन गर्ने अधिकार<br>■ स्थानीय कर सम्बन्धी स्थानीय प्रभाव सम्बन्धी अधिकार |
| ५५ | **स्थानीय सरकारमा मात्र रहने कार्यकारिणी/प्रशासनिक अधिकारहरू के के हुनसक्छ ?** |
| | ■ कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका<br>■ पत्रकारीता<br>■ स्थानीय प्रशासन<br>■ नागरिक समाज<br>■ जनअधिकार प्रति सदैव सचेत र दण्डहिनताको अन्त्य |
| ५६ | **भावि संविधानमा सुशासनको प्रत्याभूतिका लागि कसलाई बढी जिम्मेवार बनाउन उपयुक्त हुन्छ ?** |
| | ■ अनुगमन इकाई दण्डहिनताको अन्त्य गर्ने<br>■ सुशासन कायम गर्ने र गैर कानूनी काम छानविन गर्न सम्पूर्ण तहमा गुप्तचर निकायको व्यवस्था गर्ने<br>■ बालबालीका हित संरक्षण आयोग गठन, गरिवि निवारण आयोग, दलित, महिला, आदिवासी, जनजाती, लोपोन्मुख र सिमान्तीकृत लाई संरक्षण सहित आरक्षण<br>■ आलोचना गर्न पाउने हक<br>■ घुम्ती अदालत<br>■ सत्य निरूपण आयोग<br>■ दण्डहीनताको अन्त्य<br>■ जनलेखा परीक्षण<br>■ लैंगिक भेदभाव हटाउने<br>■ राज्य संगठित र सुशासित हुन तीनै नीकाय मिल्नु पर्ने<br>■ सबै संयन्त्रमा समावेसी अनुहार झल्कने<br>■ योजना बनाउने र सञ्चालन गर्ने भन्दा फरक संयन्त्रले मुल्यांकन गर्ने<br>■ धर्म, भाषा, संस्कृतिमा हस्तक्षेप रहित<br>■ प्र.म. तथा मन्त्रीहरूलाई उद्घाटन कार्यमा निषेध गर्ने<br>■ जीविको पार्जनको सुनिश्चित व्यवस्था<br>■ सेवा सुविधा प्राप्त गर्न मन्त्रीहरूलाई सार्वजनिक सुनुवाई |

| | |
|---|---|
| | ▪ समावेसी आयोग, विकास आयोग, अन्तरप्रदेश सम्बन्ध आयोग, पारदर्शीता, सहभागितात्मक, निश्पक्ष अनुगमन मुल्याङ्कन गर्ने संयन्त्र<br>▪ स्थानीय अदालत<br>▪ अदुअआ दलगत र व्यक्तिगत स्वार्थभन्दा माथि उठ्नु पर्ने<br>▪ पुरस्कार र दण्डको संवैधानिक प्रवधान<br>▪ जनगुनासो सुनुवाईको लागि सामाजिक सुरक्षाको पूर्ण प्रत्याभूति<br>▪ लोककल्याणकारी सेवा आयोग<br>▪ भ्रष्टाचार गर्नेलाई पदबाट हटाउने<br>▪ वकिल, न्यायाधिश, पुलिस, नेता र कर्मचारीलाई कडा आर्थिक नियन्त्रण गर्नु पर्ने<br>▪ तल्लो तहको अदालतलाई पनि रिटको सुविधान<br>▪ जनताप्रति उत्तरदायी सुशासन र जनताको गास, वास र कपासको ग्यारेण्टी राज्यले गर्नु पर्ने,<br>▪ कार्यपालिकामा समावेसी पहुँच<br>▪ स्थानीय निकायलाई अधिकार सम्पन्न बनाउनु<br>▪ संवैधानिक अङ्गहरूलाई राजनैतिक हस्तक्षेपबाट टाढा राखिनु पर्ने र कर्मचारी यन्त्रलाई ीबिध बलम इचमभच निर्धारण गर्न स्वतन्त्र रहनु दिनुपर्छ ।<br>▪ ज्यानमारालाई मृत्युदण्ड<br>▪ बलत्कारीलाई मृत्युदण्ड<br>▪ असल काम गर्ने र नगर्ने लाई पुरस्कार र दण्ड<br>▪ सामाजिक सुरक्षा<br>▪ मौलिक हकको ग्यारेण्टि गर्ने<br>▪ अनुगमनका लागि संयन्त्र बनाउने<br>▪ कुशासन गर्ने व्यक्तिलाई दण्ड सजाय दिने<br>▪ कानूनी सजाय गर्ने भ्रष्टाचार नियन्त्रण आयोग गठन संविधानमै व्यवस्था गर्ने<br>▪ सार्वजनिक सुनिवाई, अनुगमन, छड्के जाँच, गाविसलाई प्रभावकारी बनाउन पर्ने, सर्वपक्षीय संयन्त्रको विकास गर्ने<br>▪ राज्य संयन्त्र तलसम्म आवश्यक<br>▪ समावेशी अनुगमन निरिक्षण र नियन्त्रण संयन्त्र निर्माण<br>▪ भूमि मेलमिलाप आयोग |
| ५७ | **सुशासनको प्रत्याभूतिका लागि के कस्ता संवैधानिक प्रावधान एवं निकायहरू राखिनु उपयुक्त हुन्छ ?** |
| | ▪ कार्यपालिकाले न्यायधीको नियुक्ति गर्ने<br>▪ प्रधानमन्त्री संसदप्रति उत्तरदायि<br>▪ स्वतन्त्र न्यायपालिका<br>▪ व्यवस्थापिकाको मातहतमा जनउत्तरदायि सुशासनको व्यवस्था<br>▪ नीति निर्देशन कार्यान्वयन गर्न जनताका सुझाव बमोजिम न्यापालिकाले जनतालाई न्याय दिनु पर्ने<br>▪ एकले अर्काको हस्तक्षेप नगर्ने<br>▪ राजनैतिक हस्तक्षेप नगर्ने<br>▪ व्यवस्थापिकाबाट संघीय कानून बनाउने<br>▪ व्यवस्थापिका र न्यायपालीकाबीच विवाद निरूपण गर्न आयोग गठन गर्ने |

| | |
|---|---|
| | ▪ व्यवस्थापिका संसदमा न्यायालयमा उठेका विवाद बारे संसदीय सुनुवाई गर्ने र न्यायाधिश नियुक्तिमा संसदीय सुनुवाई गर्ने<br>▪ शक्ति शन्तुलनको सिद्धान्त अपनाउने<br>▪ कानूनले तोके बमोजिम संविधानमा प्रष्ट हुनुपर्ने<br>▪ न्याय पालीकाको स्वेच्छाचारितामा र वर्तमानको जस्तो अपारदर्शिता विरूद्ध व्यवस्थापिकाले प्रश्न उठाउने र महाअभियोग लगाउन पाउने कार्यको व्यवस्था, न्यायपालिका पूर्णरूपमा व्यवस्थापिकाको नियन्त्रणमा हुनुपर्छ ।<br>▪ व्यवस्थापिकाले तर्जुमा गरेका ऐनहरू संविधानतः राष्ट्रिय आवश्यकता, जनहित र नागरिक स्वतन्त्रता अनुकुल भए नभएको जाँच्ने अधिकार न्यायपालिकामा राखी कार्यपालीकाले सोको व्यवस्थापन गर्ने अधिकार पाउनु पर्छ ।<br>▪ न्यायाधिशको पद दुरूपयोग भएमा सार्वजनिक सुनुवाई गर्ने |
| ५८ | **व्यवस्थापिका र न्यायपालिकासँगको अन्तरसम्बन्ध (सन्तुलन तथा नियन्त्रण) का सन्दर्भमा कार्यपालिकालाई के कस्तो अधिकारहरू प्रदान गर्नु उपुयक्त हुन्छ ?** |
| | ▪ सवै सरकारको केन्द्र सरकारसँग सम्बन्ध रहनुपर्ने<br>▪ स्वच्छाचारि गरेमा केन्द्र/संघले अंकुश लगाउनु पर्ने<br>▪ प्रदेश प्रदेशबीच विवाद संघको निर्णय बमोजिम हुने<br>▪ स्थानीय सरकार प्रदेशको मातहत<br>▪ प्रादेशिक सरकार संघ सरकारको मातहत<br>▪ स्वतन्त्र रूपमा स्थानीय सरकार चलाउन पाउने<br>▪ प्रादेशिक सरकार र स्थानीय सरकारबीच सन्तुलन हुनु पर्ने<br>▪ केन्द्रले अनुगमन गरी निर्देशन दिन सक्ने अधिकार हुनुपर्ने<br>▪ स्थानीय सरकारले कामको कार्यान्वयन गर्ने<br>▪ गरिएका कामको अनुगमन प्रादेशिक सरकारले गर्नु पर्ने<br>▪ सन्तुलन र नियन्त्रण संघीय सरकारले गर्नु पर्ने<br>▪ स्थानीय स्थानीय निकायबीच प्रदेशले र प्रदेश प्रदेश एवं केन्द्रबीच केन्द्रले समन्वयगरी सन्तलन गरी समन्वय ल्याउने |
| ५९ | **प्रादेशक सरकार, संघीय सरकार र स्थानीय सरकारबीचको अन्तर सम्बन्ध (सन्तुलन तथा नियन्त्रण) का सन्दर्भमा के कस्तो अधिकारहरू कुन कुन निकायलाई प्रदान गर्नु उपयुक्त हुन्छ ?** |
| | ▪ संघ प्रदेश सरकारको मातहतमा राष्ट्रपतिले घोषणा गर्ने र एक महिना भित्र संघीय प्रतिनिधि सभाले अनुमोदन गर्ने<br>▪ प्रादेशिक तथा स्थानीय यन्त्रलाई समेटी संघीय सरकारमा<br>▪ संघीय सरकार र प्रादेशीक सरकारको सर्वसम्मतबाट<br>▪ मन्त्री परिषदको सिफारिसमा राष्ट्रपतिले<br>▪ राष्ट्रपतिले घोषणा गर्ने तर व्यवस्थापिकाले अनुमोदन गर्ने<br>▪ संकटको प्रकृति हेरी केन्द्रीय सरकारको राय परामर्शद्वारा राष्ट्रपतिले<br>▪ प्रादेशिक सरकारमा संघीय सरकारको स्वविवेकमा |

| | |
|---|---|
| ६० | **संकटकालीन स्थिति जस्तो विशेष परिस्थिति उत्पन्न भएमा संकटकाल घोषणा गर्ने अधिकार कसमा रहनु पर्छ ?** |
| | ▪ अपराधिको मुद्दा सरकारले फिर्तालिने हालको प्रचलन खारेज<br>▪ जनप्रतिनिधिको सहयोग लिएर<br>▪ केन्द्र/संघ/प्रदेशका सबै सुरक्षाका निकायहरू परिचालन गरी शान्ति सुरक्षा कायम राख्नु पर्ने<br>▪ प्रदेश सरकारको अनुरोध भएमा मात्र संघले हस्तक्षेप गर्ने |
| ६१ | **शान्ति सुरक्षा कायम गर्ने अधिकारलाई कसरी व्यवस्थित गर्नु उपयुक्त हुन्छ ?** |
| | ▪ सुरक्षा परिषदको निर्णयद्वारा नियन्त्रण गर्ने<br>▪ वैचारिक संवाद तथा निर्वाचनद्वारा<br>▪ संघीय प्रतिनिधिको सिफारिसमा उचित कारण सहित राष्ट्रपतिले विघटन गर्ने<br>▪ प्रदेश प्रमुखको सिफारिसमा संघीय सरकारले<br>▪ आवश्यक परेमा संघीय सरकारद्वारा |
| ६२ | **प्रादेशिक सरकारले स्वच्छन्दतापूर्वक कार्य गर्न थालेमा नियन्त्रणका लागि कस्तो उपाय अवलम्बन गर्न सकिन्छ ?** |
| | ▪ केन्द्रीय सरकारको रोहवरमा<br>▪ विवादित पक्षहरूबीच आपसि सहमती विवाद अन्त गर्न संघीय सरकारले पहल गर्ने<br>▪ अन्तरप्रदेश समन्वय आयोगद्वारा<br>▪ सर्वोच्चको निर्णद्वारा<br>▪ विवादका पक्ष, प्रदेश स्थानीय सरकारहरूको अपसी सहमतीबाट<br>▪ प्रादेशीकबीचका समस्या समाधान गर्ने छुट्टै निकाय गठन गर्ने<br>▪ संवैधानिक अदालत |
| ६३ | **प्रदेश, प्रदेश / प्रदेश, स्थानीय सरकार / स्थानीय सरकार, स्थानीय सरकारहरूबीच कुनै विवाद उत्पन्न भएमा यस्तो विवाद कसरी समाधान गर्नु उपयुक्त हुन्छ ?** |
| | ▪ सर्प, भ्यागुता, विच्छी<br>▪ संघ, प्रदेश, स्थानीय सरकारको अधिकार संविधानमा नै उल्लेख गर्ने<br>▪ अनुगमन मुल्याङ्कन, समन्वय संयन्त्र निर्माण गर्ने<br>▪ ५ करोड भन्दा माथिको योजना प्रादेशीक सरकार र ५० करोड भन्दा माथिको योजना संघीय सरकार<br>▪ आत्मनिर्णय सहितको स्वायत्तता<br>▪ स्थानीय तहको सिफारिसमा प्रादेशिक र प्रादेशिकको सिफारिसमा संघीय निकायले कार्यक्रम कार्यान्वयन गर्ने |

| | |
|---|---|
| | ▪ संघीयले कुनै कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश र स्थानीयको परामर्शबीना कुनै पनि कार्यक्रम सञ्चालन नगर्ने<br>▪ परामर्श नै आवश्यक परेकोले केन्द्रले प्रदेशको र प्रदेशलेस्थानीय तहको अधिकारलाई कुण्ठीत नगर्ने<br>▪ प्रदेश र स्थानीय सरकारले सवै निर्णय र कानून केन्द्रलाई जानकारी दिने<br>▪ प्रादेशिक र स्थानीय सरकारले आ-आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकार हनन् नहोस् । भएको पाइएमा संघीय सरकारले हस्तक्षेप गरी नियन्त्रण गर्ने ।<br>▪ अधिकार र निक्षेपण भएर संविधानमा सुनिश्चित हुनुपर्छ<br>▪ केन्द्रमा संघराज्य, प्रदेशमा प्रादेसीक राज्य र स्थानीयमा स्थानीय प्रमुख<br>▪ प्रादेशिक सरकारले कुनै काम गर्दा संघीय सरकारको इजाजत लिनुपर्ने<br>▪ प्रदेशका संपूर्ण काम प्रादेशीक सरकारद्वारा गर्नु पर्ने<br>▪ केन्द्रले प्रदेशमाथि र प्रदेशले स्थानीय सरकारमाथि अहस्तक्षेप नीति<br>▪ राज्य संकलन ७५% प्रदेश र २५% संघ<br>▪ संघीयतामा जाँदा सहमतिका आधारमा सवैदलहरू जानु पर्ने<br>▪ देशको अखण्डतालाई अच्छुण राख्दै शान्ति सुरक्षा कायम राख्ने प्रणालीको विकास, स्थानीय भूगोल, जनताको वास्तविकता, प्राकृतिक श्रोत साधन र मानवीयतालाई ध्यान दिई शान्तिपूर्ण सम्बन्ध राख्ने<br>▪ कर्णाली स्वायत्त गणराज्य बनाई जुम्ला सदरमुकाम बनाउने<br>▪ स्थानीय तहमा अल्पसंख्यकको अनिवार्यता |
| ६४ | **विभिन्न तहका (संघीय, प्रादेशिक र स्थानीय) सरकारहरूबीचको अन्तर सम्बन्धको वारेमा थप केही सुझाव भएमा-** |
| | **उल्लेखनिय केही नभएको ।** |

## शासन प्रणालीको प्रकृति र स्वरुप, विभिन्न तहमा कार्यकारिणी अङ्गको ढाँचा र अधिकारको बाँडफाँड एवं विभिन्न तहका सरकारबीचको अन्तरसम्बन्ध सम्बन्धी अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा उपसमिति नामावली

### संयोजक: मा० श्री कृष्णप्रसाद सापकोटा

**सदस्यहरु**

| क्र.सं. | **नाम** | **दल** |
|---|---|---|
| १ | मा० श्री टोपबहादुर रायमाझी | नेकपा (माओवादी) |
| २ | मा० श्री गिरिराजमणी पोखरेल | जनमोर्चा नेपाल |
| ३ | मा० श्री अशोक कुमार रोकाय क्षेत्री | माओवादी |
| ४ | मा० श्री केशव राई | नेकपा (माओवादी) |
| ५ | मा० श्री नरेन्द्रबहादुर कुँवर | नेकपा (माओवादी) |
| ६ | मा० श्री सत्यलाल मूल | नेकपा (माओवादी) |
| ७ | मा० श्री दुर्गीदेवी (पासवान) | नेकपा (माओवादी) |
| ८ | मा० श्री यशोदा गुरूङ्ग (सुवेदी) | नेकपा (माओवादी) |
| ९ | मा० श्री अजय कुमार द्विवेदी | ने.का. |
| १० | मा० श्री जिपछिरिङ्ग लामा | ने.का. |
| ११ | मा० श्री प्रदीप गिरि | ने.का. |
| १२ | मा० श्री पुष्पा भुसाल | ने.का. |
| १३ | मा० श्री प्रद्युमन प्रसाद चौहान | नेकपा एमाले |
| १४ | मा० श्री रत्न गुरूङ्ग | नेकपा एमाले |
| १५ | मा० श्री हसिना मियाँ | नेकपा एमाले |
| १६ | मा० श्री दुर्गादेवी महतो | म.ज.अ.फो. |
| १७ | मा० श्री वृजेश कुमार गुप्ता | त.म.लो.पा. |
| १८ | मा० श्री यदुवंश झा | नेकपा माले |
| १९ | मा० श्री अलाउद्दीन अन्सारी | रा.प्र.पा. |
| २० | मा० श्री श्याम सुन्दर गुप्ता | सद्भावना पार्टी आ. |

<u>संलग्न कर्मचारीहरू:</u>
सचिव श्री मुकुन्द शर्मा
उपसचिव श्री यादवराज पोखरेल
शाखा अधिकृत श्री शान्ता आचार्य
शाखा अधिकृत श्री दिवस आचार्य
नायव सुब्बा श्री उदयकुमार भण्डारी

## निर्वाचन प्रणाली, सरकारी सेवाको गठन र सञ्चालन विधि तथा सुशासनका आधार र अन्य सम्बद्ध विविध प्रावधान सम्बन्धी अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा उप समिति
## नामावली

**संयोजक : मा० श्री नरेश भण्डारी**

**सदस्यहरू :**

| क्र.सं. | नाम | दल |
|---|---|---|
| १ | मा० श्री कुमारी मुक्तान | नेकपा (माओवादी) |
| २ | मा० श्री घनश्याम यादव अहिर | नेकपा (माओवादी) |
| ३ | मा० श्री टेकेन्द्र प्रसाद भट्ट | नेकपा (माओवादी) |
| ४ | मा० श्री तेजबहादुर मिजार | नेकपा (माओवादी) |
| ५ | मा० श्री नगेन्द्रबहादुर धिमाल | नेकपा (माओवादी) |
| ६ | मा० श्री पम्फा भुसाल | नेकपा (माओवादी) |
| ७ | मा० श्री शुसिला कन्दङवा | नेकपा (माओवादी) |
| ८ | मा० श्री सन्तकुमार थारू | नेकपा (माओवादी) |
| ९ | मा० श्री बुद्धिराम गुरूङ | नेकपा (माओवादी) |
| १० | मा० श्री गणेशबहादुर खड्का | ने.का. |
| ११ | मा० श्री प्रकाशशरण महत | ने.का. |
| १२ | मा० श्री सीता गुरूङ | ने.का. |
| १३ | मा० श्री गोविन्द नेपाली | नेकपा एमाले |
| १४ | मा० श्री पृथ्वी सुब्बा गुरूङ्ग | नेकपा एमाले |
| १५ | मा० श्री विष्णुप्रसाद पौडेल | नेकपा एमाले |
| १६ | मा० श्री सोनाम छेजुङ्ग लामा | नेकपा एमाले |
| १७ | मा० श्री ओमप्रकाश यादव | म.ज.अ.फो. |
| १८ | मा० श्री लक्ष्मण महतो | म.ज.अ.फो. |
| १९ | मा० श्री चन्दन साह | त.म.लो.पा. |
| २० | मा० श्री सरोजकुमार यादव | सद्भावना पार्टी |

संलग्न कर्मचारीहरू:
सचिव श्री मुकुन्द शर्मा
उपसचिव श्री इन्दिरा दाहाल
शाखा अधिकृत श्री शान्ता आचार्य
शाखा अधिकृत श्री दिवस आचार्य
नायव सुब्बा श्री उदयकुमार भण्डारी

**शासन प्रणालीको प्रकृति र स्वरुप, विभिन्न तहमा कार्यकारिणी अङ्गको ढाँचा र अधिकारको बाँडफाँड एवं विभिन्न तहका सरकारबीचको अन्तरसम्बन्ध सम्बन्धी अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा उपसमिति**

| बैठक संख्या | मिति | बैठक घण्टा | कैफियत |
|---|---|---|---|
| १ | २०६५/११/१ | ३:०० | |
| २ | २०६५/१२/२० | १:०० | |
| ३ | २०६५/१२/२३ | २:०० | |
| ४ | २०६५/१२/२५ | ३:०० | |
| ५ | २०६५/१२/२७ | १:०० | |
| ६ | २०६५/१२/२९ | ३:०० | |
| ७ | २०६५/१२/३१ | ३:०० | |
| ८ | २०६६/१/३ | १:०० | |
| ९ | २०६६/१/२३ | २:०० | |
| १० | २०६६/१/२५ | १:०० | |
| ११ | २०६६/१/२७ | १:०० | |
| १२ | २०६६/१/२८ | १:०० | |
| १३ | २०६६/१/२९ | १:०० | |
| १४ | २०६६/१/३१ | १:०० | |
| १५ | २०६६/२/१ | ०:४५ | |
| १६ | २०६६/२/४ | ३:०० | |
| १७ | २०६६/२/५ | ३:०० | |
| १८ | २०६६/२/७ | १:२० | |
| १९ | २०६६/२/१२ | १:०० | |
| | | ३१:४५ | |

**उपसमिति गठन मिति २०६५ माघ १५ गते**

**निर्वाचन प्रणाली, सरकारी सेवाको गठन र सञ्चालन विधि तथा सुशासनका आधार र अन्य सम्बद्ध विविध प्रावधान सम्बन्धी अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा उपसमिति**

| बैठक संख्या | मिति | बैठक घण्टा | कैफियत |
|---|---|---|---|
| १ | २०६५/११/११ | १:१० | |
| २ | २०६५/१२/१२ | १:०० | |
| ३ | २०६५/१२/२५ | २:०० | |
| ४ | २०६५/१२/२७ | | गणपुरक संख्या नपुग |
| ५ | २०६५/१२/२९ | १:३० | |
| ६ | २०६६/१/४ | २:०० | |
| ७ | २०६६/१२/१८ | ३:०० | |
| ८ | २०६६/१/२० | २:३० | |
| ९ | २०६६/१/२२ | २:३० | |
| १० | २०६६/१/२३ | १:०० | |
| ११ | २०६६/१/२४ | ०:३० | |
| १२ | २०६६/१/२९ | २:०० | |
| १३ | २०६६/१/३० | १:०० | |
| १४ | २०६६/२/२ | १:०० | |
| १५ | २०६६/२/५ | २:०० | |
| १६ | २०६६/२/६ | १:३० | |
| १७ | २०६६/२/८ | १:३० | |
| १८ | २०६६/२/१० | १:३० | |
| १९ | २०६६/२/१२ | १:०० | |
| | | ३१.१० | |

**उपसमिति गठन मिति २०६५ माघ १५ गते**

# संविधानसभा

## ❖ राज्यको शासकीय स्वरुप निर्धारण समिति ❖

२०६६/०८/१६ गते १२:४० बजे भएको

बैठक संख्या: ६८

(मतदान कार्यक्रमको मत जाहेर विवरण)

प्रस्ताव: सहमतीय राष्ट्रपति प्रणाली र बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली

| क्र.सं. | नाम | हुन्छ | हुन्न | कैफियत |
|---|---|---|---|---|
| १. | मा० श्री अजयकुमार द्विवेदी | | [signature] | |
| २. | मा० श्री अलाउदीन अन्सारी | | | |
| ३. | मा० श्री असोककुमार रोकाया क्षेत्री | [signature] | | |
| ४. | मा० श्री ओमप्रकाश यादव (रुपन्देही-६) | | [signature] | |
| ५. | मा० श्री कुमारी मुक्तान | [signature] | | |
| ६. | मा० श्री केशव राई | [signature] | | |
| ७. | मा० श्री कृष्णप्रसाद सापकोटा | | [signature] | |
| ८. | मा० श्री गणेशबहादुर खड्का | | [signature] | |
| ९. | मा० श्री गिरीराजमणी पोखेल | [signature] | | |
| १०. | मा० श्री गोविन्द नेपाली | | [signature] | |
| ११. | मा० श्री घनश्याम यादव अहिर | [signature] | | |
| १२. | मा० श्री चन्दन साह | | [signature] | |
| १३. | मा० श्री जिपछिरिङ लामा शेर्पा | | [signature] | |
| १४. | मा० श्री टेकेन्द्रप्रसाद भट्ट | [signature] | | |
| १५. | मा० श्री टोपबहादुर रायमाझी | [signature] | | |
| १६. | मा० श्री तेजबहादुर मिजार | [signature] | | |
| १७. | मा० श्री दुर्गादेवी महतो | | | |
| १८. | मा० श्री दुर्गादेवी (पासवान) | [signature] | | |
| १९. | मा० श्री नगेन्द्रबहादुर धिमाल | [signature] | | |
| २०. | मा० श्री नरेन्द्रबहादुर कुंवर | [signature] | | |
| २१. | मा० श्री नरेश भण्डारी | [signature] | | |
| २२. | मा० श्री पम्फा भुसाल | [signature] | | |
| २३. | मा० श्री पुष्पा भुसाल | | [signature] | |
| २४. | मा० श्री पृथ्वी सुब्बा गुरुङ्ग | | [signature] | |
| २५. | मा० श्री प्रकाशशरण महत | | [signature] | |

| | | | | |
|---|---|---|---|---|
| २६. | मा० श्री प्रदीप गिरी | | | |
| २७. | मा० श्री प्रदुमनप्रसाद चौहान | | | |
| २८. | मा० श्री बुद्धिराम गुरुङ | | | |
| २९. | मा० श्री यदुवंश झा मैथिल वाहुन | | | |
| ३०. | मा० श्री यशोदा गुरुङ्ग (सुवेदी) | | | |
| ३१. | मा० श्री रत्न गुरुङ्ग | | | |
| ३२. | मा० श्री लक्ष्मण महतो | | | |
| ३३. | मा० श्री विष्णुप्रसाद पौडेल | | | |
| ३४. | मा० श्री वृजेशकुमार गुप्ता | | | |
| ३५. | मा० श्री श्याम सुन्दर गुप्ता | | | |
| ३६. | मा० श्री शुसिला कन्दङवा | | | |
| ३७. | मा० श्री सत्यलाल मुल | | | |
| ३८. | मा० श्री सन्तकुमार थारु | | | |
| ३९. | मा० श्री सरोजकुमार यादव | | | |
| ४०. | मा० श्री सिता गुरुङ | | | |
| ४१. | मा० श्री सोनाम छेजुङ्ग लामा | | | |
| ४२. | मा० श्री हसिना मियाँ | | | |
| | जम्मा : | १८ | २० | |

मत बराबरमा भएमा

| | | | | |
|---|---|---|---|---|
| | सभापति मा० श्री शम्भु हजरा दुसाध | | | |

मिति : २०६६/०८/१६
समय :

# संविधानसभा

## ❖ राज्यको शासकीय स्वरुप निर्धारण समिति ❖

२०६६/०८/१६ गते ११:१० बजे भएको

बैठक संख्या: ८४

(मतदान कार्यक्रमको मत जाहेर विवरण)

प्रस्ताव: मा० श्री प्रकाशशरण महत तथा मा० श्री विष्णुप्रसाद पौडेलको संयुक्त प्रस्ताव

| क.सं. | नाम | हुन्छ | हुन्न | कैफियत |
|---|---|---|---|---|
| १. | मा० श्री अजयकुमार द्विवेदी | [illegible] | | |
| २. | मा० श्री अलाउदीन अन्सारी | | | |
| ३. | मा० श्री असोककुमार रोकाया क्षेत्री | | [illegible] | |
| ४. | मा० श्री ओमप्रकाश यादव (रुपन्देही-६) | | [illegible] | |
| ५. | मा० श्री कुमारी मुक्तान | | [illegible] | |
| ६. | मा० श्री केशव राई | | [illegible] | |
| ७. | मा० श्री कृष्णप्रसाद सापकोटा | [illegible] | | |
| ८. | मा० श्री गणेशबहादुर खड्का | [illegible] | | |
| ९. | मा० श्री गिरीराजमणी पोखेल | | [illegible] | |
| १०. | मा० श्री गोविन्द नेपाली | [illegible] | | |
| ११. | मा० श्री घनश्याम यादव अहिर | | [illegible] | |
| १२. | मा० श्री चन्दन साह | | chandan | |
| १३. | मा० श्री जिपछिरिङ लामा शेर्पा | [illegible] | | |
| १४. | मा० श्री टेकेन्द्रप्रसाद भट्ट | | [illegible] | |
| १५. | मा० श्री टोपबहादुर रायमाझी | | [illegible] | |
| १६. | मा० श्री तेजबहादुर मिजार | | [illegible] | |
| १७. | मा० श्री दुर्गादेवी महतो | | | |
| १८. | मा० श्री दुर्गादेवी (पासवान) | | [illegible] | |
| १९. | मा० श्री नगेन्द्रबहादुर धिमाल | | [illegible] | |
| २०. | मा० श्री नरेन्द्रबहादुर कुँवर | | [illegible] | |
| २१. | मा० श्री नरेश भण्डारी | | [illegible] | |
| २२. | मा० श्री पम्फा भुसाल | | [illegible] | |
| २३. | मा० श्री पुष्पा भुसाल | [illegible] | | |
| २४. | मा० श्री पृथ्वी सुब्बा गुरुङ | [illegible] | | |
| २५. | मा० श्री प्रकाशशरण महत | [illegible] | | |

| | | हुन्छ | हुन्न | |
|---|---|---|---|---|
| २६. | मा० श्री प्रदीप गिरी | | | [signature] |
| २७. | मा० श्री प्रदुमनप्रसाद चौहान | [signature] | | |
| २८. | मा० श्री बुद्धिराम गुरुङ | | [signature] | |
| २९. | मा० श्री यदुवंश झा मैथिल वाहुन | [signature] | | |
| ३०. | मा० श्री यशोदा गुरुङ्ग (सुवेदी) | | [signature] | |
| ३१. | मा० श्री रत्न गुरुङ्ग | [signature] | | |
| ३२. | मा० श्री लक्ष्मण महतो | | | |
| ३३. | मा० श्री विष्णुप्रसाद पौडेल | [signature] | | |
| ३४. | मा० श्री वृजेशकुमार गुप्ता | | [signature] | |
| ३५. | मा० श्री श्याम सुन्दर गुप्ता | [signature] | | |
| ३६. | मा० श्री शुसिला कन्दङ्वा | | [signature] | |
| ३७. | मा० श्री सत्यलाल मुल | | [signature] | |
| ३८. | मा० श्री सन्तकुमार थारु | | [signature] | |
| ३९. | मा० श्री सरोजकुमार यादव | | | |
| ४०. | मा० श्री सिता गुरुङ | [signature] | | |
| ४१. | मा० श्री सोनाम छेजुङ्ग लामा | [signature] | | |
| ४२. | मा० श्री हसिना मियाँ | [signature] | | |
| | जम्मा : | १६ | २१ | १ |

मत बराबरमा भएमा

| | | | | |
|---|---|---|---|---|
| | सभापति मा० श्री शम्भु हजरा दुसाध | | | |

मिति : २०६६/०८/१६
समय :

[signature]  [signature]

# संविधानसभा

## ❖ राज्यको शासकीय स्वरुप निर्धारण समिति ❖

२०६६/०८/१६ गते १:१५ बजे भएको

बैठक संख्या:..६४.

(मतदान कार्यक्रमको मत जाहेर विवरण)

प्रस्ताव: व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतीय शासन प्रणाली र मिश्रित निर्वाचन प्रणाली तटस्थ

| क्र.सं. | नाम | हुन्छ | हुन्न | कैफियत |
|---|---|---|---|---|
| १. | मा० श्री अजयकुमार द्विवेदी | | | [signature] |
| २. | मा० श्री अलाउदीन अन्सारी | | | |
| ३. | मा० श्री असोककुमार रोकाया क्षेत्री | | [signature] | |
| ४. | मा० श्री ओमप्रकाश यादव (रुपन्देही-६) | [signature] | | |
| ५. | मा० श्री कुमारी मुक्तान | | [signature] | |
| ६. | मा० श्री केशव राई | | [signature] | |
| ७. | मा० श्री कृष्णप्रसाद सापकोटा | | [signature] | |
| ८. | मा० श्री गणेशबहादुर खड्का | | [signature] | |
| ९. | मा० श्री गिरीराजमणी पोखेल | | [signature] | |
| १०. | मा० श्री गोविन्द नेपाली | | [signature] | |
| ११. | मा० श्री घनश्याम यादव अहिर | | | [signature] |
| १२. | मा० श्री चन्दन साह | [signature] | | |
| १३. | मा० श्री जिपछिरिङ लामा शेर्पा | | [signature] | |
| १४. | मा० श्री टेकेन्द्रप्रसाद भट्ट | | [signature] | |
| १५. | मा० श्री टोपबहादुर रायमाझी | | [signature] | |
| १६. | मा० श्री तेजबहादुर मिजार | | [signature] | |
| १७. | मा० श्री दुर्गादेवी महतो | | | |
| १८. | मा० श्री दुर्गीदेवी (पासवान) | | [signature] | |
| १९. | मा० श्री नगेन्द्रबहादुर धिमाल | | [signature] | |
| २०. | मा० श्री नरेन्द्रबहादुर कुँवर | | [signature] | |
| २१. | मा० श्री नरेश भण्डारी | | [signature] | |
| २२. | मा० श्री पम्फा भुसाल | | [signature] | |
| २३. | मा० श्री पुष्पा भुसाल | | [signature] | |
| २४. | मा० श्री पृथ्वी सुब्बा गुरुङ्ग | | [signature] | |
| २५. | मा० श्री प्रकाशशरण महत | | [signature] | |
| २६. | मा० श्री प्रदीप गिरी | | [signature] | |
| २७. | मा० श्री प्रदुमनप्रसाद चौहान | | [signature] | |

| | | हुने | नहुने | |
|---|---|---|---|---|
| २८. | मा० श्री बुद्धिराम गुरुङ | | [illegible] | |
| २९. | मा० श्री यदुवंश झा मैथिल वाहुन | | [illegible] | |
| ३०. | मा० श्री यशोदा गुरुङ्ग (सुवेदी) | | [illegible] | |
| ३१. | मा० श्री रत्न गुरुङ्ग | | [illegible] | |
| ३२. | मा० श्री लक्ष्मण महतो | | | |
| ३३. | मा० श्री विष्णुप्रसाद पौडेल | | [illegible] | |
| ३४. | मा० श्री वृजेशकुमार गुप्ता | [illegible] | | |
| ३५. | मा० श्री श्याम सुन्दर गुप्ता | | | तटस्थ |
| ३६. | मा० श्री शुसिला कन्दङवा | | [illegible] | |
| ३७. | मा० श्री सत्यलाल मुल | | | [illegible] |
| ३८. | मा० श्री सन्तकुमार थारु | | [illegible] | |
| ३९. | मा० श्री सरोजकुमार यादव | | | |
| ४०. | मा० श्री सिता गुरुङ | | [illegible] | |
| ४१. | मा० श्री सोनाम छेजुङ्ग लामा | | [illegible] | |
| ४२. | मा० श्री हसिना मियाँ | | [illegible] | |
| | जम्मा : | 2 | 39 | 4 |

मत बराबरमा भएमा

| | | | | |
|---|---|---|---|---|
| | सभापति मा० श्री शम्भु हजरा दुसाध | | | |

मिति : २०६६/०८/१६
समय :

## समितिका बैठक संख्या तथा समयावधि

| बैठक संख्या | मिति | बैठक घण्टा | कैफियत |
|---|---|---|---|
| १ | २०६५/९/१ | १:३० | |
| २ | २०६५/९/४ | २:३० | |
| ३ | २०६५/९/८ | २:०० | |
| ४ | २०६५/९/१० | २:३० | |
| ५ | २०६५/९/१७ | १:३० | |
| ६ | २०६५/९/१८ | ३:०० | |
| ७ | २०६५/९/२० | ३:०० | |
| ८ | २०६५/९/२१ | १:३० | |
| ९ | २०६५/९/२२ | २:१५ | |
| १० | २०६५/९/२३ | १:२५ | |
| ११ | २०६५/९/२४ | २:०० | |
| १२ | २०६५/९/२७ | २:३० | |
| १३ | २०६५/९/२९ | २:३० | |
| १४ | २०६५/१०/८ | १:०० | |
| १५ | २०६५/१०/१५ | १:०० | |
| १६ | २०६५/१०/१९ | ३:०० | |
| १७ | २०६५/१०/२३ | ४:०० | |
| १८ | २०६५/१०/२७ | ७:०० | |
| १९ | २०६५/११/२ | ४:०० | |
| २० | २०६५/१२/२६ | १:०० | |
| २१ | २०६६/१/६ | २:३० | |
| २२ | २०६६/१/७ | २:४५ | |
| २३ | २०६६/१/८ | ३:०० | |
| २४ | २०६६/१/९ | २:४५ | |
| २५ | २०६६/१/१० | ३:०० | |
| २६ | २०६६/१/११ | २:०० | |
| २७ | २०६६/१/१२ | २:०० | |
| २८ | २०६६/१/१५ | २:०० | |
| २९ | २०६६/१/२१ | ३:०० | |
| ३० | २०६६/२/१२ | १:३० | |
| ३१ | २०६६/२/१३ | २:०० | |
| ३२ | २०६६/२/१६ | २:४५ | |

| | | | |
|---|---|---|---|
| ३३ | २०६६/२/१९ | ३:०० | |
| ३४ | २०६६/२/२० | २:०० | |
| ३५ | २०६६/२/२१ | २:४५ | |
| ३६ | २०६६/२/२२ | २:३० | |
| ३७ | २०६६/२/२४ | १:४५ | |
| ३८ | २०६६/२/२५ | २:४० | |
| ३९ | २०६६/२/२५ | २:०० | |
| ४० | २०६६/२/२७ | २:०० | |
| ४१ | २०६६/२/२८ | ३:०० | |
| ४२ | २०६६/३/५ | ३:०० | |
| ४३ | २०६६/३/७ | ३:०० | |
| ४४ | २०६६/३/८ | ०:३० | |
| ४५ | २०६६/३/९ | १:४५ | |
| ४६ | २०६६/३/१० | ३:०० | |
| ४७ | २०६६/३/११ | ३:०० | |
| ४८ | २०६६/३/१६ | ३:०० | |
| ४९ | २०६६/३/१८ | ३:१० | |
| ५० | २०६६/३/२१ | ३:०० | |
| ५१ | २०६६/३/२२ | २:०५ | |
| ५२ | २०६६/३/२३ | ३:२० | |
| ५३ | २०६६/३/२४ | २:३० | |
| ५४ | २०६६/३/२५ | २:३० | |
| ५५ | २०६६/३/२६ | २:०० | |
| ५६ | २०६६/४/१ | २:०० | |
| ५७ | २०६६/४/२ | १:५५ | |
| ५८ | २०६६/४/२० | १:१५ | |
| ५९ | २०६६/४/२२ | ३:०० | |
| ६० | २०६६/४/२५ | ३:०० | |
| ६१ | २०६६/४/२६ | ३:०० | |
| ६२ | २०६६/४/३२ | ३:०० | |
| ६३ | २०६६/५/२ | ३:०० | |
| ६४ | २०६६/५/३ | १:३० | |
| ६५ | २०६६/५/४ | २:१५ | |
| ६६ | २०६६/५/१० | २:०० | |
| ६७ | २०६६/५/११ | २:०० | |
| ६८ | २०६६/५/१२ | २:०० | |

| | | | |
|---|---|---|---|
| ६९ | २०६६/५/१५ | २:३० | |
| ७० | २०६६/५/१९ | ०:३० | |
| ७१ | २०६६/५/२१ | २:०५ | |
| ७२ | २०६६/६/२९ | २:०० | |
| ७३ | २०६६/७/१० | २:०० | |
| ७४ | २०६६/८/१५ | २:०० | |
| ७५ | २०६६/८/१६ | २:०० | |
| ७६. | २०६६/९/२८ | २:०० | |
| ७७. | २०६६/१०/२ | २:०० | |
| | | जम्मा: | **१८३:५५** |

## सहमति कार्यदल

| क्र. सं. | सदस्यको नाम |
|---|---|
| १ | मा० श्री शम्भुहजारा दुसाध |
| २ | मा० श्री अलाउद्दीन अन्सारी |
| ३ | मा० श्री पम्फा भुसाल |
| ४ | मा० श्री पुष्पा भुसाल |
| ५ | मा० श्री पृथ्वी सुब्बा गुरुङ्ग |
| ६ | मा० श्री लक्ष्मण महतो |
| ७ | मा० श्री वृजेश कुमार गुप्ता |
| ८ | मा० श्री सरोजकुमार यादव |
| ९ | मा० श्री यदुवंश झा |
| १० | मा० श्री श्यामसुन्दर गुप्ता |